# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष २०७८/०७९




नेपाल सरकार

# गृह मन्त्रालय

सिंहदरवार, काठमाडौं

# वार्षिक प्रगति प्रतिवेदन

## २०७८/०७९

नेपाल सरकार

**गृह मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# सम्पादन मण्डल

**संयोजक**

डा. भीष्मकुमार भूसाल, सहसचिव

नीति, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा

**सदस्यहरू**

उपसचिव, अर्जुन पौडेल

शाखा अधिकृत, नरेन्द्र परियार

शाखा अधिकृत, कुलराज सुवेदी

शाखा अधिकृत, लक्ष्मी मरासिनी

**कम्प्युटर**

ना.सु. कमल आचार्य

ना.सु. मानवबाबु थापा

क.अ. प्रदीप कुमार यादव

**प्रकाशकः**

नेपाल सरकार

गृह मन्त्रालय

सिंहदरवार, काठमाडौं

**छापिएको प्रति** : १०००

**प्रकाशन मिति** : २०७९ मङ्सीर

**सर्वाधिकार** : प्रकाशकमा

**मुद्रक** : एम.एस. प्रिन्टिङ्ग सोलुसन, काठमाडौं
msprintingsolution@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
GOVERNMENT OF NEPAL
MINISTRY OF HOME AFFAIRS

गृहमन्त्री
MINISTER FOR HOME AFFAIRS

# मन्तव्य



नेपाल सरकार, गृह मन्त्रालय र अन्तर्गतका निकायहरूको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम, सो कार्यान्वयनका लागि विनियोजित वजेट र सञ्चालित कार्यक्रमहरूको प्रगति र मन्त्रालयले सञ्चालन गरेका समष्टिगत गतिविधिको आधारमा यस मन्त्रालयको वार्षिक प्रगति विवरण तयार गरिएको छ। सीमित स्रोत र साधनको वावजुद आर्थिक वर्ष २०७८/७९ मा मन्त्रालय र अन्तर्गत निकायहरूबाट सञ्चालित कार्यक्रमबाट महामारी, बाढी, पहिरो, आगलागी, शितलहर समेतका विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउन महत्वपूर्ण योगदान पुगेको छ। साथै, समाजमा शान्ति, सुव्यवस्था, र सुरक्षा कायम गरी जनताको जीउधन र स्वतन्त्रताको संरक्षण, मानवअधिकार र कानूनको शासन प्रवर्द्धनमा समेत मन्त्रालयले निर्वाह गरेको भूमिकामा गुणात्मक सुधार भएको विवरण प्रकाशन गर्न पाउदा खुसी लागेको छ।

आर्थिक वर्ष २०७८/७९ मा यस मन्त्रालयले सुशासन र मानवअधिकार प्रवर्द्धन, समग्र सुरक्षा व्यवस्थापन, अपराध नियन्त्रण, नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन, सार्वजनिक सम्पत्तिको सुरक्षा, अध्यागमन तथा सीमा प्रशासन व्यवस्थापन, विपद, खोज, उद्धार तथा राहत, कसुरजन्य सम्पत्ति व्यवस्थापन, पञ्जीकरण र सामाजिक सुरक्षा व्यवस्थापन, कारागार व्यवस्थापन, लागु औषध नियन्त्रण जस्ता क्षेत्रमा व्यवस्थित ढङ्गले क्षेत्रगत कार्यक्रम र कृयाकलाप सञ्चालन गरेको छ। यसका साथै सीमित स्रोत र साधनका बाबजुद स्थानीय निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित बनाउन गृह मन्त्रालय, सुरक्षा निकायहरू र जिल्ला प्रशासन कार्यालयहरूले खेलेको भुमिका प्रशंसनीय रह्यो। यसको परिणामस्वरूप मन्त्रालय र मातहतका निकायहरूले प्रवाह गरेको सेवा र सुरक्षा व्यवस्थापनमार्फत बढ्दो नागरिक अपेक्षा सम्बोधन हुन गई दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्ने राष्ट्रिय अभियानमा यस मन्त्रालयको सकारात्मक र गुणात्मक योगदान पुग्ने विश्वास लिएको छु।

वार्षिक प्रगति प्रतिवेदन प्रकाशनको माध्यमबाट मन्त्रालयले सम्पादन गरेका कार्यहरू सरोकारवाला पक्षबीच आधिकारिक रूपमा सम्प्रेषण हुने र कार्यसम्पादनको व्यवस्थित अभिलेखसमेत रहने हुँदा यस किसिमको विवरण प्रकाशन गर्ने विषय महत्वपूर्ण रहने विश्वास लिएको छु। अन्त्यमा, यो प्रगति विवरण तयार गर्ने कार्यमा संलग्न हुनुहुने र आ.व. २०७८/७९ को उपलब्धि हासिल गर्न योगदान गर्नुहुने सबै निकाय र अधिकारीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा अझ सकारात्मक र रचनात्मक ढङ्गले देश र जनताको सेवामा समर्पित हुन सबैलाई आग्रह गर्दछु।

बालकृष्ण खाण
(गृहमन्त्री)

Ministry of Home Affairs, Singha Durbar, Kathmandu, Nepal
Tel : +977-1-4211229, 4211247, Fax : +977-1-4211232

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## अभिस्वीकृति



आ. व. २०७८/७९ को नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटको कार्यान्वयनबाट गृह मन्त्रालय र अन्तर्गतका निकायहरूले हासिल गरेको समष्टिगत प्रगति विवरण, यस आ. व. को वार्षिक विकास कार्यक्रम, नेपाल सरकारको नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यमा यस मन्त्रालयसँग सम्बन्धित बुँदाहरू र सोको कार्यान्वयनको अवस्था, गृह प्रशासन सुधार कार्ययोजना, २०७८ को प्रगति समिक्षा, जिल्ला प्रशासन कार्यालयहरूको सङ्क्षिप्त प्रगति विवरण, प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली अनुसारको योग्यताक्रम निर्धारण, मन्त्रालय र अन्तर्गत निकायहरूले सामना गर्नुपरेका समस्या, चुनौती र आगामी कार्यदिशा समेतलाई समावेश गरी यो वार्षिक प्रगति विवरण प्रकाशन गरिएको छ।

विविध चुनौतीका बाबजुद आ. व. २०७८/७९ मा मन्त्रालय र मातहतको कार्यसम्पादन उपलब्धिमूलक रह्यो। आ. व. २०७८/७९ मा चालु खर्चतर्फ ९७.८२ प्रतिशत र पुँजीगत खर्चतर्फ ७७.०५ प्रतिशत र समग्रमा ९६.५४ प्रतिशत प्रगति हासिल भएको छ । मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय र सुरक्षा निकायहरूको कार्यसम्पादनस्तर सन्तोषजनक रहेको छ। जिल्ला प्रशासन कार्यालयहरूको औषत कार्यसम्पादनस्तर करिव ९० प्रतिशत रहेको छ। गृह प्रशासनलाई थप प्रभावकारी बनाई समाजमा शान्ति, सुरक्षा, सुव्यवस्था कायम गर्न र समग्र सुशासन कायम गर्नका लागि मन्त्रालय र अन्तर्गतका निकायहरूले प्रदान गर्दै आएको सेवामा गुणात्मक परिणाम निस्कने गरि सुधार गर्नका लागि गृह प्रशासन सुधार कार्ययोजना कार्यान्वयनमा रहेको छ। बजेट तथा योजना प्रणालीमा रहेका संरचनात्मक कमजोरी हटाई अनिवार्य दायित्व र प्रतिबद्ध खर्चमा स्रोतको सुनिश्चितता प्रदान गरिएको छ। सबै नागरिकको पहिचान सहितको एकीकृत विवरणलाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र कार्यक्रम ७७ वटै जिल्लामा अभियानकै रूपमा सञ्चालन भएको छ। अध्यागमन र सीमा प्रशासनमा निरन्तर सुधार गरिएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन भई विपद न्यूनीकरणमा गरिएको एकिकृत प्रयासले विपद् व्यवस्थापनमा सुधार र सफलता मिलेको छ। विपद व्यवस्थापनमा तत्कालको राहत तथा पुनर्स्थापना कार्यक्रममा मन्त्रालय र अन्तर्गत निकायहरूले खेलेको भूमिका सह्रानीय रह्यो। कारागार कार्यालयहरूलाई सुधार गृहको रूपमा विकास गर्न आवश्यक पर्ने पूर्वाधार विकास, क्षमता विकास र सामाजिक सुरक्षामा जोड दिईएको छ। गुणात्मक एवं तथ्यमा आधारित अपराध अनुसन्धान एवं अभियोजनमा समेत सुरक्षा निकायलाई धेरै हदसम्म सफलता मिलेको छ। उपर्युक्त सुधार एवं उपलब्धिहरूका बाबजुद मन्त्रालय र अन्तर्गतका निकायहरुबाट प्रवाह गरिने सार्वजनिक सेवालाई थप जनमुखी, प्रतिस्पर्धी र गुणात्मक तुल्याउन मन्त्रालय र मातहतका निकायहरूले अझ लगनशील भई मेहनत गर्नुपर्ने देखिन्छ।

मन्त्रालयले गरेका कृयाकलापहरूको व्यवस्थित अभिलेख सहितको संस्थागत संस्मरणको निरन्तरता सहित सुधारका प्रयासलाई निरन्तरता दिने सन्दर्भमा यस वार्षिक प्रगति विवरण प्रकाशन महत्वपूर्ण कोशेढुङ्गा हुने विश्वास लिएको छु। अन्त्यमा, प्रस्तुत प्रतिवेदनका लागि आवश्यक तथ्याङ्क एवं सूचना उपलब्ध गराउने सबै निकायहरू र प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न हुनुहुने महाशाखा प्रमुख लगायतका सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

०७९।८।८

विनोद प्रकाश सिंह
सचिव

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## सम्पादकीय



कुनै पनि सार्वजनिक निकायले आफ्नो कार्यसम्पादनको समग्र चित्र प्रस्तुत हुने गरी आवधिक रूपमा प्रगति प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ। नागरिकहरूको सुसूचित हुने संवैधानिक हकको रक्षा गर्न, संस्थागत जवाफदेहिता सुनिश्चित गर्न तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ६ बमोजिम प्रशासनिक कार्य सञ्चालन गर्न भएको सुनिश्चित गर्दै दफा १६ बमोजिम पारदर्शिता कायम गर्न समेत सोही ऐनको दफा ४१ को व्यवस्था बमोजिम गृह मन्त्रालयले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ। गृह मन्त्रालयको संरचना देशका प्रत्येक जिल्ला देखि इलाकासम्म फैलिएको हुँदा यस मातहतका विभाग एवं सयौं कार्यालयहरूको कार्यसम्पादनको प्रगति विवरण सङ्कलन एवं सम्पादन गर्न अनपेक्षित रूपले बढी समय लाग्ने गरेको छ। कतिपय प्रतिवेदक निकायले पेश गरेको प्रतिवेदनको गुणस्तर कमजोर भएको अवस्थामा कार्यालयको कार्यसम्पादन उत्कृष्ट भएतापनि त्यसलाई प्रतिवेदनमा झल्काउन नसकिएको अवस्था समेत विद्यमान छ।

अबको सार्वजनिक प्रशासनको कार्यसम्पादन मुहारविहीन (incognito) रहने अवस्था रहेन। सार्वजनिक जवाफदेहिताले सूचनाको पारदर्शिताको माग गर्दछ। त्यसको लागि संस्थागत स्मरण सुदृढ बनाउँदै लग्नुपर्दछ। नीति तर्जुमा गर्दा पनि कसैको भावना वा कल्पना मात्र पर्याप्त हुँदैन। दुरदृष्टि यकिन गर्न पनि विद्यमान तथ्यहरूले आधारशीला तय गरिदिनु पर्दछ। यिनै आधारशीला खडा गर्नका लागि सूचना संङ्कलन र प्रशोधन गर्दै जाँदा यो प्रतिवेदन अलि ठूलो बन्न पुगेको छ। आगामी वर्षहरूमा सबै निकायका अझ वस्तुनिष्ठ सूचक सहितको कार्यसम्पादनको प्रवृत्ति विश्लेषण गर्न यो प्रतिवेदनले आधार प्रदान गर्नेछ भन्ने अपेक्षा लिएका छौं।

नेपाल सकारका नीति तथा कार्यक्रम, बजेट वक्तव्यमा उल्लिखित गृह मन्त्रालय सम्बद्ध क्रियाकलापहरू र गृह प्रशासन सुधार कार्ययोजना, २०७८को कार्यान्वयनको अवस्था एवं जिल्ला प्रशासन कार्यालयहरूका लागि कार्यसम्पादन मूल्याङ्कन प्रणालीको परिमार्जित रूप समेत यो प्रतिवेदनले समेटेको छ। उक्त कार्ययोजनाबाट मन्त्रालय र मातहतका निकायहरूका लागि आगामी आर्थिक वर्षहरूका लागि बजेट तथा कार्यक्रम तर्जुमा गर्न समेत मार्गदर्शन हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं। त्यसको साथै सरोकारवाला निकायहरूलाई गृह मन्त्रालय र मातहतको कार्यसम्पादनको बारेमा यथार्थ जानकारी प्रदान गर्न समेत यस वार्षिक प्रगति प्रतिवेदनले सहयोग पुऱ्याउने नै छ।

अन्त्यमा, यो प्रतिवेदन तयार गर्ने क्रममा अथक मिहिनेत गर्नुहुने उपसचिव अर्जुन पौडेल, शाखा अधिकृतहरू नरेन्द्र परियार, लक्ष्मी मरासिनी र कुलराज सुवेदी तथा योजना, अनुगमन तथा मूल्याङ्कन शाखाका समग्र कर्मचारीहरूका साथै प्रतिवेदक निकायबाट सूचना उपलब्ध गराउने सबै जिम्मेवार कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यसमा देखिएका व्याकरणीय त्रुटीहरूमा म आफै जिम्मेवार रहेको व्यहोरा स्वीकार गर्दछु।

**डा. भीष्मकुमार भूसाल**
संयोजक, सम्पादन मण्डल

# कार्यकारी सारांश

१. गृह मन्त्रालय र अन्तर्गतका निकायहरूबाट आ.व. २०७८/०७९ लागि २८ वटा आयोजना तथा कार्यक्रमहरू सञ्चालन भएका मध्ये लागु औषध नियन्त्रण कार्यक्रम, नेपाल प्रहरीबाट सञ्चालित त्रि-वर्षीय अपराध नियन्त्रण कार्यक्रम र राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता कार्यक्रम गरी ३ वटा पहिलो प्राथमिकता प्राप्त आयोजनाको रूपमा रहेका थिए।

२. आ.व. २०७८/०७९ मा कसुरजन्य सम्पति व्यवस्थापन विभाग नयाँ विभागको रूपमा स्थापना भई कार्यसम्पादन गर्दै आएको छ।

३. गत आ.व.मा गृह मन्त्रालय र अन्तर्गतका लागि १ खर्ब ६४ अर्ब ५० करोड १५ लाख रुपैयाँ बजेट विनियोजन भएकोमा आ.व.को अन्त्य सम्ममा रकमान्तर भई खुद बजेट १ खर्ब उनानब्बे अर्ब ११ करोड ८३ लाख ४४ हजार ४ सय ५६ रुपैयाँ कायम भई सुरु बजेटको ११०.९४ प्रतिशत र खुद बजेटको ९३.४ प्रतिशत खर्च भएको छ।

४. नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाबाट नागरिकता वितरण सम्बन्धी हालसम्म भएका निर्देशन/परिपत्रहरूको संगालो  तयार पारी प्रकाशन गरिएको छ।

५. लागु औषध नियन्त्रण शाखाबाट लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना २०७९-२०८४ तर्जुमा गरी कार्यान्वयनमा आएको छ।

६. योजना, अनुगमन तथा मुल्याङ्कन शाखाबाट गृह प्रशासन सुधार कार्ययोजना, २०७८ स्वीकृत भई कार्यान्वयनमा आएको छ भने २८ वटा  जिल्ला प्रशासन कार्यालयहरूको सूचकमा आधारित एकीकृत अनुगमन तथा मूल्याङ्कन ढाँचा बमोजिम अनुगमन गरी कार्यसम्पादनलाई थप प्रभावकारी बनाइएको छ। आ.व. २०७९/८० को लागि गृहसचिव र प्रमुख जिल्ला अधिकारीबीच हुने कार्यसम्पादन सम्झौता परिमार्जन कार्यदलको प्रतिवेदन, २०७९ स्वीकृत गरी स्वचालित रूपमा कार्यसम्पादन मूल्याङ्कन हुने प्रणाली (CDO Performance Appraisal System (CPAS) को विकास गरिएको छ।

७. सूचना प्रविधि शाखाबाट Citizenship Information Management System (CIMS) मार्फत नागरिकता वितरण कार्यलाई ७७ जिल्ला प्रशासन कार्यालय, ७० इलाका प्रशासन कार्यालय, ३ सीमा प्रशासन कार्यालयबाट वितरण हुने गरी विस्तार गरिएको छ।

८. गुनासो व्यवस्थापन शाखाबाट आ.व. २०७८/७९ मा गृह मन्त्रालय र अन्तर्गतका विभिन्न निकाय/पदाधिकारीहरूको विरुद्ध परेका कुल ७१३ उजुरीहरू मध्ये ८४.९% फर्छ्यौट भएका छन।

९. निजामती कर्मचारी प्रशासन शाखाबाट कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागको २८ जना दरबन्दी तथा संगठन संरचना स्वीकृत भएको छ। JDS अध्ययन/छात्रवृत्तिमा मनोनयनका लागि १५ जना कर्मचारीको विवरण संकलन गरी अर्थ मन्त्रालयमा पठाइएको, बिभिन्न निकायबाट संचालित भएका कार्यक्रमका लागि मन्त्रालयबाट ३०४ वटा प्रतिनिधि तोकेको तथा आ.व. २०७८/७९ मा  कुल १४२२ जनालाई पदस्थापना तथा सरुवा गरेको छ।

१०. विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा/राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (NEOC) मार्फत राष्ट्रिय विपद् व्यवस्थापन कोषबाट २०७८ साल श्रावण १ गतेदेखि २०७९ असार मसान्तसम्म जम्मा १० करोड ४६ लाख पचास हजार रुपैयाँ जिल्ला विपद् व्यवस्थापन कोषमा निकासा गरिएको छ। धनगढी, नेपालगञ्ज, वीरगञ्ज र सुर्खेतमा अवस्थित मानवीय सहायतास्थल, बर्दिबास, बसन्तपुर, धनकुटामा घुम्ती मानवीय सहायतास्थल सञ्चालनमा रहेका र खोड्पे, बैतडीमा घुम्ती मानवीय सहायतास्थल निर्माण सम्पन्न भएको तथा ७७ वटै जिल्लामा रहेका दमकल तथा एम्बुलेन्सहरूको विवरण, चालकको सम्पर्क नम्बर सहितको विवरण DRR Portal मार्फत् सार्वजनिक गरिएको छ।

११. विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुर्नलाभ शाखाबाट कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी तत्कालको एकीकृत कार्ययोजना, २०७८, मनसुनजन्य विपद्कोड घटनामा खोज, उद्धार, राहत साथै क्षति भएका भौतिक संरचना र विकास पूर्वाधारहरूको पुननिर्माण तथा पुनर्स्थापना सम्बन्धी अल्पकालीन एकीकृत कार्ययोजना, २०७८ तयार गरिएको, कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी तत्कालको एकीकृत कार्ययोजना, २०७८ तयार पारिएको छ। तराईका २१ जिल्लाहरूका लागि डुङ्गा, लाईफ ज्याकेट, डोरीलगायत विपद् खोज तथा उद्दारका सामग्री खरिद गर्न सहजिकरण गरिएको छ।

१२. राहत तथा तथ्याङ्क व्यवस्थापनबाट उपचार खर्च, राहत तथा आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०७९ नेपाल सरकार (म.प.) बाट स्वीकृति गरी कार्यान्वयनमा ल्याइएको छ।

१३. आर्थिक प्रशासन शाखाबाट मन्त्रालय र अन्तर्गतको निकायको कुल बेरुजु रु. १ अर्ब १३ करोड ९९ लाख २ हजार रहेकोमा रु. ४८ करोड ९० लाख ८५ हजार अर्थात ४२.९१ प्रतिशत फर्छ्यौट भएको अवस्था छ।

१४. स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट कार्य सञ्चालन अनुमति १६, ड्रोन उडान अनुमति ७, सेक्युरिटी क्लियरन्स ६, यात्रा अनुमति पत्र ७६ (१८ भुटानी र ५८ तिब्बतीयन), वाकीटकी अनुमति ३१, संघ संस्था ७ र गैर आवासीय पदमा/राजदूत नियुक्ति राय एवम् सहमति ४३ वटा प्रदान गरिएको छ।

१५. शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाबाट अफगानिस्तानबाट ८८९ जना नेपाली नागरिकको उद्धार गरी नेपाल ल्याइएको तथा विभिन्न दुर्घटना घाइते, बाढी तथा पहिरोबाट प्रभावितहरूलाई उद्धार तथा राहत सामग्री ढुवानी गर्न नेपाली सेनाको हेलिकप्टरलाई १६७ पटक उडान अनुमति दिइएको छ। पहिचान नभएका तथा वेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८ नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयन भइरहेको र उपचार खर्च, राहत तथा आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०७९ मन्त्रिपरिषद्बाभट स्वीकृत भई कार्यान्वयनको लागि सबै जिल्ला प्रशासन कार्यालयहरूमा पठाइएको छ।

१६. सीमा तथा अध्यागमन शाखाबाट निषेधित क्षेत्रमा हेलिकप्टर उडान अनुमति ४३२ पटक, निषेधित क्षेत्रमा निःशुल्क पदयात्रा अनुमति २७ पटक, अन्तर्राष्ट्रिय सीमा सम्बन्धी समन्वय ७७ पटक, ३१५३ विदेशी नागरिकहरूलाई कार्य सहमति र ३७० जना विदेशी नागरिकहरूलाई निष्कासन गरिएको छ।

१७. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट मल्टिसिटर एम्बुलेन्स र रेस्क्यु भेइकल खरिदको कार्य सम्पन्न भएको, स्वयम्सेवक ब्युरो गठन तथा परिचालन कार्यविधि, २०७८ मिति २०७८/१०/१४ को कार्यकारी समितिको निर्णयबाट स्वीकृत भएको, मनाङको तालगाउँ, सिन्धुपाल्चोकको हेलम्बु र मेलम्ची, डडेलधुराको सिगास तथा बैतडीको गन्यापधुरालगायत बाढी पहिरोग्रस्त क्षेत्रमा भएको क्षतिका सम्बन्धमा प्राविधिक भौगर्भिक अध्ययन कार्य सम्पन्न गरिएको छ। सिन्धुपाल्चोक र धनुषा जिल्लामा विपद् प्रभावितहरूका लागि मनोसामाजिक परामर्श तालिम कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

१८. अध्यागमन विभागबाट यस आ.व.मा इ-भिसा लागू गर्ने हालसम्म परम्परागत स्टिकरमा आधारित भिसालाई QR Code सहितको System Generated Visa परिवर्तन गरिएको छ। पर्यटक, गैर पर्यटक, व्यवसायिक लगायत सबै प्रकारका भिसाको आवेदन अनलाईनबाट गर्न सकिने गरी नेपाली पोर्ट प्रणालीको मोडुल प्रयोगमा ल्याइएको छ। अध्यामगन विभाग र मातहतका कार्यालयहरूमा कायम रहेको बेरुजु मध्ये आ.व. २०७८/७९ मा ६५ प्रतिशत बेरुजु फर्छ्यौटका लागि प्रमाण पेश गरिएको छ। अध्यामगनमा काम गर्ने कर्मचारीहरूको आचारसंहिता, २०७८ तर्जुमा गरी लागू गरिएको तथा अध्यागमन सुधारको ५ वर्षे रणनीतिक योजना (२०७८/०७९-२०८२/०८३) तर्जुमा गरी माननीय गृहमन्त्रीस्तरको मिति २०७८/०६/१७ को निर्णयबाट स्वीकृत गराई लागू गरिएको छ।

१९. राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागबाट राष्ट्रिय परिचयपत्रको लागि ८०,७५,०४६ जना नागरिकको विवरण संकलन गरिएको छ।३५ जिल्ला, ३८३ स्थानीय तह र ३,५०२ वडामा विवरण संकलन कार्य सम्पन्न भई सकेको छ। २०७९ असार मसान्तमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही ३५,७४,७४२ जना रहेकामा ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक १३,१२,०१५ जना, जेष्ठ नागरिक (क्षेत्र तोकिएको ६० वर्ष उमेर पुगेका) २०,५१५ जना, जेष्ठ नागरिक दलित (६० वर्ष उमेर पुगेका) १,९०,०९२ जना, एकल महिला २,७५,९३९ जना र विधवा ३,५८,४६८ जना रहेका छन्। बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकसँग सम्झौता गरेका स्थानीय तह ७३८ वटा रहेका छ। २०७९ असार मसान्तसम्म अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या ६,२०२, जन्म दर्ता १९,७०,८८७, मृत्यु दर्ता ४,९७,१४५, विवाह दर्ता ७,९२,३६३, सम्बन्ध विच्छेद दर्ता २७,३२५ र बसाइँसराइ दर्ता ४,३३,४३४ रहेको छ।

२०. नेपाल हज समितिको सचिवालयबाट नेपाल हज समिति तथा उप-समितिको बैठकको निर्णयहरू तथा अन्य महत्वपूर्ण कागजातहरूलाई Digitized गरी विद्युतीय प्रणालीमा सुरक्षित गर्ने हज अभिलेख व्यवस्थापन प्रणाली (Hajj Document Management System) निर्माण गरिएको छ। सन् २०२२ मा नेपालबाट ५५७ जना हज यात्रुहरूको सहभागी भएको छ।

# संक्षिप्त शब्दावली

| | | |
|---|---|---|
| प्रमनि | : | प्रहरी महानिरीक्षक |
| प्रअमनि | : | प्रहरी अतिरिक्त महानिरीक्षक |
| प्रनामनि | : | प्रहरी नायव महानिरीक्षक |
| प्रबउ | : | प्रहरी वरिष्ठ उपरीक्षक |
| प्रउ | : | प्रहरी उपरीक्षक |
| प्रनाउ | : | प्रहरी नायव उपरीक्षक |
| प्रनि | : | प्रहरी निरीक्षक |
| प्रवनानि | : | प्रहरी वरिष्ठ नायव निरीक्षक |
| प्रनानि | : | प्रहरी नायव निरीक्षक |
| प्रसनि | : | प्रहरी सहायक निरीक्षक |
| प्रवह | : | प्रहरी वरिष्ठ हवल्दार |
| प्रह | : | प्रहरी हवल्दार |
| प्रसह | : | प्रहरी सहायक हवल्दार |
| प्रज | : | प्रहरी जवान |
| प्रा.प्र.ज. | : | प्राबिधिक प्रहरी जवान |
| प्रकास | : | प्रहरी कार्यालय सहयोगी |
| ADPC | : | ASIAN DISASTER PREPAREDNESS CENTER |
| AFES | : | AUTOMATED FINGERPRINT ENROLLMENT SYSTEM |
| AFIS | : | AUTOMATED FINGERPRINT INFORMATION SYSTEM |
| API | : | APPLICATION PROGRAMMING INTERFACE |
| CAP | : | CRIME ACTION PLAN |
| CCIMS | : | CENTRALIZED CITIZENSHIP INFORMATION MANAGEMENT SYSTEM |
| CCMS | : | CITIZENSHIP COMPLAINTS MANAGEMENT SYSTEM |
| CCTV | : | CLOSED CIRCUIT TELEVISION |
| CDR | : | CALL DETAIL RECORD |
| CDRMP | : | COMPREHENSIVE DISASTER RISK MANAGEMENT PROGRAMME |
| CEDTMS | : | DRUG CHEMICAL AND EXPLOSIVES TRACKING AND MANAGEMENT SYSTEM |
| CIMS | : | CITIZENSHIP INFORMATION MANAGEMENT SYSTEM |
| CMSE | : | CIVIL MILITARY SUPPORT ELEMENT |
| DFID | : | DEPARTMENT FOR INTERNATIONAL DEVELOPMENT |

| | | |
|---|---|---|
| DRRP | : | DISASTER RISK REDUCTION PORTAL |
| DTS | : | DOCUMENT TRACKING SYSTEM |
| GCMS | : | GAS CHROMATOGRAPHY MASS SPECTROMETER |
| HPTLC | : | HIGH-PERFORMANCE THIN LAYER CHROMATOGRAPHY |
| ICCPR | : | THE UNITED NATIONS INTERNATIONAL COVENANT ON CIVIL AND POLITICAL RIGHTS |
| INSARAG | : | INTERNATIONAL SEARCH AND RESCUE ADVISORY GROUP |
| LC | : | LETTER OF CREDIT |
| NCIC | : | NATIONAL CRIME INFORMATION CENTER |
| NDRRMA | : | NATIONAL DISASTER RISK REDUCTION AND MANAGEMENT AUTHORITY |
| PIF | : | PUBLIC INVESTMENT FUND |
| PMIS | : | PRISONERS MANAGEMENT INFORMATION SYSTEM |
| RAS | : | RAPID ASSESSMENT SURVEY |
| TVRS | : | TACTICAL VOICE RECOGNITION SYSTEM |
| UNCAT | : | THE CONVENTION AGAINST TORTURE AND OTHER CRUEL, INHUMAN OR DEGRADING TREATMENT OR PUNISHMENT |
| UNDP | : | UNITED NATIONS DEVELOPMENT PRAOGRAMME |
| UNDRR | : | UNITED NATIONS OFFICE FOR DISASTER RISK REDUCTION |
| UNMISS | : | UNITED NATIONS MISSION IN SOUTH SUDAN |
| UNTOC | : | THE UNITED NATIONS CONVENTION AGAINST TRANSNATIONAL ORGANIZED CRIME |

# विषयानुक्रम

**परिच्छेद–एक : परिचय** १
१.१ गृह मन्त्रालय १
१.१.१ पृष्ठभूमि १
१.१.२ दृष्टिकोण १
१.१.३ लक्ष्य १
१.१.४ उद्देश्य २
१.१.५ कार्यहरू २
१.१.६ गृह मन्त्रालयको कार्यक्षेत्र ४
१.१.७ गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष ऐन, नियम, मापदण्ड तथा कार्यविधिहरू ४
१.१.८ गृह मन्त्रालयको सङ्गठन संरचना ८
१.२ गृह मन्त्रालय मातहतका महाशाखा/शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरू ९
१.२.१ गृह मन्त्रालयको प्रगति समीक्षा ९
१.२.२ गृह मन्त्रालय र मातहत निकायको वित्तीय प्रगतिको समग्र अवस्था ९
१.३ गृह मन्त्रालय अन्तर्गत महाशाखा-शाखाहरूले आ. व. २०७८/७९ मा सम्पादन गरेको मुख्य मुख्य कार्यहरू तथा प्रगतिको विवरण १३
१.३.१ नीति योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा १३
१.३.२ कानून महाशाखा १६
१.३.३ प्रशासन महाशाखा १७
१.३.४ विपद तथा द्वन्द व्यवस्थापन महाशाखा २२
१.३.५ आन्तरिक व्यवस्थापन महाशाखा २९
१.३.६ सुरक्षा तथा समन्वय महाशाखा ३१

**परिच्छेद–दुईः गृह मन्त्रालय अन्तर्गतका विभाग/निकायहरूको परिचय तथा वार्षिक प्रगति** ३८
२.१ रार्ष्ट्रय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ३८
२.२ नेपाल प्रहरी ४६
२.३ सशस्त्र प्रहरी बल, नेपाल ६२
२.४ अध्यागमन विभाग ८७
२.५ राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग ९५

२.६ कारागार व्यवस्थापन विभाग ११७
२.७ कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग १२७
२.८ नेपाल हज समितिको सचिवालय १३१
२.९ प्रहरी किताब खाना १३२

**परिच्छेद-तीनः जिल्ला प्रशासन कार्यालयहरू** ४०

**परिच्छेद-चार** : प्रमुख जिल्ला अधिकारी कार्यसम्पादन मूल्याङ्कन (CPAS) प्रणाली २१०
४.१ पृष्ठभूमि २१०
४.२ कार्यसम्पादन स्तरको वार्षिक मूल्याङ्कन २११
४.३ कार्यसम्पादन सम्झौता र जिल्लामा परेको प्रभाव २१३
४.४ चालु आ. व. २०७९/८० को लागि कार्यसम्पादन सम्झौता र सूचकहरू २१४
४.४.१ पृष्ठभूमि २१४
४.४.२ जिल्ला वर्गीकरण २१४
४.४.३ नतिजा क्षेत्र, कार्य सम्पादन लक्ष्य र क्रियाकलाप २१६
४.४.४ त्रैमासिक मूल्याङ्कन २१६
४.४.५ पूर्णाङ्क र आकस्मिकताको मूल्याङ्कन २१६
४.४.६ कार्य सम्पादन लक्ष्यको अङ्क निर्धारण २१६

**परिच्छेद-पाँच** : नीति तथा कार्यक्रम, वार्षिक बजेट र समयवद्ध क्रियाकलापहरू २१७
५.१ गृह मन्त्रालय र मन्त्रालय सम्वद्ध निकायहरूबाट आर्थिक वर्ष २०७९/०८० मा सञ्चालन गरिने प्रमुख कार्यक्रम तथा बजेट विवरण २१७
५.१.१ पृष्ठभूमि २१७
५.१.२ नेपाल सरकारको नीति तथा कार्यक्रममा समेटिएका गृह मन्त्रालयसँग सम्बन्धित बुँदाहरू २१७
५.१.३ आ.व. २०७९/८० को बजेट वक्तव्यमा समेटिएका गृह मन्त्रालयसँग सम्बन्धित बजेट तथा कार्यक्रमहरू २१८
५.१.४ शीर्षकगत बजेट तथा कार्यक्रम विवरण २२१
५.१.५ बजेट सारांश २२७
५.१.६ वैदेशिक ऋण तथा अनुदानको बिनियोजन २२७
५.१.७ प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने कार्यक्रम २२७
५.१.८ अपेक्षित उपलब्धि २२७

५.२ नतिजासूचक र समयवद्ध क्रियाकलापहरू  (MILESTONES) २२८
५.२.१ रुपान्तरणकारी तथा प्राथमिकता प्राप्त कार्यक्रम (P1) को प्रगति अवस्था २२८
५.२.२ पन्ध्रौं योजनाको नतिजासूचकमा भएको प्रगति २२८
५.२.३ आ. व. २०७८/७९ को लागि तोकिएका माइलस्टोनको प्रगति अवस्था २२९
५.२.४  आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन कार्ययोजना (माइलस्टोन) २२९
५.२.४ आ. व.२०७९/८० का लागि निर्धारण गरिएका कार्यसम्पादन सूचकहरू (KPI) २२९

**परिच्छेद–५**

गृह प्रशासन सुधार कार्ययोजना, २०७८ को प्रगति समीक्षा २३८
गृह प्रशासन सुधार कार्ययोजना, २०७८ को कार्यान्वयनको प्रगति अवस्था २३९

**अनुसूचीहरू**

अनुसूची १ः वि.सं. २०४७ देखि हालसम्मका माननीय गृह मन्त्रीज्यूहरूको नामावली र कार्यकाल २९१
अनुसूची २ः वि.सं. २००७ देखि हालसम्मका गृह सचिवज्यूहरूको नामावली र कार्यकाल २९२
अनुसूची ३ः गत आ.व. २०७८/७८ को वार्षिक कार्यसम्पादन सम्झौता मूल्याङ्कनको नतिजा २९४
अनुसूची ४ः आ.व. २०७७/७८ को वार्षिक कार्यसम्पादन सम्झौता मूल्याङ्कनको नतिजा २९५
अनुसूची ५ः गृह मन्त्रालयका सचिवालय,महाशाखा तथा शाखाहरूको सम्पर्क नम्बरहरू २९६
अनुसूची ६ः जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीहरूका फोन नम्बरहरू २९७
अनुसूची ७ः कार्यसम्पादन सम्झौता ३०१
अनुसूची ८ः वर्गीकृत जिल्लाहरुको सूची ३०२
अनुसूची ९ः 'क' बर्गका जिल्लारूको कार्यसम्पादन सूचक ३०३
अनुसूची १०ः 'ख' वर्गका जिल्लाहरूको कार्यसम्पादन सूचक ३०७
अनुसूची ११ः 'ग' वर्गका जिल्लाहरूको कार्यसम्पादन सूचक ३११
अनुसूची १२ः कार्यसम्पादन मूल्याङ्कन प्राप्ताङ्क अनुसार जिल्लाहरूको वरीयताक्रम ३१५
अनुसूची १३ः कार्यसम्पादनमा सर्वोत्कृष्ठ अंक हाँसिल गर्ने जिल्लाको लब्धांकपत्र ३१८
अनुसूची १४ः समितिको नामावली ३१९

# तालिकाहरूको सूची


तालिका १.२.१: गृह मन्त्रालय र मातहत निकायको वित्तीय प्रगतिको समग्र स्थिति ९

तालिका १.२.२: गृह मन्त्रालय र मातहत निकायको बजेट उपशीर्षक अन्तर्गतवित्तीय प्रगतिको समग्र स्थिति (रु.हजारमा ) १०

तालिका १.२.३: गृह मन्त्रालय अन्तर्गत सञ्चालित आयोजना एवं निकायहरूको प्रगति विवरण (विभागतर्फको बाहेक) १२

तालिका १.२.४: गुनासोको अवस्था २०

तालिका १.२.५: पदस्थापना तथा सरुवा बिवरण २२

तालिका १.२.६: कुल बेरुजुको अवस्था ३०

तालिका १.२.७: बेरुजु फर्छ्यौटको अवस्था (२०७९ असार मसान्तसम्म) ३१

तालिका १.२.८: सिमा तथा अध्यागमन शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरू ३६

तालिका २.१.१ जनशक्ति विवरण (स्वीकृत, पदपूर्ति, रिक्त वा फाजिल) ४०

तालिका २.१.२ आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा नीति तथा कार्यक्रमको प्रगति ४१

तालिका २.२.१: नेपाल प्रहरीको स्वीकृत दरबन्दी विवरण ४७

तालिका २.२.२: नेपाल प्रहरीको पदपूर्ति विवरण (आ.व. २०७८।०७९) ४८

तालिका २.२.३: रिक्त दरबन्दी विवरण (आ.व. २०७८। ०७९) ४९

तालिका २.२.४: आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्यमा समेत) उल्लिखित नीति तथा कार्यक्रमहरू (Milestone) को २०७९ आषाढ मसान्तसम्मको प्रगति विवरण ४९

तालिका २.२.५: आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रमको आषाढ मसान्तसम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरण ५२

तालिका २.३.१: सशस्त्र प्रहरी बल, नेपालको जनशक्ति विवरण (स्वीकृत दरबन्दी, पदपुर्ति तथा खाली) ६४

तालिका २.६.१: निर्माणाधीन कारागार कार्यालयहरूको भवन निर्माणको भौतिक तथा वित्तीय प्रगति अवस्था १२२

तालिका २.६.२: कारागारमा रहेका कैदीबन्दीको बिभिन्न समयको विवरण १२५

तालिका ४.२.१: वार्षिक कार्यसम्पादन मूल्याङ्कनको स्तर २११

तालिका ४.२.२: कार्य सम्पादनमा उत्कृष्ट पाँच जिल्लाहरू २१२

# परिचय

## १.१ गृह मन्त्रालय

### १.१.१ पृष्ठभूमि

नेपालमा २००७ सालको राजनैतिक परिवर्तनपश्चात् देशको आन्तरिक कार्यको व्यवस्थापन हेर्ने गरी गृह मन्त्रालयको स्थापना भयो । वि.सं.२०१७ सालमा पञ्चायती व्यवस्थाको स्थापनापछि गृह मन्त्रालयको नाम परिवर्तन गरी गृह पञ्चायत मन्त्रालय बनाइयो। वि.सं. २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरी अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था भयो । स्थानीय प्रशासन ऐन, २०२८ लागू भएपछि अञ्चलाधीश र प्र.जि.अ.को काम, कर्तव्य र अधिकार कानूनी रूपमा व्यवस्थित गरियो । वि.सं. २०३७ सालमा गृह मन्त्रालयबाट पञ्चायत सम्बन्धी काम छुट्याई सो सम्बन्धी काम हेर्ने छुट्टै स्थानीय विकास मन्त्रालयको गठन भएपछि गृह मन्त्रालयको मुख्य कार्यभार शान्ति सुव्यवस्था र स्थानीय प्रशासन रहन गयो ।

“मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु” गृह प्रशासनको मुख्य उद्देश्य हो । गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न गृह मन्त्रालय मातहत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, कारागार व्यवस्थापन विभाग, अध्यागमन विभाग, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग र कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग (२०७८ असोज १७ मा स्थापित) रहेका छन् । स्थानीय स्तरमा ७७ वटै जिल्लामा जिल्ला प्रशासन कार्यालय, ७३ इलाका प्रशासन कार्यालय तथा ७ वटा सीमा प्रशासन कार्यालय क्रियाशील रहेका छन् ।

### १.१.२ दृष्टिकोण

नेपालको प्रचलित संविधान तथा कानूनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्ने गरी कार्य गर्नु गृह प्रशासनको दृष्टिकोण रहेको छ ।

### १.१.३ लक्ष्य

गृह प्रशासनलाई जनताको माग र आधारभूत आवश्यकता अनुरूप सञ्चालन गरी देशमा भरपर्दो शान्ति सुरक्षा प्रदान गर्नु गृह प्रशासनको लक्ष्य रहेको छ ।

### १.१.४ उद्देश्य

शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह मन्त्रालयको मूलभूत उद्देश्य रहेको छ ।

### १.१.५ कार्यहरू

नेपाल सरकार (कार्य-विभाजन) नियमावली, २०७४ अनुसार गृह मन्त्रालयबाट सम्पादन गरिने कार्यहरू देहाय अनुसार रहेका छन् ।

१. आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन,

२. विशिष्ट व्यक्ति, महत्त्वपूर्ण स्थल, भवन, संरचना, कूटनीतिक नियोग र लोकमार्गको सुरक्षा सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, उपयोग, समन्वय र सुरक्षा प्रवन्ध,

३. सङ्घ र प्रदेश प्रहरी प्रशासन सम्बन्धी कार्य, सुपरीवेक्षण र समन्वय,

४. अपराध रोकथाम तथा नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

५. अपराध अनुसन्धान र अपराध अनुसन्धानको अभिलेख,

६. अपराध नियन्त्रण सम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय समन्वय तथा सहयोग,

७. सपुर्दगी सम्बन्धी कानून, सन्धि, सम्झौता र कार्यान्वयन,

८. नागरिकता सम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन,

९. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्वन्ध-विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानून,

१०. उमेर, नाम र जात सच्याउने सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

११. हातहतियार, खरखजाना तथा बिस्फोटक पदार्थको प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियन्त्रण र नियमन,

१२. यातना पीडित सम्बन्धी नीति, कानून, मापदण्ड, समन्वय र नियमन,

१३. निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन सम्बन्धी नीति, कानून र मापदण्ड,

१४. अभियुक्त, थुनुवा र कैदी अन्तर प्रदेश स्थानान्तरण सम्बन्धी कार्य,

१५. शरणार्थी मामिला सम्बन्धी नीति, कानून र व्यवस्थापन सम्बन्धी कार्य,

१६. सम्पत्ति प्राप्ति, जग्गा प्राप्ति, अधिग्रहण र मुआब्जा सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

१७. चिठ्ठा तथा जुवा नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

१८. विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

१९. राष्ट्रिय विपद् कोष स्थापना सञ्चालन तथा प्रादेशिक विपद् कोषमा सहयोग र समन्वय,

२०. सजाय, माफी, मुल्तबी र परिवर्तन,

२१. निर्वाचन तथा जनमत संग्रह,
२२. सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,
२३. इन्टरपोल तथा अन्तर्राष्ट्रिय प्रहरी संगठनहरूसँगको सम्पर्क र समन्वय,
२४. मानव अधिकार र नागरिक स्वतन्त्रताको संरक्षण तथा प्रवर्द्धन,
२५. अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा सहयोग र समन्वय,
२६. अन्तर्राष्ट्रिय सीमा, सीमा स्तम्भको सुरक्षा, सीमा प्रशासन तथा अन्तर्राष्ट्रिय सीमानाको सुरक्षा,
२७. सशस्त्र विद्रोह, आर्थिक तथा संगठित अपराध, आतङ्ककारी क्रियाकलाप एवं अवैध सङ्घसंस्थाहरूको गतिविधि नियन्त्रण र बारुदी सुरुङ्गको निवारण,
२८. सार्वजनिक चासो र महत्वका सूचना सङ्कलन, आदानप्रदान, विश्लेषण, उपयोग र संरक्षण,
२९. राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
३०. विदेशी नागरिकको प्रवेश, उपस्थिति, गतिविधि तथा प्रस्थानको व्यवस्थापन, नियमन, नियन्त्रण र अभिलेखीकरण,
३१. अध्यागमन सम्बन्धी कार्य,
३२. अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति समन्वय,
३३. उपाधि, सम्मान तथा विभूषण र सुशोभन,
३४. द्वन्द्व पीडित तथा विस्थापित व्यक्तिहरूको राहत तथा पुनर्स्थापना,
३५. आर्थिक सहायता,
३६. लागु औषध नियन्त्रण, रोकथाम र पुनर्स्थापना केन्द्र व्यवस्थापन,
३७. धार्मिक विषय, तीर्थस्थान र तीर्थयात्री,
३८. कल्याणधन र बेवारिसे धन,
३९. सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ नियन्त्रण, सार्वजनिक अपराधको नियन्त्रण,
४०. सार्वजनिक चन्दा सङ्कलन नियमन र नियन्त्रण,
४१. गृह प्रशासन (कारागार, शान्ति सुव्यवस्था, लागू औषध, प्रकोप व्यवस्थापन, सुपुर्दगी लगायत) विषयक राष्ट्रिय अन्तर्राष्ट्रिय समन्वय र सम्पर्क,
४२. निर्वाचन आयोग,
४३. नेपाल प्रहरी,
४४. सशस्त्र प्रहरी बल, नेपाल,
४५. प्रहरी कल्याण,
४६. सार्वजनिक बिषयसँग सम्बन्धित विवाद, घटनाको जाँचबुझ र अनुसन्धान,
४७. सवारी नियन्त्रण तथा सरकारी सवारी साधनको व्यवस्थापन र समन्वय,

४८. मन्त्रालय सम्बन्धी राष्ट्रिय अर्न्तराष्ट्रिय सङ्घ संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,

४९. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन,

५०. अन्य मन्त्रालयको कार्यविभाजनमा नपरेका विषय आदि ।

### १.१.६ गृह मन्त्रालयको कार्यक्षेत्र

नेपाल सरकार (कार्य-विभाजन) नियमावली, २०७४ अनुसार गृह मन्त्रालयबाट सम्पादन गरिने कार्यहरू समेट्ने क्षेत्र नै गृह मन्त्रालयको कार्यक्षेत्र हो ।

**"मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु"**




### १.१.७ गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष ऐन, नियम, मापदण्ड तथा कार्यविधिहरू

**क) गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष ऐनहरू**

१. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८

२. उपभोक्ता संरक्षण ऐन, २०७५

३. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण तथा जफत) ऐन, २०७०

४. कालोबजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२

५. खाद्य ऐन, २०२३

६. छापाखाना र प्रकाशन ऐन, २०४८

७. जलस्रोत ऐन, २०४९

८. जग्गा प्राप्ति ऐन, २०३४
९. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
१०. प्रहरी ऐन, २०१२
११. बिष्फोटक पदार्थ ऐन, २०१८
१२. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६
१३. बालबालिका सम्बन्धी ऐन, २०७५
१४. भ्रष्टाचार निवारण ऐन, २०५९
१५. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८
१६. यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३
१७. नेपाल नागरिकता ऐन, २०६३
१८. राहदानी ऐन, २०७६
१९. लागु औषध (नियन्त्रण) ऐन, २०३३
२०. स्थानीय प्रशासन ऐन, २०२८
२१. सशस्त्र प्रहरी ऐन, २०५८
२२. सार्वजनिक सुरक्षा ऐन, २०४६
२३. संस्था दर्ता ऐन, २०३४
२४. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
२५. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
२६. संक्षिप्त कार्यविधि ऐन, २०२८
२७. हातहतियार खरखजाना ऐन, २०१९
२८. होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३
२९. विभूषण ऐन, २०६४
३०. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
३१. निजामती सेवा ऐन, २०४९
३२. अध्यागमन ऐन, २०४९
३३. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
३४. पशु वधशाला र मासु जाँच ऐन, २०५५
३५. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५
३६. प्राचीन स्मारक संरक्षण ऐन, २०१३

३७. सूचनाको हक सम्बन्धी ऐन, २०६४

३८. नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन, २०७६

३९. सामाजिक सुरक्षा ऐन, २०७५

४०. तेजाव तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९

४१. कारागार ऐन, २०१९

**आ) गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष नियमहरू**

१. अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९

२. उमेर, नाम र जात सच्याउने नियमहरू, २०17

३. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण तथा जफत) नियमावली, २०७७

४. खाद्य नियमावली, २०२७

५. छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९

६. जलस्रोत नियमावली, २०५०

७. प्रहरी  नियमावली, २०७१

८. बालबालिका सम्बन्धी नियमावली, २०५१

९. राहदानी नियमावली, २०६७

१०. सशस्त्र प्रहरी नियमावली, २०७२

११. संस्था दर्ता नियमावली, २०३४

१२. सरकारी जग्गाको भोगाधिकार गराउने सम्बन्धी  कार्यनीति, २०६२

१३. सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५

१४. सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४

१५. हातहतियार खरखजाना नियमावली, द्दण्ठड

१६. होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (अधिकारी तोक्ने) नियमहरू, २०२४

१७. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३

१८. विभूषण नियमावली, २०७६

१९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६

२०. विष्फोटक पदार्थ नियम, २०२०

२१. नेपाल नागरिकता नियमावली, २०६३

२२. निजामती सेवा नियमावली, २०२५

२३. अध्यागमन नियमावली , २०५१

२४. पशु बधशाला र मासु जाँच नियमावली, २०५७

२५. पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६

२६. मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५

२७. सूचनाको हक सम्बन्धी नियमावली, २०६५

२८. तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०७९

२९. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) नियमावली, २०७७

३०. वैयक्तिक गोपनीयता सम्बन्धी नियमावली, २०७७

३१. सामाजिक सुरक्षा  नियमावली, २०७७

३२. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७

३३. फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७७

३४. विभूषण नियमावली, २०७७

३५. नेपाल नागरिकता  नियमावली, २०७८

३६. कारागार नियमावली, २०२०

**इ) गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष नीति रणनीति कार्यनीति एवं कार्यविधिहरू**

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति, २०७५

२. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना (२०१८-२०३०)

३. विपद् जोखिम वित्तीय व्यवस्थापन रणनीति, २०७८

४. सरकारी जग्गाको भोगाधिकार गराउने सम्बन्धी  कार्यनीति, २०६२

५. मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल सञ्चालन कार्यविधि, २०७७

६. अध्यागमन विभाग तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०७८

७. विपद् लेखाजोखा मार्गदर्शन, २०७२

८. सम्भावित शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन, २०७७

९. लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना २०७९-२०८४

१०. गृह प्रशासन सुधार कार्ययोजना,२०७८

११. एकीकृत अनुगमन ढाँचा,२०७८

१२. आगलागिजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि २०७८

१३. स्वयंसेवक व्युरो गठन तथा परिचालन कार्यविधि, २०७८

१४. मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९

## १.१.८ गृह मन्त्रालयको संगठन संरचना



## १.२ गृह मन्त्रालय मातहतका महाशाखा/शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरू

### १.२.१ गृह मन्त्रालयको प्रगति समीक्षा

नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्न मन्त्रालय र अन्तर्गतका निकायहरूबाट आ.व. २०७८/०७९ मा बजेट शीर्षकगत रूपमा २८ वटा आयोजना तथा कार्यक्रमहरू सञ्चालन भएका छन् । ती आयोजनाहरू मध्ये ३ वटा मात्र पहिलो प्राथमिकता प्राप्त आयोजना छन् जसमा गृह मन्त्रालय अन्तर्गत लागु औषध नियन्त्रण कार्यक्रम र नेपाल प्रहरीबाट सञ्चालित त्रि-वर्षीय अपराध नियन्त्रण कार्यक्रम छन् । त्यस्तै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग तर्फ रुपान्तरणकारी आयोजनाको रूपमा राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता कार्यक्रम रहेको छ । आ.व. २०७८/७९ मा सञ्चालित कार्यक्रमहरू मध्ये गृह मन्त्रालय अन्तर्गत ९ वटा कार्यक्रम रहेका थिए भने ती बाहेक अन्य कार्यक्रमहरू अन्तर्गतका विभाग तथा सुरक्षा निकायबाट सञ्चालित थिए । मन्त्रालयबाट सञ्चालित कार्यक्रम अन्तर्गत राहत तथा पुनर्स्थापना कार्यक्रम, समरजङ्ग कम्पनी, जिल्ला प्रशासन कार्यालयहरू, सीमा प्रशासन कार्यालयहरू, इलाका प्रशासन कार्यालयहरू, जुद्ध वारुणयन्त्र कार्यालय, प्रहरी किताबखाना, लागु औषधनियन्त्रण कार्यक्रम लगायतका कार्यक्रमहरू रहेका छन् । यस आ.व. मा नयाँ विभागको रूपमा कसुरजन्य सम्पति व्यवस्थापन विभागको स्थापना भई सञ्चालनमा रहेको छ। मन्त्रालय मातहतका निकायबाट सञ्चालित आयोजनाहरू/कार्यक्रमहरूको प्रगति विवरण सम्बन्धित निकायकै प्रगति खण्डमा विस्तृत रूपमा राखिएको छ।

### १.२.२ गृह मन्त्रालय र मातहत निकायको वित्तीय प्रगतिको समग्र अवस्था

आ.व. २०७८/०७९ मा गृह मन्त्रालय र अन्तर्गतका लागि रु. १ खर्ब ६४ अर्ब ५० करोड १५ लाख रुपैयाँ बजेट विनियोजन भएकोमा आ. व. को अन्त्य सम्ममा रकमान्तर भई खुद बजेट रु.१ खर्ब ८९ अर्ब ११ करोड ८३ लाख ४४ हजार ४ सय ५६ कायम भएकोमा सुरु बजेटको ११०.९४ प्रतिशत र खुद बजेटको ९३.४ प्रतिशत खर्च भएको देखिन्छ। सोको खर्चको अवस्था तालिका नं १.२.१ मा प्रस्तुत गरिएको छ।

**तालिका १.२.१: गृह मन्त्रालय र मातहत निकायको वित्तीय प्रगतिको समग्र स्थिति**

| बजेट | शुरु बजेट | खुद बजेट | खर्च | शुरु खर्च प्रतिशत | खुद खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| चालू | १५६६५१५०० | १,७७,५३,४३,०८,३६५/- | १,७३,५७,६४,६९,०००/- | ११०.८ | ९७.७७ |
| पूँजिगत | ७८५०००० | ११,५८,४०,३६,०९१/- | ८,९२,४९,६७,०००/- | ११३.६९ | ७७.०५ |
| कुल | १६४५०१५०० | १,८९,११,८३,४४,४५६/- | १,८२,५०,१४,३१,०००/- | ११०.९४ | ९६.५ |

स्रोतः *Line Ministry Budget Information System (LMBIS)*

माथिको तालिकाबाट स्पष्ट हुन्छ कि कुल राष्ट्रिय बजेट (पूँजीगत र चालु दुवैतर्फ) खर्चको अनुपातमा गृह मन्त्रालय र मातहतका निकायहरूको वित्तीय प्रगति नेपाल सरकारका अन्य निकाय/मन्त्रालयहरूको तुलनामा उच्च अनुपातमा भएको देखिन्छ । गृह मन्त्रालय अन्तर्गत निकायगत बजेट विनियोजन र खर्चको अवस्था तालिका नं. १.२.२ मा विस्तृत रूपमा प्रस्तुत गरिएको छ।

## तालिका १.२.२: गृह मन्त्रालय र मातहत निकायको बजेट उपशीर्षक

(रु. हजारमा)

| बजेट उपशीर्षक | | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३१४०००११ | गृह मन्त्रालय | १५५३९०९.३८ | ११५९९९.६७८ | १६६९९०९.०५८ | १५१९३९९ | ६४१४२ | १५८३५४१ | ९७.७८ | ५५.२९ | ९४.८३ |
| २ | ३१४००१०१ | राहत तथा पुनर्स्थापना कार्यक्रम | ४५०० | ० | ४५०० | २४५५ | ० | २४५५ | ५४.५६ | | ५४.५६ |
| ३ | ३१४००१०२ | लागूऔषध नियन्त्रण कार्यक्रम | ७५०० | १०० | ७६०० | ६४९५ | ९९ | ६५९४ | ८६.५९ | ९९.४४ | ८६.७६ |
| ४ | ३१४००१०३ | राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | ९६११५७.९६६ | २४११४०० | ३३७२५५७.९६६ | ८८४२२८ | ७४७०८७ | १६३१३१५ | ९२ | ३०.९८ | ४८.३७ |
| ५ | ३१४०१०११ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | २१४२३४६ | ५७९१०० | २७२१४४६ | १५३४३०७ | ३००५७९ | १८३४८८६ | ७१.६२ | ५१.९ | ६७.४२ |
| ६ | ३१४०१०१२ | सामाजिक सुरक्षा तथा संरक्षण | ९८०२४६२४.५०६ | ० | ९८०२४६२४.५०६ | ९५९७९७७३ | ० | ९५९७९७७३ | ९७.९१ | | ९७.९१ |
| ७ | ३१४०२०११ | कारागार व्यवस्थापन विभाग | २७४६६.५४ | ६३०१७८.९१२ | ६५७६४५.४५२ | १९०८५ | ४३१५८३ | ४५०६६८ | ६९.४८ | ६८.४९ | ६८.५३ |
| ८ | ३१४०२०१२ | कारागार कार्यालयहरू | २०३९३४७.१२२ | १५९०४२.९८३ | २१९८३९०.१०५ | १८४१३१९ | १३४०६८ | १९७५३८८ | ९०.२९ | ८४.३ | ८९.८६ |
| ९ | ३१४०३०११ | अध्यागमन विभाग | ५९४२५.३५९ | ११४११७.२३३ | १७३५४२.५९२ | ५५३९८ | ५८८५५ | ११४२५२ | ९३.२२ | ५१.५७ | ६५.८४ |
| १० | ३१४०३०१२ | अध्यागमन कार्यालयहरू | २०१४४६.१७५ | १३४०० | २१४८४६.१७५ | १८२०३९ | १२५३० | १९४५६९ | ९०.३७ | ९३.५१ | ९०.५६ |
| ११ | ३१४०४०११ | प्रहरी प्रधान कार्यालय | ४४२५९०४.०२२ | ९२८०६७.७८८ | ५३५३९७१.८१ | ४३३२१०० | ८२६९४५ | ५१५९०४५ | ९७.८८ | ८९.1 | ९६.३६ |
| १२ | ३१४०४०१२ | महानगरीय प्रहरी | ६४८९६१२.३८४ | ८२०२४७.३४६ | ७३०९८५९.७३ | ६४४९४३३ | ८०९३८१ | ७२५८८१४ | ९९.३८ | ९८.६८ | ९९.३ |
| १३ | ३१४०४०१३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ७१२०२६.०९३ | ५७१५०० | १२८३५२६.०९३ | ६८६४२० | ५६४५३१ | १२५०९५१ | ९६.४ | ९८.७८ | ९७.४६ |
| १४ | ३१४०४०१४ | प्रदेश प्रहरी कार्यालयहरू | ७१४०२४३.५७१ | १५६९२२.९९ | ७२९७१६६.५६१ | ७०७८६५९ | १५१८२६ | ७२३०४८५ | ९९.१४ | ९६.७५ | ९९.०९ |

| बजेट उपशीर्षक | | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १५ | ३१४०४०१५ | नेपाल प्रहरी अस्पताल | ६३०९६५.२६ | २५१३१३.३३ | ८८२२७८.५९ | ५९६८७४ | २४७७४७ | ८४४६२२ | ९४.६ | ९८.५८ | ९५.७३ |
| १६ | ३१४०४०१६ | जिल्ला प्रहरी कार्यालयहरू | २९८३१४१६.३३१ | ९६३८९८.५४६ | ३०७९५३१४.८७७ | २९५८४०६५ | ९०८९३५ | ३०४९२९९९ | ९९.१७ | ९४.३ | ९९.०२ |
| १७ | ३१४०४१०३ | त्रि-वर्षिय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ९६०० | ७२७०० | ८२३०० | ८७२६ | ७२१३८ | ८०८६३ | ९०.८९ | ९९.२३ | ९८.२५ |
| १९ | ३१४०५०११ | सशस्त्र प्रहरी बल | १४०६८२४.९५५ | १०९३१५३.७३४ | २४९९९७८.६८९ | १३७५३२९ | १०९२४९७ | २४६७८२६ | ९७.७६ | ९९.९४ | ९८.७१ |
| २० | ३१४०५०१३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १८०१६४९०.३१८ | ७६८४२४.१७३ | १८७८४९१४.४९१ | १७८८७०२६ | ७२५३९१ | १८६१२४१७ | ९९.२८ | ९४.४ | ९९.०८ |
| २१ | ३१४०५०१४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | १३२७३१६.१७९ | ६३१७२.०९३ | १३९०४८८.२७२ | १३०५८०४ | ६३०३८ | १३६८८४१ | ९८.३८ | ९९.७९ | ९८.४४ |
| २२ | ३१४०५०१५ | नेपाल ए.पी.एफ अस्पताल | ३६०६१८.६८५ | ११३५२५ | ४७४१४३.६८५ | ३५१६०१ | १०३६९३ | ४५५२९४ | ९७.५ | ९१.३४ | ९६.०२ |
| २३ | ३१४०७०११ | कसुरजन्य सम्पति व्यवस्थापन विभाग | १०३८५.४०७ | | १०३८५.४०७ | ९१७२.२६३ | | ९१७२.२६३ | ८८.३१५ | | ८८.३१% |
| २४ | ३१४९१०११ | प्रहरी किताबखाना | २०१३२.३८५ | २४०० | २२५३२.३८५ | १९६३० | २३९४ | २२०२४ | ९७.५ | ९९.७५ | ९७.७४ |
| २५ | ३१४९२०११ | समरजंग कम्पनी कार्यालय | १४१०० | १०० | १४२०० | ८८२६ | ९५ | ८९२१ | ६२.५९ | ९४.९८ | ६२.८२ |
| २६ | ३१४९२०१२ | जिल्ला प्रशासन कार्यालयहरू | १६९५२४७.७१८ | १५७२१२२.५२४ | ३२६७३७०.२४२ | १४९८५२० | १४७०७२२ | २९६९२४२ | ८८.४ | ९३.५५ | ९०.८८ |
| २७ | ३१४९२०१३ | सीमा प्रशासन कार्यालयहरू | ३८९१७९.२७२ | १८२३४९.७६१ | ५७१५२९.०३३ | ३१९२९८ | १३५९२५ | ४५५२२२ | ८२.०४ | ७४.५४ | ७९.६५ |
| २८ | ३१४९३०११ | इलाका प्रशासन कार्यालयहरू | १५६०० | १०० | १५७०० | १४१५८ | १०० | १४२५७ | ९०.७५ | ९९.५ | ९०.८१ |
| कुल जम्मा | | | १७७५३४३०८.३६५ | ११५८४०३६.०९१ | १८९११८३४४.४५६ | १७३५५९७१६ | ८९२४९६५ | १८२४८४६७७ | ९७.७६ | ७७.०५ | ९६.४९ |

स्रोत: *Line Ministry Budget Information System (LMBIS)*

माथिको विवरणबाट गृह मन्त्रालय अन्तर्गतका निकायहरूमध्ये राष्ट्रिय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणले कुल बिनियोजनको ४८.३७ प्रतिशत भन्दा कम खर्च गरेको देखिन्छ भने राहत तथा पुनर्स्थापना कार्यक्रम तर्फ पनि ५४.५६ % र अध्यागमन विभाग तर्फ केवल ६५.८४ प्रतिशतमात्र खर्च हुन सकेको देखिन्छ। विभाग बाहेकका मन्त्रालय अन्तर्गतका निकाय तथा कार्यक्रम तर्फको खर्च १.२.३ मा प्रस्तुत गरिएको छ।

**तालिका १.२.३: गृह मन्त्रालय अन्तर्गत सञ्चालित आयोजना एवं निकायहरूको प्रगति विवरण (विभाग तर्फको बाहेक)**

| बजेट उपशीर्षक | | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३१४०००११ | गृह मन्त्रालय | १५५३९०९.३८ | ११५९९९.६७८ | १६६९९०९.०५८ | १५१९३९९ | ६४१४२ | १५८३५४१ | ९७.७८ | ५५.२९ | ९४.८३ |
| २ | ३१४००१०१ | राहत तथा पुनर्स्थापना कार्यक्रम | ४५०० | ० | ४५०० | २४५५ | ० | २४५५ | ५४.५६ | | ५४.५६ |
| ३ | ३१४००१०२ | लागु औषध नियन्त्रण कार्यक्रम | ७५०० | १०० | ७६०० | ६४९५ | ९९ | ६५९४ | ८६.५९ | ९९.४४ | ८६.७६ |
| ४ | ३१४०६०११ | प्रहरी किताबखाना | २०१३२.३८५ | २४०० | २२५३२.३८५ | १९६३० | २३९४ | २२०२४ | ९७.५ | ९९.७५ | ९७.७४ |
| ५ | ३१४९१०११ | समरजङ्ग कम्पनी कार्यालय | १४१०० | १०० | १४२०० | ८८२६ | ९५ | ८९२१ | ६२.५९ | ९४.९८ | ६२.८२ |
| ६ | ३१४९२०११ | जिल्ला प्रशासन कार्यालयहरू | १६९५२४७.७१८ | १५७२१२२.५२४ | ३२६७३७०.२४२ | १४९८५२० | १४७०७२२ | २९६९२४२ | ८८.४ | ९३.५५ | ९०.८८ |
| ७ | ३१४९२०१२ | सीमा प्रशासन कार्यालयहरू | २७३०८.१४४ | ७०० | २८००८.१४४ | १८७४९ | ६६४ | १९४१३ | ६८.६६ | ९४.९२ | ६९.३१ |
| ८. | ३१४९२०१३ | इलाका प्रशासन कार्यालयहरू | ३८९१७९.२७२ | १८२३४९.७६१ | ५७१५२९.०३३ | ३१९२९८ | १३५९२५ | ४५५२२२ | ८२.०४ | ७४.५४ | ७९.६५ |
| ९ | ३१४९३०११ | जुद्ध वारुणयन्त्र कार्यालय | १५६०० | १०० | १५७०० | १४१५८ | १०० | १४२५७ | ९०.७५ | ९९.५ | ९०.८१ |

स्रोतः *Line Ministry Budget Information System (LMBIS)*

## १.३ गृह मन्त्रालय अन्तर्गत महाशाखा-शाखाहरूले आ.व. २०७८/७९ मा सम्पादन गरेको मुख्य मुख्य कार्यहरू तथा प्रगतिको विवरण

### १.३.१ नीति योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा

गृह मन्त्रालय अन्तर्गतको महत्वपूर्ण महाशाखाको रूपमा रहेको नीति योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा अन्तर्गत नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा, लागुऔषध नियन्त्रण शाखा र योजना, अनुगमन तथा मुल्याङ्कन शाखा गरी ३ वटा शाखाहरू रहेका छन् । तीन वटै शाखाहरूको मुख्य मुख्य कार्यहरूको प्रगति देहायानुसार उल्लेख गरिएको छ ।

**(क) नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा**

- मन्त्रालयमा रहेका विगतमा वितरण भएका सबै अंगीकृत नेपाली नागरिकता सम्बन्धी अभिलेखहरूलाई CIMS मा अभिलेखीकरण ।
- नागरिकता वितरण सम्बन्धी हालसम्म भएका निर्देशन/परिपत्रहरूको संगालो तयार पारी प्रकाशन गरिएको ।
- नागरिकताका अभिलेखहरूको अनलाईन/डिजिटाइज्ड व्यवस्थापन ।
- जिल्ला प्रशासन कार्यालयहरूबाट छानवीन तथा अनुसन्धान हुने नागरिकता सम्बन्धी उजुरीहरूको Tracking गर्न Citizenship Complaints Management System (CCMS) को विकास ।
- विगतमा नागरिकता सूचना व्यवस्थापन प्रणाली स्थानीय सर्भरमा निर्भर रहेकोमा सबै जिल्लाहरूका लागि एकीकृत प्रणाली CCIMS (Centralized Citizenship Information Management System) निर्माण गर्ने कार्य अन्तिम चरणमा ।

**(ख) लागुऔषध नियन्त्रण शाखा**

- मन्त्रालयको लागु औषध शाखासँग आवद्ध नभएका लागु औषध प्रयोगकर्ताहरूको लागि सञ्चालित १९५ उपचार तथा पुनर्स्थापना केन्द्र मन्त्रालयमा आवद्ध गरिएको ।
- केयर भिजन सुधार गृह, लमही, दाङ र मकवानपुर रिकभरिङ ग्रुप, हेटौडा, मकवानपुर गरी उत्कृष्ट २ वटा उपचार तथा पुनर्स्थापना केन्द्रलाई अनुदान/आर्थिक सहायता प्रदान गरिएको ।
- प्रदेशगत रूपमा गैर नाफामूलक ढङ्गबाट सञ्चालित उत्कृष्ट ४ ओटा उपचार तथा पुनर्स्थापना केन्द्र (रिचमण्ड फेलोसिप नेपाल, मोरङ, आसरा सुधार केन्द्र, काठमाडौं, कम्युनिटी सपोर्ट ग्रुप, कास्की र निर्णय लागु पदार्थ, मादक पदार्थ उपचार तथा पुनर्स्थापना केन्द्र, नवलपरासी-बर्दघाट सुस्ता पूर्व) लाई पुरस्कृत गरिएको ।
- लागु औषध नियन्त्रण ऐन, २०३३ बमोजिम लागु औषध नियन्त्रण शाखाका प्रमुख र ७७ ओटै जिल्ला प्रशासन कार्यालयका एक-एक जना स.प्र.जि.अ.लाई "औषध नियन्त्रण अधिकारी" तोकिएको ।

- लागु औषध निषेध तथा मदिरा नियन्त्रण सम्बन्धी प्रदेशस्तरीय ४ ओटा गोष्ठी (कर्णालीको जुम्लामा, लुम्बिनीको बर्दियामा, सुदूरपश्चिमको टिकापुर, कैलालीमा र प्रदेश नं. १ को विराटनगर, मोरङमा सम्पन्न गरी उक्त कार्यमा प्रदेश र स्थानीय सरकारको सहकार्यको वातावरण सिर्जना गरिएको ।
- उपचार तथा पुनर्स्थापना केन्द्रका सञ्चालक तथा व्यवस्थापकहरूका लागि एक दिने व्यवस्थापन तथा मनोसामाजिक परामर्श तालिम (काठमाडौं, नेपालगञ्ज र मोरङमा) सञ्चालन ।
- लागु औषध प्रयोगकर्ताहरूको लागि सञ्चालित ३८ ओटा उपचार तथा पुनर्स्थापना केन्द्र र १२ ओटा मौखिक उपचार प्रतिस्थापन केन्द्र अनुगमन गरी गुणस्तर एवं मापदण्डको पालना सुनिश्चित गराउने वातावरण सिर्जना ।
- लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना २०७९-२०८४ तर्जुमा गरी जारी गरिएको ।
- गाँजा तथा गाँजाजन्य पदार्थको औषधिजन्य उपयोगका लागि गृह मन्त्रालयबाट अवधारणापत्र तयार भई अर्थ मन्त्रालयको समेत सहमति लिई राय सहमतिका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय मार्फत कानून आयोगबाट अध्ययन भैरहेको ।
- तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७९ जारी भई कार्यान्वयनमा आएको ।
- लागु औषध रसायन र विष्फोटक पदार्थको आयात प्रयोगको इजाजत र विद्युतीय अभिलेखाङ्कनका लागि Drug Chemical and Explosives Tracking and Management System (CEDTM) प्रणालीको विकास गरिएको ।
- लागु औषध शाखाको मुखपत्रको रूपमा रहेको 'सुरक्षित जीवन' नामक ड्रग जर्नल लगायतका अन्य सचेतनामूलक सामग्री उत्पादन तथा वितरण ।
- सबै प्रदेशमा लागु औषधसम्बन्धी माग घटाउ कार्यक्रमलाई मूलप्रवाहीकरण गर्न प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयसँगको समन्वयमा नगरपालिका/गाउँपालिका महासंघका प्रतिनिधि सम्मिलित गोष्ठी नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा आयोजना गरी सम्पन्न ।
- लागु औषध दुर्व्यसनीमा परेका व्यक्ति, परिवार र सामाजिक अवस्था तथा लागु औषध उत्पादन ओसारपसार र उपयोग हुन सक्ने सम्भावित स्थानको जोखिम पहिचान र विश्लेषणका लागि २ जिल्ला (पर्सा र कैलाली) मा स्थानीय तहगत द्रूततर मूल्याङ्कन/सर्वेक्षण सम्पन्न गरिएको ।

**(ग) योजना, अनुगमन तथा मुल्याक्तन शाखा**

- गृह प्रशासन सुधार कार्ययोजना, २०७८ स्वीकृत भई कार्यान्वयनमा आएको ।
- एकीकृत अनुगमन तथा मूल्याङ्कन ढाँचा तयार गरी अनुगमन प्रणालीलाई सूचकमा आधारित बनाइएको, चालु आ. व.मा जिल्ला प्रशासन कार्यालय अर्घाखाँची, तनहुँ, सुनसरी, सुर्खेत, स्याङ्जा,

पर्वत, नलवपरासी पश्चिम, रूपन्देही, कपिलवस्तु, गुल्मी, पाल्ला, डडेलधुरा, डोटी, दार्चुला, बैतडी, अछाम, बर्दिया, दैलेख, बाँके, ओखलढुंगा, खोटाङ, भोजपुर, संखुवासभा, तेह्रथुम, धनकुटा, धनुषा, सिराहा, मुस्ताङ्ग गरी २८ जिल्ला प्रशासन कार्यालयहरूको एकीकृत अनुगमन तथा मूल्याङ्कन ढाँचा बमोजिम अनुगमन गरी कार्यसम्पादनलाई थप प्रभावकारी बनाइएको ।

- नेपालको संविधानको धारा ५३ को गरेको व्यवस्था बमोजिम गृह मन्त्रालयको तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिबेदन गरिएको तथा गृह मन्त्रालय र अन्तर्गतका निकायहरूबाट आ. व.०७७/७८ मा सम्पदान भएका मुख्य मुख्य कार्यहरू समेटिएको वार्षिक प्रगति पुस्तक तयार गरी प्रकाशन गरिएको ।
- भारतीय अनुदान सहयोगमा काभ्रेपलाञ्चोक जिल्लाको पनौतीमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको भवन लगायतका पूर्वधार निर्माण गर्ने सम्बन्धमा मन्त्रिपरिषद्बाट स्वीकृति लिई खरिद प्रकृया अगाडी बढाइएको ।
- मन्त्रालय र अन्तर्गत निकायहरूको राष्ट्रिय आयोजना बैंकमा समावेश गर्नुपर्ने आयोजनालाई आयोजना बैंकमा सुचीकरण गरिएको ।
- सुरक्षित र भयरहित वातावरणमा स्थानीय तहको निर्वाचन सम्पन्न गर्नका लागि गृह मन्त्रालय र अन्तर्गतका निकायहरूलाई आवश्यक पर्ने स्रोत व्यवस्थापनका लागि अर्थ मन्त्रालय र मातहतका निकायहरूबिच समन्वय सहजीकरण गरी स्थानीय तहको निर्वाचनको लागि प्रभावकारी रूपमा स्रोत व्यवस्थापन गरिएको । फलस्वरूप सीमित स्रोत र साधनको बावजुद शान्तिपूर्ण रूपमा स्थानीय निर्वाचन सम्पन्न भएको ।
- आगामी आर्थिक वर्ष २०७९/८० को मन्त्रालय र अन्तर्गतका निकायहरूको बजेट निर्माण प्रक्रियामा संलग्न रही कार्य सम्पादन गरिएको । गृह मन्त्रालय अन्तर्गतको बजेट प्रणालीमा रहेको त्रुटीहरूलाई आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनको सिलसिलामा नदोहोरिने गरी न्यूनीकरण गरिएको । औचित्यका आधारमा राष्ट्रिय योजना आयोगबाट मन्त्रालय र मातहतलाई प्राप्त सिलिङ्गभन्दा करिब २० अर्ब बढीको बजेट कायम भएको ।
- बजेट तथा योजना प्रणाली सुधार कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेशका जिल्ला प्रशासन कार्यालयका योजना, बजेट तथा कार्यक्रम हेर्ने प्रतिनिधिहरूलाई रूपन्देहीको भैरहवामा र कर्णाली प्रदेश र सुदुरपश्चिमका जिल्ला प्रशासन कार्यालय र ईलाका प्रशासन कार्यालयलाई नेपालगंजमा LMBIS/CDO Performance Appraisal System (CPAS) अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको ।
- यस मन्त्रालयमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) र राष्ट्रिय योजना आयोगमा Pre –NDAC र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा NDAC सम्पन्न भएको ।

- आ. व. २०७९/८० को लागि गृहसचिव र प्रमुख जिल्लाअधिकारी बीच हुने कार्यसम्पादन सम्झौता परिमार्जन कार्यदलको प्रतिवेदन, २०७९ स्वीकृत गरी स्वचालित रूपमा कार्यसम्पादन मूल्याङ्कन हुने प्रणाली CDO Performance Appraisal System (CPAS) को विकास गरिएको,
- कैदीबन्दीहरूले पाईरहेको सीदामा ३३% वृद्धि गर्ने गरी अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएकोले आगामी आर्थिक वर्षदेखि लागू हुने गरी कैदीबन्दीहरूको सुविधा वृद्धि गर्ने र कारागार नियमावलीमा संशोधन प्रकृया अगाडी बढाईएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट विकास गरिएको अनलाईनमा आधारित एकिकृत अनुगमन प्रणालीमा यस मन्त्रालयको वार्षिक कार्ययोजना (माइलस्टोन) र वार्षिक कार्यसम्पादन सूचकहरू अपलोड गरी नियमित रूपमा प्रगति प्रतिवेदन गरिएको।

### १.३.२ **कानून महाशाखा**

गृह मन्त्रालय अन्तर्गतको अर्को महत्वपूर्ण महाशाखाको रूपमा कानून महाशाखा रहेको छ। जस अन्तर्गत मानव अधिकार प्रवर्द्धन शाखा र कानून कार्यान्वयन तथा फैसला शाखा गरी २ वटा शाखाहरू रहेका छन्। दुई वटै शाखाहरूको मुख्य-मुख्य कार्यहरूको प्रगति विवरण देहायानुसार उल्लेख गरिएको छ।

**(घ) मानव अधिकार प्रवर्द्धन शाखा**

- नेपालको संविधानद्वारा प्रत्याभुत गरिएका आधारभूत मानव अधिकार र नागरिक स्वन्त्रताको सम्मान, संरक्षण तथा प्रवर्द्धन गर्न राष्ट्रिय मानव अधिकार आयोग, बिषयगत मन्त्रालय तथा निकायहरूसँग नियमित समन्वय र सहकार्य गरिएको। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (The United Nations International Covenant on Civil and Political Rights–ICCPR) को प्रतिवेदन तयार पार्न प्रदेशस्तरीय सुझाव सङ्कलन गर्ने शिलशिलामा सुदुरपश्चिम प्रदेश, कर्णाली प्रदेश, लुम्बिनी प्रदेश तथा गण्डकी प्रदेशमा सुझाव सङ्कलन गर्ने कार्यक्रम सम्पन्न गरिएको छ।
- यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धी (Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (the Convention)– UNCAT) अन्तरगत तेस्रो, चौथो, पाँचौं, छैठौं र सातौं संयुक्त प्रतिवेदन अद्यावधिक गर्नका लागि कानून महाशाखा प्रमुखज्यूको संयोजकत्वमा समिति गठन भई प्रक्रिया अगाडी बढाइएको।
- "बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धी (United Nations Convention Against Transnational Organized Crime) अन्तरगतको मानव बेचविखन, खास गरी महिला र बालबालिकाको वेचविखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा ब्यवस्था भएको पूरक आलेख-२०००" (Protocol to Prevent, Suppress

and Punish Trafficking in Persons, Especially Women and Children, Palermo Protocol–2000) सम्मानित सङ्घीय संसदबाट सम्मिलित पश्चात नेपाललाई आइपर्ने थप दायित्वहरू कार्यान्वयन गर्ने कार्ययोजना सहित पारित भएको तथा सम्मिलन पश्चात् नेपाललाई आइपर्ने थप दायित्वहरू कार्यान्वयन गर्ने कार्ययोजना कार्यान्वयनका चरणमा रहेको ।

(ङ) **कानून तथा फैसला कार्यान्वयन शाखा**

- हातहतियार खरखजाना (दशौं संशोधन) नियमावली, २०७८ संशोधन गरी राजपत्रमा प्रकाशन ।
- निर्वाचन आयोग सम्बन्धी विधेयक र निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधेयक तर्जुमा गर्न नेपाल सरकार (मन्त्रिपरिषद) बाट स्वीकृति प्राप्त भएको ।
- प्रहरी (नवौ संशोधन) नियमावली, २०७८ संशोधन गरी राजपत्रमा प्रकाशन ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (पहिलो संशोधन) नियमावली, २०७८ संशोधन गरी राजपत्रमा प्रकाशन ।
- फौजदारी कसूर (कैद कट्टा) (दोश्रो संशोधन) नियमावली, २०७८ को संशोधनका लागि नेपाल सरकार (मन्त्रिपरिषद) मा प्रस्ताव पठाइएको ।
- प्रहरी (दशौ संशोधन) नियमावली, २०७८ संशोधन गरी राजपत्रमा प्रकाशन ।
- नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६" लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश भएको ।
- सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक मिति २०७९।०२।२७ मा सङ्घीय संसदमा पेश भएको ।
- केही नेपाल ऐनमा संशोधन गर्न बनेको विधेयक तर्जुमा सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा मिति २०७९।०२।१८ मा पठाइएको ।
- तेजाव तथा अन्य घातक रासायनिक पदार्थ नियमन गर्न बनेको विधेयक मिति २०७९।०२।२७ मा सङ्घीय संसदमा पेश भएको ।
- सशस्त्र प्रहरी (दोश्रो संशोधन) नियमावली, २०७९ मस्यौदा उपर लोक सेवा आयोगको परामर्श/सहमतिको लागि मिति २०७९।०३।१५ मा पठाइएको ।

### १.३.३ प्रशासन महाशाखा

गृह मन्त्रालय अन्तर्गतको महत्वपूर्ण महाशाखाको रूपमा रहेको प्रशासन महाशाखा अन्तर्गत निजामती कर्मचारी प्रशासन शाखा, प्रहरी कर्मचारी प्रशासन शाखा, सूचना प्रविधि शाखा र गुनासो व्यवस्थापन शाखा गरी ४ वटा शाखाहरू रहेका छन् । चार वटै शाखाहरूको प्रगति बिवरण देहायानुसार उल्लेख गरिएको छ ।

**(च) प्रहरी कर्मचारी प्रशासन शाखा**

- प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री ईन्टरपोलको ८९ औं महासभामा सहभागी भै सीमापार अपराध नियन्त्रणमा साझेदारी वृद्धिमा सहयोग पुगेको ।
- नेपाल सरकार, (मन्त्रिपरिषद्) मिति २०७८।०७।०८ को निर्णयले नेपाल प्रहरी कर्मचारीहरूको रासन दररेटमा १५ प्रतिशत बृद्धि गरी रासन वापतको नगद रकम उपलव्ध गराउने निर्णय भएको ।
- नेपाल प्रहरी प्रधान कार्यालय, सञ्चार निर्देशनालयमा कायम रहेको प्राविधिक तर्फको प्राविधिक प्रहरी नायब महानिरीक्षकको दरबन्दी-१ (एक) लाई जनपदतर्फको नेपाल प्रहरी प्रधान कार्यालय, महिला वालवालिका तथा ज्येष्ठ नागरिक सेवा महाशाखामा स्थानान्तरण गरी निर्देशनालयमा स्तरोन्नती गरिएको ।
- INTERPOL Project SOTERIA बाट सञ्चालन हुने अन्तर्गतको INTERPOL SOTERIA Information Sharing and Skill–Building Exercise कार्यक्रम नेपालमा सञ्चालनका लागि नेपाल प्रहरीलाई आयोजना गर्न स्वीकृति दिइएको ।
- नेपाल प्रहरी र प्रदेश प्रहरीको सँगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन प्रतिवेदन, २०७८ नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७८।११।०५ मा स्वीकृत भएको ।
- सुरक्षाकर्मीको मनोबल उच्च बनाउन राजपत्र अनंकित तहका प्रहरी कर्मचारीको अवधिक रूपमा बढुवा हुने गरी कानूनी प्रवन्ध गरी करिव २२ हजारको संख्यामा एकैपटक बढुवा गरिएको छ । सुरक्षाकर्मीको मनोबल थप उच्च बनाउन, उच्च क्षमताका युवाशक्तिलाई सेवामा आकर्षित गर्न र टिकाउन दुवै प्रहरी संगठनमा समसामयीक सुधार गर्दै लगिएको छ । २० वर्ष पुगेपछि निवृत्तिभरण पाउने गरी १६ र १८ वर्षमा अवकाश रोज्न पाउनेगरी जुनियर तहका प्रहरी कर्मचारीलाई अवसर प्रदान गर्ने गरी आवश्यक कानून संशोधनको प्रकृयामा रहेको ।
- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सञ्चालन निर्देशिका, २०७९ को अन्तिम मस्यौदा तयार भएको ।
- प्रहरी चारित्रिक प्रमाणपत्र वितरण सम्बन्धी निर्देशिका, २०७९ को अन्तिम मस्यौदा तयार गरिएको ।
- प्रहरी कर्मचारीको वृत्ति विकास एवं सुविधा तथा सशस्त्र दन्द्धको समयमा घाइते, अशक्त, ज्यान गुमाएका प्रहरी कर्मचारी र प्रहरी कर्मचारीका परिवारहरूलाई उपलब्ध गराउने सेवा सुविधा एवं वृत्ति विकासका विषयहरूलाई समाबेश गरी नेपाल प्रहरी नियमावली, २०७१ र सशस्त्र प्रहरी नियमावली, २०७२ संशोधनको लागि अन्तिम मस्यौदा तयार भएको ।
- सशस्त्र प्रहरी बल, नेपालको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७८ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा रहेको ।

(छ) **सूचना प्रविधि शाखा**

- Citizenship Information Management System (CIMS) मार्फत गरिकता वितरण सम्बन्धी कार्यलाई ७७ जिल्ला प्रशासन कार्यालय, ७० इलाका प्रशासन कार्यालय, ३ सीमा प्रशासन कार्यालयबाट वितरण हुनेगरी विस्तार गरिएको ।
- सरकारी सेवाहरूको अन्तर आवद्धताको र अन्य निकायहरूले प्रवाह गर्ने सेवाको प्रभावकारीता अभिवृद्धि गराउन प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको (नागरिक एपको लागि), राहदानी विभाग (राहदानीको लागि), राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग (राष्ट्रिय परिचयपत्र प्रणालीका लागि) Application Programming Interface (API) मार्फत CIMS मा नागरिकता सम्बन्धी विवरणको डाटा हेर्ने मात्र पहुँचको व्यवस्था मिलाईएकोमा थप तपसिल बमोजिमका कार्यालयहरूको प्रणालीसँग API मार्फत CIMS लाई Integrate गरिएकोः
  - आन्तरिक राजस्व विभाग,
  - राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग (घटना दर्ता प्रणालीको लागि),
  - कन्सुलर सेवा विभाग
- तथ्याङ्क शुद्धिकरण तथा सम्बन्धित कार्यालयहरूबाट सहज तथा छिटो छरितो सेवा प्रवाहका लागि सम्बन्धित कार्यालयहरूबाट नै नागरिकताको अभिलेख व्यवस्थापन प्रणाली (CIMS) मा रहेका त्रुटिपूर्ण डाटाहरूको संशोधन गर्न सकिने गरी प्रणालीमा मोड्युल निर्माण गरी क्रमशः कार्यालयगत रूपमा रहेका प्रणालीमा थप गरिएको ।
- जिल्लास्थित जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय तथा सीमा प्रशासन कार्यालयहरूको लागि प्रणाली सञ्चालन सम्बन्धमा तालिमएवं अनुशिक्षण, सूचना प्रविधि सम्बन्धी आवश्यक अभिमुखीकरणका लागि गण्डकी प्रदेश अन्तर्गत १७ कार्यालयहरू, सुदुरपश्चिम प्रदेश अन्तर्गत १६ कार्यालयहरूमा तालिम सञ्चालन गरिएको ।
- सूचना प्रविधि पूर्वाधारको स्तरोन्नतिका लागि मन्त्रालयमा Core Router, Core Switch, Server लगायतका उपकरणहरू खरिदकार्य गरी जडान गरिएको र अन्तर्गतका विभिन्न कार्यालयहरू मा नयाँ उपकरण (Server, Router आदि) जडान/Configuration/system migrate लगायतका कार्य गरिएको ।
- केन्द्रिकृत नागरिकता सूचना व्यवस्थापन प्रणाली विकास कार्यको सुरुवात गरिएको ।

**ज) गुनासो व्यवस्थापन शाखा**

यस शाखाबाट गत आ. व. २०७८/७९ मा गृह मन्त्रालय र अन्तर्गतका बिभिन्न निकाय/पदाधिकारीहरूको बिरुद्ध परेका कुल ७१३ वटा उजुरीहरू मध्ये ८४.९% फर्छ्यौट भएको साथै १५.१% गुनासो कारवाहीको प्रक्रियामा रहेको छ । अख्तियार दुरूपयोग, कर्मचारीको दुर्व्यवहार, कार्यक्षेत्रमा विभेद, किर्ते जालसाजी, जग्गा

अतिक्रमण, जातीय विभेद, नागरिकता लगायतका देहायका बिषयमा परेका उजुरी सम्बन्धमा यस शाखाबाट कारवाही हुने गरेको छ।

**तालिका १.२.४: गुनासोको अवस्था**

| गुनासो प्रकार | दर्ता | | | फर्छ्यौट | | | मासिक दर्ता फर्छ्यौट अनुपात |
|---|---|---|---|---|---|---|---|
| | असोज भित्र | असोज अघि | जम्मा | असोज भित्र | असोज अघि | जम्मा | |
| अख्तियार दुरूपयोग [Abuse of Authority] | ० | ४३ | ४३ | ० | १७ | १७ | ०.० |
| कर्मचारीको दुर्व्यवहार [Staff Misbehaviour] | ० | १ | १ | ० | १ | १ | ०.० |
| कार्यक्षेत्रमा विभेद [Injustice Concern] | ० | ० | ० | ० | ० | ० | ०.० |
| किर्ते जालसाजी [Forgery] | ० | २ | २ | ० | ० | ० | ०.० |
| जग्गा अतिक्रमण [Land Encrochment] | ० | २ | २ | ० | ० | ० | ०.० |
| जातीय विभेद [Racial Discrimination] | ० | ० | ० | ० | ० | ० | ०.० |
| ढिलासुस्ती [Excessive Delays] | ० | १ | १ | ० | १ | १ | ०.० |
| दुराचार [Malpractice] | ० | २१ | २१ | ० | ११ | ११ | ०.० |
| धार्मिक मामिला [Religious Issue] | ० | ० | ० | १ | ० | १ | ०.० |
| ध्यानाकर्षण [Whistleblowing] | ० | ३५ | ३५ | १ | १८ | १९ | ०.० |
| नागरिकता [Citizenship] | ० | १० | १० | ० | ५ | ५ | ०.० |
| नीतिगत गुनासो [Policy Grievance] | ० | ० | ० | ० | ० | ० | ०.० |
| यौन दुर्व्यवहार [Sexual Harassment] | ० | २ | २ | ० | ३ | ३ | ०.० |
| लैङ्गिक विभेद [Gender Discrimination] | ० | ० | ० | ० | ० | ० | ०.० |
| व्यक्तिगत विवाद [Interpersonal Dispute] | ० | २ | २ | ० | ० | ० | ०.० |
| शान्ति सुरक्षा [Peace and Security] | ० | ४ | ४ | ० | २ | २ | ०.० |
| सेवाको अनुपलब्धता [Service Unavailability] | ० | १ | १ | ० | ० | ० | ०.० |
| अन्य गुनासो [Other Grievance] | ० | ३० | ३० | १ | ८ | ९ | ०.० |
| जम्मा [Total] | ० | १५४ | १५४ | ३ | ६६ | ६९ | ०.० |
| अघिल्लो वर्षबाट जिम्मेवारी सरेको | १ | - | १ | ० | - | ० | ०.० |
| कुल जम्मा [Grand Total] | १ | १५४ | १५५ | ३ | ६६ | ६९ | ४४.५ |

*स्रोतः गुनासो व्यवस्थापन शाखा*

**झ) निजामती कर्मचारी प्रशासन शाखा**

प्रशासन महाशाखा अन्तर्गतको महत्वपूर्ण शाखाको रूपमा रहेको निजामती कर्मचारी प्रशासन शाखाले आ.व. २०७८/७९ मा गरेका प्रमुख कार्यहरू देहायानुसार रहेका छन्

१. निजामती सेवा पुरस्कारको लागि गृह मन्त्रालय र अन्तर्गतका निजामती कर्मचारीको नामावली सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिश गरेको ।

२. कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागको (२८ जना) दरबन्दी तथा संगठन संरचना प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयवाट स्वीकृत भएको ।

३. सेवाकालीन प्रशिक्षण कार्यक्रममा उप-सचिव- २ जना र शाखा अधिकृत- ९ जना मनोनयन गरी पठाइएको ।

४. गृह मन्त्रालयको वर्ष उत्कृष्ट कर्मचारीको रूपमा मन्त्रालयमा कार्यरत नायब सुब्बा श्री नवराज जोशीलाई नगद रु. १०,०००।- (दश हजार) सहित पुरुस्कृत गरिएको ।

५. JDS अध्ययन/छात्रवृत्तिमा मनोनयनका लागि १५ जना कर्मचारीको विवरण संकलन गरी अर्थ मन्त्रालयमा पत्राचार गरेको ।

६. कार्य सम्पादन मूल्याङ्कनः- आ.व. २०७८/७९ को मूल्याङ्कन तथा पुनरावलोकन गरी सम्बन्धित निकायमा पठाइएको ।

   क) रा.प.प्रथम- ६१

   ख) रा.प.द्वितीय- १६८

   ग) रा.प.तृतीय-४८७

   घ) रा.प.अनं. प्रथम -३८

   ङ) रा.प.अनं. द्वितीय- २

   च) श्रेणी विहिन- ३

७. कायम मुकायम मूकररः- ६४ जना

८. स्वेच्छिक अवकाश र राजिनामाः- २८ जना

९. प्रतिनिधि तोकेकोः- ३०५ वटा

१०. रमाना- १०५ वटा

११. पदस्थापना तथा सरुवा तर्फः- जम्मा - १४२२ जना (पद अनुसारको संख्यात्मक विवरण तालिकामा प्रस्तुत गरिएको)

**तालिका १.२.५: पदस्थापना तथा सरुवा विवरण**

| सि.नं. | दर्जा | पदस्थापन/ सरुवा | कैफियत | सि.नं. | दर्जा | पदस्थापन/ सरुवा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सहसचिव | ९७ | | ६ | खरिदार | १५२ | |
| २ | उपसचिव | १९७ | | ७ | कम्प्यूटर अपरेटर | ५७ | |
| ३ | शाखा अधिकृत | ५७९ | | ८ | ह.रभा.सवारी चालक | ३ | |
| ४ | नायब सुब्बा | ३१३ | | ९ | कार्यालय सहयोगी | ४ | |
| ५ | कम्प्यूटर ईन्जिनियर | ९ | | १० | सहायक क. अपरेटर | ११ | |

*स्रोतः निजामती कर्मचारी प्रशासन शाखा*

### १.३.४ विपद तथा द्वन्द व्यवस्थापन महाशाखा

यस मन्त्रालयको महत्वपूर्ण महाशाखाको रूपमा रहेको विपद तथा द्वन्द व्यवस्थापन महाशाखा अन्तर्गत विपद् अध्ययन,जोखिम न्यूनीकरण तथा पुर्नलाभ शाखा, विपद पुर्व तयारी तथा प्रतिकार्य शाखा, शान्ति प्रवर्द्धन शाखा र राहत तथा तथ्याङ्क व्यवस्थापन शाखा गरी ४ वटा शाखाहरू रहेका छन् । यी शाखाहरूबाट सम्पादन भएका प्रमुख कार्यहरू देहायानुसार उल्लेख गरिएको छ ।

(ञ) **विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुर्नलाभ शाखा**

- विपद् जोखिम न्यूनीकरण तथा पुनर्लाभ सम्बन्धमा अन्तरनिकायहरूसँग समन्वय गरिएको । विपद् व्यवस्थापन सम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरिएका प्रतिवद्धताहरूको कार्यान्वयन स्थितिको समिक्षा र प्रतिवेदन गरिएको। विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धी साझेदार निकायसँगको सहकार्यमा सञ्चालित कार्यक्रम आयोजनाहरू (UNDRR, UNDP/CDRMP, DFID/PIF, ADPC/BDRF, APP, DRF, CARE लगायत) कार्यान्वयनमा समन्वय र सहजिकरण गरिएको ।
- कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धी तत्कालको एकीकृत कार्ययोजना, २०७८, मनसुनजन्य विपद्को घटनामा खोज, उद्धार, राहत साथै क्षति भएका भौतिक संरचना र विकास पूर्वाधारहरूको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी अल्पकालीन एकीकृत कार्ययोजना, २०७८ तयार गरिएको, CCMC प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय लगायत सबै सम्बद्ध मन्त्रालयको समन्वयमा कोभिड-१९ नियन्त्रणका लागि कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी तत्कालको एकीकृत कार्ययोजना, २०७८ तयार गरी सबै निकायमा कार्यान्वयनका लागि पठाइएको ।
- तराईका २१ जिल्लाहरूका लागि विपद खोज तथा उद्दारका सामग्री (डुङ्गा, लाईफ ज्याकेट डोरी लगायत) खरिद गर्ने जिल्लाका लागि सहजीकरण गरिएको ।

### (ट) विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा/राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (NEOC)

विपद् तथा द्वन्द व्यवस्थापन महाशाखा अन्तर्गत रहेको विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा/राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (NEOC) ले आ.व. २०७८/७९ मा सम्पन्न गरेको कार्यहरूको विवरण देहायानुसार रहेको छ।

| क्र.सं. | कार्य सम्पादन लक्ष्य | कार्य सम्पादन सूचक | क्रियाकलाप | प्रगति |
|---|---|---|---|---|
| १. | विपद् सम्बन्धी घटनाहरूको दैनिक विवरण प्राप्ति, विश्लेषण, प्रतिवेदन तयारी र प्रकाशन | विवरण प्राप्ति, विश्लेषण प्रतिवेदन तयारी र प्रकाशन | विपद् सम्बन्धी घटनाहरूको दैनिक विवरण प्राप्त गर्ने, प्राप्त विवरण विश्लेषण गर्ने र प्रतिवेदन तयार गरी प्रकाशन गर्ने। | २४ सै घण्टा देशका विभिन्न स्थानमा भएको विपद् सम्बन्धी घटनाहरूको दैनिक जाहेरी संकलन गरिएको, DRR Portal (Disaster Risk Reduction Portal) मार्फत् त्यसको अद्यावधिक गरिएको। |
| २. | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) हरूको स्थापना र सुदृढीकरणका लागि आवश्यक मेशिनरी औजार खरिद | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई उपलब्ध गराउने मेशिनरी सामग्री खरिदको अवस्था। | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) हरूको स्थापना र सुदृढीकरणका लागि आवश्यक मेशिनरी औजार खरिद गर्न स्पेसिफिकेशन र लागत अनुमान तयार गर्ने। बोलपत्र आव्हान र खरिद तथा प्राप्ति र हस्तान्तरण गर्ने। | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) हरूको स्थापना र सुदृढीकरणका लागि आवश्यक मेशिनरी औजार खरिदका कार्य सम्पन्न भई जिल्लाहरूमा पठाउने तयारीमा रहेको। |
| ३. | मानवीय सहायतास्थल सञ्चालन कार्यविधि, २०७८ तयार | मानवीय सहायतास्थल सञ्चालन कार्यविधि, २०७८ तयार | मानवीय सहायतास्थल सञ्चालन कार्यविधि, २०७८ तयार गरी स्वीकृतिका लागि कार्यकारी समितिमा पेश गर्ने। | मानवीय सहायतास्थल सञ्चालन कार्यविधि, २०७८ को मस्यौदाउपर प्रदेश र केन्द्रस्तरमा छलफल, परामर्श एवम् सुझाव सङ्कलन कार्यक्रम सम्पन्न भएको। |

| क्र.सं. | कार्य सम्पादन लक्ष्य | कार्य सम्पादन सूचक | क्रियाकलाप | प्रगति |
|---|---|---|---|---|
| ४. | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०७२ परिमार्जन | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०७२ परिमार्जन | कार्यदल गठन गरी जिम्मेवारी दिने, परिमार्जित मस्यौदा तयार गरी राय/परामर्श लिई स्वीकृतिका लागि पेश गर्ने । | परिमार्जित आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधिको मस्यौदाउपर तेस्रो चरणको छलफल सम्पन्न भएको । |
| ५. | नेपाल विपद् प्रतिवेदन, २०२१ प्रकाशन | नेपाल विपद् प्रतिवेदन, २०२१ को प्रकाशनका लागि आवश्यक तयारी । | कार्यदल गठन गरी प्रारम्भिक प्रतिवेदन तयार गर्ने र राय परामर्श लिई प्रकाशन गर्ने । | नेपाल विपद् प्रतिवेदन, २०२१ को मस्यौदा तयार भई पहिलो चरणको छलफल सम्पन्न भएको । |
| ६. | विपद् व्यवस्थापन कोषमा रकम निकासा | जिल्ला विपद् व्यवस्थापन कोषमा रकमको उपलब्धता। | केन्द्रीय विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन कोषमा मापदण्ड बमोजिमको रकम निकासा गर्ने । | राष्ट्रिय विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन कोषमा मापदण्ड बमोजिम जिल्लाले गरेको मागबमोजिम रकम निकासा गर्ने गरिएको। २०७८ साल श्रावण १ गतेदेखि २०७९ असार मसान्तसम्म जम्मा १० करोड ४६ लाख पचास हजार रुपैया जिल्ला विपद् व्यवस्थापन कोषमा निकासा गरिएको ।<br>मिति २०७९/०२/३० मा सम्पन्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकको निर्णय बमोजिम बाढी र पहिरोको उच्च जोखिममा रहेका जिल्लाहरूमा रु.सात लाखका दरले र अन्य जिल्लाहरूमा रु.पाँच लाखका दरले राष्ट्रिय विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन कोषमा जम्मा रु.४,७५,४४,०००।- (रु.चार करोड पचहत्तर लाख) रकम निकासा गरिएको । |

| क्र.सं. | कार्य सम्पादन लक्ष्य | कार्य सम्पादन सूचक | क्रियाकलाप | प्रगति |
|---|---|---|---|---|
| ७. | मानवीय सहायतास्थलहरू स्थापना एवम् सञ्चालन र प्रादेशिक गोदामघरहरूको स्थापना, सञ्चालनमा समन्वय | मानवीय सहायता स्थलहरू स्थापना एवम् सञ्चालन र प्रादेशिक गोदामघरहरूको सञ्चालनमा समन्वयको अवस्था | स्थापना हुन बाँकी मानवीय सहायता स्थलहरूको स्थापना गर्ने र मानवीय सहायतास्थलहरूको सुदृढीकरण तथा प्रादेशिक गोदामघरहरूको सञ्चालनमा समन्वय र सहजीकरण गर्ने । | धनगढी, नेपालगञ्ज, विरगंज र सुर्खेतमा अवस्थित मानवीयसहायतास्थल, महोत्तरीको बर्दिबास, धनकुटाको बसन्तपुरमा रहेका घुम्ती मानवीय सहायतास्थल सञ्चालनमा रहेका र रूपन्देहीको भैरहवाको मानवीय सहायतास्थल सञ्चालनको तयारीमा रहेको, बैतडीको खोड्पेमा घुम्ती मानवीय सहायतास्थल निर्माण सम्पन्न भएको र जुम्लामा रहेको घुम्ती मानवीय सहायतास्थल निर्माणको चरणमा रहेको । |
| ८. | प्रादेशिक गोदामघर तथा मानवीय सहायतास्थलहरूमा विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीहरूको Pre–positioning गर्ने । | प्रादेशिक गोदामघर तथा मानवीय सहायता स्थलहरूमा विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीहरूको Pre–positioning भएको हुने । | केन्द्रमा भएको मानवीय सहायता स्थलबाट सामान ढुवानी गर्ने र प्रादेशिक गोदाम घर तथा मानवीय सहायता स्थलहरूमा सामग्री भण्डारण गर्ने । | केन्द्रमा भएको मानवीय सहायतास्थलबाट सामान ढुवानी गर्ने र प्रादेशिक गोदाम घर तथा मानवीय सहायता स्थलहरूमा सामग्री भण्डारण गर्ने कार्य निरन्तर भईरहेको ।<br>- बुटवल, सुर्खेत र धनगढीमा मन्त्रालय र विश्व खाद्य कार्यक्रम (WFP) को संयुक्त आयोजनामा EPCI तालिम कार्यक्रम सञ्चालन भएको । |
| ९. | विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि स्रोतसाधनको परिचालन | विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि मानवीय सहायताको क्षेत्रमा क्रियाशील दातृ निकाय, सहयोगी संस्थाहरूसँग समन्वय र सोतसाधन परिचालनको अवस्था। | विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि मानवीय सहायताको क्षेत्रमा क्रियाशील दातृ निकाय, सहयोगी संस्थाहरूसँग समन्वय र स्रोतसाधन परिचालन गर्ने। | - विपद् प्रभावितलाई आपत्कालीन आवास तथा व्यवस्थापनका लागि मानवीय सहायतास्थल (HSA) मा रहेका आपत्कालीन बन्दोबस्तीका सामग्रीहरू माग र आवश्यकता हेरी जिल्ला विपद् व्यवस्थापन समितिहरूमा पठाइएको ।<br>- विगत लामो समयदेखि बलम्बु र बवरमहलस्थित अस्थाई गोदाम घरमा रहेका मानवीय सहायता सामग्री व्यवस्थापन गरिएको । |

| क्र.सं. | कार्य सम्पादन लक्ष्य | कार्य सम्पादन सूचक | क्रियाकलाप | प्रगति |
|---|---|---|---|---|
| | | | | - दातृ निकायहरू बीच (तयार नेपाल, WFP लगायत) आपत्कालीन कार्यसञ्चालन केन्द्रको सुदृढीकरण र आपत्कालीन बन्दोबस्ती व्यवस्थापन सम्बन्धमा बैठक, छलफल तथा कार्यशाला गोष्ठी सम्पन्न भएको। |
| १०. | राष्ट्रिय बन्दोवस्ती विषयगत क्षेत्र (National Logistic Cluster) को नेतृत्व, समन्वय र बैठक सञ्चालन | राष्ट्रिय बन्दोवस्ती विषयगत क्षेत्र (National Logistic Cluster) को नेतृत्व तथा समन्वयको अवस्था र उक्त विषयगत क्षेत्रका सम्पन्न बैठक संख्या। | राष्ट्रिय बन्दोवस्ती विषयगत क्षेत्र (National Logistic Cluster) को नेतृत्व, सरोकारवाला निकायसँग समन्वय तथा उक्त विषयगत क्षेत्रको बैठक सञ्चालन गर्ने। | - राष्ट्रिय बन्दोबस्ती विषयगत क्षेत्र (National Logistic Cluster) को नेतृत्व गर्ने शाखाको हैसियतले Cluster बैठक सञ्चालन गरिएको। |
| ११. | मौसमी विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयार एवम् कार्यान्वयन गर्ने। | मौसमी विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना कार्यान्वयनको अवस्था। | जल तथा मौसम विज्ञान विभाग तथा अन्य सरोकारवाला निकायसँग समन्वय गरी मौसमी विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयारी एवम् कार्यान्वयन गर्ने/गराउने। | - आगलागि, जंगल आगलागि, हावाहुरी र चट्याङ्गजस्ता विपद्को पूर्वतयारी गर्न सम्बद्ध सबै क्षेत्रगत निकायहरूलाई तयारी अवस्थामा राखिएको<br>- शीतलहर, हिमपात, चिसो, बाढी तथा पहिरोको क्षति न्यूनीकरण पूर्वतयारीका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकबाट भएको निर्णयानुसार ७७ वटै जिल्लाको जिल्ला विपद् व्यवस्थापन कोषमा रकम उपलब्ध गराइएको। |

| क्र.सं. | कार्य सम्पादन लक्ष्य | कार्य सम्पादन सूचक | क्रियाकलाप | प्रगति |
|---|---|---|---|---|
| | | | | - शीतलहर तथा हिमपातको जोखिम न्यूनीकरणका लागि सम्पूर्ण सरोकारवाला निकायहरूलाई पूर्वतयारी गर्न अनुरोध गरिएको, काठमाडौं उपत्यकामा देखिएको हैजाको रोकथाम नियन्त्रण तथा पूर्वतयारीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, खानेपानी मन्त्रालय लगायत सरोकारवाला निकायहरूसँग छलफल गरी हैजा प्रकोप रोकथाम, नियन्त्रण, प्रतिकार्य र व्यवस्थापन कार्ययोजना तयार गरी सम्बन्धित सरोकारवाला निकायहरूमा कार्यान्वयनको लागि पठाईएको । |
| १२. | पूर्वसूचना प्रवाह गर्ने । | विपद्जन्य घटनाको पूर्वसूचना प्रवाहको अवस्था । | जल तथा मौसम विज्ञान विभागसँग समन्वय गरी बाढी, पहिरो, डुबान लगायत विपद्का अन्य घटना साथै मौसमको पूर्वानुमान तथा पूर्वसूचनाको प्राप्ति, विश्लेषण गरी सूचना प्रवाह गर्ने । | जल तथा मौसम विज्ञान विभागसँग समन्वय गरी बाढी, पहिरो, डुबान लगायत विपद्का अन्य घटनाका साथै मौसमको पूर्वानुमान तथा पूर्वसूचनाको प्राप्ति र विश्लेषण गरी सूचना प्रवाह गर्ने गरिएको । |
| १३. | विपद् व्यवस्थापनसँग सम्बन्धित विषयमा नेपाल सरकारले अन्तर र्ष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरूपको प्रगति प्रतिवेदन तयार गर्ने । | सेन्डाई कार्यढाँचा (२०१५-२०३०) को प्रगति प्रतिवेदन तयारीको अवस्था । | सेन्डाई कार्यढाँचा (२०१५-२०३०) को प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने । | सेन्डाई कार्यढाँचा (२०१५-२०३०) को अनुगमन प्रतिवेदन २०२० अन्तर्गतको तथ्याङ्क सङ्कलन र प्रविष्टि कार्य जिम्मेवार निकायबाट भईरहेको ।<br>सेन्डाई कार्यढाँचा २०२१ को प्रतिवेदन सेन्डाई मोनिटर्समा प्रविष्ट गरिएको ।<br>सेन्डाई कार्यढाँचाको कार्यान्वयनको मध्यमकालीन प्रतिवेदन तयार गर्ने कार्य भईरहेको । |

| क्र.सं. | कार्य सम्पादन लक्ष्य | कार्य सम्पादन सूचक | क्रियाकलाप | प्रगति |
|---|---|---|---|---|
| १४. | COVID–19 Situation Daily Reporting | COVID–19 Situation Daily Reporting दैनिक तयार गरी सम्प्रेषण गर्ने कार्य । | दैनिक Situation Reporting तयार गरी प्रतिवेदन गर्ने । | दैनिक रूपमा ७७ बटै जिल्लाहरूको कोभिड-१९ सम्बन्धी Quarantine, Isolation, चेकजाँच, राहत लगायत विवरणहरू संकलन गरी दैनिक प्रतिवेदन तयार गरी सम्प्रेषण गर्ने गरिएको । |
| १५. | विवरण अद्यावधिक सम्बन्धी कार्य | सवै जिल्लाहरूबाट प्राप्त दमकल तथा एम्बुलेन्सहरूको अद्यावधिक विवरण । | ७७ वटै जिल्लाहरूमा रहेको दमकल तथा एम्बुलेन्सहरूको विवरण, चालकहरूको सम्पर्क नम्वर सहित संकलन गरिएको । | ७७ वटै जिल्लाहरूमा रहेका दमकल तथा एम्बुलेन्समहरूको विवरण, चालकहरूको सम्पर्क नम्वर सहितको विवरण DRR एयचतर्बा मार्फत् सार्वजनिक गर्ने गरिएको । |
| १६. | विपद् सम्बन्धी सरोकारवाला निकायको क्षमता अभिवृद्धि | क्षमता अभिवृद्धिमा सहजीकरणको अवस्था | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालका प्रशिक्षार्थिलाई विपद् सम्बन्धी प्रशिक्षण प्रदान गर्ने । | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालका प्रशिक्षार्थीलाई विपद् सम्बन्धी प्रशिक्षण प्रदान गरिएको।दोलखा, धादिङ्ग, सुर्खेत, दैलेख, र हेटौडामा EOC तालिम सम्पन्न भएको । |
| १७. | मनसुन प्रतिवेदन तयारी | मनसुन प्रतिवेदन, २०७८ को तयारी | मनसुन प्रतिवेदन तयार गर्ने | मनसुन र बेमौसमी वर्षाका घटना सहितको प्रतिवेदन, २०७८ सचिवस्तरबाट मिति २०७८।०९।२३ मा स्वीकृत भएको । |

**(ठ) शान्ति प्रवर्द्धन शाखा**

यस शाखाबाट महिला शान्ति र सुरक्षासँग सम्बन्धित संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ १८२० र अन्य पुरक प्रस्तावहरू कार्यान्वयन गर्न तयार गरिएको दोश्रो कार्य योजना, २०७९ तयार गरी नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गरिएको छ।

**(ड) राहत तथा तथ्याङ्क व्यवस्थापन**

- राहत सूचना व्यवस्थापन प्रणालीलाई अद्यावधिक गरिएको।
- विशिष्ट तथा प्रथम श्रेणीका अंगभंग अपांगता भएकाहरूलाई, विशिष्ट तथा प्रथम श्रेणीका अङ्गभङ्ग अपाङ्गता भएकाहरू, ऐतिहासिक जनआन्दोलनका शहिद परिवार, द्वन्द्वको क्रममा आमाबुवा गुमाएका बालबालिकाहरू एवं ऐतिहासिक जनआन्दोलनका घाइतेहरूलाई स्वीकृत मापदण्ड बमोजिम आर्थिक सहायता प्रदान गरिएको।
- उपचार खर्च, राहत तथा आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०७९ नेपाल सरकार (म.प.) बाट स्वीकृति गरी कार्यान्वयनमा ल्याइएको।

**१.३.५ आन्तरिक व्यवस्थापन महाशाखा :**

गृह मन्त्रालय अन्तर्गतको महत्वपूर्ण अर्को महाशाखाको रूपमा रहेको आन्तरिक व्यवस्थापन महाशाखा अन्तर्गत आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा, आर्थिक प्रशासन शाखा र कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा गरी ३ वटा शाखाहरू रहेका छन्। तीन वटै शाखाहरूको प्रगति विवरण देहायानुसार उल्लेख गरिएको छ।

**(ढ) आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापनतर्फ :**

- जग्गा प्राप्ति ऐन, २०३४ को दफा २५ (७) बमोजिम जिल्ला मुआव्जा निर्धारण समितिको निर्णयमा चित्त नबुझी गृह मन्त्रालयमा मुआब्जा पुनरावलोकनको लागि प्राप्त उजुरी फर्छ्यौट गरिएको।
- सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ को दफा ३ बमोजिम जग्गा सिफारिस तथा दाखिल खारेज गर्न सहमतिका लागि माग भई आएका विषय, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ को दफा ७ (२) (क) एवं सार्वजनिक प्रकृतिको जग्गा उपलव्ध गराउने सम्बन्धी मापददण्ड, २०७७ को दफा ७ (ङ) बमोजिम प्रकोप व्यवस्थापनमा आवश्यक नपर्ने सम्वन्धमा सिफारिस माग भई आएका विषय, जग्गा प्राप्ति ऐन, २०३४ को दफा दफा ३ तथा दफा २६ बमोजिम गृह मन्त्रालयमा जग्गा प्राप्तिका लागि पेश भएका विषयमा आवश्यक निर्णय गरिएको।
- गृह मन्त्रालय मातहतका निकायहरूको भवन निर्माण प्रयोजनार्थ वन क्षेत्रको जग्गा प्राप्तिका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) को TOR  तथा गृह मन्त्रालय मातहतका निकायहरूको भवन निर्माण प्रयोजनार्थ वन क्षेत्रको जग्गा प्राप्तिका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत गरिएको।

(ड) **आर्थिक प्रशासन शाखा**

आन्तरिक व्यवस्थापन महाशाखा अन्तर्गत रहेको यस शाखाबाट भएको मुख्य मुख्य कार्यहरूलाई देहायानुसार उल्लेख गरिएको छ।

**गृह मन्त्रालय र अन्तर्गतका कार्यालयको कुल बेरुजु र फर्छ्यौटको अवस्था**

**तालिका १.२.६: कुल बेरुजुको अवस्था**

| सि. नं | नाम | शुरु देखि ०५९।६० सम्मको बेरुजु (रु. हजारमा) | आ.व. ०६०।६१ देखि ०७५। ०७६ सम्मको बेरुजु (रु. हजारमा) | आ.व. ०७६। ०७७ को बेरुजु (रु. हजारमा) | जम्मा बेरुजु (रु. हजारमा) |
|---|---|---|---|---|---|
| १ | गृह मन्त्रालय | | १८,८१,८३ | ३२,४१ | १९,१४,२४ |
| २ | प्रहरी प्रधान कार्यालय | ३,२१ | १४,७०,११ | १६,४८,२१ | ३१,२१,५३ |
| ३ | कारागार व्यवस्थापन विभाग | २७,७९ | ७,०८,५७ | ३९५८८ | ११,३२,२४ |
| ४ | अध्यागमन विभाग | ६,९० | ३८,६८ | ४९,७५ | ९५,३३ |
| ५ | सशस्त्र प्रहरी बल | | ४,१३,८३ | १४,८४,१८ | १८,९८,०१ |
| ६ | मतदाता परिपच पत्र | १,९०,०७ | | | १,९०,०७ |
| ७ | राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | | | १५,३९,३१ | १५,३९,३१ |
| ८ | जिल्ला प्रशासन | | ८,३६,४२ | १,६१,९६ | ९,९८,३८ |
| ९ | ईलाका प्रशासन | | २,७९,८१ | ५४,०९ | ३,३३,९० |
| १० | जुद्ध वारुण यन्त्र | | ८२ | | ८२ |
| ११ | लागु औषध नियन्त्रण | | ३५,०७ | | ३५,०७ |
| १२ | समरजङ्ग कम्पनी | | १,०३ | | १,०३ |
| १३ | राष्ट्रिय परिचय पत्र | | ३,४२ | १,०८,४० | १,११,८२ |
| १४ | सीमा प्रशासन | | ६२ | ९ | ७१ |
| १५ | एकीकृत सेवा केन्द्र | | २६,५६ | | २६,५६ |
| १६. | मतदाता परिचयपत्र | | १९००७ | | १९००७ |
| | जम्मा | २,२७,९७ | ५६,९६,७७ | ५४,७४,२८ | १,१३,९९,०२ |

*स्रोतः आर्थिक प्रशासन शाखा, गृह मन्त्रालय*

**तालिका १.२.७: बेरुजु फर्छ्यौटको अवस्था** (**२०७९ असार मसान्तसम्म**)

| मन्त्रालय र अन्तर्गतको निकायको कुल बेरुजु | फर्छ्यौट | प्रगति % | कैफियत |
|---|---|---|---|
| १ अर्ब १३ करोड ९९ लाख २ हजार | ४८ करोड ९० लाख ८५ हजार | ४२.९१ % | |
| आ. व.२०७९/८० का लागि सरी आएको कुल बेरुजु अंक | १ अर्ब ५८ करोड ३३ हजार | | |

*स्रोतः आर्थिक प्रशासन शाखा, गृह मन्त्रालय*

(ढ) **कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा**

आ.व. २०७८/०७९ मा यस शाखाबाट दैनिक रूपमा आवश्यक पर्ने स्टेशनरी, टोनर, कार्टेज लगायत अत्यावश्यक सामग्री खरिद तथा आपूर्ति गरिएको, छपाई सम्बद्व सामग्रीहरूको खरिद, गृह मन्त्रालयको नयाँ भवनको निर्माणको लागि सूचना प्रकाशन, DEOC को लागि HF base station/UHF, VHF radio लगायत सामग्रीहरू विभिन्न जिल्लाको लागि खरिद, CIMS system upgradation को सम्झौता गरिएको छ भने सभा समारोहको रूपमा इन्द्रजात्रा पर्व, वसन्त-श्रवण, संविधान दिवस २०७८, प्रजातन्त्र दिवस २०७८, गणतन्त्र दिवस २०७९ लगायतका कार्यक्रमहरू सम्पन्न गरिएको छ।

**१.३.६ सुरक्षा तथा समन्वय महाशाखा**

गृह मन्त्रालय अन्तर्गतको अर्को महत्वपूर्ण महाशाखाको रूपमा सुरक्षा तथा समन्वय महाशाखा रहेको छ। जस अन्तर्गत स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा र सिमा तथा अध्यागमन शाखा गरी ३ वटा शाखाहरू रहेका छन। त्यसै गरी यो महाशाखा अन्तर्गत सूचना समन्वय तथा विश्लेषण इकाई समेत रहेको छ। ३ वटै शाखाहरूको प्रगति विवरण देहायानुसार उल्लेख गरिएको छ।

(ण) **स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा**

यस शाखाबाट मूलतः स्थानीय प्रशासनसँग सम्बन्धित बिषयमा नीतिगत कार्यहरू सम्पादन हुने गरेका छन। खासगरी ड्रोन उडान अनुमति, सेक्युरिटी क्लियरन्स, यात्रा अनुमति पत्र, वाकीटकी अनुमति, संघसंस्था सम्बन्धी कार्य लगायतका कार्यहरू हुने गरेका छन्। यस शाखाबाट आ.व. २०७८/७९ मा निर्णय भएका फाइलको बिबरण देहायानुसार रहेको छ।

**स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा**

**आ.व. २०७८/७९ मा निर्णय भएका फाइलको विवरण**

| | कार्य सञ्चालन अनुमति दिइएको | ड्रोन उडान अनुमति दिइएको | सेक्युरिटी क्लियरेन्स दिइएको | यात्रा अनुमति पत्र दिइएको | वाकीटकी अनुमति दिइएको | संघसंस्था सम्बन्धी काम | गैर आवासीय पदमा/ राजदुतमा नियुक्ति राय एवं सहमति सम्बन्धी |
|---|---|---|---|---|---|---|---|
| | १६ | ७ | ६ | १८ भुटानी | ३१ | ७ | ४३ |
| | | | | ५८ तिब्बतीयन | | | |
| जम्मा | १६ | ७ | ६ | ७६ | ३१ | ७ | ४३ |

आ.व. २०७८/०७९ मा यस शाखाबाट माथिका कामको अतिरिक्त देहायअनुसारका फाइलहरू निर्णय भएको छ।

| | | |
|---|---|---|
| १ | राष्ट्रिय जेष्ठ नागरिक समाजको शाखा बिस्तार। | १ |
| २ | युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोग। | १ |
| ३ | जस्ट सेनो नेपालको नाम संशोधन। | १ |
| ४ | Nepal 2021 Human Right Report | १ |
| ५ | बन्दी सहायता नेपाल नयाँ बानेश्वर कार्यक्रम सञ्चालन स्विकृति | १ |
| ६ | असंग्लन वकिल सङ्गठन | १ |
| ६ | मदरबाबाको मस्जिद तथा मेला सञ्चालन बिवाद | १ |
| ८ | नेपाल भारत मैत्री सङ्घको निर्वाचन | १ |
| ९ | विदेशी लगानी राय | १ |
| १० | राय माग गर्ने | १ |
| ११ | Protection And Assistance To Person Of Concern Project को राय सहमति सम्बन्धमा | १ |
| १२ | Saarc Convention On Mutual Assistance In Criminal Matters अनुमोदन गर्ने सम्बन्धमा। | १ |
| १३ | शरणार्थी परिचय पत्र प्रतिलिपी/नवीकरण। | ७ |
| १४ | चोरीका सामान, नगद तथा गरगहना फिर्ता। | ५ |
| १५ | जिल्लाको सिमाना बिबाद सम्बन्धमा काभ्रे र सिन्धुपाल्चोक। | १ |
| १६ | Department of Public Security Tibet ले उपलब्ध गराएको सहयोग सामाग्री सम्बन्धमा। | १ |

| | कार्य सञ्चालन अनुमति दिइएको | ड्रोन उडान अनुमति दिइएको | सेक्युरिटी क्लियरेन्स दिइएको | यात्रा अनुमति पत्र दिइएको | वाकीटकी अनुमति दिइएको | संघसंस्था सम्बन्धी काम | गैर आवासीय पदमा/ राजदुतमा नियुक्ति राय एवं सहमति सम्बन्धी |
|---|---|---|---|---|---|---|---|
| १६ | संयुक्त अधिराज्यको वार्षिक बैठकमा नेपालको धार्मिक स्वतन्त्रता प्रति उठाइएका प्रश्नको सम्बन्धमा मन्त्रालयको धारणा पठाउने । | | | | | | १ |
| १८ | ग्रिन आर्मी नेपाल नामक संस्थालाई पोशाक प्रयोग सम्बन्धमा । | | | | | | १ |
| १९ | Lat Luxembourg को आर्थिक सहयोगमा कास्की र तनहुँमा परियोजना सञ्चालन गर्न मन्त्रालयको राय सहमति । | | | | | | १ |
| २० | नेपाल यातायात व्यावसायी राष्ट्रिय महासंघको समयावधि थप गर्ने सम्बन्धमा | | | | | | १ |
| २१ | नेपाल कुवेत मैत्री समाज राय । | | | | | | १ |
| २२ | नेपाल अपाङ्ग महिला समाज कार्यालय स्थानान्तरण । | | | | | | १ |
| २३ | कोपिला भ्याली सेवा समाज सुर्खेतलाई रिपिटर टावर सञ्चालनका लागि सहमत । | | | | | | १ |
| २४ | नेपालको महान्यायधिवक्ताको कार्यालय र रूसी महासंघको प्रोसिक्युटर कार्यालय बिचको समझदारी । | | | | | | १ |
| २५ | कारितास नेपालको परियोजना सञ्चालनका लागि राय सहमति । | | | | | | १ |
| २६ | ब्लड डोनर्स एशोशिएशन नेपालको बिधान संशोधन । | | | | | | १ |
| २६ | नेपाल रेडक्रस सोसाइटी निर्देशन । | | | | | | १ |
| २८ | २०७८/२०७९ मा पर्न जाने विभिन्न राष्ट्रिय दिवसहरूमा कारागरमा रहेको कैदीहरूको कैद कट्टा तथा माफि मुलतवी उपर प्रस्ताव तयार पारी मन्त्रिपरिषद् पठाइएकोमा मन्त्रिपरिषद्को निर्णयानुसार कार्यान्वय गरिएको । | | | | | | ३ |

*स्रोतः स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा, गृह मन्त्रालय*

**(त) शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा**

**आ.व. २०७८/०७९ मा यस शाखाबाट सम्पादन गरिएका मुख्य मुख्य कार्यहरूको प्रगति विवरण**

- दार्चुला जिल्लाको ब्याँस गाउँपालिका वडा नं. २ खाङदाङ माल बस्ने वर्ष ३३ का जयसिह धामी तुईन तर्ने क्रममा महाकाली नदिमा बगी बेपत्ता भएको सम्बन्धमा गृह मन्त्रालयबाट गठित छानविन समितिले पेश गरेको प्रतिवेदनमा समावेश भएका सुझावहरू कार्यान्वयनको क्रममा रहेको । नेपाल सरकार (मन्त्रिपरिषद्)बाट मिति २०७८/०५/१० मा जयसिंह धामीको आश्रित परिवारलाई रु. १०,००,०००।- आर्थिक सहायता उपलब्ध गराउने निर्णय भएको ।

- मिति २०७८ श्रावण २५ गते जिल्ला नवलपरासी (पश्चिम) बर्दघाट नगरपालिका वडा नं. ४ ईलाका प्रहरीका कार्यालय, बर्दघाट अगाडी पूर्व-पश्चिम राजमार्गमा लु. १४ प. ८७५८ नम्बरको मोटरसाइकलले ईलाका प्रहरी कार्यालय, बर्दघाटमा कार्यरत वर्ष ४३ को प्रहरी निरीक्षक कपिल वाग्लेलाई ठक्कर दिँदा गम्भीर घाईते भई मृत्यु भएको घटनाको सम्बन्धमा गठित छानविन समितिले प्रतिवेदन पेश गरेको र प्रतिवेदन मार्फत सिफारिस भएका सुझावहरू कार्यान्वयन गरिएको ।
- मा. गृहमन्त्रीको अध्यक्षतामा गृह सचिव, परराष्ट्र मन्त्रालयका सचिव र नेपाली सेनाका प्रतिनिधि, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरू सहित मिति २०७८ श्रावण ३२ गते सम्पन्न बैठकले गरेको निर्णयानुसार अफगानिस्तानमा घटेको घटना पश्चात त्यहाँ रहेका ८८९ जनाको नेपाली नागरिकहरूको उद्धार गरी नेपाल ल्याइएको ।
- नेपाल सरकारको प्रतिनिधिको रूपमा प्रमुख जिल्ला अधिकारीलाई शान्ति सुरक्षा तथा अपराध नियन्त्रण, सुशासन तथा कानून कार्यान्वयन, विपद् व्यवस्थापन र कोभिड-१९ नियन्त्रण, रोकथाम तथा उपचार आदि विषय मिति २०७८/०५/०१ गतेको परिपत्रबाट सवै जिल्ला प्रशासन कार्यालयलाई २८ बुँदे निर्देशन दिइएको ।
- मिति २०७८/०५/०९ गते विहान श्रीमान् सचिवज्यू र प्रमुख जिल्ला अधिकारीहरूबीच भर्चुअल बैठकमा श्रीमान् सचिवज्यूबाट निर्देशन भएका विषयहरूको कार्यान्वयन गर्न गराउनु मिति २०७८/०५/१० गतेको परिपत्रबाट सवै जिल्ला प्रशासन कार्यालयलाई २६ बुँदे निर्देशन दिइएको ।
- मिति २०७८/०५/११ गते बारा जिल्लास्थित जगदम्बा स्टिल्स प्रा.लि.मा भएको घटनाको सम्बन्धमा छानविन गर्न गृह मन्त्रालयका सहसचिव संयोजकत्वमा गठित छानविन समितिले पेश गरेको प्रतिवेदनको सुझाव कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको ।
- दशैं, तिहार, छठ जस्ता ठुला चाडपर्वको समयमा भरपर्दो सुरक्षा व्यवस्था मिलाउन, राजमार्ग/सहायक राजमार्गमा हुन सक्ने अवरोध हटाउन, अत्यावश्यक वस्तु तथा सेवाको सहज आपूर्ति व्यवस्था मिलाउन तीनवटै सुरक्षा निकाय र सम्पूर्ण जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिइएको ।
- विभिन्न दुर्घटनामा परी घाइते भएका, बाढी तथा पहिरोबाट प्रभावितहरूलाई उद्धार तथा राहत सामाग्री ढुवानी गर्ने प्रयोजनार्थ नेपाली सेनाको हेलिकप्टरको लागि १६७ पटक उडान अनुमति दिई आवश्यक सहजीकरण गरिएको ।
- "बेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८" नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भई कार्यान्वयनमा रहेको ।
- हातहतियार खरखजाना (एघारौं संशोधन) नियमावली, २०७९ कार्यान्वयनका लागि सम्बन्धित निकायमा पत्राचार गरिएको ।
- पछिल्ला दिनहरूमा प्रहरी हिरासत तथा कारागारमा झुण्डिएर आत्महत्या गर्नेहरूको संख्या र प्रवृत्ति बढिरहेको देखिएकोले स्थलगत रूपमा छानविन तथा अध्ययन गरी प्रतिवेदन पेश गर्न मन्त्रालयका

सहसचिव थानेश्वर गौतमको संयोजकत्वमा छानविन समिति गठन भई उक्त समितिबाट प्रतिवेदन प्राप्त भएको।

- बाँके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १७ बस्ने एकल महिला निर्मला कुर्मीको अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान सम्बन्धी जाहेरी र सोही जिल्ला जानकी गाउँपालिका वडा नं. २ नेवाजी गाउँ बस्ने नकुली धोवीको हत्या सम्बन्धमा महिला अधिकार मञ्च, बाँकेले आन्दोलन र विरोधका कार्यक्रमहरू गरिरहेको सम्बन्धमा बाँके जिल्लाबाट काठमाडौंसम्म आई माइतिघर माण्डलामा विभिन्न माग सहित धर्नामा बसेका धर्नाकारीहरूले उठाएका विषयहरूमा स्थलगत रूपमा समेत अध्ययन, छलफल र विश्लेषण तथा धर्नाकारी र सम्बन्धित सरोकारवाला पक्षसँग सम्वाद गरी प्रतिवेदन पेश गर्न गृह मन्त्रालयका सहसचिव हिरालाल रेग्मीको संयोजकत्वमा छानविन समिति गठन भई प्रतिवेदन प्राप्त भएको।
- साउदी अरवका राजकुमार तथा परराष्ट्रमन्त्री, चिनिया परराष्ट्रमन्त्री लगायत अन्य विशिष्ट विदेशी पाहुँनाहरूको नेपाल भ्रमणमा त्रुटिरहित सुरक्षा व्यवस्था मिलाईएको।
- होटल लगायतका मनोरञ्जनात्मक क्षेत्रलाई २४ सै घण्टा खुला राख्ने सम्बन्धमा अध्ययन गर्न गठित कार्यदलले पेश गरेको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित निकायमा पत्राचार गरिएको।
- कोभिड-१९ रोकथाम तथा नियन्त्रण गर्ने सन्दर्भमा नेपाल सरकार (मन्त्रिपरिषद्), कोभिड-१९ सङ्कट व्यवस्थापन तथा समन्वय केन्द्रबाट भएका निर्णयहरूको कार्यान्वयन गरिएको।
- स्थानीय तह निर्वाचन, २०७९ को सन्दर्भमा आचारसंहिता पालना, निर्वाचन कार्यालय, निर्वाचन अधिकृत लगायतसँग आवश्यक समन्वय गर्न प्रमुख जिल्ला अधिकारीलाई निर्देशन गरिएको।
- स्थानीय तह निर्वाचन, २०७९ लाई निष्पक्ष, भयरहित र विश्वसनीय वातावरणमा सम्पन्न गर्ने प्रयोजनार्थ "स्थानीय तह निर्वाचन एकीकृत सुरक्षा योजना, २०७८" कार्यान्वयनमा ल्याइएको।
- पहिचान नभएका तथा वेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८ नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयन भइरहेको।
- "उपचार खर्च, राहत तथा आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०७९" नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत कार्यान्वयनको लागि सवै जिल्ला प्रशासन कार्यालयहरूलाई पत्राचार गरिएको।
- कोभिड-१९ रोकथम, नियन्त्रण तथा उपचार सम्बन्धी नेपाल सरकार (मन्त्रिपरिषद्) तथा कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रबाट जारी भएका आदेश तथा निर्णयहरू कार्यान्वयन गरिएको।
- अक्सिजन आपूर्तिमा सहजीकरणका लागि अक्सिजन प्लान्ट तथा उद्योगहरूमा सुरक्षाकर्मीको व्यवस्था गरी अस्पताल प्रयोजन बाहेक अन्य क्षेत्रमा प्रयोग भइरहेका अक्सिजन सिलिण्डर संकलन, जफत गरी अस्पतालहरूमा बुझाउने व्यवस्थाको लागि निर्देशन दिइएको।

- कोभिड-१९ प्रतिकार्य कार्ययोजना अनुसार प्रगति प्रतिवेदन दैनिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने गरिएको (स्वास्थ्य पूर्वाधारको अद्यावधिक विवरण, अस्पताल शैयूया, आइ.सि.यु., भेन्टिलेटर, एच.डि.यु. को उपलब्धता र प्रयोग, अक्सिजन उत्पादन वितरणको अवस्था, अक्सिजन सिलिण्डरहरू) ।
- स्वास्थ्य संस्थाहरूको भौतिक संरचना तथा स्वास्थ्यकर्मीहरूको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिइएको ।

### (थ) सिमा तथा अध्यागमन शाखा

यस शाखाबाट मुख्यतः निषेधित क्षेत्रमा हेलिकप्टर उडान अनुमति, निःशुल्क पदयात्रा अनुमति, अन्तर्राष्ट्रिय सीमा सम्बन्धी समन्वय, विदेशी नागरिकहरूलाई कार्य सहमति , यात्रा अनुमति लगायतका कार्यहरू हुने गरेका छन् । गत आ.व. ०७८/०७९ भर यस शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरूको तथ्याङ्कीय विवरण देहायानुसार रहेको छ ।

**तालिका १.२.८: सिमा तथा अध्यागमन शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरू**

| क्र.स. | क्रियाकलापहरू | एकाइ | परिमाणात्मक लक्ष्य | कार्यसम्पादन सूचक | प्रगति विवरण | |
|---|---|---|---|---|---|---|
| | | | | | पटक | संख्यात्मक विवरण |
| १ | निषेधित क्षेत्रमा हेलिकप्टर उडान अनुमति | पटक | माग अनुसार | उडान अनुमति विवरण | ४३२ | २६७१ शटल, १४० बिरामी र २२४० यात्रु |
| २ | निषेधित क्षेत्रमा निःशुल्क पदयात्रा अनुमति | पटक | माग अनुसार | अनुमति विवरण | २७ | |
| ३ | अन्तर्राष्ट्रिय सीमा सम्बन्धी समन्वय | पटक | आवश्यकतानुसार | समन्वय विवरण | ७७ | |
| ४ | विदेशी नागरिकहरूलाई कार्य सहमति | पटक | माग अनुसार | कार्य सहमतिको विवरण | ६९३ | ३१५३ विदेशी नागरिक |
| ५ | विदेशी नागरिकहरूलाई निष्कासन | पटक | आवश्यकतानुसार | निष्कासन विवरण | २६३ | ३७० जना |
| ६ | नेपाल हज समितिसँग समन्वय | पटक | आवश्यकतानुसार | समन्वय विवरण | १० | |
| ७ | नीति मस्यौदा, राय तथा मन्त्रिपरिषद् प्रस्ताव | पटक | आवश्यकतानुसार | प्रस्ताव/रायको विवरण | १८ | |

| क्र.स. | क्रियाकलापहरू | एकाइ | परिमाणात्मक लक्ष्य | कार्यसम्पादन सूचक | प्रगति विवरण | |
|---|---|---|---|---|---|---|
| | | | | | पटक | संख्यात्मक विवरण |
| ८ | अमेरिकी नागरिकलाई बहु प्रवेशी भिसा | पटक | माग अनुसार | अनुमति विवरण | ५ | |
| ९ | आगमन विन्दुमा भिसा | पटक | माग अनुसार | अनुमति विवरण | २३ | |
| १० | यात्रा अनुमति (Travel Document) | पटक | माग अनुसार | अनुमति विवरण | १८ | |
| ११ | कोभिड-१९ आवागमन सहजीकरण | पटक | माग अनुसार | अनुमति विवरण | १९८ | |
| १२ | विदेशी नागरिक अनुगमन | पटक | आवश्यकतानुसार | प्रगति विवरण | ० | |
| १३ | विदेशी नागरिकहरूको चालचलन | पटक | फाइल अनुसार | समन्वय विवरण | ६६३ | |
| १४ | विविध | पटक | आवश्यकतानुसार | प्रगति विवरण | ३२९ | |

*स्रोतः सिमा तथा अध्यागमन शाखा, गृह मन्त्रालय*

# गृह मन्त्रालय अन्तर्गतका विभाग/निकायहरूको परिचय तथा वार्षिक प्रगति

## २.१ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

**क) परिचय**

विपद् जोखिमन्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ४ मा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्बन्धी प्रावधान छ। सोही ऐन बमोजिम मिति २०७६/०७/२९ मा पहिलो पटक कार्यकारी प्रमुखको नियुक्ति भएसँगै प्राधिकरण स्थापना भएको हो। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०६/११ को निर्णयले सँगठन संरचना स्वीकृत भएपछि ३८ जनाको दरबन्दी सहित प्राधिकरण कार्य सञ्चालनमा रहेको छ।

विपद् व्यवस्थापनका समग्र कार्यहरूमा समन्वय गर्ने, कार्यान्वयनमा सहजीकरण गर्ने तथा विपद् सम्बन्धी सञ्चालित कार्यक्रमको अनुगमन गर्ने अधिकार रहेको प्राधिकरण केन्द्रीय निकाय हो। विपद् व्यवस्थापनका सन्दर्भमा समग्र राष्ट्रिय नीति, योजना र मार्गदर्शनको लागि सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् रहेको छ। नीति तथा योजनाको कार्यान्वयन गर्न माननीय गृहमन्त्रीज्यूको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति रहेको छ। परिषद् र समितिको सचिवालयको रूपमा प्राधिकरण कार्यरत छ। परिषद् र कार्यकारी समितिबाट स्वीकृत योजना, कार्यक्रम तथा निर्णय कार्यान्वयन गर्ने गराउने जिम्मेवारी प्राधिकरणको हो।

**ख) दीर्घकालीन सोच**

**सोचः**

विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण।

**ध्येयः**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरूलाई सन्तुलित रूपमा कार्यान्वयन गरी विपदबाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका स्रोतसाधनहरूका साथै व्यक्ति, समुदाय र राष्ट्रको आर्थिक

सामाजिक तथा भौतिक पूर्वाधार र साँस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्य रूपमा कमी गर्नु तथा तिनीहरूको उत्थानशीलता बृद्धि गर्नु ।

**ग) उद्देश्य**

- विपद जोखिमबारेको बुझाईमा अभिवृद्धि र पहुँच सुनिश्चित गर्ने,
- विपद जोखिममैत्री शासनको सुदृढीकरण गर्ने,
- विपद् जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकूलनका क्रियाकलापसँग आवद्ध गर्दै विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने,
- विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी वृद्धि गरी उत्थानशीलता बढाउने,
- पुर्वसूचना प्रणालीको विकास र प्रतिकार्यका लागि पूर्वतयारी गर्ने,
- पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी कार्यलाई अझ राम्रो र बलियो बनाउने ।

**घ) रणनीति**

विपद जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्र निर्माण गर्दै दिगो विकासमा योगदान पुऱ्याउने दीर्घकालीन सोच सहित विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०), विपद् जोखिम वित्तीय व्यवस्थापन रणनीति, २०७८ नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनको भैरहेका छन् ।

विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले विपदबाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य रूपले कम गर्नु, जीविकोपार्जनका स्रोतसाधनहरूका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाईका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरू जस्ता महत्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरूमा विपदले पुऱ्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरूको उत्थानशीलता वृद्धि  गर्नु र विपदबाट हुने क्षति कम गर्ने लक्ष्य राखी विपद जोखिम न्यूनीकरणका लागि ५९ वटा बुँदागत नीति अख्तियार गरेको छ ।

विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) ले प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्ने लक्ष्य लिँदै सो सम्बन्धमा ६ लक्ष्य, ३२ सूचक, ४ प्राथमिक क्षेत्र, १८ कार्य र २७१ गतिविधिहरू निर्दिष्ट गरेको छ ।

**तालिका २.१.१ जनशक्ति विवरण (स्वीकृत, पदपूर्ति, रिक्त वा फाजिल)**

| क्र.सं. | पद | श्रेणी | सेवा/समूह | स्वीकृत दरबन्दी | पदपूर्ति | | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | काज | करार | | |
| १ | कार्यकारी प्रमुख | | | १ | - | - | - | - | |
| २ | सहसचिव | रा.प.प्रथम | नेपाल प्रशासन | १ | १ | - | - | - | |
| ३ | सहसचिव | रा.प.प्रथम | ई./सिभिल/जनरल | १ | १ | - | - | - | |
| ४ | उपसचिव | रा.प.द्बितिय | नेपाल प्रशासन/सा.प्र. | २ | २ | ३ | | - | ३ बढी |
| ५ | सि.डि.ई. | रा.प.द्बितिय | हाईड्रोलोजी | १ | १ | - | - | - | |
| ६ | सि.डि.ई. | रा.प.द्बितिय | ई./सिभिल/जनरल | १ | १ | - | - | - | |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन/सा. प्र. | ४ | ४ | १० | - | - | १० बढी |
| ८ | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन/लेखा | १ | १ | - | - | - | |
| ९ | मेटेरियोलोजिष्ट | रा.प.तृतीय | इ./मेटेरौंलोजी | १ | - | - | - | रिक्त | |
| १० | ईन्जिनियर | रा.प.तृतीय | सिभिल/जनरल | २ | २ | - | - | - | |
| ११ | जियोलोजिष्ट | रा.प.तृतीय | इ./जियो इन्जिनियरिंग | १ | - | - | - | रिक्त | |
| १२ | वातावरण निरिक्षण | रा.प.तृतीय | नेपाल विविध | १ | १ | - | - | - | |
| १३ | जि.आइ.एस.एनलिष्ट | रा.प.तृतीय | नेपाल विविध | १ | - | - | - | रिक्त | |
| १४ | रेडियो टेक्नोलोजिष्ट | रा.प.तृतीय | नेपाल विविध | १ | - | - | - | रिक्त | |
| १५ | नायब सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन/सा.प्र. | २ | ३ | १ | - | - | १ बढी |
| १६ | लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन/लेखा | १ | १ | - | - | - | |
| १७ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | नेपाल विविध | ३ | २ | २ | - | - | १ बढी |
| १८ | सहायक कम्प्युटर अपरेटर | रा.प.अनं. द्बितिय | नेपाल विविध | २ | १ | - | - | १ रिक्त (माग पठाइएको) | |
| १९ | हलुका सवारी चालक | श्रेणी विहिन | मे./ज.मे. | ४ | - | - | ४ | - | |
| २० | कार्यालय सहयोगी | श्रेणी विहिन | - | ७ | २ | - | ५ | - | |
| | जम्मा | | | | ३८ | २४ | १६ | ९ | |

*स्रोतः निजामती कर्मचारी प्रशासन शाखा, गृह मन्त्रालय*

**२. आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्यमा समेत) उल्लिखित नीति तथा कार्यक्रमहरूको २०७९ आषाढ मसान्त सम्मको प्रगति विवरण**

**तालिका २.१.२ आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा नीति तथा कार्यक्रमको प्रगति**

| क्र.सं. | बुँदा नं. | वजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|---|
| १ | ४०० | विपद् जोखमको व्यवस्थापन गर्न सरकारी कोषमा परेको चापलाई कम गर्न विपद् जोखिम न्यूनीकरण वित्तीय रणनीति कार्यान्वयन गरिनेछ। विपद्को पूर्व सूचना प्रणाली विकास गरी क्षति न्यूनीकरण गरिनेछ। विपद् पूर्वतयारी, खोज, उद्दार, राहत र पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्न वजेटको व्यवस्था गरेको छु। | • विपद् जोखम वित्तीय व्यवस्थापन रणनीति स्वीकृत भई कार्यान्वयन भईरहेको छ।<br>• खोज तथाउद्दार सामग्री खरिदको कार्य सम्पन्न गरी सुरक्षा निकायहरूलाई हस्तातरण गरिएको छ।<br>• बहुप्रकोपीय पूर्वसूचना प्रणालीको राष्ट्रिय अवधारणा र वित्तीय व्यवस्थापन कार्ययोजना तर्जुमा कार्य शुरु भएको। |
| २ | ४०१ | डढेलोवाट हुने क्षति न्यूनीकरण गर्न नेपाली सेनाको व्यवस्थापनमा परिचालन हुनेगरी पानी खन्याउने वकेट सहितको हेलिकप्टर तथा अन्य उपकरणहरू तयारी अवस्थामा राखिनेछ। विपद् व्यवस्थापनमा सुरक्षा लगायत सम्वद्द सबै निकाय समन्वयात्मक रूपमा क्रियाशील हुने व्यवस्था मिलाईनेछ। | • डढेलोबाट हुने क्षति न्यूनीकरण गर्न अग्नि नियन्त्रण सामग्रीहरू खरिद गरीडढेलोको उच्च जोखिममा रहेका जिल्लाहरूका डिभिजन वन कार्यालय र जिल्ला प्रशासन कार्यालयहरूलाई हस्तान्तरण गरिएको।<br>• गोताखोर सम्बन्धी तालिम साधन र उपकरण खरिद गरी सशस्त्र प्रहरी बल नेपालसँगको सहकार्यमा गोताखोर तालिम सञ्चालन गरिएको छ। |
| ३ | ४०२ | विपद् उद्दार तथा व्यवस्थापनको लागि सबै प्रदेशमा मल्टिपर्पोज रोवोटिक फायर फाइटिङ, अत्याधुनिक फायर व्रिगेड, मल्टिसिटर एम्वुलेन्स, रेस्क्यु भेहिकल र सबै स्थानीय तहमा दमकल व्यवस्था गरी अग्निजन्य विपद् न्यूनीकरण र व्यवस्थापन गरिनेछ। | • रोवोटिक फायर फाइटिङ ईक्विपमेण्टको स्पेशिफिकेशन तयार हुने क्रममा रहेको। मल्टिसिटर एम्वुलेन्स र रेस्क्यु भेइकल खरिदको कार्य सम्पन्न भएको छ। |
| ४ | ४०३ | विपद् पछिको पुनर्निर्माणलाई तीव्रता प्रदान गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संरचनागत सुधार गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। | • संरचनात्मक सुधारका लागि श्री गृह मन्त्रालय समक्ष प्रस्तावित संगठन संरचना र दरबन्दी पेश गरिएको छ। |

**३. आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वजेट तथा कार्यक्रमको आषाढ मसान्त सम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरणः**

| क्र. सं. | शीर्षक | विनियोजित बजेट (रु लाखमा) | खुद बजेट (रु लाखमा) | खर्च (रु लाखमा) | आ.व. ०७८/७९ को प्रगति % | |
|---|---|---|---|---|---|---|
| | | | | | वित्तीय | भौतिक |
| १ | चालु | १६१५ | १६७२ | ९१८ | ५४.९३ | |
| २ | निजी आवास पुनर्निर्माण अनुदान | ७९४० | ७९४० | ७९२५ | ९९.८१ | |
| ३ | पुँजीगत | १४११४ | २४११४ | ७४७१ | ३०.९८ | |
| | जम्मा | २३६६९ | ३३७२६ | ६३१४ | ४८.३७ | |

स्रोतः राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

**४. आर्थिक वर्ष २०७८/०७९ को आषाढ मसान्त सम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरूः**

**क) तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू**

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको बाँकी काम सम्पन्न गर्न संशोधन सहित आठवटा कार्यविधि तयार गरी मिति २०७८/१०/१४ को कार्यकारी समितिको निर्णयवाट स्वीकृत भएको ।
- स्वयंसेवक व्युरो गठन तथा परिचालन कार्यविधि, २०७८ मिति २०७८/१०/१४ को कार्यकारी समितिको निर्णयवाट स्वीकृत भएको ।
- मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि २०७७ र आगलागिजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि २०७८ मिति २०७८/१०/१४ को कार्यकारी समितिको निर्णयवाट संशोधन भएको ।

**ख) अन्य सम्पादित महत्वपूर्ण कार्यहरू**

- **विपद् जोखिम आँकलन, अध्ययन अनुसन्धान र क्षमता विकास**
  - ✓ मनाङको तालगाउँ, सिन्धुपाल्चोकको हेलम्बु र मेलम्ची, डडेलधुराको सिगास तथा वैतडीको गन्यापधुरा लगायत वाढी पहिरोग्रस्त क्षेत्रमा भएको क्षतिका सम्बन्धमा प्राविधिक भौगर्भिक अध्ययन कार्य गरिएको ।
  - ✓ तराई तथा चुरिया क्षेत्रमा हुने बाढी एवम् डुबान सम्बन्धमा सप्तरीको खाँडो नदीमा अध्ययन कार्य सम्पन्न भएको छ ।
  - ✓ बहुप्रकोपीय जोखिम आँकलनका लागि अध्ययन अनुसन्धानका साथसाथै सार्वजनिक भवन तथा संरचनाहरूको Structural Integrity Assessment सम्बन्धी कार्य अगाडी बढाईएको छ ।
  - ✓ अध्ययन अनुसन्धानको लागि विज्ञ टोलीको उपयोग र परिचालन सम्बन्धी कार्य निरन्तर रूपमा भईरहेका छन् ।

- ✓ प्रदेश र स्थानीय तहका लागि विपद सम्बन्धी अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको ।
- ✓ सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालयसँगको सहकार्यमा चितवनको कुरिनटारमा गोताखोर तालिम सञ्चालन गरिएको ।
- ✓ Emergency Preparedness and Response System (EPRS) को हालको अवस्था, समस्या, चुनौति र प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने उपायहरूका सम्बन्धमा अध्ययन कार्य अन्तिम चरणमा रहेको छ।

➢ **विपद पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यहरू**

- ✓ प्रत्येक जिल्लामा रु. १ लाख ५० हजारका दरले वजेट पठाई ७७ वटै जिल्लामा विपदसँग सम्बन्धित कृत्रिम घटना अभ्यास तथा तालिम कार्यक्रम सञ्चालन गरिएको ।
- ✓ नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका लागि आवश्यक खोज तथा उद्धार सामाग्री खरिद गरी हस्तान्तरण गरिएको ।
- ✓ सिन्धुपाल्चोक र धनुषा जिल्लामा विपद् प्रभावितहरूका लागि मनोसामाजिक परामर्श तालिम कार्यक्रम सञ्चालन गरिएको ।
- ✓ प्राधिकरण र जल तथा मौसम विज्ञान विभागको सहकार्यमा सिन्धुपाल्चोक, रसुवा, म्याग्दी र बाग्लुङ जिल्लाका १६ वटा स्थानीय तहहरूका लागि प्रभावमा आधारित मौसम पूर्वानुमान सम्बन्धी कार्यक्रम पहिलो चरणमा पाईलटिङ सम्पन्न भएको छ।
- ✓ प्रदेशको सशस्त्र प्रहरी बल, नेपालबाट सञ्चालन गरिने गरी ८/८ वटा सुविधासम्पन्न एम्बुलेन्स र सामुहिक विपद् उद्दार एम्बुलेन्स खरिद सम्बन्धी कार्य सम्पन्न भएको छ।
- ✓ स्वयंसेवक व्यूरो गठन तथा परिचालनकार्यविधि तर्जुमा भईसकेको र सो सम्बन्धी प्रणाली विकास भईरहेको ।
- ✓ देशभरमा रहेका विपद्को समयमा आवश्यक पर्ने खोज तथा उद्दार सामग्रीहरूको National Inventory System निर्माणको कार्य भईरहेको छ।

➢ **सञ्चार र समन्वय**

- ✓ सञ्चार रणनीतिको प्रारम्भिक मस्यौदा कार्यदलबाट तयार भईसकेको छ।
- ✓ विपद् सूचना सूचारका लागि विभिन्न माध्यमहरूको प्रयोग गरिएको - प्रेस मिडिया, वेवसाइट तथा पोर्टलहरू, सामाजिक सञ्जाल फेसबुक, ट्वीटर र युट्युव ।
- ✓ रेडियो र टेलिभिजनबाट जनचेतनामूलक सामाग्रीहरू (बहुभाषामा) उत्पादन र प्रसारण ।
- ✓ bipad.gov.np, bipadportal.gov.np, mdsa.bipad.gov.np/drrportal.gov.np (by NEOC) जस्ता सूचना प्रणालीको सञ्चालन, उपयोग ।

- ✓ दैनिक विपद् बुलेटिन प्रकाशन तथा प्रशारण एवम् मासिक रूपमा राष्ट्रिय विपद् बुलेटिन प्रकाशन तथा प्रसारण गरिएको ।

- ➢ **संस्थागत सुदृढीकरणका कार्यहरू**
  - ✓ मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ कार्यकारी समितिबाट स्वीकृत भई राष्ट्रियस्तरमा कार्यान्वयनको चरणमा रहेको छ।
  - ✓ विपद व्यवस्थापनमा साझेदार संस्थाहरूको परिचालन सम्बन्धी कार्यविधि र विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधिको मस्यौदा तयार गरी कार्यकारी समितिमा पेश हुने क्रममा रहेको छ।
  - ✓ विपद् उत्थानशील नेपालको राष्ट्रिय कार्यढाँचा, प्राधिकरणको सञ्चार रणनीति, Shock Responsive Social Protection सम्बन्धी कार्यविधि, विपद् व्यवस्थापनमा लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी रणणिति लगायत विपद् पोर्टल सञ्चालन कार्यविधि मस्यौदाको चरणमा रहेका छन् ।

- ➢ **विपद् प्रभावित निजी आवास पुननिर्माण सम्बन्धी**

  विपद् पश्चातको पुननिर्माण र पुनर्स्थापनामा "अझ राम्रो र बलियो" निर्माण गर्न जोड दिँदै २०७७ सालको मनसुन शुरु भएयता मनसुनजन्य विपद् प्रभावित निजी आवास पुननिर्माणको कार्य आगाडि बढाईएको छ। सो का लागि मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७७ र आगलागिजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ तर्जुमा भई कार्यान्वयन भईरहेका छन् । कार्यविधि बमोजिम विपद्का कारण क्षतिग्रस्त निजी आवासलाई सुरक्षित तरिकाले मर्मत प्रबलीकरण, पुननिर्माण र पुनर्स्थापनाका लागि आ.व. २०७८/०७९ मा ७९,२४,८३,७५० रुपैया अनुदान रकम सम्बन्धित जिल्लाहरूमा पठाईसकिएको छ।

- ➢ **प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा भएका क्रियाकलापहरू**
  - ✓ सातवटै प्रदेशस्तरीय विपद्सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन ।
  - ✓ ३ वटा प्रदेशमा वन डढेलोसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन ।
  - ✓ संखुवासभा, खोटाङ, प्युठान, सल्यान, अछाम, बाजुरा, जुम्ला र कालिकोट जिल्लामा सम्भावित विपद्जन्य जोखिमयुक्त जिल्लाहरूमा विपद् पूर्वतयारी सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम ।
  - ✓ २०७८ सालको विपद्का कारण विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएका ३३ वटा स्थानीय तहको लागि स्थानीय विपद् उत्थानशीलता कार्यढाँचा (LDRF) तर्जुमा गरिएको ।
  - ✓ वुटवल उपमहानगरपालिका, बेलका नगरपालिका र खाँदबारी नगरपालिकामा स्थानीय तहसँगको लागत सहभागितामा जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्थानीय विपद् व्यवस्थापन कोषमा रकम उपलब्ध गराईएको ।

- ✓ वुटवल उपमहानगरपालिका, सरावल गाउपालिका, राजापुर नगरपालिका, राजपुर गाँउपालिकामा लैंगिक मैत्री आश्रयस्थल निर्माणको डिपिआर तयार गरिएको ।

**५. समस्या तथा चुनौतीहरू**

- ➢ **जनशक्ति व्यवस्थापन (संगठन तथा व्यवस्थापन)**
  - ✓ मौजुदा सँगठन संरचना बमोजिम प्राविधिक कर्मचारीको व्यवस्था हुन नसक्नु ।
  - ✓ प्राविधिक जनशक्तिको पर्याप्त उपलब्धता नहुनु ।
  - ✓ विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषयमा कर्मचारीको क्षमता अभिवृद्धि गरी जनशक्ति स्थायित्व कायम राख्नु चुनौतियुक्त भएको ।
  - ✓ ऐन प्रदत्त काम कर्तव्य र अधिकारको प्रयोग गर्न सक्षम हुने गरी प्राधिकरणको पुनर्संरचना गर्नु चुनौतीपूर्ण रहेको ।
- ➢ **कार्यालय व्यवस्थापन**
  - ✓ प्राधिकरणको आफ्नो भवन नभएको र प्राधिकरणले प्रयोग गरिरहेको भवन र संरचना अपर्याप्त रहेको ।
  - ✓ जग्गा प्राप्ति र भवन निर्माणको कार्य चुनौतिपूर्ण भएको ।
  - ✓ अन्तरनिकाय समन्वय तथा सहकार्य प्रभावकारी हुन नसकेको ।
  - ✓ भौगर्भिक गतिविधिको अध्ययन अनुसन्धानमा स्रोत साधन र दक्ष प्राविधिक जनशक्तिको कमी हुनु ।
  - ✓ विपद् सम्बन्धी सचेतना विकासका लागि अपेक्षित रूपमा लगानी वद्धि गर्न नसकिनु ।
  - ✓ देशव्यापी रूपमा जोखिम नक्शांकन गर्ने सम्बन्धमा विपद पोर्टललाई वास्तविक सूचनाको स्रोतका रूपमा विकास गर्नु ।

**समाधानका उपायहरू**

- ✓ ऐन प्रदत्त काम, कर्तव्य र अधिकारको प्रयोग गर्न सक्षम हुने गरी प्राधिकरणको पुनर्संरचना गर्नुपर्ने ।
- ✓ रणनीतिक कार्ययोजना, राष्ट्रिय विपद प्रतिकार्य ढाँचा कार्यान्वयन गर्न संस्थागत संरचनाको विकास गर्नुपर्ने, कर्मचारीको मनोबल र उत्प्रेरणा अभिवृद्धि गर्नुपर्ने ।
- ✓ भौगर्भिक गतिविधिको अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्दै दक्ष प्राविधिक जनशक्तिलाई आकर्षित गर्नुपर्ने ।
- ✓ विपद् सम्बन्धी सचेतना विकासका लागि लगानी वद्धि गर्नुपर्ने ।
- ✓ विपद प्रतिकार्य सँगसँगै विपद जोखिम न्यूनीकरणलाई समेत महत्वका दिँदै कार्यक्रमहरू ल्याउनुपर्ने ।

## २.२ नेपाल प्रहरी

**क. पृष्ठभूमि/परिचय**

आ.व. २०७८।०७९ मा नेपाल प्रहरी सँगठनको सांगठनिक विकासलाई मूर्तरूप दिन नेपाल प्रहरी कार्ययोजना, २०७७।०७८ कार्यान्वयन गरिएको थियो। त्यसैगरी आ.व. २०७८।०७९ को बजेट कार्यान्वयन कार्ययोजना (Milestone) समेत कार्यान्वयन गरिएको थियो। गृह प्रशासन सुधार योजना, २०७८ समेत जारी भइ कार्यान्वयन भइरहेको छ। अपराध नियन्त्रण तथा अनुसन्धानलाई सबल बनाउन छुट्टै विशिष्टिकृत कार्ययोजना समेत निर्माण भइ कार्यान्वयन भइरहेको छ। आ.व. २०७८।०७९ मा प्रहरी नियमावली, २०७१ को नवौं संशोधन भइ नेपाल प्रहरीको पद सोपानमा प्रहरी सहायक हवल्दार, प्रहरी वरिष्ठ हवल्दार र प्रहरी वरिष्ठ नायव निरीक्षक पद थप, प्रहरी कार्यालय सहयोगीहरूको पाँच तहमा श्रेणी विभाजन लगायतका व्यवस्था भएकोमा उल्लेखित व्यवस्था बमोजिम नेपाल प्रहरी र प्रदेश प्रहरीको सँगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन प्रतिवेदन,२०७८ नेपाल सरकारबाट स्वीकृत भइ थपिएका पदहरूलाई संगठन संरचनामा मिलान गरी बढुवा तथा पदस्थापन समेत सम्पन्न भइसकेको छ। आ.व. २०७८।०७९ मा नेपाल प्रहरीले हासिल गरेका विविध उपलब्धिहरू समेटी यस संक्षिप्त प्रगति विवरण तयार गरिएको हो।

**ख. दीर्घकालीन सोचः**

✓ **दुरदृष्टिः**

नागरिक केन्द्रित, स्वच्छ र व्यावसायिक प्रहरी सेवा।

✓ **अनुष्ठानः**

कानूनी राज्यको मूल अवधारणाबाट निर्दिष्ट प्रभावकारी अपराध नियन्त्रण र अनुसन्धान एवं कानून कार्यान्वयनद्वारा समाजमा शान्ति, सुव्यवस्था एवं सुरक्षा स्थापना गर्न प्रतिवद्ध राष्ट्र प्रति समर्पित स्वच्छ एवं व्यावसायिक प्रहरी।

**ग. उद्देश्यः**

✓ राज्यको मूल प्रवाहमा रहेर प्रहरी सँगठनको पुनर्संरचना, सुदृढीकरण तथा आधुनिकीकरण गर्ने,

✓ प्रमाण र प्रविधिको उच्चतम प्रयोग मार्फत अपराध अनुसन्धान र नियन्त्रण गर्ने,

✓ समुदाय तथा सरोकारवाला निकायसँग समेत सहकार्य गर्दै पारदर्शी तथा निष्पक्ष सेवा प्रवाहमा प्रहरीलाई जवाफदेही बनाउने,

✓ प्रहरी कारवाहीलाई थप परिष्कृत बनाउने,

✓ उच्च मनोवलयुक्त प्रहरी कर्मचारीको विकास तथा व्यवस्थापन र

✓ प्रहरी कर्मचारी हितमुखी कल्याणकारी कार्यक्रमहरूको विकास तथा बिस्तार गर्ने।

**घ. रणनीतिः**

- ✓ सङ्घीय संरचना र आन्तरिक सुरक्षा व्यवस्थापन सुदृढीकरण।
- ✓ विशिष्टिकृत तथा वैज्ञानिक अपराध अनुसन्धान प्रणालीको विकास।
- ✓ प्रहरी कारबाही (Police Operation) प्रभावकारिता अभिवृद्धि।
- ✓ प्रहरी सेवा प्रवाह तथा प्रविधिमैत्री प्रहरी (Police Service Delivery and Technology friendly) विकास।
- ✓ मानव अधिकार प्रवर्द्धन तथा नागरिक केन्द्रित प्रहरी सेवा प्रवाहमा सुदृढीकरण।
- ✓ कार्य सम्पादनमा आधारित जनशक्ति व्यवस्थापन सुदृढीकरण।
- ✓ वैज्ञानिक र आवश्यकतामा आधारित प्रशिक्षण प्रणाली विकास।
- ✓ कल्याणकारी योजनाहरूको क्षेत्र र पहुँच अभिवृद्धि।

**ङ. जनशक्ति विवरण (स्वीकृत दरबन्दी, पदपूर्ति, रिक्त वा फाजिल):**

- ✓ आ.व. २०७८।०७९ मा नेपाल प्रहरीको स्वीकृत दरबन्दी, पदपूर्ति गरिएको दरबन्दी र रिक्त दरबन्दी विवरण तल प्रस्तुत गरिएको छ।

**तालिका २.२.१: नेपाल प्रहरीको स्वीकृत दरबन्दी विवरण**

| क.सं | पद | विद्यमान दरबन्दी | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जनपद | प्राविधिक | जम्मा | |
| १ | प्रहरी महानिरीक्षक | १ | ० | १ | |
| २ | प्रहरी अतिरिक्त महानिरीक्षक | ८ | १ | ९ | |
| ३ | प्रहरी नायव महानिरीक्षक | २० | ७ | २७ | |
| ४ | प्रहरी बरिष्ठ उपरीक्षक | ५७ | २२ | ७९ | |
| ५ | प्रहरी उपरीक्षक | १३३ | ३७ | १७० | |
| ६ | प्रहरी नायव उपरीक्षक | ३४५ | १०८ | ४५३ | |
| ७ | प्रहरी निरीक्षक | १२५२ | २३६ | १४८८ | |
| ८ | प्रहरी बरिष्ठ नायव निरीक्षक | ११७१ | २४७ | १४१८ | |
| ९ | प्रहरी नायव निरीक्षक | २३७७ | ५०१ | २८७८ | |

| क्र.सं | पद | विद्यमान दरबन्दी | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जनपद | प्राविधिक | जम्मा | |
| १० | प्रहरी सहायक निरीक्षक | ६८०१ | ९८४ | ७७८५ | |
| ११ | प्रहरी बरिष्ठ हवल्दार | ३३८३ | ३६५ | ३७४८ | |
| १२ | प्रहरी हवल्दार | १०१४९ | १०९२ | ११२४१ | |
| १३ | प्रहरी सहायक हवल्दार | १४५६७ | ६८६ | १५२५३ | |
| १४ | प्रहरी जवान | २९५७३ | १३९३ | ३०९६६ | |
| १५ | प्रहरी कार्यालय सहयोगी | ३०३१ | ० | ३०३१ | |
| १६ | प्रशिक्षार्थी प्रहरी निरीक्षक | ३० | ० | ३० | |
| १७ | प्रशिक्षार्थी प्रहरी सहायक निरीक्षक | १३० | ० | १३० | |
| १८ | प्रशिक्षार्थी प्रहरी जवान | ८३४ | ० | ८३४ | |
| कूल जम्मा | | ७३८६२ | ५६७९ | ७९५४१ | |

*स्रोतः नेपाल प्रहरी*

**तालिका २.२.२: नेपाल प्रहरीको पदपूर्ति विवरण** (आ.व. २०७८।०७९)

| सि.नं | आ.व.२०७८/०७९ पदपूर्ति | प्रगति |
|---|---|---|
| १ | • विभिन्न कारणले रिक्त हुन आएका जनपद/प्राविधिक सेवा समुहका विभिन्न रिक्त पदहरूमा खुल्ला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुरूप उत्तीर्ण भएका निम्न संख्याका उम्मेदवार हरूलाई नयाँ नियुक्ति तथा पदस्थापन गरिएको:- | विभिन्न कारणले रिक्त रहेको पदहरूको नियुक्ति तथा पदस्थापन समयमानै भई संगठनको आन्तरिक जनशक्ति सन्तुलित रहेको। |
| | प्राविधिक तर्फः- प्रा.प्र.ज.-८५७ | |
| | जनपद तर्फः- प्र.नि.-१, प्र.स.नि.-५०३, प्र.ज.-५३१८ र प्र.का.स.-२२० गरी जम्मा-६०४२ जना। | |
| | कुल जम्माः- ६८९९ जना। | |

*स्रोतः नेपाल प्रहरी*

तालिका २.२.३: रिक्त दरबन्दी विवरण (आ.व. २०७८। ०७९)

| सि.नं. | दरबन्दी समूह | प्रमनि | प्रअमनि | प्रनामनि | प्रबउ | प्रउ | प्रनाउ | प्रनि | प्रवनानि | प्रनानि | प्रसनि | प्रवह | प्रह | प्रसह | प्रज | प्रकास | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जनपद तर्फ | ० | ० | ० | ० | ० | १४ | ० | ४ | १० | ६३ | ४ | ६१ | ० | २५०० | २५० | २९०६ |
| २ | प्राविधिक तर्फ | ० | ० | ० | २ | १२ | १२ | २० | २५ | ३४ | ८८ | ६० | ४८ | २८१ | ९७ | ० | ६७९ |
| जम्मा खाली | | ० | ० | ० | २ | १२ | २६ | २० | २९ | ४४ | १५१ | ६४ | १०९ | २८१ | २५९७ | २५० | ३५८५ |

*स्रोतः नेपाल प्रहरी*

**तालिका २.२.४: आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्यमा समेत) उल्लिखित नीति तथा कार्यक्रमहरू (MILESTONE) को २०७९ आषाढ मसान्तसम्मको प्रगति विवरण**

| क्र. सं. | बुँदा नं | बजेट/ प्रतिस्थापन बजेट | वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|---|---|
| १२ | ३९७ | रु.२२,३१,२६५,०००/- (दुई अर्ब तेईस करोड बाह्र लाख पैसठ्ठी हजार मात्र) | कानून कार्यान्वयन गर्ने निकायहरूलाई समन्वयात्मक रूपमा परिचालन गरी लागू औषध उत्पादन, ओसारपसार र बेचविखन नियन्त्रण गरिनेछ। युवा र बालबालिकालाई कुलतबाट जोगाउन सामुदायिक संघ संस्थानसँगको समन्वयमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ। आधुनिक उपकरण, सूचना प्रविधिको प्रयोग तथा तालिमको माध्यमबाट सुरक्षा निकायलाई सबल बनाई मानव बेचविखन नियन्त्रण गरिनेछ। | • क्रियाकलाप २८ः अपराध नियन्त्रण कार्य योजना (CAP) को प्रभावकारी कार्यान्वयन गर्न तथा Digital Forensic Lab को स्तरवृद्धिको लागि आवश्यक Equipment's खरिद गर्न मिति २०७९/०१/२७ गते अन्तरराष्ट्रिय स्तरको बोलपत्र आव्हान लागि पुनः बोलपत्र आवाहन गरी मिति २०७९/०२/१७ गते खोली नियमानुसार सम्झौता गरी नेपाल राष्ट्र बैकमा प्रतित पत्र खोल्नको लागि पठाइएको।<br>• **क्रियाकलाप** २९ः नेपाल प्रहरीलाई आवश्यक पर्ने हातहतियारका गोलीगठ्ठा, विस्फोटक पदाथ{, Firing Simulator र भीड नियन्त्रणका असबाब सामाग्रीहरू लगायतका सुरक्षा उपकरणहरू खरिद अन्तर्गत .38mm Tear Gas Shell खरिद सम्बन्धी प्रतीतपत्र खोलिएको, राईट कन्ट्रोल गियर हेलमेल र सिल्ड ढाल र Firing Simulator खरिद कार्य पूरा गरी सम्झौता भई प्रतीतपत्र खोलिएको। एस.एल.आर.को गोली र ९ एम.एम. पिस्तोलको गोली नेपाली सेनाबाट खरिद गरिएको, विस्फोटक पदार्थ नेपाली सेनाबाट खरिदको लागि तालुक गृह मन्त्रालयमा पत्राचार गरिएको। |

| क्र. सं. | बुँदा नं | बजेट / प्रतिस्थापन बजेट | वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|---|---|
| | | | | • **क्रियाकलाप ३०:** साईवर अपराधको अनुसन्धानलाई थप प्रभावकारी बनाउन आवश्यक उपकरण तथा प्रविधि खरिद तर्फ संचार तथा उपकरण Digital Forensic Lab Equipment को मिति २०७९/२/१३ गते नेपाल राष्ट्र बैङ्कमा प्रतीतपत्र (LC) खाता समेत खोली कार्यान्वयनका चरणमा रहेको । बिजुली एवं विद्युत उत्पादनसँग सम्बन्धी उपकरण, सामान, औजार यन्त्र खरिद तर्फः Forensic Tool License Renew को ठेक्का स्वीकृत भई सम्झौता अनुसारको सामान प्राप्त भएको ।<br>• **क्रियाकलाप ३१:** अपराध नियन्त्रणका लागि काठमाडौं उपत्यकामा विभिन्न स्थानमा १४५ वटा CCTV जडान कार्य सम्पन्न भएको ।<br>• **क्रियाकलाप ३२:** अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन विधि विज्ञान प्रयोगशालाको लागि Cold Chamber र Incinerator खरिद भएको ।<br>• **क्रियाकलाप ३३:** कुकुरको प्रयोग गरी अपराध अनुसन्धान गर्न कुकुर ल्याउन लैजान आवश्यक पर्ने २ वटा Kennel Fitted Vehicle खरिद भइ सञ्चालनमा ल्याइएको ।<br>• **क्रियाकलाप ३४:** स्वीकृत वार्षिक तालिम क्यालेण्डर अनुसार नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीहरूको ज्ञान, सीप, क्षमताको विकास गरी सक्षम जनशक्ति तयार गर्न ३२,७५७ जना प्रहरी कर्मचारीहरूलाई विभिन्न तालिमहरू प्रदान । |

| क्र. सं. | बुँदा नं | बजेट/ प्रतिस्थापन बजेट | वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|---|---|
| | | | | • **क्रियाकलाप ३५:** अपराध नियन्त्रण कार्य योजना (CAP) को प्रभावकारी कार्यान्वयन गर्न अपराध अनुसन्धानको क्षेत्रमा कार्यरत प्रहरी कर्मचारीहरूलाई NCIC Application Software Online Training- मुद्दा चल्ने सबै कार्यालयलाई ४ चरणमा ४४५ जना र Technical investigation and analysis training १११ जना प्रनानि देखि प्रज दर्जासम्मको प्रशिक्षार्थीहरूलाई तालिम प्रदान गरिएको। आ.व. २०७८/०७९ को प्रभाव मुल्यांकन गरी आ.व. २०७९/०८० को लागि Training need Analysis गरी NCIC Application Software Online Training र Technical Analysis and CDR training ३०० जनालाई विभिन्न चरणमा तालिम गराउने लक्ष्य रहेको ।<br>• **क्रियाकलाप ३६:** नेपाल प्रहरीको नियमित बजेटबाट क्रमागत रूपमा रहेका ६५ वटा संरचनाको निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा ५४ वटा आयोजना निर्माण सम्पन्न ११ वटा आयोजना निर्माणाधिन। २०७८ असार महिनासम्म औसत ८३.०८ प्रतिशत प्रगति भएको ।<br>• **क्रियाकलाप ३७:** समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत स्थानीय तह र विद्यालय स्तर सम्ममा ३० हजार स्थानमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा ३८,२९१ (सामुदायिक कार्यक्रम- ३६,००४, विद्यालय केन्द्रित- २,२८७) जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको कार्यक्रमबाट लाभान्वित संख्या :-३३,९१,७५६ जना । |

| क्र. सं. | बुँदा नं | बजेट/ प्रतिस्थापन बजेट | वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|---|---|
| | | | | • **क्रियाकलाप ३८:** विपद् व्यवस्थापनका लागि आवश्यक यन्त्र उपकरण खरिद गर्न विपद्व्यवस्थापनसँग सम्बन्धित उपकरणहरू मध्ये firefighting suits 20 थान, firefighting boots 20 थान, firefighting helmet 16 थान, firefighting gloves 10 थान, firefighting mask 20 थान, firefighting gas mask filters 20 थान खरिद भएको, बाँकी अन्य सामानहरूको लागि बिनियोन भएको रकम अपुग भएकोले खरिद हुन नसकेको ।<br>• **क्रियाकलाप ३९:** विपद् व्यवस्थापन आधारभूत तालिम ५ समूहमा जम्मा १४१ जना प्रशिक्षार्थीहरूलाई तालिम प्रदान गरिएको । |

*स्रोतः नेपाल प्रहरी*

**तालिका २.२.५: आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रमको आषाढ मसान्तसम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरण:**

| क्र. सं. | बजेट उपशीर्षक | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३११४०४०११ | प्रहरी प्रधान कार्यालय | ४४२५९०४.०२२ | ९२८०६७.७८८ | ५३५३९७१.८१ | ४३३२१०० | ८२६९४५ | ५१५९०४५ | ९७.८८ | ८९.१ | ९६.३६ |
| २ | ३११४०४०१२ | महानगरीय प्रहरी | ६४८९६१२.३८४ | ८२०२४७.३४६ | ७३०९८५९.७३ | ६४४९४३३ | ८०९३८१ | ७२५८८१४ | ९९.३८ | ९८.६८ | ९९.३ |
| ३ | ३११४०४०१३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ७१२०२६.०९३ | ५७१५०० | १२८३५२६.०९३ | ६८६४२० | ५६४५३१ | १२५०९५१ | ९६.४ | ९८.७८ | ९७.४६ |

| क्र. सं. | बजेट उपशीर्षक | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| ४ | ३१४०४०१४ | प्रदेश प्रहरी कार्यालयहरू | ७१४०२४३.५७१ | १५६९२२.९९ | ७२९७१६६.५६१ | ७०७८६५९ | १५१८२६ | ७२३०४८५ | ९९.१४ | ९६.७५ | ९९.०९ |
| ५ | ३१४०४०१५ | नेपाल प्रहरी अस्पताल | ६३०९६५.२६ | २५१३१३.३३ | ८८२२७८.५९ | ५९६८७४ | २४७७४७ | ८४४६२२ | ९४.६ | ९८.५८ | ९५.७३ |
| ६ | ३१४०४०१६ | जिल्ला प्रहरी कार्यालयहरू | २९८३१४१६.३३१ | ९६३८९८.५४६ | ३०७९५३१४.८७७ | २९५८४०६५ | ९०८९३५ | ३०४९२९९९ | ९९.१७ | ९४.३ | ९९.०२ |
| ७ | ३१४०४१०३ | त्रि-वर्षिय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ९६०० | ७२७०० | ८२३०० | ८७२६ | ७२१३८ | ८०८६३ | ९०.८९ | ९९.२३ | ९८.२५ |
| कुल जम्मा | | | ४९२३९७६७.६६१ | ३७६४६५० | ५३००४४१७.६६१ | ४८७३६२७७ | ३५८१५०३ | ५२३१७७७९ | ९६.७८ | ९६.४९ | ९७.८९ |

*स्रोतः* Line Ministry Budget Information System (LMBIS)

**(च) आर्थिक वर्ष २०७८/०७९ को आषाढ मसान्तसम्म भएका मुख्य मुख्य कार्यहरू**

**तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू (संशोधन मिति समेत): प्रहरी नियमावली, २०७१ को नवौँ र दशौँ संशोधन**

- ✓ प्रहरी नियमावली, २०७१ को नवौँ संशोधन मार्फत नेपाल प्रहरीमा प्रहरी कार्यालय सहयोगीहरूको स्तरवृद्धि, प्रहरी सहायक हवल्दार, प्रहरी वरिष्ठ हवल्दार र प्रहरी वरिष्ठ नायव निरीक्षकको नयाँ पद सृजना, अवकाश पूर्व १ महिना अघि कुनै पदमा ८ वर्ष अवधि पुगे पश्चात् प्र.ना.उ. दर्जासम्मको प्रहरी कर्मचारीलाई एक तह पदोन्नतिको व्यवस्था मिति २०७८/१०/०३ गते राजपत्रमा प्रकाशित भएको।
- ✓ प्रहरी नियमावली, २०७१ को दशौँ संशोधन मार्फत नवौं संशोधनद्वारा सृजना भएका नयाँ पदहरूमा बढुवा गर्दा एक पटकका लागि जेष्ठतालाई आधारमा बढुवा समितिले सिफारिस गरे बमोजिम हुने। मिति २०७८/१२/१० गते राजपत्रमा प्रकाशित भएको।
- ✓ संशोधित नियमावलीको व्यवस्था बमोजिम नेपाल प्रहरी र प्रदेश प्रहरीमा थप पद बमोजिम दरबन्दी कायम गर्न सँगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन गरीसोको प्रतिवेदन नेपाल सरकारबाट मिति २०७८/११/०५ मा स्वीकृत र सो बमोजिम प्रहरी सहायक हवल्दार-१५,२५३, प्रहरी वरिष्ठ हवल्दार-३,७४८, प्रहरी वरिष्ठ नायव निरीक्षक-१,४१८ गरी जम्मा २०,४१९ पदमा बढुवा तथा पदस्थापन कार्य सम्पन्न।

अ. **नवप्रवर्तनीय कार्यहरूको विवरण:**

- ✓ प्रहरी नियमावली, २०७१ को नवौँ संसोधन राजपत्रमा मिति २०७८।१०।०३ गते प्रकाशित भएको। संशोधित नियमावलीमा विभिन्न दर्जा थप सिर्जना, प्रहरी कार्यालय सहयोगीहरूको पाँच तहमा स्तरवृद्धिको व्यवस्था, निवृत्तिभरण पाउने सेवा अवधि पुगेको एउटै पदमा आठ वर्ष बहाल रहेको प्रहरी नायव उपरीक्षक वा सो भन्दा मुनीका प्रहरी कर्मचारीलाई एक तह पदोन्नतिको व्यवस्था आदि रहेको।
- ✓ कल्याणकारी योजना विस्तारतर्फ घर-जग्गा खरिद, निर्माण तथा मर्मत संभार गर्नका लागि प्र.का.स. देखि प्र.ना.उ. सम्मका प्रहरी कर्मचारीहरूलाई रु.१० (दश) लाख सम्म वार्षिक ७% (सात) ब्याजदरमा घर-जग्गा खरिद, निर्माण तथा मर्मत संभार सहुलियत ऋण सुविधा दिने व्यवस्था कार्यान्वयन।
- ✓ वहालवाला सम्पूर्ण दर्जाका प्रहरी कर्मचारीहरूलाई समान रूपले रु.४ (चार) लाख सम्म वार्षिक ७ % (सात प्रतिशत) ब्याजदरमा सहुलियत ऋण सुविधाको व्यवस्था।
- ✓ नेपाल प्रहरीको दीर्घकालीन रूपान्तरण अवधारणा, २०७८ (Nepal Police Long Term Transformation Concept Report, 2078) तयार भई मिति २०७८/१२/२४ गते प्रहरी महानिरीक्षकज्यूबाट स्वीकृत भएको।
- ✓ "नेपाल प्रहरीमा युवा आकर्षण" (Attraction of Youths in Nepal Police) विषयमा शोध अध्ययन कार्य सम्पन्न।

**आ. प्रदेश सरकारको बजेटबाट सञ्चालित आयोजना विवरणः**

- ✓ निर्माणाधीन आयोजना १०६ वटा जसमध्ये २४ वटा आयोजना निर्माण सम्पन्न, ८२ वटा आयोजना निर्माणाधीन रहेको ।

**इ. रणनैतिक सुधार योजनाको प्रगतिको विवरण**

- ✓ विशिष्टिकृत तथा वैज्ञानिक अपराध अनुसन्धान प्रणालीको विकास र सूचना प्रविधिको उपयोगद्वारा प्रविधि मैत्री प्रहरी सेवा प्रदान गर्नेगर्ने सम्बन्धमा गृह मन्त्रालयको मिति २०७८/११/२२ गतेको निर्णय (सचिवस्तरको) अनुसार अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजना (Crime Action Plan–CAP) स्वीकृत भई कार्यान्वयनमा रहेको ।

➢ **नेपाल प्रहरी कार्य योजना, २०७७–२०७८ को संक्षिप्त कार्य प्रगति विवरण**

- ✓ **संघीय पुनर्संरचनाको आधार तयारः** सङ्घीयतामा नेपाल प्रहरीलाई रूपान्तरण गर्न प्रहरी समायोजन ऐन, २०७६ बमोजिम नेपाल प्रहरी र प्रदेश प्रहरीको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७७ र पुनरावलोकन प्रतिवेदन, २०७८ तर्जुमा भइ नेपाल सरकारबाट स्वीकृत भइ कार्यान्वयन भइरहेको ।
- ✓ सङ्घीयता नेपाल प्रहरीलाई रूपान्तरण गरी प्रभावकारी कार्य सञ्चालन गर्न नेपाल प्रहरी र प्रदेश प्रहरी ऐन, २०७६ तथा सोको अध्यादेश २०७७ को अधीनमा रही सोको नियमावली, ९ वटा निर्देशिका र ४ वटा मापदण्डको मस्यौदा तयार गरिएको ।
- ✓ **संगठनको दीर्घकालीन विकासः** नेपाल प्रहरी दीर्घकालीन रूपान्तरण अवधारणा प्रतिवेदन, २०७८ तर्जुमा गरी २०७८। १२। २४ गते प्रहरी महानिरीक्षकबाट स्वीकृत भई कार्यान्वयन भइरहेको ।
- ✓ **नेपाल प्रहरीको इतिहास लेखनः** नेपाल प्रहरी इतिहास लेखन कार्य सम्पन्न भइ प्रकाशनको क्रममा रहेको ।
- ✓ अपराध अनुसन्धान कार्य पद्धतिमा सुधारः जघन्य अपराध अनुसन्धान अन्तर्गत "अपराध अनुसन्धान कार्यनिर्देशन, २०७८", "मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुर अनुसन्धान कार्य निर्देशन, २०७८" र "डिजिटल प्रमाण (संकलन/प्रेषण) ह्याण्डलिङ कार्यनिर्देशन, २०७८", घटनास्थल अनुसन्धान कार्य निर्देशन २०७८ जारी गरी कार्यान्वयन ।
- ✓ **राष्ट्रिय अपराध सूचना सञ्जाल स्थापनाः** नेपाल सरकारका विभिन्न कसूरको अनुसन्धान गर्ने निकायहरूबीच सूचना सञ्जाल निर्माण गर्ने उद्देश्य अनुरूप राष्ट्रिय अपराध सूचना केन्द्र (National CrimeInformation Center–NCIC) को सफ्टवेयर निर्माण कार्य सम्पन्न भइ कार्यान्वयन गरिएको ।
- ✓ **Automated Fingerprint Information System (AFIS) विस्तार :** Automated Fingerprint Enrollment System (AFIS) प्रणालीलाई ४५ वटा थप मुद्दा चल्ने प्रहरी इकाईहरूमा विस्तार । (हालसम्म ८४ वटा AFIS Enrollment Station विस्तार ।

- ✓ **नेपाल प्रहरी विधिविज्ञान प्रयोगशाला विस्तार**ः नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, धरान र नेपालगञ्जमा Gas Chromatography Mass Spectrometer (GCMS) थान-२ (दुई) खरिद तथा जडान भइ  Viscera परीक्षण सेवा प्रारम्भ ।
- ✓ **नेपाल प्रहरी डिजिटल फरेन्सिक ल्यावको आधुनिकीकरण**ः नेपाल प्रहरी डिजिटिल फरेन्सिक ल्यावलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप विकास गरी ISO 17025 प्रमाणीकरणको लागि स्तरोन्नति तथा आधुनिकीकरण गर्ने कार्य प्रारम्भ ।
- ✓ Police Clearance Report पुर्णतः Online प्रणालीमा सञ्चालन भइरहेको ।
- ✓ **वृत्ति विकास प्रणालीमा सुधार**ः जुनियर प्रहरी अधिकृत, प्रहरी हवल्दार तथा प्रहरी जवानहरूको उत्प्रेरणा अभिवृद्धि सम्बन्धी सोध अध्ययन कार्य सम्पन्न गरी सोको प्रतिवेदनको आधारमा जुनियर प्रहरी अधिकृत तथा मातहत दर्जाको वृत्ति विकासमा देखिएको समस्यालाई सम्बोधन गर्न तथा अन्य सुरक्षा निकाय सरहको सेवा सुविधा सुनिश्चित गर्ने सम्बन्धी विषय समेटी प्रहरी नियमावली, २०७१ दशौं संशोधनको प्रस्ताब नेपाल सरकार (म.प.बाट) स्वीकृत भइ कार्यान्वयन । (प्रहरी सहायक हवल्दार-१५,२५३, प्रहरी वरिष्ठ हवल्दार-३,७४८, प्रहरी वरिष्ठ नायव निरीक्षक-१,४१८ गरी जम्मा २०,४१९ पदमा बढुवा तथा पदस्थापन कार्य सम्पन्न ।)
- ✓ **वार्षिक कार्य सम्पादन सम्झौता प्रणाली कार्यान्वयन**ः प्रहरी महानिरीक्षकबाट काठमाडौं उपत्यका प्रहरी कार्यालय प्रमुख र प्रदेश प्रहरी कार्यालय प्रमुखहरूसँग वार्षिक कार्य सम्पादन सम्झौता गरी प्रभावकारी अनुगमन तथा मूल्याङ्कन र समीक्षा प्रणाली कार्यान्वयन ।
- ✓ **कल्याणकारी कार्यक्रममा सुधार**ः कल्याणकारी कार्यक्रमलाई समयानुकूल स्तरोन्नति गर्न प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०७१ मा दोस्रो संशोधन गरी विभिन्न कल्याणकारी कार्यक्रमहरूमा सुधार गरिएको । (जस्तैः ऋण रकम वृद्धि, छात्रवृत्ति कोटा वृद्धि, घर सापटी कार्यान्वयन, शैक्षिक कर्जा, औषधोपचार कर्जा आदिको व्यवस्था)
- ✓ **सहुलियत पूर्ण घर सापटी कर्जा योजना विकास र कार्यान्वयन**ः २०७७ साउनदेखि हालसम्म प्रहरी कार्यालय सहयोगी देखी जुनियर प्रहरी अधिकृत दर्जासम्मको प्रहरी कर्मचारीहरूलाई सहुलियत पूर्ण घर सापटीकर्जा योजना विकास र कार्यान्वयन अन्तर्गत हालसम्म प्र.ना.नि.-३१, प्र.स.नि.-१२, प्र.ह.-३७ र प्र.ज.-१० गरी जम्मा ९० जना प्र.क.हरूलाई सहुलियत पूर्ण घर सापटी कर्जा उपलब्ध गराइएको । यस आ.व.मा २०७८ कार्तिकसम्म रु. ५४००००००।- रकम वितरण गरिएको ।
- ✓ आ.व.२०७८।०७९ बाट प्रहरी कर्मचारीहरूको राशन सुविधा १५% ले वृद्धि गरिएको ।
- ✓ नेपाल प्रहरी अस्पताल, महाराजगञ्जमा Oxygen Plant स्थापना गरी सञ्चालन, Telemedicine सेवा प्रारम्भ, प्र.ह./प्र.ज. लक्षित सेवालाई प्रभावकारी बनाइएको ।

(छ) **पन्ध्रौ योजना दिगो विकास लक्ष्य सम्बन्धी नेपाल प्रहरीसँग सम्बन्धित सूचकहरूको प्रगतिः**

| **गृहमन्त्रालय** | | | | | | | | | | **नेपाल प्रहरी** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क्र. सं.** | **नतिजा सूचक** | **दिगो विकास लक्ष्य नं.** | **समिक्षा अवधि** | **भार** | **एकाइ** | **बेसलाइन** | **स्रोत** | **वार्षिक लक्ष्य** | **सूचक स्रोत** | **प्रगति विवरण** | **कैफियत** |
| १ | दर्ता भएका लैंगिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धान | १६.१ | मासिक | १० | प्रतिशत | ७२.७८ | MTEF, pp 407 | ९५ | MTEF, pp 407 | ६९ प्रतिशत | आ.व.२०७८/०७९ श्रावण-असार महिनासम्म जम्मा दर्ता ४३४२, फर्छ्यौट २ ९८६, पेण्डिङ १३५६ (फर्छ्यौट प्रतिशत ६९%) |

(ज) **विगत चार वर्षको अपराध प्रवृत्ति विश्लेषण**

अपराधको संख्यात्मक बढोत्तरीले शान्ति सुरक्षाको अवस्था र जनताको चेतनास्तर समेतलाई मापन गर्दछ। समग्रमा विगत तीन वर्षको विभिन्न अपराधको तुलनात्मक विवरण हेर्दा संख्यात्मक रूपमा अपराधले घटेको जस्तो देखिन्छ। विगत तीन वर्षको तथ्याङ्कीय विवरण हेर्दा आ.व. २०७५/७६ मा कुल ४३,०५१ आ.व. २०७६/७७, ४१,८९८, आ.व. २०७७/७८, ४०,१२० र आ.व. २०७८/७९ मा ४६,९०२ अपराधका घटना घटेको देखिन्छ। आ.व २०७५/७६ को तुलनामा आ.व. २०७६/७७ मा २.७ प्रतिशत र आ.व २०७७/७८ मा ४.२४ प्रतिशतले अपराध घटेको देखिन्छ भने अघिल्लो वर्षको तुलना गर्दा करिब १७ प्रतिशतले अपराध बढेको देखिन्छ। यसले मुलुक शान्ति, स्थिरता र विकासमा प्रभाव पार्ने देखिन्छ।







अपराधको प्रकृतिको आधारमा आठ खण्डमा विभक्त गरी विभिन्न अपराधिक घटनाहरूको तथ्याङ्क समेटिएको छ। प्रकृतिका आधारमा सबैभन्दा बढी सामाजिक अपराध खण्डमा बढी अपराधिक घटना घटेको तथ्याङ्कले

देखाउँछ । तथापि गत वर्षको तुलनामा यस्तो प्रकृतिका अपराधका घटनामा वृद्धि हुनु समाजमा सामाजिक सद्भाव र भाइचारा घटेको अनुमान लगाउन सकिन्छ । समग्रमा आ.व २०७७/७८ को तुलनामा आ.व. २०७८/७९ मा करिब १७ प्रतिशतले यस्तो अपराधिक घटनामा बढेको तथ्याङ्कले देखाउँछ ।







गत आ.व.को तुलनामा आत्महत्या सम्बन्धी घटना घटेको तथ्याङ्कले देखाउँछ । आ.व.२०७६/७७ र आ.व.२०७७/७८ मा तुलनामा करिब १३% ले आत्महत्या सम्बन्धी अपराधको घटनामा बढोत्तरी आएको देखिन्छ भने गत आ.व. सँग यस आ.व.को तुलना गर्दा ५ प्रतिशतले आत्महत्या घटना घटेको देखिन्छ ।







लागु औषध कारोबार, सार्वजनिक हित विरुद्धको कसुर, सार्वजनिक अपराध, मानव बेचविखन तथा ओसार पसार, सार्वजनिक उपद्रयाई, सवारी ज्यान, बैंकिङ कसुरजस्ता अपराधका घटनामा केहि वृद्धि भएको तथ्याङ्कमा देखिन्छ । यसरी अपराधको तथ्याङ्क हेर्दा महिला तथा बालबालिका सम्बन्धी कसुरमा खासगरी जबरजस्ती करणीका घटनामा विगत आ.व.को तुलनामा यस आ.व. मा बढेको देखिन्छ । यसले एकातर्फ नेपाली समाजमा अझै पनि महिलाहरू प्रति हिसां रहेको भन्ने देखाउछ भने अर्कोतर्फ अन्यायको विरूद्ध उजुरी गर्ने साहस बढेको देखिन्छ जसले अपराधीलाई कानूनी रूपमा सजाय दिलाउन मद्दत पुग्ने देखिन्छ ।






(झ) **कार्यान्वयनको सन्दर्भमा समस्या तथा चुनौतीहरू:**

**अ. मानवस्रोत विकासतर्फ**

- ✓ प्रहरी कर्मचारीहरूको वृत्ति विकासको मार्गचित्र स्पष्ट नहुँदा नोकरी छोड्ने संख्यामा वृद्धि भइरहेको ।
- ✓ भर्ना, सरुवा, बढुवा लगायतका सम्पूर्ण प्रहरी कर्मचारीहरूको व्यक्तिगत तथा नोकरी विवरणको अभिलेखन कार्य निष्पक्ष, पारदर्शी, छिटो छरितो तथा वैज्ञानिक बनाउनको लागि PMIS Software लाई स्तरोन्नति गरी प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको ।
- ✓ प्रहरी नियमावली, २०७१ मा अध्ययन बिदा सम्बन्धमा नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्ति कोटामा अध्ययनको लागि मनोनित हुने प्रहरी कर्मचारीहरूलाई मात्र तलबी अध्ययन बिदाको व्यवस्था रहेको तर उक्त छात्रवृत्ति कोटा निकै न्यून संख्यामा प्राप्त हुने गरेको ।
- ✓ पर्याप्त सुविधा नहुँदा धेरै जसो सेवाकालीन तालिमहरूमा सहभागी हुन प्रहरी कर्मचारीहरू अनिच्छुक हुने गरेका । साथै सेवा विशिष्टिकरण कार्यान्वयन हुन नसक्दा तालिमप्रतिको अभिरुचिमा कमी भएको पाइएको ।
- ✓ प्रशिक्षण केन्द्रहरूको विद्यमान भौतिक पूर्वाधारको विकास नहुँदा तालिमको गुणस्तर अभिवृद्धि गर्न चुनौती सिर्जना भएको ।
- ✓ सेवा प्रवेश आधारभूत तालिमका प्रशिक्षार्थीहरूलाई प्रारम्भिक स्केलका सामाग्रीहरू समयमा प्राप्त हुन नसकेको ।

**आ. प्रहरी कार्य तथा परिचालनतर्फ**

- ✓ सडकमा हुनुपर्ने भौतिक पूर्वाधारहरू जस्तैः- पर्याप्त जेब्रा क्रसिङ, Road Divider, Traffic Sign, Traffic light, Crash Barrier लगायतका Road furniture नहुनु ।
- ✓ सवारी साधनको अनुपातमा सडक बिस्तार हुन नसक्नु र सवारी साधनहरूको आयात सडक क्षमता भन्दा अत्याधिक हुनु ।
- ✓ Multi Storied Parking/Mass Transportation को अवधारणा कार्यान्वयनमा आउन नसक्नु ।
- ✓ Overhead Bridge, Flyover, Sub–Way, Underpass को समुचित एवं पर्याप्त नहुनु ।
- ✓ ट्राफिक जनशक्तिको अपर्याप्तता एवं आधुनिक उपकरणहरूको कमी (ट्राफिक प्रहरीसँग Rescue Equipment: Crane, Wrecker, Tow Machine etc. आवश्यक मात्रामा नहुनु) ।
- ✓ ट्राफिक प्रहरीले प्रयोग गर्ने Breathalyzer, RadarGun, Camera, Smart Card Readable Machine, Drug Urine Test Kit जस्ता Tools हरू पर्याप्त नहुनु ।
- ✓ सडकको जीर्ण अवस्था, ढल निकासको उचित प्रबन्ध हुन नसक्नु एवं निर्माण कार्य समयमा पूरा नहुनु ।

- ✓ कोरिडोर सडक र बैकल्पिक सडकहरू सञ्चालनमा आउन नसक्नु ।
- ✓ उपत्यकामा ट्रक, बस जस्ता Heavy सवारी साधन पार्किङ्गको उचित व्यवस्था नहुनु ।
- ✓ मो.सा.तथा ट्याक्सी पार्किङ्गस्थल पर्याप्त नहुनु र भएका स्थलहरूमा पनि क्षमताभन्दा बढी पार्किङ्ग हुनु ।
- ✓ ट्राफिक व्यवस्थापनसँग सम्बन्धित सरोकारवाला निकायहरूबिच समन्वय प्रभावकारी नहुनु (यातायातसँग सम्बन्धित सबै सरोकारवाला निकायहरूबिच सूचना आदान प्रदान हुन सक्ने गरी अद्यावधिक डाटावेस तयार गर्न Computer Networking को व्यवस्था गर्नुपर्ने) ।
- ✓ अत्याधिक रूपमा बढिरहेको ई-रिक्सा, टेम्पो जस्ता Slow moving Vehicle, ईलेक्ट्रिक मोटरसाईकल राजमार्गहरूमा समेत सञ्चालन हुनाले सवारी व्यवस्थापनमा कठिनाई ।
- ✓ अधिकांश चालकहरूको स.चा.अ.प. नहुने, यात्रीहरूको बीमा समेत नहुने हुँदा समय समयमा हुने दुर्घटनाको कारण पिडितलाई राहत उपलब्ध गराउन समस्या आउने गरेको ।
- ✓ सुरक्षा सेवा व्यवस्थापन महाशाखामा सरुवा, बढुवा, काज भई आउने प्र.क.हरू प्राय गरी विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ मा तोकिए बमोजिमको मापदण्ड अनुसारको नभएको ।
- ✓ प्रदेश प्रहरी विपद् व्यवस्थापन गुल्महरूको लागि आवश्यकता बमोजिमका भवनहरू तथा भौतिकपूर्वाधार नभएको ।
- ✓ विपद् व्यवस्थापनको सेवाकालीन तालिम र पुनर्ताजगी तालिमहरू सञ्चालन गर्न आवश्यक पूर्वाधार तथा बजेट निकासा नभएको ।
- ✓ विपद् खोज तथा उद्दार कार्यको लागि केही पुराना उद्दार सामग्री मर्मत सम्भार गर्न प्राविधिक नभएकोले उक्त सामग्रीहरू सञ्चालनमा आउन नसकेको ।
- ✓ प्रभावकारी तथा प्रविधियुक्त खोज तथा उद्दारको लागि आधुनिक औजार तथा उपकरणहरू पर्याप्त मात्रामा नभएको ।
- ✓ सङ्घीय तथा प्रादेशिक हा.ह. मर्मतशालाहरूमा आवश्यक भौतिक पूर्वाधारहरू, स्रोतसाधन तथा हातहतियारको अनुपातमा आर्मोररको दरबन्दी ज्यादै न्यून रहेकोले कार्य सम्पादनमा समस्या रहेको ।
- ✓ हालसम्म केन्द्रीय प्रहरी विशेष कार्यादल विभिन्न प्रकृतिका डिउटीहरूमा Bomb Disposal Team खटिदै आएको भएता पनि हाल नेपाली सेनाले मात्र Disposal गर्ने Mandate भएको तर केन्द्रीय प्रहरी विशेष कार्यदल स्थापना काल देखिनै उक्त कार्य गर्दै आएको हुनाले स्पष्ट कार्य नीति हुनु पर्ने ।
- ✓ स्थानीय तह निर्वाचन - २०७९ मा सानो हतियार, सञ्चार साधन, सवारी साधन नपुग भएकोले सुरक्षा व्यवस्थापनमा कठिनाई भएको ।

### इ. अपराध नियन्त्रण तथा अनुसन्धान तर्फ

- ✓ अपराध अनुसन्धान कार्यमा Voice call record आवश्यक रहे तापनि हालसम्म यस्तो रेकर्ड उपलब्ध गराउने व्यवस्था नभएको ।
- ✓ अधिकांश मुद्दा चल्ने प्रहरी इकाईहरूमा अपराध अनुसन्धान कार्य योजना (CAP) द्धारा निर्धारित जनशक्ति भन्दा कम जनशक्ति उपलब्ध रहेको ।
- ✓ CAP को अवधारणा अनुरूप Hot Spot Matrix Analysis सम्बन्धी Software को अभाव रहेको ।
- ✓ आसरा सुधार केन्द्रमा समय सापेक्ष उपचाररत सदस्यहरूको संख्या दिनानुदिन वृद्धि हुँदै गइरहेको हुँदा ठाउँ तथा स्थानको अभाव महसुस गरिएको ।
- ✓ अन्तर्राष्ट्रिय नियमानुसार एक डग बराबर दुई ह्याण्डलरको सिद्धान्त अनुरूप जनशक्ति अपुग हुनुका साथै हाल विद्यमान कुकुर एवं ह्याण्डलरको संख्याको अनुपातमा डिउटीको चाप अत्याधिक रहेकाले सबै केनाइन शाखाहरूमा कुकुर परिचालन गर्ने जनशक्तिको अभाव रहेको ।
- ✓ केनाइन प्रशिक्षण तथा परिचालनका सम्बन्धमा भइरहेका विभिन्न सोध तथा अनुसन्धानबाट प्रतिपादित नविनतम् विधि, सिद्धान्त, ज्ञान र प्रविधिका बारेमा नेपाल प्रहरीको केनाइन सेवामा कार्यरत प्रहरी कर्मचारीहरूलाई पूर्ण जानकार गराउनको निमित्त आवश्यक केनाइन सम्बन्धी विभिन्न विषयको वैदेशिक तालिमको कमी भएको ।
- ✓ मधेश र लुम्बिनी प्रदेश केनाइन शाखामा विपद व्यवस्थापन अन्तर्गत केनाइन समूह तर्फको दरबन्दी नभएकाले प्रभावकारी डिउटी परिचालनमा कठिनाई भएको ।
- ✓ केनाइन शाखाहरूमा वातानुकुलित कुकुरमैत्री केनल भवनको अभाव रहेको । कार्यालय भवन, ब्यारेक भवन, केनल भवन तथा उपचार कक्ष समेत पुरानो र जिर्ण अवस्थामा रहेकाले कुकुर तथा कर्मचारीको लागि जोखिमयुक्त रहेको ।
- ✓ हराएका मानिसहरूको उजुरी आउने तर सो व्यक्ति फेला परिसके पछि परिवार तथा आफन्तजनले सो को जानकारी प्रहरी कार्यालयमा नदिने भएकोले फेला परेको भन्दा हराएको संख्या बढी देखिने गरेको ।
- ✓ चारित्रिक प्रमाण पत्र जारी गर्ने क्रममा नाम जुधेका व्यक्तिहरूको सम्बन्धमा बुझ्नको लागि ५ दिन म्याद राखी सम्बन्धित जिल्ला प्रहरी कार्यालय मार्फत् सम्मानित जिल्ला अदालतलाई पत्राचार गर्दा माग बमोजिम समयमा उपलब्ध नहुँदा प्रहरी चारित्रिक प्रमाण पत्र उपलब्ध गराउन नसकिएको ।
- ✓ Digital forensic बिद कोदरबन्दी कम रहेको, Digital Evidence परीक्षण गर्नका लागि पर्याप्त त्ययकि को कमी रहेको, Software Update, Installation, Configuration तथा Service Support मा समस्या भएको ।

**ई. प्रशासनिक तथा आर्थिक तर्फ**

- ✓ हातहतियार तथा गोली गट्ठा, भिड नियन्त्रणका साधनहरूको टेक्निकल स्पेशिफिकेशन तयार गर्ने तथा सोको गुणस्त रपरीक्षण गर्ने विज्ञ तथा प्रयोगशालाको अभाव ।
- ✓ सामान खरिद सम्बन्धीको कतिपय बोलपत्रहरूमा कुनै पनि बोलपत्रदाताहरूले बोलपत्रमा भाग नै नलिने हुँदा पटक-पटक बोलपत्र आब्हान गर्दा सरकारी खर्चको व्ययभारमा वृद्धि हुने तथा समयमा सामान खरिद हुन नसकी प्रहरी कर्मचारीलाई मौसम अनुसारको पोशाक वितरणमा समस्या सिर्जना भएको ।
- ✓ नेपाल प्रहरी प्रधान कार्यालय, आर्थिक प्रशासन तथा प्रबन्ध निर्देशनालयबाट खरिद गरिएका लत्ताकपडा, समियाना, हातहतियार, गोली गट्ठा तथा असबावका सामानहरू भण्डारण गर्न भण्डार कक्षको अभाव र आधुनिक भण्डारण कक्ष नभएको ।
- ✓ नेपाल प्रहरी प्रधान कार्यालय, आर्थिक प्रशासन शाखामा २५ जनाको दरबन्दी रहेकोमा हाल समायोजन पश्चात् ६ जना मात्रको दरबन्दी कायम भएकोले आवश्यकतानुसार कार्यालयहरूको स्तरवृद्धि भई हाल ५११ कार्यालयहरूमा लेखा सञ्चालन भैरहेको सन्दर्भमा म.ले.प.को कार्यालयसँग समन्वय गरी लेखापरीक्षण तथा सम्परीक्षण गराउने, लेखापरीक्षणका बखत सम्परीक्षण हुन नसकेको प्रमाण कागजात झिकाई बेरुजु फछ्र्यौट गर्ने लगायतका कार्यमा जनशक्तिको अत्यन्तै न्यून रहेको ।
- ✓ नेपाल प्रहरीमा हाल कायम भएको पारिश्रमिक करकट्टी रकमको असुल उपर हुन सक्ने अवस्था नरहेको, कतिपय प्र.क.हरू सेवाबाट अवकाश भइसकेको र कतिपयको मृत्यु समेत भइसकेकोले करकट्टी रकमको असुल उपर गर्न समस्या रहेको ।
- ✓ विभिन्न प्रहरी इकाईहरूको निर्माण कार्य गर्न जग्गाको अभाव, समयमा नै बजेटको व्यवस्था नहुने र विभिन्न प्रहरी इकाइहरूको निर्माण कार्य गराउनको लागि पर्याप्त प्राविधिक हरूको दरबन्दीको अभाव रहेको ।

## २.३ सशस्त्र प्रहरी बल, नेपाल

**क.पृष्ठभूमि/परिचय**

सशस्त्र प्रहरी बल, नेपाल राज्यको एक महत्वपूर्ण सुरक्षा अंगको रूपमा रहेको छ। राज्यप्रदत्त जिम्मेवारी तथा सशस्त्र प्रहरी ऐन/नियमद्धारा निर्दिष्ट कार्यादेश कार्यान्वयन गर्न विभिन्न सुरक्षा रणनिति, नीति तथा कार्ययोजना तयार पारी सोही बमोजिम उपलब्ध स्रोत साधन एवं जनशक्ति (फौज) परिचालन गरी नेपाल राज्यभर शान्ति सु-व्यवस्था कायम राख्न अहोरात्र खटिरहेको छ। यसै परिप्रेक्ष्यमा "सशस्त्र प्रहरी बल, नेपालले आर्थिक वर्ष २०७८/०७९" मा गरेका कामकारबाहीहरूको प्रगति विवरण तयार गरी प्रस्तुत गरिएको छ।

### ख. दीर्घकालीन सोंच

राज्यको आकांक्षा, जनचाहना र बदलिँदो चुनौती अनुरूप समग्र आन्तरिक शान्ति सुरक्षा, सीमा सुरक्षा तथा विपत् उद्दार गर्न सशस्त्र प्रहरी बल, नेपाललाई समयानुकूल सबल, सक्षम र गतिशील बनाउँदै मुलुकमा शान्ति सु-व्यवस्था कायम गर्ने कार्यमा उल्लेखनीय भूमिका निभाउनु हो ।

### ग. उद्देश्य

आर्थिक वर्ष २०७८/०७९ को अवधिमा नेपाल सरकारद्धारा निर्दिष्ट बजेट बक्तव्य, योजना, नीति तथा कार्यक्रममा समावेश भएका कार्ययोजनाहरूको प्रगति विवरण तथा सम्पादन भएका मुख्य मुख्य कार्यहरू प्रस्तुत गर्नु यस प्रतिवेदनको उद्देश्य रहेको छ ।

### घ. रणनीति

- ✓ आन्तरिक सुरक्षाको प्रमुख अंगको रूपमा स्थापित गर्ने ।
- ✓ अति विशिष्ट तथा विशिष्ट ब्यक्तिहरूको सुरक्षामा प्रभावकारीता ल्याउने ।
- ✓ मानवअधिकार संरक्षण एवं सँगठनभित्र लैंगिक समानतालाई थप प्रभावकारी रूपमा अगाडी बढाउने ।
- ✓ विपद् व्यवस्थापनमा सशस्त्र प्रहरी बल, नेपालको प्रभावकारितामा अभिवृद्धि गर्ने ।
- ✓ खोज तथा उद्दार कार्यलाई आधुनिक तथा प्रविधिमैत्री बनाउने ।
- ✓ नेपालको राष्ट्रियता, राष्ट्रिय एकता, स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित एवं स्वार्थको संरक्षण गर्ने राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयनमा सहयोग पुऱ्याई शान्त, सुरक्षित र समृद्ध नेपालको निर्माण गर्ने ।
- ✓ सशस्त्र गतिविधि, आतंककारी, पृथकतावादी, उग्रवादी क्रियाकलापहरू रोक्ने ।
- ✓ सँगठित अपराध, हत्या, लुट, अपहरण तथा अन्य जघन्य अपराधको कारण सिर्जित असामान्य परिस्थितिमा शान्ति सुव्यवस्था कायम गर्न नेपाल प्रहरीलाई सहयोग गर्ने ।
- ✓ सार्वजनिक महत्वको प्रतिष्ठान, भवन वा स्थान, विमानस्थल, विशिष्ठ व्यक्ति, राजस्व तथा भन्सार, औद्योगिक प्रतिष्ठान, प्राकृतिक सम्पदा, सरकारी भौतिक स्रोत साधनको सुरक्षा गर्ने ।
- ✓ सीमा सुरक्षा अझ मजबुत तथा व्यवस्थित बनाई अपराधिक गतिविधि, तस्करी एवं राजस्व चुहावट नियन्त्रण गर्ने ।
- ✓ राष्ट्रिय सुरक्षासँग सम्बन्धित सूचना सञ्जालको सुदृढीकरण र विस्तार गर्दै लैजाने ।
- ✓ प्राकृतिक स्रोत साधनको संरक्षण सम्वर्द्धन गर्ने ।
- ✓ नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष र दंगा नियन्त्रण गर्ने ।
- ✓ नेपाल सरकारले अंगिकार गरेको "शून्य सहनशीलता" लगायत अन्य नीतिहरू कार्यान्वयन गराउने र सोको लागि विभिन्न कार्यक्रम मार्फत सशस्त्र प्रहरी कर्मचारीहरूमा सचेतना अभिवृद्धि गराउने ।

## तालिका २.३.१: सशस्त्र प्रहरी बल, नेपालको जनशक्ति विवरण (स्वीकृत दरबन्दी, पदपुर्ति तथा खाली)

| क्र. सं. | सशस्त्र प्रहरी सेवा अन्तर्गतका समूह / उपसमूह | | दरबन्दी/ पदपूर्ति | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सप्रमनि | सप्र अमनि | सप्र नामनि | सप्रवउ | सप्रउ | सप्रनाउ | सप्रनि | सप्रब नानि | सप्रनानि | सप्रसनि | सप्रवह | सप्रह | सप्रसह | सप्रज | परिचर | जम्मा | कैफियत |
| १ | सशस्त्र प्रहरी साधारण सेवा, साधारण उपसमूह | स्वीकृत दरबन्दी | १ | २ | १६ | २६ | १०४ | ३९१ | ९२७ | ४८ | ११३८ | १५५६ | २६७९ | ३४२१ | ६१६४ | १७४९२ | १९८३ | ३५९४८ | |
| | | पूर्ति | १ | २ | १३ | २४ | १०४ | ३९१ | ८५१ | ४३ | १००५ | १४६५ | २५०८ | ३४०२ | ६१२९ | १७२६८ | १९६० | ३५१६६ | |
| | | खाली | ० | ० | ३ | २ | ० | ० | ७६ | ५ | १३३ | ९१ | १७१ | १९ | ३५ | २२४ | २३ | ७८२ | |
| २ | सशस्त्र प्रहरी साधारण सेवा, लेखा उपसमूह | स्वीकृत दरबन्दी | | | | १ | ५ | १६ | ४० | | ८५ | ५४ | | | | | | २०१ | |
| | | पूर्ति | | | | १ | ० | १६ | २३ | | ७७ | ५४ | | | | | | १७१ | |
| | | खाली | | | | ० | ५ | ० | १७ | | ८ | ० | | | | | | ३० | |
| ३ | सशस्त्र प्रहरी साधारण सेवा, कानून उपसमूह | स्वीकृत दरबन्दी | | | | १ | १ | ३ | ९ | | | | | | | | | १४ | |
| | | पूर्ति | | | | १ | ० | ३ | १ | | | | | | | | | ५ | |
| | | खाली | | | | ० | १ | ० | ८ | | | | | | | | | ९ | |
| ४ | सशस्त्र प्रहरी प्राबिधिक समूह, संचार तथा ईन्जिनियरिङ्ग तर्फ | स्वीकृत दरबन्दी | | | १ | १ | ३ | १२ | ३२ | | ३० | ३० | ८५ | ८८ | ७२ | २४६ | | ६०० | |
| | | पूर्ति | | | १ | १ | ३ | १० | २३ | | २४ | २१ | ६० | ६२ | ७२ | २११ | | ४८८ | |
| | | खाली | | | ० | ० | ० | २ | ९ | | ६ | ९ | २५ | २६ | ० | ३५ | | ११२ | |
| ५ | सशस्त्र प्राबिधिक समूह, स्वास्थ्य तर्फ | स्वीकृत दरबन्दी | | | १ | २ | १३ | ३८ | ९४ | | १४३ | | | | | | | २९१ | |
| | | पूर्ति | | | १ | २ | ७ | ३५ | ७२ | | १०३ | | | | | | | २२० | |
| | | खाली | | | ० | ० | ६ | ३ | २२ | | ४० | | | | | | | ७१ | |

**क. आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्यमा समेत) उल्लेखित नीति तथा कार्यक्रमहरूको २०७९ अषाढ मसान्तसम्मको प्रगति विवरण**

| क्र.सं. | बुँदा नं. | वक्तब्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|---|
| १ | ३९२ | अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्न आवश्यक पर्ने हातहतियार, सुरक्षा उपकरण तथा सवारि साधनको व्यवस्था गरी सुरक्षा निकायलाई सुदृढ र सवलीकरण गरिनेछ। नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका सकल दर्जाको मनोबल उच्च बनाईराख्न खाईपाई आएको राशनमा १५ प्रतिशतले बृद्धि गरेको छु। सीमा सुरक्षा, अपराध तथा अवैध व्यापार नियन्त्रण गर्न सीमावर्ती क्षेत्रमा सशस्त्र प्रहरी बलका थप १ सय २० बोर्डर आउट पोष्ट स्थापना गरिनेछ। | ✓ स.प्र.बल, नेपालका विभिन्न कार्यालयका ४० स्थानमा भवन निर्माणका लागि बजेट प्राप्त भएकोमा ३८ स्थानमा भौतिक निर्माण सम्पन्न भएको, नेपाल ए.पि.एफ. अस्पतालको ७५% भवन निर्माण सम्पन्न भई हाललाई म्याद थप गरी कार्य भइरहेको र नं. ३१ गुल्मको अंकुर सामुदायिक जंगलको रूख विरुवा काट्न म.प.बाट निर्णय नभएकोले सूचना रद्द भएको।<br>✓ सीमा सुरक्षा, अपराध तथा अवैध व्यापार नियन्त्रणमा प्रभावकारी परिचालन गर्न द्यइए हरूको लागि मोटरसाईकल तथा संचार साधनहरू खरिद गरिएको।<br>✓ राशनमा १५ प्रतिशत वृद्धि भएकोले सकल दर्जाको मनोवल उच्च भई हैसाला अभिवृद्धि भएको। |
| २ | ४०० | विपद्जन्य जोखिमको व्यवस्थापन गर्न सरकारी कोषमा परेको चापलाई कम गर्न विपद् जोखिम न्यूनीकरण वित्तीय रणनीति कार्यान्वयन गरिनेछ। विपद्को पूर्वसूचना प्रणाली विकास गरी क्षति न्यूनीकरण गरिनेछ। विपद् पूर्व तयारी, खोज, उद्दार, राहत र पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु। | ✓ विपद् व्यवस्थापन सम्बन्धी हालसम्म ३८०९ जना स.प्र.क. हरूलाई विभिन्न तालिमहरू सञ्चालन गरी दक्ष बनाइएको।<br>✓ विपद् पूर्वतयारी, खोज, उद्दारका लागि यस आ.व. मा कुल ३ करोड २१ लाख ६६ हजार का विपद् सम्बन्धी विभिन्न सामाग्रीहरू खरिद गरिएको। |

## च. आ.व. २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रमको आषाढ मसान्तसम्मको खुद बजेट तथा खर्चको यथार्थ

| क्र. सं. | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३१४०५०११ | सशस्त्र प्रहरी बल | १४०६८२४.९५५ | १०९३१५३.७३४ | २४९९९७८.६८९ | १३७५३२९ | १०९२४९७ | २४६७८२६ | ९७.७६ | ९९.९४ | ९८.७१ |
| २ | ३१४०५०१३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १८०१६४९०.३१८ | ७६८४२४.१७३ | १८७८४९१४.४९१ | १७८८७०२६ | ७२५३९१ | १८६१२४१७ | ९९.२८ | ९४.४ | ९९.०८ |
| ३ | ३१४०५०१४ | सशस्त्रप्रहरी बल तालिम केन्द्रहरू | १३२७३१६.१७९ | ६३१७२.०९३ | १३९०४८८.२७२ | १३०५८०४ | ६३०३८ | १३६८८४१ | ९८.३८ | ९९.७९ | ९८.४४ |
| ४ | ३१४०५०१५ | नेपालए.पी.एफ अस्पताल | ३६०६१८.६८५ | ११३५२५ | ४७४१४३.६८५ | ३५१६०१ | १०३६९३ | ४५५२९४ | ९७.५ | ९१.३४ | ९६.०२ |
| | | जम्मा | २११११२५० | २०३८२७५ | २३१४९५२५ | २०९११८७३ | १९८४६१९ | २२९०३४९२ | ९९.०९ | ९७.३७ | ९८.९४ |

**छ. आर्थिक वर्ष २०७८/०७९ को असाढ मसान्तसम्म सम्पादन भएका मुख्य–मुख्य कार्यहरू**

**अ. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू**

| सि.नं. | विवरण | कै. |
|---|---|---|
| १. | ए.पि.एफ. फुटबल क्लबको विधान २०७८ | |
| २. | नेपाल ए.पी.एफ. स्कुल पूर्व विद्यार्थी संघको विधान, २०७८ | |
| ३. | अवकाश तथा निवृत्तिभरण राजीनामा जाने सशस्त्र प्रहरी कर्मचारीहरूलाई बिदाई सम्बन्धी स्थायी आदेश (SOP) | |
| ४. | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय अनुगमन तथा मूल्याङ्कन इकाई निर्देशिका, २०७९ | |
| ५. | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, प्रशिक्षण प्रतिष्ठान, बाहिनी मुख्यालय, गण गुल्म एवं बिओपिहरूको कार्य सञ्चालन सम्बन्धी स्थायी आदेश २०७९ | |
| ६. | सशस्त्र प्रहरी बल, नेपाल मनोवैज्ञानिक अध्ययन तथा मनोपरामर्श सेवा इकाई सञ्चालन निर्देशिका, २०७९ | |
| ७. | फ्रेन्च भाषा कक्षा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ | |
| ८. | सशस्त्र प्रहरी बल नेपालका इकाईहरूमा मेश सञ्चालन सम्बन्धी निर्देशिका (संशोधित), २०७९ | |
| ९. | सशस्त्र प्रहरी बल, नेपालको पोशाक अन्य व्यक्ति तथा संघ संस्थालाई प्रयोग गर्न दिने सम्बन्धी कार्यविधि, २०७९ | |
| १० | वीरता सम्मान एवं कर्तव्यनिष्ठा राहत कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९ | |

**आ. अन्य सम्पादित महत्वपूर्ण कार्यहरू**

**१. नियमित प्रशासनिक कार्यहरू**

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | नयाँ नियुक्ति तथा पदस्थापन | नयाँ नियुक्ति तथा पदस्थापन -११०७ जना | सशस्त्र प्रहरी नियमावली, २०७२ मा व्यवस्था भए बमोजिम सशस्त्र प्रहरी बल, नेपालमा रिक्त भएका विभिन्न पदहरूमा नयाँ नियुक्ति तथा पदस्थापन सम्बन्धी कार्यहरू सम्पादन गरिएको । |
| २. | बढुवा | बढुवा -१०७५ जना<br>बढुवा पदस्थापन -१०७७ जना | सशस्त्र प्रहरी नियमावली, २०७२ को परिच्छेद ७ मा भएको बढुवा सम्बन्धि व्यवस्था अनुसार सशस्त्र प्रहरी बल, नेपालमा रिक्त रहेका बिभिन्न पदहरूमा बढुवा तथा पदस्थापन गरी कार्य सम्पादन गरिएको । |

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| ३. | विशेष बढुवा | विशेष बढुवा -३१ जना | सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ६५ (१) मा ब्यवस्था भए अनुसार अनिवार्य अवकाश हुने स.प्र.क.हरूको नियम ५२ मा व्यवस्था भए बमोजिम विशेष बढुवा सम्बन्धी कार्य सम्पादन गरिएको । |
| ४. | सरुवा तथा पदस्थापना | सरुवा -३२४ जना | सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ३४ अन्तर्गत रही आवश्यकता अनुसार सरुवा तथा पदस्थापना गरिएको । |
| ५. | सरुवा समायोजन | सरुवा समायोजन -४२ जना | संगठन तथा ब्यवस्थापन सर्वेक्षण २०७८ बमोजिम आवश्यकता अनुसार सशस्त्र प्रहरी कर्मचारीहरूको सरुवा समायोजन गरिएको । |
| ६. | कार्यसम्पादन मूल्याङ्कन फाराम | संगठनका सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन फाराम संकलन कार्य भइरहेको । | सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ४४ मा व्यवस्था भए बमोजिम सशस्त्र प्रहरी कर्मचारीहरूको वार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने र व्यवस्थापन सम्बन्धी कार्य भइरहेको । |
| ७. | चुनौतीपूर्ण वा विशेष जिम्मेवारीबापत | संगठनका सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूको चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापतको फाराम संकलन गर्ने कार्य भइरहेको । | सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ४९ मा व्यवस्था भए बमोजिम सशस्त्र प्रहरी कर्मचारीहरूको वार्षिक चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत प्रदान गरिने अङ्कको मूल्याङ्कन फाराम भर्ने र व्यवस्थापन सम्बन्धी कार्य भइरहेको । |
| ८. | अभिलेख व्यवस्थापन | सँगठनका सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूको अभिलेख कम्प्यूटर (आधुनिक सफ्टवेयर “मुनाल”) तथा ढड्डामा राखिएको। | सम्पुर्ण सशस्त्र प्रहरी कर्मचारीहरूको तिनपुस्ते अभिलेख (नोकरी विवरण), सरुवा, बढुवा, काज, कारवाही, पुरस्कार, राजिनामा लगायतका विवरणहरू मुनाल सफ्टवेयर तथा ढड्डामा अभिलेखीकरण गर्ने कार्य भइरहेको । |

### इ. तालिम सम्बन्धी विवरण

**क) आ. व. ०७८/०७९ मा समापन भएको तालिम संख्या**

| सि.नं. | तालिमको विवरण | समापन भएको तालिम संख्या | समापन भएको प्रशिक्षार्थी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | उन्नत तालिम | १४१ | ५६५१ | |
| २ | आधारभूत तालिम | २२ | २२२६ | |
| ३ | अन्य निकायमा सञ्चालन भएको तालिम | २८ | १९३ | |
| ४ | विपद् व्यवस्थापन सम्बन्धि तालिम | १० | ३४५ | |
| ५ | विपद् व्यवस्थापन सम्बन्धि अनुशिक्षण तालिम | १०५ | ३४०४ | |
| ६ | विभिन्न अनुशिक्षण रिफ्रेसर तालिम | ३१५ | १०००३ | |
| ७ | निर्वाचन अनुशिक्षण तालिम | २९८ | १६५९६ | |

**ख) तालिम पाठ्यक्रम निर्माण सम्बन्धी विवरण**

| सि.नं. | पाठ्यक्रमको नाम | कै. |
|---|---|---|
| १ | राष्ट्रिय अनुसन्धान विभागका सहायक सूचकहरूका लागि आधारभूत तालिमको पाठ्यक्रम-२०७८ | |
| २ | रेडियो संचार ग्रेड IV तालिम पाठ्यक्रम-२०७८ | |
| ३ | रेडियो संचार ग्रेड III तालिम पाठ्यक्रम-२०७८ | |
| ४ | राष्ट्रिय अनुसन्धान विभागका सहायक सूचकहरूका लागि आधारभूत तालिमको पाठ्यक्रम-२०७८ | |
| ५ | Arms & Explosive Detection Dog -२०७८ | |
| ६ | सिनियर अधिकृत आर्थिक प्रशासन तालिम-२०७८ | |
| ७ | सवारी चालक क्षमता अभिवृद्धि तथा पुनर्ताजगी तालिम पाठ्यक्रम-२०७८ | |
| ८ | हाई अल्टिच्युड तथा पर्वतीय उद्दार आधारभूत तालिम-२०७८ | |
| ९ | स्थानीय तह निर्वाचन सुरक्षा अनुशिक्षण तालिम पाठ्यक्रम-२०७९ | |
| १० | Surveillance System तथा Network व्यवस्थापन अनुशिक्षण तालिम पाठ्यक्रम-२०७९ | |
| ११ | अनलाईन बिदा अभिलेख सफ्टवेयर अनुशिक्षण तालिम पाठ्यक्रम-२०७९ | |
| १२ | राष्ट्रिय अनुसन्धान विभागको विभिन्न तालिमको लागत विवरण-२०७९ | |
| १३ | राष्ट्रिय अनुसन्धान विभागको प्रशिक्षक प्रशिक्षण तालिम पाठ्यक्रम-२०७९ | |

| सि.नं. | पाठ्यक्रमको नाम | कै. |
|---|---|---|
| १४ | राष्ट्रिय अनुसन्धान विभागका सहायक सुचक आधारभूत तालिम पाठ्यक्रम-२०७९ | |
| १५ | राष्ट्रिय अनुसन्धान विभागका अधिकृत आधारभूत तालिम पाठ्यक्रम-२०७९ | |
| १६ | सामुहिक तालिम मार्ग दर्शन-२०७९ | |
| १७ | ब्याण्ड उन्नत तालिम ग्रुप A ग्रेड II-२०७९ | |
| १८ | बिगुल उन्नत तालिम ग्रुप C ग्रेड III-२०७९ | |

**ग) तालिम पाठ्यक्रम परिमार्जन सम्बन्धी विवरण**

| क्र.सं. | पाठ्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १. | गुल्मपति तथा स्टाफ कोर्ष (CCSC) तालिम पाठ्यक्रम | |
| २. | उच्चस्तरीय व्यवस्थापन तालिम | |
| ३. | भर्ना तथा छनौट तथा अनुशिक्षण तालिम पाठ्यक्रम | |
| ४. | सामुहिक तालिम पाठ्यक्रम | |

**घ) संयुक्त राष्ट्रसङ्घीय मिशन सम्बन्धी विवरण**

- ✓ संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ सशस्त्र प्रहरी नेपालको तर्फबाट दक्षिण सुडानमा तैनाथ United Nations Mission In South Sudan (UNMISS) Nepal Formed Police Unit (FPU)–1, Juba आठौँ डफ्फाको Rotation Flight सम्पन्न गरिएको । उक्त Rotation Flight को क्रममा १८० जना सशस्त्र प्रहरी कर्मचारीहरू मिसन प्रस्थान गर्नुका साथै उक्त मिशन व्यवस्थापन तथा सञ्चालनको लागि कल्याणकारी सेवा केन्द्रबाट खरिद गरिएका सामग्रीहरूको सम्पूर्ण प्रक्रिया (Packing, Labeling, Inspection from UN Representative, DG Declaration, Security Clearance & Tax Exemption from host Country etc.) पूरा गरी मिसन इलाकामा पठाईएको ।
- ✓ UNMISS Nepal FPU–1, Juba, South Sudan को आठौँ डफ्फाको Rotation Flight को क्रममा नै उक्त FPU मा रहेका 7.62 mm SLR लाई 5.56 mm INSAS Rifle द्वारा बदली गरिएको ।
- ✓ UNMISS Nepal FPU–1, Juba (8th Rotation) मा बदलीका लागि खटिएका प्राविधिक ट्रेडका कर्मचारीहरूको क्षमता अभिबृद्धि गराउने उद्देश्यले निजहरूलाई मिसन इलाका प्रस्थान गर्नुपूर्व सि.ओ.इ. उपशाखाद्वारा अन्य सम्बन्धित कार्यालयहरूसँगको समन्वयमा सशस्त्र प्रहरी बल, नेपाल हातहतियार तथा यान्त्रिक कार्यशाला, बलम्बुमा FPU Mechanics Pre–deployment तालिम

सञ्चालन गरिएको जसमा १६ जना सशस्त्र प्रहरी कर्मचारीहरूलाई सम्बन्धित ट्रेडको तालिम प्रदान गरिएको ।

- ✓ UNMISS Nepal FPU–2 (Bor/Wau) South Sudan को COE Repatriation को क्रममा Air Cargo मार्फत मिति २०७८/०५/०३ गते हातहतियार, गोलिगठ्ठा, Tear Gas Munitions (TGMs), Observation Items, Medical Items तथा संचार सामाग्रीहरू सहितको ३ (तीन) वटा कन्टेनरहरू सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय परिसरमा प्राप्त भई गन्ति तथा चेकजाँच गर्न गठित समितिले गन्ति तथा चेकजाँच गरी प्रतिवेदन पेश गरेको र सोही अनुरूप प्राप्त हातहितयार, गोलीगठ्ठा, Observation Items, हतियार सफाई तथा मर्मत सामग्रीहरू भण्डार महाशाखामा बुझाई UNMISS Nepal FPU–2 को नामबाट लगत कट्टा गरी भण्डार महाशाखाको नाममा आम्दानी बाँध्ने कार्य सम्पन्न गरिएको ।
- ✓ MINUSMA मा नयाँ FPU स्थापनार्थ आवश्यक सामग्रीहरू जुटाउने क्रममा गठित समिति/उपसमितिहरूले UNMISS Nepal FPU–2 Bor/Wau, South Sudan बाट Repatriation को क्रममा नेपाल फिर्ता भएका कन्टेनरहरूमा रहेका सामग्रीहरू चेकजाँच गरी मिशनका लागि उपयुक्त हुने सामग्रीहरू छुट्याउने कार्य भइरहेको ।

### ङ) यु.एन. मिशनमा सहभागिता सम्बन्धी विवरण

**क) विभिन्न मिशनहरूमा IPOs को रूपमा प्रस्थान गरी सेवारत रहेका सशस्त्र प्रहरी कर्मचारीहरूको दर्जागत विवरणः–**

| सि.नं. | मिशन | सप्रनाउ | सप्रनि | सप्रनानि | सप्रवह | सप्रसह | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | UNMISS (South Sudan) | १ | ५ | २ | २ | २ | १२ |
| २ | UNISFA (Abey) | १ | | | | | १ |
| जम्मा | | २ | ५ | २ | २ | २ | १३ |

**ख) विभिन्न मिशनहरूबाट IPOs को रूपमा सेवा गरी स्वेदश फिर्ता सशस्त्र प्रहरी कर्मचारीहरूको विवरणः–**

| मिशन | स.प्र.नि. | स.प्र.स.ह. | जम्मा |
|---|---|---|---|
| UNMISS | ७ | १ | ८ |

**ग) FPU मा सेवा गरी स्वदेश फर्केका सशस्त्र प्रहरी कर्मचारीहरूको दर्जागत विवरण**

| मिशन | सप्रबउ | सप्रनाउ | सप्रनि | सप्रनानि | सप्रसनि | सप्रवह | सप्रह | सप्रसह | सप्रज | सप्रप | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| UNMISS | १ | ११ | ८ | १६ | ३२ | २२ | १८ | ४६ | १६ | १० | १८० |

घ) FPU का रूपमा मिशनतर्फ प्रस्थान गरेका सशस्त्र प्रहरी कर्मचारीहरूको दर्जागत विवरण (हाल कार्यरत):–

| मिशन | सप्रबउ | सप्रनाउ | सप्रनि | सप्रनानि | सप्रसनि | सप्रवह | सप्रह | सप्रसह | सप्रज | सप्रप | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| UNMISS | १ | १२ | ८ | १० | २४ | ३३ | २४ | ४२ | १८ | ८ | १८० |

ई. विदेश तालिममा सहभागी सशस्त्र प्रहरी कर्मचारीहरूको विवरण

| सि.नं | देशको नाम | सप्रबउ | सप्रउ | सप्रनाउ | सप्रनि | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | संयुक्त राज्य अरव | | १ | | | १ | |
| २ | ईटाली | | ३ | ५ | २ | १० | |
| ३ | भारत | | | २ | | २ | |
| ४ | संयुक्त राज्य अमेरिका | १ | | | | १ | |
| ५ | बेलायत | | १ | | | १ | |
| जम्मा | | १ | ५ | ७ | २ | १५ | |

उ. आ.व. ०७८/०७९ मा भर्ना छनौट सम्बन्धी विवरण

| सि.नं. | पद | माग संख्या | आवेदन संख्या | नियूक्ति सिफारिस संख्या | वैकल्पिक नियुक्ति सिफारिस | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सशस्त्र प्रहरी निरीक्षक | ७५ | ८५७ | ४९ | ० | ४९ |
| २ | सशस्त्र प्रहरी सहायक निरीक्षक | १३७ | १२९५४ | १३७ | ४ | १४१ |
| ३ | सशस्त्र प्रहरी जवान | ७५५ | ३८८१४ | ७५५ | ० | ७५५ |
| ४ | सशस्त्र प्रहरी परिचर (भान्छे) | ८८ | २५२० | ८८ | ० | ८८ |
| ५ | सशस्त्र प्रहरी परिचर (केश कर्तक) | १४ | २४६ | १४ | ० | १४ |
| ६ | सशस्त्र प्रहरी परिचर (कुचिकार) | १३ | १६२ | १३ | १ | १४ |
| ७ | सशस्त्र प्रहरी परिचर (सूचिकार) | ७ | ८७ | ७ | ० | ७ |
| ८ | सशस्त्र प्रहरी परिचर (चर्मकर्मी) | ४ | २३ | ४ | ० | ४ |
| ९ | सशस्त्र प्रहरी परिचर (माली) | २ | ४३ | २ | ० | २ |

ज. गुनासो व्यवस्थापन

गुनासो तथा उजुरी प्राप्त गर्ने माध्यमहरूलाई सरल, सहज र पहुँचयोग्य बनाई स.प्र.बल, नेपालले विभिन्न माध्यम हेलो सरकार, वेभ मेल, फेसबुक, टेलिफोन, प्रत्यक्ष गुनासो आदिबाट गुनासो तथा उजुरी प्राप्त गर्ने

व्यवस्था गरेको । यस प्रतिवेदन अवधिमा प्राप्त गुनासो तथा उजुरीको विवरण निम्नानुसार रहेको ।

| सि.नं. | गुनासोको माध्यम | गुनासोको संख्या | फछ्र्यौटको अवस्था | |
|---|---|---|---|---|
| | | | भइसकेको | हुन बाँकी |
| १ | हेलो सरकार | ८५ | ८५ | ० |
| ३ | गृह मन्त्रालय | ३५ | ३५ | ० |
| २ | अन्य माध्यम | ८३ | ८२ | १ |
| जम्मा | | २०३ | २०२ | १ |

**झ. अप्रेशनल सम्बन्धी गतिविधि**

**अ. अपराधिक गतिविधि, दुर्घटना र सशस्त्र प्रहरी बल, नेपालले प्राप्त गरेको उपलब्धिमूलक कार्यहरू:-**

| अपराधिक गतिविधि | | | | | | | | | | | सवारी दुर्घटनामा उद्धार | | | उपलब्धिमूलक कार्यहरू | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हत्या | अपहरण | गोली प्रहार | लुटपाट तथा चोरी | बम विस्फोट | तोडफोड आगजनी | बन्द, हडताल, तालाबन्दी | चक्काजाम अवरूद्ध | झडप | खुकुरी तथा छुरा प्रहार | कुटपिट | दुर्घटना संख्या | घाइते संख्या | मृत्यु संख्या | व्यक्ति पक्राउ (जना) | अपहरण मुक्त (जना) | बम डिस्पोज स्थान | आगलागि नियन्त्रण (स्थान) |
| २६ | ३ | ८ | २६ | ८ | ११६ | ३७ | १०३ | १७९ | २८ | ५० | ४५७ | १९९५ | ४६१ | ४५७ | १ | ५३ | २९१ |

**आ. स.प्र.बल, नेपालले बरामद गरेको लागू पदार्थ तथा लागू औषधको विवरण**

| गाँजा (के.जी.) | चरेश (के.जी.) | नाईट्राजन (ट्याबलेट) | नाईट्रोभेट (ट्याबलेट) | लुपिजेसिक (ट्याबलेट) | कोरेक्स (बोतल) | फेनारगन (ट्याबलेट) | एस्किल (बोतल) | सिरिन्जहरू (गोटा) | स्पास्मो प्रोक्सिभन (ट्याबलेट) | ब्राउन सुगर (ग्राम) | डाइजिपाम (ट्याबलेट) | नफिन (ट्याबलेट) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३७८१ | ३४.९४८ | १६२३ | २५१२६ | ५६६ | १३७ | ३१२८ | १२२ | ३१० | २२१० | ३७२ | ४१८६ | ३९७८ |

**इ. स.प्र.बल, नेपालले बरामद गरेको हातहतियार, गोलीगठ्ठा तथा विष्फोटक पदार्थको विवरण**

| विभिन्न प्रकारका पेस्तोल (वटा) | भरुवा तथा एयर बन्दुक (वटा) | विभिन्न हतियारका राउण्ड (गोटा) | विभिन्न हतियारका म्यागजीन (वटा) | वारुद (ग्राम) | डेटोनेटर (मिटर) | सप्टिफ्युज (गोटा) | छर्रा (वटा) | सल्फर पाउडर (के.जी.) |
|---|---|---|---|---|---|---|---|---|
| २२ | १३ | ३६ | ३ | १०० | ८१ | ८ | १५ | ६१ |

ई. लामो दूरीको गस्तीहरूको विवरण (एल.आर.पि.)

| आ.व. २०७८-०७९ | एल.आर.पि. संख्या | खटिएको नफ्री | कैफियत |
|---|---|---|---|
| जम्मा | १०३७ | १६४३८ | |

उ. विपद् जोखिम न्यूनीकरण जनचेतना अभियान कार्यक्रम सञ्चालन

| सि.नं. | आ.व. | विषयवस्तु | विद्यालय संख्या | क्लब समुदाय | सहभागी संख्या | कै. |
|---|---|---|---|---|---|---|
| १. | ०७८/०७९ | भूकम्प | ५ | ३० | १७८८ | |
| २. | | आगलागी | २ | ० | १९५ | |
| ३. | | जल उत्पन्न प्रकोप | ३ | ० | १४० | |
| कुल जम्मा | | | १० | ३० | २१२३ | |

ऊ. विभिन्न विपद्का घट्नाहरूमा गोताखोर स.प्र.क.हरूले गरेको उद्धार कार्यहरूको विवरण

| सि.नं. | महिना | घट्ना संख्या | जीवित उद्धार | मृत्यु उद्धार | घाईते उद्धार | बेपत्ता | परिचालित संख्या | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | साउन | ९ | | ४ | | | ३३ | |
| २ | भाद्र | ६ | २ | २ | | | १८ | |
| ३ | असोज | २ | | १ | | | ३ | |
| ४ | कार्तिक | २ | | २ | | | ८ | |
| ५ | मंसिर | ३ | | १ | | २ | १० | |
| ६ | पौष | ४ | | ३ | | | १३ | |
| ७ | माघ | ३ | | २ | | १ | १० | |
| ८ | फाल्गुन | ६ | १ | २ | | ४ | १३ | |
| ९ | चैत्र | ८ | १ | | ३५ | ५ | २८ | |
| १० | बैशाख | १० | ७ | ३ | | ६ | ३३ | |
| ११ | ज्येष्ठ | ६ | | ४ | | ३ | २१ | |
| १२ | असार | ५ | ३ | | | ५ | १९ | |
| जम्मा | | ६४ | १४ | २४ | ३५ | २६ | २०९ | |

### ऋ. मनसुन पूर्वतयारी अनुरूप गण/गुल्म तहले एकल/संयुक्त रूपमा सञ्चालन गरेको सिमुलेशन अभ्यासहरू

| सि.नं. | प्रदेश | Simulation Exercise | | सहभागी संख्या | कै. |
|---|---|---|---|---|---|
| | | संयुक्त | एकल | | |
| १. | प्रदेश नं. १ | १७ | ६ | ३१६० | |
| २. | मधेश प्रदेश | १४ | १ | १५६० | |
| ३. | बागमती प्रदेश | २२ | १ | २११९ | |
| ४. | गण्डकी प्रदेश | १५ | ० | ११९९ | |
| ५. | लुम्बिनी प्रदेश | १६ | ५ | ३१९५ | |
| ६. | कर्णाली प्रदेश | ८ | ३ | ७९० | |
| ७. | सुदुर पश्चिम प्रदेश | ४ | १० | ४८१ | |
| ८. | उपत्यका | ७ | १ | ६७२ | |
| जम्मा | | १०३ | २७ | १३१७६ | |

### ऌ. विपद्का घट्नाहरूमा स.प्र.बल, नेपालले गरेको उद्धार कार्यहरूको विवरण

| सि. नं. | घटनाको किसिम | घट्ना संख्या | एकल | | | संयुक्त | | | जीवित उद्धार | जम्मा मानवीय क्षति | | APF नफ्री |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जीवित उद्धार | घाईते उद्धार | मृत्यु उद्धार | जीवित उद्धार | घाईते उद्धार | मृत्यु उद्धार | | घाईते उद्धार | मृत उद्धार | |
| १ | सडक दुर्घटना | ६९८ | ० | ३० | ३० | ० | २५१४ | ६५९ | ० | २५४४ | ६८९ | ४३११ |
| २ | आगलागी | ३५५ | ० | ३ | ० | ० | ६२ | ४७ | ० | ६५ | ४७ | ४४७४ |
| ३ | बाढी | ७८ | ३८ | ० | ० | ५५ | ३ | ७ | ९३ | ३ | ७ | ४४५ |
| ४ | पहिरो | ८८ | १० | ६ | ७ | ५ | ३७ | १२५ | १५ | ४३ | १३२ | १०५८ |
| ५ | हिमपहिरो/ हिमपात | ११ | ० | ० | ० | १९ | १८ | ३ | १९ | १८ | ३ | ६२ |
| ६ | ईनारमा उद्धार | ३ | ० | ० | ० | ० | ० | २ | ० | ० | २ | ४० |
| ७ | नदी, ताल, पोखरी तथा खोलामा बगाएको/ डुबेकोमा उद्धार | ३०५ | १७ | ४ | ४४ | १० | ६ | ११६ | २७ | १० | १६० | २४७३ |

| सि. नं. | घटनाको किसिम | घट्ना संख्या | एकल | | | संयुक्त | | | जीवित उद्धार | जम्मा मानवीय क्षति | | APF नफ्री |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जीवित उद्धार | घाईते उद्धार | मृत्यु उद्धार | जीवित उद्धार | घाईते उद्धार | मृत्यु उद्धार | | घाईते उद्धार | मृत उद्धार | |
| ८ | हावाहुरी | ७ | ० | ० | ० | ० | ७ | ३ | ० | ७ | ३ | २८ |
| ९ | हवाई दुर्घटना | १ | ० | ० | ० | ० | ० | २२ | ० | ० | २२ | ३५ |
| १० | चट्याङ्ग | १० | ० | ० | ० | ० | ४ | १० | ० | ४ | १० | २३ |
| जम्मा | | १५५६ | ६५ | ४३ | ८१ | ८९ | २६५१ | ९९४ | १५४ | २६९४ | १०७५ | १२९४९ |

- ✓ सशस्त्र प्रहरी बल, नेपालका मातहत कार्यालयहरूलाई Civil Military Support Element (CMSE), US Embassy द्धारा प्राप्त भएको ३३ वटा Disaster Relief System (DRS) Container प्रयोग गर्ने सम्बन्धी आदेश २०७८ तयार गरी पठाईएको।
- ✓ सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयमा बिग्रिएर बेशावुत अवस्थामा रहेका CSSR सामग्रीहरूको मर्मत तथा संभार गर्नको लागि मातहत कार्यालयहरूबाट स.प्र.क.हरू झिकाई मर्मत सम्भार सम्बन्धी अनुशिक्षण तालिम सञ्चालन गरिएको।
- ✓ मनसुनको समयमा राजमार्गहरूमा हुने सवारी दुर्घटना, बाढी, पहिरो, डुबान तथा अन्य कारणहरूले हुने दुर्घट्नालाई मध्यनजर गरी सशस्त्र प्रहरी बल, नेपालमा भएको १० वटा IRT एम्बुलेन्सहरूलाई २४ घण्टा नै परिचालन गर्ने गरी आवश्यक जनशक्ति सहित तयारी हालतमा राखिएको।
- ✓ पानीजन्य विपद्हरुमा उद्धार कार्य गर्नको लागि सशस्त्र प्रहरी बल, नेपालको ३६ वटा कार्यालयहरूको २६ जिल्लाहरूमा ७१ वटा Rescue Boat र १४ जिल्लामा १६ वटा Motor Boat तयारी अवस्थामा राखिएको।
- ✓ मनसुन पूर्वतयारी अनुरूप सशस्त्र प्रहरी बल, नेपालले १३० स्थानमा एकल तथा संयुक्त रूपमा विपद् व्यवस्थापन सम्बन्धी Simulation Exercise सञ्चालन गरेको।
- ✓ मजकुर गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) बाट रु. १ करोड ४१ लाख ३१ हजार ७ सय ८० तथा राष्ट्रिय भूकम्प प्रविधि समाज (NSET) बाट रु. ३ करोड ६१ लाख ६५ हजार १ सय ५८ मूल्य बराबरको विपद् उद्दारका सामाग्रीहरू सशस्त्र प्रहरी बल नेपाललाई प्राप्त भई मातहत प्रदेश स्तरीय विपद् उद्दार टिमहरूमा विपद्को समयमा प्रयोग गर्ने गरी वितरण गरिएको।
- ✓ मजकुर गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) बाट सशस्त्र प्रहरी बल नेपाललाई ८ वटा एम्बुलेन्स र ८ वटा Mass Casualty Vehicle हस्तान्तरण भएको र वितरणको प्रक्रियामा रहेको।

### ञ. सीमा सम्बन्धी गतिविधि

#### अ. आ.व. ०७८/७९ मा स्थापना भएका बि.ओ.पि.हरू

| सि.नं. | जिल्ला | ठेगाना | बि.ओ.पि.को नाम |
|---|---|---|---|
| १ | कैलाली | धनगढी उ.म.न.पा.- १९ लल्लिपुर | बि.ओ.पि. लल्लिपुर |
| २ | कैलाली | भजनी न.पा.- ५ पगियापसार | बि.ओ.पि. पगियापसार |
| ३ | कञ्चनपुर | दोधारा चाँदनी न.पा. ७ कञ्जभोज | बि.ओ.पि. कञ्जभोज |
| ४ | सिन्धुपाल्चोक | जुगल गा.पा.-३ गुम्बा | बि.ओ.पि. गुम्बा |

आ. **C.C. Camera:** आ. व. ०७८/७९ मा सीमा ईलाकाको ९ स्थानमा २७ वटा सि.सि. क्यामराहरू जडान गरिएको ।

इ. **Help Desk:** आ. व. ०७८/७९ मा दशै/तिहार तथा छठ पर्व जस्ता चाडपर्वलाई लक्षित गरी सीमा नाकाबाट आवतजावत गर्ने नागरिकहरूलाई सेवा प्रवाह गर्नको लागि नेपाल-भारत सीमा नाकाका ९७ स्थानमा Help Desk स्थापना गरी ७६,८१८ जना नागरिकहरूलाई सेवा प्रवाह गरिएको ।

ई. **Health Desk:** आ. व. ०७८/७९ मा सीमा ईलाकामा कोभिड-१९ महामारीलाई मध्यनजर गरी ६७ स्थानमा Health Desk स्थापना गरी सर्वसाधारणलाई सेवा प्रवाह गरेको ।

#### उ. सीमा समकक्षी बैठक

| विवरण | बैठकको प्रकार | | | | | | | | | | | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | DG/IG | | DIG | | District | | Battalion | | Coy | | Local | | |
| | Nepal | India | Nepal | India/ China | Nepal | India/ China | Nepal | India/ China | Nepal | India/ China | Nepal | India/ China | |
| नेपाल-भारत | - | १ | २ | ३ | १० | ११ | २७ | ६५ | ० | ६ | ८ | ३२ | १६५ |
| नेपाल-चीन | - | - | - | - | ५ | - | - | - | - | - | २ | - | ७ |
| जम्मा | - | १ | २ | ३ | १५ | ११ | २७ | ६५ | - | ६ | १० | ३२ | १७२ |

#### ऊ. सीमा गस्ती

| गस्ती विवरण | संख्या | कैफियत |
|---|---|---|
| समकक्षीसँग भएको संयुक्त गस्ती | ३७३५ | |
| एकल गस्ती | १३८५७ | |

**ऋ. सीमा इलाकामा अवैध हात–हतियार बरामद सम्बन्धी विवरण**

| सि.नं. | हातहतियारको विवरण | परिमाण (नाल) | कैफियत |
|---|---|---|---|
| १ | भरुवा बन्दुक | ७ | |
| २ | कटुवा पेस्तोल | १३ | |
| ३ | बाह्रबोर बन्दुक | २ | |
| ४ | USA पेस्तोल | ३ | |
| ५ | दुई नाले बन्दुक | १ | |
| ६ | चाईनिज पेस्तोल | १ | |
| जम्मा | | २७ | |

**लृ. सीमामा मानव वेचबिखन उद्धार**

| उद्धार संख्या | | बेच्ने कार्यमा संलग्न संख्या | | कैफियत |
|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | |
| ६६ | १ | ४ | ४० | |

**ए. सीमा इलाकामा बरामद गरिएका लागूऔषध**

| सि.नं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | NITRAVET (Tab) | १६७६२ | |
| २ | DIALEX–DC (ml) | ५३५०० | |
| ३ | Phenira mine male ate injection (Piece) | २५१२ | |
| ४ | Corecs (ml) | २१२०० | |
| ५ | Black Brown Suger (gm) | ६३० | |
| ६ | Hasis (kg) | २५४५८९५ | |
| ७ | Spasmo–proxyvon, (Piece) | ४१५९ | |
| ८ | Nitrogen (Tab) | ६१२ | |
| ९ | K–REX (ml) | १००० | |
| १० | ONEREX (ml) | ८०० | |
| ११ | NOOPHIN (Piece) | ३४४८ | |

| सि.नं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १२ | DIAZEPAM (Piece) | ३६३७ | |
| १३ | PHENERGN (Piece) | २५५९ | |
| १४ | चरेस (के.जी.) | २२३८१ | |
| १५ | WINCIRES (ml) | १५८०० | |
| १६ | Nitranjepam (Piece) | २८५७ | |
| १७ | PROMEPHOZINC HYDRO (Piece) | ५८१ | |
| १८ | एक्सिप्लान (ml) | २१०० | |
| १९ | Lupigesic (Piece) | ४५६ | |
| २० | CLONAZEPAM (Piece) | ८० | |
| २१ | Promethazine (Piece) | ५५२ | |
| २२ | हाईड्रोक्लोराइड (Piece) | ८ | |
| २३ | ALKOF C 120 ML | २५२० | |
| २४ | NUTUSS K 60ML | १२० | |
| २५ | Diazelab – Piece | २८९ | |
| २६ | Plen – Piece | १०५ | |
| २७ | Eskuf cough syruf (ml) | ४५०० | |
| २८ | क्लेनोकफ सिरफ (ml) | १०००० | |
| २९ | ट्रिडोल क्याप्सुल Tab | १३४०० | |
| ३० | ट्रामाजेक - Tab | ३०० | |
| ३१ | REXOF DX – ml | १०० | |
| ३२ | CODIWELL 100–ml | ९०३०० | |
| ३३ | yeeovn Spas Plus –Tab | ३२ | |
| ३४ | EXIPLON | ९४०० | |
| ३५ | CODECTUSS | २४०० | |
| ३६ | Tramadol Capsules | १६२० | |
| ३७ | Alprazolam PAAZ 0.5 Tab | ६३ | |
| ३८ | ANTI TUSSIVE 100ML | ६५०० | |

| सि.नं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| ३९ | Afim (gm) | ३००० | |
| ४० | CODIWEEL COUGH SYRUP–100 ML | ९०३०० | |

**ऐ. अवैध निकासी/पैठारीको सामान बरामदः**

| आ.व. | बरामद मूल्य रु. | अक्षरमा | कैफियत |
|---|---|---|---|
| ०७४/०७५ | १४,४२,४०,९२० | १४ करोड ४२ लाख ४० हजार ९ सय बीस मात्र | |
| ०७५/०७६ | ४४,०७,८१,६०१ | ४४ करोड ७ लाख ८१ हजार ६ सय १ मात्र | |
| ०७६/०७७ | ६१,११,११,५१४ | ६१ करोड ११ लाख ११ हजार ५ सय १४ मात्र | |
| ०७७/०७८ | ८१,२५,५५,२६० | ८१ करोड २५ लाख ५५ हजार २ सय ६० मात्र | |
| ०७८/०७९ | ९९,९३,६६,२५७.३९ | ९९ करोड ९३ लाख ६६ हजार २ सय ५७.३९ मात्र | |
| जम्मा | ३,००,८०,५५,५५२.३९ | ३ अर्व ८० लाख ५५ हजार ५ सय ५२.३९ मात्र | |

**ओ. नेपाल–भारत सीमा क्षेत्रमा गरेका कार्यहरू**

| घरटहरा आदि जास्ता संरचना हटाइएको | अन्य भौतिक संरचना निर्माणमा रोक तथा समन्वय | खेतीपाती गर्न रोक लगाएको | SSB ले एकतर्फी रूपमा दशगजा अतिक्रमण गरी भौतिक संरचना निर्माण गर्दा APF बाट रोक लगाएको | सीमामा उत्पन्न विवादको विषयमा गरिएको समन्वय/समाधान | दशगजा सरसफाई |
|---|---|---|---|---|---|
| २ | १० | ३ | ३ | १० | ५ |

**औ. नेपाल–चीन सीमा क्षेत्रमा गरेका कार्यहरू**

| घरटहरा आदि जास्ता संरचना हटाइएको | अन्य भौतिक संरचना निर्माणमा रोक तथा समन्वय | खेतीपाती गर्न रोक लगाएको | चिनिया पक्षले एकतर्फी रूपमा सीमा अतिक्रमण गरी भौतिक संरचना निर्माण गर्दा APF बाट रोक लगाएको | सीमामा उत्पन्न विवादको विषयमा गरिएको समन्वय/सामधान |
|---|---|---|---|---|
| १ | ० | ० | १ | ० |

### औं. समकक्षी बैठक

नेपाल-भारत

| F/Y | DG/IG Level | DIG Level | District Level | Battalion Level | Coy Level | Local Level |
|---|---|---|---|---|---|---|
| ०७४/०७५ | ० | १ | १४ | २४ | ० | २ |
| ०७५/०७६ | १ | ६ | २० | १६ | ३ | २ |
| ०७६/०७७ | १ | ५ | १० | ३५ | ७ | ९ |
| ०७७/०७८ | ० | १ | १६ | ६४ | १ | ३६ |
| ०७८/०७९ | १ | ५ | २१ | ९२ | ६ | ४० |




**नेपाल–चीन**

| आ.व. | DIG स्तर | जिल्लास्तर | बटालियन स्तर | कम्पनी स्तर | स्थानीय स्तर | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| ०७४/०७५ | ० | ८ | ० | ० | ० | ८ |
| ०७५/०७६ | ० | ९ | ० | १ | ० | १० |
| ०७६/०७७ | ० | ३ | ० | ० | ० | ३ |
| ०७७/०७८ | ० | २ | ० | ० | ० | २ |
| ०७८/०७९ | ० | ५ | ० | ० | २ | ७ |




ओ. सीमा गस्ती (संयुक्त/एकल)

| आर्थिक वर्ष | संयुक्त गस्ती संख्या | एकल गस्ती संख्या |
|---|---|---|
| ०७४/०७५ | ६८६ | |
| ०७५/०७६ | १०६८ | |
| ०७६/०७७ | १३१४ | |
| ०७७/०७८ | २७७९ | १२१८ |
| ०७८/०७९ | ३७३५ | १३८५७ |

ओ. हतियार बरामद

| आ.व. | परिमाण (नाल) | कैफियत |
|---|---|---|
| ०७४/०७५ | १३ | |
| ०७५/०७६ | ३८ | |
| ०७६/०७७ | ३० | |
| ०७७/०७८ | ३५ | |
| ०७८/०७९ | २७ | |






### औ. सीमा इलाकामा मानव बेचबिखन उद्धार विवरण

| आ.व. | पीडित | | पीडक | | कैफियत |
|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | |
| २०७४/०७५ | ३२ | ५ | १ | २४ | |
| २०७५/०७६ | ३९ | १० | ६ | २२ | |
| २०७६/०७७ | १३ | २ | २ | १२ | |
| २०७७/०७८ | ६१ | २ | ५ | ४१ | |
| २०७८/०७९ | ६६ | १ | ४ | ४० | |

### (क) पीडित



(ख) पीडक




**अं. नेपाल एपिएफ अस्पतालबाट कोभिड-१९ सम्बन्धी विवरण**

- ✓ हालसम्म नेपाल ए.पि.एफ. अस्पतालद्वारा गरिएको PCR परीक्षण - ४०,३१७ जना
- ✓ हालसम्म कोभिड-१९ को उपचार प्राप्त गर्ने सर्वसाधारण नागरिक - ३,६५१ जना
- ✓ हालसम्म कोभिड-१९ को उपचार प्राप्त गर्ने सुरक्षाकर्मी -१,३३९ जना
- ✓ हालसम्म कोभिड-१९ को उपचार प्रदान गरिएको संख्या - ४,९७५ जना
- ✓ हाल उपचाररत - ९ जना
- ✓ उपचार पश्चात् निको भएका - ४,७५८ जना
- ✓ हालसम्म ICU मा राखी उपचार प्रदान गरिएको संख्या - ५६५ जना
- ✓ हालसम्म भेन्टिलेटरमा राखी उपचार प्रदान गरिएको संख्या - २५५ जना
- ✓ मृत्यू संख्या - २२३ जना (स.प्र.क.४) १ जना शंकास्पद
- ✓ हालसम्म खोप संख्या
- ✓ खोप प्रमाणिकरण : ६,६३७

| कोभिडसिल्ड | | | भेरोसेल | | | पि-फाईजर | | | जोनसन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रथम | दोश्रो | बुष्टर | प्रथम | दोश्रो | बुष्टर | प्रथम | दोश्रो | बुष्टर | प्रथम | दोश्रो | बुष्टर |
| १७८१३ | १०८०६ | ६५७२ | २२७०५ | ९०७९ | १३९३ | १९६ | १५४ | ६३८ | १०२९० | - | ३२० |

अः. **PCR परीक्षण सम्बन्धी विवरण**




**अअ. कोभिड–१९ बिरामी उपचार**




**ट. प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा भएका क्रियाकलापहरू**

- ✓ काठमाडौं महानगरपालिकासँग समन्वय गरी दुई वटा शववाहन प्राप्त गरेको ।
- ✓ विपद् प्रकोप सम्बन्धी जनचेतनामूलक कक्षा सञ्चालन गरिएको ।

**ठ. सम्बन्धित निकायको रणनीतिक सुधार योजना भए सो को प्रगति विवरण**

- ✓ सीमा सुरक्षालाई अझ बढी सुदृढ र व्यवस्थित गराउन अन्तर बि.ओ.पि. दुरी घटाउन ५०० वटा बि.ओ.पि. नीति अनुसार हालसम्म २२८ वटा बि.ओ.पि., जसमध्ये गत आ.व. ४ वटा बि.ओ.पि. स्थापना गरिएको ।
- ✓ सशस्त्र प्रहरी बल, नेपालको विपद् उद्दार क्षमता अभिवृद्धि गर्न गत आ.व. मा २१५ जना स.प्र.क.हरूलाई विपद् व्यवस्था सम्बन्धी तालिम प्रदान गरिएको साथै US Embassy बाट Disaster Relief System Container, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA)

तथा राष्ट्रिय भूकम्प प्रविधि समाज (NSET) बाट विपद् उद्दारका सामग्रीहरू एवं राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) बाट एम्बुलेन्स र Mass Casualty Vehicle प्राप्त भएको।

**ड. पन्धौं योजना दिगो विकास लक्ष्य सम्बन्धी तहाँ विभाग/निकायसँग सम्बन्धित सुचकहरूको प्रगति**

| बुँदा नं. | रणनीति | कार्यनीति | उपलब्धी |
|---|---|---|---|
| ८ | सीमा सुरक्षा र अध्यागमन प्रणालीलाई द्धिपक्षीय एवम् बहुपक्षीय कुटनीतिक पहल तथा संस्थागत सुदृढीकरणका आधारमा व्यवस्थित र सुदृढ गर्ने। | १. सीमा सुरक्षा र अपराध नियन्त्रण गर्न आधुनिक प्रविधियुक्त सुरक्षा पोष्ट तथा विशिष्टिकृत इकाईको स्थापना एवं संस्थागत क्षमता वृद्धि गरिने छ।<br>४. सीमा सुरक्षा र अध्यागमन प्रणालीको सुदृढीकरणका लागि द्बिपक्षीय एवं बहुपक्षीय सुचना आदानप्रदानको संयन्त्र र साझेदारी विकास गरिनेछ। | १. Digitalize BOP को अवधारणा अनुरूप कार्य भइरहेको।<br>४. समकक्षीसँग विभिन्न स्तरमा बैठक तथा संयुक्त गस्ती सञ्चालन गर्ने गरिएको। |

**ढ. समस्या र चुनौतीहरू**

**क. समस्या**

- ✓ पर्याप्त साधनस्रोत तथा जनशक्तिको कमी।
- ✓ न्यूनतम् भौतिक पूर्वाधारको अभावले व्यवस्थित परिचालनमा कठिनाई देखिएको।
- ✓ सीमा सम्बन्धी ऐन/कानूनको अभाव।
- ✓ सीमामा तैनाथ धेरैजसो युनिटहरूमा पर्याप्त जनशक्ति, आधुनिक हतियार, उपकरण, प्रविधि, बन्दोबस्ती तथा साधनस्रोतको अभाव रहेको।
- ✓ सीमा स्तम्भ (Border Pillar) हरूको निर्माण तथा मर्मत सम्भारका लागि समस्या।

**ख. चुनौती**

- ✓ प्रकृतिक प्रकोपका कारण सीमा स्तम्भ हराउने र समयमा पुनः निर्माण हुन नसक्नु।
- ✓ खुल्ला सीमानाका कारण बढ्दो संगठित अपराध।
- ✓ अन्तर सीमा अपराध।
- ✓ अवैध निकासी/पैठारी तथा तस्करी।
- ✓ वन्यजन्तु तथा आखेटोपहारको तस्करी।
- ✓ अवैध हातहतियार तथा विष्फोटक पदार्थ, लागूपदार्थ ओसारपोसार, मानव तस्करी तथा बालबालिका-चेलीबेटी बेचबिखन।

## २.४ अध्यागमन विभाग

**(क) परिचय**

नेपालमा विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थान नियमन गरी देशको शान्ति, सुरक्षा र राष्ट्रिय हितमा सहयोग पुऱ्याउने र नेपाली नागरिकहरूको विदेश प्रस्थान एवं आगमनलाई व्यवस्थित गर्ने दायित्व अध्यागमन प्रशासनको रहेको छ।

नेपालमा कानून बनाई विदेशी नागरिकहरूको आगमन तथा प्रस्थानको नियमन गर्ने कार्य वि.सं. २०१५ सालदेखि सुरु भएको हो। वि.सं. २०४६ भन्दा अघि अध्यागमन सम्बन्धी कामको जिम्मेवारी विदेशी सम्बन्धी ऐन, २०१५ र विदेशी सम्बन्धी नियमावली, २०३२ बमोजिम हुने गरी सीमाक्षेत्रमा कार्यरत प्रहरी एकाइहरूलाई दिइएको थियो। गृह मन्त्रालय अन्तर्गत अध्यागमन विभागको स्थापना वि.सं. २०४६ साल श्रावण १ गते भएको हो। विभाग अन्तर्गत हाल विभिन्न १४ अध्यागमन कार्यालयहरू क्रियाशील छन्। अध्यागमन विभाग र अन्तर्गतका कार्यालयहरूबाट अध्यागमन ऐन २०४९, अध्यागमन नियमावली २०५१ र अध्यागमन कार्यविधि २०६५ मा भएको व्यवस्था एवं सो सम्बन्धमा नेपाल सरकारले समय समयमा गरेका निर्णयहरूलाई नीतिगत एवं कानूनी आधारको रूपमा लिई सोबमोजिम सीमा (आगमन तथा प्रस्थानको नियमन) नियन्त्रण, नेपालमा रहेका विदेशी नागरिकहरूका गतिविधि अनुमगन र सोसम्बन्धी सेवा प्रवाह गर्दै आएको छ।

**(ख) अध्यागमन विभागका मुख्य मुख्य कार्यहरूः**

- ✓ विदेशी नागरिकलाई आवश्यक नेपाली भिसा नियमानुसार उपलब्ध गराउने तथा त्यसका लागि आवश्यक व्यवस्था मिलाउने,
- ✓ उपलब्ध नेपाली भिसाको अवधि थपका लागि माग भएमा कानून अनुसार म्याद थप गर्ने,
- ✓ नेपाली वा विदेशी व्यक्तिले माग गरेमा आगमन र प्रस्थान प्रमाणित गरिदिने,
- ✓ विदेशीहरूलाई नियन्त्रित पदयात्रा क्षेत्रमा जानका लागि पदयात्रा अनुमति दिने,
- ✓ पदयात्रा अनुमति तथा भिसा रद्द गर्ने,
- ✓ नेपालमा विदेशीको उपस्थितिको अनुगमन, व्यवस्थापन र नियन्त्रण गर्ने,
- ✓ नेपाली नागरिकको नेपाल आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने,
- ✓ जाली राहदानी वा जाली भिसा प्रयोग गरेको, निष्काशित अवधिमा पुनः नेपाल प्रवेश गरेको र अवैध रूपमा मानिस ओसार-पसार गरेको लगायतका अध्यागमन अपराधको अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्ने, कानूनअनुसार मुद्दाको कारवाही किनारा लगाउने,
- ✓ विदेशबाट निष्काशित वा प्रवेश अस्वीकार भै आएका व्यक्ति एवं तिनका कागजातको आधिकारिकता सुनिश्चित गरी आवश्यकता अनुसार मुद्दा दायर गर्ने वा मिसिल तामेलीमा राख्ने,

- ✓ कुनै अभियोगमा दण्ड सजाय भोगिसकेका वा अध्यागमन ऐन, नियमविपरीत कार्य गरेका विदेशीलाई अवधि तोकी वा नतोकी प्रस्थान वा निष्काशन गर्ने,
- ✓ निष्काशित विदेशीको अभिलेख अध्यावधिक गराई राख्ने,
- ✓ अध्यागमन ऐन, नियम विपरीतका कार्यको अनुसन्धान गरी कानून बमोमिम कारवाही गर्ने,
- ✓ विदेशी नागरिकहरूको प्रस्थान तथा प्रवेश इन्कार गर्ने ।

(ग) **दीर्घकालीन सोच**

- ✓ देशको शान्ति सुरक्षा र समृद्धिका लागि डिजिटल, व्यवसायिक र सुरक्षित अध्यागमन व्यवस्थापन ।

(घ) **उद्देश्य**

- ✓ सेवा प्रवाहको प्रक्रियागत सरलीकरण तथा प्राविधिमैत्री पुनःसंरचना गर्नका लागि अध्यागमन कानूनहरू समयसापेक्ष परिमार्जन गर्नु,
- ✓ सम्बद्ध निकायहरूबीच बहुपक्षीय सूचना आदानप्रदान संयन्त्रको स्थापना तथा एकीकृत अभिलेख व्यवस्थापन गर्नु,
- ✓ अध्यागमन कार्यालयहरूको संस्थागत र संरचनागत सुदृढीकरण गरी सुरक्षित र गुणस्तरीय सेवा प्रवाह गर्नु,
- ✓ कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी दक्ष र व्यवसायिक जनशक्ति विकास गर्नु,
- ✓ यात्रुहरूको सूचना सम्बन्धमा विश्वसञ्जालमा पहुँच पुर्‍याई गैरकानूनी आवागमन नियन्त्रण गर्नु ।
- ✓ विदेशी नागरिकहरूको अनुगमन संयन्त्रहरूको नियमित र प्रभावकारी परिचालन गर्नु ।

(ङ) **रणनीति**

- ✓ अध्यागमन व्यवस्थापनलाई थप प्रभावकारी बनाउन कानूनी तथा नीतिगत आधारशिला तयार गर्ने ।
- ✓ अध्यागमन व्यवस्थापनलाई अत्याधुनिक प्रविधियुक्त बनाउने ।
- ✓ सेवा प्रवाहलाई सरलीकरण गर्दै सुशासन प्रवर्द्धन गर्ने ।
- ✓ विदेशी नागरिकहरूको अनुगमनलाई प्रभावकारी बनाउने ।
- ✓ कर्मचारीहरूको व्यावसायिक दक्षता अभिवृद्धि र जनशक्ति व्यवस्थापन सुदृढ गर्ने ।
- ✓ अध्यागमन विभाग र कार्यालयहरूको संरचनागत सुदृढीकरण र संस्थागत विकास गर्ने ।
- ✓ सरोकारवाला निकायहरू बीच समन्वय तथा सूचना साझेदारीको संयन्त्र निर्माण गर्ने ।

(च) **जनशक्ति विवरण** (स्वीकृत दरबन्दी, पदपूर्ति, रिक्त वा फाजिल)

| क्र. सं. | पद | श्रेणी | सेवा | समूह | स्वीकृत दरबन्दी | पद पूर्ति | रिक्त/ फाजिल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | ० | |
| २ | निर्देशक | रा.प.द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | ३ | ३ | ० | |
| ३ | निर्देशक | रा.प.द्वितीय | नेपाल विविध | | १ | १ | ० | विभाग समेत हेर्नेगरी काज |
| ४ | अध्यागमन अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | सामान्य प्रशासन | ९ | १० | ० | अन्यत्र काज |
| ५ | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | १ | १ | ० | |
| ६ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | कानून | ० | ० | ० | |
| ७ | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | नेपाल विविध | | २ | २ | ० | |
| ८ | कम्प्युटर अधिकृत | रा.प तृ. | नेपाल विविध | | ० | ० | ० | |
| ९ | वरिष्ठ अध्यागमन सहायक | रा.प.अन. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १० | ९ | ० | |
| १० | कम्प्युटर अपरेटर | रा.प.अन. प्रथम | नेपाल विविध | | ६ | ७ | ० | विभागमा काज |
| ११ | लेखापाल | रा.प.अन. प्रथम | नेपाल प्रशासन | लेखा | २ | २ | ० | |
| १२ | अध्यागमन सहायक | रा.प.अन. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | ४ | ४ | ० | |
| १३ | सहायक कम्प्युटर अपरेटर | रा.प.अन. द्वितीय | नेपाल विविध | | १ | ० | ० | |
| १४ | हलुका सवारी चालक | श्रेणी बिहिन | इञ्जिनियरिङ्ग | मे./ज.मे. | ५ | ५ | ० | ४ जना करार |
| १५ | कार्यालय सहयोगी | श्रेणी बिहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | १० | १० | ० | ७ जना करार |
| | जम्मा | | | | ५५ | ५५ | ० | |

**(छ) आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्यमा समेत) उल्लिखित नीति तथा कार्यक्रमहरूको २०७९ आषाढ मसान्त सम्मको प्रगति विवरण**

| क्र.सं | बुँदा नं | बजेट/ प्रतिस्थापन बजेट | वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|---|---|
| १ | ३९३ | बजेट | त्रिभुवन विमानस्थलमा अध्यागमन सेवालाई अन्तराष्ट्रियस्तरको बनाउन यात्रुको विवरण अग्रिम रूपमा प्राप्त हुने एड्भान्स पेसेन्जर इन्फर्मेशन सिष्टमको प्रयोग, विद्युतीय प्रवेशद्वार सञ्चालन र क्यूआरकोड सहितको विद्युतीय भिसा गर्ने व्यवस्था मिलाईनेछ। | कानूनी जटिलता देखिएको। |
| २ | ३९४ | बजेट | सीमा नाकामा रहेका सबै अध्यागमन कार्यालयको भौतिक पूर्वाधार सुधार गर्नुका साथै नेपाल भित्रिने विदेशी नागरिकको बायोमेट्रिक विवरण सहितको अभिलेख विद्युतीय प्रणालीमा अद्यावधिक गरिनेछ। | बायोमेट्रिक सहितको विवरण विद्युतीय प्रणालीमा अद्यावधिक भएको। |

**(ज) आर्थिक वर्ष २०७८/२०७९ को वार्षिक वजेट तथा कार्यक्रमको आषाढ मसान्त सम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरणः**

| क्र. सं. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३११४०३०११ | अध्यागमन विभाग | ५९४२५.३५९ | ११४११७.२३३ | १७३५४२.५९२ | ५५३९८ | ५८८५५ | ११४२५२ | ९३.२२ | ५१.५७ | ६५.८४ |
| २. | ३११४०३०१२ | अध्यागमन कार्यालयहरू | २०१४४६.१७५ | १३४०० | २१४८४६.१७५ | १८२०३९ | १२५३० | १९४५६९ | ९०.३७ | ९३.५१ | ९०.५६ |

(झ) **आर्थिक वर्ष २०७८/०७९ को आषाढ मसान्त सम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरू:**

- ✓ अध्यागमन विभाग लगायत सबै अध्यागमन कार्यालयहरू (पशुपतिनगर र हिल्सा बाहेक) बाट QR Code सहितको System Generated Visa जारी भएको छ।
- ✓ E–gate, Automatic biometrics identification system (ABIS) र Enrollment system का लागि अवधारणापत्र स्वीकृत भएको । Specification तयार भएको र स्रोत सुनिश्चतताका लागि फाइल गृह मन्त्रालय, राष्ट्रिय योजना आयोग हुदै अर्थ मन्त्रालयमा पुगेको छ।
- ✓ अध्यागमन कार्यालय बेलहियाको भवन निर्माणको कार्य भइरहेको। यस आ.व. को कार्यसम्पादन संतोषजनक रहेको छ।
- ✓ इ भिसा लागू गर्ने तयारी अन्तिम चरणमा पुगेको छ। यसका लागि हाल सम्म भएका कार्यहरू र अव सम्पादन गर्नुपर्ने कार्यहरू यस प्रकार रहेका छन ।

  (क) परम्परागत स्टिकरमा आधारित भिसालाई QR Code सहितको System Generated Visa परिवर्तन गरिएको।

  (ख) पर्यटक गैर पर्यटक व्यवसायिक लगायत सबै प्रकार भिसाको आवेदन अनलाईनबाट गर्न सकिने गरी नेपाली पोर्ट प्रणालीको मोडुल प्रयोगमा ल्याइएको।

  (ग) भिसा शुल्क सेवाग्राहीले आफू वसेको स्थानको बैंक वा अनलाईन मार्फत भुक्तानी गर्ने र त्यसरी भुक्तानी गरिएको रकम महालेखा नियन्त्रकको कार्यालयले तोकेको राजश्व खातामा आउने गरी प्रबन्ध मिलाउन आवश्यक तयारी भएको। देश भित्र रहेका सेवाग्राहीहरूलाई निजहरू बसेकै स्थानमा सेवा पुऱ्याउने गरी ई-भिसा लागू गर्ने कार्य अन्तिम चरणमा पुगेको।

  (घ) देश बाहिरबाट भुक्तानी गरेको रकम राजश्व खातामा आउने प्रणाली विकास गर्न सेवा प्रदायकले लिने सेवा शुल्क निर्धारण गरिदिनका लागि अर्थ मन्त्रालयमा पत्राचार गरिएको।

  (ङ) अर्थ मन्त्रालय (संभवतः नेपाल राष्ट्र बैंक) बाट अन्तर्राष्ट्रिय पेमेन्ट गेटवे सञ्चालन गर्ने बैंकले लिन पाउने सेवा शुल्क निर्धारण भए पछि सोही अनुसार हुने गरी त्यसरी सेवा शुल्क निर्धारण नभए सम्मका लागि अन्तर्राष्ट्रिय पेमेन्ट गेटवेको सेवा निशुल्क रूपमा उपलब्ध गराउन अध्यागमन विभागवाट अर्थ मन्त्रालयसँगको समन्वयमा राष्ट्रिय बाणिज्य बैकलाई पत्राचार गरिएको। राष्ट्रिय बाणिज्य बैंकबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको।

  (च) ई-भिसाका लागि पेमेन्ट मोडुल सहितको कार्यविधि तर्जुमा भइ स्वीकृतिको लागि अन्तिम चरणमा रहेको छ भने नेपाली पोर्टमा इ भिसा मोडुल तयार भएको छ।
- ✓ अध्यागमन ऐन, २०४९ ले अध्यागमन विभागलाई प्रदान गरेको जिम्मेबारी मध्येको नेपाली नागरिकहरूको प्रस्थानलाई व्यवस्थित गर्ने सन्दर्भमा भिजिट लगायत पर्यटक भिसामा हुने गरेको नेपालीहरूको प्रस्थानलाई व्यवस्थित गर्न कार्यविधि तर्जुमा गरी स्वीकृतीका लागि गृह मन्त्रालयमा

पेश गरिएको छ । भिजिट लगायत पर्यटकीय भिसामा हुने प्रस्थानलाई व्यवस्थित गर्नका लागि नेपाली पोर्टको मोडुलको रूपमा भिजिट भिसामा प्रस्थान सम्बन्धी मोडुल तयार भएको छ । कार्यविधि स्वीकृत भए पश्चात लागू गर्न सकिने गरी आवश्यक तयारी गरिएको छ ।

- ✓ नेपाली पोर्टका सबै मोडुलहरूको म्यानुअल तयार गरिएको छ । सो म्यानुअलका आधारमा नेपाली पोर्ट सञ्चालनका लागि तर्जुमा गर्न प्रस्ताव गरिएको कार्य सञ्चालन कार्यविधि तर्जुमा गर्न बाँकी छ ।
- ✓ अध्यामगन विभाग र मातहतका कार्यालयहरूमा कामय रहेको बेरुजु मध्ये आ.व. २०७८/७९ मा ६५ प्रतिशत बेरुजु फर्छ्यौटका लागि प्रमाण पेश गरिएको छ ।
- ✓ गत आ.व.को अन्तिम लेखा परीक्षणबाट कायम भएको बेरुजुको प्रारम्भिक प्रतिवेदनको जवाफ पेश गरिएको छ । नेपाली पोर्ट प्रणाली र राजश्व प्रणाली (RMIS) उल्लेख भएको राजश्व आम्दानीमा फरक परेका कार्यालयहरूको अभिलेख भिडान गरी एकरूपता ल्याउने कार्य भइरहेको छ ।
- ✓ विदेशी नागरिक अनुगमनका लागि नेपाली पोर्टको नयाँ मोडुल विकास भएको छ । सो मोडुललाई आन्तरीक हवाई उडान कम्पनीहरू, होटल एशोसियसन लगायतका सरोकारबालाहरूले प्रयोग गर्ने सूचना प्रणालीसँग आवद्ध गर्ने कार्य भइरहेको छ । यसै आ.व. मा कम्तीमा आन्तरीक हवाई सेवा कम्पनीहरूसँग आवद्ध गर्ने लक्ष्यका साथ काम भइरहेको छ ।
- ✓ प्रस्तावित अध्यागमन ऐनको विधेयक हाल राष्ट्रिय सभामा विचाराधिन अवस्थामा रहेको छ । प्रस्तावित नयाँ अध्यामगन ऐनसँग अनुकुल हुने गरी अध्यामगन नियमावली, २०७८ तथा अध्यागमन कार्यविधि २०७८ को ड्राफ्ट तयार गरी गृह मन्त्रालयमा पेश गरिएको छ ।
- ✓ अध्यामगनमा काम गर्ने कर्मचारीहरूको आचारसंहिता, २०७८ तर्जुमा गरी लागू गरिएको छ ।
- ✓ अध्यागमन सुधारको ५ वर्षे रणनीतिक योजना (२०७८/०७९-२०८२/०८३) तर्जुमा गरिएको छ । माननीय गृहमन्त्रीस्तरको मिति २०७८/०६/१७ को निर्णयबाट स्वीकृत गराई लागू गरिएको छ ।
- ✓ इन्टरपोलबाट सूचना प्राप्त गर्न साविकमा प्रयोगमा रहेको MIND लाई विस्थापित गरी FIND लागू गरिएको छ । सो का लागि कार्यविधि तर्जुमा गरी गृह मन्त्रालयबाट स्वीकृत गराइ लागु गरिएको छ।

**(ञ) सम्पादन गर्नुपर्ने मुख्य मुख्य कार्यहरू**

१. विगतमा गरिएका कार्यका आधारमा इ भिसाको कार्य अघि बढाउने र स्वदेश तथा विदेशमा रहेका सेवाग्राहीहरूले भिसा लिने नवीकरण गर्ने सेवा प्राप्त गर्ने र तिनिहरूले तिरेको रकम महालेखा नियन्त्रकको कार्यालयले तोकेको राजश्व खातामा जम्मा हुने गरी आवश्यक व्यवस्था मिलाउन निम्नानुसारका कार्य गर्ने

(क) यस कार्यका लागि विभागले तयार गरेको कार्यविधि अर्थ मन्त्रालयको समेत राय लिई मन्त्रालयबाट स्वीकृत गराइ लागू गर्ने ।

(ख) यसका लागि आवश्यकता अनुसार इन्टरनेशनल पेमेन्ट गेट वे सञ्चालन गरी विदेशबाट तिरेको राजश्व (भिसा शुल्क) नेपाल सरकारले तोकेको राजश्व खातामा जम्मा हुने गरी आवश्यक प्रबन्ध मिलाउने । यसका लागि गृह मन्त्रालय, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकसँग आवश्यक निर्णय गराउने ।

(ग) हाल इन्टरनेशनल पेमेन्ट गेट वे सञ्चालन गर्ने बैकले लिन पाउने सेवा शुल्क निर्धारण नभइ सकेको अवस्था रहेको छ । यसै वीच राष्ट्रिय बाणिज्य बैकले निशुल्क रूपमा सो सेवा प्रदान गर्न इच्छा व्यक्त गरेकोले सो बैकसँग सहकार्य गरी विदेशबाट तिरेको भिसा शुल्क राजश्व खातामा जम्मा गर्ने गरी प्रबन्ध मिलाएर ई-भिसा लागू गर्ने ।

(घ) ई-भिसाका लागि तयार भएको नेपाली पोर्टको मोडुल परीक्षण गर्ने र सो को आधारमा सेवा सुभारम्भ गर्ने ।

२. विदेशी नागरिक अनुगमनका लागि तयार भएको विदेशी नागरिक अनुमगन मोडुललाई आन्तरिक विमान सेवा कम्पनी, होटल एशोसियसन, विदेशी नागरिकहरूलाई काममा लगाउने आयोजना तथा उद्योगहरू लगायतको सूचना प्रणालीसँग आवद्ध गरी सञ्चालनमा ल्याउने ।

३. अध्यागमन कार्यालय वेलहियाको भवन निर्माण सम्पन्न गराउन र तोकिएको गुणस्तर कायम गराउन आवश्यक सहजीकरण र नियमन गर्ने ।

४. भिजिट लगायत पर्यटकीय भिसामा प्रस्थान गराउने सम्बन्धी कार्यविधि स्वीकृत भए पश्चात सो का लागि निर्माण भएको नेपाली पोर्टको मोडुल समेत प्रयोग गरी कार्यान्वयन गर्ने ।

५. E–gate, ABIS लागू गर्न र Enrollment System सुधार गर्नका लागि तयार भएको अवधारणापत्र, Technical Specification कार्यान्वयनका लागि स्रोत सुनिश्चितता प्राप्त गरी कार्यान्वयन गर्ने ।

६. अध्यागमन विभागको हालको भवनमा पार्किङ्ग क्षेत्र सानो भएका कारण सेवाग्राहीको गुनासो प्राप्त हुने गरेका कारण नयाँ स्थानमा जग्गा प्राप्त गर्ने कार्य अधि बढेको छ। सो कार्यलाई निचोडमा पुऱ्याइ जग्गा प्राप्त गर्ने ।

७. बेरुजु फर्छ्यौट गर्न सम्परीक्षणका लागि पेश गरिएका प्रमाण कागजातको सम्बन्धमा थप सहजीकरण Follow Up गरी समपरीक्षणको कार्यलाई लक्ष्य अनुरूप सम्पन्न गर्ने ।

**(ट) तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू (संशोधन मिति समेत)**:

- अध्यागमन ऐन, २०४९,
- अध्यागमन नियमावली, २०५१
- अध्यागमन कार्यविधि, २०६५

(ठ) **नवप्रवर्तन कार्यहरूको विवरणः**

- ✓ QR Code सहितको System Generated Visa जारी भएको छ।
- ✓ ई-भिसा लागू गर्ने तयारी अन्तिम चरणमा पुगेको छ
- ✓ भिजिट लगायत पर्यटक भिसामा हुने गरेको नेपालीहरूको प्रस्थानलाई व्यवस्थित गर्न कार्यविधि तर्जुमा गरी स्वीकृतीका लागि गृह मन्त्रालयमा पेश गरिएको छ।
- ✓ अध्यामगनमा काम गर्ने कर्मचारीहरूको आचारसंहिता २०७८ तर्जुमा गरी लागु गरिएको छ।
- ✓ विदेशी नागरिक अनुगमनका लागि नेपाली पोर्टको नयाँ मोडुल विकास भएको छ। सो मोडुललाई आन्तरीक हवाई उडान कम्पनीहरू, होटल एशोसियसन लगायतका सरोकारबालाहरूले प्रयोग गर्ने सूचना प्रणालीसँग आवद्ध गर्ने कार्य भइरहेको छ। यसै आ.व. मा कम्तीमा आन्तरिक हवाई सेवा कम्पनीहरूसँग आवद्ध गर्ने लक्ष्यका साथ काम भइरहेको छ।

(ड) **समस्या तथा चुनौतीहरूः**

➢ **समस्याहरू**

- ✓ सीमा नाका स्थित अध्यागमन कार्यालयहरूको पूर्वाधार र क्षमता कमजोर भएको कारण विना भिसा नेपाल प्रवेश गर्ने  गरेका र कतिपय अभिलेख भिडान गर्न नै धेरै समय खर्चिनु पर्ने
- ✓ विदेशी नागरिकहरूको नेपाल बसाईको अनुगमन प्रभावकारी बनाउन नसकिएको,
- ✓ अध्यागमन कार्यालय त्रि.अ.वि.बाट प्रस्थान अनुमति नदिएका व्यक्तिहरूको सुनुवाईमै अत्याधिक समय वित्ने गरेको,
- ✓ अ.का.त्रि.अ.वि.मा कर्मचारीहरूको फेरबदल उच्च रहेको जसका कारण भिसा तथा आगमन प्रकृयामा हुने त्रुटि सच्याउन विभागमा धेरै समय खर्च हुने गरेको,
- ✓ नेपाली नागरिकहरूको विदेश प्रस्थान सम्बन्धमा एकिकृत राष्ट्रिय दृष्टिकोण नभएको, विभागमा अधिकृतस्तरका कर्मचारीहरूको छिटो छिटो सरुवा हुँदा संस्थागत स्मरण तथा अभिलेखीकरणमा समस्या रहेको।

➢ **चुनौतीहरूः**

- ✓ विद्युतीय अध्यागमन प्रणालीको सुदृढीकरण र विकास गर्नु।
- ✓ सूचना तथा तथ्याङ्कहरूमा गैरकानूनी पहुँच हुन नदिन सुदृढ र सुरक्षित अभिलेखाङ्कन गर्नु।
- ✓ तोकिएको उद्देश्य पूरा गर्न सरोकारवाला निकायहरूसँग प्रभावकारी रूपमा समन्वय र सहकार्य गर्ने।
- ✓ नेपाल भारतबीचको खुला सिमानाबाट हुन सक्ने तेस्रो मुलुकका नागरिकहरूको गैरकानूनी आवागमन निगरानी गर्ने।

- ✓ नेपाली र भारतीय नागरिकहरूको स्थलमार्गबाट हुने सीमापार आवागमनलाई अभिलेखाङ्कन तथा व्यवस्थित गर्ने ।
- ✓ अन्तर्राष्ट्रिय विमानस्थल तथा स्थलमार्गका सिमानाकामा रहेका अध्यागमन कार्यालयहरूबाट यात्रुहरूको आगमन/प्रस्थान तथा भिसासम्बन्धी सेवा प्रवाह छिटोछरितो ढङ्गले सम्पादन गर्नुपर्ने भएकोले सोहीअनुरूप चौबिसै घण्टा कार्यालय सञ्चालन गर्न कर्मचारीहरूको व्यवस्थापन गर्ने ।
- ✓ विभाग, अध्यागमन कार्यालयहरू, परराष्ट्र मन्त्रालय र विदेशस्थित नियोगहरूबाट वितरण हुने गरेका प्रवेशाज्ञा र सोबाट सङ्कलित राजश्वको एकीकृत अभिलेख ।
- ✓ विभाग र अध्यागमन कार्यालयहरूमा प्रविधिमैत्री, दक्ष कर्मचारीहरू भित्र्याउने र कार्यरत कर्मचारीहरूको मनोबल, उत्प्रेरणा कार्यदक्षता उच्च बनाई सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।
- ✓ अहिले पनि नेपाल भ्रमणमा आउने अधिकांश विदेशी नागरिकहरूले प्रवेश विन्दुमा मात्र प्रवेशाज्ञा (on arrival visa) लिने गरेका छन् । विदेशस्थित कूटनीतिक नियोगबाटै भिसा लिई आउन प्रोत्साहित गर्नका लागि आवश्यक व्यवस्था मिलाउनु ।
- ✓ अध्यामगन सुधारका लागि प्राथमिक तथ्याङ्क तथा सूचनामा आधारित नीति निर्माण र निर्णय प्रक्रिया (Database policy and decision making) लाई प्रवर्द्धन गर्नु ।
- ✓ नेपालमा विदेशी नागरिकहरूको बसाइ र गतिविधिको नियमन गर्नका लागि ट्र्याकिङ्ग प्रणालीको विकास गर्नु ।

## २.५ राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग

### क. परिचय

राज्यका प्रत्येक नागरिकलाई राज्यबाट प्रदान गरिने सेवा-सुविधा सरल, सहज र प्रभावकारी रूपमा जवाफदेही र उत्तरदायित्वका साथ प्रदान गर्न नागरिकहरूको प्रशासनिक तथा जनसांख्यिक अभिलेख व्यवस्थापन गरिनु जरुरी छ, नेपालमा नागरिक पहिचानको मुख्य आधारको रूपमा जन्म दर्ता प्रमाणपत्र, नेपाली नागरिकता प्रमाणपत्र रहेका छन् । प्रविधिमैत्री प्रणालीको अभावमा एउटै व्यक्तिका विभिन्न ठाउँमा फरक-फरक पहिचान हुनसक्ने सम्भावना रहेको अवस्थामा नागरिकका वैयक्तिक तथा जैविक विवरण संकलन गरी भण्डारण गर्ने र सो अभिलेखको आधारमा Smart Card प्रविधिमा आधारित चिप्स सहितको परिचयपत्र वितरण गर्ने उद्देश्यले स्थापना भएको राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र र पञ्जीकरण तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी व्यवस्थापन गर्न केन्द्रीय पञ्जीकरण विभाग एकीकरण भई नेपाल सरकारको मिति २०७५।०६।२८ को निर्णयबाट गृह मन्त्रालय अन्तर्गत रहने गरी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्थापना भयो ।

विभिन्न मुलुकहरूमा विभिन्न किसिमका परिचयपत्रहरूलाई एकीकृत गर्न एउटै परिचय नम्बर र जैविक विवरण प्रयोग गरी व्यक्ति पहिचान गर्ने अभ्यास रहेको पाइन्छ। सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रूपमा व्यक्तिको वैयक्तिक तथा जैविक विवरण सहितको बहुउपयोगी बायोमेट्रिक स्मार्ट कार्ड वितरण गर्ने उद्देश्य, सर्वप्रथम आ.व. २०६६/६७ को नीति तथा कार्यक्रमको 'शान्ति सुरक्षा जनताको अपेक्षा' शीर्षकमा उल्लेख गरिएको थियो। आ.व. २०७०/७१ को बजेट वक्तव्य, तेह्रौं योजना (२०७०/७१-२०७२/७३), नेपालको संविधानमा उल्लिखित संवैधानिक व्यवस्था तथा आ.व. २०७५/७६ को बजेट वक्तव्यमा समेत पृथक नम्बरसहित बहुउद्देश्यीय बायोमेट्रिक स्मार्टकार्डको रूपमा राष्ट्रिय परिचयपत्र वितरण गर्ने अवधारणा ल्याइएको थियो सो अवधारणालाई चालु आ.व. को नीति तथा कार्यक्रम र बजेटले समेत निरन्तरता दिएको छ। हाल सो सम्बन्धी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ कार्यान्वयनमा छ। सबै नेपाली नागरिकको वैयक्तिक तथा जैविक विवरण सहितको विवरण संकलन गर्ने, भण्डारण गर्ने, बायोमेट्रिक स्मार्टकार्ड वितरण गर्ने सो कार्डलाई अन्य सेवासँग आबद्ध गर्ने गरी विभागमा कार्य भइरहेको छ। राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी कार्यहरू मुलुकको शान्ति, सुव्यवस्था र सुरक्षा एवं सुशासन तथा समृद्धिसँग प्रत्यक्ष सम्बन्धित रहेको महसुस गरी सो सम्बन्धी कार्यलाई नेपाल सरकारले प्राथमिकता दिई चालु आवधिक योजनामा रूपान्तरणकारी योजना (Game Changer Project) को रूपमा राखिएको छ।

साधारणतः व्यक्तिको व्यक्तिगत जीवनमा जन्मदेखि मृत्युसम्मको अवधिमा घट्ने जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइ सराइ जस्ता व्यक्तिका घटनाहरूलाई स्थानीय पञ्जिकाधिकारी समक्ष निवेदन दिई दर्ता गराउने र सम्बन्धित घटनाको प्रमाणपत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ। नेपालमा जन्म, मत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ र सो सम्बन्धी नियमावली २०३४ ले व्यवस्थापन गरेको थियो। हाल सो सम्बन्धी कार्य राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ अन्तर्गत भइरहेको छ। व्यक्तिगत घटना दर्ताले सम्बन्धित राष्ट्रमा मात्र नभई अन्तर्राष्ट्रिय रूपमा समेत प्रभाव पारेको छ। क्षेत्रीय स्तरमा संयुक्त राष्ट्र संघको एशिया तथा प्रशान्त क्षेत्रको आर्थिक तथा सामाजिक क्षेत्र हेर्ने निकाय Economic and Social Commission for Asia and the Pacific (UNESCAP) को सन् २०१४ मा सम्पन्न मन्त्रीस्तरीय बैठकले यस क्षेत्रमा व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क (CRVS) व्यवस्थापन प्रणालीको विस्तार तथा सुदृढीकरणमा जोड दिएको थियो। उक्त बैठकले सन् २०१५ देखि २०२४ सम्मको दशकलाई एसिया प्रशान्त क्षेत्रमा व्यक्तिगत घटना दर्ताको दशकको रूपमा मनाउने र दशकको अन्त्य सम्ममा सम्पूर्ण व्यक्तिगत घटना दर्ताको दरमा उल्लेख्य रूपमा वृद्धि गर्दै जन्म दर्तालाई शतप्रतिशत पुऱ्याउने लक्ष्य समेत निर्धारण गरेको देखिन्छ। यसमा विभागले अल्पकालीन र दीर्घकालीन कार्ययोजना बनाई व्यक्तिगत घटना दर्ताको कार्यलाई क्रमशः व्यवस्थित बनाई सन् २०२४ सम्ममा जन्म र मृत्यु जस्ता व्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पुऱ्याउने तर्फ प्रयासरत छ।

राज्यले आफ्नो क्षमता अनुसार आफ्ना नागरिकहरूको सुरक्षा तथा संरक्षण गर्नुपर्दछ भन्ने मान्यता अनुरूप सामाजिक सुरक्षाको अवधारणाको विकास भएको पाइन्छ। सुरक्षित र मर्यादित जीवनयापनका लागि नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गरिएको हुन्छ। नेपालको परिप्रेक्ष्यमा सामाजिक सुरक्षा भत्ता कार्यक्रम आ.व.

२०५१/५२ बाट ७५ वर्ष नाघेका ज्येष्ठ नागरिकहरूलाई वृद्ध भत्ताका नामले मासिक रु. १०० नगद प्रदान गरी यो कार्यक्रमको प्रारम्भ भएको हो । जुन कार्यक्रम पहिलो वर्ष गृह मन्त्रालय अन्तर्गत सञ्चालित थियो भने आ.व. २०५३/५४ पश्चात् स्थानीय विकास मन्त्रालय हुँदै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत केन्द्रीय पञ्जीकरण विभागबाट सञ्चालन भएको थियो । मिति २०७५ आश्विन २८ गतेको नेपाल सरकारको निर्णय अनुसार २०७५/०७/१९ गतेबाट पुनः गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम रहेर सञ्चालित छ । हाल ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने, लोपोन्मुख जाति, जोखिम, सीमान्तकृत र पछाडि परेका व्यक्ति तथा समूहलाई समेट्ने प्रयास गरेको देखिन्छ । सामाजिक सुरक्षा कार्यक्रमलाई प्रविधिमा आधारित आधुनिक प्रणालीमा रूपान्तरण गरी आन्तरिक रूपमा सुधार गर्दै लैजाने नेपाल सरकारको नीति अनुरूप विभागले बैंकिङ्ग प्रणालीवाट भत्ता वितरण गर्ने गरी काम गर्दै आएको छ ।

### ख. दीर्घकालिन सोच

- ✓ विद्युतीय प्रणालीमार्फत सबै नागरिकको डिजिटल अभिलेख तयार पारी राज्यबाट उपलव्ध हुने सेवा सुविधा, शान्ति सुरक्षा र विकास निर्माणमा आवद्ध गर्दै सुशासन प्रवर्द्धनमा सघाउ पुऱ्याउने ।

### ग. उद्देश्य (**Objective**)

- ✓ राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) को विकास, स्थापना र सञ्चालन गर्ने ।
- ✓ सबै नेपाली नागरिकलाई नदोहोरिने पृथक् नम्बर सहितको बहुउपयोगी राष्ट्रिय परिचयपत्र प्रदान गर्ने ।
- ✓ गैर आवासीय नेपाली र विदेशी नागरिकलाई समेत आवश्यकतानुसार परिचयपत्र उपलब्ध गराउने ।
- ✓ व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSP–MIS) को विकास, स्थापना र सञ्चालन गर्ने ।
- ✓ नागरिकका व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणाली मार्फत व्यवस्थित गराउने ।
- ✓ सबै लाभग्राहीहरूको सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीमार्फत वितरण गर्ने ।
- ✓ एकीकृत सामाजिक लगत (ISR) प्रणालीको विकास, स्थापना र सञ्चालन गरी सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारी व्यवस्थापन गर्ने ।

### घ. रणनीति

- ✓ बहुपयोगी तथा प्रविधियुक्त एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरी सबै नागरिकको विवरण र राज्यबाट प्रदान गरिने सेवा सुविधा समेतको अभिलेख एकीकृत रूपमा क्रमशः आवद्ध गर्दै लैजाने ।

- ✓ व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई प्रविधिमा आधारित आधुनिक प्रणालीमा पूर्ण रूपमा रूपान्तरण गरी आन्तरिक रूपमा सुधार गर्ने,
- ✓ सरकारी निकाय लगायत अन्य निकायहरूबाट सञ्चालित सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमहरूको एकीकृत सामाजिक सुरक्षा लगत तयार गर्ने,

**ङ. जनशक्ति विवरण स्वीकृत दरबन्दी र पदपूर्ति (स्थायी र करारतर्फ)**

| सि.नं. | पद | तह | सेवा/समूह | स्वीकृत दरवन्दी | पदपूर्ति | | | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | काज | करार | |
| १ | महानिर्देशक | रा.प.प्रथम | नेपाल प्रशासन | १ | १ | - | - | ० |
| २ | निर्देशक | रा.प.द्वितीय | नेपाल प्रशासन | ४ | ४ | - | - | ० |
| ३ | सूचना प्रविधि निर्देशक | रा.प.द्वितीय | नेपाल विविध | १ | १ | - | - | ० |
| ४ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | १० | ७ | २ | - | १ |
| ५ | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन/लेखा | १ | १ | - | - | ० |
| ६ | तथ्याङ्क अधिकृत | रा.प.द्वितीय | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | १ | ० | - | - | १ |
| ७ | कम्प्युटर अधिकृत | रा.प.द्वितीय | नेपाल विविध | २ | १ | १ | - | ० |
| ८ | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | नेपाल विविध | ३ | २ | - | - | १ |
| ९ | नायब सुब्बा | रा.प.तृतीय | नेपाल प्रशासन | १८ | ६ | ६ | - | ६ |
| १० | लेखापाल | रा.प.द्वितीय | नेपाल प्रशासन/लेखा | १ | १ | - | - | ० |
| ११ | कम्प्युटर अपरेटर | रा.प.द्वितीय | नेपाल विविध | ५ | २ | १ | १ | १ |
| १२ | तथ्याङ्क सहायक | रा.प.तृतीय | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | १ | १ | - | - | ० |
| १३ | कम्प्युटर इन्जिनियर | रा.प.द्वितीय | | १० | - | - | ९ | १ |
| १४ | कम्प्युटर टेक्निसियन | रा.प.द्वितीय | | १२ | - | - | १२ | ० |
| १५ | विवरण दर्ता अपरेटर | रा.प.तृतीय | | १०६६ | - | - | ६८३ | ३८३ |
| १६ | हलुका सवारी चालक | रा.प.तृतीय | | ५ | - | - | ५ | ० |
| १७ | कार्यालय सहयोगी | रा.प.द्वितीय | | ८ | - | - | ८ | ० |
| जम्मा | | | | ११४९ | २७ | १० | ७१७ | ३९४ |

**SSSPCR आयोजनाको आयोजना व्यवस्थापन इकाईमा कार्यरत व्यक्तिगत परामर्शदाताहरू**

| सि. नं. | पद | तह | सेवा/समूह | स्वीकृत दरवन्दी | पदपूर्ति | | | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | काज | करार | |
| १ | Senior Procurement Specialist | | | १ | | | १ | ० |
| २ | Financial Management  Specialist | | | १ | | | ० | १ |
| ३ | Payment  Specialist | | | १ | | | ० | १ |
| ४ | Monitoring and Evaluation  Specialist | | | १ | | | ० | १ |
| ५ | Communication  Specialist | | | १ | | | ० | १ |
| ६ | Communication Officer | | | १ | | | १ | ० |
| ७ | Procurement  Officer | | | १ | | | ० | १ |
| ८ | Program  Officer | | | १ | | | ० | १ |
| ९ | MIS Team Leader | | | १ | | | १ | ० |
| १० | System Analyst | | | २ | | | १ | १ |
| ११ | Senior Database Analyst | | | १ | | | १ | ० |
| १२ | Grievance Manager | | | १ | | | ० | १ |
| १३ | Senior Software Developer | | | १ | | | १ | ० |
| १४ | Senior Support Engineer | | | १ | | | ० | १ |
| १५ | MIS Developer÷ Programmer | | | ४ | | | २ | २ |
| १६ | MIS Training Support Staff | | | ४ | | | १ | ३ |
| १७ | Technical Document Writer | | | १ | | | ० | १ |
| १८ | Assistant DBA | | | २ | | | ० | २ |
| १९ | Senior Account Assistant | | | १ | | | १ | ० |
| २० | Account Assistant | | | ३ | | | ० | ३ |
| २१ | Project Admin Assistant | | | २ | | | २ | ० |
| २२ | MIS Operator | | | १००० | | | ९९८ | २ |
| २३ | Field Assistant | | | १००० | | | ९९८ | २ |
| २४ | Driver -Support Staff_ | | | २ | | | २ | ० |
| २५ | Office Assistant (Support Staff) | | | २ | | | २ | ० |
| | जम्मा | | | २०३६ | ० | ० | २०१२ | २४ |

**च. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्यमा समेत) उल्लिखित नीति तथा कार्यक्रमहरूको २०७९ आषाढ मसान्त सम्मको प्रगति विवरणः**

| क्र.स. | बुँदा नं. | बक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|---|
| १ | ३९६ | दुई वर्षभित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र विवरण गर्ने लक्ष्य अनुरूप आगामी वर्ष ७० लाख व्यक्तिलाई परिचयपत्र वितरण गरिनेछ। व्यक्तिगत घटना दर्तालाई विद्युतीय प्रयोगको माध्यमबाट गुणस्तरीय, सरल र सहज बनाइनेछ। | राष्ट्रिय परिचयपत्र तर्फ<br>१. राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन,<br>✓ हालसम्म ८०७५०४६ जना (अभियान मार्फत ६५००३६१ र इकाई मार्फत १५७४६८५)<br>२. राष्ट्रिय परिचयपत्र खरिद, प्राप्ति, छपाई तथा वितरण (पहिलो चरणको सहित)<br>✓ राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड प्राप्तः ५१ लाख १७ हजार<br>✓ राष्ट्रिय परिचयपत्र कार्ड छपाईः ३ लाख ६७ हजार<br>✓ राष्ट्रिय परिचयपत्र कार्ड वितरणः १ लाख १७ हजार २५<br>३. असार मसान्तसम्म अभियान सम्पन्न<br>✓ जिल्लाः ३५ वटा<br>✓ स्थानीय तहः ३८३ वटा<br>✓ वडाः ३५०२ वटा<br>४. असार मसान्तमा अभियान सञ्चालनमा रहेका जिल्लाः ११ वटा<br>५. राष्ट्रिय परिचयपत्र कार्यक्रमसँग सम्वन्धित जनशक्तिको क्षमता अभिवृद्धि : १५५२ जना<br>**सूचना प्रविधि तर्फ**<br>हाल सञ्चालनमा रहेका सूचना व्यवस्थापन प्रणाली<br>✓ NID–MIS,<br>✓ Public Portal – Pre–Enrollment (NID–MIS)<br>✓ NID–MIS – Service Integration |

| क्र.स. | बुँदा नं. | बक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|---|
| | | | ✓ २०७८। ०८। ०१ बाट राहदानी विभागसँग System Integration भैई राष्ट्रिय परिचयपत्र मार्फत e–Passport लागु भएको,<br>✓ CMIS System Integration भई कार्यान्वयनमा रहेको र VERSP–MIS सँग System Integration भई कार्यान्वयनको चरणमा रहेको,<br>✓ कर्मचारी संचय कोष र आन्तरिक राजश्वको प्रणालीसँग आबद्धताको चरणमा रहेको,<br>✓ राष्ट्रिय परिचय सूचना व्यवस्थापन प्रणालीको Service Integration को लागि दूरसञ्चार सेवासँग छलफल गरी अवधारणा पत्र तयार भएको,<br>✓ VERSP–MIS को लागि NID Smart Card Reader, Biometric Verification Device खरिद तथा प्रणालीमा Integration गर्ने कार्य मूल्याकंनको अन्तिम चरणमा रहेको,<br>✓ हाल NIDMIS प्रणाली कै विद्यमान पूर्वाधार मार्फत सेवा आवद्धता भैरहेको,<br>✓ राष्ट्रिय परिचयपत्रको आवेदन नम्बरबाट NIN प्रदान गर्ने विद्युतीय सेवाको विकास भइ सञ्चालनमा रहेको,<br>✓ सेवा आवद्धता सम्बन्धी कार्यविधि निर्माण गर्न परामर्शदाताको छनौटको प्रक्रिया शुरु गरिएको ।<br>**पञ्जीकरण तर्फ**<br>१. अनलाईन मार्फत २०७९ असार मसान्तसम्म भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी कूल विवरणः<br>✓ अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या - ६२०२<br>✓ जन्म - १९७०८८७<br>✓ मृत्यु - ४९७१४५<br>✓ विवाह - ७९२३६३<br>✓ सम्बन्ध विच्छेद - २७३२५<br>✓ बसाई सराई - ४३३४३४<br>✓ कूल जम्मा घटना दर्ता संख्या - ३७२११५४ |

| क्र.स. | बुँदा नं. | बक्तव्यको संक्षिप्त विवरण | प्रगति |
| --- | --- | --- | --- |
| | | | **सूचना प्रविधि तर्फ**<br>हाल सञ्चालनमा रहेका सूचना व्यवस्थापन प्रणाली<br>✓ VERSP–MIS<br>✓ Public Portal – Notification (VERSP–MIS)<br>✓ SSRP–MIS<br>✓ GMS<br>✓ Digitization System<br>✓ Archiving Application System<br>✓ Progress Tracking System<br>VERSP–MIS Service Integration<br>✓ SSA System लाई CGAS सँग System Integration को लागि अध्ययन प्रतिवेदन प्राप्त भई स्वीकृतीको लागि मन्त्रालय पठाइएको,<br>✓ CMIS सँग VERSP–MIS System Integration भएको,<br>✓ SSRP पोर्टल मार्फत VERSP–MIS System बैंकको System सँग Integration भएको,<br>✓ स्वास्थ्यको BIMS सँग VERSP–MIS System Integration गरी ३० वटा स्वास्थ्य संस्थाबाट कार्य भईरहेको,<br>✓ अध्यागमनको सूचना व्यवस्थापन प्रणालीको Service Integration को लागि छलफल भएको,<br>✓ VERSP–MIS को लागि NID Smart Card Reader, Biometric Verification Device खरिद तथा प्रणालीमा Integration गर्ने कार्य मूल्याकंनको अन्तिम चरणमा रहेको, |

| क्र.स. | बुँदा नं. | बक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|---|
| २ | ७७ र ७८ | ७७. जीवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षणको अवधारणा अनुरूप गर्भावस्थामा स्वास्थ्य जाँच र पोषण, बाल्यावस्थामा निशुल्क खोप, पोषण, आधार भूत शिक्षा र छात्रवृत्तिको व्यवस्था, युवावस्थामा शिक्षा, स्वास्थ्य र रोजगारीको प्रत्याभूति, वृद्धावस्थामा निःशुल्क उपचार र मर्यादित जीवन सुनिश्चित गर्न सरकार प्रतिवद्ध छ। सबै प्रकारका सामाजिक सुरषा भत्तामा ३३ प्रतिशतले बृद्धि गरी जेष्ठ नागरिकको मासिक भत्ता रु ४ हजार पुर्‍याईएको छ। सामाजिक सुरक्षा भत्ताको लागि रु १ खर्व विनियोजन गरेको छ।<br>७८. अनाथ, दलित, अपाङ्गता भएका र विपन्न परिवारका बालबालिकालाई प्रदान गरिने बाल संरक्षण अनुदानको रकममा एक तिहाईले वृद्धि गरेको छ। | सामाजिक सुरक्षा कार्यक्रम<br>१. २०७९ असार मसान्तमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या कुल जम्माः ३५६७४७४२ जना<br>✓ जेष्ठ नागरिक (७० वर्ष भन्दा माथि): १३१२०१५<br>✓ जेष्ठ नागरिक (क्षेत्र तोकिएको ६० वर्ष उमेर पुगेका): २०५१५<br>✓ जेष्ठ नागरिक दलित (६० वर्ष उमेर पुगेकाः १९००९२<br>✓ जेष्ठ नागरिक (एकल महिला): २७५९३९<br>✓ विधवाः ३५८४६८<br>✓ पूर्ण अपाङ्गता (क वर्ग): ६२८३९<br>✓ अति अशक्त अपाङ्गता (ख वर्ग): १२६९२२<br>✓ लोपोन्मुख जातीः २२२४५<br>✓ लोपोन्मुख (बालबालिका): २९२<br>✓ बालबालिका (दलित): ४०५९७८<br>✓ बालबालिका (क्षेत्र तोकिएको): ७९९४३७<br>२. बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंकसँग सम्झौता गरेका स्थानीय तहको संख्या ७३८ वटा रहेको।<br>३. बैंकिङ प्रणालीमार्फत ३२ लाख लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको,<br>४. बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी बैंकिङ समस्या समाधान तथा सहजीकरण समितिको मिति २०७८।०४।३१, मिति २०७८/६/१०, र मिति २०७८/११/१२ गते सम्पन्न,<br>५. ISR दर्ता शिविर तथा घरधुरी सर्वेक्षणको लागि EOI को मूल्याङ्कनको चरणमा रहेको।<br>६. ISR प्रणाली खरिदका लागि परामर्शदाता छनौट गर्न EOI मूल्याङ्कनको चरणमा रहेको। |

**ज. आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रमको असार मसान्तसम्मको खुद बजेट तथा खर्च विवरण (रकम रु. हजारमा):**

| क्र.स. | ब.उ.शि.नं. | निकाय/कार्यक्रम | बजेट | खर्च | प्रगति प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | वित्तीय | वित्तीय कुल | भौतिक |
| १ | पूँजीगत तर्फ | राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता | ६१०७०० | ३२७७६५.१ | ५३.६७ | | |
| | चालु तर्फ | राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता | ३९००६६६ | ३०३३९२१.४८ | ७७.७७ | ७४.५१ | ७७ |
| २ | चालु | सामाजिक सुरक्षा कार्यक्रम | ९८०२४६२४.५ | ९६०५८९०२.६५ | ९७.९९ | ९७.९९ | १०० |
| | जम्मा | | १०२५३५९९०.५ | ९९४२०५८९.२३ | | ९६.९६ | ८८.५ |

**झ. आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरू:**

**तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू:**

- ✓ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ (जारी मिति २०७६ माघ २८ गते) हाल संशोधनको लागि पेश गरिएको,
- ✓ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (पहिलो संशोधन) नियमावली, २०७८ (संशोधन मिति २०७८ फागुन २ गते)
- ✓ राष्ट्रिय परिचयपत्र व्यवस्थापन आर्थिक (दोस्रो संशोधन) निर्देशिका, २०७६ (संशोधन मिति २०७८ भदौ २१ गते)
- ✓ राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ (जारी मिति २०७६ माघ २८ गते)
- ✓ सामाजिक सुरक्षा (पहिलो संशोधन) ऐन, २०७९, (संशोधन मिति २०७९ असार ३१ गते)
- ✓ सामाजिक सुरक्षा (पहिलो संशोधन) नियमावली, २०७७, (संशोधन मिति २०७७ भदौ २९ गते) दोश्रो संशोधनका लागि प्रक्रिया अगाडी बढाइएको,
- ✓ सामाजिक सुरक्षा भत्ता वितरण (पहिलो संशोधन) कार्यविधि, २०७७ (संशोधन मिति २०७८ बैशाख ३ गते)
- ✓ विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ (दोस्रो संशोधन) (संशोधन मिति २०७६ श्रावण १६ गते)

- ✓ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोस्रो संशोधन, २०७६) (संशोधन मिति २०७६ पौष ११ गते)
- ✓ सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ (स्वीकृत मिति २०७६ श्रावण ८ गते)
- ✓ व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क व्यवस्थापन रणनीति, २०७६ (स्वीकृत मिति २०७६ पौष १५ गते)
- ✓ एकीकृत सामाजिक लगत (ISR) को कार्यढाँचा।

**ञ. वार्षिक विकास कार्यक्रम अन्तर्गतका मुख्य मुख्य कार्यहरू**

**१. राष्ट्रिय परिचयपत्र कार्यक्रमको कार्यान्वयन अवस्था**

- ➢ राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन
  - ✓ हालसम्म ८०७५०४६ जना (अभियान मार्फत ६५००३६१ र इकाई मार्फत १५७४६८५)
- ➢ असार मसान्तसम्म अभियान सम्पन्न जिल्लाः ३५ वटा
- ➢ असार मसान्तमा अभियान सञ्चालनमा रहेका जिल्लाः ११ वटा
- ➢ राष्ट्रिय परिचयपत्र खरिद, प्राप्ति, छपाई तथा वितरण (पहिलो चरणको सहित)
  - ✓ राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड प्राप्तः ५१ लाख १७ हजार
  - ✓ राष्ट्रिय परिचयपत्र कार्ड छपाईः ३ लाख ६७ हजार
  - ✓ राष्ट्रिय परिचयपत्र कार्ड वितरणः १ लाख १७ हजार २५
- ➢ जनशक्ति छनौट तथा नियुक्ति
  - ✓ राष्ट्रिय परिचयपत्रको विवरण दर्ता अपरेटर १६४ जना छनौट भएका मध्ये ८० जना तत्काल आवश्यकता बमोजिम खटाइएको, र ८४ जनालाई पनि आवश्यकता अनुसार काममा खटाइने गरी प्रतिक्षा सूचीमा राखिएको,
- ➢ तालिम तथा क्षमता अभिवृध्दि अभिमुखीकरण
  - ✓ १२४ जना कर्मचारीलाई कार्ड प्रशोधन, विवरण दर्ता एवं परिचयपत्र वितरणको लागि क्षमता अभिवृद्दि तालिम सम्पन्न।
  - ✓ ४६२ जना रुजू अधिकारीलाई वडा स्तरमा अभियान सञ्चालनका लागि जिल्ला स्तरमा तालिम सम्पन्न।
  - ✓ ९६६ जना जनप्रतिनिधी र कर्मचारीलाई वडा स्तरमा अभियान सञ्चालनका लागि जिल्ला स्तरीय क्षमता अभिवृद्धि गोष्ठि सम्पन्न।

- अन्य
  - ✓ राष्ट्रिय परिचयपत्र स्मार्ट कार्डको ग्राफिकल डिजाइन स्वीकृत भएको,
  - ✓ Mono Finger Print Scanner खरिद सम्बन्धी बोलपत्र मूल्याकंनको क्रममा रहेको, NID Spare Parts खरिद सम्बन्धी बोलपत्रको Pre–Bid Meeting सम्पन्न भएको,
  - ✓ सवाग्राहीको चापलाई मध्येनजर गरी सेवा प्रवाह सहज र सरल गर्न थप जिल्ला प्रशासन कार्यालयमा थप १९ इलाका प्रशासन कार्यालयमा थप २३ अस्थायी स्टेशन स्थापनाको लागि निर्णय गरिएको,
  - ✓ ४ वटा इलाका प्रशासन कार्यालयमा स्थापना गरिएको,
  - ✓ विभिन्न जिल्ला प्रशासन कार्यालयमा थप १९ अस्थायी स्टेशनको स्थापना गरिएको,
  - ✓ काठमाडौं जिल्लाका ८ वटा नगरपालिकामा १ वटा स्टेशनका दरले ८ वटा अस्थायी स्टेशनको स्थापना गरिएको,
  - ✓ राष्ट्रिय परिचयपत्रको विवरण दर्तामा सेवाग्राहीको चापलाई मध्यनजर गर्दै काठमाडौं महानगरपालिकाका नागरिकको विवरण दर्ताको लागि राष्ट्रिय सभागृहमा ४ वटा स्टेशन व्यवस्था गरिएको छ।
  - ✓ जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा ४ वटा स्टेशन रहेकोमा ४ वटा थप गरी जम्मा ८ वटा,
  - ✓ राहदानी विभागमा रहेको ५ वटा स्टेशन रहेकोमा ५ वटा थप गरी जम्मा १० वटा
  - ✓ जिल्ला प्रशासन कार्यालय, ललितपुरमा २ वटा स्टेशन रहेकोमा ३ वटा थप गरी जम्मा ५ वटा,
  - ✓ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा रहेको १ वटा स्टेशन रहेकोमा २ वटा थप गरी जम्मा ३ वटा

**२. पञ्जीकरण कार्यक्रमको कार्यान्वयन अवस्था**

- **अनलाईन मार्फत २०७९ असार मसान्तसम्म भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी कूल विवरणः**
  - ✓ अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या - ६२०२
  - ✓ जन्म -१९७०८८७
  - ✓ मृत्यु - ४९७१४५
  - ✓ विवाह - ७९२३६३
  - ✓ सम्बन्ध विच्छेद - २७३२५
  - ✓ बसाई सराई - ४३३४३४
  - ✓ कूल जम्मा घटना दर्ता संख्या - ३७२११५४

**अन्य**

- देशका ७५३ वटै स्थानीय तहहरूमा बैशाख १ गते देखि ७ गते सम्म व्यक्तिगत घटना दर्ता सप्ताह सम्पन्न भएको।
- सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प्राप्त पत्रानुसार कतिपय पालिकामा घटना दर्ता अभिलेख राख्ने क्रममा दर्ता कितावमा सिं.नं.हरू केरमेट गर्ने लगायतका कार्यहरू हुने गरेको पाईएको हुँदा उक्त कार्यहरू आगामी दिनमा नदोहोरियोस् भनि सवै स्थानीय तहमा परिपत्र गरिएको।
- United Nations Economic and Social Commission for Asia and The Pacific (UNESCAP) को आयोजनामा व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क व्यवस्थापन (CRVS) सम्बन्धी दोस्रो मन्त्रिस्तरीय सम्मेलन Virtual माध्यम मार्फत मन्त्री ज्यूको उपस्थितीमा सम्पन्न,
- CRVS रणनीति बमोजिम गृह सचिवको संयोजकत्वमा राष्ट्रिय समन्वय समितिको भाद्र २० गते बैठक सम्पन्न,
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजनाको निर्देशक समितिको बैठक सम्पन्न,
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) को आयोजना प्राविधिक समितिको बैठक सम्पन्न,
- मिति २०७८।०८।२१ मा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत केन्द्रमा रहेका कर्मचारीको पारिश्रमिक पुनरावलोकन गर्ने गठित कार्यदलको बैठक सम्पन्न,
- माजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत २ वटा Mission सम्पन्न,
- विदेशस्थित नियोगमा घटना दर्ता गर्न स्थानीय पञ्जीकाधिकारी तोक्ने सम्बन्धमा कन्सुलर सेवा विभागसँग बैठक सम्पन्न गरिएको,
- मिति २०७८।११।११ मा SEE दिने परिक्षार्थीहरूको उमेर हदमा रहेको द्विविधाको सम्बन्धमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयसँग आवश्यक समन्वयात्मक बैठक बसी सबै स्थानीय तह तथा शिक्षा इकाइहरूमा परिपत्र गर्ने निर्णय भएको,
- कन्सुलर सेवा विभागसँगको समन्वयमा सप्तरी, सिराहा, धनुषा जिल्लाका जिल्ला प्रशासन कार्यालय, स्थानीय तहका जनप्रतिनिधिहरूको सहभागितामा घटना दर्ताको विषयमा सहजीकरण गरिएको,
- सेवा इकाईमा कार्यरत MIS Operator/Field Assistant को का.स.मू. मूल्याकंन गरी करार सेवा निरन्तरता सम्बन्धी परिपत्र गरिएको,
- Beneficiaries Satisfaction Survey को RFP को मूल्याङ्कनको चरणमा,
- Service Unit को लागि EOI को मूल्याङ्कनको चरणमा

- व्यक्तिगत घटना दर्ता सम्बन्धी कानूनी जटिलता लगायतका विषयमा गृह मन्त्रालय, कानून न्याय तथा संसदीय मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र कन्सुलर विभागका प्रतिनिधीहरू उपस्थित बैठक सम्पन्न,

## ३. सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन अवस्था

- **२०७९ असार मसान्तमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्याः**

| क्र.सं. | लाभग्राहीको वर्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक (७० वर्ष भन्दा माथि) | १३१२०१५ | ३६.७०% |
| २ | जेष्ठ नागरिक (क्षेत्र तोकिएको ६० वर्ष उमेर पुगेका) | २०५१५ | ०.५७% |
| ३ | जेष्ठ नागरिक दलित (६० वर्ष उमेर पुगेका) | १९००९२ | ५.३२% |
| ४ | जेष्ठ नागरिक (एकल महिला) | २७५९३९ | ७.७२% |
| ५ | विधवा | ३५८४६८ | १०.०३% |
| ६ | पुर्ण अपाङ्गता (क वर्ग) | ६२८३९ | १.७६% |
| ७ | अति अशक्त अपाङ्गता (ख वर्ग) | १२६९२२ | ३.५५% |
| ८ | लोपोन्मुख जाती | २२२४५ | ०.७२% |
| ९ | लोपोन्मुख (बालबालिका) | २९२ | ०.०१% |
| १० | बालबालिका (दलित) | ४०५९७८ | ११.३६% |
| ११ | बालबालिका (क्षेत्र तोकिएको) | ७९९४३७ | २२.३६% |
| | कुल जम्मा | ३५७४७४२ | १००% |

- **सामाजिक सुरक्षा सम्बन्धी निर्णय कार्यान्वयन**
  - ✓ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।५।१६ गतेको बैठकको निर्णयानुसार आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्य मार्फत ३३ प्रतिशतले वृद्धि भई कायम भएको सामाजिक सुरक्षा भत्ताको मासिक भत्ता दर मिति २०७८।४।१ देखि कार्यान्वयन गरिएको,
  - ✓ विगत २०७६ देखि मानव सेवा आश्रम, आमाको घर नेपाल र HIV शिक्षा सदनमा रहेका आश्रितहरूलाई गत आ.व. मा प्रदान गरिएको भत्ता रकममा ३३% भत्ता थप गरी भत्ता दिने २०७८/०९/३० को मन्त्रि परिषदको निर्णय भएको,
  - ✓ पटवा, विल्टाउ, विन (मुखिया), मलाह (सनही), लोहार र गोढया जात/थर का व्यक्तिहरूलाई दलित जाती अन्तर्गत प्रदान गरिने सामाजिक सुरक्षा भत्ता कार्यान्वयन नगर्नु/नगराउनु भन्ने राष्ट्रिय दलित आयोगको मिति २०७८/३/२९ गतेको निर्णय कार्यान्वयनको लागि सबै स्थानीय तहमा पत्राचार गरिएको ।

- ✓ जन्मको आधारमा नेपाली नागरिकता प्रमाणपत्र लिएका नागरिकका सन्तानहरूले पूर्ण अपाङ्गता तथा अति अशक्त अपाङ्गताको वर्गमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि बालिग भइसकेको अवस्थामा अनिवार्य नेपाली नागरिकता प्रमाणपत्र आवश्यक पर्ने भएका कारण बैंक खाता खोल्न नसकिएकोले सो वर्गलाई भत्ता वितरण गर्न कठिनाई भएको भनी विभिन्न स्थानीय तहबाट गुनासो तथा समस्या प्राप्त भएकोले सो सम्बन्धमा बाबु वा आमाको नेपाली नागरिकताको प्रमाणपत्र, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको जन्म दर्ता प्रमाणपत्र, बाबु आमासँगको नाता प्रमाणित पत्र, र सम्बन्धित स्थानीय तहको सिफारिस पत्रको आधारमा लाभग्राहीहरूको बैंक खाता खोल्ने व्यवस्था गर्न विभागको मिति २०७८/१२/०७ को निर्णयानुसार सबै पालिकाहरूमा पत्राचार गरिएको ।

➢ **सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको नविकरण सम्बन्धी**

- ✓ सामाजिक सुरक्षा भत्ता नवीकरण गर्ने म्याद (कार्तिक मसान्त) भित्र सम्बन्धित कार्यालयमा निवेदन दर्ता गरेका तर सम्बन्धित कार्यालयको परिस्थितिजन्य कारणबाट विभागको अनलाईन प्रणालीमा प्रविष्टि हुन नसकी नवीकरण छुट भएका ८५५३ जना निवेदकहरूको विवरण प्रविष्ट गरी नवीकरण व्यवस्थापन गरिएको ।

➢ **सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको लगत कट्टा सम्बन्धी**

- ✓ सरकारी कोषबाट निवृत्तिभरण पाइरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने भन्ने व्यवस्था भए बमोजिम यस विभागले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण निवृत्तिभरण प्रणालीको विवरणसँग प्रमाणीकरण गराउँदा २४६६ जना लाभग्राहीहरूले सामाजिक सुरक्षा भत्ता र निवृत्तिभरण दुवै प्राप्त गरिरहेको पाइएकोले विभागको प्रणालीबाट उक्त लाभग्राहीहरूको लगत कट्टा गरिएको, साथै ८४७६३ जना सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले निवृत्तिभरण समेत लिएको हुन सक्ने देखिएकोले सो सम्बन्धमा सम्बन्धित स्थानीय तहबाट थप पुष्ट्याइ गर्नुपर्ने वास्तविकता यकिन गरी लगत कट्टा गर्न स्थानीय तहमा पठाइएको,
- ✓ गत आर्थिक वर्षमा रहेका सामाजिक सुरक्षा भत्ताका लाभग्राहीमध्ये चालू आ.व.मा भत्ता प्राप्त गर्नका लागि नविकरणको निवेदन दिन नआएकाले ३ लाख १३ हजार लाभग्राहिको नाम स्वतः प्रणालीबाट हटेको ।

➢ **सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग प्रणाली सम्बन्धमा**

- ✓ बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंकसँग सम्झौता गरेका स्थानीय तहको संख्या ७३८ वटा रहेको ।
- ✓ ३२ लाख लाभग्राही बैंकिङ प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको,

- ✓ बझाङ्ग जिल्लाको साईपाल गाउँपालिकामा हालसम्म कुनै पनि बैंक तथा वित्तीय संस्थाहरूको शाखा कार्यालय नभएकोले बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न कठिनाई भएको भनी उक्त गाउँपालिका मार्फत जानकारी प्राप्त भएको हुँदा बैंक शाखा स्थापना गर्नका लागि आवश्यक समन्वय गर्न नेपाल राष्ट्र बैंकलाई अनुरोध गरिएको,
- ✓ सम्बन्धित स्थानीय तहले बैंकिङ प्रणाली मार्फत भत्ता वितरणको सुनिश्चित गरेको अवस्थामा मात्र सामाजिक सुरक्षा भत्ता वापतको रकम निकासा दिन भनी सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई निर्देशन गर्न महालेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरिएको,
- ✓ सामाजिक सुरक्षा भत्ता अनिवार्यरूपमा बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने सन्दर्भमा स्थानीय तहहरूमा आइपर्ने समस्याहरूको समाधानका लागि "स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग समस्या समाधान तथा सहजीकरण समिति" गठन गर्न गृह मन्त्रालयको मिति २०७८/१२/७ (सचिवस्तर) को निर्णय अनुसार सबै पालिकाहरूले सो बमोजिमको समिति गठन गर्न जानकारी पठाइएको ।
- ✓ बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी बैंकिङ समस्या समाधान तथा सहजीकरण समितिको मिति २०७८।०४।३१, मिति २०७८/६/१०, र मिति २०७८/११/१२ गते सम्पन्न,
- ✓ ISR दर्ता शिविर तथा घरधुरी सर्वेक्षणको लागि EOI को मूल्याङ्कनको चरणमा ।

➢ **अन्य**

- ✓ चालु आ.व. ०७८/७९ को तेश्रो र चौथो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ताको लागि अपुग रकम माग गर्ने सबै स्थानीय तहहरूलाई रु. १५,१०,४३,०८,५९४ (पन्ध्र अर्ब दश करोड त्रिचालिस लाख आठ हजार पाँच सय चौरानब्बे रुपैंया) थप निकासा पठाईएको ।
- ✓ सात प्रदेशमा प्रदेशस्तरीय "सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारितामा सरकार र नागरिकको भूमीका" विषयक सार्वजनिक सुनुवाई र पाँच जिल्लामा जिल्लास्तरीय "सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारितामा सरकार र नागरिकको भूमिका" विषयक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको,
- ✓ मिति २०७८/८/१६ गते राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले सञ्चालन गरेको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन सूचना प्रणाली र महालेखा नियन्त्रक कार्यालयबाट सञ्चालित कम्प्युटरकृत सरकारी लेखा प्रणाली वीच सेवा आवद्ध गर्ने सम्बन्धमा गठित कार्यदलले पेश गरेको प्रतिवेदन माथि छलफल तथा सामाजिक सुरक्षा भत्ता वितरण र प्रतिवेदन माथि छलफल गर्न विभागका महानिर्देशकको अध्यक्षतामा वैठक सम्पन्न,
- ✓ बीस जिल्लाका एकतिस स्थानीय तहबाट आ.व २०७७/८७ को नपुग भएको रकम माग भएकोले LMBIS संशोधन तथा रकम निकासाको लागि व्यवस्थापन गरिएको,

- ✓ सामाजिक सुरक्षा भत्ता स्वेच्छिक रूपले लिन नचाहने नेपाली नागरिकलाई यस विभागले पनि सम्मान गर्ने भएको हुँदा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका तथा प्राप्त गर्न योग्य लाभग्राहीहरूले स्वेच्छिक रूपमा भत्ता त्याग गर्न सक्ने प्रावधानबारे स्थानीय स्तरमा समेत प्रचार प्रसार गरी जनचेतना अभिबृद्धि गर्न तथा उल्लेखित व्यक्तिहरूको विवरण संकलन गरी विभागलाई पठाउन सबै स्थानीय तहमा पत्राचार भएको।

➢ **सूचना प्रविधि तर्फ**

**हाल सञ्चालन रहेका सूचना व्यवस्थापन प्रणाली**

- ✓ NID–MIS,
- ✓ Public Portal – Pre–Enrollment (NID–MIS)
- ✓ VERSP–MIS
- ✓ Public Portal – Notification (VERSP–MIS)
- ✓ SSRP – MIS
- ✓ GMS
- ✓ Digitization System
- ✓ Archiving Application System
- ✓ Progress Tracking System

**प्रणाली सुधार तथा स्तरोन्नत्ती**

- ✓ परामर्शदाता IDEMIA मार्फत स्तरोन्नतिको काम सम्पन्न भई सञ्चालनमा रहेको र हाल Support तथा मर्मतको कार्य सुचारु रहेको,
- ✓ अभियान मार्फत अफलाईनमा विवरण प्रविष्ट गरी राष्ट्रिय परिचयपत्र नम्बर नपाउने महानुभावहरूको दर्तामा सेवाग्राहीहरूको सुविधाको लागि SMS प्रणालीमार्फत राष्ट्रिय परिचयपत्र नम्बर (NIN) उपलव्ध गराउन प्रारम्भ गरिएको छ।
- ✓ प्रति घण्टा १ हजारबाट १ हजार पाँच सय कार्ड छपाई गर्ने मेशिन खरिदको लागि आपूर्तिकर्तासँग सम्झौता गरिएको,
- ✓ ISR प्रणाली खरिदका लागि परामर्शदाता छनौट गर्न EOI मूल्याङ्कनका चरणमा रहेको,

**NID–MIS – Service Integration**

- ✓ २०७८। ०८। ०१ बाट राहदानी विभागसँग System Integration भैई राष्ट्रिय परिचयपत्र मार्फत e–Passport लागु भएको,

- ✓ CMIS System Integration भई कार्यान्वयनमा रहेको र VERSP–MIS सँग System Integration भई कार्यान्वयनको चरणमा रहेको,
- ✓ कर्मचारी संचय कोष र आन्तरिक राजश्वको प्रणालीसँग आबद्धताको चरणमा रहेको,
- ✓ राष्ट्रिय परिचय सूचना व्यवस्थापन प्रणालीको Service Integration को लागि दूरसञ्चार सेवासँग छलफल गरी अवधारणा पत्र तयार भएको,
- ✓ VERSP–MIS को लागि NID Smart Card Reader, Biometric Verification Device खरिद तथा प्रणालीमा Integration गर्ने कार्य मूल्याङ्कनको अन्तिम चरणमा रहेको,
- ✓ हाल NIDMIS प्रणाली कै विद्यमान पूर्वाधार मार्फत सेवा आवद्धता भैरहेको,
- ✓ राष्ट्रिय परिचयपत्रको आवेदन नम्बरबाट NIN प्रदान गर्ने विद्युतीय सेवाको विकास भई सञ्चालनमा रहेको,
- ✓ सेवा आवद्धता सम्बन्धी कार्यविधि निर्माण गर्न परामर्शदाताको छनौटको प्रक्रिया शुरु गरिएको।

**Verification and Investigation of NID–MIS**

- ✓ Total No. of Verification in Progress – 59,020
- ✓ Total No. of Investigation in Progress – 4,08,025

**VERSP–MIS Service Integration**

- ✓ SSA System लाई CGAS सँग System Integration को लागि अध्ययन प्रतिवेदन प्राप्त भई स्वीकृतीको लागि मनत्रालय पठाइएको,
- ✓ CMIS सँग VERSP–MIS System Integration भएको,
- ✓ SSRP पोर्टल मार्फत VERSP–MIS System बैंकको System सँग Integration भएको,
- ✓ स्वास्थ्यको BIMS सँग VERSP–MIS System Integration गरी ३० वटा स्वास्थ्य संस्थाबाट कार्य भईरहेको,
- ✓ अध्यागमनको सूचना व्यवस्थापन प्रणालीको Service Integration को लागि छलफल भएको,
- ✓ VERSP–MIS को लागि NID Smart Card Reader, Biometric Verification Device खरिद तथा प्रणालीमा Integration गर्ने कार्य मूल्याकंनको अन्तिम चरणमा रहेको।

- **सुचना प्रसार प्रसार सम्बन्धी**
  - ✓ व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी IEC Materials उत्पादन तथा प्रसारणका लागि सेवा प्रदायकमार्फत कार्य भईरहेको,
  - ✓ Static Design १२ वटा ७ GIS Design १२ वटा उत्पादन गरी Social Media मार्फत Display गरिएको,
  - ✓ Radio Jingle ५ वटा तयारी सो Jingle लाई विभिन्न भाषामा तयार गरी रेडियो मार्फत प्रशारण,
  - ✓ व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धित FAQ लाई फरक पाँच भाषामा तयार गरिएको,
  - ✓ व्यक्तिगत घटना दर्ता सम्बन्धित FAQ तयार गरी सो सम्बन्धी ब्रोसर प्रकाशन, वितरण
  - ✓ व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा दर्ता तथा नविकरण र राष्ट्रिय परिचयपत्रको विवरण दर्ता सम्बन्धी टेलिभिजन र रेडियो मार्फत सूचना प्रशारण,
  - ✓ सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धित FAQ तयार गरी सो सम्बन्धी ब्रोसर प्रकाशन, र वितरण

- **तालिम तथा क्षमता अभिवृद्धि अभिमुखीकरण**
  - ✓ १४१२ जना सुचना प्रविधि अधिकृत, सामाजिक सुरक्षा तथा पञ्जीकरण हेर्ने कर्मचारी र सेवा इकाईका कर्मचारीलाई प्रणाली सञ्चालन एवं सैद्धान्तिक विषयमा VERSP–MIS TOT सम्पन्न,
  - ✓ १३२ जना सेवा इकाईका कर्मचारीलाई पुनः ताजगी तालिम सम्पन्न,
  - ✓ २८७ जना अनलाईनबाट घटना दर्ता शुरु हुने वडाका स्थानीय पञ्जीकाधिकारीलाई प्रणाली सञ्चालन सम्वन्धी तालिम सम्पन्न,
  - ✓ २५०२ जनालाई स्थानीय तहमा पञ्जीकरण तथा सामाजिक सुरक्षा भत्तासँग आवद्ध कर्मचारी र बैंकका कर्मचारीलाई अभिमुखीकरण गरिएको ।

**ट. नवप्रवर्तनकारी कार्यहरूको विवरण**

- ✓ मिति २०७८।०८।०३ मा सम्बन्ध विच्छेद दर्ता गर्न दुविधा देखिएमा मुलुकी देवानी संहिता, २०७४ को दफा ७०६ बमोजिम गर्न परिपत्र गरिएको,
- ✓ विभागको कार्य प्रकृति प्राविधिक र जटिल खालको भएकोले सोही अनुसारको जनशक्ति व्यवस्थापनमा सहजीकरणको लागि पहल गरिएको,

- ✓ विद्युतीय राहदानीको काठमाडौँ आइपुगेका राष्ट्रिय परिचयपत्र नवनाएका विभिन्न जिल्लाका सेवाग्राहीलाई काठमाडौंमा आकस्मिक NID बनाउने प्रबन्ध मिलाईएको,
- ✓ अनलाईन घटना दर्ता र बैंकिङ्ग प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई स्थानीय तहको प्राथमिकतामा पार्न आवश्यक सहजीकरण गरिएको ।

**ठ. अन्य सम्पादित महत्वपूर्ण कार्यहरू**

- ✓ जन्मदर्तामा नै NIN No. दिने प्रयोगात्मक अभ्यास सफल ।

**ड. प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा भएका क्रियाकलापहरू**

- ✓ सात प्रदेशमा प्रदेशस्तरीय "सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारितामा सरकार र नागरिकको भूमिका" विषयक सार्वजनिक सुनुवाई र पाँच जिल्लामा जिल्लास्तरीय "सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारितामा सरकार र नागरिकको भूमीका" विषयक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको,
- ✓ स्थानीय तहमा पञ्जीकरण तथा सामाजिक सुरक्षा भत्तासँग आवद्ध कर्मचारी र बैंकका कर्मचारीलाई अभिमुखीकरण गरिएको,
- ✓ राष्ट्रिय परिचयपत्रको विवरण संकलनको लागि वडा स्तरमा अभियान सञ्चालनका लागि जिल्ला स्तरमा रुजु अधिकारीलाई तालिम सम्पन्न ।
- ✓ राष्ट्रिय परिचयपत्रको वडा स्तरीय अभियान सञ्चालनका लागि जिल्ला स्तरमा जनप्रतिनिधी र कर्मचारीलाई क्षमता अभिवृद्धि गोष्ठि सम्पन्न ।
- ✓ राष्ट्रिय परिचयपत्रको वडास्तरीय अभियानमार्फत विवरण संकलन कार्य भईरहेको,

**ढ. गृह प्रशासन सुधार योजना अन्तर्गत सम्बन्धित बुँदाहरूको प्रगति विवरण**

- ✓ सो सँग सम्बन्धित प्रगति विवरण माथि उल्लेख गरिएको छ ।

**ण. सम्बन्धित निकायको रणनैतिक सुधार योजना भए सो को प्रगतिको विवरण**

- ✓ सो को प्रगतिको विवरण माथि उल्लेख भईसकेको ।

**त. पन्ध्रौ योजना दिगो विकास लक्ष्य सम्बन्धी तहाँ विभाग/निकायसँग सम्बन्धित सूचकहरूको प्रगति विवरण**

प्रमुख नतिजा क्षेत्रः राष्ट्रिय एकता, सुरक्षा र सम्मान,

असरः सबै नागरिकले राष्ट्रिय परिचयपत्र प्राप्त गरेका हुने,

प्रभावः राष्ट्रिय एकता सुदृढ भएको हुने र मानवीय सुरक्षामा उल्लेख्य सुधार भएको हुने,

विषय क्षेत्रः राष्ट्रिय एकता र सम्मान उपक्षेत्रः राष्ट्रिय एकता/मानव सुरक्षा

| क्र. सं. | नतिजा सूचक | एकाई | आधार वर्ष (२०७५/०७६) | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | | |
| २ | एकीकृत राष्ट्रिय परिचय पत्रको वितरणको लागि विवरण संकलन | जनसंख्या (लाखमा) | ०.९३ | | २.८७ | ७० | ३०.५ | १०० | ८०.७५ | १०० | | | | वा. प्र. | गृ. म. |
| ५ | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ०.६५ | १.१७ | १.१७ | ३३ | १.१७ | ५० | १.१७ | २० | | १०० | | वा. प्र. | गृ. म. |
| ६ | ५ वर्ष मुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ६३ | ७५ | ७७.२ | ८४ | ७७.२ | ९० | ७७.२ | ९५ | | १०० | | MICS–2019 | गृ. म. |
| ९ | राष्ट्रिय परिचयपत्र लागू हुने जिल्ला | संख्या | १५ | ४० | ४० | ७६ | ७७ | ७७ | ७७ | ७७ | | ७७ | | वा. प्र. | गृ. म. |

**थ. अघिल्लो ५ वर्षको विविध क्षेत्रगत प्रगतिको संक्षिप्त व्याख्यसहितको विवरण:**

**क) राष्ट्रिय परिचयपत्र तर्फ**

| आर्थिक वर्ष | जम्म विवरण संकलन संख्या (जना) | अभियान मार्फत विवरण संकलन संख्या (जना) | दर्ता इकाई स्टेशन मार्फत विवरण संकलन संख्या (जना) | अभियान सम्पन्न जिल्ला संख्या (जना) | अभियान सम्पन्न स्था.तह संख्या (वटा) | अभियान सम्पन्न वडा संख्या (वटा) |
|---|---|---|---|---|---|---|
| २०७५/७६ | ९३८३१ | प्रथम चरणको २०७५ मंसिर ३ गतेमा पाँचथर जिल्लाबाट राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन शुरुवात भई सो आवमा सिंहदरबारका कर्मचारी मात्र विवरण संकलन गरिएको । | | | | |
| २०७६/७७ | २१३७६४ | ४२ जिल्लाका जिल्ला प्रशासन कार्यालयमा मात्र स्थायी विवरण दर्ता इकाई स्थापना भई कार्यन्वयन भएको । | | | | |
| २०७७/७८ | ३०५०२०९ | २६७२५२७ | ३७७६८२ | १५ | १८० | १५९७ |
| २०७८/७९ | ५०२४८३७ | ३८२७८३४ | ११९७००३ | २० | २०३ | १९०५ |
| कुल जम्मा | ८०७५०४६ | ६५००३६१ | १५७४६८५ | ३५ | ३८३ | ३५०२ |

## ख) पञ्जीकरण तर्फ

### २०७४ सालदेखि २०७८ सालसम्म अनलाईनमार्फत व्यक्तिगत घटना दर्ताको समग्र विवरण

| मिति | जन्म दर्ता | मृत्यु दर्ता | विवाह दर्ता | बसाइँ सराइ दर्ता | सम्बन्ध विच्छेद दर्ता | जम्मा | वडा संख्या |
|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | १५५०६७ | २५००७ | ५५८६६ | ३१११६ | ९४१ | २६७९९७ | - |
| २०७५/७६ | ४०९३५४ | ९४६२० | १७९९५७ | ९४१५९ | ३९३५ | ७८२०२५ | २२१३ |
| २०७६/७७ | ६८०४४९ | १७४१२२ | २८४१५६ | १४३२३१ | ७७२३ | १२८९६८१ | २८३० |
| २०७७/७८ | १०२१९६० | २५३१३७ | ४०२५०४ | २३२५९१ | १२०४८ | १९२२२४० | ५०४६ |
| २०७८/७९ | १९७०८८७ | ४९७१४५ | ७९२३६३ | ४३३४३४ | २७३२५ | ३७२११५४ | ६२०२ |

## ग) सामाजिक सुरक्षा कार्यक्रम तर्फ

### सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको वर्ग अनुसार संख्या र दर

| आ.व. | दलित/क्षेत्र तोकिएका (कर्णाली) जेष्ठ नागरिक | | जेष्ठ नागरिक (७० वर्ष माथि) | | जेष्ठ नागरिक (एकल महिला) | | विधवा | | लोपोन्मुख आदिवासी जनजाती | | पूर्ण अशक्त अपाङ्गता संख्या | | आंशिक अशक्त अपाङ्गता संख्या | | क्षेत्र तोकिएका बालबालिका (बालसंरक्षण) | | बालबालिका दलित | | जम्मा लाभग्राहीको संख्या | उपचार खर्च (७० वर्ष उमेर पुरा गरेका) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | मासिक दर | अन्य | मासिक दर | संख्या | मासिक दर | संख्या | मासिक दर | संख्या | मासिक दर | संख्या | मासिक दर | संख्या | मासिक दर | संख्या | मासिक दर | संख्या | मासिक दर | | संख्या | मासिक दर |
| २०७४।७५ | २४१२७९ | १००० | ९९०३०७ | १००० | १०५४८० | १००० | ५६९००५ | १००० | २४७६१ | २००० | ३९५०८ | २००० | ६५२९२ | ६०० | | | ५२४५०७ | ४०० | २५६०१३९ | १११८४०६ | १००० |
| २०७५।७६ | २८७६०३ | १००० | ९९३५२४ | १००० | ११४९५६ | १००० | ६०५२३१ | १००० | २४२०७ | २००० | ४३५४० | २००० | ७४२९९ | ६०० | २९६०१८ | ४०० | ३८८१४० | ४०० | २८२७५१८ | ११९२३५६ | १००० |
| २०७६।७७ | २९२८१२ | २००० | १०३६२७५ | २००० | ९७२१८ | २००० | ६४३९४२ | २००० | २४३४५ | ३००० | ४६८०३ | ३००० | ८०९४१ | १६०० | ३७४५७३ | ४०० | ३६३००६ | ४०० | २९५९११५ | १२८८०१७ | १००० |
| २०७७।७८ | २०६३०९ | २००० | १३१४२०१ | ३००० | २८०६४८ | २००० | ३५०४३६ | २००० | २२५४४ | ३००० | ५५०५९ | ३००० | १०५०५१ | १६०० | ६९९८५५ | ४०० | ४२१३४३ | ४०० | ३४५५४४६ | यस आ.व.को बजेटवाट हटाइएको | |
| २०७८।७९ | २१०६०७ | २६६० | १३१२०१५ | ४००० | २७५९३९ | २६६० | ३५८४६८ | २६६० | २२५३७ | ३९९० | ६२८३९ | ३९९० | १२६९२२ | २१२८ | ७९९४३७ | ५३२ | ४०५९७८ | ५३२ | ३५७४७४२ | | |

**द. समस्या तथा चुनौतीहरू**

- ✓ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ संशोधन हुन नसक्दा नागरिकका व्यक्तिगत घटना दर्ता संशोधनको मुद्दा गम्भिर समस्याको रूपमा देखा परेको साथै ऐन संशोधनको विषयलाई प्राथमिकतामा नराखिनु,
- ✓ कार्यक्रम कार्यान्वयन/अभियान सञ्चालनका निम्ति अन्य निकाय/तहसँगको निर्भरता,
- ✓ जिल्ला र स्थानीय तहमा कार्यक्रम प्रतिको अपनत्व र प्राथमिकीकरणको अभाव,
- ✓ राष्ट्रिय माहौल सिर्जना हुन नसक्नु,
- ✓ अभियानमा शान्ति सुरक्षाको व्यवस्था,
- ✓ अभियानमा खटिने जनशक्ति व्यवस्थापन -सुविधा कम, मनोवल कमजोर/असन्तुष्टि
- ✓ सवै स्थानीय तहमा भौतिक पूर्वाधार (Internet & Electricity) पर्याप्तता नहुनु,
- ✓ अन्तर आवद्धतामा सरोकारवाला निकायहरूको चासो र सरोकार,
- ✓ बजेट/ खरिद व्यवस्थापनमा विशेषज्ञता/व्यवसायिकताको कमी ।

## २.६ कारागार व्यवस्थापन विभाग

**(क) पृष्ठभूमि/परिचय**

कारागार व्यवस्थापन सम्बन्धि काम गर्ने केन्द्रीय निकायको रूपमा कारागार व्यवस्थापन विभागको स्थापना भएको हो । नेपालमा कारागार (जेल) को इतिहास वि.स १९७१ बाट शुरु भएको हो । कारागार ऐन २०१९ तथा कारागार नियमावली २०२० अन्तर्गत रही गृह मन्त्रालयको एक शाखाको रूपमा सञ्चालन भएकोमा २०५० साल श्रावण १ गतेदेखि गृह मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा कारागार व्यवस्थापन विभागको स्थापना भै सञ्चालनमा आएको हो । नेपालको ७७ जिल्लाहरूमध्ये धनुषा, बारा, भक्तपुर, पूर्वी नवलपरासी र पूर्वी रुकुम गरी ५ जिल्ला बाहेकका ७२ जिल्लामा ७४ कारागार कार्यालयहरू सन्चालनमा रहेका छन् । कारागार व्यवस्थापन विभागले कारागार कार्यालयको दैनिक प्रशासनिक र कैदीबन्दी व्यवस्थापनको काममा नीतिगत तथा प्रशासकीय व्यवस्थापनमा सहयोग पुऱ्याउदै आएको छ ।

**(ख) दीर्घकालिन सोच**

- ✓ कैदीबन्दीको लागि मानवोचित वातावरणमा व्यवस्थित कारागार प्रणालीको स्थापना गर्ने ।
- ✓ कैदीबन्दीलाई सभ्य, सुसंस्कृत, उत्पादनशील बनाई कानूनको पालना एवं सम्मान गर्ने नागरिकको रूपमा रूपान्तरण गर्ने ।
- ✓ कारागार कैद भुक्तान पश्चात समाजमा पुनर्स्थापित र पुनःएकीकरण गर्ने ।
- ✓ सुरक्षित र समुन्नत समाजको निर्माण गर्ने ।

**(ग) उद्देश्य**

- ✓ अभियुक्तहरूलाई कानून बमोजिम थुनामा राख्ने र छिटो एवं छरितो न्यायमा सबै बन्दीको पहुँचलाई सुनिश्चित बनाउने
- ✓ अन्तर्राष्ट्रिय रूपमा स्वीकृत मापदण्ड अनुसार सुरक्षित र मानवोचित वातावरणमा राखेर अपराधीहरूको सुधार र समाजमा पुनःस्थापना गर्नको निम्ति सहयोग प्रदान गरी सार्वजनिक हित र सुरक्षाको प्रवर्द्धन गर्ने र बन्दीहरूको सामाजिक एकीकरणको प्रक्रियालाई सहज बनाउने ।

**(घ) रणनीति**

- ✓ विद्यमान ऐन, नियमको समसामयिक सुधार तथा नया कानून तर्जुमाका लागि पहल गर्ने,
- ✓ कारागार कार्यलयहरूको भौतिक क्षमता विस्तरा गर्ने,
- ✓ कारागारमा रहेका कैदीबन्दीको आचरण सुधार गर्ने,
- ✓ कैदीबन्दीको न्यूनतम मानवअधिकार सुनिश्चताका लागि कैदी बन्दीलाई प्रदान गर्ने सेवा सुविधा विस्तार गर्ने,
- ✓ आवश्यकता अनुसार मातहतका निकायहरूलाई क्रियाशील गराई उपलब्ध साधन र स्रोत अनुरूप थुनुवा तथा कैदीहरूको समस्याहरू समाधान गर्न प्रयत्न गर्ने,
- ✓ बन्दीहरूको ब्यक्तित्व विकास, सीप विकास, पुनर्स्थापना गर्न कार्यक्रम सञ्चालन गर्ने ।

**(ङ) जनशक्ति विवरण (स्वीकृत दरबन्दी, पदपूर्ति, रिक्त वा फाजिल)**

**(अ) कारागार व्यवस्थापन विभागको सँगठनात्मक संरचना र दरबन्दी**



(आ) **कारागार कार्यालयहरूको दरबन्दी विवरण**

| क्र.सं. | रा.प. द्वितीय | रा.प. तृतीय | | | रा.प.अनं. प्रथम | | | | रा.प.अनं. द्वितीय | | | | | श्रेणी विहिन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | उप सचिव | शा. अ. | ले. अ. | प्रा. (मे.अ.) | ना.सु. | ले.पा. | प्रा. (सि.अ. हे.व.) | क. अ. | खरीदार | स.ले. पा. | अ.न.मी. | स.क.अ. | का.स. | ह.स.चा. |
| २ | ७ | ५८ | १ | १ | ८२ | १६ | ७४ | ९ | ७१ | ५७ | ४ | ६१ | ३४२ | ३३ |
| अन्य | | | | | | | | | | | | | | |
| १ | केन्द्रीय कारागार अस्पताल | | | मे.सु. -१, रेडियोलोजिष्ट -१, साईकाट्रिक विशेषज्ञ -१, डर्मालोजिष्ट -१, जनरल फिजिसियन - २, जनरल सर्जन -२, ल्याव टेक्नोलोजिष्ट -१, नर्सिङ अधिकृत -१, शाअ-१, अ. ३, रेडियोग्राफर -२, ल्याब टेक्निसियन - १, स्टाफ नर्स -१२, मेडिकल रेकर्डर -१, फार्मेसी सहायक -२, वा.मे. ओभरसियर-१, नेत्र सहायक -१, डेण्टल सहायक -१, स.क.अ-२, अ.हे.ब.-२, खरिदार-१, मे.अ.-६, ना.सु-३, क.अ.-१ ले.पा.-१, ह.स.चा.-३, का. स. १४,। | | | | | | | | | | |
| २ | मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल | | | कन्सल्टेन्ट साइक्याट्रिक- १, मे.अ.-२ शा.अ.-१ ना.सु.-१ ले.पा.-१, स.क.अ.-१, अ.न.मी.-२, स्टाफ नर्स - ६, हे.अ. -२, अ.हे.व. -२, ह.स.चा.-१, का.स.-२, | | | | | | | | | | |

**च. आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रमको आषाढ मसान्त सम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरण**

| बजेट उपशीर्षक | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३११४०२०११ | कारागार व्यवस्थापन विभाग | २७४६६.५४ | ६३०१७८.९१२ | ६५७६४५.४५२ | १९०८५ | ४३१५८३ | ४५०६६८ | ६९.४८ | ६८.४९ |
| २ | ३११४०२०१२ | कारागार कार्यालयहरू | २०३९३४७.१२२ | १५९०४२.९८३ | २१९८३९०.१०५ | १८४१३१९ | १३४०६८ | १९७५३८८ | ९०.२९ | ८४.३ |

**छ. आर्थिक वर्ष २०७८/०७९ को आषाढ मसान्त सम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरू**

**(क) तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू (संशोधन मिति समेत)**

- ✓ कारागार विधेयक प्रतिनिधिसभाबाट पारित भई राष्ट्रिय सभामा पेश भएको।
- ✓ खुला कारागार नियमावलीको मस्यौदा तर्जुमा गरी स्वीकृतिको लागि पेश गरिएको।
- ✓ कैदी बन्दीको सिदा सुविधा वृद्धिको लागि कारागार नियमाबली संसोधन अन्तिम चरणमा रहेको।
- ✓ कारागार नियमावलीको संशोधनको मस्यौदा तयार गरी स्वीकृतिको लागि पेश गरिएको।
- ✓ कारागारमा रहेका कैदीबन्दीहरूलाई कामदारी सुबिधा दिने सम्बन्धि कार्यीबिधिको मस्यौदा तर्जुमा गरिएको
- ✓ Prisoners Management Information System (PMIS) र माफिमिनाहा सम्वन्धि नयाँ Software निर्माण भई परिक्षणको क्रममा रहेको।
- ✓ नख्खु र भीमफेदी कारागारमा ५ पटक बिपश्यना शिविर सञ्चालन गरिएको तथा सोमा १८६ कैदीबन्दी सहभागी भएका।

**(ख) वार्षिक विकास कार्यक्रम अन्तर्गतका मुख्य मुख्य कार्यहरू**

- ✓ केन्द्रीय कारागार भवन निर्माण कार्यको जम्मा ३० वटा ब्लकहरूको निर्माण गर्नुपर्नेमा ३० वटै व्लकको निर्माण कार्य भई रहेको छ। नेपाल प्रहरीको डोरमेटरी भवन र किचेन डाईनिङ्गको स्ट्रक्चरलको कार्य सम्पन्न भई फिनिसिङ्ग कार्य भई रहेको र प्रशासनिक भवनको पहिलो तलाको स्ट्रक्चरको कार्य सम्पन्न भएको। जेल डर्मिटरी ब्लक (१० वटा ब्लक) मध्ये ८ वटाको फ्रेम स्ट्रक्चर कार्य सम्पन्न भएको फिनिसिङ्ग कार्य हुदै, १ वटा पहिलो तलाको ढलान हुँदै, एउटा ब्लकको पहिलो तला ढलान सम्मको भएको। जेल डाईनिङ्ग (५ वटा ब्लक) स्ट्रक्चरलको कार्य सम्पन्न भई फिनिसिङ्ग कार्य भई रहेको। जेल ट्वाइलेट ब्लकको (५ वटा ब्लक मध्ये) स्ट्रक्चरलको कार्य सम्पन्न भई स्यानिटेसनको कार्य हुँदै। वर्कशप (५ वटा ब्लक मध्ये) स्टक्चरलको कार्य सम्पन्न भई फिनिसिङ्ग कार्य भई रहेको। यस आयोजनाको कार्य सम्पन्न गर्ने अवधि २०७९ असोज मसान्तसम्म रहेको।
- ✓ क्षेत्रीय कारागार नौबस्ताको जम्मा २५ वटा ब्लकहरूको निर्माण गर्नुपर्नेमा २५ वटा व्लकको स्ट्रक्चरल कार्य सम्पन्न भई Site Clear गरी हस्तान्तरण कार्य बाँकी रहेको। यस आयोजनाको कार्य सम्पन्न गर्ने अवधि २०७९ असोज मसान्तसम्म रहेको।
- ✓ कारागार मोरङको MALE Block को A B / C को दोश्रो तल्ला ढलान सम्पन्न, Block D को Pilar Casting सम्पन्न, Admin Block को दोश्रो तल्ला ढलान सम्पन्न। यस आयोजनाको कार्य सम्पन्न गर्ने अवधि २०८० असार मसान्तसम्म रहेको।
- ✓ कारागार भवन पाँचथरको महिला ब्लक र नेपाल प्रहरी व्यारेक पहिलो तल्लाको ढलान सम्पन्न।

**तालिका २.६.१: निर्माणाधीन कारागार कार्यालयहरूको भवन निर्माणको भौतिक तथा वित्तीय प्रगति अवस्था**

| सि. न. | जिल्ला | आयोजनाको नाम | कुल लागत | वार्षिक वजेट | खर्च रु हजारमा | वित्तीय प्रगति % | भौतिक प्रगति % |
|---|---|---|---|---|---|---|---|
| १ | नुवाकोट | केन्द्रीय कारागार भवन निर्माण (दोस्रो चरण) | ८३९६८०.१७ | ९९९६० | ६६,७७७.३० | ६६.८ | ८८ |
| २ | बाँके | क्षेत्रीय कारागार नौवस्ता, बाँके (दोस्रो चरण) | ७४७८५७.१ | २५७३१० | १८८,६८६.०० | ७३.३ | ९८ |
| ३ | मोरङ्ग | कारागार कार्यालय भवन निर्माण, मोरङ | ६३४३२६ | १४९००० | १४०,५६५.६६ | ९४.३ वार्षिक बजेटको आधारमा | २० |
| ४ | पाँचथर | कारागार कार्यालय भवन निर्माण, पाँचथर | २८८४५३ | ११८७४० | ३६,२४०.०० | ३०.५ वार्षिक बजेटको आधारमा | २० |
| जम्मा | | | २५१०३१६.२७ | ६२५०१० | ४३२२६८.९६ | ६९.१६ | ८९.४२ |

**ज. नवप्रवर्तनकारी कार्यहरूको विवरण**

- ✓ कारागारमा रहेका कैदीबन्दीलाई सीपमुलक तालिम प्रदान गरी उत्पादनका क्रियाकलापमा जोडिएको।
- ✓ विपश्यानाका (१८६ जना कैदीबन्दीलाई विपश्यना योग शिविर) लगायतका योग ध्यानका कार्यक्रम सञ्चालन गरी आचरण सुधारमा जोड दिईएको।
- ✓ कैदीबन्दीको परिचय पत्र जारी गरिएको छ।
- ✓ PMIS परिमार्जन गरिएको र कैदकट्टा सफ्टवेयर तयार गरी प्रयोगमा ल्याईएको।
- ✓ कैदीबन्दीको दैनिक सिधा रु ६० बाट रु ८० बनाउन अर्थ मन्त्रालयको सहमति प्राप्त भएको।

**झ. अन्य सम्पादित महत्वपूर्ण कार्यहरू**

- ✓ २०७८ असोज ३ गते सबिधान दिबशमा ५२३ जना, २०७८ फाल्गुन ७ गते प्रजातन्त्र दिवसमा ५०१ जना र गणतन्त्र दिवस २०७९ मा ८१८ जना गरी जम्मा १८८२ जना कैदीबन्दीको बाँकी कैद मिनाहा गरी कैदमुक्त गरिएको।

✓ सम्पुर्ण कारागारका कैदीबन्दीहरूको सम्बन्धित जेलरबाट प्रमाणीकरण गरी फोटो सहितको परिचयपत्र जारी गरिएको ।

✓ आ.व. ०७८/०७९ मा प्रमुख जिल्ला अधिकारी तथा कारागार प्रमुखको सिफारिस तथा कैदीको निवेदनको आधारमा २३८१ जना एक कारागार बाट अर्को कारागारमा स्थानान्तरण गरिएको ।

✓ कामदारी सुविधा सहित शतप्रतिशतमा १८० कैदीबन्दीको कैद छुट दिई कैद मिनाहा गरी कैदमुक्त गरिएको ।

✓ प्रमुख जिल्ला अधिकारी तथा कारागार प्रमुखको सिफारिसको आधारमा चौकिदार नियुक्तिको लागि स्विकृत तथा सर्मथन गरिएको ।

✓ कारागार व्यवस्थापन विभागलाई समेत विपक्षी बनाई परेका रिट उपर जवाफ/प्रत्युत्तर दिईएको ।

**ञ. प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा भएका क्रियाकलापहरू**

✓ प्रदेश तथा स्थानीय तहसँगको समन्वय गर्नुपर्ने क्रियाकलापहरू नभएको ।

**ट. गृह प्रशासन सुधार योजना अन्तर्गत सम्बन्धित बुँदाहरूको प्रगति विवरण**

✓ गृह प्रशासन सुधार योजना २०७८ अनुसार कारागार सुधार अवधारणा, २०७८ तयार गरी लागू गरिएको ।

**ठ. रणनैतिक लक्ष्य सम्बन्धी सूचकहरूको प्रगति**

✓ नभएको ।

**ड. पन्ध्रौं योजना दिगो विकास लक्ष्य सम्बन्धी तहाँ विभाग/निकायसँग सम्बन्धित सूचकहरूको प्रगति**

✓ कैदी र बन्दीको अनुपात घटाउनको लागि अदालतको रणनितीक योजना रहेको ।

**ढ. अघिल्लो ५ वर्षको विविध क्षेत्रगत प्रगतिको संक्षिप्त व्याख्यासहितको विवरण**

**अ. मुलुकभरका कारागार र बालसुधार गृहमा रहेका कैदीबन्दीहरूको विवरण** (**२०७९ असार मसान्त**)

(क) कैदीबन्दीको संख्याः- २६२४० जना

| | |
|---|---|
| कैदीः | १४६८३ जना |
| थुनुवाः | ११५१४ जना |
| पुरुषः | २४८०७ जना |
| महिलाः | १४३३ जना |
| आश्रितः | ७२ जना |
| विदेशीः | कुल मध्ये १३५८ जना |

**(ख) बालसुधार गृहमा रहेको संख्याः १०६४ जना**

| | |
|---|---|
| बालकः | १०३३ जना |
| बालिकाः | ३१ जना |

**अ. मुख्य मुख्य कसुरको प्रकृति (प्रतिशतमा)**

| मुद्दा | संख्या | प्रतिशत (करिव) |
|---|---|---|
| जबरजस्ती करणी/उद्योग | ७११९ जना | २७.१३ |
| कर्तव्य ज्यान /ज्यान मार्ने उद्योग | ५४४७ जना | २०.७५ |
| लागु औषध | ४८४५ जना | १८.४६ |
| सबै चोरी | २५७१ जना | ९.७९ |
| सवारी ज्यान/अंगभंग | ९४७ जना | ३.६ |
| जीउ मास्ने बेच्ने/ सबै बेचविखन | ६८२ जना | २.७९ |
| अन्य विभिन्न प्रकारका मुद्दाहरू | ४६२९ जना | १७.६४ |

**तालिका २.६.२: कारागारमा रहेका कैदीबन्दीको बिभिन्न समयको विवरण**

| विवरण | कैदी विवरण | | थुनुवाको विवरण | | कुल कैदीबन्दी | | | विदेशी | कैदी बन्दीको बृद्धि % | वालवालिकाको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा | | | आश्रित | वालक | बालिका |
| २०७६ पौष मसान्त सम्मको विवरण (सन २०१९) | | | | | २३१७१ | १५३३ | २४७०४ | १२६५ | १०.२ | ९१ | ८४७ | २३ |
| २०७७ असार मसान्त सम्मको विवरण | १३१२७ | ८२४ | ९२९४ | ५५७ | २२४२१ | १३८१ | २३८०२ | १२८७ | -३.६५ | ८१ | ६०६ | २३ |
| २०७७ पौष मसान्त सम्मको विवरण (सन २०२०) | १३६७५ | ८६८ | १०३८६ | ६०३ | २४०६१ | १४७१ | २५५३२ | १२०९ | ६.२७ | ८७ | ७४८ | २६ |
| २०७८ असार मसान्त सम्मको विवरण | १२६८१ | ७९१ | १०३५१ | ५६७ | २३०३२ | १३५८ | २४३९० | १२६४ | -४.४७ | ८९ | ७९१ | २५ |
| २०७८ पौष मसान्त सम्मको विवरण (सन २०२१) | १३२५५ | ७८१ | १०२८७ | ५९४ | २३५४२ | १३७५ | २४९१७ | १३११ | द्.ज्ञट | ८७ | ८११ | २६ |
| २०७९ असार मसान्त सम्मको विवरण | १३९४१ | ७४२ | १०८४९ | ६६५ | २४८०७ | १४३३ | २६२४० | १३५८ | छ.घ | ७२ | ५३३ | ३१ |

नोटः कुल कैदीबन्दीमा बिदेशी समेत समावेश भएको, आश्रित र वालवालिका छुट्टै रहेको ।

**ण. समस्या तथा चुनौतीहरू**

- ✓ कारागारहरूको भौतिक संरचना ठुलो र पूर्वाधार निर्माणको लागत बढी लाग्ने भएकोले समयमै सम्पन्न गर्न स्रोतको कमी देखिएको ।
- ✓ गृह प्रशासन सुधार योजना अनुसार २० वटा नयाँ कारागारहरूको भौतिक पूर्वाधार विकास गर्न र पुराना ३० वटा कारागारहरूको मर्मत गर्न करिब १३ अरव लागत अनुमान रहेकोमा वार्षिक बजेटमा अत्यन्त न्यून बजेट बिनियोजन हुने गरेबाट सुधार योजनाले लक्षित गरेका नतिजाहरू हासिल गर्न चुनौति सृजना भएको ।
- ✓ कैदीवन्दीको संख्या बृद्दि हुदै गएकोले कारागारको क्षमता कम भएकोले कैदिबन्दीहरूको लागि प्रयाप्त नभएको ।
- ✓ निर्माणाधीन कारागारहरूको लागि पर्याप्त बजेट व्यवस्थापन नहुदा समयमा कार्य सम्पन्न गर्न थप चुनौति सृजना भएको ।
- ✓ कैदी बन्दीहरूलाई मनोसामाजिक परामर्श, सीपमुलक तालिम तथा समाजमा पुर्नस्थापनाका लागि पर्याप्त स्रोतसाधन व्यवस्थापन हुन नसकेको ।
- ✓ जनसंख्याको घनत्व बढी भएका स्थानमा कैदीबन्दीको बढी चाप पर्ने र केही कारागारहरू अपायक स्थानमा निर्माण हुदा कैदीबन्दीहरू पारिवारिक र भेटघाटका कारणले त्यस्ता कारागारमा जान नमान्दा कैदीबन्दी व्यवस्थापनमा कठिन ।
- ✓ संगठन संरचना अनुसार जनशक्ति व्यवस्थापन र पदपूर्ति हुन नसक्दा कारागारको दैनिक कार्य सम्पादनमा समस्या सृजना भएको (स्वास्थ्यकर्मी र निजामति) ।
- ✓ मनोसामाजिक अपाङ्ग बन्दी अस्पताललाई पूर्ण क्षमतामा सञ्चालन गर्न ।
- ✓ अधिकांश कारागार कार्यालयहरूलाई सवारी साधन उपलव्ध गराउन नसक्दा कैदी बन्दीहरूलाई अस्पताल, अदालत लैजान तथा स्थानान्तरण गर्न समस्या भएको ।
- ✓ अनिवार्य दायित्व भुक्तानी गर्न समेत बजेट अपर्याप्त हुँदा कारागार सञ्चालन तथा व्यवस्थापन गर्न समस्या हुने गरेको ।
- ✓ कैदीवन्दीको स्वास्थ्य उपचारमा ठुलो परिमाणमा खर्च हुने गरेको, दायित्वको तुलनामा बजेट बिनियोजन हुन नसक्दा समस्या सृजना भएको ।
- ✓ उपत्यका बाहिर कारागार अस्पताल नहुदा कैदी बन्दीहरूलाई उपचारका लागि काठमाण्डौ नै ल्याउनु पर्ने अवस्था हुदा अनावश्यक स्रोत साधन तथा जनशक्ति लाग्ने गरेको ।

## २.७ कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

**क) पृष्ठभूमि/परिचय**

फौजदारी कसूरबाट प्राप्त सम्पत्ति तथा कसूरसँग सम्बन्धित साधन रोक्का राख्ने, नियन्त्रणमा लिने र जफत गर्ने सम्बन्धमा एकीकृत तथा विशिष्टिकृत व्यवस्था गर्न कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७ जारी भई कार्यान्वयनको अवस्थामा रहेको छ। उक्त ऐनको दफा १३(१) मा नेपाल सरकारले कसूरबाट प्राप्त सम्पत्ति तथा साधनको व्यवस्थापन र लिलाम बिक्री सम्बन्धी कार्य गर्न एक कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापना गरिने प्रावधान बमोजिम मिति २०७८/०२/१० गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार २०७८/०८/०१ गते यस विभागको स्थापना भएको हो। यस विभागको स्थापना हुनु भन्दा पहिले गृह मन्त्रालयको आन्तरिक व्यवस्थापन महाशाखा अन्तर्गत कसूरजन्य सम्पत्ति इकाईको रूपमा उक्त कार्य हुँदै आएको थियो।

**ख) दीर्घकालीन सोच**

कसूरजन्य सम्पत्ति तथा साधनको उचित व्यवस्थापनका माध्यमबाट गैरकर राजश्व प्राप्त गरी स्वाधिन अर्थतन्त्र निर्माण गर्ने।

**ग) उद्देश्य**

- ✓ अदालतको आदेश वा फैसला बमोजिम जफत हुने ठहर भएका सम्पत्ति वा साधनको उचित व्यवस्थापन गर्नु,
- ✓ कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापन सँग सम्बन्धित कानूनी तथा संस्थागत संरचनालाई प्रभावकारी र सुदृढ गर्नु
- ✓ कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापनलाई प्रभावकारी बनाउन सो सँग सम्बन्धित सवै सरोकारवाला निकायहरू सँग समन्वय तथा सहकार्य गर्नु।

**घ) कर्मचारी दरवन्दी बिवरण**

| सि. नं. | पद | श्रेणी/तह | सेवा | समूह | स्वीकृत दरबन्दी | पद पूर्ति | रिक्त | काज/फाजिल |
|---|---|---|---|---|---|---|---|---|
| १. | महानिर्देशक | रा.प.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | ० | |
| २. | उपसचिव | रा.प. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | ० | |
| ३. | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | ० | |
| ४. | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | १ | ० | १ | |

| सि. नं. | पद | श्रेणी/तह | सेवा | समूह | स्वीकृत दरबन्दी | पद पूर्ति | रिक्त | काज/फाजिल |
|---|---|---|---|---|---|---|---|---|
| ५. | शाखा अधिकृत | रा.प.तृतीय | न्याय सेवा | सरकारी वकिल | १ | १ | ० | |
| ६. | इन्जिनियर | रा.प.तृतीय | ईन्जिनियरिङ | मेकानिकल/ ज.मे. | १ | ० | १ | |
| ७. | ईन्जिनियर | रा.प.तृतीय | ईन्जिनियरिङ | सिभिल ईन्जिनियर | १ | ० | १ | |
| ८. | सब- ईन्जिनियर | रा.प.अनं प्रथम | ईन्जिनियरिङ | सिभिल ईन्जिनियर | १ | ० | १ | |
| ९. | मेकानिकल सुपरभाइजर | रा.प.अनं प्रथम | ईन्जिनियरिङ | मेकानिकल/ ज.मे. | १ | १ | ० | |
| १०. | नायब सुब्बा | रा.प.अनं प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | ४ | ५ | ० | १ |
| ११. | लेखापाल | रा.प.अनं प्रथम | नेपाल प्रशासन | लेखा | १ | १ | ० | |
| १२. | कम्प्युटर अपरेटर | रा.प.अनं प्रथम | नेपाल विविध | विविध | २ | २ | ० | |
| १३. | सर्भेक्षक | रा.प.अनं प्रथम | ईन्जिनियरिङ | सर्भे | १ | ० | १ | |
| १४. | हलुका सवारी चालक | श्रेणी विहिन | ईन्जिनियरिङ | मेकानिकल | ३ | ३ | ० | |
| १५. | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ६ | ५ | १ | |
| जम्मा | | | | | २८ | २३ | ६ | १ |

**ङ) रणनीति**

- ✓ कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण, जफत तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय अभिलेख तयार गर्न सफ्टवेयर विकास गर्ने ।
- ✓ कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापनका लागि एकिकृत कानून तर्जुमा गर्ने अन्य समानान्तर कानूनहरूलाई परिमार्जन गर्ने ।
- ✓ कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको संस्थागत क्षमता बढाउने, कार्यरत कर्मचारीहरूको सक्षमता बढाउने आवश्यक तालिम प्रदान गर्ने ।
- ✓ जिल्ला प्रशासन कार्यालयहरूमा कसूरजन्य सम्पत्ति व्यवस्थापन इकाई गठन गर्ने ।
- ✓ अनुसन्धानकारी निकायहरूको केन्द्रीय कार्यालय तथा विभागहरूमा कसूरजन्य सम्पत्ति तथा साधनहरूको व्यवस्थापन गर्ने प्रयोजनका लागि फोकल विन्दु तोक्ने ।
- ✓ कसूरको रोकथाम, नियन्त्रण, अनुसन्धान, अभियोजन, न्याय सम्पादन तथा सो सम्बन्धी कार्यमा संलग्न जनशक्तिको क्षमता तथा व्यवसायिक दक्षता अभिवृद्धि गर्ने ।

## च) जनशक्ति विवरण

✓ नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०६/०५ को स्वीकृत दरबन्दी तेरीज अनुसार यस विभागमा रहने कर्मचारी संख्या देहाय बमोजिम रहेको छः

- दुई वटा स्थायी दरबन्दी रहेको कम्प्युटर अपरेटर पदमा हाल २ जना क.अ. कर्मचारीहरू करार सेवाबाट पदपूर्ति भइरहेको । उक्त पदमा स्थायी पदपूर्तिको लागि लोकसेवा आयोगमा माग गरिएको । त्यसैगरी हलुका सवारी चालक र कार्यालय सहयोगी पदमा पनि करार सेवाबाट पदपूर्ति गरिएको ।
- आवश्यकता अनुसार नेपाल प्रहरीबाट खटिने जनशक्तिहरू समेत यस विभागमा रहनेछन् । विभागले यस दरवन्दीमा उल्लेख भएको बाहेक कुनै विशेष सेवा आवश्यक परेमा नेपाल सरकारका अन्य निकायहरूसँग समन्वय गर्न सक्नेछ ।

## छ) आर्थिक वर्ष २०७८/२०७९ को वार्षिक बजेट तथा कार्यक्रमको अषाढ मसान्त सम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरण

| क्र सं | ब.उ.शि.नं. | निकाय | बजेट | खर्च | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | | | वित्तीय | भौतिक |
| १ | पूँजिगत खर्च | कसूरजन्य सम्पत्ति व्यवस्थाप विभाग | ० | ० | - | - |
| २ | चालु खर्च | कसूरजन्य सम्पत्ति व्यवस्थाप विभाग | १०३८५४०७ | ९१७२२६२.६० | ८८.३१% | ८८.३१% |
| | | कुल | १०३८५४०७ | ९१७२२६२.६० | ८८.३१% | ८८.३१% |

## ज) आर्थिक वर्ष २०७८/२०७९ को अषाढ मसान्त सम्म सम्पादन भएका मुख्य–मुख्य कार्यहरू

### क. वार्षिक विकास कार्यक्रम अन्तर्गतका मुख्य–मुख्य कार्यहरू :

✓ झापा, मोरङ, धनकुटा, सुनसरी, इलाम, कैलाली, कञ्चनपुर, बाँके, कास्की, बागलुङ, पर्वत, काभ्रे, सिन्धुली, महोत्तरी, सर्लाही, धनुषा, सप्तरी, सिरहा, दाङ, बर्दिया, सुर्खेत, दैलेख, बारा, पर्सा, रौतहट, मकवानपुर गरी २६ जिल्लाहरूका जिल्ला प्रशासन कार्यालयहरूमा उक्त जिल्लाहरूमा रहेका अनुसन्धानकारी निकायहरूका प्रमुख तथा प्रतिनिधिहरूलाई "सरोकारवाला निकायहरूसँग अभिमुखीकरण कार्यक्रम" सम्पन्न गरेको ।

### ख. अन्य सम्पादित महत्वपूर्ण कार्यहरू

✓ सबै जिल्लाका जिल्ला प्रशासन कार्यालयहरूसँग उक्त जिल्लाहरूमा रहेका अनुसन्धानकारी निकायहरूसँग कसूरजन्य सम्पत्तिको अभिलेख माग गरी अभिलेखन गरिएको ।

✓ भक्तपुर जिल्लाको सूर्य विनायक नगरपालिका (साविक कटुञ्जे गाउँ विकास समिति वडा नं. २ (क) मा रहेको ४-१-३-० क्षेत्रफल भएको जग्गा नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति

२०७९/०३/३१ को निर्णयानुसार कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको नाममा दाखिला खारेज गर्ने निर्णय भएको ।

- ✓ विभिन्न व्यक्तिहरूले कसूरजन्य सम्पत्ति आर्जन गरी विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा जम्मा गरेको मौज्जात रकम रु. २ करोड २७ लाख ९७ हजार ३८२ को विवरण संकलन भई कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषमा जम्मा गर्ने सम्बन्धमा मिति २०७९/०२/०५ मा विभागीय निर्णय भएको ।
- ✓ विशेष अदालतबाट दशी प्रमाणको रूपमा तँहा पेश भएका सवारी साधनहरू लिलाम बिक्री गर्नु भनि अनुरोध भई आए बमोजिम कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा १७ (२) बमोजिम मोटर (थान -३), स्कुटर (थान-१) र मोटरसाइकल (थान-५) साधनहरूको लिलाम बिक्रीको सूचना जारी भई अन्तिम प्रक्रियामा रहेको ।
- ✓ सम्मानित सर्वोच्च अदालतबाट अन्तिम फैसला भई जफत हुने ठहरीएको विभिन्न व्यक्तिहरूको नाममा रहेको विभिन्न जिल्लाहरूमा रहेको कसूरजन्य सम्पत्ति तथा साधनहरूको प्रारम्भिक विवरण संकलनका लागि सम्बन्धित निकायहरूमा पत्राचार भईरहेको ।

**झ) समस्या तथा चुनौतीहरू**

- ✓ कसूरको अनुसन्धान, अभियोजन, न्याय सम्पादन तथा सो सम्बन्धी कार्यमा संलग्न निकायहरू र विभाग तथा जिल्ला प्रशासान कार्यालयहरूवीच समन्वय तथा सहकार्यको अभाव ।
- ✓ कसूरजन्य सम्पत्ति तथा साधनको रोक्का, नियन्त्रण, जफत तथा व्यवस्थापन गर्ने सम्बन्धमा कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७ मा भएको व्यवस्था बमोजिम अन्य सरोकारवाला अनुसन्धानकारी निकायहरूले समानान्तर कानून बाभिएको हुनाले कार्यसम्पादन गर्न नसकेको ।
- ✓ कसूरसँग सम्बन्धित साधनहरूको भण्डारण गर्नका लागि गोदामहरूको अभाव ।
- ✓ विभाग तथा जिल्ला प्रशासन कार्यालयहरूमा कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापन गर्ने सम्बन्धमा गरिनुपर्ने मूल्याकन लगायतका कार्य गर्न आवश्यक प्राविधिक एवं प्रशासनिक जनशक्तिको अभाव ।
- ✓ ऐन तथा नियमावलीको प्रस्ट व्याख्या गर्न तयार गर्नु पर्ने निर्देशिका तथा कार्यविधिहरू निर्माण गर्नु पर्ने ।
- ✓ ऐन जारी हुन भन्दा अघि नै जफत निर्णय भएका मुद्दाहरूको सम्बन्धमा स्पष्ट व्यवस्था नभएको ।
- ✓ कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण, जफत तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय अभिलेख तयार गर्न सफ्टवेयर विकास बजेट अभावका कारणले हुन नसकेको ।

## २.८. नेपाल हज समितिको सचिवालय

नेपाल हज समितिको सचिवालयबाट सम्पादन गरिएका महत्वपूर्ण कार्यहरूको अवस्थाः

**क) कार्यक्रमगत प्रगति**

१. नेपाल हज समिति सञ्चालन तथा व्यवस्थापन विधेयकको अवधारणा पत्र तयार गरिएको ।

२. हज व्यवस्थापन सम्बन्धी कार्यलाई चुस्त, सरल, पारदर्शी, मितव्ययी, गुणस्तरीय र वैज्ञानिक बनाई संस्थागत सुशासन कायम गर्ने उद्देश्यले हज व्यवस्थापन सूचना प्रणाली विकास गरी सन् २०२२ मा भएको हजयात्रा देखि उक्त प्रणालीको सञ्चालन गरिएको छ । साथै यस प्रणालीलाई गृह मन्त्रालयको सर्भरमा समेत Hosting गरिएको छ ।

३. लेखा प्रणालीका मान्य सिद्धान्त अनुसार खर्च गर्ने, लेखा राख्ने साथै जिन्सी उपयोग तथा अभिलेखलाई समेत व्यवस्थित गर्ने अभिप्रायले सार्वजनिक निकायमा उपयोगमा रहेको C-GAS/TSA तथा PAMS प्रणालीसँग आबद्ध हुने गरी सफ्टवेयर निर्माण तथा सञ्चालन गरिएको ।

४. नेपाल हज समितिको तथा उप (समितिको बैठकको निर्णयहरू तथा अन्य महत्वपूर्ण कागजातहरूलाई Digitized गरी विद्युतीय प्रणालीमा सुरक्षित गर्ने हज अभिलेख व्यवस्थापन प्रणाली (Hajj Document Management System) निर्माण गरिएको ।

५. हज सम्बन्धी विवरण समेटिएको हज स्मारिका, २०७९ छपाई तथा वितरण गरिएको ।

६. महत्वपूर्ण सूचना समेटिएको हज डायरी छपाई तथा वितरण गरिएको ।

७. हज यात्रा व्यवस्थापनका बिषयमा Hajj Management Context of Nepal नेपाली तथा अङ्ग्रेजी भाषामा तयार गरी प्रकाशन तथा वितरण गरिएको ।

८. हज यात्रा २०७७ को विवरण सहितको जानकारी पुस्तिका प्रकाशन गरिएको ।

९. हज सम्बद्ध पदाधिकारीहरूको आचारसंहिता तर्जुमा गरी लागू गरिएको ।

१०. हजयात्रुहरूको लागि साउदी अरबमा सञ्चार सहजीकरणका लागि निःशुल्क मोबाईल सिम कार्ड वितरण गरिएको ।

११. हजयात्रुहरूका लागि निःशुल्क कोभिड-१९ को PCR नमुना सङ्कलन तथा परीक्षणको व्यवस्था गरिएको ।

१२. सन् २०२२ मा नेपालबाट ५५७ जना हजयात्रुहरूको सहभागी भएको ।

**सन् २०२२ को हजयात्रा व्यवस्थापनको क्रममा भोगिएका समस्या तथा आगामी रणनीतिः**

१. हज आवेदकहरूको सहजताका लागि शुल्क रकम समेत Connet Ips/Khalti/E-sewa लगायतका E-Gateway हरू मार्फत नेपाल हज समितिको कोषमा जम्मा हुने गरी बुझाउन सकिने गरी व्यवस्थापन गरिनुपर्ने ।

२. साउदी अरबमा हुने हजयात्रा व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन नेपाली दूतावास रियाद तथा महावाणिज्य दूतावास जेद्दाको भूमिका अभिवृद्धि गरिनुपर्छ ।

३. हजयात्राहरूको परिचय पत्र अङ्ग्रेजी भाषा प्रयोग गरिएकोमा साउदी अरबका प्रहरी तथा मोअल्लिमहरूले अङ्गेजी भाषा पहिचानमा समस्या भएका कारण भाषागत जटिलता भएकोले परिचय पत्र तथा नेपाली पहिचानका लागि ज्याकेटमा समेत अङ्गेजीको साथसाथै अरबी भाषा समेत उल्लेख गरिनुपर्ने ।

४. आगामी दिनमा हजयात्रुहरूको गुनासो सङ्कलनका लागि Mobile App प्रयोग गरिनुपर्ने ।

५. हजयात्राहरूका गुनासालाई सम्बोधन गर्न महावाणिज्य दूतावासले उपयुक्त कर्मचारीको संयोत्वमा नेपाली दूतावास रियाद तथा हज प्रतिनिधिमण्डलको समेत प्रतिनिधित्व हुने गरी तत्काल गुनासो सुनुवाइ समिति विकास गरिनुपर्ने ।

**नेपाल हज समितिको सचिवालयको आगामी योजनाहरू:**

१. नेपाल हज समिति सञ्चालन तथा व्यवस्थापन ऐन तर्जुमा तयारी ।

२. गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट समेत हजयात्रुहरूको उडान र अवतरण ।

३. Hajj House सञ्चालन तथा व्यवस्थापन सम्भाव्यता अध्ययन ।

४. साउदी अरबको मक्का र मदिनामा Obile Hajj Desk सञ्चालन ।

५. Hajj Gunaso App निर्माण गरी प्रयोगमा ल्याइनेल ।

६. नेपाल हज समितिका पदाधिकारीहरूको क्षमता विकास गर्ने ।

७. नेपाल हज समिति मार्फत कल्याणकारी कार्यहरू सञ्चालन कार्यविधि तर्जुमा तथा कार्यान्वयन गर्ने ।

८. HMIS मार्फत पूर्णरूपमा हजयात्रा सञ्चालन तथा व्यवस्थापन गर्ने ।

९. Hajj Documentary निर्माण तथा प्रशारण गर्ने ।

## २.९ प्रहरी किताब खाना

### क. पृष्ठभूमि

प्रहरी कर्मचारीहरूको अभिलेख राखी नियमानुसार पाउने सुविधाहरू उपलब्ध गराउने काम तत्कालीन निजामती किताबखानाबाट भैरहेकोमा प्रहरी सेवामा प्रवेश गर्ने कर्मचारीहरूको बढ्दो संख्या र तत्कालीन समयमा सेवा सञ्चालन गर्ने फरक फरक मन्त्रालय भएकाले प्रहरी कर्मचारीहरूको अभिलेख राख्ने र उनीहरूलाई निवृत्तभरण, उपदान लगायतका अन्य विभिन्न सुविधाहरू उपलब्ध गराउन वि.सं. २०३५ सालमा छुट्टै निकायको रूपमा प्रहरी किताबखानाको स्थापना भएको हो । स्थापना कालमा सिमित संख्याका प्रहरी कर्मचारीहरूको अभिलेख

राख्ने निकाय हाल आएर वि.सं.२०५८ मा सशस्त्र प्रहरी बल नेपाल स्थापना भएपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग र राष्ट्रिय सतर्कता केन्द्रको मातहतमा रहेका सम्पूर्ण प्रहरी कर्मचारीहरूको अभिलेख व्यवस्थित गरी प्रहरी कर्मचारीहरूलाई सम्बन्धित ऐन-नियम अनुसार प्रदान गरिने निवृत्तभरण, उपदान, पारिवारीक निवृत्तभरण, असाधारण पारिवारीक निवृत्तभरण, अशक्त वृत्ति शैक्षिक तथा सन्तती वृत्ती समेतका सुविधाहरू प्रदान गर्नुका साथै स्केल मिलान गर्ने, लबी प्रतिवेदन पास गर्ने, प्रहरी कर्मचारीहरूको आवश्यक विवरण र तथाङ्क उपलब्ध गराउने र सम्पति विवरण व्यवस्थापन गर्ने कार्य गर्दै आएको छ।

नेपाल सरकारको मिति २०७५/०२/०६ को निर्णय अनुसार समान प्रकृतिका कार्य गर्ने निजामती किताबखाना, प्रहरी किताबखाना र शिक्षक किताबखानालाई एकिकृत गरी राष्ट्रिय किताबखाना स्थापना भएको अवस्था छ भने साविकको प्रहरी किताबखाना हाल राष्ट्रिय किताबखाना (प्रहरी) को नामबाट लैनचौर काठमाण्डौमा आफ्नै भवनमा रहि सेवा प्रवाह गरिरहेको छ। यस किताबखानाबाट सम्पादन हुने कार्यलाई छिटो छरितो र गुणस्तरीय सेवा प्रदान गर्न र सेवाग्राहीहरूले पनि गुणस्तरीय सेवा सहज तथा सरल रूपमा प्राप्त गर्न सकुन भन्नका लागि PPIS (Police Personnel Information System) Software मार्फत कार्यसम्पादन गरिँदै आएको छ।

**ख. दीर्घकालीन सोच**

- ✓ अभिलेखिकरण कार्यलाई प्रविधिमैत्री बनाउने।
- ✓ सम्बन्धित कर्मचारीले वार्षिक रूपमा बुझाउनु पर्ने सम्पत्ति विवरण online मार्फत बुझाउन सक्ने व्यवस्था मिलाउने।
- ✓ कार्यालयले सकेसम्म यलष्लिभ मार्फत नै सेवा प्रवाह गर्ने।

**ग. उद्देश्य**

- ✓ सम्पूर्ण प्रहरी कर्मचारीहरूको सुरु नियुक्ति देखि अवकाशसम्मको अभिलेख अद्यावधिक गरी राख्नु।
- ✓ सेवाबाट अवकाश प्राप्त प्रहरी कर्मचारीहरूको अभिलेख राख्नु।
- ✓ सेवाबाट अलग भएका प्रहरी कर्मचारीहरूले पाउने निवृत्तभरण, उपदान, पारिवारिक निवृत्तभरण, सन्ततिवृत्ति, शैक्षीक तथा अशक्त वृत्ति लगायतका सुविधाहरू किटान गरी अधिकारपत्र प्रदान गर्ने र तिनको अभिलेख राख्नु।
- ✓ सरकारका विभिन्न निकायलाई नीति नर्माणका लागि आवश्यक पर्ने कर्मचारी सम्बन्धी सुचना तथा तथ्याङ्कहरू उपलब्ध गराउनु।

**घ. रणनीति**

- ✓ प्रहरी कर्मचारीहरूको अभिलेख राख्न हाल प्रयोगमा रहेको SOFTWARE PPIS (POLICE PERSONAL INFORMATION SYSTEM) को नियमित Update And Upgrade तथा Re–Engineering गर्ने।

- ✓ प्रहरी कर्मचारीहरूको व्यक्तिगत विवरण सफ्टवेयर अद्यावधिक गरी सकेसम्म सबै विवरण कम्प्युटराइज गर्ने ।
- ✓ सर्भरका सुचनाहरू GIDC/NIDC मा निरन्तर लिङ्क गर्ने व्यवस्था मिलाउने ।
- ✓ अभिलेख व्यवस्थापन कार्यलाई समयानुसार प्रविधिमैत्री बनाउने ।
- ✓ कार्यालयलाई आर्थिक, भौतिक तथा प्रविधिगत रूपमा स्रोत साधन सम्पन्न बनाउने ।
- ✓ प्रभावकारी सेवा प्रवाहका लागि कार्यालयमा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने ।
- ✓ कार्यालयको कामको प्रकृति अनुसारका कार्यालयहरूसँग थप समन्वय र सहकार्य गर्ने ।
- ✓ कार्यसम्पादनमा सहजताका लागि ऐन, नियमअनुसार कार्यसञ्चालन दिग्दर्शन परिमार्जन गर्ने ।

**ङ. किताबखानाको जनशक्ति विवरण**

| सि.नं. | पद | तह | सेवा/समुह | स्विकृत दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | उप-महानिर्देशक | रा.प.प्रथम | प्रशासन/सा.प्र | १ | १ | ० |
| २ | निर्देशक | रा.प.द्धितिय | प्रशासन/सा.प्र | २ | २ | ० |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन/सा.प्र | ३ | ३ | ० |
| ४ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन/सा.प्र | १० | ३ | ७ |
| ५ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | २ | २ | ० |
| ६ | खरिदार | रा.प.अनं.द्धितिय | प्रशासन/सा.प्र | ८ | ४ | ४ |
| ७ | स.क.अ. | रा.प.अनं.द्धितिय | विविध | २ | ० | २ |
| ८ | ह.स.चा. | श्रेणी बिहिन | नेपाल इन्जिनियरिङ सेवा | ३ | २ | १ |
| ९ | कार्यालय सहयोगी | श्रेणी बिहिन | सामान्य प्रशासन | ४ | २ | २ |
| **जम्मा** | | | | **३५** | **१९** | **१६** |

प्रहरी कर्मचारीहरूको व्यक्तिगत विवरण राख्ने, निवृत्तिभरण अधिकार पत्र, उपदान, पारिवारिक निवृत्तीभरण, शैक्षीक वृत्ति तथा सन्तति वृत्ति जस्ता कार्यमा प्रमुख भुमिका निर्वाह गर्दै आएको सन्दर्भमा प्रहरी नियमावली २०७१ को नियम १३९ (२) बमोजिमको कार्य गर्न सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अधिकार प्रत्यायोजन भएअनुरूपका कार्यहरूको सम्बन्धमा सोही नियममा भएका कार्यहरू सम्पादनको क्रममा अएका द्विविधा तथा जिज्ञासा सम्बोधन गर्न साथै तलबी प्रतिवेदन पारित गर्ने, ग्रेड मिलान गर्ने एवम् नेपाल प्रहरी सशस्त्र प्रहरी बल नेपालका जिल्ला स्थित कार्यालयहरू बिच समन्वय र सम्पर्क कायम गर्दै सेवा प्रवाह बारे बुझाईमा एकरूपता कायम गर्ने सम्बन्धमा देखिएका समस्या सकंलन र सो को समाधानका उपायहरू खोजी सेवा प्रवाहलाई थप सरल, सहज र स्तरीय बनाउन किताबखानाको आन्तरिक

कार्य सञ्चालन दिग्दर्शन २०७३ मा भएको व्यवस्था बमोजिम आ.व. ०७८।७९ मा सुनसरी, दोलखा, झापा, धनुषा, कंचनपुर, महोत्तरी, वाग्लुङ, गुल्मी, सर्लाही लगायतका जिल्लाका प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल अन्तर्गतका कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयहरूमा अनुगमन तथा निरिक्षण गरिएको थियो। यस कार्यक्रममा निम्न उद्देश्य राखिएको थियोः

- ✓ किताबखानाबाट प्रदान गरिने सेवा सुविधालाई चुस्त दुरुस्त बनाउन स्थलगत कार्यालयबाट सुझाव संकलन गरी प्राप्त सुझावहरूको कानून बमोजिम कार्यान्वयन गर्नु।
- ✓ किताबखाना सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रहरी कार्यालयहरूबीच सेवा प्रवाहमा एकरूपता कायम गर्नु।
- ✓ किताबखानाको काम, कर्तव्य र अधिकार तथा यस किताबखानाको महत्व बारे प्रहरी कर्मचारीलाई जानकारी दिनु।
- ✓ प्रहरी कर्मचारीको तलबी प्रतिवेदन, औषधी उपचारको विवरण लगायतका आवश्यक पर्ने विवरण अद्याबधिक भए नभएको हेरी अद्यावधिक गर्न लगाउनु।
- ✓ सेवा निवृत्त राष्ट्रसेवक प्रहरी कर्मचारीको सेवा सन्तुष्टि सर्वेक्षण गर्नु।

**ज. समस्याहरू तथा सुझवहरू**

- ✓ राष्ट्रिय किताबखाना निजामतीले जस्तै यस किताबखानाले पनि औषधी उपचार र संचित विदाको रकमा किटान गर्ने व्यवस्था हुनुपर्ने।
- ✓ सेवाग्राहीले सेवा लिन अनलाईन आवेदन दिन सक्ने व्यवस्था हुनुपर्ने।
- ✓ सेवा निवृत्त प्रहरी कर्मचारीलाई परिचय पत्र स्वयम् किताबखानाबाट उपलब्ध गराउनु पर्ने।
- ✓ कामको प्रकृति अनुसार यस किताबखानालाई गृह मन्त्रालय अन्तर्गत राखिनु पर्ने सो को लागि मौजुदा नीतिमा पुनरावलोकन हुन उपयुक्त देखिएको।
- ✓ प्रहरी नियमावली २०७१को नियम १३९(२) अनुसार को कार्य सम्बन्धित सेवाग्राही (पूर्व निवृत्त कर्मचारी) लाई सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने भन्ने जानकारी सबैलाई दिनुपर्ने।

❖ **प्रहरी कर्मचारीको निवृत्तभरण र सेवा सुविधा सम्बन्धमा प्रदेश स्तरिय अन्तक्रिया कार्यक्रम।**

यस किताबखानाको आ.व. ०७८/७९ को वार्षिक बजेटमा प्रदेश स्तरिय गोष्ठी कार्यक्रमको लागि रु ५ लाख बजेट बिनियोजन भएको र सोही अनुरूप सात वटै प्रदेश र काठमाण्डौ उपत्यकामा उक्त कार्यक्रम सञ्चालन गर्न बजेटको न्युनता र कोरोना महामारीको तेस्रो लहरका कारण गर्न सम्भव नभएकोले उक्त अन्तक्रिया कार्यक्रम Zoom Apps/Meeting मार्फत सातै वटा प्रदेशमा सञ्चालन गर्ने निर्णय बमोजिम सातै प्रदेशमा विभिन्न मितिमा Zoom Apps मार्फत अन्तक्रिया कार्यक्रम सम्पन्न गरियो। सर्वप्रथम मिति २०७८।०९।२२ मा सुदुरपश्चिम प्रदेशमा कुल ६०

जनाको सहभागितामा अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो भने मिति २०७८।१०।२० मा कर्णाली प्रदेशका कुल ८० जनाको सहभागितामा अन्तक्रिया कार्यक्रम सम्पन्न गरियो। यसै गरी मिति २०७८।१०।२५ मा लुम्बिनी प्रदेशका कुल ८० जना, मिति २०७८।११।११ मा बागमती प्रदेशका कुल ८० जना, मिति २०७८।१२।०२ मा मधेस प्रदेशका कुल ८० जना र मिति २०७८।१२।१४ मा १ नं. प्रदेशका कुल ८० जनाको सहभागितामा अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। यी कार्यक्रममा कार्यक्रमको अध्यक्षता यस किताबखानाका उपमहानिर्देशक शान्ता अधिकारी भट्टराईज्यूले गर्नुभएको थियो भने प्रमुख अतिथि राष्ट्रिय किताबखाना (निजामती) का महानिर्देशक श्री बाबुराजा श्रेष्ठज्यूले गर्नुभएको थियो। कार्यालयको कामको प्रकृतिले अन्तरनिकाय समन्वय गर्नुपर्ने हुँदा निवृत्तभरण व्यवस्थापन कार्यालय, जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रहरी प्रधान कार्यालय, सशस्त्र प्रहरी बल प्रधान कार्यालयका सम्बन्धित निवृत्तभरण शाखा र लेखा शाखाको समेत अन्तक्रिया कार्यक्रममा सहभागिता रहेको थियो। सो कार्यक्रममा सहभागीबाट उठेका प्रश्न एवम् जिज्ञासामा किताबखानामा कार्यरत सम्बन्धित विषय हेर्ने कर्मचारीहरूबाट सम्बोधन भएको थियो।

❖ **अभिलेख तथा तनाव व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम**

यस किताबखानाको आ.व. २०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि तालिम कार्यक्रम मकवानपुर जिल्लाको चित्लाङमा मिति २०७९।०३।२५ गते यस कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीको उपस्थितीमा सम्पन्न भएको थियो। यस कार्यक्रमलाई सफल बनाउनका लागि सहजकर्ताको भुमिकामा प्रशिक्षक निता गुरुङ ज्यू लाई आमन्त्रण गरिएको थियो। यस कार्यालयको प्रमुख कार्य अभिलेख व्यवस्थापन भएकोले यस कार्यलाई चुस्त, दुरुस्त बनाइराख्न सहयोग पुऱ्याउने हेतुले यस एक दिने प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रमको पहिलो खण्डमा उद्घाटन सत्र तथा परिचय कार्यक्रम राखिएको र सो कार्यक्रम पश्चात प्रशिक्षक निता गुरुङ ज्यूले अभिलेख व्यवस्थापनका फाइदा, औचित्य, महत्वका साथै कार्यालयमा अभिलेख व्यवस्थापनको आवश्यकता लगायतका विषयमा प्रकाश पार्नुभएको थियो। यसैगरी कर्मचारीमा दैनिक कार्यालयमा उपस्थित भई कार्यसम्पादन मात्र गरिरहँदा उसमा तनावको स्थिती सिर्जना हुने जसले गर्दा कार्यालयको कार्य सम्पादनमा नकारात्मक असर पर्न सक्ने भएकोले तनाव व्यवस्थापनका तरिकाहरूको सम्बन्धमा प्रशिक्षकबाट प्रयोगात्मक विधि सहित प्रकाश पारिएको थियो। सहभागी कर्मचारीले आफुलाई लागेका प्रश्न र जिज्ञासा राखी प्रशिक्षकसँग दोहोरो अन्तक्रिया गर्दै कार्यक्रम समापन भएको थियो।

यस कार्यक्रमबाट सहभागी कर्मचारीहरूमा सकारात्मकताको विकास भएको र आफ्नो कार्यसम्पादनमा थप उर्जा मिलेको प्रतिक्रिया प्राप्त भएको र यस्ता प्रकृतिका कार्यक्रमबाट व्यक्तिको क्षमता, दक्षता, सिप अभिवृद्धि हुदै जाने हुँदा यस्ता प्रकृतिका कार्यक्रम नियमित रूपमा आयोजना हुन सके संगठनले राखेको उद्देश्य निर्धारित समयमै प्राप्त गर्नमा सहयोग पुग्ने देखिन्छ।

**झ. नवप्रवर्तनकारी कार्यहरूको विवरण**

- ✓ सिंहदरबारबाट वि सं २०७१ सालमा हालको भवनमा कार्यालय सार्दा देखिका बोरामा थुपारिएका सम्पत्ति विवरणहरूलाई सर्टिङ गरी सजिलो सँग भेटिने गरी व्यवस्थित रूपमा राख्ने व्यवस्था मिलाईएको ।
- ✓ यस किताबखानामा रहेको सर्भर र GIDC (Government Integrated Data Center) सिंहदरबारमा रहेको सर्भर बीच connection गरी PPIS सफ्टवेयरमा रहेको data back up को व्यवस्था मिलाईएको ।
- ✓ प्रहरी तर्फबाट खटिएका कर्मचारीहरूलाई दैनिक ई-हाजिरी समेतको व्यवस्था गरी लिखित रूपमा कामको जिम्मेवारी बाँडफाँड गरिएको ।
- ✓ PPIS सफ्टवेयर अद्यावधिक गरी आ व २०७८ ।७९ को सम्पत्ती विवरण नेपाल प्रहरी र सशस्त्र प्रहरीको छुटै संकेत कायम गरी नयाँ ढंगले व्यवस्थित रूपमा राख्ने व्यवस्था मिलाईएको ।
- ✓ नेपाल प्रहरीतर्फको सिटरोल लगायतका व्यक्तिगत फायलहरू अद्यावधिक गरिनुका साथै कम्प्युटरमा फायल लोकेसन विवरण तयार गरी तुरुन्तै भेटीने गरी व्यवस्थित गरिएको ।
- ✓ नयाँ खानेपानीको धारा जडान गरिनुका साथै पुरानो बोरिङको पानीलाई फिल्टर गरी प्रयोग योग्य बनाइ खानेपानीको समस्या समाधान गरिएको ।
- ✓ कार्यालय हाता व्यवस्थापन, सरसफाई एवं फुलबारी व्यवस्थापन गरिएको ।

**ञ. प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा भएका क्रियाकलापहरू**

हालसम्म प्रदेश र स्थानीय तहसँग को समन्वयमा कुनै पनि कार्यक्रम तथा क्रियाकलाप नभएता पनि आवश्यकता र औचित्यताको आधारमा तत् तत् निकायहरूसँग पनि समन्वयात्मक अन्तरक्रिया कार्यक्रम गर्नुपर्ने जरुरी देखिन्छ ।

**ट. अघिल्लो ५ वर्षको विविध क्षेत्रगत प्रगतिको संक्षिप्त विवरण**

**आ.व. ०७४/७५ देखि आ.व. ०७८/७९ सम्मको प्रगति विवरण**

| सि. नं. | क्रियाकलाप | आ.व. ०७४/७५ | आ.व. ०७५/७६ | आ.व. ०७६/७७ | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ |
|---|---|---|---|---|---|---|
| १ | नयाँ निवृत्तिभरण जारी | २४१७ | ८०२५ | ३३२३ | १८४३ | ११६६ |
| २ | उपदान किटान गरी पठाईएको | ७०४ | १२४० | ६४९ | ३५५ | ७२ |
| ३ | असाधारण नि.भ. जारी | ९५ | ४१ | ४२ | ८५ | ९८ |
| ४ | पारिवारिक नि.भ. जारी | २ | २२ | २६ | ३० | २२ |
| ५ | अशक्त अवकास नि.भ.जारी | ९ | ८१ | २५ | ५ | ३ |

| सि. नं. | क्रियाकलाप | आ.व. ०७४/७५ | आ.व. ०७५/७६ | आ.व. ०७६/७७ | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ |
|---|---|---|---|---|---|---|
| ६ | तत्कालीन द्वन्द्ध तथा अशक्त र असाधारणका सन्ततीलाई सन्ततिवृत्ति तथा शैक्षिक वृत्ति प्रदान गरिएको | ८५ | ७३ | ५ | ७५ | ८२ |
| ७ | हराएको/पाना सकिएको अधिकार पत्रको प्रतिलिपी जारी | ४०७ | २८१ | २८८ | २७५ | २६३ |
| ८ | निवृत्तको मृत्यु पश्चात नजिकको हकवालाको नाममा नामसारी गरिएको | २७४ | २५६ | २१८ | २४६ | २११ |
| ९ | ६० वर्ष पुरा भएपछि थप गरिएको ३० प्रतिशत रकम (प्र.स.नि.भन्दा मुनिको हकमा) | २७५ | २८५ | २२५ | २७६ | २८७ |
| १० | ७५ वर्ष पुरा भएपछि थप गरिएको १० प्रतिशत | ७ | ६९ | ७४ | ८३ | ६९ |
| ११ | ८५ वर्ष पुरा भएपछि थप गरिएको १० प्रतिशत | ११ | १५ | ११ | १२ | ७ |
| १२ | अवकासको सुचना पठाइएको | ३५२ | ६५८ | ८९० | ५७१ | ३७५ |
| १३ | टुटेको नोकरी जोड्ने कार्य | १ | १३ | ४ | ४ | ३ |
| १४ | तलब स्केल मिलान | ७८२ | ३६१४ | १६५१ | ७८८ | १५०० |
| १५ | तलबी प्रतिवेदन पारित | १३४९२ | २४४१५ | २८२८० | ११२८० | २२७१० |
| १६ | नयाँ सिटरोल कम्प्युटर ईन्ट्रि | ९५३ | १६५५ | १०७२० | ६९९४ | ६८९३ |
| १७ | औषधी उपचारको विवरणको अभिलेख | ३७६० | ७०५६ | ३९६३ | २२३५ | १६८० |
| १८ | थप भएको पदहरूको दर्ता | ६५ | ३२०२ | ३६१६ | ७९५४४ | ५९७४१ |
| १९ | सिटरोलहरू रजिष्टरमा दर्ता | ६१८ | ३१६३ | ८५ | ८७२९ | ३८४८ |
| २० | सम्पत्ति विवरण दर्ता | १०००५१ | ९६५४२ | ९३७८२ | १०२६४१ | १०५६२४ |

**ठ. समस्या तथा चुनौतीहरू**

- ✓ साबिकमा गृहमन्त्रालय अन्तर्गत रहेको यो किताबखाना वि सं २०७५ देखी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय राष्ट्रिय किताबखाना अन्तर्गत राखिएकोले सेवा प्रवाहको सम्बन्धमा आईपर्ने समस्या समाधान गर्न एवम् नीतिगत निर्णयको लागि राष्ट्रिय किताबखाना (निजामती) मार्फत पत्राचार गर्नु पर्ने भएकोले निर्णय प्रक्रिया लामो र झन्झटिलो भएको ।
- ✓ समान प्रकृतिका काम गर्ने किताबखानाहरू एकीकृत भई राष्ट्रिय किताबखाना हुँदा पनि भवन अभावका कारण साविक स्थानहरूबाटै कार्य सञ्चालन गर्नु परेकोले व्यवहारिक कठिनाइ हुनुका साथै नीतिगत अष्पस्टता रहेको ।

- ✓ यस किताबखानाको हालको कार्यसञ्चालन बजेट गृह मन्त्रालय मार्फत प्राप्त हुँदै आएको जवाफदेहीता र वित्तीय उत्तरदायित्वमा द्विवीधा रहेको ।
- ✓ नेपाल प्रहरी र शसस्त्र प्रहरीको सेवा सञ्चालन गर्ने निकाय गृहमन्त्रालय भएको तर यस किताबखानालाई सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्रगत राखिनु व्यवहारिक नदेखिनुका साथै नियमित बैठक समीक्षाहरूमा यस किताबखानाबाट कही कतै पनि सहभागिता जनाउन नपाउँदा व्यवहारिक समस्या समाधानका लागि सुनुवाइ हुने निकाय नहुँदा अभिभावक विहीनताको महशुस हुने गरेको ।
- ✓ न्यूनतम कार्यालय सञ्चालनका लागिसमेत पर्याप्त बजेट नभएको (दरबन्दी अनुसार पर्याप्त तलब समेत विनियोजन नभएको) ले सीमित स्रोत साधनको कारण अभिलेख व्यवस्थापनलाई चुस्त दुरुस्त गराउन नसकिएको ।
- ✓ नेपाल प्रहरी सशस्त्र प्रहरी राष्ट्रिय अनुसन्धान विभाग र राष्ट्रिय सतर्कता केन्द्रका सम्पूर्ण कर्मचारीहरूको अभिलेख व्यवस्थापन गर्नुपर्ने यस किताबखानाको Record Keeping कार्यमा प्रहरी प्रधान कार्यालय, सशस्त्र प्रहरी बल प्रधान कार्यालय लगायतका कार्यालयसँग PPIS सफ्टवेयरमा link नभएकोले अभिलेख व्यवस्थापनमा समस्या देखिएको ।
- ✓ अभिलेख व्यवस्थापन कार्यलाई आधुनिकीकरण गर्न प्रविधिमा जोड दिनुपर्नेमा उपलब्ध मानवीय साधनलाई प्रविधिमैत्री बनाउन आवश्यक तालिमको व्यवस्था गर्न नसकिएको ।
- ✓ दैनिक सेवा प्रवाह Software मार्फत गरिने हुदा Software मा समस्या आउदा समाधान गर्ने प्राविधिक जनशक्तिको अभाव रहेको ।
- ✓ पर्याप्त बजेट नभएको कारण दैनिक कार्यसञ्चालनमा समस्या आउने गरेको र हाल प्रयोगमा रहेको PPIS Software लाई समयानुकूल update तथा Upgrade गर्न नसकिएको ।
- ✓ सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान र विशेष प्रहरीतर्फका निवृत कर्मचारीको पारिवारीक निवृत्तभरणका लागि केन्द्रसम्म आउनु पर्ने बाध्यता रहेकोले सेवाग्राहीलाई मर्का परि रहेको ।
- ✓ करिब एक लाख उन्नाइस हजार बहालवाला र करिब पचहत्तर हजार सेवा निवृत्त सेवाग्राही रहेकोले कामको चाप धेरै हुने गरेको तर कर्मचारीलाई कुनै किसिमको प्रोत्साहनको व्यवस्था नहुँदा निजामती कर्मचारीहरूको Turnover अन्य भन्दा बढी हुने गरेको साथै कर्मचारी दरवन्दी थोरै हुनुका साथै भएका पदमा पनि धेरैजसो पद रिक्त हुँदा सम्बन्धित प्रहरी कर्मचारीहरू काजमा खटाई कामकाज गर्ने गरेको ।
- ✓ यस किताबखानाको देशव्यापी कार्यक्षेत्र रहेको र प्रत्यायोजित अधिकार अनुसार तलबी प्रतिवेदन पारित गर्ने, पारिवारिक निवृत्तिभरण जारी गर्नेलगायत जिम्मा पाएको जिल्लास्थित कोलेनिकासँग समन्वय गरी कामकाज गर्नुपर्ने तर आवश्यक समन्वय, स्थगलगत अनुगमन र अभिमुखीकरणका लागि बजेट व्यवस्था नभएकोले बुझाइमा एकरूपता कायम गर्न कठिनाई हुने गरेको ।

# जिल्ला प्रशासन कार्यालयहरू

## परिचय

वि.सं. २००७ सालको ऐतिहासिक परिवर्तन पश्चात प्रजातन्त्रको स्थापना भई सोहीअनुसारको चुस्त एवं विकेन्द्रित प्रशासनको आवश्यकता महशुस गरी वडा हाकिमहरूको नियुक्ति गरेको पाइन्छ । सोही वखत काठमाडौ उपत्यका कमीश्नर मेजिष्ट्रेट ऐन, मधेश गोश्वरा ऐन, सामान्य प्रशासन र प्रहरी ऐनहरू निर्माण भएका थिए । यसै क्रममा गढी, गौडा र गोश्वाराको रूपमा गृह प्रशासनको कार्य सञ्चालन भएको पाइन्छ । वि.सं. २००८ सालमा गृह मन्त्रालयको स्थापना तथा वि.सं. २०१९ सालको शासकीय व्यवस्था परिवर्तन पश्चात नेपाललाई १४ अञ्चल, ७५ जिल्ला र ५ विकास क्षेत्रमा विभाजन गरी अञ्च लाधीश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था गरियो । सो व्यवस्थालाई नेपालको संविधान २०१९ ले संस्थागत गर्यो । स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरूप सञ्चालन गर्न तथा शान्ति र व्यवस्थालाई प्रभावकारी रूपमा सञ्चालन गर्न स्थानीय प्रशासन ऐन, २०२८ लागू गरियो । उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार देशभर ७५ जिल्ला प्रशासन कार्यालयहरू स्थापना भए । स्थानीय प्रशासन ऐन, २०२८ प्रारम्भ भएपछि अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकारलाई कानूनी रूपमा व्यवस्थित गरियो ।

वि.सं.२०७२ मा नेपालको संबिधान जारी भए पश्चात सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भई नेपाललाई ७ प्रदेश र ७७ जिल्ला राजनीतिक विभाजन गरियो । साबिकका ७५ जिल्लाहरू मध्ये नवलपरासी जिल्लालाई नवलपरासी पुर्व (सुस्ता पुर्व) र नवलपरासी पश्चिम (सुस्ता पश्चिम) तथा रुकुम जिल्लालाई रुकुम पुर्व र रुकुम पश्चिम गरी थप दुई जिल्लामा विभाजन गरी कुल ७७ वटा जिल्लामा विभाजन गरियो । प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय र जनसंख्या, भौगोलिक कठिनाई आदिका आधारमा आवश्यकता अनुसार इलाका प्रशासन कार्यलयहरू तथा सिमा जोडिएका जिल्लाहरूमा सिमा तथा अध्ययागमन कार्यालय समेत स्थापना गरिएका छन् । हाल देशभर ७३ वटा इलाका प्रशासन कार्यालयहरू स्थापना भएका छन् ।

जिल्लामा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य उद्देश्य रहेको छ । जिल्लाको समग्र शान्ति-सुरक्षा कायम गर्दै संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित विभिन्न विकास निर्माणका कार्यमा समन्वयात्मक एवं सजहपूर्ण वातावरण स्थापित गर्नु नै जिल्ला प्रशासन कार्यालयको मुख्य कर्तव्य हो । साथै जिल्लामा अपराध रोकथाम र नियन्त्रणका लागि स्थानीय, प्रदेश र संघद्वारा निर्मित कानूनको कार्यान्वयन गर्नु गराउनु, कानूनद्वारा निर्देशित विषयहरूमा न्याय निरूपण गर्नु

गराउनु, जिल्लाभित्र स्थापित सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत-सम्भार गर्नु गराउनु, विपद् व्यवस्थापन तथा राहत वितरण गर्ने, आपूर्ति व्यवस्थापन र वस्तु तथा सेवाको गुणस्तरीयताको सुनिश्चितता प्रदान गर्ने, कालोबजारी नियन्त्रण तथा उपभोक्ताको हक-हित संरक्षणका लागि विभिन्न निकायसँग समन्वय गरी बजार अनुगमन गर्ने जस्ता कार्यहरू पनि जिल्ला प्रशासन कार्यालयले गर्नुपर्दछ। जिल्लामा नागरिकहरूलाई नाबालक परिचय पत्र, नागरिकता तथा राष्ट्रिय परिचय पत्र प्रदान गरी उनीहरूको व्यक्तिगत देखि जैविक विवरणसम्मको संकलन, अभिलेखाङ्कन, व्यवस्थापन एवं संरक्षण गर्ने कार्यमा पनि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको छ। यसका अतिरिक्त गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष दर्जनौं ऐनहरू र नियमहरूले व्यवस्था गरे बमोजिमको जिम्मेबारी समेत बहन गर्नुपर्ने दायित्व यस कार्यालयलाई रहेको छ। नियमित प्रकृतिका कार्य बाहेक आकस्मिकता व्यवस्थापन, निकायगत समन्वय र विकास सहजीकरण तथा सुशासन कायम गराउने महत्वपूर्ण जिम्मेवारी पनि यो कार्यालयलाई रहेको छ।

**क) जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने नियमित सेवाहरूः**

कार्यालयको उद्देश्य प्राप्ति गर्ने सन्दर्भमा जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवाहरू देहाय बमोजिम रहेका छनः-

- ✓ जिल्लामा शान्ति, सुव्यवस्था र सुरक्षा,
- ✓ वंशजको आधारमा नेपाली नागरिकता जारी गर्ने,
- ✓ बैवाहिक अंगीकृत नागरिकता (महिलाका लागि) जारी गर्ने,
- ✓ नागरिकताको प्रतिलिपी जारी गर्ने,
- ✓ राहदानी सिफारिस गर्ने,
- ✓ कानून बमोजिम तोकिएका मुद्दाहरूको शुरु कारवाही र किनारा गर्ने,
- ✓ गैरसरकारी संस्था दर्ता, नवीकरण र नियमन गर्ने,
- ✓ पत्रपत्रिका तथा छापाखाना दर्ता गर्ने,
- ✓ नाबालिक परिचयपत्र जारी गर्ने,
- ✓ जिल्लामा रहेका शरणार्थीहरूको लगत राख्ने, शरणार्थी परिचयपत्र नवीकरण गर्ने,
- ✓ निजी सुरक्षा कम्पनीको दर्ता, नवीकरण एवम् पुनः कार्यसञ्चालन अनुमति दिने,
- ✓ हातहतियार र खरखजानाको इजाजत सम्बन्धी सिफारिस र नियन्त्रण गर्ने,
- ✓ शान्ति सुरक्षाको लागि प्राप्त निवेदन उपर कारवाही गर्ने,
- ✓ दलित, जनजाति आदि सिफारिस गर्ने,
- ✓ द्वन्द प्रभावितको पहिचान तथा राहत वितरण गर्ने,

**ख) आकस्मिकता व्यवस्थापन**

- ✓ विपद व्यवस्थापन
- ✓ आकस्मिक घटना व्यवस्थापन

गृह मन्त्रालय अन्तर्गतका जिल्ला प्रशासन कार्यालयहरूले प्रचलित कानून तथा स्वीकृत मापदण्ड बमोजिम सम्पादन गर्ने उल्लेखित साझा कार्यहरूका अतिरिक्त जिल्ला प्रशासन कार्यालयहरूको संक्षिप्त परिचय, आफ्नै पहलमा गरेका नवप्रर्वतनात्मक कार्यहरूको विवरण र समस्या र चुनौतीहरू सहितको संक्षिप्त विवरण निम्नानुसार अलग अलग रूपमा प्रस्तुत गरिएको छ।

## ३.१ जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङ

नेपालको सुदुर पूर्वी हिमाली जिल्ला ताप्लेजुङ्गको नामाकरण "ताप्ले" नाम गरेको भुटिया राजाको "जोङ्ग" (किल्ला) बाट रहन गएको हो भन्ने कथन पाईन्छ। अर्को शब्दमा "ताप्ले" भनेको घोडा र "जुङ्ग" भनेको चराउने ठाउँ भन्ने कथन रहेको पाईन्छ। यो जिल्ला नेपालको प्रदेश नं. १ अन्तर्गत मेची अञ्चलको पूर्वोत्तर भागमा अवस्थित जिल्ला हो, जहाँ विश्वको तेस्रो तथा नेपालको दोस्रो उच्च हिमाल, विश्वकै सबैभन्दा सुन्दर कहलिएको "सिङ्गलिला" हिमश्रृङ्खला रहेका छन्। ३६४६ बर्ग किलोमिटर क्षेत्रफल रहेको यस जिल्लाको पूर्वमा भारतको सिक्किम, पश्चिममा संखुवासभा जिल्ला, उत्तरमा चीनको स्वशासित क्षेत्र तिव्वत र दक्षिणमा तेह्रथुम र पाँचथर जिल्ला रहेको छ। यस जिल्लामा प्रसिद्ध पाथीभरा देवीको मन्दिर, करिव ६०० वर्ष पुरानो डिकी छ्योलिङ गुम्वा रहेको पाइन्छ। राणाकालमा समेत विभिन्न अड्डा अदालत रहेको यस जिल्लालाई बुढापाकाहरू "अमिनी" नामले समेत चिन्ने गर्दछन्।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. द्धितीय श्रेणीको प्रमुख जिल्ला अधिकारी-१, रा.प. तृतीय श्रेणी सहायक प्रमुख जिल्ला अधिकारी -१, ना.सु. ४, लेखापाल -१, कम्प्युटर अपरेटर-२, खरिदार-४, हलुका सवारी चालक-१ र कार्यालय सहयोगी- ६ जना सहित जम्मा २० जनाको दरबन्दी संरचना रहेको छ। यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत सीमा प्रशासन कार्यालय, ओलाङ्गचुङ्गोलामा शाखा अधिकृतको नेतृत्वमा ७ जना कर्मचारीहरू कार्यरत रहेका छन। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८३ अंक प्राप्त गरी उत्कृष्ट स्तर सहित ६९ औं स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा कार्यालय परिसर सरसफाई, कार्यालय परिसर वृक्षारोपण, गुनासो तथा मुद्दा फछ्यौट, बजार अनुगमन लगायतका सेवाहरू प्रवाह गरेको छ। अपर्याप्त बजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तरनिकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन। भौगोलिक रूपमा विकट रहेको यस जिल्लामा प्रभावकारी रूपमा अपराध नियन्त्रण गरी शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्नु र सेवा प्रवाहलाई जनमैत्री र प्रविधि मैत्री बनाउनु चुनौतीको रूपमा रहेका छन।

## ३.२ जिल्ला प्रशासन कार्यालय, पाँचथर

पाँचथर जिल्ला नेपालको सङ्घीय संरचनानुसार प्रदेश नं. १ अन्तर्गत अवस्थित पहाडी जिल्ला हो। जिल्लाको सदरमुकाम फिदिम हो। १२४१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस जिल्लाको पूर्वमा भारतको सिक्किम, पश्चिममा तेह्रथुम र धनकुटा जिल्ला, उत्तरमा ताप्लेजुङ्ग जिल्ला र दक्षीणमा इलाम र मोरङ्ग जिल्ला अवस्थित रहेको छ। विकट तर मनोरम धरातलीय बनोट, उच्च भू-भाग र यहाँ पाइने बहुमूल्य जडीबुटीहरू तथा वनस्पति आदिले यस जिल्लाको पर्यटकीय आकर्षण पनि उत्तिकै बढिरहेको छ। यो जिल्ला पल्लो किरातको नामले पनि प्रसिद्ध छ। यस जिल्लाको नामाकरण कसरी भयो भन्ने कुनै स्पष्ट कुनै आधार नदेखिएता पनि शोधकर्ताहरूका आधारमा पाँचथर "पान्थरथुम" शब्दबाट नामाकरण भएको भन्ने भनाई रहेको छ। पान्थरूको अर्थ कुरामा सहमति मिलेको (Agreed), र थुमको अर्थ ईलाका वा किल्ला (District) हो। किराँत इतिहासका पुराना साहित्यहरूमा इस्वी सम्वत ५५० ताकाको ऐतिहासिक वर्णनमा नै "पान्थर" शब्द प्रयोग भएको पाइन्छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्धितीय श्रेणी सहायक प्रमुख जिल्ला अधिकारी -२, प्रशासकीय अधिकृत रा.प. तृतीय श्रेणी २, ना.सु. ५, लेखापाल -१, कम्प्युटर अपरेटर-२, खरिदार-३, हलुका सवारी चालक-१ र कार्यालय सहयोगी- ६ जना सहित जम्मा २३ जनाको दरबन्दी संरचना रहेको छ। यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत इलाका प्रशासन कार्यालय, रवीवजार र सिमा प्रशासन कार्यालय याङवरक गाउँपालिका, च्याङथापु रहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८३.७५ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ६८ औ स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा जिल्लामा सरोकारवाला निकायहरू समेतको सहभागीतामा अपराध नियन्त्रण तथा शान्ति सुरक्षा, लागु औषध नियन्त्रण, कुरिती, कुसंस्कारको कारण उत्पन्न हुने अपराध नियन्त्रण गर्न अन्तरक्रिया सचेतनामूलक कार्यक्रम सञ्चालन, जिल्लामा हत्या, आत्माहत्या, बलत्कार, महिला हिंसा, लागू औषधको प्रयोग, मादक पदार्थ सेवन जस्ता विकृति र विसँगति नियन्त्रण गर्न पतंजली योग समिति पाँचथरसँग सहकार्य गरी पंतजली योगका विभिन्नन कार्यक्रम सञ्चालन, जिल्लामा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरूको अनुगमन पश्चात सामुहिक छलफल गरी समस्याहरू सामधान गर्न पहल गरिएको, यस जिल्लाको भारतसंत जम्मा ४२ कि.मि. सिमा जोडिएको खुल्ला सिमा क्षेत्र भएकोमा जिल्लाको याङवरक र फालेलुङ गाउँपालिका गरी जम्मा ४ स्थानमा BOP स्थापना गरी सिमाक्षेत्रको संरक्षण, रेखदेख तथा अन्य अवैध सामाग्री ओसारपसारमा नियन्त्रण गरिएको, जिल्लास्थित सबै सरकारी कार्यालयहरू, स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरी सरकारी बेरुजुलाई न्यूनीकरण गर्ने अन्तरक्रियात्मक कार्याक्रमहरू सञ्चालन गरी सरकारी बेरुजु न्यूनीकरण गरिएको जस्ता कार्यहरू गरेको छ। अपर्याप्त बजेट तथा दरबन्दी अनुसार जनशक्ति नियमित उपलब्ध नहुनु, कार्यालयको नियमित कार्य सञ्चालन र विपद व्यवस्थापनका लागि सवारी साधन र विपद व्यवस्थापन सामाग्रीको अभाव, अन्तरनिकाय समन्वयको

अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन । भौगोलिक रूपमा विकट रहेको यस जिल्लामा सीमित स्रोत साधन र जनशक्तिको बाबजुद विपद् जोखिम न्यूनीकरण गर्दै विपद् व्यवस्थापन गर्नु, संघ, प्रदेश र स्थानीय तहका कार्यालयहरूवीच समन्वयात्मक भूमिका निर्वाह गरी स्थानीय स्रोत साधन परिचालन गरी दिगो विकास हासिल गर्नु, भौगोलिक विकटता र सीमित जनशक्तिबाट नागरिकका असीमित चाहाना पुरा गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै जिल्लामा सुशासन कायम गराउनु जिल्लाका चुनौतीको रूपमा रहेका छन् ।

## ३.३ जिल्ला प्रशासन कार्यालय, इलाम

इलाम जिल्ला नेपालको सङ्घीय संरचनानुसार प्रदेश नं. १ अन्तर्गत अवस्थित पहाडी जिल्ला हो । यो जिल्ला २६ डिग्री २८" देखि २६ डिग्री ५९" उत्तरी अक्षांश सम्म र ८०.०२" देखि ८०.३०" पूर्वी देशान्तरसम्म फैलिएको छ। जिल्लाको सदरमुकाम इलाम बजार हो। इलाम नाम लिम्बु भाषाबाट आएको हो जसमा "इल" को अर्थ घुमाउरो र "लाम" भनेको सडक हो । १७०३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस जिल्लाको पूर्वमा भारतको दार्जिलिङ्ग, पश्चिममा मोरङ्ग र पाँचथर जिल्ला, उत्तरमा पाचथर जिल्ला र दक्षिणमा झापा जिल्ला अवस्थित रहेको छ। विभिन्न नगदे वालीका लागि चर्चित इलाम जिल्ला नेपालमा चियाको उद्गम थलो हो। अलैंची, आलु, अम्लिसो, अदुवा, दूध, किबी फल र विभिन्न प्रकारका जडिबुटी उत्पादनका लागि कहलिएको इलाम हरित कृषिको जिल्ला हो । अत्यन्त आकर्षक र मनमोहक प्राकृतिक सुन्दरताले भरिपूर्ण इलाम नेपालकै उत्तम पर्यटकीय गन्तव्यमा पर्दछ । विविध जात जातिको बसोबास रहेको इलाममा प्राचिन मठ मन्दिर र गुम्बाहरू सांस्कृतिक धरोहरका रूपमा रहेका छन् । लेप्चा जातिको बसोबासो नेपालमा इलाम जिल्लामा मात्रै छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्धितीय श्रेणी सहायक प्रमुख जिल्ला अधिकारी -१, प्रशासकीय अधिकृत रा.प. तृतीय श्रेणी २, ना.सु. ७, लेखापाल -१, कम्प्युटर अपरेटर-२, खरिदार-४, हलुका सवारी चालक-२ र कार्यालय सहयोगी- ७ जना सहित जम्मा २७ जनाको दरबन्दी संरचना रहेको छ। यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत इलाका प्रशासन कार्यालय, मंगलबारे, देउमाइ न.पा., इलाम र सिमा प्रशासन कार्यालय पशुपतिनगर, सुर्योदय न.पा. इलाम रहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९१.२५ अंक प्राप्त गरी अति उत्कृष्ठ स्तर सहित ३८ औ स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा कार्यालय अगाडी सुरक्षाकर्मी बस्ने भवनमा तला थप गरी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र (DEOC) को लागि कार्यालयको व्यवस्था गरि सूचना प्रविधिमैत्री बनाएको, नागरिकता सम्बन्धी अभिलेखलाई व्यवस्थित गर्न च्यायकको व्यवस्था, अनुसूची लगायतका कागजातलाई अभिलेखीकरण गरिएको, तत्काल इ-पासपोर्ट सेवा सुरुवात गर्न पहल तथा राहदानी विभागबाट प्राप्त पासपोर्ट लिन झापा जानु पर्ने भएकोमा आवश्यक समन्वय गरी इलाममै ल्याउने प्रबन्ध गरी कर्मचारीको समय तथा खर्च समेत बचत

गरिएको, पुरानो अभिलेख व्यवस्थापनका लागि ट्रसको निर्माण गरिएको, सेवाग्राहीका लागि मोबाइल चार्जिङ्ग स्टेशनको व्यवस्था र Email, Website, Facebook Page तथा अन्य सामाजिक सञ्जालहरूबाट सेवा प्रवाह सम्बन्धी सूचना र जानकारी प्रदान गर्ने गरेको जस्ता कार्यहरू गरेको छ। दक्ष र पर्याप्त कर्मचारी अभाव, बढ्दो कार्यबोझ तथा कार्यचापका कारण कार्यालयमा स्थान अभाव तथा कार्यालय विन्यास सेवाग्राहीमैत्री नहुनु, विपद् व्यवस्थापनका लागि दक्ष जनशक्ति र अत्यावश्यक उद्दार सामाग्रीको अभाव रहनु यस कार्यालयले सामना गर्नुपरेका समस्याहरू हुन। सेवाग्राहीको बढ्दो अपेक्षा पुरा गर्नु, अनलाईन सेवाहरूको क्षमता अभावका कारण बेला बेलामा अवरोधहरू आउनु, सङ्घीयता कार्यान्वयनका लागि स्थानीय राजनीतिक नेतृत्व तथा प्रतिपक्षसँग समन्वय र समदुरी कायम गर्नु र सीमित जनशक्तिबाट नागरिकका असीमित चाहाना पुरा गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै जिल्लामा सुशासन कायम गराउनु जिल्लाका चुनौतीको रूपमा रहेका छन्।

### ३.४ जिल्ला प्रशासन कार्यालय, संखुवासभा

संखुवासभा जिल्ला नेपालको सङ्घीय संरचनानुसार प्रदेश नं. १ अन्तर्गत अवस्थित पहाडी जिल्ला हो। जिल्लाको सदरमुकाम खादवारी हो। नेपालको पूर्वी हिमाली क्षेत्रको दुर्गम जिल्लामा रहेको संखुवासभा जिल्ला उत्तरी अक्षांस २७ डिग्री ०६" देखि २७ डिग्री ५५" उत्तर र देशान्तर ८७ डिग्री ५७" देखि ८७ डिग्री ४०" मा रहेको छ। यसको उचाइ समुन्द्र सतहदेखि ३०० मिटर (पिलुवा-अरुण दोभान) अरूण उपत्यका देखि ८४६३ मिटर (पाँचौ सर्वोच्च शिखर मकालु हिमाल) रहेको साथै २८ प्रजातीका गुराँस फुल्ने मिल्के जलजले क्षेत्र, विभिन्न धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय गन्तव्यहरू शिवपार्वतीको क्रिडास्थल मानिने शिवधारा, वेदव्यासले भगवान शिवशंकरसँगको प्राथनापछि सिद्दिविनायक गौरीपुत्र गणेशको सहयोगमा पोखरीको बीचमा वेदिको निर्माण गरी वेदको लेखन गरेको स्थान सभापोखरी, स्वस्थानी व्रतकथामा वर्णित सतीदेवीको देब्रे आँखा पतन भएको स्थान सिद्धकाली यसै जिल्लामा रहेका छन्। यहाँको भू-बनोटमा हिमाली, पहाडी, बेसी, टार, खोंच आदि पर्दछन। यसको कूल क्षेत्रफल ३४६८.१७ वर्ग किलो मिटर छ जुन नेपालको क्षेत्रफलको २.३६ प्रतिशत हो।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्धितीय श्रेणी सहायक प्रमुख जिल्ला अधिकारी -१, प्रशासकीय अधिकृत रा.प. तृतीय श्रेणी २, ना.सु. ६, लेखापाल -१, कम्प्युटर अपरेटर-२, खरिदार-३, हलुका सवारी चालक-१ र कार्यालय सहयोगी- ६ जना सहित जम्मा २२ जनाको दरबन्दी संरचना रहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९३.२५ अंक प्राप्त गरी अति उत्कृष्ट स्तर सहित १६ औ स्थान हासिल गरेको छ। सेवाग्राहीको तुलनामा कर्मचारी (जनशक्ति) कमी हुनु, भएका जनशक्तिलाई सेवा सम्बन्धी विषयमा तालिम (ज्ञान) को अभाव, एउटै सेवा लिन पनि विभिन्न कोठा/कक्षामा सेवाग्राहीले जानुपर्ने बाध्यता व्यवस्थित र छिटो छरितो रूपमा सेवा प्रदान हुन नसकेको, नागरिकता सम्बन्धी काममा पुरानो प्रकृया नै रहेको, सूचना

संकलन, प्रशोधन र प्रवाह व्यवस्थित रूपमा हुन नसकेको, अभियानको रूपमा सञ्चालनमा रहेको राष्ट्रिय परिचयपत्र दर्ता कार्यक्रममा धेरैजसो पुराना नागरिकता भएकोले दर्तामा समस्या भएको लगायतका दर्जनौ समस्याहरूबाट जिल्ला प्रशासन कार्यालय संखुवासभा गुज्रिरहेको छ ।

### ३.५ जिल्ला प्रशासन कार्यालय, तेह्रथुम

नेपालको प्रदेश नं. १ का चौध जिल्लाहरू मध्येको सानो जिल्लाको रूपमा रहेको तेह्रथुम जिल्लाको भौगोलिक अवस्थिति अनुसार २६०६६' देखि २७०३०' उत्तरी अक्षांस र ८७०२५' देखि ८७०४५' पूर्वी देशान्तर फैलिएको छ । यसको क्षेत्रफल ६७९ वर्ग कि.मी. रहेको छ भने जिल्लाको पूर्वतर्फ ताप्लेजुङ्ग र पाँचथर जिल्ला, पश्चिमतर्फ धनकुटा जिल्ला, उत्तरतर्फ ताप्लेजुङ्ग र संखुवासभा तथा दक्षिण तर्फ धनकुटा र पाँचथर जिल्लाहरू पर्दछन् । जिल्लाको उचाई समुद्र सतहबाट ३४५ देखि २९६२ फिट सम्म रहेको छ । यस जिल्लाको सदरमुकाम म्याङलुङ्ग नगरपालिकाको म्याङलुङ्ग बजारमा रहेको छ ।

पृथ्वी नारायण शाहबाट नेपाल एकीकरण हुनु अगाडी यस जिल्लाको भुभाग पल्लो किराँत राज्य अन्तर्गत पर्दथ्यो । पृथ्वीनारायण शाहको एकीकरण अभियान अन्तर्गत खम्वुवान क्षेत्रको विजय पश्चात वि.स.१८३१ मा गोर्खाली सेनाको तर्फबाट रामकृष्ण कुवंर र लिम्बुहरूले चैनपुरमा उनीहरू नेपाल सरकार अन्तर्गत रहने र गोर्खालीले लिम्बुहरूको रितितिथी तथा अन्य सामाजिक व्यवस्थामा खलल नगर्ने गरी मेलमिलाप गरेका थिए । पृथ्वी नारायण शाहबाट यहाका सुब्बाहरूलाई पञ्चखत वाहेक अन्य मुद्धा हेर्ने र “ढिङ्गे मुङ्गे” गरी जरीवाना समेत गर्न पाउने अधिकार दिइ लालमोहर दिइएको थियो । लिम्बुवान राज्य मित्र थुम रहेका र यी सबै पल्लो किरांत अन्तर्गत रहेका थिए । थुमको तिरो भरो धनकुटा गौंडामा बुझाउने व्यवस्था भएको थियो । वि.स.१९५२ सालमा आएर सत्र थुम मध्येका मित्लुङ् पहाड,झलहरू वेलहरा र पाँचथर थुमको तिरो भरो धनकुटामा बुझाउने र अन्य तेह्र थुमको तिरो उठाउने गरी माल अड्डाको स्थापना यसै जिल्लामा भएकोले यस जिल्ला लाई तेह्रथुम भनिएको हो । यस जिल्लामा रहेका तेह्रवटा थुमहरू आठराई, फेदाप, याङ्गरूप, पाँचथर, ताप्लेजुङ्, मेवाखोला, मैयाखोला, तमोरखोला, पाँचखपन, दशमझिया, चैनपुर, सभा-उत्तर,संखुवा उत्तर पर्दछन ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ । यस कार्यालय अन्तर्गत रा.प. प्रथम द्धितीय श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. तृतीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, ना.सु. ४, लेखापाल -१, कम्प्युटर अपरेटर-२, खरिदार-४, हलुका सवारी चालक-१ र कार्यालय सहयोगी- ६ जना सहित जम्मा २० जनाको दरबन्दी संरचना रहेको छ । यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९३ अंक प्राप्त गरी अति उत्कृष्ठ स्तर सहित १८ औ स्थान हासिल गरेको छ । आ. व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा कार्यालयमा प्रतिक्षालय बगैंचा निर्माण, पानीको फोहोरा सहितको पोखरी, आरामकक्ष, टेलिभिजन, Free WiFi को सुविधा तथा दुर्गा माताको मन्दिर निर्माण गरिएको छ । त्यस्तै

पुष्पलाल मध्यपहाडी लोकमार्ग र अन्य सडकका सम्बन्धित निकायसँग सम्बन्धित विषयमा निरन्तर छलफल बैठक सञ्चालन तथा निरन्तर अनुगमन गरेको, विभिन्न क्षेत्रमा उत्पन्न भएका विवाद र समस्याहरूलाई तत्काल समन्वय गरी उचित निकाश प्रदान गर्ने लगायतका कार्य गरिएको छ। दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन गर्नु, विद्युतमा समस्या उत्पन्न हुँदा वैकल्पिक व्यवस्था नभएको कारण सेवा अवरूद्ध हुने हुनाले सोको व्यवस्थापन गर्नु, सबै पक्ष, क्षेत्र र निकायहरूलाई मिलाएर जिल्लाको समग्र समस्याहरूलाई समाधान गर्नु जिल्लाका प्रमुख चुनौती रहेका छन् ।

## ३.६ जिल्ला प्रशासन कार्यालय, धनकुटा

धनकुटा जिल्ला नेपालको प्रदेश नं. १ मा अवस्थित पहाडी जिल्ला हो । यस जिल्लाको सदरमुकाम धनकुटा नगरपालिका साबिकमा पूर्वाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकामको रूपमा समेत रहेको थियो । यस जिल्लाको पूर्वमा तेह्रथुम र पाँचथर जिल्ला, पश्चिममा भोजपुर र उदयपुर, उत्तरमा संखुवासभा जिल्ला र दक्षिणमा मोरङ र सुनसरी जिल्ला रहेका छन् । २६ डिग्री ५३ मिनेट देखि २७ डिग्री १९ मिनेट उत्तरी अक्षांश र ८७ डिग्री ८ मिनेट देखि ८७ डिग्री ३३ मिनेट पूर्वी देशान्तरमा अवस्थित यस जिल्लाको क्षेत्रफल ८९१ वर्ग किलोमिटर रहेको छ ।' "धान्यकुट"' - संस्कृत भाषामा धान्य - धान र कुट - पर्वत वा शिखर या राशि भन्ने हुन्छ। धान्यकुटको शाब्दिक अर्थ धानको राशि जस्तै देखिने कुनै पर्वत हुने र त्यस्तो पर्वत भएको स्थल नै धान्यकुट हुने हुँदा यस जिल्लाका आसपास धेरै पहाडी खण्डहरू रहेका कारण यस जिल्लालाई धान्यकुट - धानकुट - धानकुटा - हुँदै धनकुटा भएको हो ।कसैको भनाइ अनुसार यहाँ धनकुटा नामको देवीस्थान रहेकोले यसको नाम धनकुटा रहन गएको हो ।केही स्थानीयहरूको भनाइ अनुसार चुलीवन नजिककतै किरात आठपहरियाहरूको धान कुट्ने ठूलो ओखल रहेको कारण यसको नाम धनकुटा रहन गएको हो ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-२, नायब सुब्बा-७, लेखापाल-१, कम्प्युटर अपरेटर-२, खरिदार-४, हलुका सवारी चलाक-२ र कार्यालय सहयोगी-७ गरी जम्मा २७ जनाको दरबन्दी रहेको छ। यस कार्यालय अन्तर्गत इलाका प्रशासन कार्यालय राजारानी गरी १ वटा ईलाका प्रशासन कार्यालय मार्फत सेवा प्रवाह भइरहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८२ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ७३ औ स्थान हासिल गरेको छ। आ.व.२०७८/७९ मा नियमित कामका अतिरिक्त आफ्नै पहलमा कार्यालयबाट प्रदान गरिएको सेवाको सम्बन्धमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण फारम भर्न लगाई, पृष्ठपोषण अनुसार सेवा प्रवाहमा सुधार गर्ने गरिएको, उच्च अदालतसँगको समन्वयमा आमाको नामबाट वंशजको नागरिकता उपलब्ध गराईएको, सेवाग्राहीका लागि स्तनपान कक्षको स्थापना गरी सञ्चाधलनमा ल्याइएको र पूर्ण अपाङ्गता भएका सेवाग्राहीहरूलाई आवश्यक प्रकृया कार्यालयमा नै पूरा गरी घरमै गई नागरिकता वितरण गर्ने लगायतका सेवाहरू प्रवाह गरेको छ। दरबन्दी

अनुसार कर्मचारी नहुनु, धेरै पुरानो कार्यालय भवन धेरै पुरानो भई जिर्ण तथा स-साना कोठाहरू भएकोले दैनिक सेवाप्रवाहमा कठिनाई भइरहेको र महिला कर्मचारीका लागि छुट्टै शौचालयको व्यवस्था नहुनु आदि यस जिल्लाले सामना गर्नु परेका समस्याहरू हुन् । बढ्दो नागरिक अपेक्षा, कमजोर सेवाप्रवाह र जवाफदेहिताको अवस्था, प्राकृतिक स्रोत साधनको दोहन नियन्त्रणमा नीतिगत कठिनाई र आत्महत्या र महिला हिंसा, सुरक्षा निकायमा जनशक्ति (जस्तैः जिप्रका दरबन्दी ४५८, कार्यरत ३६२), सडक सुरक्षा, विपद् व्यवस्थापनको लागि सुरक्षा निकायसँग पर्याप्त सामग्री नभएको कारण अरूसँग माग्नु पर्ने, सुरक्षा निकायलाई जिल्लागत रूपमा बजेट दिने विषय चुनौतीको रूपमा रहेका छन् ।

### ३.७ जिल्ला प्रशासन कार्यालय, भोजपुर

भोजपुर नेपालको प्रदेश नं. १ को मध्यपहाडी भेगको एक दुर्गम जिल्ला हो । यस जिल्लाको पूर्वमा संखुवासभा र धनकुटा, पश्चिममा खोटाङ, उत्तर संखुवासभा र सोलुखुम्बु तथा दक्षिणमा उदयपुर जिल्ला रहेको छ । प्रसिद्ध भोजपुरे खुकुरी र करुवासँग सम्बन्ध गाँसिएको नेपालको पूर्वी पहाडी जिल्ला भोजपुर समुद्र सतहदेखि ५२४८ फिटको उचाईमा १५०७ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । ४१% कृषि योग्य भूमि रहेको भोजपुरमा विभिन्न परम्परा र रहनसहनहरू प्रचलित छन् ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ । यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-२, नायब सुब्बा-५, लेखापाल-१, कम्प्युटर अपरेटर-३, टाइपिष्ट नायब सुब्बा-१, हलुका सवारी चलाक-२ र कार्यालय सहयोगी-७ गरी जम्मा १७ जनाको दरबन्दी रहेको छ । यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९१.५ अंक प्राप्त गरी उत्कृष्ट स्तर सहित ३५ औ स्थान हासिल गरेको छ । आ.व.२०७८/७९ मा नियमित कामका अतिरिक्त आफ्नै पहलमा कार्यालयको परिषरमा विभिन्नल जातका फूलका विरूवाहरू लगाई वरिपरि विद्युतीय बत्तीहरू जडान गरिएको, कार्यालय प्रवेश गर्ने गेटमा भएको सिंढी र पर्खाल भत्काई बाटो चौडा र अपाङ्ग मैत्री बनाई अपाङ्गता भएको व्यक्तिहरूलाई सेवा प्रवाहमा सहजता बनाइएको साथै सेवाग्राहीहरूलाई सेवा प्रवाहमा सहजता ल्याउन कार्यालय प्रवेश गर्ने गेटमा डिजिटल बोर्ड लगायतका सेवाहरू प्रवाह गरेको छ । दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति नभएको, भौगोलिक विकटता, सवारी साधनको कमी, कर्मचारीहरू उत्प्रेरित हुन नसक्नु, अधिकांश सडकहरू कच्ची, बर्खायाममा सवारी चलाउन कठिनाई, बजेटको समेत असर परेको र कार्यपाँच धेरै तर सुविधा नहुँदा कर्मचारी उत्प्रेरित हुन सकेको नदेखिएको आदि यस जिल्लाले सामना गर्नुपरेका समस्या र चुनौतीको रूपमा रहेका छन् ।

## ३.८. जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु

नेपालको प्रदेश नं. १ अन्तर्गत पर्ने सोलुखुम्बु जिल्ला नेपालको हिमाली भागमा पर्दछ । यस जिल्लाले सोलु (तल्लो भू-भाग) र खुम्बु (माथिल्लो भू-भाग) क्षेत्रलाई समेट्छ। जिल्लाको सदरमुकाम सोलुदुधकुण्ड नगरपालिकामा अवस्थित छ । यस जिल्लाको तल्लो भु-भागमा आदिवासी जनजाति राईहरूको वस्ती र क्षेत्रीहरू मुख्य रूपमा बस्छन् भने उच्च पहाडी (हिमाल) क्षेत्रमा शेर्पाहरू बसोवास गर्दछन् । विश्वको सबैभन्दा अग्लो भू-भाग सगरमाथा (८८४८ मिटर) देखि तुइन्टार (६०० मिटर) उचाइको भू-भाग यसै जिल्लामा पर्दछ। विभिन्न उच्च पर्वतीय हिमश्रृंखला, डाँडा, पाखा-पखेरा, खोंच, बेंशी, खोल्सा, खोल्सी, ताल तलैया, जडीबुटीको खानी, यती जस्ता दुर्लभ वन्यजन्तु तथा अति दुर्लभ वौद्ध सांस्कृतिक संपदाको धनी यो जिल्ला नेपाल राज्यको दुर्गम जिल्लाहरू मध्येमा पर्दछ। यस जिल्लाको कुल क्षेत्रफल ३३१२ वर्ग कि.मि. (३,३९,७७६ हेक्टर) रहेको छ। यो जिल्ला २७ डिग्री २०'३९" उत्तरी अक्षांशदेखि २८ डिग्री ६' २४" उत्तर सम्म र ८५डिग्री ०'२१" पूर्वी देशान्तरदेखि ८७ डिग्री ०' १" पूर्वसम्म फैलिएर रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालयमा राजपत्रांकित द्धितीय श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी-१, नायबसुब्बा -४ लेखापाल- १, कम्प्युटर अपरेटर-२, खरिदार-४, कार्यालय सहयोगी-६, र हलुका सवारी चालक-१ जना गरी कुल २० जना कर्मचारी कार्यरत रहेका छन् ।

यस कार्यालय अन्तर्गत १ वटा ईलाका प्रशासन कार्यालय सोतांग मार्फत सेवा प्रवाह भइरहेको छ। त्यसैगरी एउटा सीमा प्रशासन कार्यालयको समेत रहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९१.७५ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ३० औ स्थान हासिल गरेको छ। आ.व.२०७८/७९ मा नियमित कामका अतिरिक्त आफ्नै पहलमा कम्पाउण्ड घेरा, प्रहरी पोष्ट, बगैचाको निर्माण, सेवाग्राहीलाई पिउने पानीको व्यवस्था, कोभिड-१९ को सेनिटाइजरको व्यवस्था र शौचालयहरूको कामहरू भएको सेवाहरू प्रवाह गरेको छ। भौगोलिक विकटताका कारण विपद् व्यवस्थापन गर्न कठिनाई, दरबन्दी अनुसार कर्मचारी नहुँदा सेवा दिन कठिनाई भएको, कार्यालय प्रवेश गर्नको लागि अपाङ्ग मैत्री बाटो नभएको र कर्मचारीहरूलाई कार्यालयमा टिकाई राख्न चुनौतीपूर्ण रहेको आदि यस जिल्लाले सामना गर्नुपरेका समस्या र चुनौतीको रूपमा रहेका छन् ।

## ३.९ जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गा

ओखलढुंगा जिल्ला प्रदेश नं. १ अन्तर्गत पर्ने एक पहाडी जिल्ला हो। पूर्व, पश्चिम, उत्तर र दक्षिणमा क्रमशः खोटाङ, रामेछाप, सोलुखुम्बु र सिन्धुली जिल्लासँग सिमाना जोडिएको यस जिल्लाको क्षेत्रफल करिव १०७४ वर्ग किलोमिटर रहेको छ भने जनसंख्या १,२०,९१४ (राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक नतिजा) रहेको छ। विश्व मानचित्रमा २७ डिग्री ८' उत्तरी अक्षांश देखि २९ डिग्री ३२' उत्तरी अक्षांश सम्म र ८६ डिग्री ११' पूर्वदेखि ८२ डिग्री २१' पूर्वी देशान्तरमा सम्म फैलिएको छ।

जिल्लाको समग्र शान्ति सुव्यवस्था कायम गर्न र स्थानीय प्रशासन सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालय, ओखलढुंगाको स्थापना भई सञ्चालनमा रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-२, नायब सुब्बा-५, लेखापाल-१, कम्प्युटर अपरेटर-२, खरिदार-३, हलुका सवारी चलाक-१ र कार्यालय सहयोगी-६ गरी जम्मा २२ जनाको दरबन्दी रहेको छ। यस कार्यालय अन्तर्गत इलाका प्रशासन कार्यालय खिजीदेम्बा रहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९२.५ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित २२ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा बिलम्व भइरहेको सोलु करिडोरको मुआब्जा र क्षतिपूर्तिको कार्य विवादित स्थानको संयुक्त रूपमा स्थलगत अनुगमन गरी सम्पन्न गरिएको, त्यसैगरी अन्य थुप्रै आयोजनाहरूको निर्माण र सञ्चालनमा प्रभावकारिता अभिवृद्धि भएको, सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही मैत्री गुणस्तरीय र प्रभावकारी बनाउन जिल्ला स्थित सबै कार्यालयहरूमा सेवाग्राही सहयोगी कक्ष (Help Desk) स्थापना गराई के सेवा गरौँ ? अभियानको थालनी गरिएको लगायतका सेवाहरू प्रवाह गरेको छ। पटक पटक केन्द्रीय सर्भर र नेटवर्कमा समस्या आई विद्युतीय राहदानी र राष्ट्रिय परिचयपत्रको काममा अवरोध भेल्नुपरेको, कार्यालयबाट सम्पादन गरिने बहु-आयमिक प्रकृतिको सेवाहरूको प्रभावकारिताका लागि स्रोत साधनको न्यूनता रहेको, वर्षेनी करारमा रहेका श्रेणी विहिन कर्मचारीहरूका लागि पर्याप्त तलब भत्ता विनियोजन हुने नगरेको आदि यस जिल्लाले सामना गर्नुपरेका समस्या र चुनौतीको रूपमा रहेका छन्।

### ३.१०. जिल्ला प्रशासन कार्यालय, उदयपुर

नेपालको प्रदेश नं. १ अन्तर्गत पर्ने यो जिल्ला २६ डिग्रि २६' ३९" देखि २७ डिग्रि १' १०" उत्तर अक्षांशसम्म र ८६ डिग्रि ०' ९" देखि ८७ डिग्रि १' ०" पूर्वी देशान्तरसम्म फैलिएको छ। पूर्वीतिर साँघुरिएको र पश्चिमतर्फ फुक्दै गएको जस्तो देखिने यस जिल्लाको क्षेत्रफल २०६३ वर्ग कि.मी. रहेको छ। भू-बनोटको आधारमा पहाड, बेसी, टार र तराई समेतको भू-भाग ओगट्ने यो जिल्ला क्षेत्रफलको हिसाबले नेपालको २० औं स्थानमा पर्दछ। जिल्लाको सिमानामा उत्तरमा भोजपुर, खोटाङ्ग र ओखलढुङ्गाको केही भाग पश्चिममा सिन्धुली र धनुषाको केही भाग, दक्षिणमा सिराहा र सप्तरी जिल्ला एवं पूर्वमा मुख्यतः सुनसरी र धनकुटा जिल्लाको केही भाग रहेको छ। यसरी उदयपुरको सिमानामा ९ जिल्लाहरू पर्दछन्। जुन नेपालको धेरै जिल्लासँग सिमाना जोडिएको जिल्लाको दोस्रो स्थानमा पर्दछ। विषम भौगोलिक बनोट रहेको यस जिल्लामा महाभारत पर्वत श्रृङ्खला अन्तर्गत धारिला विकट डाँडाहरू छरिएका र पातलिएका बस्तीहरू छन् भने महाभारत फेदिदेखि चुरे श्रृङ्खला बीचमा समथर फाँटहरू र दक्षिणी सिमाना चुरे क्षेत्रमा घना जङ्गल रहेको छ। त्रियुगा नदीको किनारमा चुरे र महाभारतको बीचमा रहेका भित्री मधेशका फाँटहरू मध्ये त्रियुगा नगरपालिका त्रियुगा उपत्यकाको नामले पनि चिनिन्छ। यही नगरपालिकामा अवस्थित गाईघाट (बोक्से) मा सदरमुकाम रहेको यो जिल्ला समुद्र सतहबाट ३६० मिटरदेखि २३१० मिटर उचाई सम्म रहेको छ।

जिल्लाको समग्र शान्ति सुव्यवस्था कायम गर्न र स्थानीय प्रशासन सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालय, उदयपुरको स्थापना भई सञ्चालनमा रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-२, नायब सुब्बा-७, लेखापाल-१, कम्प्युटर अपरेटर-२, खरिदार-४, हलुका सवारी चलाक-२ र कार्यालय सहयोगी-७ गरी जम्मा २७ जनाको दरबन्दी रहेको छ। यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत इलाका प्रशासन कार्यालय कटारी मार्फत सेवा प्रवाह भइरहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९१.७५ अंक प्राप्त गरी उत्कृष्ट स्तर सहित ३० औ स्थान हासिल गरेको छ। आ. व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा यस जिल्ला स्थित रहेका ऐतिहासिक गढीहरू (चौदण्डीगढी, उदयपुरगढी) को संरक्षणको कार्य नेपाली सेनाको सहयोगमा सम्पन्न गरेको, आगलागि नियन्त्रणका लागि Fire Ball खरिद गरी सोको प्रदर्शनी (Demonstration) गरी स्थानीय तह लिम्चङबुङ गाँउपालिकालाई हस्तान्तरण समेत गरेको र कार्यालयमा स्तनपान कक्षको स्थापना गरी सञ्चालन गरेका सेवाहरू प्रवाह गरेको छ।

### ३.११ जिल्ला प्रशासन कार्यालय, झापा

झापा नेपालको प्रदेश नं १ मा रहेको अत्याधिक उर्वर तथा घना वस्ती भएको जिल्ला हो। यसको उत्तरी भाग पहाडी पर्वतमालाले सजिएको छ भने बाँकी सम्पूर्ण भूभाग तराईमा पर्दछ। यस जिल्लाको भौगोलिक स्थिति २६.२०" देखि २६.५०" उत्तर अक्षांश देखि ८९.३९" देखि ८८.१२" पूर्व देशान्तरसम्म फैलिएको छ। पूर्वमा पश्चिम बङ्गाल (भारत), पश्चिममा मोरङ जिल्ला, उत्तरमा इलाम जिल्ला, दक्षिणमा बिहार, भारतको सिमाना रहेको यस जिल्लाको क्षेत्रफल १६०६ वर्ग कि.मि. रहेको छ। समुन्द्रि सतहवाट नेपालको सबभन्दा होचो भू-भाग केचनाकवल-५८ मी. र नेपालको सबभन्दा लामो पक्की पुल कन्काई नदिमा ७०२ मी. पनि यसै जिल्लामा पर्दछन। यहाँका प्रमुख व्यापारिक सहरहरू बिर्तामोड नगरपालिका, दमक नगरपालिका र काकरभिट्टा हुन्। यस जिल्लाका प्रसिद्ध पर्यटकीय एवं तीर्थस्थलहरूमा कनकाई धाम कोटीहोम, अर्जुनधारा जलेश्वर धाम, जामुनखाडी सिमसार क्षेत्र, किच्चक वध, केचनाकवल, सतासीधाम आदि पर्दछन्। झापाका प्रमुख नदीहरूमा कनकाई नदी, बिरिङ नदी, रतुवा नदी, मावा नदी, र मेची नदी रहेका छन्।

जिल्लाको समग्र शान्ति सुव्यवस्था कायम गर्न र स्थानीय प्रशासन सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालय, झापाको स्थापना भई सञ्चालनमा रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-२, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-४, नायब सुब्बा-१२, लेखापाल-१, कम्प्युटर अपरेटर-३, खरिदार-६, हलुका सवारी चलाक-३ र कार्यालय सहयोगी-८ गरी जम्मा ४० जनाको दरबन्दी रहेको छ। यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत इलाका प्रशासन कार्यालय दमक र गौरिगञ्ज गरी २ वटा ईलाका प्रशासन कार्यालय मार्फत सेवा प्रवाह भइरहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९१ अंक प्राप्त गरी उत्कृष्ट स्तर सहित ४१ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/७९ मा

कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा कार्यालय परिसर सरसफाई र व्यवस्थापन सम्बन्धी, सीमा क्षेत्रको निरीक्षण तथा अनुगमन, भारतीय समकक्षीसँग समन्वयं, पार्किङ्ग व्यवस्थापन, कार्यालय Fire Extinguisher को व्यवस्था आदि सेवाहरू प्रवाह गरेको छ। कार्यालयमा Backup  नभएको, चुस्त एवं दुरूस्त रूपमा अभिलेख व्यवस्थापन गर्न नसकिएको, कर्मचारीको दरबन्दी न्यून हुनु, कार्यालय समय अघि पछि समेत कार्यालयमा काम गर्नुपर्ने अवस्थामा कर्मचारीहरूलाई प्रोत्साहनका थप सुविधाको व्यवस्थापन गर्न नसक्नु, जस्ता कार्यहरू यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन् । सीमा सुरक्षा व्यवस्थापन, खुल्ला सीमाना व्यवस्थापन, आपराधिक क्रियाकलापको नियन्त्रण, विपद् जोखिम व्यवस्थापन गर्नु जस्ता चुनौतीको रूपमा रहेका छन् ।

## ३.१२ जिल्ला प्रशासन कार्यालय, मोरङ

मोरङ जिल्ला नेपालको प्रदेश नं. १ मा पर्ने औद्योगिक जिल्ला हो। प्रदेशकै ऐतिहासिक गौरव बोकेको मोरङ जिल्ला, औद्योगिक एवं जनसंख्याको हिसाबले नेपाल कै दोस्रो ठूलो जिल्लाको रूपमा परिचित छ। नेपालको पूर्व तराइमा पर्ने यो जिल्ला प्राचिनकालमा विराट राजाको राजधानीको रूपमा प्रख्यात थियो। वि.सं २०१८ सालको प्रशासनिक विभाजन हुनुभन्दा अगाडी ३५ जिल्ला हुँदा पनि यो एउटा जिल्लामा अवस्थित थियो। जुन हाल मोरङ, सुनसरी तथा झापा जिल्लाहरूमा विभाजित भएको छ। मोरङ जिल्लाको क्षेत्रफल १,८५५ वर्ग किलोमिटर छ। मोरङ जिल्लाको सदरमुकाम र प्रमुख औद्योगिक शहर विराटनगर हो। यस जिल्लाको पूर्व तर्फ झापा र इलाम, पश्चिम तर्फ सुनसरी, उत्तर तर्फ धनकुटा, पाँचथर, दक्षिण तर्फ भारतको विहार प्रान्तको अररिया जिल्ला पर्दछ।

जिल्लाको समग्र शान्ति सुव्यवस्था कायम गर्न र स्थानीय प्रशासन सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालय, मोरंङको स्थापना भई सञ्चालनमा रहेको छ । यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-ज्ञ, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-द्द, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-४, नायब सुब्बा-१२, लेखापाल-१, कम्प्युटर अपरेटर-३, खरिदार-६, हलुका सवारी चलाक-३ र कार्यालय सहयोगी-८, गरी जम्मा ४० जनाको दरबन्दी रहेको छ। यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत इलाका प्रशासन कार्यालय उर्लावारी  र रंगेली, अध्यागमन कार्यालय विराटनगर गरी २ वटा ईलाका प्रशासन कार्यालय मार्फत सेवा प्रवाह भइरहेको छ । यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९१.७५ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ३० औ स्थान हासिल गरेको छ। आ. व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा डिजिटल वडापत्र सञ्चालनमा ल्याई सेवा प्रवाहलाई सुचना प्रविधि मैत्री बनाइएको, रेल्वे निर्माण आयोजना, हुलाकी सडक, रानी-विराटनगर-इटहरी-धरान सडक योजनाको काम प्रभावकारी बनाउन सरोकारवाला स्थानीय तहका प्रमुख, निर्माण व्यवसायी, नियमन गर्ने कार्यालयहरूबीच बहुपक्षिय बैठक/छलफल आयोजना गरी विकास निर्माण कार्यमा सहजीकरण गरिएको, विभिन्न सरोकारवाला निकायहरू समेतको सहभागितामा महानगर सरसफाई अभियान सञ्चालन गरी उक्त कार्यलाई तिव्रता दिइएको, साथै जिल्लास्थित अन्य पालिकाहरूलाई

समेत सरसफाई अभियान सञ्चालन गर्न अनुरोध गरिएको र निजी अस्पतालहरूले शिक्षा सेवा आयोगबाट निर्धारित शुल्क बाहेक अतिरिक्त शुल्क लिएको विषयमा उत्पन्न विरोधका कार्यक्रमहरूका सम्बन्धमा विस्तृत छलफल/बैठक आयोजना गरी स्थितिलाई सामान्यीकरण गरी सहजीकरण गरिएको आदि सेवाहरू प्रवाह गरेको छ। सेवाग्राहीको अत्यधिक भिडभाड हुने भएकोले जनशक्तिको अभाव, राहदानीको काममा ५ जना जनशक्ति खटिएकोले अन्य शाखाको कार्यसम्पादनमा समस्या, कार्यालयको कामको चाप अनुसार कर्मचारीहरूलाई अतिरिक्त समय काममा खटाउन सुविधाको व्यवस्था नहुँदा कठिनाई भएको आदि यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन् । जन्मको आधारमा नागरिकता प्राप्त गरेकाका सन्तानहरूलाई नागरिकता उपलब्ध गराउने विषयलाई लिएर गुनासो, समस्या, धर्ना, जुलुस निरन्तर हुने गरेको, मोरङ जिल्लाको पथरी शनिश्चरे नगरपालिका १० मा साविक कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रबाट २९ जनालाई २०४१ सालमा सट्टाभर्ना स्वरूप उपलब्ध गराईएको करिव ६५ विगहा जग्गा निजहरूले उपभोग गर्न नपाएको सो जग्गामा करीव २५० घरहरू बनाई सुकुम्बासीहरू बस्दै आएकोले बर्षौ देखि विवादित भईरहेको हुँदा उक्त समस्या समाधान गर्न चुनौतीको रूपमा रहेका छन् ।

## ३.१३ जिल्ला प्रशासन कार्यालय, सुनसरी

सुनसरी जिल्ला नेपालको प्रदेश नं. १ अन्तर्गत पर्ने अत्याधिक जनघनत्व भएको जिल्ला  हो। यस जिल्लामा २ वटा उपमाहानगरपालिका समेत रहेको छ। यस जिल्लाको दक्षिणमा भारत, पूर्वमा मोरङ जिल्ला, उत्तरमा धनकुटा जिल्ला र पश्चिममा सप्तकोशी नदीले सप्तरी जिल्लासित छुट्याएको छ। इनरूवा यहाँको सदरमुकाम हो । १२५७ वर्ग कि.मि. क्षेत्रफल रहेको यस जिल्लामा करिब ७ लाख मानिसको बसोबास रहेको छ । अधिकांश भाग तराईमा पर्ने सुनसरी जिल्लाबासीको मुख्य पेशा कृषि हो । धान, गहुँ, दलहन, तेलहन पछि उखु, जूट र सुर्ती पनि यस जिल्लामा उत्पादन हुन्छ। सुनसरी जिल्ला दक्षिणमा समुद्र सतहदेखि १५२ मिटर र उत्तरमा ९१४ मिटर उचाईमा रहेको छ। जिल्लामा मुख्यतयाः थारू, मुसहर, लिम्बू , राइ, याक्खा, बाहुन, क्षेत्री, सतार आदि जनजातिको बसोबास पाइन्छ। यस जिल्लाको नामाकरण भरौल गाविस क्षेत्रको चारकोसे झाडीबाट उत्पत्ति भएको सुनसरी नदीको नामबाट भएको हो। २६ डिग्री २३" उत्तर देखि २६ डिग्री ५५" उत्तर अक्षांशसम्म र ८७ डिग्री  ५" पूर्वदेखि ८७ डिग्री १६" पूर्व देशान्तरसम्म फैलिएको  छ। यस जिल्लाका प्रमुख नदी तथा ताल तलैयाहरूमा सप्तकोशी, कोकाहा, सुनसरी, बुढी, सेउती, सर्दु, खेतीखोला, टेंग्रा, पकलीखोला, दचकिचा, पटनाली, गडन खोला आदि पर्दछन् ।

जिल्लाको समग्र शान्ति सुव्यवस्था कायम गर्न र स्थानीय प्रशासन सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालय, सुनसरीको स्थापना भई सञ्चालनमा रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-२, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-४, नायब सुब्बा-१२, लेखापाल-१, कम्प्युटर अपरेटर-३, खरिदार-६, हलुका सवारी चलाक-३ र कार्यालय सहयोगी-८, गरी जम्मा ४० जनाको दरबन्दी रहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९१ अंक प्राप्त गरी उत्कृष्ठ

स्तर सहित ४१ औ स्थान हासिल गरेको छ। सेवाग्राहीको तुलनामा कर्मचारी (जनशक्ति) कमी, भएका जनशक्तिलाई सेवा सम्बन्धी विषयमा तालिम (ज्ञान) को अभाव, एउटै सेवा लिन पनि विभिन्न कोठा/कक्षामा सेवाग्राहीले जानुपर्ने बाध्यता व्यवस्थित र छिटो छरितो रूपमा सेवा प्रदान हुन नसकेको, नागरिकता सम्बन्धि काममा पुरानो प्रकृया नै रहेको, सूचना संकलन, प्रशोधन र प्रवाह व्यवस्थित रूपमा हुन नसकेको र अभियानको रूपमा सञ्चालनमा रहेको राष्ट्रिय परिचयपत्र दर्ता कार्यक्रममा धेरैजसो पुराना नागरिकता भएकोले दर्तामा समस्या भएको आदि यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन्। कर्मचारी संरचना निर्माण गरी दरबन्दी थपका लागि सम्बन्धित निकायमा पठाउने, कर्मचारी/जनशक्तिलाई समय समयमा सेवाकालीन पुनर्ताजगी तालिम दिने, एउटै कोठाबाट सेवा प्रवाहको व्यवस्था मिलाउने, नागरिकता वितरणमा नयाँ प्रविधि प्रयोग गर्ने (सेवाग्राही) आवश्यक कागजात अनलाईन अपलोड गर्ने र कार्यालयले कागजात रुजु गरी छिटो छरितो वितरणको व्यवस्था मिलाउने र सूचना संकलन, प्रशोधन र प्रवाहको व्यवस्था गर्ने चुनौतीको रूपमा रहेका छन्।

## ३.१४ जिल्ला प्रशासन कार्यालय, खोटाङ

नेपालको प्रदेश नं. १ अन्तर्गत पर्ने खोटाङ जिल्ला अक्षांस २६ डिग्री ५०" देखि २७ डिग्री २८" उत्तरी अक्षांशसम्म, र ८६ डिग्री २६" देखि ८६ डिग्री ५९" पुर्बी देशान्तरसम्म फैलिएको छ। यस जिल्लाको औसत उचाइ १५२ मीटर देखि ३६२० मीटर सम्मको उचाईमा रहेको छ। खोटाङ जिल्लाको सदरमुकाम दिक्तेल हो। यस जिल्लाको पूर्वमा भोजपुर, पश्चिममा ओखलढुङ्गा, उत्तरमा सोलुखुम्बु, दक्षिणमा उदयपुर रहेको छ। कुनै समय यो भू-भाग किराँती राजा "खोटे" द्वारा शासित कोटको रूपमा थियो र उनकै नामबाट खोटाङ्गकोट हुँदै "खोटाङ्ग" नाम रहन गएको किम्बदन्ती छ। अर्को एक जनश्रुती अनुसार हाल खोटाङ बजार रहेको स्थान वरपर प्रशस्त खोटे सल्लाहरू पाइनेहुनाले यस क्षेत्रलाई खुटा भन्न थालियो यस क्षेत्रले त्यसबेला हालको खुटा भन्ने स्थान मात्र नभएर अरु बढी क्षेत्र ओगटेको थियो। यस क्षेत्रमा त्यसवेला "हाङ्ग" नाम गरेका प्रतापी राजा राज्य गर्दथे। उनकै नामबाट पछि "खुटाका हाङ्ग" राजा भन्दै "खुटाहाङ्ग" र अन्त्यमा "खोटाङ्ग" शब्दको उत्पति भई यस जिल्लाको नाम "खोटाङ" रहन गएको भन्ने भनाई पनि रहेको छ। दुधकोशी, सुनकोशी, रावा खोला, सावा खोला, साप्सु खोला प्रमुख नदी अतिरिक्त जिल्ला भित्र बग्ने अन्य स-साना नदीहरूमा, दीखुवा खोला, तावा खोला, टुवा खोला, मेवा खोला, ताप खोला, लैकु खोला, बुवा खोला, भानुमतीगंगा , छेपे खोला खरुवा खोला आदि रहेका छन्।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-२, नायब सुब्बा-५, लेखापाल-१, कम्प्युटर अपरेटर-२, खरिदार-३, हलुका सवारी चलाक-१ र कार्यालय सहयोगी-६ गरी जम्मा २३ जनाको दरबन्दी रहेको छ। यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत ईलाका प्रशासन कार्यालयहरू खोटाग बजार र ऐंसेलुखर्क मार्फत सेवा प्रवाह भइरहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८४.९५ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ६६ औ स्थान हासिल गरेको छ।

आ.व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा अलपत्र विकास आयोजनालाई अगाडि बढाउन विशेष पहलको रूपमा समन्वय बैठकहरू राखी आयोजना सञ्चालनको वातावरण तयार गरेको, अव्यबस्थित रूपमा रहेका नागरिकताका पुराना अनुसुचीहरू विदाको दिनहरूमा व्यवस्थित गर्ने गरिएको, अशक्त तथा फरक क्षमता भएका सेवग्राहीहरूलाई छिटो छरितो रूपमा सेवा प्रदान गरिएको, राहदानिको लागि **Online Form** भरी यस कार्यालयमा तोकिएको समयमा मात्र सेवाग्राही आउनुपर्ने भएता पनि अशक्त तथा फरक क्षमता भएका सेवाग्राहीहरूको लागि कार्यालयबाटै राहदानी फर्म भर्ने गरिएको, सेवाग्राहीहरूको सुविधाको लागि प्रतिक्षालयको व्यवस्था गरिएको, फ्रि-इन्टरनेट सेवा उपलब्ध गराइएको, कार्यालय परिसर खुल्ला रहेकोमा बाह्य स्रोत परिचालन गरी घेराबार (तारजाली) लगाएको, राहदानी कक्षमा सेवाग्राही बस्ने व्यवस्था नभएकोमा उक्त कोठा अगाडी प्रतिक्षालय निर्माण एवं बाटो निर्माण तथा कार्यालय परिसरमा फूल रोपेर कार्यालयको सौन्दर्यकरण गरिएको लगायतका सेवा प्रबाह गरिएको छ। प्राकृतिक विपद सँगको सामना गर्नुपर्ने, कर्मचारीको अभावले कार्यालयको कामकाजमा कठीनाई, कार्यालयको भवन जिर्ण अवस्थामा रहेकाले वर्षायामको समयमा पानी समेत चुहिने अवस्था, अभिलेख व्यावस्थापनमा कठिनाई, पर्याप्त भौतिक सेवा सुविधाको अभाव लगायतका भौतिक स्रोत साधनको अभावमा कार्यालयको काम तथा सेवा प्रवाह प्रभावकारी बनाउन कठिनाइ चुनौतीको रूपमा रहेका छन् ।

## ३.१५. जिल्ला प्रशासन कार्यालय, सप्तरी

नेपालको प्रदेश २ को सबैभन्दा पूर्वमा अवस्थित सप्तरी जिल्ला समुन्द्री सतहबाट ६८ मि. देखी ४५७ मिटरको उचाईमा २६.२२ मिनेट उत्तरी आक्षांश र ८६.४५ मिनेट पूर्वी देशान्तरमा फैलिएर रहेको छ।  यस जिल्लाको कूल क्षेत्रफल १३५९.२८ व.कि.मि. रहेको छ। तराईको समथर भुभागले ६३% र चुरेक्षेत्रले ३७% भुभाग ओगटेको छ सप्तरी जिल्लाको हालको सीमाना पूर्वमा सप्तकोशी नदी, पश्चिममा सिरहा जिल्लालाई छुट्याउने बलान खोला, उत्तरमा उदयपुर र दक्षिणमा भारत विहारको सुपौल र मधुवनी जिल्लाहरू पर्दछन् ।

जिल्लाको समग्र शान्ति सुरक्षा र अमनचयन कायम राख्न स्थापित जिल्ला प्रशासन कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-३, नायब सुब्बा-१०, लेखापाल-१, कम्प्युटर अपरेटर-३, खरिदार-५, हलुका सवारी चलाक-२ र कार्यालय सहयोगी-७ गरी जम्मा ३३ जनाको दरबन्दी रहेको छ। यस कार्यालय अन्तर्गत कन्चपुर र बोदेबसाइन सप्तरी गरी २ वटा ईलाका प्रशासन कार्यालय मार्फत सेवा प्रवाह भइरहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ७७.७५ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ७६ औ स्थान हासिल गरेको छ। राजनितिक संरक्षणका कारण शान्ति सुरक्षा र अपराध नियन्त्रणमा कठिनाई भोग्दै आएको यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन् । विद्यमान् भौतिक र दरवन्दी संरचनाबाट जनअपेक्षा अनुरूप सहज र कर्मचारीको दक्षता अभिवृद्धि सम्बन्धी तालिमको अभावका बाबजुद नागरिकता सम्बन्धी विविध समस्याहरू रहेको यस जिल्लामा प्रभावकारी रूपमा अपराध नियन्त्रण गरी शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्नु र सेवा प्रवाहलाई जनमैत्री र प्रविधि मैत्री बनाउनु चुनौतीको रूपमा रहेका छन् ।

## ३.१६ जिल्ला प्रशासन कार्यालय, सिरहा

प्रदेश नं. २ अन्तर्गत ८ वटा जिल्ला मध्ये सबैभन्दा कम क्षेत्रफल र बढी जनघनत्व भएको यो जिल्लाको प्राकृतिक बनाबट हेर्दा दक्षिण तर्फ समथर र उत्तरी भेगमा उच्च पाखो जमीन छ। राजनीतिक तथा प्रशासनीक विभाजनको रूपमा ४ वटा निर्वाचन क्षेत्र र प्रदेश सभाको लागि ८ वटा निर्वाचन क्षेत्र कायम भएको यस जिल्लामा ८ वटा नगरपालिका र ९ वटा गाउँपालिका कायम रहेका छन। यस जिल्लाको सदरमुकाम सिरहा हो भने मिर्चैया, गोलबजार र लहान जिल्लाका प्रमुख व्यापारिक केन्द्रहरू हुन। यस जिल्लाको कूल क्षेत्रफल १२२७.९७ वर्ग किलोमिटर रहेको छ। जिल्लाको पूर्वमा सप्तरी, पश्चिममा धनुषा, उत्तरमा उदयपुर र दक्षिणमा भारतको विहार प्रान्त रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यालय सिरहामा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-३, नायब सुब्बा-१०, लेखापाल-१, कम्प्युटर अपरेटर-३, खरिदार-५, हलुका सवारी चलाक-२ र कार्यालय सहयोगी-७ गरी जम्मा ३३ जनाको दरबन्दी रहेको छ। यस जिल्लामा गृह अन्तर्गतका सेवा प्रवाह गर्न जिल्ला प्रशासन कार्यालयका अतिरिक्त एउटा ईलाका प्रशासन कार्यालय लाहान रहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८५ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ६५ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा नागरिकता, राष्ट्रिय परिचयपत्रका लागि टोकन प्रणाली लागु भएको, विकाससँग अन्तर सम्बन्धित रहेका ठुला समस्या समाधान गर्न सर्वदलीय सहमतिबाट तत्काल समाधान हुने गरेको, जनतान्त्रिक गोइत जस्ता भूमिगत समूह तथा बिप्लव समूहसँग निरन्तर संवाद भई रहेको, जनमत पार्टीको हिंसात्मक गतिविधि सामान्यीकरण गर्न जिल्लास्थित नेतृत्वकर्तासँग सम्पर्कमा रहेको, कार्यालयको सौन्दर्यीकरण लगायतका सेवाहरू प्रवाह गरेको छ। आ.व.२०७८/०७९ मा मुद्दा सरेको संख्या ३३३ सेवाग्राहीको भीडभाड बढी र सूखिपुर न.पा.मा इलाका प्रशासन प्रस्तावित भए पनि स्वीकृत नभएको जस्ता विषय यस जिल्लाले सामना गर्नुपरेको समस्याहरू हुन्। राजनीतिक दलहरूका बीच स्वार्थको टकराव र समूहगत द्वन्द्व, मलखाद निरन्तर अभाव भई किसानहरू मर्कामा परेका र अवैध हातहतियारको आपूर्ति/खुल्ला सीमाना, मिटर व्याजीलाई कानूनी कारवाही गर्न प्रमाण अभाव चुनौतीको रूपमा रहेका छन्।

## ३.१७ जिल्ला प्रशासन कार्यालय, धनुषा

धनुषा जिल्ला नेपालको मधेश प्रदेशमा अवस्थित घनाबस्ती भएको उर्वर जिल्ला हो। नेपालको मध्यपूर्वको दक्षिणी भागमा भारतीय सीमासँग जोडिएको धनुषा जिल्ला पूर्ण रूपमा नेपालको तराई क्षेत्रमा पर्दछ। धनुषा जिल्लाको धार्मिक, साँस्कृतिक, भौगोलिक, आर्थिक तथा सामाजिक व्यवस्था मावन सभ्यताको हरेक युगकालबाट प्रभावित भई परिष्कृत हुँदै आएको पाइन्छ। हालको धनुषा जिल्लाले धार्मिक ऐतिहासिक मधेश

प्रदेशको सानो भूभाग ओगटेको भएपनि यो जिल्ला यस प्रदेशको मुटुको रूपमा रहेको पाइन्छ। यो जिल्ला धार्मिक र साँस्कृतिक हिसाबले सम्पन्न मैथिली सभ्यताको धरोहरको रूपमा रहेको छ।

जिल्लाको समग्र शान्ति सुरक्षा र अमनचयन कायम राख्न स्थापित जिल्ला प्रशासन कार्यालय धनुषामा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-२, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-४, नायब सुब्बा-१२, लेखापाल-१, कम्प्युटर अपरेटर-३, खरिदार-६, हलुका सवारी चलाक-३ र कार्यालय सहयोगी-८ गरी जम्मा ४० जनाको दरबन्दी रहेको छ। यस जिल्लामा रहेको एक मात्र ईलाका प्रशासन कार्यालय यदुकुवा मार्फत सदरमुकाम बाहेक क्षेत्रमा गृह अन्तरगतका सेवा प्रवाह भइरहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८२ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ७३ औ स्थान हासिल गरेको छ। कार्यालय भवन जीर्ण रहेको हुँदा सेवा प्रवाहमा कठिनाई र जनशक्ति बमोजिमको पूर्वाधार लगायत अन्य सामग्रीको अभाव तथा कार्यालय सञ्चालनमा बजेटको कमी यस जिल्लाले सामना गर्नुपरेको समस्याहरू हुन् । अत्याधिक राजनीतिक ध्रुविकरण, जातीय, वर्गिय, भेगिय द्वन्द, भ्रष्टाचारलाई प्रश्रय दिने समान, जनशक्तिको कमी, सेवाग्राही मैत्री भावना नरहेका कर्मचारीको वाहुल्यता, स्थानीय कर्मचारी आदि चुनौतीको रूपमा रहेका छन् ।

## ३.१८ जिल्ला प्रशासन कार्यालय, महोत्तरी

नेपालका ७ प्रदेशहरू मध्ये प्रदेश नम्बर २ मा पर्ने महोत्तरी जिल्ला १,००२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। २६० ३६' देखि २८० १०' उत्तरी अक्षांशमा र ८५० ४१' देखि ८५० ५७' पूर्वी देशान्तरसम्म फैलिएको यस जिल्लाको औसत लम्बाइ (उत्तर- दक्षिण ) ५८ किलोमिटर तथा औसत चौडाई (पूर्व -पश्चिम) १८ किलोमिटर रहेको छ। यस जिल्लामा प्रतिनिधि सभा निर्वाचन क्षेत्र-४ वटा, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र-८ वटा, नगरपालिका-१० वटा, गाउँपालिका- ५ वटा रहेका छन् । यस जिल्लाको नामाकरण बारेको सन्दर्भ खोजी गर्दा प्राचीन इतिहास अनुसार नेपाल एकीकरण हुनुभन्दा अगाडी यो मिथिला प्रदेशको एक स्वतन्त्र राज्य थियो। त्यसै समयमा "महोदरी" नामक एक ब्राह्मणले ५० बिघा जग्गामा एक विशाल पोखरी निर्माण गरी आफ्नोग नामबाट उक्त पोखरीको नामाकरण गराएका थिए। समयान्तरमा महोदरी शब्दको अपभ्रंश हुँदै महोत्तरी हुन गएको जनविश्वास छ।

सङ्घीय सरकारको प्रतिनिधि संस्थाको रूपमा रहेको जिल्ला प्रशासन कार्यालय महोत्तरीमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-३, नायब सुब्बा-१०, लेखापाल-१, कम्प्युटर अपरेटर-३, खरिदार-५, हलुका सवारी चलाक-२ र कार्यालय सहयोगी-७ गरी जम्मा ३३ जनाको दरबन्दी रहेको छ। यस जिल्लामा बर्दिवास, गौशाला र रामगोपालपुर गरी ३ वटा ईलाका प्रशासन कार्यालय मार्फत गृह अन्तर्गतका सेवाहरू प्रवाह भइरहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८६.२५ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ५९ औ स्थान हासिल गरेको छ। कार्यालय

र प्रमुख जिला अधिकारीको सुरक्षामा खटिने प्रहरीको लागि गार्ड क्वाटर नभएको, प्रमुख जिल्ला अधिकारी बस्ने आवास भवन पुरानो भई जिर्ण अवस्थामा रहेको, कार्यालयको नाउँमा रहेको जग्गामा कम्पाउण्ड वाल र घेरावेरा नभएकोले संरक्षणको चुनौती रहेको छ। साविकमा MRP राहदानी सम्बन्धी काम सबै ईलाका प्रशासन कार्यालयबाट हुँदै आएकोमा मिति २०७८/०८/०३ देखि जिल्ला प्रशासन र ईलाका प्रशासन कार्यालय गौशालाबाट मात्र राहदानी सम्बन्धी काम हुँदा जिल्ला प्रशासन कार्यालय र ईलाका प्रशासन कार्यालय गौशालामा सेवाग्राहीको चाप बढी रहेको साथै सेवाग्राहीहरूलाई सहज रूपमा सेवा प्राप्त गर्न कठिनाई रहेको देखिन्छ।

### ३.१९ जिल्ला प्रशासन कार्यालय, सर्लाही

नेपालको प्रदेश नं २ अन्तर्गत पर्ने सर्लाही जिल्ला पूर्वमा महोत्तरी, उत्तरमा सिन्धुली, पश्चिममा  रौतहट जिल्ला तथा दक्षिणमा भारतको विहार प्रान्तको सितामढीसँग जोडिएको छ। कुल क्षेत्रफल १२५९ वर्ग कि.मि. रहेको यस जिल्लाको औसत लम्बाई (उत्तर-दक्षिण) ३२ कि.मि. र औसत चौडाई (पूर्व-पश्चिम) ४० कि.मि. रहेको छ। यस जिल्लाको पश्चिममा वाग्मती नदी, उत्तरी भागमा महाभारत पर्वतको श्रृंखला, चुरे पहाड, वनजंगल तथा दक्षिणी भागमा तराईको समथर भूमि रहेको छ। जिल्लाको सबै भन्दा होचो भू-भाग समुन्द्री सतहबाट ६० मिटर उचाईमा रहेको छ भने सबै भन्दा अग्लो भू-भाग समुन्द्री सतहबाट ६५९ मिटरको उचाईमा अवस्थित छ। जिल्लाको पूर्वमा महोत्तरी, पश्चिममा रौतहट, उत्तरमा सिन्धुली तथा दक्षिण-भारतको बिहार राज्यको सितामढी जिल्ला पर्दछन्। ८५.२०" पूर्व देखि ८५.५०" पूर्व देशान्त तथा २६.४५" उत्तर देखि २७.१०" उत्तर अक्षास सम्मको भूभागमा यो जिल्ला फैलिएको छ। यस जिल्लामा ११ नगरपालिका र ९ गाउँपालिका रहेका छन्।

सङ्घीय सरकारको प्रतिनिधि संस्थाको रूपमा रहेको जिल्ला प्रशासन कार्यालय सर्लाहीमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-३, नायब सुब्बा-१०, लेखापाल-१, कम्प्युटर अपरेटर-३, खरिदार-५, हलुका सवारी चलाक-२ र कार्यालय सहयोगी-७ गरी जम्मा ३३ जनाको दरबन्दी रहेको छ। यस कार्यालय अन्तर्गत यदुकुवा १ वटा ईलाका प्रशासन कार्यालय मार्फत सेवा प्रवाह भइरहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८५.५ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ६३ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा विगत लामो समय देखि हुलाकी राजमार्गको निर्माण कार्य अवरुद्ध रहेकोमा समन्वय गरी निर्माण कार्य तिब्र गतिमा सुचारू गराउन सहयोग गरेको  र जिल्ला स्थित स्थानीय तह र अन्य निकायसँग समन्वय गरी कार्यालय परिसरमा सेवाग्राहीहरूको लागि सेड निर्माण लगायतका सेवाहरू प्रवाह गरेको छ। खुल्ला सीमानाका कारण राजस्व छली लगायत सीमापार अपराध नियन्त्रण गर्न कठिनाई भएको र सुरक्षा निकाय (नेपाल प्रहरी र सशस्त्र प्रहरी बल) मा सवारी साधनको कमीका कारण शान्ति सुरक्षा र अपराध नियन्त्रण गर्ने कार्य प्रभावकारी हुन नसकेको आदि यस जिल्लाले सामना गर्नुपरेको समस्याहरू र चुनौतीको रूपमा रहेका छन्।

## ३.२० जिल्ला प्रशासन कार्यालय, रौतहट

नेपालको मधेश प्रदेश अन्तर्गत पर्ने रौतहट जिल्लाको पुर्वमा भारतको विहार राज्यको पूर्वी चम्पारण, पश्चिलममा बारा, उत्तरमा सर्लाही र दक्षिणमा भारतको विहार राज्यको पूर्वी चम्पारण जिल्ला पर्दछ। यो जिल्लाको क्षेत्रफल ५५२६ वर्ग कि.मि रहेको छ। यो जिल्लामा उष्ण प्रदेशीय हुदाँ गर्मि मौसममा तापमान बढीमा ४४ डिग्री सेल्सियस र जाडोमा ५ देखि ६ डिग्री सेल्सियस पुग्दछ। बागमती, लालबकैया, अरुवा, झाझ, पौराई, भकुवा, चाँदी आदि यो जिल्लाका मुख्य नदीहरू हुन्। जिल्लाको सबै क्षेत्रहरू समथर छ। जिल्लाको ऐतिहासिकता तर्फ विचार गर्दा नेपाल एकीकरण हुनु पुर्व जय प्रकाश मल्लाद्वारा झिकाहिएको बंगालका सुल्तानका फौजलाई लखेट्दै आएका गोर्खाली सेना र उक्त बंगाली सेना बीच रौतहटको संग्रामपुरमा लडाई भएको समनपुरमा पुग्दा समन (युद्ध समाप्ती) भएको र विश्रामपुर पुगी गोर्खाली सेनाले बिश्राम गरी विजयोत्सव मनाई ऐतिहासिक राजदेवी मन्दिरमा पुजापाठ गरी फिर्ता भएको भन्ने कुरा प्रचलित रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यालय रौतहटमा प्रमुख जिल्ला अधिकारी (रा.प.प्रथम)-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प.द्वितीय)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय)-३, नायब सुब्बा (रा.प.अनं. प्रथम)-१०, लेखापाल (रा.प.अनं. प्रथम)-१, खरिदार (रा.प.अनं. द्वितीय)-५, कम्प्युटर अपरेटर (रा.प.अनं. प्रथम)-३, हलुका सवारी चालक-२ र कार्यालय सहयोगी-७ गरी कुल ३३ जना कर्मचारीको दरवन्दी रहेको छ। यस जिल्लामा चन्द्रनिगाहपुर र गरुडा गरी ३ (तीन) वटा इलाका प्रशासन कार्यालयबाट समेत गृह अन्तर्गतका सेवाहरू प्रवाह भइरहेको छ। यस जिल्लामा साना ९६ र ठूला ३७ वटा गरी कुल १३३ वटा सिमा स्तम्भहरू रहेका छन। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८८ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ५४ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा कार्यालय परिसर सरसफाई, इजलास कक्ष, जेनेरेटर कोठा निर्माण, बजार क्षेत्रभित्रका अस्पताल तथा क्लिनिकहरूको अनुगमन लगायतका सेवाहरू प्रवाह गरेको छ। कार्यालय भवन नयाँ रहेको भएतापनि संरचना राम्रो नरहेको र ३ वटा प्रशासकीय अधिकृतको दरबन्दीमा १ जना अधिकृतको मात्रै पदपूर्ति भएकाले सेवा प्रवाहमा कठिनाई हुनु यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन्। कर्मचारीको दक्षता अभिवृद्धि सम्बन्धी तालिमको अभावका बाबजुद नागरिकता सम्बन्धी विविध समस्याहरू रहेको यस जिल्लामा प्रभावकारी रूपमा अपराध नियन्त्रण गरी शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्नु र सेवा प्रवाहलाई जनमैत्री र प्रविधि मैत्री बनाउनु चुनौतीको रूपमा रहेका छन्।

## ३.२१ जिल्ला प्रशासन कार्यालय, बारा

नेपालको प्रदेश नं. २ अन्तगर्त ८ वटा जिल्ला मध्येका एउटा महत्वपूर्ण जिल्ला रूपमा बारा जिल्ला रहेको छ। जिल्ला समुन्द्र सतहवाट १५२ मि. देखि ९१५ मिटरको उचाईमा अवस्थित बारा जिल्ला ११९० वर्ग कि.मि.(१,२९,५६३ हेक्टर) मा फैलिएको छ। जिल्लाको सदरमुकाम कलैया हो। २६.५१ देखि २७.०२

उत्तरी अक्षांससम्म र ८४.५१ देखि ८५.१६ पुर्वि देशान्तरसम्म फैलिएको यस बारा जिल्लाको पुर्वमा रौतहट, पश्चिीममा पर्सा, उत्तरमा मकवानपुर र दक्षिणमा भारतको विहार राज्यको पूर्वी चम्पारण जिल्ला पर्दछ। यस जिल्लामा प्रसिद्ध श्री गढीमाई मन्दिर, श्री कंकाली मन्दिर, श्री चुरियामाई मन्दिर, जीतपुर गढिमाई मन्दिर, श्री सनुखिया माई मन्दिर, ऐतिहासिक हलखोरिया दह, रनिवास मन्दिर (रामजानकि मन्दिर), सहजनाथ महादेव मन्दिर, ऐतिहासिक सिद्धेश्वलर महादेव मन्दिर रहेको पाइन्छ। यस जिल्लामा सूर्या नेपाल कम्पनी लि., डाबर नेपाल, हिमाल आईरन जगदम्बा स्टिल भगवती स्टिल नेशनल हेल्थकेयर नेपाल फर्मास्युटिकल लगायत स्टिल, फलाम, सिमेन्ट, औषधी, खाद्य पदार्थहरूका ठूला उद्योगहरू रहेका छन्।

यस जिल्लामा सङ्घीय सरकारका अन्तर्गत सेवा प्रवाहका लागि जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, जिल्ला हुलाक कार्यालय लगायतका कार्यालयहरूबाट सरकारी सेवा प्रवाह भइरहेको छ। जिल्ला प्रशासन कार्यालय बाराको हकमा कार्यालयमा प्रमुख जिल्ला अधिकारी (रा.प.प्रथम)-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प.द्वितीय)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय)-३, नायब सुब्बा (रा.प.अनं. प्रथम)-१०, लेखापाल (रा.प.अनं. प्रथम)-१, खरिदार (रा.प.अनं. द्वितीय)-५, कम्प्युटर अपरेटर (रा.प.अनं. प्रथम)-३, हलुका सवारी चालक-२ र कार्यालय सहयोगी-७ गरी कुल ३३ जना कर्मचारीको दरवन्दी रहेको छ। यस जिल्लामा गृह अन्तर्गतको सेवा जिल्ला प्रशासन कार्यालयका अतिरिक्त , जितपुर-सिमरा, सिम्रौनगढ र कोल्हवी गरी ३ (तीन) वटा इलाका प्रशासन कार्यालय मार्फत सेवा प्रवाह भइरहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९३ अंक प्राप्त गरी अति उत्कृष्ठ स्तर सहित १८ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा कार्यालय परिसर सरसफाई, कार्यालय निर्माण, बृक्षरोपण, गोलघर तथा दुर्गा मन्दिर निर्माण, गुनासो तथा मुद्दा फछ्र्यौट, बजार अनुगमन लगायतका सेवाहरू प्रवाह गरेको छ। अपर्याप्त बजेट, मौजुदा दरवन्दी पर्याप्त नभएको र विद्यमान् कर्मचारीलाई समेत टिकाई राख्न समस्या भएको र राजनितिक संरक्षणका कारण शान्ति सुरक्षा र अपराध नियन्त्रणमा कठिनाई आएको यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन्। विद्यमान् भौतिक र दरवन्दी संरचनाबाट जनअपेक्षा अनुरूप सहज र कर्मचारीको दक्षता अभिवृद्धि सम्बन्धी तालिमको अभावका बाबजुद नागरिकता सम्बन्धी विविध समस्याहरू रहेको यस जिल्लामा प्रभावकारी रूपमा अपराध नियन्त्रण गरी शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्नु र सेवा प्रवाहलाई जनमैत्री र प्रविधि मैत्री बनाउनु चुनौतीको रूपमा रहेका छन्।

## ३.२२ जिल्ला प्रशासन कार्यालय, पर्सा

नेपालको मधेश प्रदेश अन्तर्गत पर्ने पर्सा जिल्लाको भौगोलिक अवस्थिति २७ देखि २७.२६ उत्तरसम्म अक्षांश, ८४.८ देखि ८४.२७ पूर्वी देशान्तरसम्म फैलिएको छ। पूर्वमा बारा जिल्ला, पश्चिममा चितवन जिल्ला र भारतको विहार राज्य, उत्तरमा मकवानपुर र चितवन जिल्ला, दक्षिणमा भारतको विहार राज्यको सिमाना जोडिएको यो जिल्ला समुद्र सतहबाट १२२ मिटरदेखि ९२५ मिटर सम्म उचाई कायम भई १३५३ वर्ग कि.मि.(१२८९४३ हेक्टर) क्षेत्रफलमा फैलिएको छ। यस जिल्लामा प्रसिद्ध केही रमणीय स्थलहरू श्री गहवा

माईको मन्दिर, श्री वीरेन्द्र प्रभात घडी (घन्टाघर), श्री गिता मन्दिर, श्री शंकराचार्यद्धार, श्री विर्ता माईको मन्दिर, श्री अलखिया मठ, श्री महावीर स्थान, मदिना जाम्मे मस्जिद र घडीअर्वा पोखरी समेत आदि रहेका पाइन्छ। यस जिल्लालाई वीरगंज भन्सारको नामले समेत चिन्ने गर्दछन् ।

जिल्लाको समग्र शान्ति सुरक्षा र अमनचयन कायम राख्न स्थापित जिल्ला प्रशासन कार्यालय पर्सामा प्रमुख जिल्ला अधिकारी (रा.प.प्रथम)-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प.द्वितीय)-२, प्रशासकीय अधिकृत (रा.प.तृतीय)-४, नायब सुब्बा (रा.प.अनं. प्रथम)-१२, लेखापाल (रा.प.अनं. प्रथम)-१, कम्प्युटर अपरेटर (रा.प.अनं. प्रथम)-३, खरिदार (रा.प.अनं. द्वितीय)-६, हलुका सवारी चालक-३ र कार्यालय सहयोगी-८ गरी कुल ४० जना कर्मचारीको दरवन्दी रहेको छ । यस जिल्लामा एक मात्र ईलाका प्रशासन कार्यालय, सुपौली, पर्सा रहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९२.५ अंक प्राप्त गरी अति उत्कृष्ठ स्तर सहित २२ औं स्थान हासिल गरेको छ । आ.व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा एकीकृत जाँच चौकी (ICP) ले अधिग्रहण गरेको ६२ विघा जग्गाको मुआब्जा वितरण कार्यलाई द्रुत र प्रभावकारी बनाइएको, सिर्सिया नदीको प्रदुषणलाई कम गर्न विशेष पहल र समन्वय गरेको, वर्षौ देखि निर्माण कार्य ठप्प रहेको तिलावे पुलको निर्माणको शुरु गराइएको, हाल सञ्चालनको तयारी भइरहेको, नारायणी सिंचाईको कित्ता नं. ४ को १-७-१५ क्षेत्रफलको जग्गा अर्काको नाममा पास भएपछि मिति २०७९/०३/०९ मा पुनः नारायणी सिंचाइको नाममा कायम गराइएको जस्ता कार्य सम्पन्न गरेको छ। पूँजीगत र चालुतर्फ बजेट अभाव, बजार अनुगमन, सार्वजनिक कार्यालय अनुगमन, चोरी निकासी नियन्त्रणको लागि परिचालन गर्न जनशक्ति अभाव आदि यस जिल्लाले सामना गर्नुपरेको समस्याहरू हुन् । राष्ट्रिय परिचयपत्र, E–PASSPORT लगायतको सेवा प्रवाहका कारण सेवाग्राहीको चाप अत्याधिक, न्यूनतम साधन स्रोत र जनशक्तिको परिचालनबाट अपेक्षित नतिजाको प्राप्ति, खुला सिमाना व्यवस्थापन, चोरी निकासी नियन्त्रण र सेवा प्रवाहलाई जनमैत्री र प्रविधि मैत्री बनाउनु चुनौतीको रूपमा रहेका छन् ।

### ३.२३ जिल्ला प्रशासन कार्यालय, दोलखा

दोलखा बाग्मती प्रदेश अन्तर्गतको एक हिमाली जिल्ला हो । प्राकृतिक स्रोतले भरिपूर्ण यस जिल्लाको उत्तरी क्षेत्रको सीमाना चीनको स्वशासित क्षेत्र तिव्वतसँग जोडिएको छ । मनोरम हिमाल, पहाड, पर्वत, नदिनाला,वन-जंगल,धार्मिक स्थल तथा अनुपम सांस्कृतिक एवं प्राकृतिक सम्पदाको दृष्टिले अग्रणी दोलखा जिल्ला नेपालको राजधानी काठमाण्डौबाट १३३ कि.मी.को दुरीमा अवस्थित छ । यस जिल्लाको न्यूनतम् उचाई समुद्री सतहबाट ७३२ मिटर (सितली) तथा अधिकतम् उचाई ७१३४ मिटर (गौरीशंकर) रहेको छ। जिल्लाको सदरमुकाम चरिकोट १९७० मिटर उचाईमा रहेको छ । यो जिल्लाको उत्तरमा चीनको स्वसासित क्षेत्र तीब्वत, दक्षिणमा रामेछाप र काभ्रेपलाञ्चोक, पूर्वमा रामेछाप र सोलुखुम्बु तथा पश्चिममा सिन्धुपाल्चोक जिल्ला पर्दछ। दोलखा २७ डिग्री २८ मिनेट उत्तरी अक्षांसदेखि २८ डिग्री ० मिनेट उत्तरी अक्षांससम्म र ८५ डिग्रि ५० मिनेट पूर्वी देशान्तरदेखि ८६ डिग्रि ३२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ। यो जिल्लाको क्षेत्रफल २१९१ वर्ग कि.मि. (२,१४,२८७ हेक्टर) रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यालय दोलखामा रा.प.प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प.द्धितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, प्रशासकीय अधिकृत-२, नासु -५, लेखापाल -१ कम्प्यूटर अपरेटर -२ खरिदार -३ कार्यालय सहयोगी -६, ह.स.चा. -१ जनासहित जम्मा २२ जनाको दरबन्दी संरचना रहेको छ। यस जिल्लामा ईलाका प्रशासन कार्यालय सिंगटी बजार र सीमा प्रशासन कार्यालय लामावगर गरी गृह प्रशासनको कार्य गर्ने जिल्ला प्रशसन कार्यालय बाहेक दुई संरचनाहरू रहेका छन् । यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ८२.७५ अंक प्राप्त गरी उत्कृष्ट स्तर सहित एकहत्तर औं (७१) स्थान हासिल गरेको छ। कार्यालयको नियमित कामको अतिरिक्त, जिल्लाका सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरूलाई तनाव व्यवस्थापनका लागि जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र सहितको संलग्नतामा प्रत्येक दिन विहानको समयमा योगा अभ्यासको कार्यक्रम सञ्चालन, रातभरी देखिनै राष्ट्रिय परिचय पत्र बनाउन आउने सेवाग्राही लाईनमा बसेको कारण सास्ती भएकोले थप दर्ता स्टेशन स्थापना जस्ता कामहरू गरिएका छन् । दरबन्दी अनुसारको जनशक्तिको व्यवस्थापन तथा क्षमता विकासका कार्यक्रम गरी कार्यसम्पादन स्तर वृद्धि गर्नु जिल्लाका चुनौतीको रूपमा रहेको छ।

### ३.२४. जिल्ला प्रशासन कार्यालय, रामेछाप

रामेछाप जिल्ला वाग्मती प्रदेशमा पर्ने पहाडी जिल्ला हो । यो २७ डिग्री २८' उत्तर देखि २७ डिग्री ५०' उत्तर अक्षांस तथा ८५ डिग्री ५०' पूर्व देखि ८६ डिग्री ३५' पुर्वी देशान्तरसम्म फैलिएको छ। यो जिल्लाको सबभन्दा अग्लो स्थान ६,९५८ मिटरको नुम्बुर हिमचुली र सबभन्दा होचो स्थान ४२६ मिटर को कोलोन्जोरघाट हो । यो जिल्लाको पूर्वमा ओखलढुङ्गा र सोलुखुम्बु, पश्चिम सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक, उत्तर दोलखा, दक्षिणमा सिन्धुली रहेका छन् । रामेछापको क्षेत्रफल १,५४६ वर्ग किलोमिटर रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यालय रामेछापमा रा.प.प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प.द्धितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, प्रशासकीय अधिकृत-२, नासु -५, लेखापाल -१ कम्प्यूटर अपरेटर -२ खरिदार -३ कार्यालय सहयोगी -६, ह.स.चा. -१ जनासहित जम्मा २२ जनाको दरबन्दी संरचना रहेको छ। यस जिल्लाले आ. व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) मा ९१.२५ अंक प्राप्त गरी उत्कृष्ट नतिजा सहित ३८ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त गुनासो सुनुवाई, मुद्दा फर्छ्यौट, वजार अनुगमन लगायतका कार्यहरू गरेको छ । अपर्याप्त वजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तर निकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका मुख्य समस्याहरू हुन ।

## ३.२४ जिल्ला प्रशासन कार्यालय, सिन्धुली

सिन्धुली जिल्ला सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको बागमती प्रदेश अन्तर्गत रहेको छ। ऐतिहासिक सिन्धुलीगढको जिल्ला भनेर परिचित यस जिल्लालाई जुनारको जिल्लाको रूपमा समेत चिनिन्छ। यसरी आफ्नै छुट्टै पहिचान रहेको नमुना राजमार्गका रूपमा बिपी राजमार्ग निर्माण भई सञ्चालनमा आए पश्चात् प्रदेश नं. २ र प्रदेश नं. १ लाई राजधानीसँग जोडने प्रमुख द्वारको रूपमा यो जिल्ला विकसित भइरहेको छ। यस जिल्लाको क्षेत्रफल २४९१ वर्ग किमी रहेको छ। २६ डिग्री ५५' देखि २७ डिग्री २२' उत्तरी अक्षांश तथा ८५ डिग्री १५' देखि ८६ डिग्री २५' पूर्वी देशान्तर सम्मका भूभागमा यो जिल्ला फैलिएको छ। यस जिल्लाको पूर्वमा उदयपुर र सिराहा, पश्चिममा रौतहट, मकवानपुर र काभ्रेपलाञ्चोक, उत्तरमा रामेछाप र ओखलढुंगा तथा दक्षिणमा धनुषा, महोत्तरी, सर्लाही जिल्लाहरू रहेका छन्। यस जिल्लामा ७ वटा गाउँपालिका र २ वटा नगरपालिका र २ वटा सङ्घीय निर्वाचन क्षेत्र पर्दछन्।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, प्रशासकीय अधिकृत (रा.प.तृतीय)- २, राजपत्र अनंकित प्रथम श्रेणी ७, लेखापाल- १ कम्प्युटर अपरेटर- २, राजपत्र अनंकित द्धित्तिय श्रेणी ४, हलुका सवारी चालक -२, र कार्यालय सहयोगी ७ जना सहित जम्मा २७ जनाको दरवन्दी संरचना रहेको छ। यस जिल्लाले आ. व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) मा ८७.५ अंक प्राप्त गरी उत्कृष्ट नतिजा सहित ५५ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त गुनासो सुनुवाई, मुद्दा फर्छ्यौट, वजार अनुगमन लगायतका कार्यहरू गरेको छ। अपर्याप्त वजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तर निकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका मुख्य समस्याहरू हुन।

## ३.२४ जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक

बागमती प्रदेशमा पर्ने काभ्रेपलाञ्चोक जिल्ला मध्यपुर्वी पहाडी भु-भागमा अवस्थित जिल्लाहरू मध्ये एक हो। जिल्लाको सदरमुकाम देशको राजधानी काठमाडौंबाट करिव ३१ कि.मि.को दुरीमा रहेको छ। यो जिल्ला ८५०२४ देखि ८५०४९ पूर्वीदेशान्तर र २७०२० देखि २७०४५ उत्तरी अक्षांशका बीच १४०४ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ। यस जिल्लाको पूर्वमा रामेछाप र दोलखा, पश्चिममा काठमाण्डौ, ललितपुर र भक्तपुर, उत्तरमा सिन्धुपाल्चोक, दक्षिणमा सिन्धुली र मकवानपुर जिल्ला पर्दछन्। पूर्वमा सुनकोशी, पश्चिममा नगरकोट डाँडा एवं साँगा भञ्ज्याङ, उत्तरमा इन्द्रावती एवं सुनकोशी नदी र दक्षिणमा कोखाजोर एवं खानी खोलाले घेरिएको यो जिल्ला भौगोलिक विषमता र प्राकृतिक सम्पदायुक्त जिल्ला मानिन्छ। ६ वटा नगरपालिका र ७ वटा गाउँपालिकाहरू रहेको यस जिल्लाको भु–भागलाई विशेषगरी कोशीपारी, तिमाल, दाप्चा, उपत्यका, डाँडापारी र रोशी जस्ता क्षेत्रहरूमा विभाजन गरिएको छ। समुन्द्र सतहदेखि ३१८ मिटर (कोखाजोर खोला)

देखि ३०१८ मिटर (वेथानञ्चोकको नारायणस्थान डाँडा) सम्मको उचाइ रहेको यस जिल्लाको अधिकांश भाग पहाडी भू-धरातलले भरिएको छ। काभ्रेपलाञ्चोक नित्य चण्डेश्वरीबाट काभ्रेपलाञ्चोक र प्रसिद्ध पलाञ्चोक भगवतीबाट पलाञ्चोक चयन गरी यस जिल्लाको नाम काभ्रेपलाञ्चोक रहन गएको हो।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, प्रशासकीय अधिकृत (र.प.तृतीय)-३ ना.सु. १०, लेखापाल -१, कम्प्युटर अपरेटर -३, खरिदार -५, हलुका सवारी चालक -२, र कार्यालय सहयोगी ७ जना सहित जम्मा ३३ जनाको दरवन्दी संरचना रहेको छ। यस जिल्लाले आ. व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) मा ८६.५० अंक प्राप्त गरी उत्कृष्ट नतिजा सहित ५७ औ स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त गुनासो सुनुवाई, मुद्दा फर्छ्यौट, बजार अनुगमन लगायतका कार्यहरू गरेको छ। अपर्याप्त बजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तर निकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका मुख्य समस्याहरू हुन।

### ३.२५ जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक

जिल्लाको उत्तरमा रहेको सिन्धु नदी र पाल्चोक भगवतीको नामबाट नामाकरण गरिएको सिन्धुपाल्चोक जिल्ला २७.२७ उत्तर देखि २८.१३ उत्तरी आक्षांस र ८५.२७ पुर्व देखि ८६.०६ पुर्व सम्म देशान्तरमा अवस्थित रहेको छ। बागमती प्रदेश अन्तर्गत पर्ने यस जिल्लाले नेपालको कूल क्षेत्रफल मध्ये १.७३% भू-भाग ओगटेको छ भने यसको कुल क्षेत्रफल २४४२ वर्ग कि.मि. रहेको छ। यस जिल्लाको उत्तरमा चिनको स्वसासित क्षेत्र तिब्बत, पुर्वमा दोलखा, दक्षिणमा रामेछाप र काभ्रे, पश्चिममा काठमाडौं र नुवाकोट जिल्ला रहेका छन्। कुल २,६०,०२६ हेक्टरको भु-भागमा फैलिएको यस जिल्लाको कुल भू-भाग मध्य ९६९३ हेक्टर हिउले ढाकेको, २७,३३५ हेक्टर चट्टान, १५,००० हेक्टर वन-जंगलक्षेत्र, १९,३०५ हेक्टर चरन क्षेत्र र ६६,७१६ हेक्टर अन्य जमिन छ भने जम्मा ३२,९३३ हेक्टर खेतीयोग्य जमिन रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, प्रशासकीय अधिकृत २, ना.सु (राजपत्र अनंकित प्रथम श्रेणी)- ७, लेखापाल- १, कम्प्युटर अपरेटर- २ खरिदार (राजपत्र अनंकित द्धित्तिय श्रेणी)- ४, हलुका सवारी चालक -२, र कार्यालय सहयोगी ७ जना सहित जम्मा २७ जनाको दरवन्दी संरचना रहेको छ। यस जिल्लाले आ. व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) मा ८५.५ अंक प्राप्त गरी उत्कृष्ट नतिजा सहित ६३ औ स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त

गुनासो सुनुवाई, मुद्दा फर्छ्यौट, वजार अनुगमन लगायतका कार्यहरू गरेको छ। अपर्याप्त वजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तर निकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका मुख्य समस्याहरू हुन।

### ३.२६ जिल्ला प्रशासन कार्यालय, रसुवा

रसुवा जिल्ला, बागमती प्रदेश अन्तर्गत पर्ने उत्तरी भाग चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको राजधानीबाट नजिकको विकट हिमाली जिल्ला हो। भौगोलिक बनौट, हावापानी, वनजंगलको विविधता, नदीनाला र जलकुण्ड विभिन्न जातजातिहरूको बसोबास, रहनसहन, भेषभूषाका साथै जैविक विविधताको धनी यस जिल्लाको आफ्नै पृथक ऐतिहासिक महत्व रहेको छ। यो छिमेकी मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिव्वतसँग मितेरी सम्बन्ध गाँसेर बसेको पर्यटकीय जिल्ला हो। देशकै तेस्रो पदयात्रा गन्तव्यको रूपमा रहको लामटाङ राष्ट्रिय निकुञ्ज, रामसार क्षेत्रमा सूचीकृत गोसाईंकुण्ड सिमसार क्षेत्र रहेको यस जिल्ला भौगोलिक, जैविक, साँस्कृतिक, धार्मिक र पर्यावरणीय हिसावले धैरै धनी छ। यो जिल्ला २८ डिग्री ० मिनेट उत्तरी अक्षांश देखि २८ डिग्री १५ मिनेट उत्तर अक्षांस र ८५ डिग्री १५ मिनेटदेखि ८५ डिग्री ५० मिनेटपूर्व देशान्त सम्म फैलिएको छ। जिल्लाको कूल क्षेत्रफल १५१२ वर्ग कि.मि. रहेको छ। पूर्वमा सिन्धुपाल्चोक, पश्चिममा धादिङ, उत्तरमा चीनको स्वशासित क्षेत्र तिव्वत र दक्षिणमा नुवाकोट जिल्लासँग यसको सिमाना जोडिएको छ। जिल्लाको सबभन्दा होचोस्थान ६१४ मिटर र सबभन्दा अग्लोस्थान लाङटाङ हिमाल ७,२२७ मिटर रहेको छ।यस जिल्लाको नामाकरण सम्बन्धमा स्थानीय तामाङ भाषामा "र" को अर्थ "भेडाच्याङ्ग्रा" र "सोवा" को अर्थ "चराउने वा राख्ने ठाउँ" भन्ने हुन्छ अर्थात प्रशस्त चरन क्षेत्र र भेडाच्याङ्ग्रा पाइने ठाउँ भएकोले "रसोवा" भन्ने गरेको र स्थानीय बोलचालको भाषामा अप्रभंश भएर पछि रसुवा भनिन थालिएको विश्वास गरिन्छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. द्धित्तिय श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. तृतीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, ना.सु (राजपत्र अनंकित प्रथम श्रेणी)-७, लेखापाल -१, कमप्युटर अपरेटर -२, खरिदार (राजपत्र अनंकित द्धित्तिय श्रेणी)-४, हलुका सवारी चालक -१, र कार्यालय सहयोगी ६ जना सहित जम्मा २० जनाको दरवन्दी संरचना रहेको छ। यस जिल्लाले आ. व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) मा ९१.७५ अंक प्राप्त गरी अति उत्कृष्ट नतिजा सहित ३० औ स्थान हासिल गरेको छ। आ. व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त गुनासो सुनुवाई, मुद्दा फर्छ्यौट, वजार अनुगमन लगायतका कार्यहरू गरेको छ। अपर्याप्त वजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तर निकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका मुख्य समस्याहरू हुन।

## ३.२७. जिल्ला प्रशासन कार्यालय, नुवाकोट

नुवाकोट जिल्ला नेपालको मानचित्रमा वाग्मती प्रदेश अन्तर्गत रहेको एक मध्ये पहाडी जिल्ला हो। नुवाकोट जिल्ला २७° ४५" देखि २८° २०" उत्तरी अक्षांश सम्म र ८५° ०" देखि ८५ ° ४५" पूर्वी देशान्तर सम्म अवस्थित रहेको छ। समुन्द्र सतह देखि न्यूनतम ४५७ मिटर र अधिकतम ५१४४ मिटर उचाई सम्म भू-धरातल रहेको यस जिल्लाको क्षेत्रफल ११२१ वर्ग कि.मि. छ। यस जिल्लालाई १० गा.पा. र २ नगरपालिकामा विभाजन गरिएको छ भने यो जिल्ला नेपालको सङ्घीय राजधानीसँग समेत जोडिएको छ। यो जिल्लाको सदरमुकाम देखि मुलुकको राजधानी काठमाडौँसम्मको दुरी ६८ कि.मि. छ भने जनघनत्व २४९ कि.मि. र नेपालको कुल जनसंख्याको १.०४ प्रतिशत स्थान ओगटेको छ। यस जिल्लाको पूर्वमा सिन्धुपाल्चोक, पश्चिममा धादिङ्ग, उत्तरमा रसुवा र दक्षिणमा काठमाण्डौ जिल्ला पर्दछ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्धित्तिय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, रा.प. तृतीय श्रेणीको प्रशासकीय अधिकृत -२, नासु (राजपत्र अनंकित प्रथम श्रेणी)-७, लेखापाल -१, कम्प्युटर अपरेटर -२, खरिदार (राजपत्र अनंकित द्धित्तिय श्रेणी)-४, हलुका सवारी चालक -२, र कार्यालय सहयोगी ७ जना सहित जम्मा २७ जनाको दरवन्दी संरचना रहेको छ। यस जिल्लाले आ.व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) मा ८८.७५ अंक प्राप्त गरी उत्कृष्ट नतिजा सहित ४९ औ स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त गुनासो सुनुवाई, मुद्दा फर्छ्यौट, वजार अनुगमन लगायतका कार्यहरू गरेको छ। अपर्याप्त वजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तर निकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नु परेका मुख्य समस्याहरू हुन।

## ३.२८ जिल्ला प्रशासन कार्यालय, धादिङ

उत्तर हिमालय पर्वत देखि दक्षिणको महाभारतसम्म फैलिएको नेपालको एक मात्र जिल्लाको रूपमा परिचित, धादिङ जिल्ला प्रसिद्ध गणेश हिमालको काखमा अवस्थित छ। यो जिल्लाको पूर्वमा रसुवा, नुवाकोट र काठमाण्डौ जिल्ला पर्दछन् भने पश्चिममा गोर्खा जिल्ला पर्दछ। त्यसै गरी उत्तरमा छिमेकी मुलुक चीन पर्दछ भने दक्षिणमा मकवानपुर र चितवन जिल्ला पर्दछन्। धादिङ जिल्लाको क्षेत्रफल १९२४.९ वर्ग कि.मी. रहेको छ भने यहाँ समशीतोष्ण मौसमी हावापानी पाईन्छ। यो जिल्ला २७°४०' उत्तर देखि २८°१४' उत्तरी अक्षांश र ८४° ३५' पूर्व देखि ८०°१७' पूर्व देशान्तरसम्म फैलिएको छ भने धरातलीय उचाई समुद्री सतहबाट ५०० मिटर देखि ७५०० मिटरसम्म रहेको छ (गणेश हिमाल ७११० मिटर)। त्रिशुली, बुढी गण्डकी र आंखु खोला जिल्लाका मुख्य नदीहरू हुन्।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्धित्तिय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, रा.प. तृतीय श्रेणीको प्रशासकीय अधिकृत -२, नासु (राजपत्र अनंकित प्रथम श्रेणी)-७, लेखापाल -१, कम्प्युटर अपरेटर -२, खरिदार (राजपत्र अनंकित द्धित्तिय श्रेणी)-४, हलुका सवारी चालक -२, र कार्यालय सहयोगी ७ जना सहित जम्मा २७ जनाको दरवन्दी संरचना रहेको छ। आ. व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त गुनासो सुनुवाई, मुद्दा फर्छ्यौट, वजार अनुगमन लगायतका कार्यहरू गरेको छ। अपर्याप्त वजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तर निकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका मुख्य समस्याहरू हुन। यस जिल्लाले आ. व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) मा ८९ अंक प्राप्त गरी उत्कृष्ट नतिजा सहित ४८ औ स्थान हासिल गरेको छ।

### ३.२९ जिल्ला प्रशासन कार्यालय, चितवन

नेपालको मध्य भागमा अबस्थित चितवन जिल्ला वाग्मती प्रदेशमा पर्दछ। पुर्व तथा दक्षिण तर्फ फराकिलो र पश्चिम तथा उत्तरतर्फ सागुरिएको चितवन जिल्ला नारायणी नदीको पूर्वी भागमा भित्री मधेश र राप्ति उपत्यकाको नामले समते परिचित छ।२२३८.३९ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस जिल्ला विश्व मानचित्रमा २७०२१'४५" उत्तरी अक्षांश देखि २७० ५२' ३०" उत्तरी अक्षांशसम्म र ८३० ५४' ४५" पुर्वी देशान्तर देखि ८४०४८' ५" पुर्वी देशान्तरसम्ममा अबस्थित छ। समुद्रि सतहबाट १४४ मिटर देखि १९४७ मिटरको उचाईमा रहेको यस जिल्ला तराईको भावर प्रदेश देखि महाभारत पर्वत सम्म फैलिएको छ। यस जिल्लाको पुर्व तर्फ मकवानपुर र पर्सा, पश्चिम तर्फ नवलपरासी र तनहूँ, उत्तर तर्फ गोर्खा र धादिङ्ग जिल्लाहरू पर्दछन् भने दक्षिण तर्फ भारतको उत्तर प्रदेश र विहार राज्य पदर्छ। जिल्लाको पूर्व पश्चिम लम्वाई बढीमा ८८ कि.मि रहेको छ भने उत्तर दक्षिण चौडाई बढिमा ५० कि.मि र कम्तिमा २ कि.मि. रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, प्रशासकीय अधिकृत ३, लेखापाल १, कम्प्युटर अपरेटर ३, ना.सु. १०, लेखापाल -१, खरिदार -५, हलुका सवारी चालक -२, र कार्यालय सहयोगी ७ जना सहित जम्मा ३३ जनाको दरवन्दी संरचना रहेको छ। यस जिल्लाले आ.व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) मा ९४.७५ अंक प्राप्त गरी अतिउत्कृष्ट नतिजा सहित ७ औ स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त गुनासो सुनुवाई, मुद्दा फर्छ्यौट, वजार अनुगमन लगायतका कार्यहरू गरेको छ। अपर्याप्त वजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तर निकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका मुख्य समस्याहरू हुन।

## ३.३० जिल्ला प्रशासन कार्यालय, मकवानपुर

सेन वंशका प्रतापी राजा मणिमुकुन्द सेनले शासन गरेको हुनाले उनै राजाको नामबाट मुकुन्दपुर राखिएको र कालान्तरमा मुकुन्दपुर शव्दको अपभ्रंस भई मकवानपुर रहन गएको वा नामाकरण गरिएको भन्ने जनश्रुती प्रचलित छ । मकवानपुर जिल्ला वाग्मती प्रदेशमा अवस्थित रहेको छ । उतरतर्फ करीब ६६ कि.मी. लामो महाभारत श्रृंखला र दक्षिणतर्फ ९२ कि.मी. लामो चुरे पर्वतको काखमा सानो उपत्यकाको झझल्को दिने खालको छ । यो जिल्लामा शिशिर याममा हिमपात हुने २५ सय ८४ मिटरको उच्च भू-भाग सिमभन्ज्याङ्ग र दक्षिणतर्फ समुद्री सतहदेखि १६६ मिटर उचाईको पूर्वी भागमा रहेको बागमती गाउँपालिकाको राईगाउँ, हात्तीढुङ्गाको भौगोलिक बनावटले यस जिल्लाको बिषम प्राकृतिक विविधताको झझल्को दिन्छ। यो जिल्ला मधेश प्रदेश र बागमती प्रदेश समेतका ९ जिल्लासँग सीमाना जोडिएको छ। २,४२६ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएर रहेको यो जिल्लाले नेपालको कुल क्षेत्रफलको १.६ प्रतिशत भाग ओगटेको छ । यस जिल्लाको पूर्वमा काभ्रे र सिन्धुली जिल्ला पर्दछन् भने पश्चिमतर्फ चितवन र धादिङ्ग जिल्ला रहेका छन। त्यसैगरी उत्तरमा काठमाण्डौं र ललितपुर जिल्ला पर्दछन् भने दक्षिणतर्फ पर्सा, बारा र रौतहट जिल्लाहरू रहेका छन् । नेपालको पहिलो राजपथ त्रिभुवन राजपथको निर्माणले राजधानीलाई देशको अन्य भू-भागसँग जोड्ने एक मात्र द्वारको रूपमा परिचित यस जिल्लालाई एक समय तराई र पहाड जोड्ने सेतुको रूपमा समेत लिने गरिन्थ्यो ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, प्रशासकीय अधिकृत ३, लेखापाल १, कम्प्युटर अपरेटर ३, ना.सु. १०, लेखापाल -१, खरिदार -५, हलुका सवारी चालक -२, र कार्यालय सहयोगी ७ जना सहित जम्मा ३३ जनाको दरवन्दी संरचना रहेको छ। यस जिल्लाले आ. व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) मा ९१.७५ अंक प्राप्त गरी अतिउत्कृष्ट नतिजा सहित ३० औ स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त गुनासो सुनुवाई, मुद्दा फर्छ्यौट, वजार अनुगमन लगायतका कार्यहरू गरेको छ। अपर्याप्त वजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तर निकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका मुख्य समस्याहरू हुन।

## ३.३१ जिल्ला प्रशासन कार्यालय, भक्तपुर

नेपालको केन्द्रीय राजधानी समेत रहेको काठमाडौँ उपत्यकाभित्र पर्ने भक्तपुर जिल्लामा लिच्छवीकाल र मल्लकाल देखिका अद्वितीय कलाकृतिहरू सङ्गृहित छन् । नेपालको संविधानले सतहत्तर जिल्ला र सात प्रदेशको व्यवस्था गरे अनुसार बागमती प्रदेशभित्रका तेह्र जिल्ला मध्येको एक हो भक्तपुर । क्षेत्रफलको हिसाबले सबैभन्दा सानो भएता पनि जनसंख्याको दृष्टिले सबैभन्दा बढी जनघनत्व ओगटेको जिल्ला पनि भक्तपुर नै हो । कालचक्रसँगसँगै यो ऐतिहासिक भक्तपुर जिल्ला आफ्नो पुरातात्विक शाखलाई जोगाउँदै नविनतम उपलब्धितर्फ अग्रसर छ। नेपालको मानचित्रमा २७ डिग्री ३६' देखि २७ डिग्री ४४' उत्तरी अक्षांश र

८५ डिग्री २१’ देखि ८५ डिग्री ३२’ पूर्वी देशान्तरसम्म भक्तपुरको सिमाना फैलिएको छ। यस जिल्लाको पूर्वमा काभ्रेपलाञ्चोक, पश्चिम र उत्तरमा काठमाडौँ र दक्षिणमा ललितपुर जिल्ला पर्दछ। यो जिल्लाको क्षेत्रफल ११९ वर्ग कि.मी. रहेको छ। यस जिल्लामा प्रतिनिधि सभातर्फ दुई र प्रदेश सभातर्फ चार निर्वाचन क्षेत्र रहेका छन्। यसको पूर्वपश्चिम लम्बाइ १६ कि.मी. र उत्तरदक्षिण चौडाइ ११.२ कि.मी. रहेको छ। यस जिल्लाको सरदर उचाइ समुन्द्र सतहबाट १,३३१ मिटर रहेको छ। यस जिल्लाको सबैभन्दा अग्लो भूभाग चाँगुनारायण नगरपालिका वडा नम्बर ६ मा रहेको नगरकोट हाइटलाई मानिन्छ जसको उचाइ २,१९१ मिटर छ। नगरकोटबाट सूर्योदयको मनमोहक दृष्य हेर्न सकिन्छ। भौगोलिक बनावटको दृष्टिकोणले यो जिल्ला उपत्यकाका अरु दुई जिल्लाहरूसित मिल्दोजुल्दो छ। प्रशासनिक विभाजनअनुसार भक्तपुर जिल्लामा चारओटा नगरपालिकाहरू छन्।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, प्रशासकीय अधिकृत २, ना.सु. ७, लेखापाल -१, कम्प्युटर अपरेटर -२, खरिदार -४, हलुका सवारी चालक -२, र कार्यालय सहयोगी ७ जना सहित जम्मा २७ जनाको दरवन्दी संरचना रहेको छ। यस जिल्लाले आ.व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) मा ९३.५० अंक प्राप्त गरी अतिउत्कृष्ट नतिजा सहित १५ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त गुनासो सुनुवाई, मुद्दा फर्छ्यौट, वजार अनुगमन लगायतका कार्यहरू गरेको छ। अपर्याप्त वजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तर निकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका मुख्य समस्याहरू हुन।

### ३.३२. जिल्ला प्रशासन कार्यालय, ललितपुर

ललितपुर काठमाडौँ उपत्यकाका तीन जिल्लाहरू मध्ये ऐतिहासिक तथा पुरातात्विक रूपले सम्पन्न जिल्ला हो। नेपालको मानचित्रमा ७७ जिल्लाहरू मध्ये ललितपुर जिल्लाले आफ्नो गौरवमय प्रतिष्ठालाई परिचित गराएको छ। धार्मिक रूपले पनि प्रसिद्ध कृष्ण मन्दिर, बगलामुखी, अशोक स्तम्भ, महाबौद्ध, पाटन दरवार क्षेत्र लगायत विभिन्न मठ, मन्दिर, पाटि-पौवा र स्तम्भहरू रहेको हुनाले विश्वमा नै ललितपुर जिल्ला प्रख्यात रहेको छ। यस जिल्लाको भौगोलिक बनावट, हावापानी, वन-जङ्गलको विविधता, नदी-नाला र ताल, विभिन्न जनजातिहरूको रहन-सहन, भेष-भुषा आदिको विविधताले यस जिल्लाले आफ्नै ऐतिहासिक महत्व बोकेको छ।

नेपालको मानचित्रमा ललितपुर जिल्लाको फैलावट २७ डिग्रि २२ मिनेट देखि २८ डिग्रि ५० मिनेट उत्तरी अक्षांश र ८५ डिग्रि १४ मिनेट देखि ८५ डिग्रि २६ मिनेट पूर्वी देशान्तरसम्म रहेको छ। यस जिल्ला समुद्री सतह देखि ४५७ मिटर उचाई देखि २८३१ मिटरसम्म रहेको छ। यस जिल्लाले नेपालको करिब ०.२६६%

भू-भाग ओगटेको छ। यस जिल्लाको भु-धरातल मध्ये करिब एक तिहाई भाग उपत्यका भित्र र दुई तिहाई पहाड तथा दुर्गम क्षेत्रमा ललितपुर जिल्लाको पूर्वमा काभ्रेपलाञ्चोक, पश्चिममा काठमाडौँ, उत्तरमा भक्तपुर र दक्षिणमा मकवानपुर जिल्लासँग सिमाना जोडीएको छ। यस जिल्लाको क्षेत्रफल ३८५ वर्ग कि. मी. रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, प्रशासकीय अधिकृत ३, लेखापाल १, कम्प्युटर अपरेटर ३, ना.सु. १०, लेखापाल -१, खरिदार -५, हलुका सवारी चालक -२, र कार्यालय सहयोगी ७ जना सहित जम्मा ३३ जनाको दरवन्दी संरचना रहेको छ। यस जिल्लाले आ. व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) मा ९२ अंक प्राप्त गरी अतिउत्कृष्ट नतिजा सहित २७ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त गुनासो सुनुवाई, मुद्दा फर्छ्यौट, वजार अनुगमन लगायतका कार्यहरू गरेको छ। अपर्याप्त वजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तर निकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका मुख्य समस्याहरू हुन।

### ३.३२ जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ

प्रादेशिक विभाजन अनुसार काठमाडौँ जिल्ला बागमती प्रदेश अन्तर्गत रहेको सङ्घीय नेपालको राजधानी समेत रहेको जिल्ला हो। यो जिल्ला २७ डि २७ मि देखि २७ डि ४९ मि उत्तरी अक्षांशसम्म र ८५ डि १० मि देखि ८५ डि ३२ मि पूर्वी देशान्तरसम्म फैलिएको छ। पूर्वमा साँगा भञ्ज्याङ, पश्चिममा वाडभञ्ज्याङ, उत्तरमा पाँचमाने भञ्ज्याङ र दक्षिणमा फर्पिङ गरी भञ्ज्याङभित्र पर्ने काठमाडौँ उपत्यकाभित्रका ३ जिल्लामध्ये काठमाडौँ एक हो। यस जिल्लामा १ वटा महानगरपालिका र १० नगरपालिका रहेका छन। समुन्द्री सतहबाट १२६२ मिटरदेखि २७३२ मिटरसम्मको उचाईमा रहेको यस जिल्लामा चन्द्रागिरी, शिवपुरी र नागार्जुन गरी तीन उच्च पहाडी श्रृखलाहरू मुख्य रूपमा पर्दछन। यस जिल्लाको अधिकतम तापक्रम जेठ आषाढ तिर ३२ डि. सम्म र न्युनतम तापक्रम पौष माघ तिर माइनस -(२) डि.से. सम्म भएको पाईन्छ भने औषत वर्षा १७६.४ मि.लि. भएको देखिन्छ। यस जिल्लाको क्षेत्रफल ३९५ वर्ग कि.मि.(३९५०० वर्गहेक्टर) रहेको छ। देशको कुल क्षेत्रफल मध्ये काठमाण्डौं जिल्लाले ०.२७ प्रतिशत भाग ओगटेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -३, राजपत्राङ्कित तृतीय श्रेणी १२, राजपत्र अनंकित प्रथम श्रेणी १८, राजपत्र अनंकित द्धित्तिय श्रेणी १०, हलुका सवारी चालक -४, र कार्यालय सहयोगी ११ जना सहित जम्मा ६९ जनाको दरवन्दी संरचना रहेको छ। यस जिल्लाले आ. व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन

प्रणाली (CPAS) मा ८५.७५ अंक प्राप्त गरी उत्कृष्ट नतिजा सहित ६२ औ स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त गुनासो सुनुवाई, मुद्दा फर्छ्यौट, बजार अनुगमन, राष्ट्रिय परिचयपत्रको अभियानको लागि ३ वटा स्टेशन थप गरी सेवा प्रवाह गरिएको, सवारी साधन पार्किङ्गको समस्या समाधान गर्नको लागि जल तथा मौसम विज्ञान विभागसँग समन्वय गरी पार्किङ्गको समस्या हल गरिएको, कार्यालयको कार्यबोझ बढेको सन्दर्भमा सेवा प्रवाहलाई प्रभावकारी बनाउन कार्यालयको समयको अगाडी पछाडी र बिदाका दिनमा समेत सेवा प्रवाह गरिएको, राहदानीको लागि प्राप्त आवेदनहरू अत्याधिक बढेको तर प्राविधिक जनशक्ति कमी भएको हुँदा सशस्त्र प्रहरी बल नेपालबाट २ जना प्राविधिक कर्मचारी काजमा झिकाई सेवा प्रवाहलाई छिटो छरितो बनाईएको, लगायतका कार्यहरू गरेको छ। अपर्याप्त वजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तर निकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका मुख्य समस्याहरू हुन ।

### ३.३३ जिल्ला प्रशासन कार्यालय, गोरखा

वि.सं. १६१६ मा राजा द्रव्य शाहबाट गोरखा राज्यको स्थापना भएको हो । गोरखाबासीहरूका आराध्य देवता योगी गोरखनाथको नामबाट वा गाईको रक्षा गौ रक्षा गरिने ठाउँ भएकोले यही आधारमा यसको नाम गोरखा रहेको भन्ने भनाई छ । यहाँबाट नै नेपाल राज्य निर्माण/एकिकरणको सूत्रपात भएको हो । गोरखा जिल्ला राष्ट्र निर्माता पृथ्वी नारायण शाह, नेपालको पहिलो प्रधानमन्त्री भिमसेन थापा, जंगबहादुर राणा जस्ता ऐतिहासिक व्यक्तिहरूको जन्मस्थान पनि हो । गोरखा जिल्ला नेपालको गण्डकी प्रदेशमा अवस्थित छ । यो नेपालको चैाथो ठुलो जिल्ला हो । भौगोलिकरूपमा मध्यपहाडी देखि उत्तरी हिमाली क्षेत्रसम्म फेलिएको जैविक विविधताले सम्पन्न जिल्ला हो । यसको क्षेत्रफल ३ हजार ३१० वर्ग किलोमिटर छ। समुद्र सतहदेखि २२८ मिटरदेखि ८१६३ मिटरसम्म उचाइमा अवस्थित यस जिल्लामा उष्ण, सम-शितोष्ण, शितोष्ण, लेकाली र हिमाली हावापानी पाइन्छ । यस जिल्लाको पूर्वीतिर धादिङ जिल्ला र तिब्बत (चीन), पश्चिम सीमानामा तनहुँ जिल्ला, लमजुङ जिल्ला, मनाङ जिल्ला र तिब्बत (चीन), उत्तर सीमानामा तिब्बत (चीन) तथा दक्षिण सीमानामा चितवन जिल्ला, तनहुँ जिल्ला र धादिङ जिल्ला पर्दछन् । पहाडी भु-धरातल रहेको यस जिल्लामा बुढीगण्डकी, मर्स्याङदी, दरौदी जस्ता नदीहरू, मनासलु, बुद्धिहिमाल, श्रृङ्गी हिमाल जस्ता हिम सृङ्खलाहरू, विभिन्न झरनाहरू, भञ्ज्याङहरू, टारहरू रहेका छन् । यहाँ नेपालमा पाइने प्राय सबै प्रकारको हावापानी पाइन्छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, राजपत्राङ्कित तृतीय श्रेणी २, राजपत्र अनंकित प्रथम श्रेणी ७, लेखापाल -१, कम्प्युटर अपरेटर -२, राजपत्र अनंकित द्धित्तिय श्रेणी ४, हलुका सवारी चालक -२ र कार्यालय सहयोगी ७ जना सहित जम्मा २७ जनाको दरवन्दी संरचना रहेको छ । यस कार्यालय अन्तर्गत चुमनुब्री गाउँपालिका वडा नं. ३ स्थित सिर्दिवासमा इलाका प्रशासन कार्यालय रहेको छ । यस जिल्लाले आ.व. २०७८/०७९ को प्रमुख जिल्ला

अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) मा ८८.५ अंक प्राप्त गरी उत्कृष्ट नतिजा सहित ५३ औ स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले मिति २०७८ साल श्रावण महिनामा चुमनुब्री गाउँपालिकामा गएको पहिरोबाट पिडीत परिवारलाई प्रमुख जिल्ला अधिकारीको सक्रियतामा माउन्टेन चाइल्ड नामक संस्थाले आर्थिक दायित्व वहन गर्ने गरी सिम्रिक एयरको हेलिकप्टरबाट खाद्यन्न ढुवानी गरी वितरण गरिएको, चुमनुब्री गाउँपालिकाको चुम्चेत र छेकम्पारमा मिति २०७८/०६/१२ र १३ गते खाद्यान्न ढुवानी गरेको, जिल्लास्थित सबै पालिकाहरूमा विपद्लाई मध्यनजर गर्दै खुला स्थान पहिचान गरी निर्धारण गर्न अनुरोध गरिएको, यस कार्यालयको समन्वय तथा सहजीकरण असल छिमेकी नेपाल, कास्की, पोखराद्वारा मिति २०७९/०३/२९ गतेको अविरल वर्षाका कारण आरुघाट गाउँपालिका वडा नं. १ स्थित स्याम्चेतमा गएको पहिरोबाट विस्थापित ४० घरपरिवारमध्ये पूर्ण क्षति भएका ३ घरपरिवारलाई रु. १०,९२५ ।-बराबरको र बाँकी ३७ घरपरिवारलाई रु ४,५९०।- बराबरको खाद्यान्न तथा सामग्री वितरण भएको, सुत्केरी महिलाको हेलि उद्‌भारमा विशेष सक्रियता कायम गरिएको लगायतका कार्य गरेको छ। कार्यालय कम्पाउण्ड सानो भएकाले सेवाग्राहीका सवारी साधन पार्किङ्ग गर्ने व्यवस्था मिलाउन नसकिएको, वर्षायाम लागेसँगै छिनछिनमा लाईन जाने समस्याले गर्दा कार्यालयको काममा बाधा पुगेको र व्याकअप चुस्त नरहेको, कार्यालय भवनको छतबाट पानी चुहिने जस्ता समस्या कार्यालयले भोग्दै आएको छ। भौगोलिक हिसावले ठूलो र हिमाली जिल्ला भएको र जिल्लाका उत्तरी भूभाग भौगोलिक विकटताका कारण सडक संजाल समेत नपुगेकाले सेवा प्रवाह र विपद् व्यवस्थापनका हिसाबले चुनौतीपूर्ण रहेको साथै सीमित जनशक्ति र साधन स्रोतबाट छिटो छरितो रूपमा सेवा प्रवाह गरी सेवाग्राहीको चाप, माग, आवश्यकता र चाहना पुरा गर्नुपर्ने चुनौती रहेको, जिल्लाको उत्तर भूभाग चिनसँग जोडिएकाले सिमा सुरक्षा गरी सिमा क्षेत्रमा हुनसक्ने आपराधिक गतिविधिहरू नियन्त्रण गर्नुपर्ने जस्ता चुनौतीहरूको जिल्लाले सामना गर्नु परिरहेको छ।

### ३.३४ जिल्ला प्रशासन कार्यालय, मनाङ

नेपालको गण्डकी प्रदेशमा पर्ने मनाङ जिल्ला हिमालपारीको जिल्लाको नामले समेत परिचित छ। यस जिल्लाको नाम मनाङ रहनुमा तिब्बती भाषाको “म्हनाङ” शब्दबाट अपभ्रंश भएर मनाङ रहेको मानिन्छ। तिब्बती भाषामा “म्ह” को अर्थ सहायता र “नाङ”को अर्थ देऊ भन्ने हुन्छ। नेपालको कुल क्षेत्रफलको १.५३ % भूभाग ओगटेको यस जिल्लाको क्षेत्रफल २२४६ वर्ग किलोमिटर रहेको छ। समुद्र सतहबाट ५४१५ मिटर उचाइमा रहेको थोरुङ लाको पासले मनाङ र मुक्तिनाथ सहरहरू बीचको बाटो बनाएर जिल्लालाई मुस्ताङ जिल्लासँग जोड्छ। मनसुन हावा अवरुद्ध हिमालयको उत्तरी भागमा पर्ने भएकाले मनाङ जिल्लामा नेपालका जिल्लाहरूमध्ये सबैभन्दा कम वर्षा हुन्छ। २८ डिग्री २७-२८ डिग्री ५४ उत्तरी अक्षांश र ८३ डिग्री ४०-८४ डिग्री ३४ पुर्बी देशान्तरसम्म फैलिएको यस जिल्ला समुद्री सतहबाट १,८८० मिटर देखि ८,१६३ मिटर सम्म उचाइमा रहेको छ। यस जिल्लाको सिमाना पूर्वमा गोरखा र लम्जुङ जिल्ला, पश्चिममा मुस्ताङ र म्याग्दी जिल्ला, उत्तरमा मुस्ताङ जिल्ला र तिब्बत (चीन) र दक्षिणमा कास्की र लम्जुङ जिल्ला रहेको छ। सदरमुकाम चामे हुँदै बग्ने मर्स्याङ्दी नदि, मनाङ डिस्याङ गाउँपालिकामा पर्ने गंगापूर्ण ताल र विश्वको सबैभन्दा

अग्लो स्थान ४९१९ मिटर उचाईमा रहेको तिलिजो ताल र विश्वको दशौं उत्कृष्ट पदमार्ग गन्तव्यको रूपमा परिचित थोराङला पास यस जिल्लाका पर्यटकीय सम्पदाहरू हुन ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. द्वितीय श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. तृतीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, राजपत्र अनंकित प्रथम श्रेणी ४, लेखापाल -१, कम्प्युटर अपरेटर-१ राजपत्र अनंकित द्धित्तीय श्रेणी ४, हलुका सवारी चालक -१ र कार्यालय सहयोगी ५ जना सहित जम्मा १८ जनाको दरवन्दी संरचना रहेको छ। यस जिल्लाले आ.व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) मा ९२ अंक प्राप्त गरी अति उत्कृष्ट नतिजा सहित २७ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/०७९ मा कार्यालयले कार्यालयमा र्‍याम्प निर्माण गरी अपाङ्गतामैत्री बनाइएको र सेवाग्राही प्रतिक्षालय निर्माण गरिएको, २०७८ जेठ असारमा आएको बाढीपहिरोको कारण क्षतिग्रस्त नासों गा.पा. वडा नं. १ स्थित ताल गाउँ बचाउन स्थानीय, प्रदेश र सङ्घीय कार्यालयसँगको समन्वयमा मर्स्याङ्दी नदीमा तटबन्धन निर्माण गरिएको, सशस्त्र प्रहरी बल नेपाल, पर्वतीय उद्दार तालिम शिक्षालय, मनाङलाई हुम्डे एअर्पोर्टको दुईवटा भवन तत्काल प्रयोग गर्ने गरी उपलब्ध गराइएको, साथै सप्रब ३२ नं गुल्म हेडक्वाटर मनाङको नाममा १६-६-३-२ रोपनी जग्गा उपलब्ध गराई ब्यवस्थापन गरिएको, बेशीसहर चामे सडक खण्ड अन्तर्गत तिमाङ झरनामा बर्षौदेखि रुग्ण आयोजना सुचारु गराई काठेपुल विस्थापन गरेर १३ दिनमै पक्कि कल्भट निर्माण गराइएको, कार्यालयमा विचौलिया प्रवेश पूर्णत निषेध गरी "हुने काम भन्नै पर्दैन, नहुने काम हुँदै हुँदैन" भन्ने नारा कार्यान्वयनमा ल्याइएको, सेवाग्राहीको निवेदन लेखिदिने, फोटोकपी गरिदिने लगायत काम कर्मचारीबाटै गरिदिने लगायतका कार्यहरू सम्पादन गरेको छ। कार्यालयमा पावर ब्याकअप कमी, कार्यालयमा मेसिनरी उपकरण तथा औजारको अपर्याप्तता तथा पूर्वाधार अभाव, दरवन्दी अनुसार कर्मचारी उपलब्ध नहुनु, विपद् तथा आकस्मिक प्रयोजनार्थ वैकल्पिक चारपाङ्ग्रे र एउटा पनि दुई पाङ्ग्रे सवारी साधन अनुपलब्धता जस्ता समस्याहरू कार्यलयले भोगिरहेको छ। वस्ती विहीन उत्तरी सीमा, द्यइए नभएको, निशेधित क्षेत्र नारफू र लार्केपासबाट अबैध वस्तुको चोरी निकासी जोखिम, विपद् उच्च जोखिम, कमजोर पूर्वाधार विकास, भौगोलिक बिकटता र सञ्चार सुविधाको अभाव, पुराना तिब्बती शरणार्थी समुदायमा घुलमिल भएका, परिचयपत्र नविकरण गर्न नआउने र स्थानीय तहको चासो कमहुनु जस्ता चुनौतीहरूको सामना कार्यलयले गर्नु परिरहेको छ।

## ३.३५ जिल्ला प्रशासन कार्यालय, तनहुँ

नेपालको गण्डकी प्रदेशको दक्षिण पूर्वमा अवस्थित तनहूँ जिल्ला मूलतः महाभारत श्रृङ्खला र मध्य पहाडी भू-भागमा पर्ने विकासोन्मुख जिल्ला हो। ऐतिहासिक गाथा र गरिमामय इतिहास बोकेको यो जिल्ला काठमाण्डौंबाट ११० कि.मी. पश्चिम र पोखराबाट १९ कि.मी. पूर्वमा अवस्थित छ। मानचित्रमा यो जिल्ला ८३ डिग्री ७५" देखि ८४ डिग्री ३४" पूर्वी देशान्तर, २७ डिग्री ३" देखि २८ डिग्री ५" उत्तरी अक्षांशसम्म फैलिएको छ। यसको क्षेत्रफल १५४६ वर्ग कि.मी. अथवा कुल नेपालको भू-भागको १.०५ प्रतिशत रहेको छ। गण्डकी नदीको

जलप्रवाह क्षेत्रसँग आवद्ध यस जिल्लामा सीमा नदीको रूपमा पूर्वी दिशामा मर्स्याङ्गदी र त्रिशुली नदी तथा दक्षिणमा कालीगण्डकी बहन्छ भने जिल्लाको मध्य भागबाट मादी र सेती नदी प्रवाहित हुन्छ ।यस जिल्लाको अधिकत्तम उचाई भएका पहाड छिम्केश्वरी (२३२५ मि.) हो भने यस जिल्लाको अधिकांश भूभाग ३०० मिटर-१२०० मिटर बीचको होचो पहाडी भू-भागमा पर्दछ। यस जिल्लाको पूर्वमा चितवन र गोर्खा, पश्चिममा स्याङ्गजा, उत्तरमा कास्की र लम्जुङ्ग तथा दक्षिणमा पाल्पा, नवलपरासी र चितवन जिल्ला रहेका छन् ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, राजपत्राङ्कित तृतीय श्रेणी २, राजपत्र अनंकित प्रथम श्रेणी ७, लेखापाल -१, कम्प्युटर अपरेटर -२ राजपत्र अनंकित द्धित्तिय श्रेणी ४, हलुका सवारी चालक -२ र कार्यालय सहयोगी ७ जना सहित जम्मा २७ जनाको दरवन्दी संरचना रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९४.७५ अंक प्राप्त गरी अतिउत्कृष्ट स्तर सहित सातौं (७) स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले ग्रामीण सडकमा चल्ने सार्वजनिक यातायातको भाडादर कायम गरी लागू गरिएको, राष्ट्रिय परिचय पत्र सम्बन्धित पालिकाको प्रत्येक वडामा टोली खटाई वडा बाट नै राष्ट्रिय परिचय पत्रको बायोमाट्रिक कार्य सम्पन्न गर्न समन्वययात्मक भूमिका खेलेको, राष्ट्रिय गौरवको आयोजना मुग्लिङ-पोखरा सडक सुधार आयोजनाको सम्बन्धमा सरोकारवालाहरू वीच समय-समयमा समन्वात्मक बैठक राखी आयोजनालाई अगाडी बढाईएको, लागु औषध दुर्व्यसनी कम गराउन विद्यालय र समुदायमा सचेतना कार्यक्रम गरिएको र लागु औषध ओसारपसारलाई नियन्त्रण गर्न जिल्लाको सिमानाकामा अस्थायी प्रहरी विट स्थापना गर्न समन्वात्मक भूमिका खेलेको लगायतका नवप्रवर्द्धनात्मक कार्य सम्पादन गरेको छ । भवनको संरचना सेवाग्राही मैत्री नहुँदा सेवा प्रवाहमा असर, दरबन्दी संख्या कम तथा दरबन्दी अनुसार पदपूर्ति नहुनु, जिल्लामा इलाका प्रशासन कार्यालय नभएको हुँदा अत्याधिक कार्यबोझ हुनु जस्ता समस्याहरू जिल्ला प्रशासन कार्यालयले भोगिरहेको छ।

### ३.३६ जिल्ला प्रशासन कार्यालय, नवलपरासी पूर्व

नेपालको गण्डकी प्रदेश अन्तर्गत पर्ने ११ वटा जिल्ला मध्येको एक जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पूर्व) हो। नेपालको संविधानमा साविकको नवलपरासी जिल्लालाई नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) नामाकरण भै छुट्टा छुट्टै जिल्लाको रूपमा अनुसूचीमा उल्लेख भए बमोजिम भएको छ। उक्त जिल्लाको सीमाना पूर्वमा चितवन जिल्ला; पश्चिममा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, उत्तरमा पाल्पा र तनहुँ जिल्ला; दक्षिणमा चितवन र भारतको विहार प्रदेश पर्दछ। यस जिल्लाको क्षेत्रफल क्षेत्रफलः १,३३१.१६ वर्ग कि.मी. रहेको छ। जिल्लाको सबै भन्दा अग्लो भू-भाग देवचुली समुन्द्री सतहबाट १९३६ मिटरमा अवस्थित छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, राजपत्राङ्कित तृतीय श्रेणी ३, राजपत्र अनंकित प्रथम श्रेणी १०, लेखापाल -१, कम्प्युटर अपरेटर -३ राजपत्र अनंकित द्धित्तिय श्रेणी छ, हलुका सवारी चालक -२ र कार्यालय सहयोगी ७ जना सहित जम्मा ३३ जनाको दरवन्दी संरचना रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९६.७५ अंक प्राप्त गरी अतिउत्कृष्ट स्तर सहित तेस्रो (घ) स्थान हासिल गरेको छ। आ. व. २०७८/०७९ मा कार्यालयले कोभिड-१९ परीक्षणका लागि भारतीय सीमा क्षेत्रको त्रिवेणी धाम व्यारेजमा हेल्थ डेस्कको स्थापना, राहदानी सेवालाई सहज बनाउन नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखासँग समन्वय तथा सहकार्य लगायतका नव प्रवर्तनात्मक कार्यहरू सम्पन्न गरेको छ। कार्यालयको आफ्नै भवन नभएको, दरबन्दी अनुसारको जनशक्ति पदपुर्ति नभएको, कार्यालयमा पर्याप्त पूर्वाधारहरू (फर्निचर, जेनेरेटर, सेवाग्राहीहरू बस्ने भौतिक संरचना) नहुनु जस्ता बिषय कार्यालयले सामना गरेका प्रमुख समस्याहरू हुन्।

### ३.३७ जिल्ला प्रशासन कार्यालय, पर्वत

नेपालको गण्डकी प्रदेश अन्तर्गत पर्ने पर्वत जिल्ला विश्व मानचित्रमा २८ डिग्री ००' १९" देखि २८ डिग्री २३' ५९" अक्षांश र ८३ डिग्री ३३' ४०" देखि ८३ डिग्री ४९'३०" देशान्तरमा रहेको छ। यस जिल्लाको सिमानामा पूर्वमा कास्की र स्याङ्जा दक्षिणमा स्याङ्गजा र गुल्मी, पश्चिममा गुल्मी, बाग्लुङ्ग र म्याग्दी, उत्तरमा म्याग्दी जिल्लाहरू पर्दछन् ।यस जिल्लाको कूल क्षेत्रफल ४९४ वर्ग कि.मी. रहेको छ। उचाईका हिसाबले समुन्द्री सतहबाट ५२० मिटर उचाईमा रहेको सेतीवेणी देखि ३,३०९ मिटर उचाइमा रहेको हम्पालको लेकसम्मको भू-भाग यस जिल्लामा पर्दछ। यस जिल्लाको कूल भूमि ५३६८६.२१ हेक्टरमध्ये वन क्षेत्रले ओगटेको जमिन १९,९९७ हेक्टर, कृषि भूमि २४,१७१ हेक्टर र प्रति जमिन, बुट्यान, भवन, बाटोघाटो, भीरपाखा तथा खोलाले ओगटेको जमिन ९,५१८ हेक्टर रहेको छ। राजनैतिक विभाजन अनुसार पर्वत जिल्लालाई १ प्रतिनिधी सभा निर्वाचन क्षेत्र, २ प्रदेश सभा निर्वाचन क्षेत्र, २ नगरपालिका, ५ गाउँपालिका र ६२ वडामा विभाजन गरिएको छ। पर्वत जिल्लाको सदरमुकाम कुस्मा बजार हो भने अन्य प्रमुख बजार क्षेत्रहरूमा वारी वेनी, पातिचौर, डिमुवा, कार्किनेटा, फलेवास, लुँखु, हुवास प्रमुख व्यापारीक केन्द्र रहेका छन्।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, राजपत्राङ्कित तृतीय श्रेणी २, राजपत्र अनंकित प्रथम श्रेणी ५, लेखापाल -१, कम्प्युटर अपरेटर -२ राजपत्र अनंकित द्धित्तिय श्रेणी ३, हलुका सवारी चालक -२ र कार्यालय सहयोगी ६ जना सहित जम्मा २२ जनाको दरवन्दी संरचना रहेको छ। यस जिल्लामा १ वटा इलाका प्रशासन कार्यालय पैयुँ गाउँपालिका वडा न

५ हुवासमा रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९४ अंक प्राप्त गरी अतिउत्कृष्ट स्तर सहित एघारौं (११) स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले नयाँ समय तालिका (विहान ९.३० बजे देखि बेलुका ५.३० बजे सम्म) को Policy Compliance सम्बन्धमा क्तगमथ गरी श्रीमान सचिजज्यू समक्ष Policy Inputs को लागि प्रतिवेदन पेश गरेको, कार्यालय परिसरमा सेवाग्राहीको लागि शुद्ध पिउने पानीको व्यवस्था गरिएको, कार्यालयको मुख्य प्रवेशद्वार तत्काल मर्मत गरी आवतजावत सहज र जोखिम रहित बनाएको, बजार अनुगमनलाई प्रभावकारी र प्रतिफलमुखी बनाउन बजार अनुगमन टोलीलाई प्रमुख जिल्ला अधिकारीबाट बजार अनुगमन र अनुज्ञापत्रको सम्बन्धमा क्षेत्र (Scope) तोकी सहजीकरण  गरिएको लगायतका नव प्रवर्तनात्मक कार्यहरू सम्पन्न गरेको छ। कार्यालयको कार्यचाप अनुसार दरबन्दी संख्या कमी भई दैनिक सेवा प्रवाहमा कठिनाई परेको,  तथा कर्मचारीको कार्यवोझ अनुसार सेवा सुविधा दिन नसकिएको, हलुका सवारी चालकको दरबन्दी १ जना मात्र हुँदा अत्यावश्यक काममा जिल्ला अनुगमन/निरीक्षण/विपद व्यवस्थापन/शान्ति सुरक्षा लगायतका काममा समस्या समाधान गर्न कठिनाइ परेको, कार्यालयको नियमित कामको अलावा राहदानी/परिचयपत्र लगायत अरु सरकारी, संघिय, प्रादेशिक एवं स्थानीय तहका काम र समस्याहरू समाधानको लागि जनशक्ति र स्रोत/साधनको कमीले तत्काल समस्या समाधान गर्न कठिनाई परेको, कार्यालयको विद्यमान विनियोजित बजेट रकम अत्यन्त न्यून भै दैनिक सेवा प्रवाहमा प्रविधि, मसलन्द, इन्धन, परामर्श सेवा लगायत लजिष्टिक सपोर्टको कमीले कार्यालयको कार्यसम्पादनमा कठिनाई परेको लगायतका समस्याहरू कार्यालयले सामना गर्नु परिरहेको छ।

### ३.३८ जिल्ला प्रशासन कार्यालय, कास्की

कास्की जिल्ला नेपालको सङ्घीय संरचना अनुसार गण्डकी प्रदेश अन्तर्गत  अवस्थित पर्यटकीय जिल्ला हो। यो जिल्ला अन्नपूर्ण हिम श्रृङ्खला तथा माछापुच्छे हिमालको काखमा रहेको छ। भौगोलिक, साँस्कृतिक एवं बातावरणीय विविधताको कारण यस जिल्ला अनुपम पर्यटकीय केन्द्रको रूपमा विश्वमा प्रसिद्ध छ। यस जिल्लाको सदरमुकाम पोखरा महानगर अन्तर्गतको पोखरा सहरले नेपालकै सुन्दर र सफा नगरको रूपमा पहिचान राखेको छ। नेपालको राजधानी काठमाडौंदेखि करिब २०० किलोमिटर पश्चिममा रहेको यो जिल्ला विश्व मानचित्रमा २८°०६" उत्तरी अक्षांशदेखि २८°३६" उत्तरी अक्षांशसम्म र ८३° ४०" पूर्व देशान्तरदेखि ८४°१२" पूर्वी देशान्तरसम्म फैलिएको छ। यो जिल्ला समुद्रीसतहबाट ४५० मिटर देखि ८०९१ मिटर सम्मको उचाईमा फैलिएको छ।यस जिल्लाको सिमानामा पूर्वमा तनहुँ र लमजुङ, पश्चिममा पर्वत र म्याग्दी, उत्तरमा मनाङ्ग र मुस्ताङ, दक्षिणमा स्याङ्जा जिल्ला पर्दछन्। यस जिल्लाको कुल क्षेत्रफल २,०१,७०० हेक्टर रहेको छ। यो जिल्लाको आकार वृत्ताकार छ भने फैलाबट करिब ७० किलोमिटरको हवाइ दूरीमा पूर्व-पश्चिम एवं उत्तर-दक्षिण फैलिएको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय

अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प. द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -२, राजपत्राङ्कित तृतीय श्रेणी ४, राजपत्र अनंकित प्रथम श्रेणी १२, लेखापाल -१, कम्प्युटर अपरेटर -३ राजपत्र अनंकित द्धित्तिय श्रेणी ६, हलुका सवारी चालक -३ र कार्यालय सहयोगी ८ जना सहित जम्मा ४० जनाको दरवन्दी संरचना रहेको छ। यस जिल्लामा १ वटा इलाका प्रशासन कार्यालय लेखनाथ रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९२.५ अंक प्राप्त गरी अतिउत्कृष्ट स्तर सहित बाइस (२२) स्थान हासिल गरेको छ। आ. व. २०७८/०७९ मा कार्यालयले निर्वाचन केन्द्रित सुरक्षा परिचालनलाई सुचना प्रविधिसँग आवद्ध गरी Tracking, Location Identification & Route Management लाई गुगल बेशमा प्रविष्टी गरी District Security Management Information System -DSMIS) को प्रयोग गरेको, District Notification Board सञ्चालन मार्फत जिल्लाभरका सार्वजनिक गतिविधिहरूको एवम् सचेतनामूलक सूचना प्रवाह गरिएको, कार्यालय प्रमुख बैठकलाई जिल्लास्तरीय समस्या समाधान समिति (DDAC) को रूपमा विकास गरी समस्याको समधान गर्ने गरिएको, जिल्लास्तरका कार्यालयमा सवारी साधन एकीकृत रूपमा प्रयोग गरी मितव्यायी बनाईएको, CDO with Citizens (CC) कार्यक्रम सञ्चालन लगायतका कार्य सम्पादन गरिएको छ। स्रोत साधनको न्यून उपलब्धता, राष्ट्रिय परिचयपत्र, विद्युतीय राहदानी जस्ता सेवाहरू व्यवस्थित, छिटो, छरितो तवरले प्रवाह गर्न जनशक्ति स्रोतसाधनको कमी,परम्परागत कार्यशैली, नविनतम् सूचना प्रविधिमैत्री सेवा प्रवाह हुन नसक्दा सेवाको गुणस्तर कायम हुन नसक्नुर कार्यालयका प्रमुख समस्याहरू हुन। कर्मचारीहरूलाई प्रविधिमैत्री बनाई प्रभावकारी सेवा प्रवाह गर्नु, प्रदेशको राजधानी समेत रहेकोले समग्र प्रदेशका जिल्ला लगायत कास्की जिल्लामा हुने विपद्का घटनाहरूको खोज तथा उद्धारका लागि उपकरण जनशक्ति परिचालन अन्तर तह समन्वय गरी सञ्चालन गरिनु पर्ने क्रियाकलापका सम्बन्धमा नीतीगत, कानूनी स्पष्टता हुन नसक्नुत लगायतका बिषय कार्यालयको चुनौतिको रूपमा रहेका छन।

### ३.३९ जिल्ला प्रशासन कार्यालय, मुस्ताङ

गण्डकी प्रदेशको उत्तरपट्टी अवस्थित हिमाल पारीको जिल्ला हो मुस्ताङ्ग। धौलागिरी हिमाल (८१६७ मी.) र निलगिरी हिमाल (७०६०) पार गरेर आउनु पर्ने भएकाले यस जिल्लालाई हिमालपारीको जिल्लाको नामले चिनिन्छ। बिश्व मानचित्रमा मुस्ताङ जिल्लाको अवस्थिति २८ डिग्री ३३ मिनेट ५१ सेकेण्ड देखि २९ डिग्री १९ मिनेट ५२ सेकेण्ड उत्तरी अक्षांस र ८३ डिग्री २८ मिनेट ५४ सेकेण्ड देखि ८४ डिग्री १४ मिनेट ५८ सेकेण्ड पूर्वि देशान्तरको वीचमा अवस्थित छ। पूर्वमा मनाङ जिल्ला, पश्चिममा डोल्पा जिल्ला, उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्वत र दक्षिणमा म्याग्दी जिल्ला पर्ने यस जिल्लाको कुल क्षेत्रफल ३५६.२१ वर्ग कि.मी. रहेको छ। जुन नेपालको कुल क्षेत्रफलको २.४२ प्रतिशत हो। जिल्लाको सदरमुकाम जोमसोम समुन्द्र सतहदेखि २,७१० मीटर उचाइमा रहेको छ। धवलागिरी र निलगिरी दुई अग्ला हिमशिखरको वीचमा अवस्थित यो जिल्ला हिन्दू र वौद्ध तिर्थयात्रीहरूको पावन भूमि, पवित्र कृष्ण गण्डकी प्रवाहित हुने प्रकृतिको अनुपम दृष्य भएको, पर्यटकको लागि मनमोहक एवं सुन्दर रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यालय मुस्ताङमा  प्रमुख जिल्ला अधिकारी (रा.प.अं.द्वितीय) -१ स.प्र.जि.अ. (रा.प.अंकित तृतीय)-१, लेखापाल -१, नायब सुब्बा -४, कम्प्युटर अपरेटर -१, खरिदार -४, ह.स.चा.-१ र कार्यालय सहयोगी -५ जना सहित कुल दरबन्दी संख्या १८ रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९३.७५ अंक प्राप्त गरी अति उत्कृष्ट स्तर सहित तेह्रौं (१३) स्थान हासिल गरेको छ। आ.व. २०७८/७९ मा कार्यलयले नियमित कामका अतिरिक्त २०७८ मंसिर महिनादेखि प्रत्येक महिनाको दोस्रो शनिबार वृहत कालिगण्डकी सरसफाई अभियान सुरुवात, वन्यजन्तुको व्यापक चोरी निकासी नियन्त्रणका लागि प्र.जि.अ. समेतका सुरक्षा प्रमुखहरू सहितको आकस्मिक वन गस्ति सम्बन्धी कार्य, शालिग्राम पार्कको संरक्षण, वृक्षारोपण तथा नियमित सरसफाई, मुखिया प्रथाद्वारा शासित स्थानीय व्यवस्था/प्रथालाई क्रमिक रूपमा राष्ट्रिय कानूनमा मूल प्रवाहीकरण गर्ने समन्वयात्मक प्रयास, म्याद नाघेको अलपत्र अवस्थामा रहेका विकास योजनाको निर्माण व्यवसायीलाई कानूनी दायरामा ल्याई आयोजना निर्माणमा निरन्तरता दिन परियोजना कार्यालय, ठेकेदार र स्थानीय प्रशासन वीच समन्वय बैठक र परियोजना निर्माण कार्य सुचारू आदी गरेको छ त्यस्तै बहुपतिय प्रथाबाट जन्मिएका बालबालिका, वैधानिकता नभएका संरक्षक द्वारा संक्षिप्त बालबालिका समेतको ने.ना.प्र.प. जारी गर्ने कानूनी तथा व्यवहारिक कठिनाई, अत्यन्त न्यून जनशक्तिबाट कार्यालय सञ्चालन गर्नु परेको, सिमा सुरक्षार्थ पूवाधारको कमजोर अवस्था र जनशक्ति परिचालन, स्थानीय मामिलाको अति स्थानीयकरण लगायतका समस्या रहेको मुस्ताङमा स्थानीय कानून र परम्परालाई आधार मानी ना.प्र. वितरण गर्नु,न्यून स्रोत साधनमा प्रभावकारी सेवा प्रवाह र निर्धारित लक्ष्य बमोजिम प्रगति हासिल गर्नु, स्थानीय सामाजिक व्यवहारलाई राज्यको कानूनी मूलप्रवाहमा ल्याउनु, कानूनी जटिलताको कारण सिर्जित चुनौतीको सामना गर्नु (उदाहरणः निषेधित क्षेत्रको प्राकृतिक स्रोतको उपयोग र संरक्षण तथा विपद व्यवस्थापनका कार्यहरू) जस्ता चुनौतीहरू सामना गर्नुपरेको छ।

### ३.३९ जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

गण्डकी प्रदेशमा अवस्थित स्याङ्जा जिल्लाको सदरमुकाम स्याङ्जा बजार (पुतलीबजार न.पा) हो । यस जिल्लाको पूर्वमा तनहुँ, पश्चिममा गुल्मी, उत्तरमा पर्वत र कास्की र दक्षिणमा कालीगण्डकी नदीसँग पाल्पा जिल्लाले सीमाना छुट्याएको छ । ७७ जिल्लामध्ये स्याङ्जा क्षेत्रफलमा ६४ औं र जनसंख्यामा ३३ औ स्थानमा रहेको छ। यो जिल्ला ८३° २७" देखि ८४° ४६" पूर्वी  देशान्तरसम्म तथा २७° ५२" देखि २८° १३" उत्तरी अक्षांस सम्म रहेको छ। यस जिल्लाको क्षेत्रफल ११६४ वर्ग कि.मी. रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यालय स्याङ्जामा प्रमुख जिल्ला अधिकारी (रा.प.प्रथम)-१ स.प्र.जि.अ. (रा.प.दितीय)-१, प्रशासकीय अधिकृत-२ लेखापाल-१, नायब सुब्बा-७, कम्प्युटर अपरेटर-२, खरिदार-४, ह.स.चा.-२ र कार्यालय सहयोगी

-७ जना सहित कुल दरबन्दी संख्या २७ रहेको छ । जिल्ला प्रशासन कार्यालय स्याङ्जा अन्तर्गत ईलाका प्रशासन कार्यालय,वालिङ मा शाखा अधिकृतको नेतृत्वमा ढ जना कर्मचारीहरू समेत रहेका छन् । यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९३ अंक प्राप्त गरी अति उत्कृष्ट स्तर सहित अठारौं (१८) स्थान हासिल गरेको छ । आ.व. २०७८/७९ मा कार्यलयले नियमित कामका अतिरिक्त स्याङ्जा जिल्ला स्थित सिद्दार्थ राजमार्गको करिब ८२ कि.मि. सडकमा रहेका साना-ठूला खाल्टाखुल्टीहरूलाई करिब २५० जना सुरक्षाकर्मी र १०० जना स्थानीय व्यक्तिहरूलाई परिचालन गरी सडकको मर्मत तथा खाल्टाखुल्टी पुरी सडकको स्तरोन्नती गरिएको, विगत ७ वर्षदेखि अलपत्र रहेको सेतीदोभान पुलको ठेकेदारलाई सुरक्षा/निकायहरूको समेत सहयोग लिईकाम गर्न बाध्य पारी पूलको निर्माण कार्यलाई सूचारु गरिएको र सो काम हाल अन्तिम चरणमा रहेको, २ वर्षदेखि अलपत्र स्याङ्जा जिल्ला अस्पतालमा रहेको अक्सिजन प्लाण्टलाई नयाँ विद्युत Transformer जडान गर्न लगाई उक्त अक्सिजन प्लाण्ट सञ्चालनमा ल्याइएको, विभिन्न फूलका बिरुवाहरू रोपी जिल्ला प्रशासन कार्यालय तथा निवास परिसरमा Gardening तथा Beautification को कार्य गरिएको । त्यस्तै जिल्ला तथा ईलाका प्रशासन कार्यालय वालिङमा सेवाग्राहीको चाप धेरै हुने तर कर्मचारीको संख्या दरबन्दी भन्दा पनी कम हुँदा सेवा प्रवाह प्रभावित भएको, सेवा प्रवाहको क्रममा कार्यालयको कामको चाप अत्याधिक रहँदा कार्यालय समय बाहेक र बिदाको दिनहरूमा समेत कर्मचारीलाई काम गर्नुपर्ने अवस्था रहेको, स्रोत साधनको अभावमा नयाँ-नयाँ प्रविधि, सेवा प्रवाहको बिषयमा हुने विविध नयाँ आयामहरू लगायतका बिषयमा कर्मचारीहरूलाई पर्याप्त तालिम तथा अभिमुखीकरणका कार्यक्रमहरू सञ्चालन गर्न नसकिएको लगायतका समस्या तथा चुनौतीहरू रहेका छन् ।

### ३.४० जिल्ला प्रशासन कार्यालय, म्याग्दी

म्याग्दी सङ्घीय नेपालको गण्डकी प्रदेश अन्तर्गतको हिमाली जिल्ला हो । यस जिल्लाको पूर्वमा कास्की र पर्वत, पश्चिममा बागलुङ, डोल्पा र रुकुम, उत्तरमा मुस्ताङ र डोल्पा तथा दक्षिणमा बागलुङ जिल्ला पर्दछन । कुल क्षेत्रफल २,२९७ वर्ग कि.मी. (२,२९,७०६ हे.) रहेको यो जिल्ला भौगोलिक अवस्थितिका हिसाबले ८३ डिग्री ०८' देखि ८३ डिग्री ५३' पूर्वी देशान्तरसम्म र २८ डिग्री २०' देखि २८ डिग्री ४७' उत्तरी अक्षांससम्म फैलिएको छ। समुद्री सतहबाट न्युनतम ७९२ मीटर (रत्नेचौर बेनी नगरपालिका) देखि अधिकतम ८१६७ मीटर (धौलागिरी हिमाल) सम्मको उचाईसम्ममा मूलत बेशी, उच्च पहाडी क्षेत्र र हिमाली क्षेत्र गरी तीन किसिमको भुगोल रहेको छ। म्याग्दी जिल्लाको वर्तमान सिमाना २०३१ सालमा पर्वत र मुस्ताङबाट २० गाविसहरू (गाउँ पंचायत) यस जिल्लामा गाभिन आएपछि कायम हुन आएको हो । म्याग्दीमा प्रतिनीधि सभाको लागि एक निर्वाचन क्षेत्र र प्रदेश सभाको लागि दुई निर्वाचन क्षेत्र रहेको छन् ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, नायब सुब्बा-४, लेखापाल-१, कम्प्युटर अपरेटर-२, खरिदार-४, हलुका सवारी चालक-१ र

कार्यालय सहयोगी-६ गरी जम्मा २० जनाको दरबन्दी रहेको छ । यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८४.२५ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ६७ औ स्थान हासिल गरेको छ । आ.व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा अपाङ्गहरूलाई घरघरमा गएर नागरिकता प्रदान गरिएको, सहभागितामुलक निर्णय प्रक्रिया एवं सामाजिक सञ्जालमा Public opinion लिई धैरै प्रयासका बाबुजुद विगतमा गर्न नसकिएको बेनी सदरमुकाममा One Way Traffic व्यवस्थापन गरिएको, स्थानीय तह, सामाजिक विकास कार्यालय र जिल्ला प्रशासन कार्यालयको समन्वय र सहकार्यमा जातिय एवै लैङ्गिक विभेद बिरूद्ध तल्लो तहसम्म सचेतनामुलक कार्यक्रम सञ्चालन गरी छुवाछुत मुक्त वडाको रूपमा घोषणा गर्ने प्रक्रिया सुरू गरिएको सेवाहरू प्रवाह गरेको छ। नागरिकता वितरण र नाबालक परिचयपत्र वितरणमा समयानुकुल कानून संसोधन नहुदा आमाको नामथरबाट नागरिकता जारी तथा Living Together बाट जन्मेका बालबालिकाको नाबालक परिचयपत्र जारी गर्न समस्या, भौगोलिक विकटता बाबुजुद प्रशासनिक कार्यविधि पुऱ्याउनु पर्ने कारणले सेवा प्रवाहमा कठिनाई साथै पुराना भौतिक संरचना एवं कारागारको भौतिक संरचना नभएको र क्षमता भन्दा बढी कैदीबन्दी रहेको र कार्यचापको अनुपातमा कर्मचारीको संख्या न्यून रहेको साथै भएका कतिपय कर्मचारीमा प्रविधिमैत्री दक्षताको अभाब आदी यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू र चुनौतको रूपमा रहेका छन् ।

### ३.४१ जिल्ला प्रशासन कार्यालय, बागलुङ्ग

गण्डकी प्रदेशमा पर्ने पहाडी जिल्ला बागलुङ साविक धौलागिरी अञ्चलको अञ्चल सदरमुकामको रूपमा रहेको छ। प्रशासनिक विभाजन अनुसार यस जिल्लाको पूर्वमा पर्वत, पश्चिममा रोल्पा, रुकुम, उत्तरमा म्याग्दी तथा दक्षिणमा प्यूठान र गुल्मी जिल्ला रहेका छन् । प्रतिनिधी सभा २ निर्वाचन क्षेत्र, प्रदेश सभा ४ निर्वाचन क्षेत्र र ४ नगरपालिका, ६ गाउँपालिका गरी १० वटा स्थानीय तह यस जिल्लामा छन । यो अक्षांशीय हिसाबले २८ डिग्री १५ मिनेट उत्तरी अक्षांश देखि २८ डिग्री ३७ मिनेट उत्तरी अक्षांशसम्म र देशान्तरीय हिसाबले ८३ डिग्री पूर्वी देशान्तर देखि ८३ डिग्री ३६ मिनेट पूर्वी देशान्तरसम्म १७८४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएर रहेको छ। झोलुंगे पुलको जिल्ला जस्ता उपनामले परिचित यस जिल्ला नेपाल भित्रको सानो नेपाल जस्तै आकारमा पूर्व पश्चिम फैलिएर रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-२, नायब सुब्बा-७, लेखापाल-१, कम्प्युटर अपरेटर-२, खरिदार-४, हलुका सवारी चलाक-२ र कार्यालय सहयोगी-७ गरी जम्मा २७ जनाको दरबन्दी रहेको छ। यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत इलाका प्रशासन कार्यालय, बर्तिबाङ गरी १ वटा इलाका प्रशासन कार्यालय मार्फत सेवा प्रवाह भइरहेको छ । यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८८.७५ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ४९ औ स्थान

हासिल गरेको छ। आ. व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा मुद्दा दर्ता र फैसला एकै दिनमा गर्ने गरिएको, संघ, प्रदेश र स्थानीय तहबाट प्रवाह हुने सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउने समन्वय गरेको, जिल्लास्थित सरकारी कार्यालयमा हेल्प डेस्क सञ्चालन, हुलाक टिकट वितरण, निशुल्क निवेदनको व्यवस्था मिलाएको र विपद्का घटनामा तत्काल उद्दार र राहत वितरणको व्यवस्था मिलाएको जस्ता सेवाहरू प्रवाह गरेको छ । तालिम उत्प्रेरणाको कमी, व्यावसायिकताको कमी र अभिलेख व्यवस्थापन आदी यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन् । प्रमाण जुटाउन नसक्ने नागरिकलाई नागरिकता उपलब्ध गराउन, कार्यालयका अनुभवी कमर्चारीलाई अन्यत्र कार्यालयमा जानबाट रोक्न र अपाङ्गमैत्री भवन चुनौतको रूपमा रहेका छन् ।

### ३.४२ जिल्ला प्रशासन कार्यालय, लमजुङ

लमजुङ जिल्ला गण्डकी प्रदेशमा रहेको एक पहाडी जिल्ला हो । राजधानी काठमाण्डौबाट १६० किमी पश्चिममा रहेको छ। भौगोलिक अवस्थिति अनुसार यस जिल्ला २८ डिग्री ०३ मिनेट १८ सेकेण्ड देखि २८० डिग्री ३० मिनेट ३८ सेकेण्ड उत्तरी अक्षांससम्म तथा ८४ डिग्री ११ मिनेट २३ सेकेण्ड देखि ८४ डिग्री ३८ मिनेट १० सेकेण्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। नया संरचना अनुसार यस जिल्लामा ४ वटा नगरपालिका र ४ वटा गाउँपालिका रहेका छन । यस जिल्लाको पूर्वमा गोर्खा जिल्ला, पश्चिममा कास्की जिल्ला, उत्तरमा मनाङ जिल्ला र दक्षिणमा तनहुँ जिल्ला पर्दछ। जिल्लाको भूगोल समुद्रि सतहदेखि ३८५ मिटर (नेपालको मध्य भाग, रम्घा) देखि विश्वका ८००० मिटरभन्दा अग्ला १४ अग्ला हिमालहरू मध्येमा पर्ने ८१६२ मिटर अग्लो मनास्लु हिमालसम्म फैलिएको छ। जिल्लाको कुल क्षेत्रफल १६९२ वर्ग किमी रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-२, नायब सुब्बा-, लेखापाल-१, कम्प्युटर अपरेटर-, खरिदार-, हलुका सवारी चलाक- र कार्यालय सहयोगी- गरी जम्मा जनाको दरबन्दी रहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९२ अंक प्राप्त गरी अति उत्कृष्ठ स्तर सहित २७ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा राष्ट्रिय परिचयपत्र र राहदानीको अनलाईन फाराम कार्यालय भित्रबाटै भर्ने व्यवस्था मिलाईएका, सेवाग्राहीमैत्री प्रतिक्षालयको निर्माण, स्थानीय तहको नक्सासहितको पार्क निर्माण, कार्यालय परिसरमा वाटरफाउन्टेन र फूलवारी निर्माण र सेवाग्राहीका लागि सवारी पार्किङ स्थल निर्माण जस्ता सेवाहरू प्रवाह गरेको छ। सेवाग्राहीको चाप अनुसार जनशक्ति पर्याप्त हुन नसकेको, मनसुनजन्य विपद् व्यवस्थापन कार्यमा प्राविधिक जनशक्तिको अभाव र अपर्याप्त कार्यस्थल आदि यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन । सिमित जनशक्तिबाट सेवाग्राहीको अधिक चापको व्यवस्थापन, प्राविधिक जनशक्ति विना नै मनसुनजन्य विपद् व्यवस्थापन, अपर्याप्त कार्यस्थलका वावजुद गुणस्तरिय सेवा प्रवाह चुनौतको रूपमा रहेका छन् ।

### ३.४७ जिल्ला प्रशासन कार्यालय, पाल्पा

लुम्बिनी प्रदेशमा रहेका १२ जिल्ला मध्ये पाल्पा जिल्ला एक पहाडी जिल्ला हो । यस जिल्लाको सदरमुकाम तानसेनमा पर्दछ भने यसको क्षेत्रफल १३७३ वर्ग कि.मी रहेको छ । यस जिल्लाको पूर्वमा नवलपरासी, पश्चिममा गुल्मी, अर्घाखाँची, उत्तरमा स्याङ्जा, गुल्मी र दक्षिणमा रूपन्देही रहेको छ। दुई वटा सङ्घीय निर्वाचन क्षेत्र र ४ वटा प्रादेशिक निर्वाचन क्षेत्र रही स्थानीय तहको पुनः संरचना पश्चीात १० वटा स्थानीय तहमा विभाजन गरिएको पाल्पा जिल्लामा २ नगरपालिका र ८ गाँउपालिका रहेका छन् भने जसमा जम्मा ८१ वटा वडाहरू रहेका छन । यसै शहरको मुकुटको रूपमा रहेको श्रीनगरडाँडा प्राकृतिक छटाले भरिपूर्ण छ जहाँवाट धौलागिरी, माछापुच्छे, अन्नपूर्ण जस्ता विश्व प्रसिद्ध हिमश्रृंखलाहरूको दृश्यावलोकन गर्न सकिन्छ ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ । यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी-१, रा.प. द्वितिय श्रेणी सहायक प्रमुख जिल्ला अधिकारी-१, रा.प.तृतीय श्रेणी-२, ना.सु -७, लेखापाल-१, कम्प्यूटर अपरेटर-२, खरिदार-४ जना, ह.स.चा. २ जना र का.स. ७ जना सहित जम्मा २७ जनाको दरबन्दी संरचना रहेको छ। यस जिल्लाको आ. व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९१ अंक प्राप्त गरी अति उत्कृष्ठ स्तर सहित ४१ औं स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त कारागार कार्यालय पाल्पाको ढल निकासा अलाईनमेन्टको विवाद समाधान गरेको, वनडढेलो पूर्व तयारी गरी पाल्पाको श्रीनगर डाँडामा सुरक्षाकर्मी सहित २५०० भन्दा बढी जनशक्ति २ पटक परिचालन गरी ज्वलनशील वस्तुको व्यवस्थापन गरेको, आगलागिजन्य विपद व्यवस्थापनमा सहयोग पुगेको, ता.न.पा.को वडा नं. ५ मा करिब ३०० रोपनी सार्वजनिक जग्गामा अतिक्रमण हटाई खाली गराईएको, यस जिल्लामा रहेको चुनढुंगा खानीको स्थलगत अध्ययन गराई सार्वजनिकीकरण गराईएको, जिल्ला प्रशासनमा सेवाग्राहीका लागि मोबाइल चार्जिङ्ग स्टेशन र करिव १५० जनालाई पुग्ने गरी वेन्च र प्रतिक्षालयको व्यवस्था लगायतका कार्यहरू गरेको छ। दरबन्दी बमोजिमको पदपूर्ति हुन नसक्दा एवं सेवा प्रवाहमा अप्रयाप्त बजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी आदि यस कार्यालयले सामना गर्नुपरेका समस्याहरू हुन । मिति २०६२/१०/१८ गते पाल्पा दरवार आक्रमणमा परि कार्यालयका सम्पूर्ण अभिलेख जली नष्ट भएकाले अभिलेख कायम गर्दै सेवा प्रवाह गर्नु पर्दा समय बढी लाग्ने साथै विद्युतीय राहदानी लिन प्रति महिना ३ पटक रूपन्देहीको भैरहवा जानु पर्ने सो को लागि स्रोत साधन व्यवस्था गर्नु प्रमुख चुनौती रहेको छ।

### ३.४८ जिल्ला प्रशासन कार्यालय, रूपन्देही

नेपालको लुम्बिनी प्रदेश अन्तरगतका १२ जिल्लाहरू मध्ये रूपन्देही जिल्ला शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा अवस्थित जिल्ला हो । धेरै धार्मिक स्थलहरू, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थानहरू, औद्योगिक तथा प्राविधिक क्षेत्रहरू, कृषि, वातावरण तथा जैविक विविधतायुक्त आर्थिक तथा पर्यटकीय महत्वका क्षेत्रहरू रहेको यस जिल्लाको नामाकरणको सम्बन्धमा भगवान गौतम बुद्धसँग जोडिएको

छ। यस रूपन्देही जिल्लाको कूल क्षेत्रफल १,४०१ वर्ग किलोमिटर रहेको छ। यो जिल्लाको पूर्वमा नवलपर ासी, पश्चिममा कपिलवस्तु,उत्तरमा अर्घाखाँची र पाल्पा तथा दक्षिणमा छिमेकी राष्ट्र भारतको रहेको छ। यस जिल्लामा ठूला साना गरी ३५ वटा सीमा स्तम्भ रहेकामा सवै पिल्लरहरू मर्मत भएको अवस्था छ। जिल्लाको दक्षिण सीमामा जोडिएका मुख्य नाकाहरू बेलहिया, भगवानपुर, मनहरापुर, अमवा, सेमरपानी, कदमहवा, खैराघाट, ठोटरी, चण्डीघाट, दुबेथुमुवा, हडवड, कालीदह, रहेका छन।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी-१, रा.प.द्वितिय श्रेणी सहायक प्रमुख जिल्ला अधिकारी-२, रा.प.तृतीय श्रेणी-४, ना.सु-१२, लेखापाल-१ कम्प्यूटर अपरेटर-३, खरिदार-६, हलुका सवारी चालक-३ र कार्यालय सहयोगी ८ जना सहित जम्मा ४० जनाको दरबन्दी संरचना रहेको छ। यस जिल्लाको आ. व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८६.५० अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ५७ औं स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त कार्यालय परिसरमा वृक्षारोपण, गुनासो तथा मुद्दा फछ्र्यौट, बजार अनुगमन लगायतका सेवाहरू प्रवाह गरेको छ। अप्रयाप्त बजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तरनिकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन्। प्रतिकूल भोगोलिक अवस्थितिका कारण जिल्लामा अपराध नियन्त्रण गरी शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्नुका साथै सेवा प्रवाहलाई जनमैत्री र प्रविधिमैत्री बनाउनु चुनौतीको रूपमा रहेका छन्।

### ३.४९ जिल्ला प्रशासन कार्यालय, गुल्मी

लुम्बिनी प्रदेशको उत्तरी क्षेत्रमा अवस्थित गुल्मी जिल्ला ११४९ वर्ग कि. मि. (१,१४,९०० हेक्टर) क्षेत्रफलमा फैलिएकोछ। २७° ५५’ देखि २८° २७’ उत्तरी अक्षांश ८३° १० ’ देखि ८३° ३५’ पूर्वी देशान्तरसम्म फैलिएको यस जिल्ला समुद्री सतहबाट ४६५ मि. (रिडि) देखि २६९० मि. (थाप्लेको लेक) सम्मको उचाई रहेको छ।

यस जिल्लामा २ वटा नगरपालिका र १० गाउँपालिका गरी १२ वटा स्थानीय तहहरू क्रियाशिल रहेका छन् भने यस अन्तर्गत ९३ वटा वडा कार्यालयहरू रहेका छन। संस्कृत भाषामा सैनिक वा पल्टनलाई गुल्म भनिने र सामरिक महत्व बोकेको हालको गुल्मी क्षेत्रमा पनि लिच्छविकाल र मध्यकालमा सैनिक गुल्म रहेकोले यसलाई गुल्मी भनी नामकरण गरिएको हो भन्ने भनाइ रहेको छ। यस जिल्लाको पूर्वमा स्याङ्जा र पर्वत, पश्चिममा प्यूठान, उत्तरमा वाग्लुङ एवं दक्षिण सिमानामा पाल्पा र अर्घाखाँची जिल्ला रहेका छन। यस जिल्लामा प्रसिद्ध रेसुङ्गा लेक, थाप्लेको लेक, धार दिने गुफा यस क्षेत्रका प्रसिद्ध ठाउँहरू हुन्।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी-१, रा.प.द्वितिय श्रेणी सहायक प्रमुख जिल्ला

अधिकारी-१, रा.प.तृतीय श्रेणी-२, ना.सु-७, लेखापाल-१, कम्प्यूटर अपरेटर-२, खरिदार-४, हलुका सवारी चालक-२ र कार्यालय सहयोगी ७ जना सहित जम्मा २७ जनाको दरबन्दी संरचना रहेको छ। यस जिल्लाको आ. व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९७.७५ अंक प्राप्त गरी अति उत्कृष्ठ स्तर सहित प्रथम स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त कार्यालय परिसरमा वृक्षारोपण, गुनासो तथा मुद्दा फछ्र्यौट, बजार अनुगमन लगायतका सेवाहरू प्रवाह गरेको छ। अप्रयाप्त बजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तरनिकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन। प्रतिकूल भौगोलिक अवस्थितिका कारण जिल्लामा अपराध नियन्त्रण गरी शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्नुका साथै सेवा प्रवाहलाई जनमैत्री र प्रविधिमैत्री बनाउनु चुनौतीको रूपमा रहेका छन्।

### ३.५० जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची

नेपालको एकीकरण पूर्व चौविसे राज्यको रूपमा रहेका अर्घा र खाँची दुई राज्यको एकीकरण पश्चात यस जिल्लाको नाम अर्घाखाँची कायम भएको देखिन्छ। हाल लुम्बिनी प्रदेशमा पर्ने यो जिल्लाको अधिकांश भू-भाग महाभारत श्रृंखलामा र बाँकी भू-भाग शिवालिक पहाड अन्तर्गत पर्दछ। नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्नुपूर्व गुल्मी अन्तर्गत पर्ने यस जिल्ला २०१८ सालमा छुट्टै जिल्लाको रूपमा कायम भएको हो। २७०-४५' देखि २८०-०६' उत्तरी अक्षांश ८००-४५' देखि ८३०-२३' पूर्वी देशान्तर सम्म फैलिएको यस जिल्लाको क्षेत्रफल ११९३ वर्ग मि. रहेको छ। यस जिल्लाको पूर्वमा पाल्पा, पश्चिशममा  प्युठान, दाङ र उत्तरमा  गुल्मी एवं दक्षिणमा - कपिलवस्तु र रूपन्देही जिल्ला पर्दछन। सुपा देउराली, पाणिनी तपोभूमि, नरसिंह धाम जिल्लाका महत्वपूर्ण धार्मिक-पर्यटकीय स्थलहरू हुन।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी-१, रा.प.द्वितिय श्रेणी सहायक प्रमुख जिल्ला अधिकारी-१, रा.प.तृतीय श्रेणी-२, ना.सु-५, लेखापाल-१, कम्प्यूटर अपरेटर-१, खरिदार-५, हलुका सवारी चालक-१ र कार्यालय सहयोगी-७ जना सहित जम्मा २४ जनाको दरबन्दी संरचना रहेको छ। यस जिल्लाको आ.व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९७ अंक प्राप्त गरी अति उत्कृष्ठ स्तर सहित दोस्रो स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त नागरिकताको सहायताको लागि सेवाग्राही सहायता कक्षको व्यवस्था गरिएको, सार्वजनिक स्थानमा स्तनपान गराउँदा पर्ने असहजतालाई मध्यनजर गरी स्तनपान कक्षको व्यवस्था गरिएको, सेवाग्राहीहरूको लागि विश्राम स्थल र टेलिभिजनको व्यवस्था गरिएको, मोबाईल चार्जिङ्ग स्टेसनको व्यवस्थाका साथै कार्यालय परिसरलाई सौन्दर्यकरण, नियमित कार्यालय परिसर सरसफाई कार्य गरिएको, कार्यालयको भवन साँघुरो पुरानो र जिर्ण रहदा एवं कर्मचारीको अभावले सेवा प्रवाहमा समस्या परेको छ। द्वन्द्वको क्रममा कार्यालयहको सम्पूर्ण अभिलेख नष्ट/भएकोले नागरिकता लगायत अभिलेख कायम गर्नु, संघ,

प्रदेश तथा स्थानीय तहसँगको समन्वय प्रभावकारी बनाई सुशासन कायम गर्नु, जनशक्ति अभावका बावजुत कार्यालयबाट प्रदान हुने सेवाको प्रभावकारी व्यवस्थापन गर्नु यस कार्यालयको प्रमुख चुनौती रहेको छ।

### ३.५१ जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु

कपिलवस्तु जिल्ला नेपालको लुम्बिनी प्रदेश अन्तर्गत तराईमा पर्ने एक जिल्ला हो । यस जिल्लाको कूल क्षेत्रफल १७३८ वर्ग कि.मी. रहेको छ । नेपालको मानचित्रमा यस जिल्लाको पूर्वमा रूपन्देही, उत्तरमा अर्घाखाँची, दक्षिणमा भारतको उत्तर प्रदेश तथा पश्चिममा दाङ जिल्ला रहेका छन् । जिल्लाको पूर्व पश्चिम सरदर लम्बाई ५४ कि.मि. र उत्तर दक्षिण चौडाइ ३२ कि.मी.रहेको पाईन्छ । २७."२५" देखि २७."४९" उत्तरी अक्षांश र ८२."४१" देखि ८३."१४" पुर्वी देशान्तरमा अवस्थित रहेको यो जिल्लाको पुर्व पशिचम सरदर ३३.५ माइल उत्तर दक्षिण २० माइल रहेको छ। शाक्य वंशीय राजा सुद्धोधनको राजदरबार यसै जिल्लाको तिलौराकोटमा पर्दछ। यस जिल्लामा ६ न.पा.,४ गा.पा ३ निर्वाचन क्षेत्र रहेका छन् । जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार कपिलवस्तु जिल्लामा पनि जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो। हाल यसको कार्यालय कपिलवस्तु नगरपालिकाको तौलिहवामा रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ।यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-३, नायब सुब्बा-१०, लेखापाल-१, कम्प्युटर अपरेटर-३, खरिदार-५, हलुका सवारी चलाक-२ र कार्यालय सहयोगी-७ गरी जम्मा ३३ जनाको दरबन्दी रहेको छ। यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत ईलाका प्रशासन कार्यालय चन्द्रौटा, बाणगंगा, कपिलवस्तु गरी २ वटा इलाका प्रशासन कार्यालय मार्फत सेवा प्रवाह भइरहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९०.७५ अंक प्राप्त गरी अति उत्कृष्ठ स्तर सहित ४५ औ स्थान हासिल गरेको छ। आ.व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा कार्यालयमा स्तनपान कक्ष, नागरिक सहायता कक्ष, चार्जिङ स्टेशनको व्यवस्था एवं कार्यालय सौन्दर्यीकरण, कोभिड नियन्त्रण, स्थानीय तह निर्वाचन लगायत जिल्लाको समग्र सुरक्षा व्यवस्थाका लागि सुरक्षा निकायहरूको समन्वयात्मक एवं प्रभावकारी परिचालन, नागरिकता सम्बन्धी सेवा प्रवाहलाई प्रभावकारी र चुस्त बनाउन Computer Entry Station थप गरेको र सेवाग्राहीलाई सहज एवं सुलभ सेवा प्रवाहका लागि जिल्ला हुलाक कार्यालयको कर्मचारी सहित कार्यालय भित्रै हुलाक टिकटको व्यवस्था जस्ता सेवाहरू प्रवाह गरेको छ। दरबन्दी अनुसार कर्मचारी पदपूर्ती नहुनु, भौतिक संरचनाको अभाव र आवश्यक स्रोत साधनको कमी आदी यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन् । खुला सीमानाका कारण शान्ति सुरक्षा व्यवस्थापन एवं अवैध ओसार पसार नियन्त्रण, सेवाग्राहीको बढ्दो चाप तर जनशक्ति न्यून र छाडा चौपायाको व्यवस्थापन नहुँदा बढ्दो सवारी दुर्घटना चुनौतीको रूपमा रहेका छन् ।

## ३.५२ जिल्ला प्रशासन कार्यालय, पूर्वी रूकुम

रूकुम पूर्व जिल्ला नेपालको कान्छो जिल्ला तथा लुम्बिनी प्रदेशको एकमात्र हिमाली जिल्ला हो ।यो जिल्ला पूर्वमा बाग्लुङ र म्याग्दी, पश्चिम रुकुम (पश्चिम), उत्तर डोल्पा दक्षिण, रोल्पासँग सीमाना जोडिएको रहेको छ। समुन्द्र सतहदेखि ७२४६ मि. उचाई मा रहेको यस जिल्लाको क्षेत्रफल १६६३ वर्ग कि.मि. रहेको छ।

यस जिल्लामा विभिन्न जातजाति, भेष-भूषा, भाषा, संस्कृति, चाडपर्व र धार्मिक विविधता रहेको छ। नेपाल सरकारको राज्य पुनः सरचनाको क्रममा वि.स. २०७४ सालमा स्तरोन्नती भई साविकको इलाका प्रशासन कार्यालय रुकुमकोटबाट जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व बनेको हो । हाल जिल्ला प्रशासन कार्यालय लगायत सबै कार्यालहरू रुकुमकोटमा अवस्थित रहेका छन् । सानीभेरी, लुकुम गाड, पेल्मा खोला, रन्माखोला, रुजीखोला, चुन्वाङखोला, कोर्जाखोला, छिपखोला आदि प्रमुख नदी खोलाहरू पर्दछ ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ ।यस कार्यालयमा राजपत्रांकित द्वितिय श्रेणीको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. तृतीय श्रेणी)-१, नायब सुब्बा-४, लेखापाल-१, कम्प्युटर अपरेटर-२, खरिदार-४, हलुका सवारी चलाक -१ र कार्यालय सहयोगी-६ गरी जम्मा २० जनाको दरबन्दी रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८६ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ६० औ स्थान हासिल गरेको छ । आ. व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा स्तनपान कक्षको स्थापना, रुकुम पूर्व र बाग्लुङको सिमानामा हिमपातबाट अवरुद्ध राजमार्ग सञ्चालन, सिस्ने गा.पा.-५ र भूमे गा.पा.-२ मा ३३ के.भी. क्षमताको सव स्टेशन निर्माणका लागि पहल, स्थानीय तह निर्वाचन २०७९ को जिल्ला स्तरमा समन्वय तथा सहजीकरण, पुथाउत्तरगंगा गा.पा.मा हिमपातमा परी हराइरहेका ६ जनाको उद्दारको लागि पहल, सिस्ने गा.पा.-४ को जंगलमा भेटिएको बम डिस्पोज गर्न पहल र जिल्लाको शान्ति सुरक्षा तथा प्रशासनिक कामकाजमा समन्वय तथा सहजीकरण आदि सेवाहरू प्रवाह गरेको छ। जिल्ला सदरमुकाम विवादको कारण समयमा भौतिक पूर्वाधार निर्माण बन्न नसक्दा संरचना सेवा प्रवाहमा कठिन भएको, विद्युत, टेलिफोन, ईन्टरनेट साथै खानेपानीको आवश्यकता अनुसार व्यवस्थापन नभएकोले आधारभूत सेवा वितरणमा कठिन भएको, स्थानीय तहका जनप्रतिनिधीहरूको क्षमता अभिवृद्धि गर्न नसकिएकोले सेवा प्रवाहमा जनताले सहज तवरले सेवा लिन नसकेको आदि यस जिल्लाले सामना गर्नुपरेका समस्या र चुनौतीको रूपमा रहेका छन् ।

## ३.५३ जिल्ला प्रशासन कार्यालय, रोल्पा

रोल्पा जिल्ला लुम्विनी प्रदेशको पहाडी भु-भागमा अवस्थित जिल्ला हो। यो जिल्लाको कूल क्षेत्रफल १८९३ वर्ग कि.मि. रहेको छ। यस जिल्लाको पूर्वमा बाग्लुङ र प्यूठान, पश्चिममा सल्यान, उत्तरमा रुकुम तथा दक्षिणमा दाङ जिल्ला रहेका छन् । वि.सं.२०१८ साल पूर्व रोल्पा नामको जिल्ला अस्तित्वमा थिएन । तत्कालीन राजा

महेन्द्रबाट पञ्चायती शासन व्यवस्थाको विजारोपण सँगसंगै जिल्लाहरूको संरचना विभाजन र समायोजन गर्ने क्रममा प्युठान र सल्यान जिल्ला अन्तर्गत रहेका केही भू-भागलाई मिलाएर एउटा छुट्टै जिल्ला घोषणा गर्ने कार्य भयो। त्यसपछि कोटमौला गा.वि.स.को रोल्पा भन्ने ठाउँ (उक्त गा.वि.स.२०३२ साल तिर सल्यान जिल्लामा मिलान गरिएको) को नामबाट रोल्पा जिल्ला भन्ने नाम रहन गई जिल्ला सदरमुकाम लिवाङमा स्थापित भयो।यसरी रोल्पा जिल्ला छुट्टै रूपमा स्थापना भएतापनि केही वर्षसम्म सम्पूर्ण सरकारी कामकाज प्यूठान जिल्लाबाटै हुने गर्दथ्यो। रोल्पा जिल्लामा ५४ वटा गा.वि.स.(तत्कालिन गाउँ पञ्चायत) रहँदै आएकोमा पुनः भौगोलिक संरचना गर्ने क्रममा २०३२/०३३ सालतिर रोल्पा जिल्ला अन्तर्गतका ढाकाडाम, दमाचौर, कालागाउँ, थारमारे, कोटमौला लगायतका गा.वि.स.हरू सल्यान जिल्लामा र रोल्पा जिल्लाको खारा लगायतका गा.वि.स.हरूलाई रुकुम जिल्लामा मिलान गरिएको थियो भने प्यूठान जिल्ला अन्तरगत रहेका मसीना, जौलिपोखरी, घोडागाउँ, खुंग्री तथा सल्यान जिल्लाका दुबिडाँडा, सखी, झेनाम, नुवागाउँ, जुँगार, गैरीगाउँ, बुढागाउँ,डुब्रीङ गा.वि.स.हरू रोल्पा जिल्लामा मिलान गरेपछि रोल्पा जिल्लामा ५१ वटा गा.वि.स.कायम हुन गएको हो।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत-२, नायब सुब्बा-६, लेखापाल-१, कम्प्युटर अपरेटर-१, खरिदार-३, हलुका सवारी चलाक-१ र कार्यालय सहयोगी-ट गरी जम्मा २२ जनाको दरबन्दी रहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८८.७५ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ४९ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा कार्यालय सजावटका अतिरिक्त गुनासो तथा मुद्दा फछ्र्यौट, बजार अनुगमन लगायतका सेवाहरू प्रवाह गरेको छ। भौगोलिक रूपमा विकट रहेको यस जिल्लामा भौतिक पूर्वाधारको कमी, दरबन्दी अनुसार कर्मचारी पदपूर्ति नहुनु, प्राविधिक जनशक्तिको अपर्याप्तताका कारण कार्यबोझ अनुसार जनशक्ति नहुनु यस कार्यालयको प्रमुख चुनौतीको रूपमा रहेका छन्।

## ३.५४ जिल्ला प्रशासन कार्यालय, प्युठान

प्यूठान शब्दको उत्पत्ति कसरी भयो भन्ने सम्बन्धमा विभिन्न धारणाहरू पाइन्छन्। कर्कपेट्रीकले प्रार्थना (पुरथाना) बाट अपभ्रंश हुँदै प्यूठान भएको, ह्यामिल्टनले पुजुठानाबाट प्यूठान, ओल्डफिल्डले प्राथनाबाट प्यूठान नाम रहन गएको र योगी नरहरिनाथले प्लुथानबाट प्यूठान रहन गएको उल्लेख गरेका छन्। पृथ्वीनारायण शाहले समय-समयमा लेखेको पत्रहरूमा, पिउठानी, पिउठाना भनी उल्लेख गरेको पाइन्छ। सुरक्षा सम्बन्धी शब्द-पिउठ बस्ने ठाना भएकोले पिउठानाबाट अपभ्रंश भई पिउठान् नाम रहन गएको थियो भने तर्क आम रूपमा बलियो रहेको छ। प्यूठान जिल्ला लुम्बिनी प्रदेशको पहाडी क्षेत्रमा अवस्थित जिल्ला हो। यसले करिब १३०९ वर्गकिलोमिटर क्षेत्र ओगटेर रहेको छ। यस जिल्लाको सिमाना ५ वटा जिल्लासँग जोडिएको छ।

यसको पूर्वी दिशामा गुल्मी र अर्घाखाँची, पश्चिममा रोल्पा र दाङ, उत्तरमा रोल्पा र बाग्लुङ्ग, दक्षिणमा दाङ र अर्घाखाँची जिल्लाहरू रहेका छन् ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ ।यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत-२, नायब सुब्बा-२, लेखापाल-१, कम्प्युटर अपरेटर-४, टाइपिष्ट नायब सुब्बा-१, हलुका सवारी चलाक-१ र कार्यालय सहयोगी-७ गरी जम्मा १९ जनाको दरबन्दी रहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९१.२५ अंक प्राप्त गरी अति उत्कृष्ठ स्तर सहित ३८ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा कार्यालय सजावटका साथै गुनासो तथा मुद्दा फछ्र्यौट, बजार अनुगमन लगायतका सेवाहरू प्रवाह गरेको छ । अपर्याप्त बजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तरनिकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन । भौगोलिक रूपमा विकट रहेको यस जिल्लामा प्रभावकारी रूपमा अपराध नियन्त्रण गरी शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्नु र सेवा प्रवाहलाई जनमैत्री र प्रविधिमैत्री बनाउनु चुनौतीको रूपमा रहेका छन् ।

### ३.५५ जिल्ला प्रशासन कार्यालय, दाङ

लुम्बनी प्रदेशमा अवस्थित दाङ जिल्लाको क्षेत्रफल २९५५ वर्ग कि.मि. छ। यस जिल्लाको दक्षिणी सीमानामा भारतको उत्तर प्रदेशको बलारामपुर र श्रावस्ती गरी दुई वटा जिल्ला पर्दछ भने पश्चिममा सल्यान र बाँके जिल्ला पर्दछ। त्यसैगरी उत्तरमा सल्यान, प्यूठान र रोल्ला जिल्ला पर्दछन्। त्यस्तै पूर्वी सीमानामा प्यूठान र अर्घाखाँची तथा कपिलवस्तु जिल्ला पर्दछन् । भौगोलिक रूपमा यस जिल्लामा भित्री मधेशका समथर फाँटहरू, यी फाँटहरूलाई चारैतिर बाट घेर्ने साना तथा मध्यम पहाडहरू समेतबाट निर्मित दुई उपत्यका रहेका छन्। माथिल्लो उपत्यका दाङ र तल्लो उपत्यका देउखुरीको नामबाट परिचित छन्। दाङ उपत्यका नेपालकै ठुलो उपत्यकाकै रूपमा मात्र परिचित नभई एसियाकै ठुला उपत्यकाहरू मध्ये एक मानिन्छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-३, नायब सुब्बा-१०, लेखापाल-१, कम्प्युटर अपरेटर-३, खरिदार-५, हलुका सवारी चलाक-२ र कार्यालय सहयोगी-७ गरी जम्मा ३३ जनाको दरबन्दी रहेको छ । यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत ईलाका प्रशासन कार्यालय तुलसीपुर र लमही गरी २ वटा इलाका प्रशासन कार्यालय मार्फत सेवा प्रवाह भइरहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९३.२५ अंक प्राप्त गरी अति उत्कृष्ठ

स्तर सहित १६ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा कार्यालय परिसरभित्र स्तनपान कक्ष निर्माण गरी सञ्चालनमा ल्याइएको, लामो समयदेखि बन्द रहेको घोराही-बंगलाचुली जोड्ने सडक खुलाईएको, विगत २ वर्षदेखि अबरुद्ध घोराही तुलसीपुर चार लेन सडक पुनः निर्माण कार्य सुचारु भएको र दाङ र भारतको सीमावर्ती जिल्ला बलरामपुर अन्तर्गत विभिन्न सीमा नाकाहरूबाट हुने चोरी निकासी र अवैध क्रियाकलाप नियन्त्रणका विषयमा उपरोक्त जिल्लाका उच्च अधिकारीहरूसँग भेटघाट र छलफल गरी कार्यान्वयन थालिएको जस्ता सेवाहरू प्रवाह गरेको छ।

राष्ट्रिय परिचयपत्र बनाउन आउने सेवाग्राहीको अत्यधिक चापका कारण २ वटा मात्र स्टेसनबाट सेवाप्रवाह गर्न कठिन भएको, न्यून बजेटको कारण विकास निर्माण एवम् सुरक्षाका विषयहरूमा अनुगमन गर्न कठिन भएको र इपासपोर्ट लागु भइसकेपछि साविक जनशक्तिबाट काम गर्न कठिन भएको आदि यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन् । बढ्दो अपराधका घटनाहरूलाई निरुत्साहित गरी शान्ति सुरक्षालाई मजबुत बनाउनु, सीमित जनशक्तिका बाबजुद पनि जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयहरूमा प्रभावकारी सेवा प्रवाह गर्नु, सीमावर्ती क्षेत्रमा हुने अवैध चोरी निकासी र अपराधका घटनालाई नियन्त्रण गर्नु चुनौतीको रूपमा रहेका छन् ।

### ३.५६ जिल्ला प्रशासन कार्यालय, बाँके

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत पर्ने बाँके जिल्ला यस क्षेत्रकै प्रमुख औद्योगिक तथा व्यापारिक केन्द्र, तथा हिमाली तथा सुदुर पहाडी भूभागहरूको हवाई नाका एवम् यस क्षेत्रको प्रवेशद्वार मानिन्छ । वि.सं. १८७३ को सुगौली सन्धीमा नेपालले गुमाएको भू-भाग मध्ये वि.सं. १९१७ मा ईष्ट ईण्डिया कम्पनीबाट नेपालले पुरस्कार स्वरूप बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलाई प्राप्त गरेको थियो, जस्ले कालान्तरमा नयाँ मुलुकका रूपमा पहिचान प्राप्त भयो । जिल्लाको उत्तर क्षेत्र भावर क्षेत्र र चुरे पर्वत श्रृङ्खलामा पर्ने भएकोले यस क्षेत्रमा जनसंख्याको खासै चाप नरहेको देखिन्छ । जिल्लाको कूल भूभाग मध्ये अधिकाँश भू-भाग (करीब ७० प्रतिशत) औषत १ डिग्री भन्दा कम भिरालो भएको क्षेत्रले ढाकेको छ भने चुरे क्षेत्रमा जमिन १२३१ मिटर उचाँईसम्म उठेको छ। भौगर्भिक रूपमा चुरे पहाडको उत्तरी मोहडा सामान्य भिरालो छ भने दक्षिण मोहडा अति भिरालो छ। यो जिल्लाको उत्तरमा दाङ्ग र सल्यान जिल्ला, दक्षिणमा भारत, पूर्वमा दाङ्ग र भारतीय सिमाना तथा पश्चिममा बर्दिया जिल्लाको सिमाना पर्दछन् ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-२, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-४, नायब सुब्बा-१२, लेखापाल-१, कम्प्युटर अपरेटर-३, खरिदार-६, हलुका सवारी चलाक-३ र कार्यालय सहयोगी-८ गरी जम्मा ४० जनाको दरबन्दी रहेको छ। यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत ईलाका प्रशासन कार्यालय कोहलपुर र नरैनापुर गरी २ वटा इलाका

प्रशासन कार्यालय मार्फत सेवा प्रवाह भइरहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९२.५ अंक प्राप्त गरी अति उत्कृष्ठ स्तर सहित २२ औ स्थान हासिल गरेको छ। आ.व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा सेवा प्रवाहसँग सम्बन्धित गुनासोलाई सोझै सम्बोधन गर्न प्र.जि.अ. र स.प्र.जि.अ.को सम्पर्क नम्बर सहितको ब्यानर बाँके जिल्ला स्थित सबै सरकारी कार्यालयहरूमा राखिएको, न्यायिक कार्यालय चुस्त दुरुस्त तथा प्रभावकारी बनाउनको लागि छुट्टै इलजास कक्ष निर्माण अन्तिम अवस्थामा रहेको, विकास तथा पुंजीगत खर्च गर्ने कार्यालयका प्रमुखहरूले उल्लेखनीय कार्य गरेको अवस्थामा पुरस्कृत गर्ने कार्य गरिएको र एक महिनामा एक पटक नियमित रूपमा हुने कार्यालय प्रमुखहरूको बैठकमा प्रत्येक कार्यालयले केही न केही नयाँ कार्य गर्नुपर्ने अभियान चलाईएको जस्ता सेवाहरू प्रवाह गरेको छ। कार्यालयका ४ वटा सवारी साधन मध्ये ३ वटा पुराना र कामचलाउ अवस्थामा मात्र रहेका, प्र.जि.अ. आवास जिर्ण रहेको र कार्यालयको जेनेरेटर सञ्चालन गर्न नसक्दा बिद्युत आपुर्ति रोकिँदा सेवा प्रवाह अवरुद्ध हुने गरेको आदि यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन्। सेवाग्राहीहरूको चाप अनुरूप राष्ट्रिय परिचय पत्र वितरण गर्नु, सेवाग्राहीहरूको चाप अनुरूप विद्युतिय राहदानी वितरण गर्नु र ईलाका प्रशासन कार्यालय नरैनापुर सञ्चालनमा ल्याउनु चुनौतीको रूपमा रहेका छन्।

### ३.५७ जिल्ला प्रशासन कार्यालय, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम)

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत पर्ने जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) तराईमा अवस्थित जिल्ला हो। नेपालको संविधान (२०७२) मा साविकको नवलपरासी जिल्लालाई नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नामाकरण भै छुट्टा छुट्टै जिल्लाको रूपमा अनुसूचीमा उल्लेख भए बमोजिम मिति २०७४।०७।१९ गते देखि जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को नामबाट कार्यालय सञ्चालन भै आएको छ। पूर्वः नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पश्चिमः रूपन्देही जिल्ला, उत्तरः पाल्पा र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, दक्षिणः भारतको उत्तर प्रदेश (यु.पी.) र बिहार राज्य सँग सिमाना जोडिएको यस जिल्लाको क्षेत्रफल ७४७.०५ वर्ग कि.मी. रहेको छ। औसत लम्बाई (उत्तर-दक्षिण) ३४ कि.मी. र औसत चौडाई (पूर्व-पश्चिम) ३२ कि.मी. रहेको यस जिल्लामा विभिन्न प्रकार र अवस्थाका १६ सीमा स्तम्भहरू रहेका छन। समुन्द्री सतहबाट १०३२ मिटर (महलपोखरी) उचाई सम्म फैलिएको यस जिल्लामा कृषियोग्य जमिन ७०१४३ हेक्टर, वनजंगलले ढाकेको क्षेत्र ३६४० हेक्टर (३०%), शहरी क्षेत्र ४७.५ वर्ग कि.मी. (६५%) रहेको छ। मुख्य नदीनालाहरूमा नारायणी, तुरिया, झरही, धनेवा, प्रमुख ताल नन्दन ताल, बुद्धमंगल ताल, धर्मपोखरी ताल, तेलना पोखरी, गैडाताल, मुख्य धार्मिक, पर्यटकीय र ऐतिहासिक स्थलहरू पाल्हीभगवती मन्दिर, पण्डितपुर र रामग्राम स्तुप लगायत रहेको छन।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय

श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-३, नायब सुब्बा-१०, लेखापाल-१, कम्प्युटर अपरेटर-३, र खरिदार- ६ ह.स.चा.-२ र कार्यालय सहयोगी-७ गरी जम्मा ३३ जनाको दरबन्दी रहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९४ अंक प्राप्त गरी अति उत्कृष्ठ स्तर सहित ११ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा कोभिड-१९ परीक्षणका लागि भारतीय सीमा क्षेत्रको त्रिवेणी धाम व्यारेजमा हेल्थ डेस्कको स्थापना, राहदानी सेवालाई सहज बनाउन नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखासँग समन्वय तथा सहकार्य जस्ता सेवाहरू प्रवाह गरेको छ। दरबन्दी तेरीज अनुसार जनशक्ति पदपूर्ति हुन नसकेको, आफ्नो जग्गा भवन नभएको, स्रोत अभावका कारण दैनिक कार्य सञ्चालनमा कठिनाई र कर्मचारीलाई तालिम प्रशिक्षणको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन्। भौतिक पूर्वाधारको कमी, दरबन्दी अनुसार कर्मचारी पदपूर्ति नहुनु, प्राविधिक जनशक्ति (कम्प्युटर अपरेटर) को अपर्याप्तता र कार्यबोझ अनुसार जनशक्ति नहुनु यस कार्यालयको प्रमुख चुनौतीको रूपमा रहेका छन्।

### ३.५८ जिल्ला प्रशासन कार्यालय, बर्दिया

लुम्बिनी  प्रदेशमा पर्ने बर्दिया जिल्ला नेपालको पश्चिम क्षेत्रको अन्न भण्डारको रूपमा पनि चिनिन्छ। यो जिल्लाको पुर्वमा बाँके, पश्चिममा कैलाली, उत्तरमा सुर्खेत र सल्यान तथा दक्षिणमा भारतको उत्तर प्रदेशको बहराईच जिल्ला पर्दछ। यस जिल्लाको कुल क्षेत्रफल २०२५ वर्ग कि.मी. मध्ये दुई तिहाइ भन्दा बढी भु-भाग (६८.७६ प्रतिशत) तराईको समथल जमिनले ओगटेको छ भने बाँकी भाग (३१.२४ प्रतिशत) चुरे पर्वत पर्दछ। बिगतमा आदिबासी थारुहरूको बाहुल्यता रहेको यो जिल्ला पछिल्ला दिनहरूमा बाहिरी जिल्लाहरूबाट बसाईसराईको क्रम बढेसंगै जातिय र साँस्कृतिक बिबिधता रहेको छ। वि.सं. १९१४ मा भारतमा भएको सिपाही बिद्रोहको समस्या समाधान गर्न तत्कालिन प्रधानमन्त्री श्री ३ जंग बहादुर राणाले ईष्टईण्डिया कम्पनीलाई सहयोग गरेवापत वि.स. १८७३ को सुगौली सन्धीबाट गुमेको भु-भाग मध्ये बि.स. १९१७ मा बाँके, बर्दिया, कैलाली र कंञ्चनपुर नेपाललाई फिर्ता आएकोले बर्दिया लगायत उल्लेखित जिल्लाहरू नयाँ मुलुकको रूपमा पनि चिनिन्छन। जैविक विविधता, दुर्लभ वन्यजन्तु कृष्णसार संरक्षण, देशकै लामो कर्णाली नदी, धार्मिक-भाषिक विविधता, अन्न भण्डार, विविध धार्मिक पर्यटकीय स्थल, धार्मिक-साँस्कृतिक सहिष्णुतायुक्त समाज समेतले बर्दियाको चिनारी दिइरहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-३, नायब सुब्बा-१०, लेखापाल-१, स.कम्प्युटर अपरेटर-३, हलुका सवारी चालक-२ र कार्यालय सहयोगी-७ गरी जम्मा ३३ जनाको दरबन्दी रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९१.५ अंक प्राप्त गरी अति उत्कृष्ठ स्तर सहित घछ औ स्थान हासिल गरेको छ। आ.व. २०७८/७९ मा

कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा कार्यालयलाई थप सेवाग्राहीमैत्री बनाइएको जसमा प्रतिक्षालय, हेल्प डेस्क, स्तनपान कक्ष, Free Wifi, हुलाक टिकट काउण्टर आदिको व्यवस्था, कार्यालय प्रमुख कक्षबाट CCTV मार्फत सबै शाखाहरूको कामकारवाहीको अनुगमन, स्थानीय तहसँगको समन्वयमा प्रहरी चौकी र BOP भवन निर्माण, तोकिएको समयमा सम्पन्न हुन नसकेका रुग्ण आयोजनाहरूको लगत तयार गरी प्रभावकारी अनुगमन मार्फत आयोजना सम्पन्न गर्न पहल र कार्यालयको ट्वीटर, फेसबुक पेज र Web site मार्फत सम्पूर्ण सूचनाहरू सार्वजनिकीकरण र प्रवाहको व्यवस्था जस्ता सेवाहरू प्रवाह गरेको छ। बढ्दो जनअपेक्षा र न्यून स्रोत साधन र जनशक्ति, पुराना नागरिकता अभिलेख व्यवस्थापन र कर्मचारीको बढ्दो कामको चाप र न्यून मनोबल र उत्प्रेरणा आदि यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन्। न्यून जनशक्ति तथा भएका जनशक्तिलाई Retrain गर्न, बढ्दो मानव वन्यजन्तु द्वन्द्वका कारण शान्ति सुरक्षा कायम गर्नु र ३ तहका जिल्ला स्थित कार्यालय र कर्मचारीहरू बीचको समन्वय चुनौतीको रूपमा रहेका छन्।

## ३.५९ जिल्ला प्रशासन कार्यालय, सल्यान

सल्यान जिल्ला कर्णाली प्रदेशमा अवस्थित जिल्ला हो। यस जिल्लाको सदरमुकाम खलङ्गा बजारमा रहेको छ। क्षेत्रफल १,९५१ वर्ग कि.मी. (१,९५,१७८ हेक्टर) रहेको छ भने जिल्लाको पूर्वमा रोल्पा पश्चिममा सुर्खेत र बर्दिया उतरमा जाजरकोट र रुकुम दक्षिणमा दाङ र बाँके जिल्ला रहेका छन्। यो जिल्लामा ऐतिहासिक महत्व बोकेको क्षेत्रहरू खैरावाङ भुवनेश्वरी मन्दिर, लक्ष्मीपुर शक्तिपिठ, छाँयाक्षेत्र मन्दिर, कृष्ण मन्दिर देवस्थलका साथै कुपिण्डे ताल र कछुवा दह जस्ता पर्यटकीय क्षेत्रहरू पनि रहेका छन्। नेपालका अन्य जिल्लाहरूमा जस्तै सल्यानमा पनि विभिन्न किसिमका जातजाति, धर्मालम्बीहरू र भाषा भाषीहरूको बसोबास रहेको पाइन्छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यलय सल्यानमा रा.प.प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प.द्धितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, रा.प.तृतीय श्रेणी प्रशासकीय अधिकृत -२, नासु -५, लेखापाल -१ कम्प्यूटर अपरेटर -२, खरिदार -३ कार्यालय सहयोगी -६ जनासहित जम्मा २१ जनाको दरबन्दी संरचना रहेको छ। यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत थारमारे इलाका प्रशासन कार्यालयमा शाखा अधिकृतको नेतृत्वमा ८ जना कर्मचारीहरू कार्यरत छन। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९४.५ अंक प्राप्त गरी अति उत्कृष्ट स्तर सहित नवौ (९) स्थान हासिल गरेको छ। आ.व. २०७८/७९ मा कार्यलयले नियमित कामका अतिरिक्त धैरै दुर्घटना हुने सडकहरूमा टाइमकार्डको व्यवस्था, कार्यालयमा टोकन प्रणालिको सुरुवात, नागरिक सहायता तथा नागरिक विश्रामस्थलको व्यवस्था तथा पुराना भवनको मर्मतसंभार लगायतका कामहरू गरिएको छ। दरबन्दी अनुसार कर्मचारीको अभाव, भएका कर्मचारीमा पनि प्रविधिको कमी तथा अभिलेख व्यवस्थापन लाई डिजिटाइजेसन गर्न नसक्नु यस कार्यालयले सामना गरेका मुख्य समस्याहरू हुन। यस जिल्लामा प्रभावकारी रूपमा अपराध नियन्त्रण गर्नु, शान्ति सुव्यवस्था कायम राख्नु र सेवा प्रवाहलाई जनमैत्री तथा प्रविधिमैत्रि बनाउनु चुनौतिको रूपमा रहेको छ।

## ३.६० जिल्ला प्रशासन कार्यालय, डोल्पा

नेपालको सबै भन्दा ठुलो जिल्लाको रूपमा परिचित यस जिल्लाको आफ्नै भौगोलिक बिशिष्टता रहेको छ। प्राकृतिक सौन्दर्यता र जडिबुटीले धनी यस जिल्ला पर्यटकीय स्थलको रूपमा पनि चिनिन्छ। नेपालको सबै भन्दा गहिरो शे-फोक्सुण्डो ताल, विश्वकै सबै भन्दा पछि जानकारीमा आएको बस्ती भिजेर गा.वि.स.को “कु” गाँउ  विश्वकै सबै भन्दा अग्लो स्थानमा रहेको धो तराप बस्ती यसै जिल्लामा पर्दछन् । क्षेत्रफल ७,८८९ वर्ग कि.मि. रहेको यस जिल्लाले नेपालको कुल क्षेत्रफलको ५.३६% भुभाग ओगटेको छ। यस जिल्लाको पूर्वमा मुस्ताङ र चीनको तिब्बत, पश्चि ममा जुम्ला र मुगु, उत्तरमा चीनको तिब्बत, दक्षिणमा जाजरकोट र रुकुम रहेका छन त्रिपपुरासुन्दरी मन्दिर, शे-गुम्बा, लगायतका धार्मिक स्थल यसै जिल्लामा अवस्थित छन् । यस जिल्लामा मुख्य रूपमा व्राम्हण, क्षेत्री, गुरूङ, मगर, थकाली, डोल्पो, दलित र नेवार जातिका मानिसहरू बसोबास गर्दछन् ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ । जिल्ला प्रशासन कार्यलय डोल्पामा रा.प.द्वितीय श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प.तृतीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, नासु -४, लेखापाल -१, कम्प्युटर अपरेटर- १ खरिदार -४ कार्यालय सहयोगी -५, ह.स.चा.-१ जनासहित जम्मा १८ जनाको दरबन्दी संरचना रहेको छ । यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत इल नर्कु इलाका प्रशासन कार्यालय रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ७७.२५ अंक प्राप्त गरी उत्तम स्तर सहित सतहत्तरौ (७७) स्थानमा रहेको छ। आ.व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त, वैठक तथा सेमीनारहरूमा स्थानीय क्षेत्रमा उत्पादन भएको खाद्यवस्तुको मात्र उपभोग गर्ने कार्यालयमा फुल रोपी सौन्दर्यता कायम गर्ने, आर्थिक सुशासन कायम गर्ने उद्देश्यले जिल्लामा कुनै पनि कार्यक्रम सञ्चालन गर्दा सर्वप्रथम सो कार्यक्रमको खर्चको विवरण सार्वजनिक गरेपछि मात्र कार्यक्रम सञ्चालन गर्ने प्रवन्ध गर्ने, मितव्ययिता र पारदर्शिता कायम गर्न भत्ता वितरणमा खामको प्रयोग नगर्ने, कार्यालय परीसरमा हरियाली कायम गर्न एक कार्यालयमा अनिवार्य रूपमा ५ विरुवा रोप्ने लगायतका निर्णय गरी कार्यन्वयन गरीएको छ। बिद्युतको केन्द्रीय प्रशारण लाईन नजोडिएकोले स्थानीय जलविद्युतबाट नियमित आपुर्ति नहुदा सेवा प्रवाहमा कठिनाई, स्वच्छ खानेपानीको अभाव, प्रभावकारी संचारको अभाव जस्ता मुख्य समस्याहरू जिल्लाले सामना गर्नुपरेको छ। भोट क्षेत्रका सेवाग्राहीहरूलाई सेवामा सन्तुष्टि दिलाउन भाषिक व्यवस्थापन गरी सेवा प्रवाह गर्नु, इन्टरनेट क्षमतालाई तिव्र वा प्रभावकारी रूपमा सञ्चालन गरी सेवा प्रवाह गर्नु, भौगोलिक विकटता रहेको यस जिल्लामा प्रभावकारी अनुगमन र मुल्यांकन तथा शान्ति सुरक्षा तथा सु-व्यवस्था कायम गर्नू चुनौतीको रूपमा रहेका छन ।

## ३.६१ जिल्ला प्रशासन कार्यालय, मुगु

ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक तथा  पौराणिक किम्वदन्तीहरूले धनि मानिने मुगु जिल्लाको क्षेत्रफल ३१०३ वर्ग किलोमिटर  रहेको छ। पुर्वमा डोल्पा, पश्चिममा बाजुरा, उत्तरमा हुम्ला र चीनको स्वशासित क्षेत्र तिव्वत, दक्षिणमा जुम्ला, कालिकोट  रहेका छन। यस जिल्लाको  सदरमुकाम गमगढी रहेको छ। प्राय मुगाली

भनेर चिनिने यस क्षेत्रका बासिन्दाहरू रारा तालको  मालिक भन्न रुचाउछन् । यस जिल्ला मुगु कर्णाली, हुम्ला कर्णाली जस्ता नदीहरू त्यसैका छेउछाउमा बस्ने डाँफे, कालिज चराहरूको सुमधुर धुन र कस्तुरीहरूको नाचले मुगु जिल्लाको बिशेष परिचय दिन्छन् ।

नेपाल सरकारको जिल्ला स्थित प्रतिनिधिको रूपमा प्रमुख जिल्ला अधिकारिले नेतृत्व गर्ने गरी स्थानीय प्रशासन ऐन, २०२८ र अन्य सम्बद्ध ऐन कानूनको कार्यान्वयन गरी जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्ने प्रमुख उद्देश्यका साथ वि.सं. २०२५ सालमा यस जिल्ला प्रशासन कार्यालय, मुगुको स्थापना भएको हो । मुगु जिल्लाको सदरमुकाम गमगढीमा अवस्थित

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यलय मुगुमा रा.प.द्वितीय श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प.तृतीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, नासु -४, लेखापाल -१, कम्प्युटर अपरेटर- १ खरिदार -४ कार्यालय सहयोगी -५, ह.स.चा.-१ जनासहित जम्मा १८ जनाको दरबन्दी संरचना रहेको छ। साथै, यस जिल्लामा शाखा अधिकृतको नेतृत्वमा ६ जना कर्मचारी रहेको एक इलाका प्रशासन कार्यालय, सोरुकोट समेत रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९०.७५ अंक प्राप्त गरी अति उत्कृष्ट स्तर सहित पैतालिस (४५) स्थान हासिल गरेको छ। आ.व. २०७८/७९ मा कार्यलयले नियमित कामका अतिरिक्त हेल्पडेस्कको व्यवस्था, सेवाग्राहीका लागि टेलिभिजन जडान, कार्यालय क्षेत्रमा Free Wi-Fi को व्यवस्था, तातो/चिसो पानीको व्यवस्था, डिजिटल नागरिक वडापत्रको व्यवस्था, CCTV जडान एवम् सञ्चालन आदी Innovative कामहरू गरिएको छ। पुराना र जीर्ण रेकर्डका कारण सेवा प्रवाहमा कठिनाई हुने, कार्यबोझको तुलनामा कर्मचारीको दरबन्दी र भौतिक तथा आर्थिक स्रोत साधनको कमी, नेपाल सरकारद्वारा निर्धारित मर्यादाक्रममा प्रमुख जिल्ला अधिकारीलाई निकै तल पारिएको हुँदा विपद् व्यवस्थापन लगायत अन्य महत्वपूर्ण सवालहरूमा स्थानीय तहहरूसँग समन्वय गर्दा समस्या आइरहेको, अपराध र अपराधको बदलिँदो प्रवृत्तिका तुलनामा जिल्लामा कार्यरत प्रहरी कर्मचारीको न्यून संख्या लगायतका समस्याहरू समाधान गर्नु चुनौतीका रूपमा रहेको छ।

### ३.६२ जिल्ला प्रशासन कार्यालय हुम्ला

कर्णाली प्रदेश अन्तर्गत पर्ने हुम्ला जिल्ला भौगोलिक हिसाबले नेपालको अति दुर्गम हिमाली क्षेत्र हो। जिल्लाको सदरमुकाम सिमकोट रहेको छ। यस जिल्लाले ५,६५५ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ। यस जिल्लाको पूर्वमा मुगु, पश्चिममा बझाङ्ग, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा बाजुरा र मुगु, पर्दछन् । जातिगत हिसाबमा हेर्दा यस जिल्लाको माथिल्लो भेगमा भोटे जाति र तल्लो भागमा क्षेत्री र ठकुरी जातिको बाहुल्यता रहेको भए पनि ब्राह्मण दलित लगायतको बस्ती रहेको छ । खार्पुनाथ मन्दिर, रिन्चेलिङ्ग गुम्बा, लिमि उपत्यका, रलिङ्ग गुम्बा, याल्वाङ गुम्बा, तिब्बतको मानसरोवर र कैलाश पर्वत पुग्ने प्रमुख मार्ग, कर्णाली जलविहार, पञ्चमुखी, दुधकुण्ड, गोरख खाङ हिमाल लगायतका धार्मिक, एतिहासिक एवं पर्यटकीय दृष्टिकोणले महत्वपुर्ण स्थलहरू रहेका छन् ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यलय हुम्लामा रा.प.द्वितीय श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प.तृतीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, नासु -४, लेखापाल -१ कम्प्यूटर अपरेटर - २ खरिदार -४ कार्यालय सहयोगी -६, ह.स.चा. -१ जनासहित जम्मा २० जनाको दरबन्दी संरचना रहेको छ। यस जिल्लामा एक मात्र इलाका प्रशासन कार्यालय सर्केघाट रहेको छ यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९५ अंक प्राप्त गरी अति उत्कृष्ट स्तर सहित पाचौं स्थान हासिल गरेको छ। आ.व. २०७८/७९ मा कार्यलयले नियमित कामका अतिरिक्त, निर्वाचनको क्रममा सूचना आदान प्रदान गर्ने हेतु मुख्य/निर्वाचन अधिकृत, प्र.जि.अ, सुरक्षा निकायका प्रमुख लगायतको भाइभर ग्रुप निर्माण गरी सूचना आदान प्रदान गरिएको, कार्यालय प्रमुखहरूको बैठकमा हरेक कार्यालयले पेश गर्नु पर्ने मासिक भौतिक तथा वित्तीय प्रगति प्रतिवेदनको ढाँचा निर्माण गरी लागू गरिएको छ। हवाई उडान नियमित नहुँदा उत्पन्न खाद्यान्नलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय हुम्लाको पहलमा हाल हेलिक्पटरबाट खाद्यान्न ढुवानी हुँदै आएको लगायतका कामहरू भएका छन्। भौगोलिक जटिलता तथा सडक सञ्जालको अपार्याप्ता, मदिराको अत्याधिक खपतको परिणाम स्वरूप हुने गरेका हिंसात्मक तथा आपराधिक गतिविधिलाई स्रोत साधनको अभावले अनुगमन निरिक्षणमा कठिनाई, अख्तियार लगायत निकायले अनुसन्धानका लागि लेखि पठाउने तर स्थलगत अनुगमन, अनुसन्धानका लागि जान स्रोत, साधन तथा जनशक्तिको अभाव रहेको जस्ता समस्याहरू भेलिरहेको हुम्लामा शान्ति सु-व्यवस्था कायम राख्न कार्यालयमा कर्मचारी टिकाइ राख्न, कर्मचारीलाई प्रविधिमैत्री बनाउन र भौगोलिक विकटताका कारण अनुगमन निरिक्षण प्रभावकारी बनाउनु चुनौतीको रूपमा रहेको छ।

### ३.६३ जिल्ला प्रशासन कार्यालय जुम्ला

परापूर्व कालदेखि यस जिल्लाको सदरमुकाममा रहेको स्वामी दत्तात्रेय मूर्तिलाई डस्न/टोक्न दुईवटा अजिंगर (नाग) आउँदा भेट्टाउन नपाउँदै स्वामी दत्तात्रेयको शक्तिले ती दुवै नाग एकैचोटी भष्म भए। यसरी भष्म भएका ती नागहरू पछि जुम्ल्याहा पहाडको रूपमा देखिएकाले जुम्ल्याहा शब्दको अपभ्रंश हुँदै यस जिल्लाको नाम जुम्ला रहन गएको हो भन्ने जनश्रुती छ। यसको क्षेत्रफल २५३१ वर्ग कि.मी. रहेको छ। सीमाना पूर्वमा डोल्पा, पश्चिममा कालिकोट, उत्तरमा मुगु र दक्षिणमा जाजरकोट रहेको छ। प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरूमा श्री चन्दननाथ मन्दिर, श्री भैरवनाथ मन्दिर, श्री दरवार मन्दिर, श्री कनकासुन्दरी मन्दिर, श्री चिमरामालिका भगवती मन्दिर, श्री शिव मन्दिर, श्री ठाकुरज्यू मन्दिर, भण्डार वन, सिंजाक्षेत्र, तातोपानी, गोठिचौर, हुड्के दह र पाण्डव गुफा यस जिल्लाका धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलहरू हुन्।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यलय जुम्लामा रा.प.द्धितिय श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प.तृतीय श्रेणीको सहायक

प्रमुख जिल्ला अधिकारी/प्रशासकीय अधिकृत -२, नासु -४, लेखापाल -१ कम्प्यूटर अपरेटर- २ खरिदार -३ कार्यालय सहयोगी -६, ह.स.चा. -१ जनासहित जम्मा २० जनाको दरबन्दी संरचना रहेको छ। यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत एक इलाका प्रशासन कार्यालय रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ८६ अंक प्राप्त गरी उत्कृष्ट स्तर सहित साठी (६०) स्थान हासिल गरेको छ। आ.व. २०७८/७९ मा कार्यलयले संघ, प्रदेश, स्थानीयतहहरूवीच समन्वय र सुरक्षा प्रवन्ध, अपराध नियन्त्रण, दैनिक रूपमा नियमानुसार नागरिकता तथा राहदानी वितरण, हातहतियार तथा खरखजाना, सार्वजानिक सम्पतिको संरक्षण, जुवाजन्य क्रियाकलापको नियन्त्रण, लागु औषधको नियन्त्रण तथा नियमन, विपद् व्यवस्थापन, अन्य आवश्यक बस्तु तथा सेवाको आपूर्ति तथा उपभोक्ताहित संरक्षण, सरकारी सवारी साधनको समुचित प्रयोगको व्यवस्था, समाजमा रहेका कुरीति, कुप्रथा, कुसंस्कार (जस्तै वालविवाह, मानव बेचविखन, छाउ (छुई) प्रथा) को उन्मूलन सम्बन्धी जनचेतना फैलाउने र अन्य आकस्मिक सम्पूर्ण कार्यहरू सम्पादन गर्दै आएको छ। नियमित  रूपमा विद्युत, इन्टरनेट, उपलब्ध नहुनु, प्रविधियुक्त, प्रविधि मैत्री/क्षमतावान जनशक्तिको अभाव हुनु, कार्यालयको भवन निर्माणमा ढिलाई हुनु जस्ता समस्याहरू खेप्नु परेको छ। त्यस्तै विद्यमान जनशक्ती, स्रोतसाधन र जनताको अपेक्षा अनुसार सेवा प्रवाह गर्नु, विद्युत, सञ्चारको सहजता बनाउनु, हिमपहिरो, जंगली जनावरको आक्रमण लगायतका विपद्‌जन्य घटनाको तत्काल उद्धार तथा राहत वितरण गर्नु जस्ता चुनौतीहरू खेप्दै अउनुपरेको छ।

### ३.६४ जिल्ला प्रशासन कार्यालय कालिकोट

२०३४ सालमा जुम्ला जिल्ला स्थित तिब्रिकोट गा.वि.स. विस्थापित भई बनेको हुनाले नेपालको कान्छो जिल्लाको रूपमा यस जिल्लालाई चिनिन्छ। यस जिल्लाको हालको कालिका (मुग्राहा) गा.वि.स. स्थित कालिका गाउँमा कालिका भगवती मन्दिर रहेको र यो ठाउँ भुरे टाकुरे राजाहरूको कोटदरबार रहने किसिमको उच्च स्थानमा रहेको हुनाले सोही आधारमा जिल्लाको नाम कालिकोट रहन गएको भन्ने भनाई छ।यस जिल्लाको क्षेत्रफल १७४१ वर्ग किमी रहेको छ। जिल्लाको सदरमुकाम  मान्म बजारमा रहेको छ। जिल्लाको सिमाना पुर्वमा जुम्ला, पश्चिममा अछाम, उत्तरमा मुगु र बाजुरा, दक्षिणमा दैलेख र जाजरकोट रहेको छ। यहाँ बसोबास गर्ने जातजातिमा ब्राहमण, ठकुरी, क्षेत्री, दलित, सन्यासी, मगर रहेका छन। यस जिल्लामा रहेका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरूमा  बडीमालीका मन्दिर मालिका मन्दिर तिलागुफा शिवजी मन्दिर पञ्चदेवल चुलिमालिका ढुंगे बगैंचा रुढु बन्चु पाटन पचाँल झरना ३८१ मिटर आदि पर्दछन।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यलय कालिकोटमा रा.प.द्धितिय श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प.तृतीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी/प्रशासकीय अधिकृत -१, नासु -४, लेखापाल -१ कम्प्यूटर अपरेटर -२ खरिदार -४ कार्यालय सहयोगी -६, ह.स.चा. -१ जनासहित जम्मा २० जनाको दरबन्दी संरचना रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार

८२.५ अंक प्राप्त गरी उत्कृष्ट स्तर सहित बहत्तर (७२) स्थान हासिल गरेको छ। कार्यालयको नियमित कामको अतिरिक्त आ.व.२०७८/७९ मा २०७७ देखि थाति रहेको विपद व्यवस्थापन सम्वन्धि कार्य सुचारु, जीर्ण अवस्थामा रहेको पुरानो गाडी मर्मत, फुलाबारी निर्माण गरी कार्यालय परिसरको सौन्दर्यीकरण, सेवाग्राही आराम कक्ष, स्तनपान कक्ष र जाडो समयको लागि Warm house निर्माण, सबै सरकारी कार्यालयहरूमा वेवसाईट खोल्न लगाई कार्य प्रगति वेवसाईटमा राख्न लगाईएको लगायतका कामहरू भएका छन् । त्यस्तै कार्यालयको भौतिक संरचना सेवाग्राही मैत्री नभएको, पर्याप्त कोठा नहुँदा सेवा प्रवाहमा कठीनाई, ई-पासपोर्ट र राष्ट्रिय परिचयपत्र सम्वन्धी फाँटमा विद्युत अवरोध र नेटवर्क खराबी भईरहने, तथा ई-पासपोर्टमा छुट्टै दरबन्दी नहुँदा अन्य सेवा प्रवाहमा कठिनाई, जाडो मौसममा अत्याधिक चिसो हुने हुँदा सेवा प्रवाहमा कठिनाई लगायतका समस्याका साथसाथै, अपर्याप्त भौतिक पूर्वाधार, न्युन स्रोत साधन र जनशक्ति अभावको वावजुद छिटो छरितो गुणस्तरीय सेवा प्रवाह गर्नु, राजनीतिक दलका नेतृत्व तथा असम्वन्धित पक्षवाट आउने दवावका वावजुद शान्ति सुरक्षा, अमन चयन तथा अपराध नियन्त्रण कार्यमा आईपर्ने समस्याको समाधान गर्नु, भौगोलिक जटिलता र स्रोत साधनको अपर्याप्तता वावजुद विपद व्यवस्थापनको सामना गर्नु लगायतका चुनौती खेपिरहनु परेको छ।

### ३.६५ जिल्ला प्रशासन कार्यालय, जाजरकोट

जाजरकोट जिल्ला कर्णाली प्रदेश अन्तर्गत पर्ने पहाडी जिल्ला हो। यस जिल्लाको सदरमुकाम खलंगा बजार रहेको छ। जिल्लाको कुल क्षेत्रफल २२३० वर्ग कि.मि. छ। जिल्लाको सिमाना पूर्वमा रुकुम पश्चिम र डोल्पा, पश्चिममा दैलेख र सुर्खेत, उत्तरमा कालिकोट र जुम्ला तथा दक्षिणमा सल्यान र रुकुम पश्चिम पर्दछन। यस जिल्लाको प्रमुख आर्थिक स्रोत कृषि रहेको छ। जिल्लाको उत्तर पश्चिम क्षेत्रमा काइनाईट र टुरमालिन जस्ता बहुमुल्य पत्थर पाईन्छन्। जाजरकोट जलस्रोततमा धनी जिल्ला हो। यँहा राष्ट्रियस्तरको नलसिंगाड जलविद्युत परियोजना सञ्चालनको क्रममा छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यलय जाजरकोटमा रा.प. द्धितिय श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प.तृतीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी/प्रशासकीय अधिकृत -२, नासु -५, लेखापाल -१ कम्प्यूटर अपरेटर -१ खरिदार -५ कार्यालय सहयोगी -७, ह.स.चा. -१ जनासहित जम्मा २३ जनाको दरबन्दी संरचना रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९३.७५ अंक प्राप्त गरी अति उत्कृष्ट स्तर सहित तेर्हौं (१३) स्थान हासिल गरेको छ। कार्यालयको नियमित कामको अतिरिक्त आ.व.२०७८/७९ मा कार्यालय परिसरको सौन्दर्यकरण गर्न रेलिङ्ग तथा बहुरंगी बत्ती जडान, वैदेशिक रोजागरीमा जानेहरूलाई लक्षित गरी सुरक्षित नागरिक आप्रवाशन सहायता कक्ष स्थापना गरी सञ्चालन, जुनिचाँदे गाउँपालिकामा लामो समयदेखि स्थापना हुन नसकेको प्रहरी चौकी र बैंकको शाखा स्थापना गरी सञ्चालनमा ल्याएको, सबै पक्षसँग समन्वय गरी स्थानीय तहको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न, कार्यालयको स्वामित्वमा रहेका पुराना भवनहरूको मर्मतसंभार गरी उपयोग गरिएको छ।

त्यस्तै कार्यालय सञ्चालन हुँदै आएको जाजरकोट दरबार भवन अत्यन्तै जिर्ण अवस्थामा रहेकोले विपद्का दृष्टिकोण जोखिमपूर्ण रहेको छ। साथै कार्यालय सञ्चालनका लागि स्थान समेत अपर्याप्त हुँदा सेवा प्रवाहमा अफ्ठ्यारो, दरबन्दी अनुसारको जनशक्ति पदपूर्ति नहुँदा कार्यसम्पादनमा समस्या, जटिल भौगोलिक अवस्थिति तथा जिल्लाको टेलिफोनको नेटवर्क कमजोर हुँदा सूचना संकलन एवं समन्वयमा समस्या परेको छ त्यस्तै अपर्याप्त जनशक्ति, कार्यालयमा अधिकांश दरबन्दी रिक्त तथा सुरक्षाकर्मीको संख्या न्यून हुनु, संचार, विद्युतको आपूर्ति र सडक यातायातको कमजोर अवस्था हुनु, सेवा प्रवाहका लागि प्रविधिको बढ्दो उपयोग र प्रविधि प्रयोगका लागि न्यून पूर्वाधार हुनु लगायतका चुनौतीहरू खेप्नुपरेको छ।

## ३.६६ जिल्ला प्रशासन कार्यालय, दैलेख

यस जिल्लाको नाम “दैलेख” कसरी रहन गयो भन्ने सम्बन्धमा, पौराणिक कालमा दधिचि नाम गरेका एक जना ऋषिले यस क्षेत्रमा तपस्या गरी बसेकाले उनै महर्षिको नामबाट दधिचि लेक भन्न थालिएको र कालान्तरमा त्यहि नाम अपभ्रंश हुदै दैलेख रहन गएको भन्ने एक कथन छ। अर्को जनश्रुती अनुसार पौराणिक कालमा यो क्षेत्र देवताहरूको बासस्थान भएकोले देवलोकबाट दैलेख हुन पुगेको हो भन्ने भनाई पनि छ। दैलेखको सदरमुकाम दैलेख बजारमै रहेको छ। यस जिल्लाको क्षेत्रफल १५०५ वर्ग कि.मि. रहेको छ। दैलेखको पुर्वमा जाजरकोट, पश्चिममा अछाम, उत्तरमा कालिकोट र दक्षिणमा सुर्खेत सिमाना रहेको छ। प्राचीन कालदेखि नै देवभूमि र पवित्र भूमिको  रूपमा प्रसिद्ध दैलेख जिल्लामा श्रीस्थान, नाभीस्थान, पादुकास्थान, कोटिला र धुलेश्वर पर्दछन जसलाई पञ्चकोशि पनि भनिन्छ। बेलासपुर भैरव, बज्रभैरव, गणेश, चामुण्डा देवी, कालिकादेवी, भवानी, डुगेश्वर, विन्द्रासैनी, छडदेवी, मालिकादेवी, बुकिमाई, भैरवी, आदि दैलेख जिल्लामा भएका मुख्य मन्दिरहरू हुन्। महावुगाथ, ब्याउली धर्मशाला, कोतगढी, पञ्चदेवल, कीर्तिखम्बा, पाथरनाउली, दुल्लु, नेपाली भाषाको पुरानो र पहिलो शिला शिलालेख दुल्लु आदि दैलेख जिल्लाका प्रमुख ऐतिहासिक एवं पुरातात्विक र पर्यटकीय महत्वका स्थलहरू हुन्।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यलय दैलेखमा रा.प.प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प.दितिय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, प्रशासकीय अधिकृत-२, नासु -५, लेखापाल -१ कम्प्यूटर अपरेटर -२ खरिदार -३ कार्यालय सहयोगी -६, ह.स.चा. -१ जनासहित जम्मा २३ जनाको दरबन्दी संरचना रहेको छ। यसै कार्यालय मातहत इलाका प्रशासन कार्यलय दुल्लु पनि रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९२.५ अंक प्राप्त गरी अति उत्कृष्ट स्तर सहित बाइसौ (२२) स्थान हासिल गरेको छ। कार्यालयको नियमित कामको अतिरिक्त, कोभिड विरुद्धको खोप प्राप्त नगरेका सेवाग्राहीहरूलाई कार्यालयमा नै खोप लगाउने व्यवस्था मिलाईएको, कार्यालयमा धेरै

व्यक्तिहरू अट्ने बैठक कक्ष नभएको सन्दर्भमा भवन सहरी विकास तथा भवन निर्माण विभागसँग समन्वय गरी ठूलो बैठक हल निर्माण गरिएको, आदि काम भएका छन् । त्यस्तै जिल्ला प्रशासन, इलाका प्रशासन, कारागार लगायत गृह मन्त्रालय मातहतका कार्यालयहरूमा र सुरक्षा निकायहरूमा दरबन्दी अनुरूप कर्मचारीको पदपूर्ति नभएको, सीमित साधनस्रोत र कार्यालयको असीमित कार्यविवरणको दायराले कार्यसम्पादन गर्न कठिनाई भैरहेको, नदीजन्य पदार्थहरूको उत्खनन, ठाडो उजुरीहरूको व्यवस्थापन लगायतका समस्या एवंम चुनौतीहरू रहेका छन् ।

### ३.६७ जिल्ला प्रशासन कार्यालय, रुकुम पश्चिम

वि.स. २०७४ मा रुकुम जिल्लालाई २ जिल्लामा विभाजन गरेपछि रुकुम पश्चिम र रुकुम पूर्व गरी दुई भागमा यो जिल्ला विभाजन भयो । हाल दुई जिल्ला भएपछिको रुकुम पश्चिमको सदरमुकाम पनि मुसिकोट नै रहेको छ । रुकुम पश्चिमको पूर्वी सीमानामा रुकुम पूर्व, पश्चिम सीमानामा जाजरकोट, उत्तरमा डोल्पा र दक्षिणमा सल्यान र रोल्पा रहेका छन । यस जिल्ल्को क्षेत्रफल २११२.७७ व.कि.मि रहेको छ । यस जिल्लामा हिमाली, पहाडी र तराईसम्मकै हावापानी पाइन्छ । विभिन्न ताल तथा प्राकृतिक सौन्दर्यले भरिपूर्ण यो जिल्लामा विभिन्न जात जाति र भाषा भाषीका मानिसहरू वसोवास गर्दछन । उनीहरूको रहन सहन र कला संस्कृति पनि विविध खालको छ ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ । जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिममा रा.प.प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी -१, रा.प.द्धितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, प्रशासकीय अधिकृत, नासु -४, लेखापाल -१ कम्प्यूटर अपरेटर -२ खरिदार -४ कार्यालय सहयोगी -६, ह.स.चा. -१ जनासहित जम्मा १० जनाको दरबन्दी संरचना रहेको छ । यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९६ अंक प्राप्त गरी अति उत्कृष्ट स्तर सहित चौथो (४) स्थान हासिल गरेको छ । कार्यालयको नियमित कामको अतिरिक्त, राहदानी तथा नागरिकताको अभिलेख व्यवस्थापन, पावर व्याकअपको व्यवस्थापन, डिजिटल सूचना (Digital Charter) पाटीको व्यवस्था, स्थानीय तह निर्वाचन २०७९ शान्तिपूर्ण रूपमा सम्पन्न जस्ता कामहरू भएका छन् । त्यस्तै जनशक्तिको कमी तथा क्षमता विकासका कार्यक्रममा कमी, विद्युत तथा इन्टरनेटमा समस्या, नागरिकताको अभिलेख व्यवस्थापन व्यवस्थित नहुनु जस्ता समस्या रहेको पश्चिम रुकुममा जनशक्ति कमीको कारण इ-पासपोर्टमा काम गर्न थप जनशक्ति नभएकोले समयमा काम गर्न नसक्नु, विद्युत तथा इन्टरनेट सेवा सुचारु नहुँदा कार्यालयको सेवा प्रवाहमा समस्या तथा मन्त्रालयले माग गरेको विवरण समयमा पठाउन नसक्नु, नागरिकताको अभिलेख व्यवस्थापन व्यवस्थित नहुँदा सेवा प्रवाहमा समस्या हुनु जस्ता चुनौतीहरू सामना गर्नु परेको छ ।

## ३.६८ जिल्ला प्रशासन कार्यालय, सुर्खेत

सुर्खेत चुरे र महाभारत श्रृंखलाको बिचमा अवस्थित कमजोर धरातल भएको भू-भागले बनेको पहाडी जिल्ला हो । यो कर्णाली प्रदेशको राजधानी रहेको जिल्ला पनि हो । यस जिल्लाको सदरमुकाम वीरेन्द्रनगरमा अवस्थित छ । यस जिल्लाको क्षेत्रफल २४५१ वर्ग कि.मी. रहेको छ । यस जिल्लाको पुर्वमा सल्यान र जाजरकोट, पश्चिममा कैलाली, डोटी र अछाम, उत्तरमा दैलेख, दक्षिणमा बाँके र बर्दिया जिल्लाहरू पर्दछन । धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपुर्ण मानिने देउती बज्यै मन्दीर, काँक्रेविहार, गोठीकाँडा, घण्टाघर, चमेरे गुफा लगायतका क्षेत्रहरू यसै जिल्लामा अवस्थित छन् । यस जिल्लामा मुख्य गरी ब्राह्मण, क्षेत्री, मगर तथा दलित जातिहरू बसोवास गर्दछन् ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यालय सुर्खेतको हकमा कार्यालयमा प्रमुख जिल्ला अधिकारी (रा.प.प्रथम)-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प.द्वितीय)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय)-३, नायब सुब्बा (रा.प.अनं. प्रथम)-१०, लेखापाल (रा.प.अनं. प्रथम)-१, खरिदार (रा.प.अनं. द्वितीय)-५, कम्प्युटर अपरेटर (रा.प.अनं. प्रथम)-३, हलुका सवारी चालक-२ र कार्यालय सहयोगी-७ गरी कुल ३३ जना कर्मचारीको दरवन्दी रहेको छ। साथै, यस जिल्लामा शाखा अधिकृतको नेतृत्वमा ९ जना कर्मचारी रहेको एक इलाका प्रशासन कार्यालय, बाबियाचौर, सुर्खेत समेत छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९१ अंक प्राप्त गरी अति उत्कृष्ट स्तर सहित एकचालिस (४१) स्थान हासिल गरेको छ। कार्यालयको नियमित कामको अतिरिक्त, कार्यालय परिसर सरसफाइ तथा हरियाली प्रवर्द्धन र सौन्दर्यीकरण, यातायात व्यवस्थापन, कार्यालय परिसरमा CCTV जडान, १३२ के.भी. विद्युत प्रसारण लाईनको जग्गा मुआब्जा सम्बन्धी विवाद समाधान, स्थानीय तह तथा प्रदेश सरकारसँग सुसम्बन्ध र समन्वय कायम गरी समस्या समाधान गर्ने गरिएको, स्थानीय तह सदस्य निर्वाचनमा सरोकारवाला पक्षसँग सुसम्बन्ध कायम गरी शान्तिपूर्ण ढंगले सम्पन्न गरिएको। त्यस्तै समस्या तथा चुनौतीको रूपमा कर्मचारीहरूलाई Retain गर्न नसिकएको, पुराना र जीर्ण रेकर्डका कारण सेवाग्राहीहरूलाई यथासमयमा सेवा प्रवाह गर्न नसकिएको, कार्यबोझको तुलनामा कर्मचारीको दरबन्दी र भौतिक तथा आर्थिक स्रोतसाधनको न्यूनता, अपराध र अपराधीको बदलिँदो प्रवृतिका तुलनामा जिल्लामा कार्यरत प्रहरी कर्मचारीको न्यून संख्या तथा व्यवसायिकतामा कमी, नेपाल सरकारद्वारा निर्धारित मर्यादाक्रममा प्रमुख जिल्ला अधिकारीलाई निकै तल पारिएको हुँदा विपद् व्यवस्थापन लगायत कतिपय महत्वपूर्ण सवालहरूमा स्थानीय तहहरूसँग समन्वय गर्दा समस्या आइरहेको जस्ता चुनौतीहरू सामना गर्नुपरेको छ ।

## ३.६९ जिल्ला प्रशासन कार्यालय, बाजुरा

बाजुरा जिल्ला नेपालको सुदूरपश्चिम प्रदेशमा अवस्थित एक हिमाली जिल्ला हो । यो जिल्ला प्रशासनिक हिसाबले पहिला २७ गाविस, ९ इलाका, १ निर्वाचन क्षेत्रमा विभक्त थियो । नयाँ प्रशासनिक विभाजन अनुसार ९ वटा स्थानीय तहमध्ये ४ वटा नगरपालिका र ५ वटा गाउँपालिका छन् । जिल्लाको नाम कसरी बाजुरा रहन गयो भन्ने सम्बन्धमा कुनै लिखित प्रमाण भेट्न सकिएको छैन तापनि पुराना जनश्रुति अनुसार यो ठांउमा "बाजुगार्ड" भन्ने नदिको नामबाट बाजुरा जिल्ला नाम रहन गएको हो भन्ने भनाई पाइन्छ । यो जिल्ला २८ डि १८" उत्तरी देखि २९ डिग्री ५" उत्तरी अक्षांश र ८० डिग्री ९ " पूर्व देखि ८१ डिग्री ५" पूर्व देशान्तरसम्म फैलिएको छ । यो जिल्लाको सिमानामा पूर्वमा मुगु र कालिकोट, पश्चिममा बझाङ, उत्तरमा हुम्ला, दक्षिणमा अछाम र कालिकोट जिल्ला पर्दछन् ।यो जिल्लाको क्षेत्रफल २१८८ वर्ग किलोमिटर(२१८८०० हेक्टर) रहेको छ । भौगोलिक रूपमा यो जिल्ला हिमाली क्षेत्रमा १३.५%, उच्च पहाडि क्षेत्र ८४.७% मध्य पहाडि क्षेत्र १.७% रहेको छ ।यो जिल्ला समुद्री सतहबाट न्युनतम ७२६ मी.(ईकडि गार्ड) देखि अधिकतम ७०३६ मि.(हंशिरेलेख)उचाई सम्म फैलिएको छ ।यो जिल्लाको प्रमुख नदिहरू कर्णाली नदि, बुढिगंगा, मालागाड, बार्जुगाड, कोदिगाड, दानसाग, कवाडि, ईकडिगार्ड आदि हुन् भने प्रमुख तालहरू खप्तड ताल, छेडेदह, बुढिनन्दा देवीको पवित्र स्थलमा रहेका ७ वटा ताल आदि हुन् । यो जिल्लामा अर्ध उष्ण, समशितोष्ण, शितोष्ण र ठण्डा शितोष्ण गरी चार प्रकारका हावापानी रहेका छन् । यो जिल्लाको औसत तापक्रम गृष्म ऋतुमा १८ डिग्री - ३२ डिग्री र हिउँदमा ० डी – ५ डिग्री तथा औसत वर्षा अधिकतम ८० इन्च देखि न्यूनतम २५ इन्चसम्म हुन्छ । यस जिल्लाको धार्मिक तथा पर्यटकीय क्षेत्रमा बुढीनन्दा देवी, बडिमालिका, नाटेश्वरी, खप्तड, छेडेदह आदि तथा व्यापारिक महत्वका क्षेत्रमा मार्तडी बजार, कोल्टी बजार, शेरा बजार, डाब बजार, कुल्देवमाडौँ बजार आदि रहेका छन् ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ । जिल्ला प्रशासन कार्यालय बाजुराको हकमा कार्यालयमा प्रमुख जिल्ला अधिकारी (रा.प.द्वितीय)-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प.तृतीय)-१, नायब सुब्बा (रा.प.अनं. प्रथम)-४, लेखापाल (रा.प.अनं. प्रथम)-१, कम्प्युटर अपरेटर (रा.प.अनं. प्रथम)-२, खरिदार (रा.प.अनं. द्वितीय)-४, हलुका सवारी चालक-१ र कार्यालय सहयोगी-६ गरी कुल २० जना कर्मचारीको दरवन्दी रहेको छ । यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ८३ अंक प्राप्त गरी उत्कृष्ट स्तर सहित उन्नानसत्तरी (६९) स्थान हासिल गरेको छ । कार्यालयको नियमित कामको अतिरिक्त, कार्यालय परिसर सरसफाइ तथा हरियाली प्रवर्द्धन र सौन्दर्यीकरण, यातायात व्यवस्थापन,कार्यालय परिसरमा CCTV जडान, प्रदेश सरकारसँग सुसम्बन्ध र समन्वय कायम गरी समस्या समाधान गर्ने गरिएको, स्थानीय तह सदस्य निर्वाचनमा सरोकारवाला पक्षसँग सुसम्बन्ध कायम गरी शान्तिपूर्ण ढंगले सम्पन्न गरिएको छ ।

## ३.७०. जिल्ला प्रशासन कार्यालय, बझाङ्ग

बझाङ्ग सुदूरपश्चिम प्रदेशको उत्तरी भागमा अवस्थित हिमाली जिल्ला हो। नेपालकै शिक्षामा अग्रणी भुमिका निर्वाह गर्ने बझाङ्ग जिल्ला जयपृथ्वी बहादुर सिंह जस्ता मानवतावादी राजा, शिक्षाप्रेमी तथा पत्रकारका कारणले पनि प्रख्यात छ। यस जिल्लाको नाम कसरी बझाङ्ग रह्यो भन्ने सम्बन्धमा एक ऐतिहासिक रोचक कथन छ। बझाङ्गी राजाका पूर्वजले साविकको व्याँसी गा.वि.स.मा हाल छवसपाथिभेरा गाउँपालिका पर्ने एउटा शिखरमा दरवार (कोट) बनाउने क्रममा त्यहाँ एउटा कालो चिल्लो दर्शनीय शिला (ढुङ्गा) फेला परेछ। उक्त शिलालाई त्यस कोटबाट तल खोलामा फाल्दा बारम्बार साविककै ठाउँमा आएर बसेको देखेपछि राजाले उक्त शिलालाई कालभैरवको रूपमा स्थापित गरी पुजा गरे। अति अग्लो उक्त कोटमा कालान्तरमा चट्याङ वा वज्र परेछ। तर कालभैरवको प्रभावले उक्त चट्याङ प्रभावहिन भई दरवारमा कुनै क्षति नपुगेकोले त्यस ठाउँलाई बज्रङ्ग भनिएछ। कालान्तर पछि उक्त शब्द अपभ्रंश भई बझाङ्ग हुन गएको हो भन्ने ऐतिहासिक मान्यता रहि आएको छ। चौविसे राज्यमध्ये बझाङ्ग पनि एउटा राज्य थियो। जसका अन्तिम राजा ओमजङ्ग बहादुर सिंह थिए। बझाङ्ग मात्रै नभई सम्पुर्ण देशकै शैक्षिक इतिहासमा अग्रणी मानिएका सु-प्रख्यात मानवतावादी राजा श्री जयपृथ्वी बहादुर सिंहले नेपाली भाषाको पहिलो पाठ्यपुस्तक अक्षरांश लेखि नेपालकै शैक्षिक इतिहासमा ठुलो योगदान पुर्या एका थिए। यस जिल्लाको सदरमुकाम बाहुलीगाड र सेती नदीको दोभानमा अवस्थित छ जुन अति रमणीय तथा हिमाली हावापानीले भरिपुर्ण रहेको छ। यस जिल्लाको पूर्वमा बाजुरा, पश्चिममा वैतडी र दार्चुला, दक्षिणमा अछाम र डोटी तथा उत्तरमा हुम्ला र चिनको स्वशासित प्रदेश तिब्बत पर्दछ। यो जिल्ला २ ९ डिग्री २२ मिनेट देखि ३० डिग्री ९ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ४६ मिनेट देखि ८१ डिग्री ३४ मिनेट पूर्वी देशान्तरमा फैलिएको छ। यस जिल्लाको क्षेत्रफल ३४२२ वर्ग किलो मिटर रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यालय बझाङ्गमा प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी-१, नायब सुब्बा-४, कम्प्युटर अपरेटर-२, लेखापाल-१, खरिदार-४, हलुका सवारी चालक-१, कार्यालय सहयोगी-६ जना गरी जम्मा २० कर्मचारीको दरबन्दी कायम रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ८८.७५ अंक प्राप्त गरी उत्कृष्ट स्तर सहित उन्नापचास (४९) स्थान हासिल गरेको छ। आ.व. २०७८/७९ मा कार्यलयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा राष्ट्रिय परिचयपत्र र राहदानीको अनलाईन फाराम कार्यालय भित्रबाटै भर्ने व्यवस्था मिलाईएका, सेवाग्राहीमैत्री प्रतिक्षालयको निर्माण, स्थानीय तहको नक्सासहितको पार्क निर्माण, कार्यालय परिसरमा वाटरफाउन्टेन र फूलवारी निर्माण र सेवाग्राहीका लागि सवारी पार्किङ स्थल निर्माण जस्ता सेवाहरू प्रवाह गरेको छ। सेवाग्राहीको चाप अनुसार जनशक्ति पर्याप्त हुन नसकेको, मनसुनजन्य विपद् व्यवस्थापन कार्यमा प्राविधिक जनशक्तिको अभाव र अपर्याप्त कार्यस्थल आदि यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन। सिमित जनशक्तिबाट सेवाग्राहीको अधिक चापको व्यवस्थापन, प्राविधिक जनशक्ति विना नै मनसुनजन्य विपद् व्यवस्थापन, अपर्याप्त कार्यस्थलका वावजुद गुणस्तरिय सेवा प्रवाह चुनौतको रूपमा रहेका छन्।

### ३.७१ जिल्ला प्रशासन कार्यालय, अछाम

सुदुरपश्चिम प्रदेशमा अवस्थित भौगोलिक हिसाबले पहाडी जिल्ला मध्ये सबैभन्दा ठुलो जिल्लाको रूपमा अछाम जिल्ला रहेको छ। ८१ डिग्री ०२" देखि ८१ डिग्री ३५" पुर्वी देशान्तर तथा २८ डिग्री ४५" देखि २९ डिग्री ३३" उत्तरी अक्षांशसम्म फैलिएको यस जिल्लामा २ वटा निवार्चन क्षेत्र, ४ वटा नगारपालिका र ६ वटा गाउँपालिकाहरू रहेका छन्। यस जिल्लाको पुर्वमा दैलेख "पश्चिममा डोटी" उत्तरमा कालिकोट र बाजुरा तथा दक्षिणमा सुर्खेत जिल्ला अवस्थित छ। १६९२ व.कि.मि. क्षेत्रफल रहेको यस जिल्लाको सदरमुकाम मंगलसेन १३२६ मीटर उचाईमा रहेको छ। साँफेबगर, कमलबजार, बिनायक, मंगलसेन आदि यहाँका प्रमुख व्यापारिक केन्द्रहरू हुन। खप्तड, बिनायक, रामारोशन, बैजनाथ, प्रमुख प्रर्यटकिय गन्तव्यहरू हुन।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प.द्वितिय श्रेणी प्रमुख जिल्ला अधिकारी-१, स.प.जि.अ. रा.प.तृतीय श्रेणी-२, ना.सु-५, लेखापाल-१, कम्प्यूटर अपरेटर-१, खरिदार-५, हलुका सवारी चालक-१ र कार्यालय सहयोगी ७ जना सहित जम्मा २३ जनाको दरबन्दी संरचना रहेको छ। यस जिल्लाको आ. व. २०७८/०७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ९१.५ अंक प्राप्त गरी अति उत्कृष्ठ स्तर सहित ३५ औं स्थान हासिल गरेको छ। आ.व. २०७८/०७९ मा कार्यालयले नियमित कामका अतिरिक्त नागरिकता सचेतना कार्यक्रम, नागरिकता प्रदान गर्दा छाउगोठ नभएको सिफारिस अनिवार्य गरिएको, ३/४ वर्षदेखी रोकिएको बेतन कर्णाली आयोजना र साँफेबगरस्थित नयाँ बसपार्कको मुआब्जा विवतणको कार्य सम्पन्न गरिएको, विद्युतको नियमित आपूर्ति नहुँदा सेवा प्रवाहमा असर पररहेको अवस्थामा पावर व्याकअपको प्रबन्ध गरी सेवा प्रवाहमा निरन्तरता दिईएको, उपलब्ध स्रोत साधनमा कार्यालयको भौतिक व्यवस्थापन र कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाउने प्रयास लगायतका सेवाहरू प्रवाह गरेको छ। अप्रयाप्त बजेट, कर्मचारीहरूमा उत्प्रेरणाको कमी, अन्तरनिकाय समन्वयको अभाव आदि यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन। दरबन्दी अनुरूपका जनशक्ति नहुनु, सेवाप्रबाहमैत्री भौतिक संरचना तथा सवारी साधनको अभाब, खानेपानी, विद्युत, संचार, ईन्टरनेट भरपर्दो नहुनु कार्यालयका प्रमुख समस्याहरू रहेका छन भने आधुनिक र प्रविधिमैत्री अभिलेख ब्यवस्थापन गर्नु, कार्यरत जनशक्ति कार्यालयमा टिकाइराख्नु, प्रतिकूल भोगोलिक अवस्थितिका कारण जिल्लामा अपराध नियन्त्रण गरी शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्नुका साथै सेवा प्रवाहलाई जनमैत्री र प्रविधिमैत्री बनाउनु चुनौतीको रूपमा रहेका छन्।

### ३.७२ जिल्ला प्रशासन कार्यालय, डोटी

ऐतिहासिक गौंडाको रूपमा रहेको डोटी जिल्लाको पूर्वमा अछाम र सुर्खेत, पश्चिममा डडेल्धुरा र बैतडी, उत्तरमा बझाङ्ग र दक्षिणमा कैलाली जिल्ला रहेको छ। यस जिल्लाको कुल क्षेत्रफल २०२५ वर्ग किलो मिटर रहेको छ। समुद्र सतह भन्दा ६०० मिटर देखी ४००० मिटर सम्म उचाई भएको भएता पनि अधिकांस भु-भाग ६०० मिटर देखी २००० मिटरको उचाईमा अवस्थित छ। राजनैतिक, प्रशासनिक हिसाबले यस जिल्लामा २ निर्वाचन

क्षेत्र, २ नगरपालिका र ७ गाउपालिका रहेका छन् । धार्मिक र ऐतिहासिक स्थलहरूको समेत धनी रहेको यस जिल्लामा शैलेश्वरी मन्दिर, कोट भैरव, बडी केदार, भागेश्वर मन्दीर, वासुधारा, सालमुनी, घण्टेश्वर मन्दीर, बेतालमाण्डौ, सहश्रलिङ्ग, अश्वदुला रहेका छन् । धार्मिक, प्राकृतिक, सांस्कृतिक दृष्टिकोणले सुदुरपश्मिकै प्रसिद्ध पर्यटकीय स्थल खप्तड राष्ट्रिय निकुञ्ज डोटी, अछाम, बझाङ र बाजुरा गरी चार जिल्लाको सँगम स्थलमा अवस्थित छ । पोषणयुक्त खानाको अभाव, शिक्षा तथा जनचेतनाको कमी, बेरोजगारी, सामाजिक अन्धविश्वास र रुढीवादी, लैगिंक हिंसा आदी यस जिल्लाको सामाजिक समस्याको रूपमा रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-२, नायब सुब्बा-७, लेखापाल-१, कम्प्युटर अपरेटर-२, खरिदार-४, हलुका सवारी चलाक-२ र कार्यालय सहयोगी-७ गरी जम्मा २७ जनाको दरबन्दी रहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८९.५ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ४७ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/७९ मा कार्यालयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा कोभिड-१९ को समयमा कार्यालय परिसरभित्रै Health Desk राखी सेवाग्राहीको स्वास्थ्य परीक्षण तथा भ्याक्सिन लगाउने व्यवस्था गरेको, कार्यालयमा सेवाग्राहीलाई स्वच्छ खानेपानीको व्यवस्था गरेको, घटनास्थलमै पुगि तत्काल राहत वितरण, सामाजिक कुरिति कुसंस्कार विरुद्ध बहुसरोकारवाला संलग्न गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन र स्थानीय तह र विषयगत कार्यालयसँगको समन्वय र सहकार्यमा शिखर नपा-१० स्थित सिद्धेश्वर मा.वि. मा हुन सक्ने जोखिम न्यूनीकरण गर्न करिव १९२ जना सुरक्षाकर्मीहरूको सहयोगमा सेती नदी किनारमा तारजाली र बोरामा ढुङ्गामाटो भरी अस्थायी तटबन्ध निर्माण भएको जस्ता सेवाहरू प्रवाह गरेको छ। दरवन्दी अनुसार कर्मचारी नहुनु, अभिलेख व्यवस्थापनलाई वैज्ञानिक वनाउन नसक्नु र सेवा प्रवाह सम्बन्धमा तालिमको अभाव आदी यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन् । जनशक्तिलाई कार्यालयमा टिकाई राख्नु, छिटो, छरितो तथा प्रभावकारी रूपमा सेवा प्रवाह गर्नु र जनशक्तिलाई प्रविधिमैत्री र सेवाग्राहीमैत्री तुल्याउनु चुनौतको रूपमा रहेका छन् ।

### ३.७३ जिल्ला प्रशासन कार्यालय, कैलाली

कैलाली नेपालको सुदूरपश्चिम प्रदेशमा अवस्थित समथर भूभाग तथा पहाड मिश्रित जिल्ला हो । यसको जिल्लाको क्षेत्रफल ३,२३५ वर्ग किलोमिटर छ। कैलाली जिल्लाको सदरमुकाम धनगढी हो। यस जिल्लाको पूर्वमा कर्णाली नदी, बर्दिया र सुर्खेत जिल्ला,पश्चिममा कञ्चनपुर र डडेल्धुरा जिल्ला, उत्तरमा डोटी, डडेल्धुरा र सुर्खेत जिल्ला र दक्षिणमा भारतको उत्तर प्रदेश (लखिमपुर खिरि) रहेको छ। समुद्र सतहबाट १०९ मी. देखि १९५० मी उचाई रहेको यस जिल्ला २८° २२” देखि २९° ५” उत्तरीअक्षाशं र ८०°३०” देखि ८१° १८” पूर्वी देशान्तरसम्म फैलिएको छ। यस जिल्लामा पाँच नगरपालिका छन् भने एउटा उपमहानगरपालिका छ।

टीकापुरमा अवस्थित “टीकापुर बृहत उद्यान” नेपालकै सबैभन्दा ठूलो मानव निर्मित उद्यान हो । कैलाली जिल्लामै रहेको “घोडाघोडी ताल” लाई विश्व सम्पदा सूचीको संरक्षित सिमसार क्षेत्रमा राखिएको छ ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालयमा राजपत्रांकित प्रथम श्रेणिको प्रमुख जिल्ला अधिकारी-१, सहायक प्रमुख जिल्ला अधिकारी (रा.प. द्वितीय श्रेणी)-१, प्रशासकीय अधिकृत (रा.प.तृतीय श्रेणी)-३, नायब सुब्बा-१०, लेखापाल-१, कम्प्युटर अपरेटर-३, खरिदार-५, हलुका सवारी चलाक-२ र कार्यालय सहयोगी-७ गरी जम्मा ३३ जनाको दरबन्दी रहेको छ। यस जिल्लाले आ. व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) अनुसार ८०.७५ अंक प्राप्त गरी उत्कृष्ठ स्तर सहित ७५ औ स्थान हासिल गरेको छ। आ. व. २०७८/७९ मा कार्यालयले सेवाग्राहीको लागि विश्राम स्थल निर्माण, सवारीसाधन पार्किङ स्थगल निर्माण, कार्यालय परिसरभित्र वृक्षारोपण तथा हरियाली प्रबर्द्धन, सेवाग्राहीका लागि शुद्ध पिउने पानीको मेसिन जडान, स्तनपान कक्षको सुधार लगायतका कार्य सम्पादन गरेको छ। जिल्ला प्रशासनको हाल मौजुदा रहेको कार्यालय भवन सानो र अपर्याप्त भएको, सेवाग्राहीको चापको तुलनामा जिल्ला र इलाका प्रशासन कार्यालयमा कर्मचारी, कार्यालय सहयोगी र सफाई कर्मचारीहरूको दरवन्दी न्यून रहेको र भएका कर्मचारीहरूलाई पनि Motivational factors को कमी जस्ता समस्याबाट कार्यालय गुज्रिरहेको छ। अतिविशिष्ट, विशिष्ट व्यक्ति तथा संवैधानिक निकायका प्रमुख तथा सदस्यहरूको एकै पटक जिल्ला भ्रमण गर्दा सवारीसाधनको अभाव रहन गई भ्रमण व्यवस्थापनमा चुनौती, कसुरजन्य सम्पत्ति ब्यवस्थापन इकाईले गर्नुपर्ने काम अघि बढाउन, जफत सामाग्री भण्डारण गर्ने पूर्वाधार तथा दक्ष जनशक्ति अभाव र अधिकार क्षेत्र अस्पष्ट रहेकोले कार्यसम्पादनमा चुनौती रहेको, मन्त्रालय र विभिन्न निकायहरूबाट हुने कतिपय निर्देशन तथा परिपत्रहरू अनुसार जिल्ला प्रशासनले काम गर्न कर्मचारी तथा साधन स्रोतको अभावले यथोचित समयमा कार्यहरू गर्न  चुनौती रहेको अवस्था छ।

## ३.७४ जिल्ला प्रशासन कार्यालय, दार्चुला

सुदूरपश्चिम प्रदेशको उत्तर-पश्चिमी हिमाली जिल्ला दार्चुला प्राकृतिक सौन्दर्य, देवभूमि तथा नेपाल-भारत-चीनसँगको त्रिदेशीय सिमानामा अवस्थितीका हिसाबले आफ्नो छुट्टै विशेष पहिचान संगालेको जिल्लाहो। यस जिल्लाको क्षेत्रफल २७८२.२८ वर्ग कि.मी. रहेको छ। दार्चुला जिल्लाको सदरमुकाम खलंगामा अवस्थित छ। दार्चुला जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी देखी कार्यालय सहयोगीसम्म जम्मा कर्मचारी दरबन्दी संख्या २० रहेको छ। साथै यस जिल्लामा एकवटा सीमा प्रशासन कार्यालय सञ्चालनमा रहेको छ।यस जिल्लाका प्रमुख धार्मिक तथा पर्यटकीय दृष्टीकोणले महत्वपुर्ण स्थानहरूमा, सातौ धामको रूपमा परिचित मालिकार्जुन मन्दिर, लटिनाथ मन्दिर मार्मा, दुर्गाभिवानी (घोल्जर), हुनैनाथ, जयपुर, बन्तोली, समैजी, कैलाश मानसरोवर मार्ग, मुख्य पर्व- गोकुले शिवरात्री मेला, गौरा पर्व, विसु जात्रा,  दुहुँ जगेनी जात्रा त्यस्तै बहुचर्चित लिपुलेख लिम्पियाधुरा जस्ता भुभागहरूपनि यसै दार्चुला जिल्लामा अवस्थित छन ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। यस कार्यालय अन्तर्गत रा.प.द्वितिय श्रेणी प्रमुख जिल्ला अधिकारी-१, स.प.जि.अ. रा.प.तृतीय श्रेणी-१, ना.सु-४, लेखापाल-१, कम्प्यूटर अपरेटर-२, खरिदार-४, हलुका सवारी चालक-१ र कार्यालय सहयोगी ६ जना सहित जम्मा २० जनाको दरबन्दी संरचना रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९२.७५ अंक प्राप्त गरी अति उत्कृष्ट स्तर सहित एक्काइसौ (२१) स्थान हासिल गरेको छ। आ.व. २०७८/७९ मा कार्यलयले नियमित कामका अतिरिक्त Citizenship at Doorstep कार्यक्रम अन्तर्गत अपिहिमाल गाउँपालिकामा ४८१ वटा नागरिकता वितरण गरिएको, नेपाल-भारत दुवै तर्फ महाकाली नदीमा निर्माण भएको र भईरहेको तटबन्धको संयुक्त टोलीद्वारा अनुगमन निरिक्षण गरिएको, सेवाग्राहीहरूको सहजताका लागि यस जिल्ला भित्रका नौ वटै स्थानीय तहहरूका जनप्रतिनिधि तथा प्रशासनका कर्मचारीहरूको फोन नम्बर सहितको फलेक्स प्रिन्ट गरेर कार्यालय परिसरमा टाँस गरिएको, सम्पूर्ण कर्मचारीहरूलाई सम्पूर्ण फाँटको काम गर्न सक्ने गरी Work Station rotation को व्यवस्था गरी कुनै पनि फाँटको कर्मचारी विदामा बसेको बेलामा समेत कार्यालयको काममा बाधा नपर्ने गरी व्यवस्था गरिएको, Digital Platform मार्फत गुनासो प्राप्तय र सम्बोधन गर्ने गरिएको छ। त्यस्तै कार्यबोझ अत्यधिक भएर साँझ र विहान कार्यालय समयका अतिरिक्त समय समेत कामकाज गर्नुपर्ने भएको तर उचित प्रोत्साहन नहुँदा कर्मचारीको कार्यप्रति उत्प्रेरणा नहुने देखिएको, विद्युतीय राहदानीको काम गर्न कर्मचारी अभाव, Unstable electricity and Internet accessibility, Internet को टावरमा विद्युत Backup नहुनु,लागु-औषध दुर्व्यसनी बढिरहेको हुँदा नियन्त्रणका लागि जिल्लाको ठोस योजना बनाई लागु गराउन स्रोत साधनको अपर्याप्तकता जस्ता समस्याहरूको साथमा त्रिदेशीय सीमा भएकोले सीमा क्षेत्रको सुरक्षा व्यवस्था, बजार अनुगमनलाई प्रभावकारी तथा नियमित गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन, कर्मचारी तथा स्रोतसाधन व्यवस्थापन, भौगोलिक विकटता र भू-बनोटका कारण विपद् व्यवस्थापनमा कठिनाई जस्ता चुनौतीहरू रहेका छन्।

### ३.७५ जिल्ला प्रशासन कार्यालय, बैतडी

नेपालको सुदुरपश्चिम प्रदेश अन्तर्गत एक धार्मिक महत्व बोकेको बैतडी जिल्ला मित्रराष्ट्र भारतसँग महाकाली नदिले सीमाना छुट्याएको पहाडी जिल्ला हो। यस जिल्लाको पूर्वमा बझाङ र डोटी जिल्ला, पश्चिममा भारतको उत्तराखण्ड प्रदेशको पिथौरागढ, उत्तरमा नेपालकै दार्चुला जिल्ला र दक्षिणमा डडेलधुरा जिल्ला पर्दछन्। यस जिल्लाको कूल क्षेत्रफल १५१९ वर्ग कि.मि.रहेको छ। यस जिल्लाको वरीपरिका उच्च पहाडहरूमा चारवटा केदार देवताहरूको देवस्थल छ। यि चार केदार मध्ये दक्षिणमा ग्वाल्लेक केदार, पुर्वमा रौलाकेदार, उत्तरमा देउलेक केदार र पश्चिममा ध्वजकेदार पर्दछन्। यी केदारहरू आराध्यदेव माहादेवका रूप हुन भन्ने जनश्रुति छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यालय बैतडीमा प्र.जि.अ.(रा.प.प्रथम) १, स.प्र.जि.अ. (रा.प.द्वितीय) १, प्र.अ.२, ना.सु. ६, लेखापाल १, क.अ. १, स.क.अ. १, खरिदार छ, का.स. ७, ह.स.चा. १ गरी हाल जम्मा २३ जना दरबन्दी रहेको। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९४.२५ अंक प्राप्त गरी अति उत्कृष्ट स्तर सहित दशौ (१०) स्थान हासिल गरेको छ। आ.व. २०७८/७९ मा कार्यलयले नियमित कामका अतिरिक्त असहाय, अपाङ्ग र जेष्ठ नागरिकहरूलाई घरदैलोमा नागरिकता वितरण गरिएको, सेवाग्राहीहरूको लागि कार्यालय परिसरभित्र शौचालय निर्माण गरिएको, सेवाप्रवाहलाई व्यवस्थित गर्न टोकन प्रणाली लागु गरिएको, कोभिड-१९ रोकथाम नियन्त्रणको लागि घुम्ती एन्टीजेन परीक्षण सेवा पुनः सुचारु गरिएको र अन्तर स्थानीयतह समन्वय वैठकको शुरुवात गरी अन्तर समन्वय बैठकले विकास निर्माण कार्यमा सहजीकरण गर्ने कार्य प्रारम्भ गरिएको। त्यस्तै दरवन्दी अनुसार कर्मचारी पुर्ति हुन नसकेको, सेवा प्रवाहको लागि आवश्यक न्यूनतम पूर्वाधार, स्रोत साधनको कमी र कर्मचारी आवासको अभाव, कार्यालयको सवारी साधन पुरानो र जीर्ण भएको हुदाँ अन्य निकायमा भर पर्नु परेको र कार्य चाप अनुसार कर्मचारीहरूलाई Incentive को प्रबन्ध गर्न नसकिएको जस्ता समस्याका साथसाथै सिमित कर्मचारीहरूबाट सेवाग्राहीको आकांक्षा अनुसार छिटोछरितो सेवा प्रवाह गर्नु, कर्मचारीहरूलाई कार्यालयमा टिकाई राख्नु, भौगोलिक विकटता र कार्यालयमा स्रोत साधनको अभावका कारण प्रशासन कार्यालयबाट हुने नियमन सम्बन्धि कार्यहरू प्रभावकारीरूपले गर्नु लगायतका चुनौतीहरू सामना गर्नुपरेको छ।

## ३.७६ जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा

नेपालको सुदुर पश्चिम प्रदेश अन्तरगत पर्ने डडेल्धुरा जिल्ला एउटा सुन्दर जिल्ला हो । यस जिल्लाको सदरमुकाम अमरगढी मा रहेको छ। १५३८ बर्ग कि.मी क्षेत्रफल रहेको यस डडेल्धुरा जिल्लाको पूर्वमा डोटी, पश्चिममा भारतको पिथौरागढ जिल्ला र महाकाली नदी, उत्तरमा वैतडी, दक्षिणमा कैलाली र कन्चनपुर जिल्लासँग सिमाना जोडिएको छ। यो जिल्ला ८० डिग्री १२" पूर्व देखि ८० डिग्री ४७" पूर्व देशान्तरसम्म र २८ डिग्री ५९" उत्तर देखि २९ डिग्री २६" उत्तर आक्षांससम्म फैलिएको छ भने ४६२ मीटरको उचाई देखि २६३९ मीटर उचाईसम्म भएको भित्रि मधेश चुरे पहाड देखि महाभारतको लेक, घनघस्या, तुषरानी जस्ता नामचलेका लेक यस जिल्लामा रहेका छन । डडेल्धुरा जिल्लामा अजयमेरु अजयमेरुकोट तथा अमरगढी नगरपालिका स्थित अमरगढी किल्ला यस जिल्लाको प्रमूख ऐतिहासिक स्थलको रूपमा प्रसिद्ध छन् ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यालय डडेल्धुरामा प्र.जि.अ.रा.प.प्रथम-१ स.प्र.जि.अ.रा.प.द्बितिय-१, प्रशासकीय आधिकृत रा.प. तृतीय

२ ,ना.सु. ४, लेखापाल १, क.अ. १, खरिदार ४, का.स. ७, ह.स.चा. २ गरी हाल जम्मा २३ जना दरबन्दी रहेको छ। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ९५ अंक प्राप्त गरी अति उत्कृष्ट स्तर सहित पाँचौं (५) स्थान हासिल गरेको छ। आ.व. २०७८/७९ मा कार्यलयले नियमित कामका अतिरिक्त आफ्नै पहलमा राष्ट्रिय परिचयपत्र र राहदानीको अनलाईन फाराम कार्यालय भित्रबाटै भर्ने व्यवस्था मिलाईएका, सेवाग्राहीमैत्री प्रतिक्षालयको निर्माण, स्थानीय तहको नक्सासहितको पार्क निर्माण, कार्यालय परिसरमा वाटरफाउन्टेन र फूलवारी निर्माण र सेवाग्राहीका लागि सवारी पार्किङ स्थल निर्माण जस्ता सेवाहरू प्रवाह गरेको छ। सेवाग्राहीको चाप अनुसार जनशक्ति पर्याप्त हुन नसकेको, मनसुनजन्य विपद् व्यवस्थापन कार्यमा प्राविधिक जनशक्तिको अभाव र अपर्याप्त कार्यस्थल आदि यस जिल्लाले सामना गर्नुपरेका समस्याहरू हुन। सिमित जनशक्तिबाट सेवाग्राहीको अधिक चापको व्यवस्थापन, प्राविधिक जनशक्ति विना नै मनसुनजन्य विपद् व्यवस्थापन, अपर्याप्त कार्यस्थलका वावजुद गुणस्तरिय सेवा प्रवाह चुनौतको रूपमा रहेका छन्।

### ३.७७ जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर

नेपालको सुदूरपश्चिम प्रदेश अन्तर्गत पर्ने यस जिल्लाको पूर्वमा कैलाली, पश्चिम तथा दक्षिणमा भारत र उत्तरमा डडेलधुरा जिल्ला पर्दछ। यो जिल्ला २८ डिग्री ३२' उत्तरीदेखि २९ डिग्री २८' उत्तरी अक्षांश र ८० डिग्री ३' पूर्वदेखि ८० डिग्री ३३' पूर्वी देशान्तरसम्म फैलिएको छ। यस जिल्लाको क्षेत्रफल १,६१० वर्ग कि.मि.मध्ये ३७ प्रतिशत भूभाग खेतीयोग्य, ५५ प्रतिशत भूभाग वन जंगल र ८ प्रतिशत भूभाग खोलानालाले ओगटेको छ। भूतलीय उचाईको हिसाबले हेर्दा यो जिल्ला समुद्री सतहदेखि दक्षिणमा १६० मिटरदेखि उत्तरमा १,५२८ मिटर सम्मको उचाईमा अवस्थित छ। जिल्लाको पूर्व पश्चिम औसत लम्बाई ४४ कि.मि. र उत्तर - दक्षिण औसत चौडाइ ३४ कि.मि. रहेको छ।

जिल्लाको समग्र प्रशासकीय कार्य, सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहको लागि सङ्घीय सरकारको प्रतिनिधि कार्यालयको रूपमा जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहेको छ। जिल्ला प्रशासन कार्यलय कञ्चनपुरमा रा.प.प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी-१, रा.प.दि्बतिय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी -१, रा.प.तृतीय श्रेणी प्रशासकीय अधिकृत -३, नासु -१०, लेखापाल -१ कम्प्यूटर अपरेटर -३, खरिदार -५ हलुका सवारी चालक -२ कार्यालय सहयोगी -७ जनासहित जम्मा ३३ जनाको दरबन्दी संरचना रहेको छ। यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत त्रिभुवनवस्ती इलाका प्रशासन कार्यालयमा शाखा अधिकृतको नेतृत्वमा ७ जना कर्मचारीहरू कार्यरत छन। यस जिल्लाले आ.व. २०७८/७९ को प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन मुल्याङ्कन प्रणाली (CPAS) अनुसार ८७.५ अंक प्राप्त गरी उत्कृष्ट स्तर सहित पचपन्न (५५) स्थान हासिल गरेको छ। आ.व. २०७८/७९ मा कार्यलयले नियमित कामका अतिरिक्त, कोभिड-१९ को समयमा सीमा क्षेत्रमा स्वास्थ्य परीक्षण र हेल्पडेस्कको व्यवस्था गरिएको, अविरल वर्षाको

कारण भीमदत्त न.पा. ९ खल्ला मछेट्टी क्षेत्रमा महाकाली नदीको बीचमा फसेका घरपरिवारका व्यक्तिहरूको हेलिकप्टरबाट सुरक्षित उद्धार गरी राहत प्रदान गरिएको, सार्वजनिक सेवालाई जनतासमक्ष पुऱ्याउन जिल्ला प्रशासन कार्यालयको आधिकारिक वेवसाईट र फेसबुक पेज अद्यावधिक गर्ने गरिएको, जिल्ला स्थित सरकारी कार्यालयहरूबाट सेवा प्रवाह, मुस्कान सहितको सेवा, चुस्त दुरुस्त, नागरिक केन्द्रित सेवा प्रवाहका लागि निर्देशन/सुझाव, निरीक्षण र अनुगमन गरिएको,कार्यालय परिसर भित्र सिसिटिभिको व्यवस्था गरिएको, कार्यालय एवं कार्यालय परिसरमा सरसफाई गर्न विभिन्न राष्ट्रिय दिवस सहित निजामती कर्मचारी दिवसमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको, त्यस्तै बढ्दो सेवाग्राहीको चाप एवं जनशक्तिको कमी, कार्यालयमा सवारी साधन लगायतका स्रोत साधनको कमी,खुल्ला सीमानाका एवं वढ्दो अपराधिक क्रियाकलाप जस्ता समस्याहरू रहेका छन भने वढ्दो सेवाग्राहीको चाप एवं सीमित जनशक्तिको कारणले गर्दा सरल, सहज एवं प्रभावकारीरूपले नियमित सेवा प्रवाह गर्नु, कर्मचारीलाई उत्प्रेरित गरी अतिरिक्त समय काम गर्न लगाई कार्यालयबाट नियमितरूपमा गरिनु पर्ने अनुगमन तथा निरीक्षण लगायतका कार्यहरू प्रभावकारीरूपले समयमै सम्पन्न गर्नु, खुल्ला सीमानाकाको कारण लागु औषध ओसारपसार लगायतका आपराधिक क्रियाकलापहरूको नियन्त्रण गर्नु जस्ता चुनौतीहरू सामना गर्नुपरेको छ।

# प्रमुख जिल्ला अधिकारी कार्यसम्पादन मूल्याङ्कन (CPAS) प्रणाली

## ४.१ पृष्ठभूमि

नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार गृह मन्त्रालयलाई तोकिएका कार्यक्षेत्र र जिम्मेवारी पुरा गर्न जिल्ला प्रशसन कार्यालयहरूको महत्वपूर्ण भूमिका रहदै आएको छ। जिल्लामा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य उद्देश्य रहेको छ। जिल्लामा शान्ति सुरक्षा कायम गर्नु, अपराध रोकथाम र नियन्त्रणका लागि स्थानीय, प्रदेश र संघद्वारा निर्मित कानूनको कार्यान्वयन गर्नु गराउनु, कानूनद्वारा निर्देशित विषयहरूमा न्याय निरूपण गर्नु गराउनु, जिल्लाभित्र स्थापित सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत-सम्भार गर्नु गराउनु, विपद् व्यवस्थापन तथा राहत वितरण गर्ने, आपूर्ति व्यवस्थापन र वस्तु तथा सेवाको गुणस्तरीयताको सुनिश्चितता प्रदान गर्ने, कालोबजारी नियन्त्रण तथा उपभोक्ताको हक-हित संरक्षणका लागि विभिन्न निकायसँग समन्वय गरी बजार अनुगमन गर्ने जस्ता कार्यहरू पनि जिल्ला प्रशासन कार्यालयले गर्नुपर्दछ। त्यसैगरी अन्य नियमित प्रकृतिका कार्य बाहेक आकस्मिकता व्यवस्थापन, निकायगत समन्वय र विकास सहजीकरण तथा सुशासन कायम गराउने महत्वपूर्ण जिम्मेवारी पनि यो कार्यालयलाई रहेको छ।

नेपालको संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने विषय उल्लेख भएको छ। निजामती सेवा ऐन, २०४९ को दफा १५ (२), निजामती सेवा नियमावली, २०५० को नियम ३४ को (ख) तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को बुदाँ नं. १९ मा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तथा गुणस्तरीय बनाउन सार्वजनिक निकायका पदाधिकारीसँग कार्यसम्पादन सम्झौता गर्न सक्ने प्रावधान रहेको छ। गृह प्रशासन सुधार कार्ययोजना, २०७८ को बुँदा नं. २४ मा प्रमुख जिल्ला अधिकारीको कार्यसम्पादन सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ। उल्लेखित कार्यक्षेत्र तथा कानूनी प्रावधान भित्र रही गृह मन्त्रालयमा वि.सं. २०७५ को माघ महिना देखि मन्त्रालयका सचिवज्यू र प्रमुख जिल्ला अधिकारीहरू बीच कार्यसम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याइएको थियो। सोही व्यवस्थालाई आ.व. २०७८/७९ मा समेत निरन्तरता दिदैं सचिवज्यू र सबै प्रमुख जिल्ला अधिकारी, महाशाखा प्रमुख, विभागीय प्रमुख सम्म कार्यसम्पादन सम्झौता कार्यान्वयन भएको थियो।

## ४.२ कार्यसम्पादन स्तरको वार्षिक मूल्याङ्कन

प्रमुख जिल्ला अधिकारीहरूको  कार्यसम्पादन स्तरको वार्षिक मूल्याङ्कन गर्ने क्रममा  प्रमुख जिल्ला अधिकारी र श्रीमान् गृह सचिवज्यू बीच मिति २०७८/०४/०१ भएको कार्य सम्पादन सम्झौता बमोजिमका सूचकहरूका आधारमा जिल्लाहरूबाट CPAS मार्फत प्रतिवेदन गरिएका विवरणहरूको बिषयगत मूल्याङ्कन गरी अङ्क प्रदान गरिएको थियो। कार्यसम्पादन सम्झौताको ६ वटा विषयगत क्षेत्रहरू शान्ति सुरक्षा र अपराध नियन्त्रण, सुशासन र सेवा प्रवाह, लागु औषध नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, मुआब्जा वितरण तथा विकास निर्माणमा समन्वय र आर्थिक प्रशासन भित्र यसै प्रतिवेदनको अनुसूची १, २ र ३ मा सुचिकृत गरिएका क्रमशः हिमाली, पहाड र तराई जिल्लामा वर्गीकृत गरिएका सूचकहरूको समग्र मापनका आधारमा जिल्ला प्रशासन कार्यालयहरूको स्तरलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका ४.२.१: वार्षिक कार्यसम्पादन मूल्यात्तनको स्तर**

| कार्यसम्पादन स्तर | जिल्ला | संख्या | अङ्क भार |
|---|---|---|---|
| सर्बोत्कृष्ट | गुल्मी | १ | ९० भन्दा माथि र सबैभन्दा बढी अङ्क |
| अति उत्कृष्ट | अर्घाखाँची, नवलपरासी (वर्दाघाट सुस्ता पुर्व), रूकुम (पश्चिम), डडेलधुरा, हुम्ला, चितवन, तनहुँ, सल्यान, बैतडी, नवलपरासी (पश्चिम), पर्वत, जाजरकोट, मुस्ताङ, भक्तपुर, दाङ, संखुवासभा, तेह्रथुम, बारा, स्याङ्जा, दार्चुला, ओखलढुंगा, कास्की, दैलेख, पर्सा, बाँके, मनाङ, लमजुङ, ललितपुर, उदयपुर, मकवानपुर, मोरङ, रसुवा, सोलुखुम्बु, अछाम, बर्दिया, भोजपुर, इलाम, प्यूठान, रामेछाप, झापा, पाल्पा, सुनसरी, सुर्खेत, कपिलवस्तु, मुगु | ४५ | ९०% भन्दा माथी |
| उत्कृष्ट | डोटी, धादिङ, नुवाकोट, बझाङ, बागलुङ, रोल्पा, गोरखा, रौतहट, कन्चनपुर, सिन्धुली, काभ्रेपलाञ्चोक, रूपन्देही, महोत्तरी, जुम्ला, रूकुम(पुर्व), काठमाडौँ, सर्लाही, सिन्धुपाल्चोक, सिरहा, खोटांग, म्याग्दी, पाँचथर, ताप्लेजुङ, बाजुरा, दोलखा, कालिकोट, धनकुटा, धनुषा, कैलाली | २९ | ८०% भन्दा बढी ९०% सम्म |
| उत्तम | सप्तरी  र डोल्पा | २ | ६०% भन्दा बढी ८०% सम्म |
| मध्यम | - | | ५०% भन्दा बढी ६०% सम्म |

| कार्यसम्पादन स्तर | जिल्ला | संख्या | अङ्क भार |
|---|---|---|---|
| न्यून | - | | ५०% भन्दा कम |

*स्रोतः वार्षिक कार्यसम्पादन सम्झौताको मूल्याङ्कन प्रतिवेदन,२०७९*

माथि उल्लेखित तालिका अनुसार सर्वोकृष्ट जिल्लाको रूपमा गुल्मी परेको छ। देश भरिका ७७ वटा जिल्ला प्रशासन कार्यालयहरू मध्ये कुल ९७.७५ अङ्क प्राप्त गरी कार्य सम्पादनमा गुल्मी जिल्ला सर्बोत्कृष्ट जिल्ला प्रशासन कार्यालयको रूपमा दरिएको छ।

**तालिका ४.२.२ कार्य सम्पादनमा उत्कृष्ट पाँच जिल्लाहरू**

| स्थान | जिल्ला | प्राप्तांक | स्तर |
|---|---|---|---|
| प्रथम | गुल्मी | ९७.७५ | अति उत्कृष्ट |
| द्बितीय | अर्घाखाँची | ९७ | अति उत्कृष्ट |
| तृतीय | नवलपरासी पुर्व | ९६.७५ | अति उत्कृष्ट |
| चौथो | रूकुम पश्चिम | ९६ | अति उत्कृष्ट |
| पाचौं | डडेलधुरा, हुम्ला | ९५ | अति उत्कृष्ट |

**तालिका चित्र नं.४.१ वार्षिक कार्यसम्पादन मूल्याङ्कनको स्तर**



## ४.३ कार्यसम्पादन सम्झौता र जिल्लामा परेको प्रभाव

अर्ध वार्षिक कार्यसम्पादन मूल्याङ्कनको तुलनामा वार्षिक कार्य सम्पादन मूल्याङ्कनमा जिल्ला प्रशासन कार्यालयहररूको कार्य सम्पादन स्तरमा व्यापक सुधार देखिएको छ । अर्ध वार्षिक मूल्याङ्कनमा ६८ वटा जिल्ला प्रशासन कार्यालयहरूको कार्य सम्पादन स्तर न्यून रहेकोमा वार्षिक मूल्याङ्कनसम्म आइपुग्दा एक सर्बोत्कृष्ट सहित ४५ वटा अति उत्कृष्ट, २९ वटा उत्कृष्ट र २ वटा उत्तम कार्य सम्पादन स्तरमा जिल्ला प्रशासन कार्यालयहरूको स्तर वृद्धि भएको देखिन्छ । आ.व. २०७८/०७८ मा कुनै पनि जिल्ला जिल्ला प्रशासन कार्यालयहरूको कार्यसम्पादन स्तरमा अघिल्लो आ.व.को तुलनामा न्यून भएको देखिएको छैन । समग्रमा जिल्लाको शान्ति सुरक्षा र सेवा प्रवाहको अवस्था सुदृढ भएको देखिन्छ ।

प्रमुख जिल्ला अधिकारी र श्रीमान सचिवज्यूबीच भएको सम्झौतामा उल्लेख गरिएका विषयहरू प्रमुख जिल्ला अधिकारीहरूले विगत देखि नै गरी आएका अनिवार्य प्रकृतिका कामहरूको निरन्तरताको रूपमा रहेका छन् । केही बिषय जस्तै २.११ मा उल्लेखित कार्यालय सौन्दर्यता (Office Beautification) र २.१२ मा उल्लेखित प्रमुख जिल्ला अधिकारीको पहलमा भएको नवप्रवर्तात्मक कार्य लगायत सूचकमा अङ्क पाउने उत्प्रेरणाले नै भए पनि प्रमुख जिल्ला अधिकारीलाई नयाँ र सिर्जनात्मक कार्य गर्न प्रेरित गर्छ । शान्ति सुरक्षा र अपराध नियन्त्रण खण्डमा रहेका जिल्लाको अपराध नक्साङ्कन (Crime Map) सहितको एकीकृत रणनीतिक सुरक्षा योजना अद्यावधिक, एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना तयारी, जिल्ला सुरक्षा समितिको बैठक सञ्चालन, अवैध हातहतियार नियन्त्रण सम्बन्धी प्रतिवेदन, सुरक्षा निकाय तथा सरकारी कार्यालयहरूको नियमित अनुगमन तथा निरीक्षण, अवरूद्ध राष्ट्रिय राजमार्ग/सडक तत्काल सुचारू गर्ने लगायतका सूचकहरूले समग्रमा जिल्लाको शान्ति सुरक्षा व्यवस्थापनमा प्रभाकारी भूमिका खेलेको देखिन्छ । जिल्लाबाट CPAS मा प्राप्त भएका उल्लेखित विषयका प्रतिवेदनहरूले समेत सो को पुष्टि गर्छ । त्यसैगरी सुशासन र सेवा प्रवाह खण्डमा उल्लेखित सबै सूचकहरूले प्र.जि.अ.लाई जिल्लाको समग्र सुशासन र प्रभाकारी सेवा प्रवाहका लागि संधै जागरूक बनाई राख्ने देखिन्छ । सरकारी वा सार्वजनिक जग्गाको अतिक्रमण सम्बन्धी जिल्लागत लगत तयारी, सरकारी वा सार्वजनिक जग्गामा भएको अतिक्रमण सम्बन्धी उजुरी एवं गुनासो फर्छ्यौट, मन्त्रालय मातहतका जिल्लास्थित सबै सरकारी कार्यालयको भौतिक स्रोत साधनहरूको प्रोफाइल तयारी, हस्तान्तरण पत्र (Handover Note) लगायत सूचकहरूमा CPAS मार्फत प्राप्त जिल्लाहरूको प्रतिवेदनले महत्वपूर्ण सरकारी दस्ताबेजहरू प्राप्त भएको छ । त्यसै गरी लागु औषध नियन्त्रण शिर्षकका सूचकको कार्यान्वयनले युवा पुस्तामा फैलदै गएको लागु औषधको कुलतलाई रोक्न तथा सो मार्फत हुने अपराधलाई नियन्त्रण गर्न सहयोग पुगेको देखिन्छ । विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन शिर्षकका सूचकले प्र.जि.अ.लाई विपद व्यवस्थापनमा सधै जागरूक अवस्थामा राखेको देखिन्छ । जुन कुरा कोभिड-१९ नियन्त्रणको सन्दर्भमा जिल्ला प्रशासनले खेलेको भूमिकाबाट समेत पुस्टि भएकै छ । जिल्लाहरूले पठाएको प्रतिवेदनमा समेत सो बिषय उल्लेख भएको छ । मुआब्जा वितरण तथा विकास निर्माणमा समन्वय शिर्षकमा रहेका सूचकहरूको कार्यान्वयनले

प्र.जि.अ.लाई बिकास व्यवस्थापकको भूमिकामा समेत उभ्याएको छ भने लेखा परीक्षण भएको कुल अङ्कमा बेरूजूको अवस्था शुन्य हुने, बक्यौता बेरूजू फर्छ्यौट, कसूरजन्य सम्पत्ति व्यवस्थापन, जिन्सी निरीक्षण, सवारी साधनको वीमा लगायतका आर्थिक प्रशासनका सूचकहरूको कार्यान्वयनले जिल्लाको समग्र आर्थिक अनुशासन कायम गर्न महत्वपूर्ण योगदान दिने देखिन्छ। आगामी दिनमा सम्झौतालाई निरन्तरता दिई यसको नियमित अनुगमन तथा मूल्याङ्कन लाई वैज्ञानिक तथा अझ प्रभावकारी बनाउन मन्त्रालयबाट थप सकृयताको खाँचो देखिन्छ।

## ४.४ चालु आ. व. २०७९/८० को लागि कार्यसम्पादन सम्झौता र सूचकहरू

### ४.४.१ पृष्ठभूमि

निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५०, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र गृह प्रशासन सुधार कार्ययोजना, २०७४ बमोजिम सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तथा गुणस्तरीय बनाउन सार्वजनिक निकायका पदाधिकारीसँग कार्यसम्पादन सम्झौता गर्न सक्ने प्रावधानको शुरूवात एवं वर्षेनी निरन्तरता हुनु आँफैमा ठुलो उपलब्धी हो । सुधार निरन्तर हुनुपर्दछ । जसलाई गृह प्रशासन सुधार कार्ययोजना, २०७८ ले पनि समेटेको छ। यस आ. व. को CPAS ले पनि जिल्ला प्रशासन कार्यालयको कार्यक्षेत्रसँग सम्बन्धित क्रमशः शान्ति सुरक्षा र अपराध नियनत्रण, सुशासन र सेवा प्रवाह, लागुऔषध नियन्त्रण, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन, मुआब्जा वितरण तथा विकास निर्माणमा समन्वय र आर्थिक प्रशासन सहित ६ वटा बिषयगत क्षेत्रहरू, ७७ वटा क्रियाकलापहरू सहितका सूचकहरू रहेका छन। पूर्ण रूपले स्वचालित भनिए पनि CPAS प्रणालीका पनि सिमाहरू छन। सबै सूचकहरू प्रतिवेदन गरिए जस्तो बस्तुगत रूपले स्वतः अङ्क प्रदान गरिने खाले हुँदैनन्। जिल्लामा आइपर्ने समस्याको आकस्मिक व्यवस्थापन, काबु बाहिरको परिस्थितिमा सहजीकरण, धैर्यता र शान्ति व्यवस्थापन जस्ता बिषयमा वस्तुपरक ढंगबाट व्यक्तिको जाँचपरक र मूल्याङ्कन गर्न सकिदैन। यस्तोमा परिस्थितिजन्य अवस्थाको यथार्थ मूल्याङ्कन गरी व्यक्तिको बिषयगत क्षमता र कौशलताको आधारमा अङ्क प्रदान गर्नुपर्ने हुन्छ। यस आधारमा आ.व. २०७९/८० का लागि कार्यसम्पादन सम्झौतालाई निम्न आधारमा परिमार्जन गरिएको छ।

### ४.४.२ जिल्ला वर्गीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार वर्गीकृत भएका हिमाली, पहाडी र तराईका जिल्लाहरूका लागि फरक सूचक र अङ्क भार सहितको कार्य सम्पादन सम्झौता भएको देखिन्छ। यसरी जिल्लाहरूको वर्गीकरणलाई थप वैज्ञानिक र वस्तुनिष्ठ बनाउन जिल्लाको जनसंख्या, भूगोल, सेवा प्रवाहको प्रकृति र पूर्वाधारको पहुँचलाई आधार मानी जिल्लाहरूलाई तीन वर्गमा विभाजन गरिएको छ। यसका लागि राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक प्रतिवेदनले देखाएका तथ्याङ्कलाई आधार मानिएको छ।

| जनसंख्याको वर्गीकरण | | | जनघनत्वको वर्गीकरण | | |
|---|---|---|---|---|---|
| श्रेणी | जनसंख्या | जिल्ला | श्रेणी | विस्तार | जिल्ला |
| उच्च | ८ लाख भन्दा बढी | ९ | उच्च | ६०० भन्दा बढी | १३ |
| मध्यम | ५-८ लाख | १२ | मध्यम | ४००-६०० | ३ |
| औसत | २-५ लाख | २६ | औसत | १५०-४०० | २६ |
| न्यून | १-२ लाख | २२ | न्यून | ७०-१५० | २० |
| अति न्यून | १ लाख भन्दा कम | ८ | अति न्यून | ७० | १५ |
| | कुल | ७७ | | कुल | ७७ |

उपर्युक्त तालिकामा उल्लेख भएको आधारहरूलाई मिलान गरी जिल्लाहरूलाई 'क', 'ख' र 'ग' वर्गमा छुट्टाउनको लागि देहाय बमोजिमको संयोजन सूत्र प्रयोग गरिएको छ। उक्त जिल्लाहरूको जनसंख्या र भूगोलको विवरण सहितको सूची अनुसूची खण्डमा समावेश गरिएको छ।

| वर्ग | संयोजन सूत्र | जिल्ला संख्या | कुल जिल्ला |
|---|---|---|---|
| क | उच्च+उच्च | ८ | २३ |
| | उच्च+मध्यम | ० | |
| | मध्यम+उच्च | ४ | |
| | औसत+उच्च | १ | |
| | मध्यम+मध्यम | २ | |
| | मध्यम+औसत | ६ | |
| | औसत+मध्यम | १ | |
| | उच्च+मध्यम | १ | |
| ख | औसत+औसत | १७ | ३८ |
| | औसत+न्यून | ७ | |
| | न्यून+औसत | २ | |
| | न्यून+न्यून | १२ | |
| ग | अति न्यून+अति न्यून | ७ | १६ |
| | अति न्यून+न्यून | १ | |
| | न्यून+अति न्यून | ८ | |
| कुल जम्मा | ७७ | | |

### ४.४.३ नतिजा क्षेत्र, कार्य सम्पादन लक्ष्य र क्रियाकलाप

आर्थिक वर्ष २०७८/७९ मा कार्य सम्पादन करार सम्झौता सम्पन्न भई कार्यान्वयनमा रहेको सम्झौतामा नतिजा क्षेत्र ६ वटा, नतिजाको उपक्षेत्र ४६ वटा र क्रियाकलापहरू ६८ वटा रहेको छ। परिमार्जित सम्झौतामा नतिजाको ६ क्षेत्रहरू शान्ति सुरक्षा तथा अपराध नियन्त्रण, शासकीय प्रबन्ध, लागु औषध नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, मुआब्जा वितरण तथा विकास सहजीकरण, मन्त्रालयको मूल्याङ्कन तयार पारिएको छ। सबै नतिजाको उपक्षेत्रहरूलाई हटाई ७३ वटा सूचकहरू मात्र कायम गरिएको छ।

### ४.४.४ त्रैमासिक मूल्याङ्कन

आर्थिक वर्ष २०७८/७९ सम्म वार्षिक मूल्याङ्कनको अभ्यास भइरहेकोमा बिच समयमा प्रमुख जिल्ला अधिकारीहरू परिवर्तन हुँदा एकल नेतृत्वको वास्तविक मूल्याङ्कन गर्न कठिनाइ हुने सवाल उठ्दै आएको थियो। यस विषयलाई सम्बोधन गर्न परिमार्जित सम्झौतामा लक्ष्यहरूलाई त्रैमासिक विभाजन गरिएको छ। जस अनुसार पहिलो, दोस्रो, तेस्रो र चौथो त्रैमासिक अवधिका लागि क्रमशः ३९, ३४, ३० र ५३ वटा सूचकहरू निर्धारण गरिएको छ।

### ४.४.५ पूर्णाङ्क र आकस्मिकताको मूल्याङ्कन

शान्ति सुरक्षा तथा अपराध नियन्त्रण (२९), शासकीय प्रबन्ध (३४), लागु औषध नियन्त्रण (५), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (१०) र मुआब्जा वितरण तथा विकास सहजीकरण (७) गरी कुल अङ्क भार ९५ कायम गरिएको छ। मन्त्रालयको तर्फबाट हुने ५ अङ्कको कार्य सम्पादन मूल्याङ्कन वार्षिक रूपमा मन्त्रालयका सचिवबाट हुनेछ।

### ४.४.६ कार्य सम्पादन लक्ष्यको अङ्क निर्धारण

'क', 'ख', र 'ग' वर्गको जिल्लाहरूको लागि ६ वटा सूचकहरूको अलग अलग प्रगति लक्ष्य निर्धारण गरिएको छ। 'क' वर्गका जिल्लाहरूको कार्य सम्पादन लक्ष्य सेवा प्रवाहको चापको कारण न्यूनीकरण गरिएको छ भने 'ग' वर्गको सूचकको प्रगति लक्ष्यमा अभिवृद्धि गरिएको छ।

चालु आ. व. २०७९/८० को लागि कार्यसम्पादन सम्झौता र सूचकहरू सम्बन्धी बिस्तृत विवरण अनुसूची ७ देखि ११ सम्ममा सुचिकृत गरिएको छ।

# नीति तथा कार्यक्रम, वार्षिक बजेट र समयवद्ध क्रियाकलापहरू

## ५.१ गृह मन्त्रालय र मन्त्रालय सम्वद्ध निकायहरूबाट आर्थिक वर्ष २०७९/०८० मा सञ्चालन गरिने प्रमुख कार्यक्रम तथा बजेट विवरण

### ५.१.१ पृष्ठभूमि

नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण, शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता, व्यापार-व्यवसाय र उद्यमको सुरक्षाको प्रभावकारी प्रवन्ध, कानूनको प्रभावकारी कार्यान्वयन र अपराध नियन्त्रण मार्फत प्रत्येक नेपालीलाई सुख र खुशीको अनुभूति दिलाउने जिम्मेवारीका साथ गृह मन्त्रालय र अन्तर्गतको नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा मातहतका विभाग र कार्यालयहरूको कार्य गर्दै आएका छन् । यसका अतिरिक्त विपद पूर्व तयारी, उद्धार, राहत र पुनर्लाभिका साथै प्राकृतिक तथा गैरप्राकृतिक विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सम्पादन गर्दै आएको छ।

नेपाली नागरिकहरूको राष्ट्रिय पहिचानको प्रवर्द्धन गर्ने, आन्तरिक सुरक्षा व्यवस्थालाई मजबुत बनाई राष्ट्रिय एकता, सामाजिक सद्भाव, सहिष्णुता र सहकार्यको संस्कृतिलाई सुदृढ गर्दै सम्मुन्नत एवम् आत्मनिर्भरता उन्मुख दिगो आर्थिक विकासका लागि शान्ति सुरक्षाको भरपर्दो वातावरण निर्माण गर्न गृह मन्त्रालय क्रियाशील रहँदै आएको छ।

### ५.१.२ नेपाल सरकारको नीति तथा कार्यक्रममा समेटिएका गृह मन्त्रालयसँग सम्बन्धित बुँदाहरू

१२७. "नागरिकको जीउधनको रक्षाः सरकारको प्राथमिकता" को नीति अनुरूप नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा राष्ट्रिय अनुसन्धान विभागको क्षमता अभिवृद्धि गरी राष्ट्रिय सुरक्षा व्यवस्थापनमा परिचालन गरिनेछ। अध्यागमन र सीमा सुरक्षालाई प्रविधिमैत्री र आधुनिक भौतिक पूर्वाधार सम्पन्न बनाइनेछ।

१२८. शान्ति सुरक्षालाई सुशासन, सेवाप्रवाह, विकास निर्माण र समृद्धिको पूर्वशर्तको रूपमा सुदृढ बनाइनेछ । सुरक्षा सूचना प्रणाली सुदृढ गरी शान्ति सुरक्षा, अपराध अनुसन्धान र नियन्त्रणमा आधुनिक प्रविधिको प्रयोग बढाइनेछ।

१२९. नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपालको लागि सुविधासहितको आवास, कार्यालय तथा आवश्यकता अनुसार बिओपीको प्रबन्ध गरिनेछ। कारागारलाई सुधार गृहमा परिणत गर्दै लैजान र

अधिक कैदीबन्दी/घनत्व भएको हालको अवस्थामा सुधार ल्याउन कारागार सुधार योजना लागु गरिनेछ। खुला कारागार सम्बन्धि वैकल्पिक अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

१३०. बेमौसमी वर्षा, बाढी, पहिरो, खडेरी, आगलागी लगायतका प्राकृतिक, मानवीय एवं जैविक प्रकोपको तत्काल सम्बोधन गर्नसक्ने गरी विपद् पूर्वतयारी, पूर्वसूचना, प्रतिकार्य, पुनर्निर्माण र पुनःस्थापना व्यवस्था सुदृढ बनाईनेछ। विपद् प्रभावितको उद्धार, आपतकालीन बसोबास र उपचारका लागि तीनै तहमा स्वयंसेवकको परिचालन गरिनेछ। विपद् जोखिम न्यूनीकरण वित्तीय रणनीति कार्यान्वयन गरिनेछ। विपद् व्यवस्थापन सम्बन्धी सबै प्रकारका तालिम एकीकृत रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ। विपद् प्रतिकार्य र उद्धारमा नेपाली सेना लगायत सबै सुरक्षा निकायहरूलाई समन्वयात्मक रूपमा परिचालन गरिनेछ।

१३१. अपराधको बदलिँदो स्वरूपबाट सिर्जित सुरक्षा चुनौतिको सामना गर्दै आतङ्कवाद तथा सँगठित अपराध, वित्तीय अपराध, मिटर ब्याजी, साइबर अपराध, लागुऔषधको अवैध ओसारपसार र कारोबार लगायतका सबै प्रकारका अपराध नियन्त्रणमा सुरक्षा निकायलाई सक्षम बनाइनेछ। अन्य मुलुकसँग सुरक्षा जानकारी आदान-प्रदान गर्ने संयन्त्रको उपयोग गरी अन्तरदेशीय तथा अन्तराष्ट्रिय अपराध नियन्त्रण गरिनेछ। सामाजिक मूल्यमान्यतामा खलल पार्ने क्रियाकलापको सूक्ष्म निगरानी गरी सबै प्रकारका अपराध र सोमा हुने लगानीलाई निरुत्साहित गरिनेछ।

१३२. संसदमा विचाराधीन नागरिकतामा विधेयकलाई सहमतिका आधारमा छिट्टै टुङ्गोमा पुऱ्याउन पहल गरिनेछ। यसलाई सबै प्रकार सेवाप्रवाहमा क्रमशः आबद्ध गर्दै लगिनेछ। व्यक्तिगत घटना दर्तालाई विद्युतीय प्रणालीमा आबद्ध गरी वडास्तरसम्म विस्तार गरिनेछ। सामाजिक सुरक्षा कार्यक्रमलाई एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ।

### ५.१.३ आ.व. २०७९/८० को बजेट वक्तव्यमा समेटिएका गृह मन्त्रालयसँग सम्बन्धित बजेट तथा कार्यक्रमहरू

नेपाल सरकारले तय गरेका नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्न मन्त्रालय तथा मन्त्रालय सम्वद्ध निकायहरूको लागि आर्थिक वर्ष २०७९/८० मा कुल १ खर्ब ८५ अर्ब ३ करोड ४५ लाख (नेपाल सरकार रु. १ खर्ब ८० अर्ब ४६ करोड ७५ लाख, वैदेशिक ऋण रु. १ अर्ब २६ करोड २० लाख तथा वैदेशिक अनुदान रु. ३ अर्ब ३० करोड ५० लाख) विनियोजन भएको छ। त्यसै गरी बजेट वक्तव्यमा देहायका शीर्षकमा गृह मन्त्रालय र अन्तर्गतको बजेट तथा कार्यक्रमहरू समेटिएको छ।

(क) बजेट वक्तव्यमा समेटिएका विषयहरूको बुँदागत बिवरण

**(अ) सामाजिक सुरक्षा र संरक्षणतर्फ**

१८५. जीवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षणको अवधारणा अनुरूप गर्भावस्थामा स्वास्थ्य जाँच र पोषण, बाल्यावस्थामा खोप, पोषण र आधारभूत शिक्षा, माध्यमिक तहको शिक्षासँगै प्राविधिक सीप, युवावस्थामा शिक्षा र रोजगारीको सुनिश्चितता तथा वृद्धावस्थामा निःशुल्क उपचार, सम्मान र मर्यादित जीवनका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

१८६. विपन्न, जेष्ठ नागरिक, एकल महिला र सीमान्तकृत वर्ग तथा समुदाय लक्षित सामाजिक सुरक्षाका कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु । राजनीतिक परिवर्तनको आन्दोलनमा बलिदान गर्ने परिवारको लागि प्रदान हुँदै आएको जीवन वृत्ति रकमलाई निरन्तरता दिएको छु । राजनीतिक परिवर्तनको क्रममा घाईते योद्धाहरूको जीवन निर्वाह भत्तालाई निरन्तरता दिएको छु ।

१८७. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत हाल ७० वर्षमाथिको उमेर समूहमा ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएकोमा आगामी आर्थिक वर्षदेखि यसको दायरा बढाई ६८ वर्ष माथिका जेष्ठ नागरिकलाई समेत सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था मिलाएको छु । सामाजिक सुरक्षा भत्ता नलिन स्वःघोषणा गर्ने लाभग्राहीहरूलाई सरकारद्वारा सम्मान गरिनेछ ।

१८८. सामाजिक संरक्षण र सुरक्षा कार्यक्रमलाई यथार्थपरक र वस्तुनिष्ठ रूपमा एकद्वार प्रणाली मार्फत् सञ्चालन गर्न सामाजिक-आर्थिक सूचनासहितको एकीकृत लगत राख्ने व्यवस्था मिलाईनेछ ।

१८९. सामाजिक सुरक्षा कोषको रकम कामदारको स्वास्थ्य उपचार, कामदारको सन्ततिको शिक्षा तथा कामदारको परिवारको बीमा गर्न उपयोग गरिनेछ । कोषको रकम व्यवसाय सञ्चालन गर्न र व्यावसायिक सीपसम्बन्धी तालिम सञ्चालन गर्न समेत उपयोग गरिनेछ । कोषलाई दिगो बनाउन कोषको रकम उत्पादनमूलक तथा पूर्वाधार लगायतका क्षेत्रमा लगानी गर्न कानूनी प्रबन्ध गरिनेछ ।

१९०. योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिनुका साथै वैदेशिक रोजगारी तथा स्वरोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोष मार्फत योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा आबद्ध गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१९१. जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका नागरिक, दलित जेष्ठ नागरिक, लोपोन्मुख आदिवासी जनजाती, मानव विकास सुचकाङ्क न्यून भएका २५ जिल्लाका ५ वर्षसम्मका बालबालिका, दलित बालबालिका लगायतलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ता र औषधि उपचार तथा आर्थिक सहायता समेतको लागि रु.१ खर्ब ३४ अर्ब १ करोड विनियोजन गरेको छु ।

**(आ) जलवायु परिवर्तन र विपद् व्यवस्थापनतर्फ**

३१३. विपद् जोखिम न्यूनीकरण गर्न वहुप्रकोपीय पूर्व चेतावनी राष्ट्रिय प्रणाली स्थापना तथा बहुप्रकोपीय जोखिम आँकलन प्रणाली स्थापना गरिनेछ। विपद्का घटनाहरूबाट प्रभावित जनसंख्याको तथ्याङ्क आधार निर्माण गरी राहत र पुनरुत्थानका कार्यक्रमहरू सञ्चालन गरिनेछ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको लागि रु. १ अर्ब ६१ करोड विनियोजन गरेको छु ।

३१४. विपद् प्रभावितको उद्धार र राहतलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापनमा संलग्न निकायहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक स्रोत व्यवस्थापन गरेको छु । विपद् पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनामा स्थानीय समुदायको सहभागितामा अभिवृद्धि गर्न सङ्घ, प्रदेश र स्थानीय स्तरमा स्वयंसेवक परिचालन गरिनेछ ।

३१५. विपद् उद्धार कार्यलाई थप प्रभावकारी बनाउन पूर्वमा सप्तरी र पश्चिममा कैलाली जिल्लामा सशस्त्र प्रहरी बल मातहत विपद् उद्धार तालिम शिक्षालय स्थापना गर्न आवश्यक रकम विनियोजन गरेको छु।

३१६. जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा परिरहेको असरहरूको वैज्ञानिक अध्ययन-अनुसन्धान गर्नका साथै हिम मौसमी प्रणालीको निरन्तर अनुगमन गर्न हाल सञ्चालित नौ वटा हिम केन्द्रहरूलाई पूर्ण स्वचालित रियल टाईम प्रणालीमा स्तरोन्नती गरिनेछ। जलवायु परिवर्तनका कारण उत्पन्न हिमताल बिष्फोटको जोखिम न्यूनीकरण गर्न संखुवासभाको एक, सोलुखुम्बुका दुई र मनाङको एक गरी चारवटा हिमतालमा रहेको पानीको सतह घटाउने र तल्लो तटीय क्षेत्रहरूमा पूर्व सूचना प्रणालीको निर्माण गरी सञ्चालनमा ल्याइनेछ।

**(इ) शान्ति सुरक्षातर्फ**

३५१. शान्ति सुरक्षा र कानूनी शासनको प्रत्याभूति गरी मानव अधिकारको संरक्षण गरिने छ। आवश्यक स्रोत साधन उपलब्ध गराई सुरक्षा निकायको संस्थागत क्षमता विकास गरिने छ। अन्तराष्ट्रिय सिमा सुरक्षालाई प्रभावकारी बनाइने छ। आधुनिक प्रविधिको प्रयोग गरी सिमा क्षेत्रमा हुने अपराध र अवैध कारोबार नियन्त्रण गरिने छ।

३५२. साइबर अपराध नियन्त्रण गर्न कानूनी व्यवस्थामा समयानुकुल सुधार तथा सस्थागत सुधार गरिने छ। यस्ता अपराध नियन्त्रणमा संलग्न हुने जनशक्तिको क्षमता विकास गरी अनुसन्धान र बिश्लेषणलाई प्रभावकारी बनाउन आवश्यक उपकरणका लागि बजेट व्यवस्था गरेको छु।

३५३. अध्यागमन सेवालाई अत्याधुनिक एवं डिजिटाइज गरी अन्तर्राष्ट्रिय स्तरको बनाइने छ। सिमा नाकामा रहेका अध्यागमन कार्यालयहरूको भौतिक पूर्वाधार सुधार गरिने छ। नेपाल भित्रिने बिदेशी नागरिकको बायोमेट्रिक बिवरण सहितको अभिलेख विद्युतीय प्रणालीमा अद्यावधिक गर्ने र यात्रुको बिवरण अग्रिम रूपमा प्राप्त हुने सूचना प्रणाली विकास गरी प्रयोगमा ल्याइने छ।

३५४. दुई वर्ष भित्र सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराइने छ। आगामी आर्थिक वर्ष भित्र थप २० लाख नागरिकहरूलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराइने छ। वैयक्तिक सूचना प्रणालीलाई भरपर्दो र व्यवस्थित बनाउन व्यक्तिगत घटना दर्तालाई विद्युतीय प्रणालीमा आवद्ध गरी सबै वडासम्म विस्तार गरिने छ।

३५५. निर्माणाधीन केन्द्रीय कारागार नुवाकोट, क्षेत्रीय कारागार बाँके, मोरङ्ग, पाँचथर लगायत दशवटा कारागार भवनहरूको निर्माण गर्न र पुराना कारागार भवनहरूको मर्मत सुधार गर्न रु. ३७ करोड बिनियोजन गरेको छु। खुला कारागार नीति कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरिने छ। कारागारमा रहेको श्रम शक्तिलाई उत्पादन मुलक क्षेत्रमा प्रयोग गर्न आवश्यक व्यवस्था मिलाईने छ। कैदीबन्दीहरूको स्वास्थ्य उपचारलाई थप व्यवस्थित गर्न स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गरिने छ।

## ५.१.४ शीर्षकगत बजेट तथा कार्यक्रम विवरण

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| ३१४०००११ | गृह मन्त्रालय | ३४९९ | २९१२ | ६४११ | शान्ति सुरक्षा र अपराध नियन्त्रण, विभूषण (५ करोड), भवन निर्माण (२० करोड), सूचना प्रविधि (६ करोड), हज समिति (१ करोड ५० लाख) न्यायिक क्षमता अभिवृद्धि, कार्यसम्पादन मुल्याङ्कन तथा बजेट तथा योजना प्रणाली सुधार समेतका कार्यक्रमहरू, विपद जोखिम न्यूनीकरण समेतका कार्यक्रमहरू सञ्चालन गरिने । |
| ३१४००१०१ | राहत तथा पुर्नस्थापना कार्यक्रम | १७६५ | ० | १७६५ | ऐतिहासिक जनआन्दोलनका घाइतेहरूलाई मासिक निर्वाह वृत्ति, द्धन्द्धको क्रममा आमाबुबा गुमाएका बालबालिकालाई आर्थिक सहायता, ऐतिहासिक जनआन्दोलनका शहिद परिवारलाई दिइने आर्थिक सहायता, ऐतिहासिक जनआन्दोलन/ मधेश आन्दोलनका घाइते तथा अपांगता भएकाहरूलाई जीवन निर्वाह भत्ता लगायतका कार्यक्रम सञ्चालन गरिने । |
| ३१४००१०२ | लागू औषध नियन्त्रण कार्यक्रम | ६५ | १० | ७५ | लागु औषधसँग सम्बन्धित अपराध बिश्लेषणका लागि सफ्टवेयर निर्माण,सवै प्रदेशमा प्रदेश सरकार एवं निजी संघ संस्थाको साझेदारीमा आधारित सेन्टर अफ एक्सेलेन्सको रूपमा प्रदेशस्तरीय नमूना उपचार तथा पुनर्थापना केन्द्र स्थापना/विकास/सञ्चालन, गाँजाको औषधीजन्य प्रयोजनका लागि अनुसन्धान गर्ने सरकारी निकाय वा विश्वविद्यालयलाई अनुदान, गैर सरकारी संस्थाबाट सञ्चालित उपचार तथा पुनस्थापना केन्द्रहरूमध्ये उत्कृष्ट छनौट भएको केन्द्रलाई पुरस्कार प्रदान गर्ने (सात प्रदेश), लागू औषध प्रयोगकर्ताहरूको लागि सञ्चालित उत्कृष्ट उपचार तथा पुनर्थापना केन्द्रलाई अनुदान (आर्थिक सहायता) प्रदान गर्ने, लागू औषध जाँच गर्ने मेशिन खरिद लगायतका कार्यक्रमहरू सञ्चालन गरिने । |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| ३१४००१०३ | राष्टिय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण | ४२२८ | ११९४९ | १६१७७ | मनसुनजन्य र आगलागिजन्य विपद् प्रभावित निजी आवास पुननिर्माण सम्बन्धी अनुगमन, अभिमुखीकरण तथा सहजीकरण कार्यक्रम सञ्चालन गर्ने, विपद् व्यवस्थापन अनुदान रकम, विपद्सँग सम्वन्धित खोज तथा उद्धार सामग्री खरिद, वहुप्रकोपीय पूर्व चेतावनी/सूचना प्रणाली विकास, निर्णय समर्थन प्रणाली (Decision Support System), आम सतर्कता प्रोटोकल (Common Alerting Protocol), सन्देश सम्प्रेषण (Message Broadcast), भू-स्थानिक र स्याटेलाईटमा आधारित प्रविधि (Geospatial and Satellite Based Technology) को विकास, विपद् पोर्टलमा भूकम्प सूचक इन्जिनियरिङ्ग (seismic and earthquake engineering) मोड्यूललाई एकीकृत गर्ने, आकस्मिक तयारी र प्रतिकार्य कार्यक्रमका लागि विद्यमान बहुप्रकोपीय जोखिम मूल्याङ्कन र योजना (multi–hazard Risk Assessment and Plans for Emergency Preparedness and Response Programme) का नतिजाहरूको पुनरावलोकन तथा १ान आदानप्रदान, विपद्का समयमा आपूर्ति श्रृङ्खलालाई अविच्छिन्न एवं उत्थानशील बनाउन प्रभावकारी आकस्मिक यातायात प्रणालीको विकास (Develop effective emergency transport system to improve supply chain resilience during disaster, र संरचनाको सबलता मूल्याङ्कन (Structural Integrity Assessment – SIA) तर्फ कुल रु. ५६ करोड समेतका क्रियाकलाप सञ्चालन हुनेछन् । |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| ३१४०१०११ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | १८७१९ | ३६८८ | २२४०७ | राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको निरन्तरता, स्तरोन्नति तथा क्षमता विस्तार सम्बन्धी भएको सम्झौता बमोजिम भुक्तानी हुन बाँकी रकम, विवरण दर्ता तथा कार्ड वितरणको लागि MESA License खरिद, नागरिकको विवरण अध्यावधिक प्रणाली विकास तथा सञ्चालन, राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको समग्र मर्मत सम्भार र सञ्चालन (Maintenance and Support Service), नाबालक राष्ट्रिय परिचयपत्र सम्बन्धी सफ्टवेयर प्रणाली खरिद लागयतका कार्यक्रम सञ्चालन हुने । |
| ३१४०१०१२ | सामाजिक सुरक्षा तथा संरक्षण | १०५७०५० | | १०५७०५० | जेष्ठ नागरिक, विधुवा, महिला, अशक्तता, बालबालिका, दलित लगायतको सामाजिक सुरक्षा भत्ता वितरणको कार्यक्रम । |
| ३१४०२०११ | कारागार व्यवस्थापन विभाग | १९२९ | २०१२ | ३९४१ | शहरी विकास तथा भवन निर्माण विभाग, काठमाडौबाट कार्यान्वयन हुने गरी कारागार व्यवस्थापन विभागका कार्यक्रम अन्तरगत कारागार भवन कार्यान्वयन कार्य (नुवाकोट, नौबस्ता, मोरङ्ग र पाँचथर कारागार निर्माण) रु. १८ करोड, कैदीबन्दी स्वास्थ्य बिमा कार्यक्रम, कैदी वन्दीहरूलाई दिइने मनोसामाजिक परामर्श लगायतका क्रियाकलापहरू । |
| ३१४०२०१२ | कारागार कार्यालयहरू | १८८४४ | १८२२ | २०६६६ | कैदीबन्दी सामाजिक सुरक्षा (सिदा, पोशाक, चार्डपर्व खर्च आदि) रु. १ अर्ब १९ करोड र नयाँ कारागार भवन निर्माण रु. ८ करोड ७० लाख । |
| ३१४०३०११ | अध्यागमन विभाग | ५९२ | १२८१ | १८७३ | अध्यागमन कार्यालय त्रि.अ.बि.को अध्यागमन प्रस्थान कक्षमा इ-गेट (E-Gate) जडान गर्ने, इ-भिषा प्रणाली अध्यावधिक गर्ने, गौतम बुद्ध अन्तरष्ट्रिय विमानस्थलको लागि FDU खरिद तथा सञ्चालन । |
| ३१४०३०१२ | अध्यागमन कार्यालयहरू | २०९५ | १०५ | २२०० | बिदेशी नागरिकहरूको अध्यागमनलाई व्यवस्थित गर्ने लगायतका कार्यक्रम । |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| ३१४०४०११ | प्रहरी प्रधान कार्यालय | ४७१११ | १०१७७ | ५७२८८ | प्रहरी प्रधान कार्यालय र अन्तर्गतका निकायहरूको लागि कुल रु. ४७ अर्ब ९९ करोड ८ लाख रकम बिनियोजन भएको छ। उक्त बिनियोजन नेपाल प्रहरीको तलव भत्ता( रु.२८ अर्ब १० करोड), पोशाक (रु.१ अर्ब ६१ करोड) खाद्यान्न (रु. ५ अर्ब ३० करोड), महङ्गी भत्ता (१ अर्ब ८८ करोड), भवन निर्माण (रु. १ अर्ब ३६ करोड), राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, धुलिखेल (२ अर्ब ७५ करोड), मेशिनरी औजार (रु. १ अर्ब १५ करोड), सूचना प्रणाली तथा सफ्टवेयर (रु.१६ करोड), समेतका शीर्षकहरूमा बिनियोजन भएको छ। शान्ति सुरक्षा तथा अपराध अनुसन्धान नियन्त्रण, साइबर सुरक्षा, पूर्वाधार निर्माण, हातहतियार तथा उपकरण खरिद, प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि समेतका क्रियाकलापमा उल्लिखित शीर्षकमा विनियोजन भएको रकम खर्च हुने। |
| ३१४०४०१२ | उपत्यका प्रहरी कार्यालय | ५६७५२ | ४५२६ | ६१२७८ | |
| ३१४०४०१३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ७६६० | २८८१४ | ३६४७४ | |
| ३१४०४०१४ | प्रदेश प्रहरी कार्यालयहरू | ६८२७१ | २०५६ | ७०३२७ | |
| ३१४०४०१५ | नेपाल प्रहरी अस्पताल | ६०७५ | ५४१६ | ११४९१ | |
| ३१४०४०१६ | जिल्ला प्रहरी कार्यालयहरू | २३३०६२ | ९१६५ | २४२२२७ | |
| ३१४०४१०३ | अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ९६ | ७२७ | ८२३ | |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| ३१४०५०११ | सशस्त्र प्रहरी बल | १४३७६ | २००१ | १६३७७ | सशस्त्र प्रहरी बल नेपाल र अन्तर्गतका निकायको लागि कुल रु. २१ अर्ब ३२ करोड ६० लाख रकम बिनियोजन भएको छ। उक्त बिनियोजनबाट सशस्त्र प्रहरी बल नेपालको तलव भत्ता (रु.१४ अर्ब ४७ करोड ७० लाख), पोशाक (रु. ५० करोड ८० लाख), खाधान्न (रु. २ अर्ब ७१ करोड ८६ लाख), भवन निर्माण (रु. ७६ करोड ५१ लाख) समेतका कार्यमा स्रोत परिचालन हुनेछ। शान्ति सुरक्षा र सिमा व्यवस्थापन, विपद व्यवस्थापन, बिओपी समेतका पूर्वाधार निर्माण, हातहतियार तथा उपकरण खरिद, सशस्त्र प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि क्रियाकलापमा समेतका उल्लिखित शिर्षकमा बिनियोजन भएको रकम खर्च हुने छ। |
| ३१४०५०१३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १७११४८ | ६६६८ | १७७८१६ | |
| ३१४०५०१४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | १२९४१ | १६८८ | १४६२९ | |
| ३१४०५०१५ | नेपाल ए.पी.एफ अस्पताल | ३२२१ | १२१७ | ४४३८ | |
| ३१४०६०११ | प्रहरी किताबखाना | २४६ | ३७ | २८३ | प्रहरीको अभिलेख व्यवस्थापन, निबृत प्रहरी कर्मचारीहरूको सेवा प्रवाह |
| ३१४०७०११ | | | | | |
| | कसुरजन्य सम्पति व्यवस्थापन विभाग | २९१ | ४९ | ३४० | |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| | कसुरजन्यसम्पतिको व्यवस्थापन | | | | |
| ३१४९१०११ | समरजंग कम्पनी कार्यालय | १४२ | १ | १४३ | अतिविशिष्ट पदाधिकारीहरूको भ्रमणमा तोकिएको कार्य गर्ने । |
| ३१४९२०११ | जिल्ला प्रशासन कार्यालयहरू | १४०७४ | ३३३७ | १७४११ | शान्ति सुरक्षा व्यवस्थापन, सेवा प्रवाह, भवन निर्माण (२२ वटा जिल्ला प्रशासन कार्यालयहरूको प्रशासकीय भवन निर्माण) समेतका क्रियाकलापमा रकम बिनियोजन भएको छ। |
| ३१४९२०१२ | सीमा प्रशासन कार्यालयहरू | २८० | ७ | २८७ | सीमा प्रशासन व्यवस्थापन । |
| ३१४९२०१३ | इलाका प्रशासन कार्यालयहरू | ३७७४ | २२१५ | ५९८९ | शान्ति सुरक्षा व्यवस्थापन, सेवा प्रवाह, भवन निर्माण (१५ वटा इलाका प्रशासन कार्यालयहरूको प्रशासकीय भवन निर्माण) समेतका क्रियाकलापमा रकम बिनियोजन भएको छ। |
| ३१४९३०११ | जुद्ध वारुणयन्त्र कार्यालय | १५८ | १ | १५९ | अग्नि नियन्त्रण तथा विपद प्रतिकार्यका लागि । |
| कुल | | १७४८४६४ | १०१८८१ | १८५०३४५ | |

### ५.१.५ बजेट सारांश

| क्र.सं. | ब.शि.नं. | निकाय | कुल बिनियोजन | चालु | पुँजीगत | वितिय व्यवस्था | नेपाल सरकार | वैदेशिक ऋण | अनुदान |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ३१४ | गृह मन्त्रालय | १८५०३४५ | १७४८४६४ | १०१८८१ | ० | १८०४६७५ | १२६२० | ३३०५० |

### ५.१.६ वैदेशिक ऋण तथा अनुदानको बिनियोजनः

| क्र.सं. | निकाय | स्रोत | कार्यक्रम | रकम रु. लाखमा |
|---|---|---|---|---|
| १. | राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | बिश्व बैंक (सोधभर्ना हुने ऋण) | Structural Integrity Assessment (SIA) रु.५७ करोड विपद व्यवस्थापन (Operation, Training, Support Equipment) रु.३९.७६ करोड | ९६७६ |
| | | बिश्व बैंक (सोधभर्ना हुने अनुदान) | Disaster Risk Management System (Consultancy and Rescue) रु. ५५ करोड ५० लाख | ५५५० |
| २. | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | बिश्व बैंक (सोधभर्ना हुने ऋण) | घटना दर्ता तथा सामाजिक सुरक्षा सुदृढीकरण आयोजना | २९४४ |
| ३. | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | भारत सरकार (नगद अनुदान) | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान भवन निर्माण | २७५०० |

### ५.१.७ प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने कार्यक्रमः

नभएको ।

### ५.१.८ अपेक्षित उपलब्धिः

पृष्ठभूमि खण्डमा उल्लिखित कार्यसम्पादन भएको हुने ।

## ५.२ नतिजासूचक र समयवद्ध क्रियाकलापहरू (Milestones)

### ५.२.१ रुपान्तरणकारी तथा प्राथमिकता प्राप्त कार्यक्रम (P1) को प्रगति अवस्था

### ५.२.२ पन्धौं योजनाको नतिजासूचकमा भएको प्रगति

पन्ध्रौं योजनामा उल्लिखित गृह मन्त्रालय सम्बद्ध १८ वटा नतिजा सूचकहरूमा भएको प्रगति तालिका नं. ५.२.२.१ मा प्रस्तुत गरिएको छ। ती मध्ये क्र.सं. १, ६ र ८ को प्रगतिको अवस्था उपलब्ध हुन सकेको छैन भने क्र.सं. १५,१६ र १७ को प्रगति सन्तोषजनक देखिएको छ। अन्य नतिजा सूचकहरूको प्रगतिको अवस्था कमजोर देखिएको छ।

तालिका नं. ५.२.२: पन्ध्रौं योजनाका नतिजासूचकको प्रगति अवस्था

| क्र.सं. | सूचक | एकाई | वार्षिक लक्ष्य | प्रगति अवस्था (२०७८/०७९) |
|---|---|---|---|---|
| १. | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | ४७ | १२.०३ |
| २. | सडक दुर्घटनाबाट मृत्यु भएका व्यक्ति | सख्या | १८८८ | २८८३ |
| ३. | सडक दुर्घटनाबाट घाइते भएका व्यक्ति | सख्या | २१२४९ | ३३००४ |
| ४. | प्रहरी र जनताबीचको अनुपात | अनुपात | १:३६७ | १:३८४ |
| ५. | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | प्रतिशत | ७७.७३ | ६८.७८ |
| ६. | मदिराको हानिकारक प्रयोग गर्ने जनसख्या (१५ वर्ष वा माथिको उमेर समूह) | प्रतिशत | ५ | |
| ७. | लागुऔषध निषेध तथा मदिरा विक्री वितरण व्यवस्थित गर्न रोकथाममूलक कार्यक्रम लागू भएका स्थानीय तह | सख्या | ७५३ | २०० |
| ८. | न्यूनतम मानवोचित सुविधा सहितको (भौतिक पूर्वाधार क्षमता) कारागारमा रहेका कैदी बन्दी | प्रतिशत | ८० | ६०.८ |
| ९. | बायोमेट्रिक सहितको अपराध तथा अपराधी अभिलेख प्रणाली स्थापना | जिल्ला | ७७ | ४८ |
| १०. | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ३० | १.७ |
| ११. | विपद्को कारण कुल गार्हस्थ्य उत्पादनमा भएको क्षति | प्रतिशत | २ | |

| क्र.सं. | सूचक | एकाई | वार्षिक लक्ष्य | प्रगति अवस्था (२०७८/०७९) |
|---|---|---|---|---|
| १२. | विपद्का घटनावाट मृत्यु भएका जनसख्या | प्रति लाख | १.१० | १.६९ |
| १३. | विपद्का घटनावाट प्रभावित परिवार संख्या | जना | ४००० | ५९८८ |
| १४. | पाँच वर्षमुनिका वालवालिकाको जन्म दर्ता | प्रतिशत | ८५ | ७७.२ |
| १५. | राष्ट्रिय परिचयपत्र लागु हुने जिल्ला | संख्या | ७७ | ७७ |
| १६. | विदेशी मुलुकमा वालवालिकाको वेचविखन | संख्या | १२ | ० |
| १७. | नेपाल प्रवेश गर्ने र बाहिरिने विदेशीको जैविक सूचना सहितको अध्यागमन प्रणाली लागु भएका अध्यागमन कार्यालय | संख्या | ७ | ९ |
| १८. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी तालिम प्राप्त जनशक्ति | संख्या | २९०० | २२९० |

### ५.२.३ आर्थिक वर्ष २०७८/७९ को लागि तोकिएका माइलस्टोनको प्रगति अवस्था

विगतको पाठ र अनुभव, वर्तमान नीति तथा कार्यक्रम, विद्यमान कार्यसञ्चालन व्यवस्था, समस्या र सवालहरूलाई दृष्टिगत गरी आ.व. २०७८/७९ का क्रियाकलाप र माइलस्टोनहरूको विवरण तयार गरिएको थियो। जस अनुसार नेपाल सरकारको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न गृह मन्त्रालय र अन्तरगतका निकायहरूको लागि कार्ययोजना तयार गरिएकोमा कार्ययोजनामा ६० वटा क्रियाकलापहरू र ११० वटा माइलस्टोनहरू समावेश छन् ।

माइलस्टोन कार्यान्वयनको अवस्थाः समीक्षा अवधिमा जम्मा ११० वटा माइलस्टोनहरू मध्ये ७१ वटासम्पन्न भएका अवस्था छ। साथै ६० वटा क्रियाकलाप मध्ये ३७ वटा सम्पन्न भएको देखिन्छ। यस आवको समीक्षा अवधिमा तोकिएमा माइलस्टोनहरूमा मन्त्रालयले ६४.५५% प्रगति गरेको देखिन्छ। त्यसै गरी क्रियाकलापको सन्दर्भमा ६१.६७ % प्रगति भएको देखिन्छ। रुपान्तरणकारी आयोजनाको रूपमा रहेको राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम तर्फ वार्षिक लक्ष्यमा प्रगति १००% रहेको छ भने आयोजनाको कुल लक्ष्यको तुलनामा भौतिक तर्फ ७७% र वित्तीय तर्फ ७२.४% रहेको छ (राष्ट्रिय महत्वका आयोजनाहरूको आ. व.२०७८/०७९ प्रगति विवरण, प्र.म.कार्यालय)।

### ५.२.४ आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन कार्ययोजना (माइलस्टोन)

आ. व. २०७९/८० को वार्षिक बजेटको प्रभावकारी कार्यान्वयन गर्न गृह मन्त्रालयका लागि २०० वटा माइलस्टोन तोकिएका छन्। क्रियाकलापहरू तर्फ ७६ वटा रहेका छन भने कार्यसम्पादन सूचक तर्फ (KPI) १३ वटा सूचक निर्धारण गरिएका छन् ।

## तालिका नं. ५.२.३ :आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन कार्ययोजना (माइलस्टोन)



NID | NORSMA | APF | Police

| [illegible] | [illegible] | मुख्य क्रियाकलाप | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|
| | [illegible] | [illegible] | [illegible] | | | | | [illegible] |
| | | [illegible] | [illegible] | | | | | [illegible] |
| | | Core Firewall License | [illegible] | [illegible] | [illegible] | [illegible] | Core Firewall Licen[se] [illegible] | [illegible] |
| | | Operating System License [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | OS License [illegible] | [illegible] |
| | | Microsoft Office License [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | Microsoft Office Li[cense] [illegible] | [illegible] |
| | | VPN Router for MoHA Intranet Exten[sion] [illegible] AAD & [illegible] BAD | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| | | Server Virtualization License | [illegible] | [illegible] | [illegible] | [illegible] | Virtualization Licen[se] [illegible] | [illegible] |

टेकनारायण पाण्डे
सचिव

NID | NDRRMA | Police

| [illegible] | [illegible] | मुख्य क्रियाकलाप | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|
| [illegible] | [illegible] | 1 MBPS Lease (Intranet) Per office C NTC/year | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| | | Citizenship Information Management (CIMS) Upgradation & Support | [illegible] | [illegible] | [illegible] | Inception Report, Software Requirements Specification | [illegible] | [illegible] |
| | | DASS System Upgradation and Support | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| | | Database and Application Support | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| | | Server Infrastructure Support | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| | | [illegible] CCTV [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] CCTV [illegible] |
| | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | Nepal police |
| | | | | | | | | Nepal police |
| | | | | | | | | Nepal police |
| | | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | Nepal police |
| | | | | | | | | Nepal police |
| | | | | | | | | Nepal police |

टेकनारायण पाण्डे
सचिव


NID

NDRRMA

APF

Police

मुख्य क्रियाकलाप

Nepal police

Nepal police

Nepal police

Nepal police

देवनारायण पाण्डे

सचिव

NID | NDRRMA | APF | Police

| [illegible] | [illegible] | मुख्य क्रियाकलाप | [illegible] | कार्यान्वयन गर्ने निकाय | [illegible] |
|---|---|---|---|---|---|
| [illegible] | [illegible] | [illegible] | [illegible] | APF Nepal | [illegible] |
| | | [illegible] | [illegible] | APF Nepal | [illegible] |
| | | [illegible] | [illegible] | APF Nepal | [illegible] |
| | | [illegible] | [illegible] | APF Nepal | [illegible] |
| | | [illegible] | [illegible] | APF Nepal | [illegible] |
| | | [illegible] | [illegible] | APF Nepal | [illegible] |
| | | [illegible] | [illegible] | APF Nepal | [illegible] |
| | | [illegible] | [illegible] | APF Nepal | [illegible] |
| | | [illegible] | [illegible] | Nepal police | [illegible] |
| | | [illegible] | [illegible] | Nepal police | [illegible] |
| [illegible] | [illegible] | [illegible] | [illegible] | APF Nepal | [illegible] |
| | | [illegible] | [illegible] | APF Nepal | [illegible] |
| | | [illegible] | [illegible] | APF Nepal | [illegible] |
| | | [illegible] | [illegible] | [illegible] | [illegible] |

टेकनारायण पाण्डे
सचिव

NID

NDRRMA

APF

Police

मुख्य क्रियाकलाप

NDRRMA

Police

| | | मुख्य क्रियाकलाप | | | | | | माइलस्टोन | माइलस्टोनको प्रकार |
|---|---|---|---|---|---|---|---|---|---|
| [illegible] | [illegible] | | | | पटक | | १ | माइलस्टोन ३. बहुप्रकोपीय पूर्व सुचना प्रणाली संचालनार्थ आवश्यक सामग्री खरिद कार्य। | ५ |
| | | [illegible] | | ५० | स्थान | १३ | ८ | माइलस्टोन १. जोखिमयुक्त क्षेत्रको पहिचान। | ६ |
| | | | | | | | | माइलस्टोन २. जोखिम विश्लेषण। | ६ |
| | | Detail assessment including Detail project Report of critical public building (Health, school and other building structure) | | ८२२७ | भवन संख्या | | २२५ | माइलस्टोन १. बोलपत्र आव्हान। | ५ |
| | | | | | | | | माइलस्टोन २. सम्झौता र कार्यादेश। | ५ |
| | | [illegible] | | १०० | वटा | ५६ | १० | माइलस्टोन १. तालीम/गोष्ठीको आवश्यकता पहिचान। | ६ |
| | | | | | | | | माइलस्टोन २. तालीम/गोष्ठी सञ्चालन। | |
| | | [illegible] | | ५०० | संख्या | ७१६३ | १७५ | माइलस्टोन १. लाभग्राही पहिचान र प्रणालीमा प्रविष्टि | ६ |
| | | | | | | | | माइलस्टोन २. लाभग्राहीलाई किस्ता निकासा। | |
| | | [illegible] | | १००० | पटक | | १ | माइलस्टोन १. बोलपत्र आव्हान। | ५ |
| | | | | | | | | माइलस्टोन २. सम्झौता र कार्यादेश। | ५ |
| | | [illegible] | | ५० | वटा | | १ | माइलस्टोन १. कार्यदल गठन गरी NDRF को मस्यौदा तयार गर्ने। | १ |
| | | | | | | | | माइलस्टोन २. मस्यौदा उपर सरोकारवालको राय सुझाव प्राप्त गरी अन्तिम रुप दिने। | १ |

जम्मा क्रियाकलाप संख्या -७६

गृह मन्त्रालयको क्रियाकलाप संख्या -२३ (मातहत निकायको बाहेक।

जम्मा माइलस्टोन संख्या -२००

गृह मन्त्रालयको माइलस्टोन संख्या -७४ (मातहत निकायको बाहेक)

टेकनारायण पाण्डे
सचिव

नेपाल सरकार
गृह मन्त्रालय

५.२.४ आ. व.२०७९/८० का लागि निर्धारण गरिएका कार्यसम्पादन सूचकहरू (KPI)

| क्र. सं. | सूचक | SDG संकेत | समीक्षा अवधि | भार | इकाई | बेसलाईन | वार्षिक लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधको घटनाको अनुसन्धान | १६ | मासिक | ७ | प्रतिशत | ८४ | ९० |
| २ | पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता | १६ | मासिक | १० | संख्या | ७७ | ८५ |
| ३ | व्यक्तिगत घटनादर्ता अनलाईन बाट गरिने वडा | १६ | मासिक | १० | संख्या | ६२०० | ६७४३ |
| ४ | विपद्का घटनाबाट प्रभावित परिवार संख्या | १६ | मासिक | ७ | संख्या | ४९९ | ४५९ |
| ५ | विपद्का घटनाबाट मृत्यु संख्या | ११ | वार्षिक | ७ | संख्या | ४९१ | ४४१ |
| ६ | एकीकृत राष्ट्रिय परिचयपत्रको वितरणको लागि विवरण संकलन | १६ | मासिक | ११ | संख्या(लाख) | ८१ | १५० |
| ७ | एकिकृत राष्ट्रिय परिचयपत्र वितरण | १६ | त्रैमासिक | ८ | संख्या(लाख) | १ | २० |
| ८ | सिपमूलक/रोजगारमूलक तालिम प्राप्त कैदीबन्दी | ४ | वार्षिक | ७ | संख्या | ५५४२ | ५५०० |
| ९ | निर्माण सम्पन्न भएका BOP भवन | १६ | वार्षिक | १० | संख्या | २७ | ४० |
| १० | २०७९ अषाढ मसान्तसम्म बाँकी रहेको शोधभर्ना प्राप्ति | ८ | वार्षिक | ६ | प्रतिशत | ० | १०० |
| ११ | पूजीगत खर्च | १६ | मासिक | ८ | प्रतिशत | ७७ | १०० |
| १२ | बेरुजु फर्छ्यौट | १६ | मासिक | ९ | प्रतिशत | ४० | ७० |
| १३ | गुनासो फर्छ्यौट | १६ | मासिक | ७ | प्रतिशत | ८५ | ९० |

# गृह प्रशासन सुधार कार्ययोजना, २०७८ को प्रगति समीक्षा

नेपालको संविधानले स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै नागरिकको जीउ, धन र स्वतन्त्रता तथा समानताको संरक्षण गर्ने विषय उल्लेख गरेकोमा ती कुराहरूको प्रत्याभूति गर्ने गुरुत्तर अभिभारा गृह मन्त्रालयको रहेको छ। गृह मन्त्रालयले नेपालको संविधानको धारा ५१(क) बमोजिम राष्ट्रि एकता तथा राष्ट्रिय सुरक्षा सम्बन्धी नीतिको सम्वोधन गर्ने विषयहरूका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू, गृह प्रशासन सम्बद्ध ऐन, नियम, कानून र कार्यविधिहरू, नेपाल सरकार कार्य विभाजन नियमावली (२०७४) बमोजिमका क्रियाकलापहरू, आवधिक योजनामा उल्लेख भएका गृह प्रशासन सम्वद्ध क्रियाकलापहरू र नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम अनुसार तोकिएका क्रियाकलाप तथा जिम्मेवारीहरूको कार्यान्वयन गर्दै गृह प्रशासनलाई सक्षम, सबल र साधनसम्पन्न बनाएर नागरिकहरूमा शान्ति सुरक्षाको प्रत्याभूति तथा सरकारप्रतिको विश्वासको अनुभूति दिलाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै लैजानुका साथै सुशासन कायम गर्नका लागि सबैखाले प्रयत्न र क्रियाशीलता देखाउनु पर्दछ। सोका लागि गृहमन्त्रालयले मातहतका निकायका कार्यालय प्रमुखसँग वार्षिक कार्य सम्पादन सम्झौता गरेर कार्यसम्पादनलाई थप प्रभावकारी र नतिजामुखी बनाउँदै लगेको छ। गृह प्रशासनका आगामी क्रियाकलापहरू थप अनुमानयोग्य र योजनाबद्ध बनाउँदै लैजान मिति २०७८/१०/१६ गते गृह प्रशासन सुधार कार्ययोजना २०७८ जारी भई कार्यान्वयनमा रहेको छ। विभिन्न २०६ क्रियाकलापहरूमा वर्गीकरण गरिएको यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट शान्ति, सुरक्षा, सुशासन र विकासमा सहजीकरण गर्दै “समृद्ध नेपाल सुखी नेपाली” को राष्ट्रिय लक्ष्य हासिल गर्नमा समेत सहयोग पुग्ने अपेक्षा गरिएकोमा आ. व.२०७८/०७९ तपसिलमा उल्लेख भए बमोजिमका प्रगतिहरू भएका छन्।

**गृह प्रशासन सुधार कार्ययोजना, २०७८ को कार्यान्वयनको प्रगति अवस्था**

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ५.६.१ नीतिगत र कानूनी सुधार | | | | |
| १ | नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३, नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ र नागरिकता प्रमाणपत्र वितरण टोलीको कार्यसञ्चालन निर्देशिका, २०७० संशोधन गर्ने । | २ वर्ष | सभामुखबाट ऐन प्रमाणित भएको | |
| २ | लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३ परिमार्जन गर्ने । | १ वर्ष | लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३ परिमार्जन अन्तिम चरणमा रहेको । | लागु औषध नियन्त्रण शाखा |
| ३ | लागू औषध तथा मनोद्दीपक पदार्थ नियन्त्रण ऐन तर्जुमा गर्ने । | २ वर्ष | लागु औषध ऐन, २०३३ लाई लागु औषध तथा मनोदिपक पदार्थको नियन्त्रण गर्ने बिषयलाई पर्याप्त सम्बोधन गर्न नसकेको र गाँजाजन्य पदार्थमा केन्द्रीत भएको हुँदा गाँजाको औषधी जन्य प्रयोगका लागि छुट्टै ऐनको आवश्यकता महशुस गरी अवधारणापत्रको सहमतीका लागि कानून तथा संसदीय व्यवस्था मन्त्रालयमा पठाइएको । उक्त अवधारणा स्वीकृत भए पछि लागु औषध तथा मनोद्दीपक पदार्थ नियन्त्रण ऐन समेत तयार गरिने । | |
| ४ | विष्फोटक पदार्थ ऐन, २०१८ मा संशोधन गर्ने । | १ वर्ष | तर्जुमा तयारीको क्रममा रहेको । | |
| ५ | विष्फोटक पदार्थ नियम, २०२० मा संशोधन गर्ने । | १ वर्ष | तर्जुमा तयारीको क्रममा रहेको । | |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ६ | तेजाव तथा घातक रासायनिक पदार्थ ऐन तथा नियमावली तर्जुमा गर्ने । | १ वर्ष | तेजाव तथा घातक रासायनिक पदार्थ ऐन, २०७९ तर्जुमा भएको र सोको नियमावली स्वीकृतिको चरणमा रहेको । | लागु औषध नियन्त्रण शाखा |
| ७ | अध्यागमन नीति तर्जुमा गर्ने । | १ वर्ष | विभागको रणनीतिक कार्ययोजनाको दोस्रो वर्षको कार्यक्रम अन्तर्गत रहेको, हालसम्म कार्य शुरु नभएको । | अध्यागमन विभाग |
| ८ | अध्यागमन ऐन, २०४९ तथा नियमावली, २०५१ मा संशोधन गर्ने । | १ वर्ष | प्रस्तावित ऐन संसदमा विचाराधीन रहेको । | अध्यागमन विभाग |
| ९ | विपद् जोखिम व्यवस्थापनका लागि अन्तर तह समन्वय सम्बन्धी मार्गदर्शन तर्जुमा गर्ने । | १ वर्ष | विपद् जोखिम व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य र समन्वय सम्बन्धी मार्गदर्शन, २०७९ को मस्यौदा तयार भएको । | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| १० | विपद् व्यस्थापनका सम्बन्धमा नेपाल सरकार सम्बद्ध मन्त्रालय र विभागको भूमिका तथा जिम्मेवारी निर्धारणका लागि ऐन संशोधन तथा मापदण्ड तर्जुमा गर्ने । | १ वर्ष | • वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियामा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू समावेश गर्ने सम्बन्धी मार्गदर्शन, २०७८ को मस्यौदा तयार भएको ।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०८६ संशोधन प्रक्रियामा रहेको । | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| ११ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा राष्ट्रिय पुनर्निमाण प्राधिकरण (NRA)बाट सरी आएको जिम्मेवारी समेत वहन गर्नेगरी निर्देशिका तयार पार्ने । | १ वर्ष | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको बाँकी काम सम्पन्न गर्न संशोधन सहित आठवटा कार्यविधि तयार गरी मिति २०७८/१०/१४ को कार्यकारी समितिको निर्णयवाट स्वीकृत भएको । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| १२ | कारागार ऐन, २०१९ तथा नियमावली, २०२० र कारागार व्यवस्थापन कार्यविधि, २०७३ मा संशोधन गर्ने । | १ वर्ष | कारागार ऐन २०७९ पारित भएको | कारागार व्यवस्थापन विभाग |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १३ | सशस्त्र प्रहरी ऐन, २०५८ मा संशोधन गर्ने । | १ वर्ष | सरोकारवाला निकायसंग छलफल भईरहेको | सुरक्षा तथा समन्वय महाशाखा |
| १४ | सीमा सुरक्षा ऐन तर्जुमा गर्ने । | १ वर्ष | सैद्धान्तिक छलफल भएको । | सुरक्षा तथा समन्वय महाशाखा |
| १५ | औद्योगिक सुरक्षा ऐन तर्जुमा गर्ने । | १ वर्ष | सैद्धान्तिक छलफल भएको ।चालु आ.ब.मा सम्पन्न हुने | सुरक्षा तथा समन्वय महाशाखा |
| १६ | हातहतियार खरखजाना ऐन, २०१९ तथा नियमावली, २०२८ मा संसोधन गर्ने । | १ वर्ष | समयानुकुल संशोधन गरी एघारौ संशोधन भएको । | सुरक्षा तथा समन्वय महाशाखा |
| १७ | सङ्घीय कार्यप्रवाह बमोजिम नेपाल प्रहरी र प्रदेश प्रहरीको परिचालन गर्न प्रहरी ऐन, २०१२ र प्रहरी नियमावली, २०४९ मा संशोधन गर्ने । | १ वर्ष | • प्रहरी नियमावली, २०७१ को नवौँ संशोधनमार्फत नेपाल प्रहरीमा प्रहरी कार्यालय सहयोगीहरूको स्तरवृद्धि; प्रहरी सहायक हवल्दार, प्रहरी वरिष्ठ हवल्दार र प्रहरी वरिष्ठ नायव निरीक्षकको नयाँ पद सृजना; अवकाश पूर्व १ महिना अघि कुनै पदमा ८ वर्ष अवधि पुगेपश्चात् प्र.ना.उ. दर्जासम्मको प्रहरी कर्मचारीलाई एक तह पदोन्नतिको व्यवस्था मिति २०७८/१०/०३ गते राजपत्रमा प्रकाशित भएको ।<br>• प्रहरी नियमावली, २०७१ को दशौँ संशोधनमार्फत नवौं संशोधन द्वारा सृजना भएका नयाँ पदहरूमा बढुवा गर्दा एक पटकका लागि जेष्ठतालाई आधारमा बढुवा समितिले सिफारिस गरे बमोजिम हुने । मिति २०७८/१२/१० गते राजपत्रमा प्रकाशित भएको । | नेपाल प्रहरी |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १८ | विशेष ब्यूरो (कार्य सञ्चालन) नियमावली र केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला (कार्य सञ्चालन) नियमावली तर्जुमा गर्ने । | १ वर्ष | केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला कार्य संचालन निर्देशिका, २०७८ को मस्यौदा तयार भएको ।<br>विशेष ब्यूरो (कार्य सञ्चालन) नियमावलीको मस्यौदा तयार भएको । | नेपाल प्रहरी |
| १९ | निश्चित प्रकृतिका नागरिकता वितरण प्रकृयालाई स्थानीय तहबाटै हुने व्यवस्था गर्न आवश्यक कानूनी एवं कार्यविधिगत व्यवस्था गर्ने । | ६ महिना | विभिन्न सरोकारवाला निकायहरुसंग छलफल गरी कार्यविधिको मस्यौदा तयार भएको । | |
| **५.६.१ (क) कार्यविधि तथा मापदण्डहरू** | | | | |
| २० | गाँजाको औषधीय प्रयोगका लागि कार्यविधि तर्जुमा गर्ने । | ६ महिना | | |
| २१ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ संशोधन गर्ने तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यविधि तर्जुमा । | ६ महिना | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ संशोधनको लागि गृह मन्त्रालयमा पेश गरिएको साथै व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यविधिको मस्यौदा तयार भइरहेको । | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |
| २२ | अध्यागमन निर्देशिका/कार्यविधिहरूलाई प्रविधि-तादात्म्य हुने गरी अद्यावधिक गर्ने । | २ वर्ष | भिजिट भिसा कार्यविधि, २०७९ र अध्यागमन नियमावलिको मस्यौदा तयार गरिएको । | सिमा तथा अध्यागमन शाखा |
| २३ | प्रमुख जिल्ला अधिकारी तथा इलाका प्रशासन कार्यालय प्रमुख खटाउने मापदण्ड निर्माण तथा कार्यान्वयन गर्ने । | ६ महिना | मापदण्डको मस्यौदा तयार भएको । | निजामती कर्मचारी प्रशासन शाखा |
| २४ | प्रमुख जिल्ला अधिकारीको कार्यसम्पादन दिग्दर्शन तयार गर्ने । | १ वर्ष | CPAS तयार भई लागू भएको । | योजना अनुगमन तथा मुल्यांकन शाखा |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| २५ | दुवै सुरक्षा निकायमा कार्यरत कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, अवकाश लगायतको वृत्ति पथ (career plan) पुर्वानुमान योग्य बनाउन मापदण्ड निर्माण तथा कार्यान्वयन गर्ने । | १ वर्ष | प्रदेश प्रहरीको सेवा शर्त र सुरक्षा सम्बन्धी मापदण्ड, २०७७ मस्यौदा तयार भएको ।<br>प्रहरी काज निर्देशिका, २०७७ मस्यौदा तयार भएको ।<br>प्रहरी कर्मचारीहरूको पदपूर्ति छिटो छरितो गर्न प्रहरी भर्ना निश्चित क्यालेन्डरमा गर्ने सम्बन्धी प्रतिवेदन तयार भएको । | नेपाल प्रहरी |
| | | | सरुवा पारदर्शी, एवं अन्य विभिन्न अवसरहरूलाई निष्पक्ष ढुवाब, त्रुटिरहित तवरबाट संचालन गरेको । | सशस्त्र प्रहरी बल, नेपाल |
| २६ | विपद् व्यवस्थापन सम्बन्धी स्वयंसेवक व्यूरो निर्देशिका तर्जुमा गर्ने । | २ वर्ष | स्वयंसेवक व्युरो गठन तथार परिचालन कार्यविधि मिति २०७८/१०/२४ को कार्यकारी समितिको निर्णयबाट स्वीकृत भएको । सोको कार्यान्वयनका लागि प्रणाली विकास भईरहेको । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| २७ | उद्धारोत्तर आश्रयस्थल (Evacuation Centre / Rescue Center) स्थापना गर्ने सम्बन्धमा नीतिगत मापदण्ड तर्जुमा गर्ने । | २ वर्ष | मस्यौदा तयार भै अन्तिम स्वरुप दिने रक्षा मन्त्रालयमा पठाइएकोमा कार्यन्वयनका लागि प्रणाली विकासको चरणमा रहेको । | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| २८ | मानवीय सहायता स्थल सञ्चालन सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने । | १ वर्ष | कार्यविधिको मस्यौदा तर्जुमा भई स्वीकृतिको चरणमा रहेको । | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| २९ | विपद्को अवस्थामा जोखिममा रहेका व्यक्ति तथा समूहको प्राथमिकताका आधारमा व्यवस्थापन गर्न एकीकृत मापदण्ड तयार गर्ने । | २ वर्ष | जोखिममा रहेको वस्तिहरूको भू-भौगर्भिक सर्भे सहितको प्रतिवेदन तयारी भएको । | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ३० | विपद् व्यवस्थापनको सम्बन्धमा विशेषज्ञ समिति गठनका लागि कार्यविधि तर्जुमा गर्ने। | २ वर्ष | छलफलको क्रममा रहेको। | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| ३१ | राष्ट्रिय विपद् उत्थानशीलता कार्यढाँचा (National Disaster Resilience Framework) जारी गरी सो को कार्ययोजना बनाउने। | १ वर्ष | राष्ट्रिय विपद् उत्थानशीलता कार्यढाँचा (National Disaster Resilience Framework) को मस्यौदा तयार गरी पेश गर्नका लागि राष्ट्रिय विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिवको संयोजकत्वमा कार्यदल गठन भएको। | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| | | | विपद् व्यवस्थापनको १० बर्षे महाअभियान सञ्चालनको आधार दस्तावेजको रुपमा कार्यढाँचाको मस्यौदा तर्जुमाका लागि प्राधिकरणका सहसचिवको संयोजकत्वमा विभिन्न मन्त्रालयका उपसचिवस्तर प्रतिनिधिसहितको कार्यदल गठन भई कार्य अगाडि बढेको। पहिलो चरणमा सरोकारवाला सहितको अन्तर्क्रिया सम्पन्न भएको छ। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| ३२ | राहत सामग्रीको गुणस्तर सम्बन्धी मापदण्ड निर्माण गर्ने। | १ वर्ष | सैद्धान्तिक छलफलको क्रममा रहेको। | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| ३३ | द्वन्द्व व्यवस्थापन, शान्ति स्थापना र द्वन्द्वोत्तर पुनर्निर्माणमा महिलाको भूमिका सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महिला, शान्ति र सुरक्षा सम्बन्धी प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोश्रो कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने। | २ वर्ष | संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन दोश्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-०८१/८२) तर्जुमा गरी मन्त्रीपरिषद्बाट मिति २०७९/०५/०६ मा स्विकृति भई कार्यान्वयनको चरणमा रहेको। | शान्ति प्रवर्द्धन शाखा |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ३४ | गुनासो व्यवस्थापन निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याउने । | १ वर्ष | चालु आ.व. भित्र तयार भै कार्यन्वयनमा आउने । Online मार्फत प्राप्त गुनासोहरुको तत्काल समाधान गर्ने गरिएको । | |
| ३५ | खुला कारागार, सामुदायिक सेवा, प्यारोल एवं प्रोवेशन जस्ता अवधारणाहरूको कार्यान्वयन गर्न मापदण्ड र कार्यविधि तयार गर्ने । | २ वर्ष | वैकल्पिक कारागार नियमावली तयार गरी गृह मन्त्रालयमा पेश गरेको । | कारागार व्यवस्थापन विभाग |
| ३६ | कारागारहरूको संरचना र सुविधासम्बन्धी न्यूनतम मापदण्ड तयार गर्ने । | २ वर्ष | आवश्यक गृहकार्य भेरहको । | कारागार व्यवस्थापन विभाग |
| ३७ | गृह प्रशासनसँग सम्बन्धित कानून तथा परिपत्रहरूको एकिकृत संगालो प्रकाशन गर्ने । | १ वर्ष | सुची तयार गर्न संकलनको क्रममा रहेको । | |
| ३८ | व्यक्तिगत सुरक्षाअधिकृत (PSO) व्यवस्थाका लागि मापदण्ड अद्यावधिक गर्ने । | १ वर्ष | विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि तयार भई कार्यान्वयन भइरहेको । | |
| ३९ | सूचना सङ्कलन तथा विश्लेषण एकाइ सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा | १ वर्ष | सैद्धान्तिक छलफल भएको । चालु आ.व.मा मस्यौदा तयार हुने । | |
| ४० | अपराधको नक्साङ्कन सहित जिल्ला सुरक्षा योजनाको न्यूनतम मापदण्ड तयार गर्ने । | १ वर्ष | मापदण्ड तयार गर्दा कार्यन्वयन भइरहेको । | |
| ४१ | निजी सुरक्षाकर्मी तालिम तथा परिचालन सम्बन्धी मापदण्ड तयार गर्ने । | २वर्ष | सैद्धान्तिक छलफल भएको । चालु आ.व.मा मस्यौदा तयार हुने । | |
| ४२ | मन्त्रालयको नियन्त्रण कक्ष (Control Room) सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड तर्जुमा तथा कार्यान्वयन गर्ने । | १ वर्ष | गृह मन्त्रालय कार्य संचालन निर्देशिका अनुसार संचालन भएको । | |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ४३ | द्विपक्षीय, बहुपक्षीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा/सम्मेलन तथा बैठकको सुरक्षा व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गर्ने । | २वर्ष | सैद्धान्तिक छलफल भएको । चालु आ.व.मा मस्यौदा तयार हुने । | |
| ४४ | सरकारी तथा निजी क्षेत्रका ठूला आयोजनाको सुरक्षा मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने । | २ वर्ष | आयोजना सुरक्षाका लागि नेपाल प्रहरी र नेपाली सेनाको परिचालन गरिएको । | |
| ४५ | लागु औषध नियन्त्रण रणनीति, २०६६ को समसामयिक संशोधन गर्ने । | १ वर्ष | चालु आ.व.मा गरिने । | |
| ४६ | लागु औषध नियन्त्रण, माग घटाउ राष्ट्रिय रणनीति (National Drug Demand Reduction Strategy ) तर्जुमा गर्ने । | २ वर्ष | चालु आ.व.मा गरिने । | |
| ४७ | लागु औषध मौखिक प्रतिस्थापन उपचार पद्धति कार्यसञ्चालन निर्देशिका, २०७० मा संशोधन गर्ने । | १ वर्ष | सरोकारवालासँग सुझाव संकलन गरिएको । | |
| ४८ | विष्फोटक पदार्थको आयात, ओसार पसार, सञ्चय, प्रयोगको इजाजत प्रदानगर्ने सम्बन्धी कार्यविधि, २०७३ मा संशोधन गर्ने । | २वर्ष | चालु आ.व.मा गरिने । | |
| ४९ | अवैध मदिरा एवं मदिराजन्य पदार्थको उत्पादन, विक्री वितरण नियमन तथा हानिकारक सेवन नियन्त्रण कार्यविधि तर्जुमा | १ वर्ष | स्थानीय तहहरुमा मार्गदर्शन तयार गरी पठाइएको । चालु आ.व.मा तयार गरिने । | |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ५० | लागू औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरूलाई पुरस्कार वितरण सम्बन्धी मापदण्ड परिमार्जन गर्ने । | १ वर्ष | तयार भै कार्यन्वयनमा आएको । | |
| ५१ | लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्र सञ्चालन सम्बन्धी प्रोटोकल तयार गर्ने । | १ वर्ष | चालु आ.व.मा तयार हुने । | |
| ५२ | लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना (National Master Plan) तर्जुमा गर्ने । | १ वर्ष | लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना २०७९-२०८४ तर्जुमा भई कार्यान्वयनमा रहेको । | लागु औषध नियन्त्रण शाखा |
| ५३ | राष्ट्रिय परिचयपत्र अभियान सम्बन्धी जागरण सिर्जना गर्ने कार्यक्रमहरू लागू गर्ने । | अभियान अवधिभर | ● जिल्लामा अभियान सञ्चालनपूर्व जिल्लास्तरीय समन्वय तथा अभिमुखीकरण गोष्ठी सञ्चालन गरिएको ।<br>• Static Design १२ वटा ७ GIS Design १२ वटा उत्पादन गरी Social Media मार्फत Display गरिएको,<br>• Radio Jingle ५ वटा तयारी सो Jingle लाई विभिन्न भाषामा तयार गरी रेडियो मार्फत प्रशारण,<br>● व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धित FAQ लाई पाँच फरक भाषामा तयार गरिएको,<br>● व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धि FAQ तयार गरी सो सम्बन्धी ब्रोसर प्रकाशन र वितरण<br>● व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा दर्ता तथा नविकरण र राष्ट्रिय परिचयपत्रको विवरण दर्ता सम्बन्धी टेलिभिजन र रेडियो मार्फत सूचना प्रशारण, | |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | | | • ताप्लेजुङ, पाँचथर, संखुवासभा, ओखलढुङ्गा, झापा, तेह्रथुम, उदयपुर, खोटाङ, सल्यान, गुल्मी, पाल्पा, नवलपरासी (बर्दाघाट सुस्तापूर्व), चितवन,सिन्धुली, काभ्रेपलाञ्चोक, कन्चनपुर, अछाम, डडेलधुरा, डोटी, मनाङ, नवलपरासी (बर्दाघाट सुस्तापश्चिम), कास्की, मकवानपुर, भोजपुर, इलाम, सुर्खेत, कैलाली, स्याङ्जा, भक्तपुर, धनकुटा, सर्लाही, सिन्धुपाल्चोक, रुकुम (पश्चिम), तनहूँ र पर्वत (३५जिल्ला) मा राष्ट्रिय परिचयपत्र अभियान सम्बन्धी कार्यक्रमहरु सम्पन्न गरिएको ।<br>• हाल ११ जिल्लामा अभियान सञ्चालनमा रहेको । | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |
| ५४ | राष्ट्रिय परिचयपत्रको उपयोगका लागि सरोकारवाला निकायहरूबीच अन्तर आवद्धता प्रोटोकल तयार गर्ने । | १ वर्ष | • सेवा आवद्धता सम्बन्धी कार्यविधि निर्माण गर्न परामर्शदाताको छनौट प्रक्रिया शुरु गरिएको ।<br>• राहदानी विभागसँग System Integration भईराष्ट्रिय परिचयपत्रमार्फत e–Passport लागु भएको ।<br>• CMIS System Integration भई कार्यान्वयनमा रहेको र VERSP–MIS सँग System Integration भई कार्यान्वयनको चरणमा रहेको<br>• कर्मचारी संचयकोष र आन्तरिक राजश्वको प्रणालीसँग आबद्धताको चरणमा रहेको<br>• राष्ट्रिय परिचय सूचना व्यवस्थापन प्रणालीको Service Integration को लागि दूरसञ्चार सेवासँग छलफल गरी अवधारणा पत्र तयार भएको । | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ५.६.२ शान्ति सुरक्षा र अपराध नियन्त्रण | | | | |
| ५५ | विद्युतीय प्रणालीद्वारा सिंहदरवार परिसरको सुरक्षा सुदृढीकरण कार्यक्रम लागु गर्ने । | २ वर्ष | प्रणाली तयार भएको । | |
| ५६ | प्रहरी हिरासतको CCTV अनुगमनगर्न आवश्यक जनशक्ति व्यावस्था गर्ने । | १ वर्ष | नेपाल प्रहरी र प्रदेश प्रहरीमा प्रहरी कर्मचारी समायोजनको लागि मिति २०७७/०७/२७ गते नेपालसरकार मन्त्रिपरिषदको निर्णयअनुसार स्वीकृत संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार CCTV निगरानी तथा मर्मत तर्फ सबै जिल्ला प्रहरी कार्यालयहरूमा १५४ जना जनशक्ति कायम भएको । | नेपाल प्रहरी |
| ५७ | अपराध अनुसन्धान कार्यलाई थप व्यवसायिक तथा विशिष्टीकृत गर्ने । | निरन्तर | • निर्देशिकाहरू परिमार्जन गर्ने कार्य भएको ।<br>• जाहेरीहरूलाई समय सापेक्ष परिमार्जन गरिएको ।<br>• अपराध अनुसन्धानलाई व्यावसायिक तथा विशिष्टिकृत गर्ने योजना CAP–III स्वीकृत भएको ।<br>• घटनास्थल अनुसन्धान कार्य निर्देशन २०७८, डिजिटल प्रमाण (संकलन/प्रेषण) ह्याण्डलिङ कार्य निर्देशन २०७८, अपराध अनुसन्धान कार्य निर्देशन २०७८ र मानव बेचविखन तथा ओसारपसार सम्बन्धी कसुर अनुसन्धान कार्य निर्देशन २०७८ तयार गरी वितरण गरिएको ।<br>• Digital Forensic Lab Equipment खरिदका लागि पुन बोलपत्र आव्हान गरिएको ।<br>• केनाईन महाशाखाको लागि आवश्यक पर्ने Fabricated Kennel Fitted Vehicle मिति२०७९/०२/१२ गते Vender बाट प्राप्त भएको । | नेपाल प्रहरी |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ५८ | हातहतियार, खरखजाना, भीड नियन्त्रणका असवाव आदिलाई समयानुकुल आधुनिकीकरण गर्ने । | निरन्तर | हातहतियार, खरखजाना, भीड नियन्त्रणका असबाब आदिलाई समयानुकूल आधुनिकीकरण गर्ने प्रक्रियामा रहेको । | नेपाल प्रहरी |
| | | | नीतिगत व्यवस्था तथा खरिद एवं प्राप्ति प्रक्रिया अगाडि बढाउने प्रक्रियाको थालनी भएको । | सशस्त्र प्रहरी बल |
| ५९ | सुरक्षाका महत्वपूर्ण रणनीतिक विन्दुहरूमा डिजिटल निगरानी सहितको चेक प्वाइन्ट स्थापना गर्ने । | निरन्तर | डिजिटल निगरानीका लागि Vehicle Scanner Machine जडान गर्नका लागि सुरक्षाका महत्वपूर्ण रणनीतिक विन्दुहरूमा डिजिटल निगरानी सहितको चेक प्वाइन्ट स्थापना गर्न सरोकारवाला पक्षहरूसँग समन्वय गर्ने कार्य भइरहेको । | नेपाल प्रहरी |
| ६० | काठमाडौं उपत्यकामा आधुनिक प्रविधि सहितको ट्राफिक टावर निर्माण गर्ने । | ३ वर्ष | तोकिएको बजेटको सिलिङ भित्र समावेश गर्न नसकिएको । | नेपाल प्रहरी |
| ६१ | राष्ट्रिय राजमार्गहरू, मुख्य व्यापारिक केन्द्र तथा पर्यटकीय क्षेत्रहरूमा आवश्यकता अनुसार CCTV जडान गर्ने तथा CCTV कन्ट्रोल रुम र Provincial Recording System को स्थापना गर्ने । | १ वर्ष | **गृह प्रशासन सुधार कार्य योजना लागु भए देखि हालसम्मको प्रगति**<br>• देशभरि आ.व. २०७८/०७९ मा २५६२ CCTV जडान भएको ।<br>• CCTV कन्ट्रोल रुम Provincial Recording System को हाल सम्म स्थापना नभएको ।<br>• काठमाडौं उपत्यकाको बढि भीडभाड हुने मुख्य चोक तथा सडक खण्डको ९१ स्थानमारहेको CCTV बाट ट्राफिक महाशाखाको कन्ट्रोल रुममा निगरानी गर्ने व्यवस्था मिलाइएको । | नेपाल प्रहरी |
| ६२ | आवश्यक स्थानमा बि.ओ.पि. स्थापनालाई निरन्तरता दिने । | निरन्तर | आ.व. ०७८/०७९ मा ४ वटा बि.ओ.पि. स्थापना भएको (जनशक्ति तथा भौतिक पूर्वाधार उपलब्ध भएमा स्थापना गर्न सकिने) | सशस्त्र प्रहरी बल |

| क्र.सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ६३ | सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरीको अनुपात अर्न्तराष्ट्रिय मापदण्ड अनुसार मिल्दोजुल्दो बनाई प्रविधि र बन्दोवस्तीको हिसाबले सुसज्जित बनाउने । | १ वर्ष | १. महालेखा परीक्षकको ५९ औं प्रतिवेदनको जवाफ तयारीको क्रममा रहेको | |
| ६४ | भौगोलिक विषमता अनुरूप सुरक्षाकर्मीहरूका भवन संरचना तथा लजिस्टिकको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने । | २वर्ष | नेपाल प्रहरीको जिल्ला स्थित कार्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्ने हेतुले निर्माण गरिने भवनहरूको आवश्यक मापदण्ड तयार भएको । | नेपाल प्रहरी |
| ६५ | सबै जिल्ला प्रशासन कार्यालयहरूमा लागु औषध सचेतना केन्द्र (Drug Awareness Centres) सञ्चालनमा ल्याउने । | १ वर्ष | लागु औषध अधिकारी तोकि निजलाई जिम्मेवार बनाइएको । | |
| **५.६.३ सङ्गठनात्मक सुधार एवं भौतिक पूर्वाधार निर्माण** | | | | |
| ६६ | नेपाल प्रहरी र सशस्त्र प्रहरी बलनैपालको जनशक्तिको क्षमता विकासको लागि ७ वटै प्रदेशमा तालिम केन्द्रहरूको सुदृढीकरण गर्ने । | निरन्तर | • ७ वटै तालिमकेन्द्र सुदृढीकरणको लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरूको विवरण संकलनको लागिप्रदेश प्रहरी तालिम केन्द्रहरूबाट प्राप्त हुन आएको विवरणहरूको अध्ययन भइरहेको।<br>**राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको सुदृढीकरण सम्बन्धमाः**<br>१. भारत सरकारको अनुदान सहयोगमा भइरहेकोः काभ्रेपलान्चोक जिल्लामा निर्माणहुने राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको निर्माण सम्बन्धमा टेन्डर प्रकृया अन्तिम चरणमा रहेको ।<br>२. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, माहाराजगंजमा Boxing Hall निर्माण कार्य भइरहेको । | नेपाल प्रहरी |
| | | | स.प्र.बल, नेपालमा कार्यरत जनशक्तिलाई समयानुकूल अनिवार्य तथा सेवाकालिन तालिमहरु संचालन | सशस्त्र प्रहरी बल |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ६७ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको भवन निर्माण तथा संस्थागत क्षमता सुदृढीकरण गर्ने । | २ वर्ष | संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रस्तावित दरवन्दी र संगठन संरचनाको प्रारम्भिक खाका मन्त्रालयमा पठाईएको । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| ६८ | जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) को छुटै एकाइ स्थापनाको लागि सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने । | २ वर्ष | ७३ जिल्लामा DEOC स्थापना भएको । | |
| ६९ | गृह मन्त्रालयको नयाँ भवन निर्माण गर्ने । | २ वर्ष | सम्झौता सम्पन्न भई कार्यारम्भ भएको । | |
| ७० | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने । | १ वर्ष | सर्वेक्षण तयार भएको । | |
| ७१ | जग्गा प्राप्ति सम्बन्धी (सशस्त्र प्रहरी बल, नेपालका बि.ओ.पि. लगायत सम्पूर्ण कार्यालयहरूको लागि जग्गा र भवन निर्माण) | ३ वर्ष | स्रोत सहमतिका लागि अर्थ मन्त्रालय पठाइएको । | |
| ७२ | हिमाली, पहाडी, तराई इलाकामा छुट्टाछुट्टै फ्रि स्केलका सामाग्रीको व्यवस्थापन मापदण्ड बमोजिम लागू गर्ने । | १ वर्ष | प्रारम्भ भैसकेको । | |
| ७३ | निर्माणाधीन कारागार भवनहरूको निर्माण कार्य सम्पन्न गर्ने । | २ वर्ष | • केन्द्रीय कारागार भवन नुवाकोटको ८८% कार्य सम्पन्न भएको ।<br>• क्षेत्रीय कारागार भवन नौबस्ताको ९८% कार्य सम्पन्न भएको ।<br>• कारागार भवन मोरङको निर्माण कार्य चालु आ.ब मा सम्पन्न हुने ।<br>• कारागार भवन पाँचथरको निर्माण कार्य चालु आ.ब भित्र सम्पन्न हुने । | कारागार व्यवस्थापन विभाग |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ७४ | जीर्ण अवस्थामा रहेका कारागारहरूको मर्मत तथा नयाँ भवन निर्माण (३० वटा मर्मत र २० वटा नयाँ निर्माण) | २ वर्ष | कारागारको भवन निर्माणको DPR तयार गर्न थालिएको, वार्षिक बजेट तथा थप विकास भए अनुसार आवश्यकता अनुसार सबै कारागारहरुको मर्मतकार्य १०० प्रतिशत पुरा भएको । र २० वटा ८ वटा कारागार भवनको DPR पुरा भई चालु आ.व.मा निर्माणको लागि बजेट स्वीकृत भएको । | कारागार व्यवस्थापन विभाग |
| ७५ | सवै कारागार परिसरमा Walk Through Gate, X–ray Machine, Metal Detector आदिको व्यवस्था गर्ने । | २ वर्ष | श्रोतको उपलव्धता अनुसार समन्वय गरी केहि कारागारहरुमा शुरु गरिएको । | कारागार व्यवस्थापन विभाग |
| ७६ | सवै कारागारहरूमा पुस्तकालय स्थापना र विस्तार गर्ने । | निरन्तर | श्रोतको उपलव्धता अनुसार थप केहि कारागारहरुको लागि समन्वय गरिएको । विभिन्न संगस्स्थासँग समन्वय गरिएको | कारागार व्यवस्थापन विभाग |
| ७७ | अध्यागमन विभाग अन्तर्गत भिषा सेवा केन्द्र स्थापना गर्ने । | २ वर्ष | शुरुवात नभएको । | अध्यागमन विभाग |
| ७८ | अध्यागमन विभागका लागि भवन निर्माण गर्न जग्गाको पहिचान र प्राप्ति गर्ने । | २ वर्ष | जिल्ला मालपोत कार्यालय, काठमाण्डौ र जिल्ला प्रशासन कार्यालय काठमाण्डौसँग समन्वय भइरहेको । | अध्यागमन विभाग |
| ७९ | अध्यागमन कार्यालय बेलहिया रुपन्देहीको भवन निर्माणगर्ने । | २ वर्ष | निर्माण कार्य भईरहेको । गत आ.व मा करिव २५% प्रगति भएको र चालू आ.व.को ज्येष्ठ महिनामा सक्ने गरी कार्य भइरहेको । | अध्यागमन विभाग |
| ८० | अध्यागमन कार्यालय पशुपतिनगर, रसुवा, कञ्चनपुर, जमुनाहा, मोहना, कोदारी, विराटनगर, हिल्साको लागि जग्गा पहिचान तथा प्राप्ति गर्ने । | २ वर्ष | सम्बन्धित कार्यालहरूलाई जिल्लास्थित सरकारी निकायसँग समन्वय गरी जग्गा खोजी गर्न पत्राचार भएको । | अध्यागमन विभाग |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ८१ | सिमानाकामा आवगमनको लागि थप स्थान पहिचान तथा अध्यागमन कार्यालय स्थापनाको सम्भाव्यता अध्ययन गर्ने । | २ वर्ष | हालसम्म संभाव्यता अध्ययनको काम हुन बाँकी रहेको । | अध्यागमन विभाग |
| ८२ | पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यागमन कार्यालय स्थापना गर्ने । | ६ महिना | अध्यागमन कार्यालय स्थापना हुने । | अध्यागमन विभाग |
| ८३ | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, इलाका प्रशासन कार्यालय, इलाका प्रहरी कार्यालय, प्रहरी चौकी र प्र.जि.अ. आवासको भवन निर्माणको मापदण्ड तयार गर्ने । | २ वर्ष | मापदण्ड तयार भई कार्यान्वयन भइ रहेको । | |
| ८४ | भवन निर्माण हुन बाँकी जिल्ला/इलाका प्रशासन कार्यालयका भवन निर्माण गर्ने । | २ वर्ष | विवरण अद्यावधिक गरी बजेट प्रस्ताव गरी कार्यन्वयन गरिएको । | |
| ८५ | प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम नेपाल प्रहरीको समायोजन गर्ने । | २ वर्ष | प्रहरी कर्मचारीहरूको तथ्याङ्क अद्यावधिक गर्ने कार्य भइरहेको । | नेपाल प्रहरी |
| ८६ | प्रहरी समायोजन पश्चात आवश्यकताको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने । | २ वर्ष | प्रहरी समायोजन पश्चात् आवश्यकताको आधारमा संगठन तथा व्यवस्थापनसर्वेक्षण हुने । | नेपाल प्रहरी |
| ८७ | UN Peace Keeping Force मा खटिने प्रहरीको लागि छुट्टै स्तरीकृत तालिमको प्रवन्ध गर्ने । | १ वर्ष | UN Peace Keeping Force मा खटिने प्रहरीको क्षमता अभिवृद्धिका लागि मिति २०७९।०१।०४ गतेदेखि संचालन भएको Pre–Deployment Training मा मनोनयन भएका ४० जना प्रहरी कर्मचारीहरूलाई मिति २०७९।०१।१० गतेसम्म तालिम प्रदान गरिएको । | नेपाल प्रहरी |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | प्रदेश प्रहरी तालिम केन्द्रहरूबाट सञ्चालन गरिने तालिमको प्रभावकारिताको अध्ययन गर्ने, | २ वर्ष | प्रभावकारिता अध्ययन गर्ने प्रयोजनतर्फ नेपाल प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभागसँग छलफल भइरहेको । | नेपाल प्रहरी |
| ८८ | तेश्रो त्रीवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान रणनीतिक कार्ययोजना (CAP III) सँग तादम्यता हुने गरी राष्ट्रिय अपराध सूचना केन्द्र (National Crime Information Center) स्थापना गरी अन्तर सरकारी निकाय अपराध अभिलेख सञ्जाल स्थापना गर्ने (अपराध संहिता,२०७४ अनुसूची १,२ अन्तर्गतका कसुर सम्बन्धी) | २ वर्ष | • CAP मिति २०७८/११/२२ गते सचिवस्तरीय निर्णयले स्वीकृत भएको ।<br>• मिति २०७८/०४/२७ गते च.नं. ४९३ को पत्र द्वारा जोखिममा रहेका समूहहरूलाई प्राथमिकता प्रहरी सेवा (Priority Police Service) मस्यौदा तयार भएको । | नेपाल प्रहरी |
| ८९ | नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाको स्तरोन्नति गर्ने । | १ वर्ष | केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालालाई आवश्यक पर्ने उपकरणहरू सम्बन्धमा Forensic DNA extraction system, Real time PCR instruments for human identification, Gas chromatography–mass spectrometry (GC–MS), Video spectral comparator र HPTLC software खरिदको लागि प्रस्तावित बजेट माग गरिएको । | नेपाल प्रहरी |
| ९० | नेपाल प्रहरी, डिजिटल फरेन्सिक ल्यावलाई स्तरोन्नती गरीप्रादेशिक स्तरमा समेत विस्तार गर्ने । | १ वर्ष | • ल्याबको स्तरोन्नतीको लागि विभिन्न उपकरण खरिद गर्न, ल्याबमा रहेको सफ्टवेयर तथा लाईसेन्सहरु नविकरण गर्न, ल्यावलाई ISO–17025 अनुसार मान्यता दिलाउन लगायतका विषयहरूमा ल्यावलाई आवश्यक पर्ने आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरी सम्बन्धित शाखामा पठाइएको । | नेपाल प्रहरी |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ९१ | सबै मुद्दा चल्ने एकाइलाई Case FileDigitalization को लागि Digital ScanningMachine को व्यवस्था गर्ने । | १ वर्ष | • कम्प्युटर, स्क्यानर र प्रिन्टर खरिदको लागि बोलपत्र आह्वान गरिएकोमा सम्झौता भएर उक्त समान प्राप्तिको क्रममा रहेको । | नेपाल प्रहरी |
| ९२ | नेपाल प्रहरीमा सवारी वर्कशपको स्तरोन्नति तथा प्रदेश प्रहरी कार्यालयहरूमा एक/एक सवारी वर्कशपको स्थापना गर्ने । | १ वर्ष | नेपाल प्रहरीमा रहेका सम्पूर्ण सवारी साधनहरु न्यूनतम खर्चमा आफ्नै जनशक्ति प्रयोग गरी कम समयमा मर्मत गर्ने कार्यको लागि गृह कार्य भईरहेको । | नेपाल प्रहरी |
| ९३ | नेपाल प्रहरी अन्तर्गतको विशिष्टिकृत अनुसन्धान ब्यूरोहरू (केन्द्रीय अनुसन्धान ब्यूरो, मानव बेचबिखन अनुसन्धान ब्यूरो, लागू औषध नियन्त्रण ब्यूरो र साईबर ब्यूरो) को लागि जग्गा पहिचान तथा प्राप्ति । | २ वर्ष | ब्यूरोहरुलाई आफ्नै जग्गा तथा भवन निर्माण गरी स्थानान्तरणको लागि जग्गा प्राप्तिको लागि खोजी कार्य भइरहेको । | नेपाल प्रहरी |
| ९४ | नेपाल प्रहरी विपद् व्यवस्थापन तालिम केन्द्र स्थापना गर्ने । | २ वर्ष | नेपालप्रहरी विपद् व्यवस्थापन तालिम केन्द्र स्थापनार्थ जग्गा प्राप्तिको लागि योजना निर्माण गरी उपयुक्त जग्गा खरिद गर्न आवश्यक प्रक्रियामा रहेको । | नेपाल प्रहरी |
| ९५ | प्रहरी कर्मचारीहरूको ब्यारेक भवनको मापदण्ड निर्माण गरी ब्यारेकमा (Coir Mattress) समेत एक प्रहरी एक खाट अवधारणा पूर्ण रूपमा लागू गर्ने । | निरन्तर | • ब्यारेकमा (Coir Mattress) समेत एक प्रहरी एक खाट अवधारणा पूर्ण रुपमा लागूगर्ने प्रयोजनको लागि ६५ हजार थान Coir Mattress खरिद गर्न रु. ९७ करोड ५० लाखरकम निकाशाको लागि प्रप्रका बजेट शाखा मार्फत तालुक मन्त्रालयमा रकम माग गरिएकोमा हाल सम्म निकाशा नभएको, रकम निकासा भए पश्चात खरिद गरिने ।<br>• ब्यारेक भवनको नक्सा तथा मापदण्ड तयार भएको । | नेपाल प्रहरी |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ९६ | नेपाल प्रहरी तथा प्रदेशस्तरमा शिशु स्याहार केन्द्र (Child Care Center) स्थापना गर्ने । | १ वर्ष | महिला बालबालिका तथा जेष्ठ नागरीक सेवा निर्देशनालयसँग आवश्यक समन्वय भईरहेको । | नेपाल प्रहरी |
| ९७ | नेपाल प्रहरी अपराध अनुसन्धान कार्यालयहरूका लागि ३० वटा भवन निर्माण गर्ने । | ४ वर्ष | जग्गा प्राप्तिको कार्य भइरहेको । | नेपाल प्रहरी |
| ९८ | प्रदेश प्रहरी अस्पताल स्थापना हुन बाँकी ३ वटा प्रदेश (प्रदेश नं-१, बागमती र कर्णाली प्रदेश) मा प्रदेश प्रहरी अस्पताल स्थापना गर्ने । | | प्रदेश नं. १ अन्तर्गत नभएको, बागमती प्रदेशको हेटौंडा १७ हटिया स्थित कालिलेक सामुदायीक उपभोक्ता समुहले चर्चेको जग्गा मध्येबाट ४ विगाहा जग्गा प्रयोग गर्ननेपाल सरकार मन्त्रीपरिषदको निर्णय भई हाल जिल्ला मालपोत कार्यालय मकवानपुरबाट सम्झौता हुने चरणमा रहेको । कर्णाली प्रदेश प्रहरी अस्पताल सुर्खेत (हाल नेपालगंज) सुर्खेतमा निर्माण गर्नको लागी सम्बन्धित निकायमा बजेट माग गरिएको । | नेपाल प्रहरी |
| ९९ | रेल्वे सुरक्षा गण स्थापना गर्ने । | २ वर्ष | नयाँ O&M मा समेटिएको । | प्रहरी कर्मचारी शाखा |
| १०० | प्रतिआतङ्कवाद सेल गठन गर्ने । | २ वर्ष | प्रतिआतंकवाद सेल स्थापना गर्नको निमित्त पहल भइरहेको । | सशस्त्र प्रहरी बल |
| १०१ | औद्योगिक सुरक्षा गुल्म (४ वटा) स्थापना गर्ने । | ३ वर्ष | नयाँ संगठन तथा व्यवस्थापन (O&M ) सर्वेक्षण स्वीकृत मा समावेश गर्नेगरी O&M सर्वेक्षण समितिले मस्यौदा तयार गरेको । | प्रहरी कर्मचारी शाखा |
| १०२ | सशस्त्र प्रहरी बल नेपालको ७ वटा आश्रित गुल्मलाई अनाश्रित गुल्ममा स्तरोन्नति गर्ने । | ३ वर्ष | नयाँ संगठन तथा व्यवस्थापन (O&M ) सर्वेक्षण स्वीकृत मा समावेश गर्नेगरी O&M सर्वेक्षण समितिले मस्यौदा तयार गरेको । | प्रहरी कर्मचारी शाखा |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १०३ | सशस्त्र प्रहरी बल नेपालको ६ वटा विशिष्टिकृत तालिम शिक्षालयहरूको स्तरोन्नति गर्ने । | ४ वर्ष | नयाँ संगठन तथा व्यवस्थापन (O&M ) सर्वेक्षण स्वीकृत मा समावेश गर्नेगरी O&M सर्वेक्षण समितिले मस्यौदा तयार गरेको। | प्रहरी कर्मचारी शाखा |
| १०४ | अर्न्तराष्ट्रिय सिमाका संवेदनशील नाकाहरूमा Thermal – Customize Tracking Software सहितका C .C. Camera/PTZ Camera/ Vehicle Scanner जडान गर्ने । | १ वर्ष | सीमा इलाकामा PTZ– ३४<br>Motorized– ७१<br>Dome– १८२ गरी ९७ स्थानमा<br>जम्मा- २८७ वटा क्यामेराहरु जडान गरिएको । | सशस्त्र प्रहरी बल |
| १०५ | आकस्मिक सुरक्षा व्यवस्थापनका लागि अर्न्तराष्ट्रिय विमानस्थलमा सशस्त्र प्रहरी बल, नेपालको तैनाथ रहने व्यवस्था गर्ने (काठमाडौं, भैरहवा, पोखरामा) । | १ वर्ष | मन्त्रालयगत एवं सांगठनिक रुपमा नीतिगत व्यवस्थाका लागि पहल भइरहेको । | सशस्त्र प्रहरी बल |
| १०६ | पर्वतीय उद्धार तालिम शिक्षालयको भौतिक पूर्वाधारको स्तरोन्नति गरी आवश्यक Logistics को समुचित प्रवन्ध गर्ने । | २ वर्ष | आ.ब. २०७८/०७९ मा पहिलो चरणमाः- सेड टाईप कमाण्डर ब्लक, सेड टाईप कलास रुम, सेड टाईप ब्यारेक, मेष, १०० यूजर्स सेप्टी ट्याङ्क तथा सोकपिट भौतिक संरचना निर्माण गर्ने कार्य सम्पन्न गरिएको । | सशस्त्र प्रहरी बल |
| १०७ | सशस्त्र प्रहरी बल, नेपालका १२ वटा गुल्म र १०० वटा बि.ओ.पि. हरूमा मापदण्ड अनुसार आवश्यक ब्यारेकहरू निर्माण गर्ने। | २ वर्ष | आ.व. २०७८/०७९ मा ३ वटा गुल्म र २७ वटा बि.ओ.पि.हरुको भौतिक संरचना निर्माण गर्ने कार्य सम्पन्न गरिएको । | सशस्त्र प्रहरी बल |
| १०८ | जिल्ला प्रशासन कार्यालयहरूमा कसुरजन्य सम्पत्ति व्यवस्थापन शाखा गठन गर्ने । | २ वर्ष | प्रदेश राजधानी भएका जिल्लाहरुको जिल्ला प्रशासन कार्यालयहरुमा कसूरजन्य सम्पत्ति व्यवस्थापन इकाई गठन भएको। अन्य जिल्लामा समेत इकाइ गठन गर्न भनी पत्राचार भएको । | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १०९ | लागू औषध नियन्त्रण विभागको स्थापनाका लागि अध्ययन गर्ने । | १ वर्ष | चालु आ.व.मा गरिने । | |
| ११० | सबै प्रदेशमा सार्वजनिक निजी साझेदारीमा आधारित नमूना लागूऔषध उपचार तथा पुर्नस्थापना केन्द्र स्थापना गर्ने । | २ वर्ष | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयसँग समन्वय भइरहेको । | |
| १११ | उत्तरी र दक्षिणी नाकाका सबै भन्सार बिन्दुमा Drug Detection Device प्रयोग गर्ने । | १ वर्ष | खरिद प्रकृयामा रहेको । | |
| ११२ | नेपाल प्रहरीका जिल्लास्थित कार्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्ने । | निरन्तर | नेपालप्रहरीको जिल्लास्थित कार्यालयहरुको भौतिक पूर्वाधार सुधार गर्ने हेतुले निर्माण गरिने भवनहरुको आवश्यक मापदण्ड तयार भएको । | नेपाल प्रहरी |
| **५.६.४ जनशक्ति व्यवस्थापन तथा क्षमता विकास** | | | | |
| ११३ | गृह प्रशासन अन्तर्गतका निजामती कर्मचारीहरूलाई तालिम आवश्यकताको पहिचान गरी तालिम कार्यक्रम कार्यान्वयन गर्ने । | निरन्तर | निरन्तर भैरहेको । | निजामती कर्मचारी प्रशासन शाखा |
| ११४ | जिल्ला तथा इलाका प्रशासन कार्यालयका कर्मचारीहरूलाई सूचना प्रविधि तथा योजना तर्जुमा र LMBIS सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने । | निरन्तर | गैरमौद्रीक सुबिधा दिएको छ । | निजामती कर्मचारी प्रशासन शाखा |

| क्र.सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ११५ | मन्त्रालय र प्रहरी समेत मातहत कार्यालहरूको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी सूचना प्रविधि सम्बन्धी जनशक्ति र तालिमको व्यवस्थापन गर्ने । | २ वर्ष | O & M को प्रकृयामा रहेको । | |
| ११६ | मन्त्रालय मातहतका निकायहरूमा कार्यसम्पादन प्रणालीमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने । | निरन्तर | प्रतिवेदन तयार भई मन्त्रिस्तरबाट स्वीकृत भई सहमतिको लागि अर्थ मन्त्रालयमा पठाइएको । | |
| ११७ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी तीनै तहमा समान बुझाइका लागि अध्ययन, अनुसन्धान र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा दोलखा र धादिङ् जिल्लामा कृतिम घटना अभ्यास (Table Top exercise) सम्पन्न भएको । | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| | | | • सातवटै प्रदेशस्तरीय विपद्सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन ।<br>• ३ वटा प्रदेशमा वन डढेलो सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन ।<br>• संखुवासभा, खोटाङ, प्युठान, सल्यान, अछाम, बाजुरा, जुम्ला र कालिकोट जिल्लामा सम्भावित विपद्जन्य जोखिमयुक्त जिल्लाहरुमा विपद् पूर्वतयारी सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| ११८ | कैदीवन्दीहरूलाई उत्पादन र आयआर्जनका क्रियाकलापमा संलग्न गराई अनुभवको प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था गर्ने । | निरन्तर | कैदीबन्दीहरुको कामदारी सुबिधा सम्वन्धि कार्यीबिधिको मस्यौदा तयार भएको । | कारागार व्यवस्थापन विभाग |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ११९ | अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका कर्मचारीहरूलाई प्रोत्साहन प्रणाली लागु गर्ने । | ६ महिना | नभएको । | अध्यागमन विभाग |
| १२० | अध्यागमन सम्वद्ध उजुरी/गुनासो व्यवस्थापन प्रणालीको परिमार्जन र सञ्चालन गर्ने । | १ वर्ष | विभागमा आएका उजुरीहरुको सुनुवाइ गरिएको । | अध्यागमन विभाग |
| १२१ | राष्ट्रिय परिचयपत्र, व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षासँग सम्बद्ध सबै निकायको संस्थागत क्षमता विकास गर्ने । | निरन्तर | • १२४ जना कर्मचारीलाई कार्ड प्रशोधन, विवरण दर्ता एवं परिचयपत्र वितरणको लागि क्षमता अभिवृद्दि तालिम सम्पन्न ।<br>• ४६२ जना रुजु अधिकारीलाई वडा स्तरमा अभियान सञ्चालनका लागि जिल्ला स्तरमा तालिम सम्पन्न ।<br>• जना जनप्रतिनिधी र कर्मचारीलाइ वडा स्तरमा अभियान ९६६ सञ्चालनका लागि जिल्ला स्तरीय क्षमता अभिवृद्धी गोष्ठि सम्पन्न । | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |
| १२२ | जिल्ला/ईलाका/सीमा प्रशासन कार्यालयमा कार्यरत जनशक्तिलाई क्षमता विकास र उत्प्रेरणा गर्ने (मौद्रिक तथा गैर मौद्रिक) । | निरन्तर | प्रतिवेदन स्वीकृत भै सहमतिको लागि अर्थ मन्त्रालय पठाइएको । | |
| १२३ | साइबर ब्यूरोको क्षमता विकास गरी थप प्रविधियुक्त बनाई Cyber Forensic Unit(एकाइ) र प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि गर्ने । | निरन्तर | कार्यान्वयनको क्रममा रहेको । | नेपाल प्रहरी |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १२४ | समुदाय प्रहरी साझेदारीको अवधारणा बमोजिम समुदाय केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्ने । | निरन्तर | • गृह प्रशासन सुधार कार्ययोजना-२०७८ कार्यान्वयन सम्बन्धमा काठमाण्डौ उपत्यका प्रहरी कार्यालयरानी पोखरी, प्रदेश प्रहरी कार्यालय ७ (सात) सबै कार्यालयहरूलाई विगतमा तोकिएको कार्यक्रम संख्यालाई आधार मानी कार्यक्रमहरूलाई निरन्तरता दिई समुदाय-प्रहरी साझेदारी कार्यक्रमको कार्य योजना बनाई आ.व. २०७९/०८० को बजेटमा प्रविष्ट गरिएको ।<br>• आ.व. २०७८/०७९ मा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत स्थानीय तह र विद्यालय स्तर सम्ममा ३० हजार स्थानमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा ३९,३०७ (सामुदायिक कार्यक्रम-३५,९३२, विद्यालय केन्द्रित- २,२८७, ला.औ. १,०८८) जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको कार्यक्रमबाट लाभान्वित संख्याः ३३,९१,७५६ जना । | नेपाल प्रहरी |
| १२५ | नेपाल प्रहरीमा हाल प्रयोगमा रहेका पूराना सवारी साधनहरूको प्रतिस्थापन योजना (Replacement Plan)अनुसार क्रमशः प्रतिस्थापन गर्दै लगिने । | निरन्तर | आ.व.२०७८ ।०७९मा लिलाम गरिएका सवारी साधन (१) पिकअप-८, २) जिप-२, ३) मो.सा.-१० थान<br>(२) २०७८ ।०५ ।१७ गते जलेश्वर भन्सार कार्यालयबाट २५ थान मो.सा.प्राप्त ।<br>(३) २०७८ ।१२ ।२३ गते अन्वेषण योजना तथा विकास निर्देशनालय मार्फत मो.सा.-८ थान प्राप्त ।<br>(४) २०७८ ।१२ ।०४ गते प्रिजनर भेन -२थान खरिद ।<br>(५) २०७८ ।०८ ।०७ गते वाटरक्यानन-२ थान खरिद<br>(६) २०७८ ।०८ ।२९ गते वाटरक्यान-१ थान खरिद । | नेपाल प्रहरी |

| क्र.सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १२६ | विशिष्ट व्यक्तिको सुरक्षामा प्रयोग भइरहेको सञ्चार प्रविधि र प्रणालीको स्तरोन्नति र आधुनिकीकरण गरी Digital Trunking System विस्तार गर्ने । | निरन्तर | कार्यान्वयनको क्रममा समस्या र चुनौती नआउने उपायहरू समेत अवलम्बन गरी विस्तृत प्रतिवेदन पेश गर्नको लागि प्रहरी नायव उपरीक्षक ई. विशाल ज्ञवालीको अध्यक्षतामा ७ सदस्यीय आन्तरिक समिति गठन प्रतिवेदन तयार कार्य भइरहेको । | नेपाल प्रहरी |
| १२७ | ट्राफिक Surveillance Vehicle खरिद तथा सञ्चालन गर्ने । | २ वर्ष | • काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालयवाट हाल CCTV जडित २ वटा Surveillance Vehicle संचालनमा रहेको । हालसम्म प्रदेश ट्राफिक प्रहरी कार्यालयहरुमा Surveillance Vehicle नभएको । Traffic SurveillanceVehicle खरिद गर्नका लागि समन्वय भईरहेको ।<br>• ट्राफिक महाशाखामा हाल CCTV जडित २ वटा Surveillance Vehicle संचालनमा रहेको । | नेपाल प्रहरी |
| ५.६.५ विपद् व्यवस्थापन | | | | |
| १२८ | प्रकोपजन्य जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि Risk Assessment Platform तयार गर्ने । | २ वर्ष | कार्यक्षेत्रगत शर्तहरु तयार भएको । आगामी आ.व. मा तयार हुने । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| १२९ | मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्य सम्पन्न गर्ने । | १ वर्ष | विपद् प्रभावित निजी आवास पुनर्निर्माणका लागि आ.व. २०७८/०७९ मा ७९,२४,८३,७५० रुपैया अनुदान रकम सम्बन्धित जिल्लाहरुमा पठाई सकिएको छ । यो कार्य निरन्तर रुपमा अगाडि बढेको छ । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| १३० | विपद्को समयमा खोज तथा उद्धार कार्यमा खटिने जनशक्तिको जोखिम बीमा सम्बन्धी नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउने । | २ वर्ष | चालु आ.व.मा गरिने । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १३१ | विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने संस्था तथा व्यक्तिलाई सम्मान स्वरूप पुरस्कृत गर्न मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइने । | निरन्तर | छलफलमा रहेको । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| १३२ | जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना हुन बाँकी १५ वटा जिल्लाहरूमा आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना एवं सबै जिल्लाहरूमा आपतकालीन कार्य सञ्चालन केन्द्र सुदृढीकरण र सञ्चालन गर्ने । | निरन्तर | जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) स्थापना हुन बाँकी ७ वटा जिल्ला (कास्की, रुपन्देही, मनाङ, नवलपरासी सुस्तापूर्व, डोटी, प्युठान र रुकुम पूर्व) मा स्थापना गर्न आवश्यक सञ्चार सामग्री तथा IT सामग्री खरिद गरी कास्की र डोटीमा ढुवानी भईसकेको र अन्य जिल्लाहरुमा ढुवानी तथा जडान गर्ने तयारी भईरहेको । (उपरोक्त जिल्लाहरुमा स्थापना भए पश्चात अब काठमाडौ, भक्तपुर र ललितपुर बाहेक ७४ जिल्लामा DEOC स्थापना भई सञ्चालनमा आएको ।)<br>दातृ निकायहरु (तयार नेपाल, विश्व खाद्य कार्यक्रम लगायतका) सँग आपतकालीन कार्य सञ्चालन केन्द्रको सुदृढीकरण र आपतकालीन बन्दोबस्ती व्यवस्थापन सम्बन्धमा बैठक सञ्चालन गरिएको । | विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा |
| १३३ | हलुका र मध्यम तहको खोज तथा उद्धारका लागि आवश्यक उपकरण सहितको तुरुन्तै परिचालन हुने स्वयंसेवक सहितको विशेष टोली (First Responder/ Flying Squad) को व्यवस्था गर्ने । | २ वर्ष | जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालय, स्थानिय तहसँगको समन्वयमा विपद्को समयमा आवश्यक उपकरण सहित खोज तथा उद्दारका लागि प्रहरी परिचालन निरन्तर भईरहेको । | विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १३४ | अर्न्तराष्ट्रिय खोज तथा उद्धार सहयोगी समुह (International Search and Rescue Advisory Group – INSARAG) को Accreditation प्राप्त गर्ने । | २ वर्ष | नेपाली सेनाको विपद् व्यवस्थापन गणलाई अन्तराष्ट्रिय खोज तथा उद्धार सहयोगी समुह (International Search and Rescue Advisory Group– INSARAG) को Accreditation प्राप्त गर्ने प्रक्रियामा परराष्ट्र मन्त्रलयमा समन्वयको लागि लेखिएको । | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| १३५ | राष्ट्रिय कृत्रिम अभ्यास National Simulation Exercise (SIMEX) Guiding सम्बन्धी दिग्दर्शन र Drill तर्जुमा गरी कृत्रिम अभ्यास कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | धादिङ्ग, दोलखा लगायत विभिन्न जिल्लाहरुमा विपद् व्यवस्थापन सम्बन्धी कृत्रिम अभ्यास कार्यक्रम सम्पन्न भएको । | विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा |
| | | | आगामी आ.व. मा तयार गरिने । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| १३६ | विपद् पूर्वतयारीका लागि स्थानीय तहसम्म खुल्ला क्षेत्रहरूको विवरण अद्यावधिक एवं प्रकाशन गर्ने । | १ वर्ष | खुला क्षेत्र पहिचान एवम् व्यवस्थापन कार्यविधि सम्बन्धी कार्यदल गठन भएको र राय सुझावको लागि सातवटै प्रदेश र सरोकारवाला निकायसँग राय सुझाव माग गरिएको । | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| १३७ | प्रकोपको प्रकृति अनुरूप सम्मुखता, संकटउन्मुखता र जोखिमको आँकलन तथा नक्साङ्कन गर्ने । | निरन्तर | • सम्बन्धित स्थानीय तह र जोखिम क्षेत्रको मागका आधारमा नियमित रुपमा अध्ययन गर्ने गरिएको ।<br>• मनाङको तालगाउँ, सिन्धुपाल्चोकको हेलम्बु र मेलम्ची, डडेलधुराको सिगास तथा वैतडीको गन्यापधुरा लगायत देशभरका ३० भन्दा बढी स्थानको प्राविधिक भौगर्भिक अध्ययन गरी जोखिम आँकल र मूल्याङ्कन गरिएको । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १३८ | प्रहरीको चौकीस्तरसम्म विपद् उद्धारका सामग्रीहरूको व्यवस्था गर्ने । | निरन्तर | प्रहरी चौकी स्तरसम्म विपद् उद्धारका समाग्रीहरुको व्यवस्थापन गर्ने सम्बन्धमा "विपद् व्यवस्थापनको लागि नेपाल प्रहरी र प्रदेश प्रहरीको क्षमता (साधन स्रोत सहित) मापदण्ड-२०७७" तयार गरिएको । | नेपाल प्रहरी |
| १३९ | विपद् व्यवस्थापन डाटाबेस प्रणाली (Disaster Management Database System)को स्थापना गर्ने । | निरन्तर | विपद्जन्य घटनाको प्रभावकारी अभिलेखीकरण गर्ने कार्यको लागि प्रहरी प्रधान कार्यालय सूचना प्रविधि निर्देशनालयबाट Software विकास गर्न आवश्यक अध्ययन कार्य भईरहेको । | नेपाल प्रहरी |
| १४० | विपद् व्यवस्थापनमा खटिने जनशक्तिको क्षमता विकास गर्ने । | निरन्तर | आ.व. २०७८/०७९ सालको वार्षिक तालिम क्यालेण्डर अनुसार ५ समूहमा जम्मा १४१ जना प्रशिक्षार्थीहरूलाई तालिम प्रदान गरिएको । | नेपाल प्रहरी |
| | | | • विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, उपत्यका लगायत ७ वटै प्रदेशहरुमा विपद् व्यवस्थापन तालिम प्राप्त स.प्र.क.हरु परिचालन भएको ।<br>• सबै प्रदेशहरुमा संचालन भएको ।<br>• गोताखोर र विपद् व्यवस्थापन तालिम प्राप्त स.प्र.क.हरु भएको १० स्थानहरु (८ वटा वाहिनी, विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार र नं. २० गण हे.क्वा. विपद् उद्धार) मा वितरण गरिएको ।<br>• कुरिनटार, काठमाडौं, सुनसरी, महोत्तरी, कास्की, बाँके, सुर्खेत र कैलालीमा परिचालन गरिएको । | सशस्त्र प्रहरी बल, नेपाल |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | | | विपद् व्यवस्थापनमा काम गर्ने नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका प्रशिक्षार्थिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण दिने गरिएको । बाँकेको नेपालगञ्ज, दोलखा, धादिङ्ग, सुर्खेत, दैलेख र हेटौडामा विपद् व्यवस्थापनमा खटिने जनशक्तिको क्षमता अभिवृद्धि तालिम कार्यक्रम सम्पन्न भएको । | विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा |
| ५.६.६ सेवा प्रवाह र सुशासन | | | | |
| १४१ | गुनासो व्यवस्थापन संयन्त्रको संस्थागत सुदृढीकरण गर्ने । | १ वर्ष | Toll Free No, Nodal office को व्यवस्था गरिएको । Gunaso Portal मार्फत Data Update गर्ने गरिएको । | |
| १४२ | राष्ट्रिय पर्व तथा उत्सवहरूको एकीकृत आन्तरिक व्यवस्थापन ढाँचा तथा वार्षिक क्यालेन्डर तयार गर्ने । | १ वर्ष | वार्षिक रुपमा राजपत्रमा प्रकाशन गर्ने गरिएको । | |
| १४३ | कैदीवन्दीहरूसँगको भेटघाटको कार्यविधि तथा मापदण्ड तयार गर्ने । | निरन्तर | मस्यौदा तर्जुमाको क्रममा रहेको । | कारागार व्यवस्थापन विभाग |
| १४४ | राष्ट्रिय परिचयपत्र अभियान सम्बन्धी जागरण सिर्जना । | अभियान अवधिभर | निरन्तर अभियान जारी रहेको । | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |
| १४५ | परिचयपत्र पाउन योग्य सबै नागरिकको राष्ट्रिय परिचयपत्रको लागि विवरण सङ्कलन गर्ने । | २ वर्ष / तत्पश्चात योग्य हुनेको निरन्तर | २०७९ असार मसान्तसम्म ८०७५०४६ (अभियान मार्फत ६५००३६१ र इकाईमार्फत १५७४६८५) नागरिकको विवरण संकलन गरिएको ।<br>• सेवाग्राहीको चापलाई मध्यनजर गरी सेवा प्रवाह सहज र सरल गर्न जिल्ला प्रशासन कार्यालयमा थप १९, इलाका प्रशासन कार्यालयमा थप २३ अस्थायी स्टेशन स्थापनाको लागि निर्णय गरिएको । | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | | | • काठमाडौं जिल्लाका ८ वटा नगरपालिकामा १ वटा स्टेशनका दरले ८ वटा अस्थायी स्टेशनको स्थापना गरिएको,<br>• राष्ट्रिय परिचयपत्रको विवरण दर्तामा सेवाग्राहीको चापलाई मध्यनजर गर्दै काठमाडौं महानगरपालिकाका नागरिकको विवरण दर्ताको लागि राष्ट्रिय सभागृहमा ४ वटा स्टेशन व्यवस्था गरिएको छ।<br>• सर्लाही जिल्लामा अभियान सम्पन्न भएपश्चातका विवरण दर्ता स्टेशनहरु विभिन्न जिल्ला/इलाका प्रशासनमा अभियानको रुपमा थप/स्थापना गरिएको। | |
| १४६ | १ (एक)करोड नागरिकलाई राष्ट्रिय परिचयपत्रको वितरण गर्ने। | २ वर्ष | • पहिलो चरण सहित हालसम्म राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड प्राप्तः ५१ लाख १७ हजार<br>• राष्ट्रिय परिचयपत्रकार्ड छपाईः ३ लाख ६७ हजार<br>• राष्ट्रिय परिचयपत्र कार्ड वितरणः १ लाख १७ हजार २५ | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |
| १४७ | व्यक्तिगत घटना दर्ताको पहुँच विस्तार गरी ८० प्रतिशत पुर्‍याउने। | २ वर्ष | • अनलाईन व्यक्तिगत घटना दर्तागर्ने वडा संख्या - ६२०२<br>• जन्म - १९७०८८७<br>• मृत्यु - ४९७१४५<br>• विवाह - ७९२३६३<br>• सम्बन्ध विच्छेद - २७३२५<br>• बसाई सराई - ४३३४३४<br>कूल जम्मा घटना दर्ता संख्या - ३७२११५४(असार मसान्तसम्म) | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |
| १४८ | अनलाइन व्यक्तिगत घटना दर्ता सबै वडा सम्ममा पुर्‍याउने। | २ वर्ष | ६२०२ वडामा अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता भइरहेको। | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १४९ | सबै स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्न व्यवस्था मिलाउने । | २ वर्ष | ७३८ स्थानिय तह र बैंकविच सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्न सम्झौता भएको र करिव ३२ लाख लाभग्राहीले बैंकिङ प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको । | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |
| १५० | काठमाडौं उपत्यकाका मुख्य सडकहरूमा थप ट्राफिक लाइटको व्यवस्थापन गर्ने । | १ वर्ष | सरोकारवाला निकाय, संघ/संस्थासंग समन्वय गरी राख्ने प्रक्रियामा रहेको । | नेपाल प्रहरी |
| १५१ | मानव अधिकार सम्बन्धित घटनाहरूको द्रुत अनुसन्धान तथा उल्लङ्घनका घटना न्यूनीकरण गर्ने । | निरन्तर | मानवअधिकार सम्बन्धित घटनाहरूको द्रुत अनुसन्धान तथा उल्लंघनको घटना न्यूनीकरण गर्ने सम्बन्धमा आ.व. २०७८/०७९मा सम्पादन भएको प्रगति विवरणःमानव अधिकार सम्बन्धी उजुरी संख्याः६९ वटा, मानव अधिकार सम्बन्धि उजुरी फछौंट संख्याः ५२ वटा, मानव अधिकार सम्बन्धि उजुरी फछौंट बाँकी संख्याः १७ वटा ।प्रहरी कर्मचारीहरूलाई मानव अधिकार सम्बन्धी रोलकल/ ब्रिफिङ्ग/अनुशिक्षण २७३५८ जनालाई प्रदान गरिएको ।मानव अधिकार सम्बन्धी सचेतना कार्यक्रम संख्याः ३८७ वटा, लाभान्वित १२१०४ जना, नागरिक मैत्री सेवा तथा मानव अधिकार अनुशिक्षण तालिम १९२४ जना प्रहरी कर्मचारीहरूलाई प्रदान गरिएको । | नेपाल प्रहरी |
| | | | १. नेपाल प्रहरी र प्रदेश प्रहरीबाट मानव अधिकार सम्बन्धी अनुसन्धान भइरहेको,<br>२. राष्ट्रिय मानव अधिकार आयोगको निर्णय बमोजिम सिफारिश भई आएका सबै सिफारिशहरु कार्यान्यनका लागि सम्बन्धित निकायमा पठाइएको,<br>३. मानव अधिकारको हनन सम्बन्धमा अनुसन्धानका क्रममा राष्ट्रिय मानवअधिकार अधिकार आयोगबाट माग भएको विषयमा राय तथा प्रतिक्रिया पठाइएको, | मानव अधिकार प्रवर्द्धन शाखा |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | | | ४. लैंगिक सम्पर्क विन्दुको रुपमा सरोकारवाला निकायहरुसँग समन्वय गरिएको,<br>५. ICCPR/CAT आवधिक प्रतिवेदन तयार पार्ने सम्बन्धमा ICCPR को हकमा २ वटा प्रदेशस्तरीय कार्यक्रम गरी सुझाव संकलन गरिएको र CAT को सम्बन्धमा मस्यौदा तयार भएको। | |
| १५२ | जोखिममा रहेका सेवाग्राहीलाई प्राथमिकतामा राखी प्रहरी सेवा प्रवाह (Priority Police Service) को मापदण्ड तयार तथा कार्यान्वयन गर्ने। | निरन्तर | जोखिममा रहेका समुहहरुलाई प्राथमिकता प्रहरी सेवा (Priority Police Service) को मापदण्डको मस्यौदा तयार। | नेपाल प्रहरी |
| १५३ | नेपाल प्रहरीमा गुनासो व्यवस्थापनको लागि केन्द्रीय तथा प्रदेश स्तरमा संयन्त्र स्थापना गरी प्रभावकारी सञ्चालन गर्ने। | निरन्तर | • मातहतका प्रहरी कर्मचारीको पिरमर्का समेतको सुनुवाई गरी समाधान गर्न गुनासो सुनुवाई अधिकृतको व्यवस्था गरिएको,<br>• नेपाल प्रहरीका कर्मचारीहरुले पालना गर्नुपर्ने आचार संहिता सम्बन्धि कार्यादेश, २०७७ तर्जुमा भई कार्यान्वयनमा रहेको,<br>• संगठन प्रति निष्ठा वृद्धि गर्दै आ-आफ्नो कार्यक्षेत्रमा कार्यरत सम्पूर्णप्रहरी कर्मचारीलाई उत्प्रेरित गरिनुका साथै प्रहरी ऐन/नियम, विभागीय नीति/निर्देशनएवं आचरण/आचारसंहिता विपरीत कार्य गर्ने प्रहरी कर्मचारी उपर दण्डित गरी आचरण रव्यवहारमा सुद्दीकरण ल्याउने उद्देश्यका साथ प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालय, प्रहरी निरीक्षणालय अन्तर्गत २४ सै घण्टा गुनासो सुन्नेतथा समाधान गर्न G–24/7 (चौबिसै घण्टा/सातै दिन गुनासो सुन्ने) कक्षको स्थापना भई त्यााँ Free No= ११११३ सञ्चालनमा ल्याइएको, | नेपाल प्रहरी |

| क्र. सं. | क्रियाकलापहरू | समय सीमा (वर्षमा) | प्रगति | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | | | • अनलाईन उजुरी गुनासो लिने संयन्त्रको रुपमा ujurichhanbin@nepalpolice .gov .np, ecomplian@ nepalpolice .gov .np, ecomplain017@gmail .com लगायतका ईमेल ठेगाना, ०१-४४१००७९ र CUG नं. ९८५१२९३००० समेतको व्यवस्था गरी गुनासो व्यवस्थापन गर्ने कार्य गर्दै आईरहेको ।<br>आ.व. २०७८/०७९ मा उजुरी गुनासो विवरणः<br>कूल उजुरी संख्याः १४९५ वटा<br>फर्छौट संख्याः १२५३ वटा<br>कार्यान्वयनको क्रममा रहेको संख्याः२४२ वटा । | |
| १५४ | विभिन्न राष्ट्रिय दिवसहरूमा वितरण गरिने विभूषणहरू छनौटको मापदण्डको स्तरीकरण गर्ने । | निरन्तर | मापदण्ड स्वीकृत भै कार्यन्वयन भैरहेको । | |
